# वार्षिक प्रतिवेदन

(आ.व. २०७५-२०७६)

वार्षिक प्रतिवेदन (आ.व. २०७५-२०७६)

## राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर, नेपाल



सम्माननीय राष्ट्रपतिज्यू समक्ष आयोगको वार्षिक प्रतिवेदन पेश गर्दै आयोगका माननीय अध्यक्ष




आयोगको वार्षिक उत्सवलाई सम्बोधन गर्दै सम्माननीय प्रधानमन्त्री

# राष्ट्रिय मानव अधिकार आयोगको
# वार्षिक प्रतिवेदन
## (२०७५–२०७६)

राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर, नेपाल

**आयोगका पदाधिकारीहरू**

**अध्यक्ष**

मा. अनूप राज शर्मा

**सदस्यहरू**

मा. प्रकाश वस्ती

मा.सुदिप पाठक

मा. मोहना अन्सारी

मा. गोविन्द शर्मा, पौड्याल

**सचिव**

वेदप्रसाद भट्टराई

**प्रकाशक :** राष्ट्रिय मानव अधिकार आयोग
पो.ब.न. ९१८२, काठमाडौँ, नेपाल

प्रकाशन मिति : मङ्सिर, २०७६

प्रकाशन प्रति : ५०० प्रति

प्रतिवेदन न : २४८/२०७६ (केन्द्रीय कार्यालय)

मुद्रण : प्रगति मल्टिपल सर्भिस प्रा.लि., बालकुमारी, ललितपुर

सर्वाधिकार : राष्ट्रिय मानव अधिकार आयोग

**संयोजन/लेखनः**
कैलाशकुमार सिवाकोटी
कल्पना नेपाल आचार्य

**भाषा सम्पादनः**
डा. लेखप्रसाद निरौला

*आयोगको पूर्व-स्वीकृतिविना यस प्रतिवेदनलाई पुनःउत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन। बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोगमा ल्याउन सकिनेछ।*

# मन्तव्य

मानव अधिकारको संरक्षण, संवर्द्धन र यसको सुनिश्चित कार्यान्वयको लागि स्थापित संवैधानिक निकाय हो । यसले आफ्नो स्थापनाकालदेखि मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन र संस्कृति विकासको लागि सक्रियतापूर्वक कार्य गर्दै आएको छ । मूल कानुनको रूपमा रहेको संविधान, ऐन र रणनीतिक योजनाको परिधिभित्र रही आयोगले आफना कार्यक्रमहरू सम्पन्न गर्दै आएको छ । संविधानको धारा २४९ (१) (३) र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ मा आयोगको काम, कर्तव्य र अधिकारको बारेमा उल्लेख गरिएको छ ।

मानव अधिकारको दृष्टिकोणबाट हेरेक मुलुकमा राज्यलाई संरक्षक तथा अविभावकको रूपमा हेरिन्छ । यस अर्थमा मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन र परिपूर्ति गर्ने पहिलो दायित्व राज्यमाथि रहेको हुन्छ । मानव अधिकारसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय महासन्धिको नेपाल पक्षराष्ट्र हो । हाल संयुक्त राष्ट्रसङ्घीय निकायको रूपमा रहेको सुरक्षा परिषद्को सदस्य पनि हो । अतः नेपालको देशभित्र र विश्व परिवेशमा मानव अधिकारको सम्मान, संवर्द्धन र परिपालनसम्बन्धी दायित्व रहेको छ । राज्यले निर्वाह गर्नुपर्ने दायित्वलाई मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज र राष्ट्रिय कानुनहरूमा पनि उल्लेख गरिएको छ । यस सम्बन्धमा राज्यले आफ्नो दायित्वबाट चुकेको अवस्थामा उसलाई जिम्मेवार बनाउनु राज्यका हरेक निकायको कर्तव्य हो । संविधानतः यो जिम्मेवारी आयोगको काँधमा रहेको छ । यसैअनुरूप आयोगले मानव अधिकारको सवालमा सरकारसँग साझेदारी र खबरदारी गर्दै आएको छ ।

नेपालको संविधानको धारा २९४ (१) मा संवैधानिक निकायले आफूले गरेको कामकारबाहीसम्बन्धी वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने प्रावधान छ । प्रतिवेदनभित्र विशेषतः आयोगमा वार्षिक रूपमा परेका उजुरी, ती उजुरीउपर छानबिन, अनुसन्धान विवरण, सरकारलाई गरेका सिफारिस आदि समावेश गर्नुपर्ने व्यवस्था छ । यसका अतिरिक्त मानव अधिकार संरक्षण र संर्वद्धनका लागि भविष्यमा गर्नुपर्ने सुधारसम्बन्धी विवरणहरू प्रतिवेदनमा समावेश गर्नुपर्ने व्यवस्था रहेको छ । यस आवको वार्षिक प्रतिवेदनमा पनि आयोगले यिनै विषयवस्तुमा केन्द्रित रही मुलुकको मानव अधिकार अवस्था, आयोगबाट सम्पादित कामकारबाहीलाई समावेश गर्ने प्रयत्न गरिएको छ ।

विगत वर्षमा झैँ यस आवमा पनि आयोगले मानव अधिकारको संरक्षण र संवर्द्धनको क्षेत्रमा भूमिका निर्वाह गरेको छ । विशेषतः उजुरी ग्रहण, मानव अधिकार अवस्था अनुगमन र उजुरीमाथि अनुसन्धान सम्पन्न भएका छन् । यसको साथै तालिम, गोष्ठी, अन्तरक्रिया, छलफलजस्ता संवर्द्धनसम्बन्धी कार्यक्रमले निरन्तरता पाएका छन् । मानव अधिकारमैत्री कानुन निर्माण, मानव अधिकारअमैत्री कानुनहरूको पुनरावलोकन वा संशोधनको लागि जोड दिँदै आएको छ । विविध विषयगत प्रतिवेदन, पुस्तिका र जर्नल प्रकाशन गर्नुको साथै प्रेस-नोट र प्रेस-विज्ञप्तिमार्फत मानव अधिकारका विविध विषयमा चासो र चिन्त व्यक्त गरिएको छ । यसको साथै सञ्चारमाध्यममार्फत आयोगको धारणा सार्वजनिक गर्ने, मानव अधिकारसम्बन्धी सार्वजनिक सरोकारका सन्देशमूलक सामग्रीहरू प्रकाशन र प्रसारणजस्ता कार्यले निरन्तरता पाएका छन् ।

मानव अधिकारको सम्मान, संरक्षण र संस्कृति विकासको लागि आयोगले यस आवमा पनि आवश्यकता र औचित्यताको आधारमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा सरोकारवालाहरूसँग सहकार्य र समन्वयमा कार्य गरेको छ । विशेषतः नेपाल सरकार, संवैधानिक निकाय, राजनीतिक दल, नागरिक समाज, राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा कार्यरत गैसस एवम् मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्था र दातृ निकायहरूसँगको सहकार्य निरन्तर चलिरहेको छ ।

अहिले मुलुक सङ्घीय संरचनाअनुरूप सञ्चालित छ । तीन तहमा सरकार निर्माण भई संविधान कार्यान्वयनमा गइसकेको छ । मौलिक हकसम्बन्धी कानुनहरू निर्माण भइसकेका छन् । मानव अधिकारसम्बन्धी केही विषयगत आयोगमा सीमित मात्रामा भए पनि पदाधिकारीको नियुक्ति भएको छ । सरकारद्वारा पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना सरोकारवालाहरूसँग छलफल भई निर्माणको चरणमा रहेको छ । यी विविध पाटोलाई हेर्दा सन्तोष गर्ने ठाउँ छ ।

यी सकारात्मक प्रयत्नका बाबजुद् पनि मानव अधिकारको संरक्षणमा प्रशस्त चुनौतीहरू देखिएका छन् । संविधानतः गठन गरिएका आयोग र मानव अधिकार आयोगबिचको क्षेत्राधिकार सम्बन्धमा प्रश्नहरू अहिले पनि अनुत्तरित छन् शान्ति-प्रक्रिया (सङ्क्रमणकालीन न्याय) लाई निष्कर्षमा पुऱ्याउने सरकारी प्रतिबद्धताले अहिले पनि ठोस गति लिन सकेको छैन । लामो समय व्यतित हुँदा पनि पीडितले न्याय पाउन नसक्नु विडम्बना हो । मौलिक हकसँग सम्बन्धित कानुनको निर्माण गरिए पनि नियमावली बन्नुपर्ने लगायतका कारण  कार्यान्वयन पक्ष त्यति सहज देखिँदैन । संविधानतः प्रदत तीन सरकारबिचको साझा अधिकारबिच कानुन बन्न बाँकी नै देखिन्छ ।

सङ्घीय संरचनाअनुसार आयोगले तय गरेको आयोगको साङ्गठिनक संरचना करिब डेढ वर्षदेखि प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा थन्किएको छ । राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ लाई संशोधन गर्न ल्याइएको प्रस्तावित संशोधन विधेयकले आयोगको स्वतन्त्रता र स्वायत्ततामा प्रतिकूल असर गर्ने देखिन्छ । अप्रत्यक्षतः विधेयकमा आयोगलाई केन्द्रमा खुम्च्याउने, मुद्दा चलाउने अधिकार महान्याधिवक्ताको तजबिजीमा हुने, आर्थिक स्वायत्ततामा अङ्कुश लगाउने प्रकृतिका प्रावधान राखिएका छन् । त्यसै गरी मिडिया काउन्सिल विधेयकमार्फत सञ्चार जगतलाई सरकारको मातहतमा ल्याउन खोजिएको देखिन्छ ।

नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार लगायत समग्र मानव अधिकारको कार्यान्वयन अवस्था अपेक्षितमात्रामा सन्तोषजक देखिएको छैन । समाजमा जातीय भेदभावको विद्यमानता, स्वास्थ्य सेवामा सबैको पहुँच नहुनुबाट संविधान प्रदत हक प्रचलनमा अझै सहज वातावरण बन्न नसकेको आभास हुन्छ । वैदेशिक रोजगारमा गएकाहरूमाथि भएको श्रम शोषण, बढ्दो घरेलु हिंसा आदि कारण जनजीवनमा असहज अवस्थामा छ । सीमान्तकृत समुदाय, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, दलित, महिला, अल्पसङ्ख्यक, जेष्ठ नागरिक, अधिकारको संरक्षणमा राज्यले विशेष ध्यान दिन सकेको छैन । फलतः ती वर्ग एवम् समुदायका अधिकारहरू सुरक्षित हुन सकेका छैनन् ।

यस आवमा आयोगले गरेको मानव अधिकारको संरक्षण र संवर्द्धनात्मक प्रकृतिका कार्यहरूबाट

विभिन्न उपलब्धिहरू हासिल गरेको छ। यस आवमा आयोगमा मानव अधिकार उल्लङ्घन भएको भनी जम्मा २३२ उजुरीहरू दर्ता भएका छन्। आयोगमा दर्ता भएका र दर्ता गरिएका पुराना र नयाँ गरी ६०० उजुरीमाथि अनुसन्धान सम्पन्न भएको छ। मानव अधिकारको अवस्था एवम् विविध विषयमा २७७ पटकका अनुगमनमा ५६ ओटा सहकार्य र समन्वयमा सम्पन्न भएका छन्। आयोगबाट "सबैको लागि घर-घरमा मानव अधिकारः शान्ति र विकासको आधार" भन्ने आह्वानलाई साकार पार्न मानव अधिकार प्रवर्द्धन कार्यलाई विशेष प्राथमिकतामा राखी संवर्द्धनसम्बन्धी जम्मा २१९ वटा कार्यक्रमहरूमध्ये ५६ ओटा सहकार्य र समन्वय गरिएको छ। यस्तै मानव अधिकारसँग आबद्ध सङ्घसंस्थाद्वारा आयोजित २७६ कार्यक्रममा आयोग संलग्न भएको छ। श्रोत व्यक्ति/विषय विज्ञको रूपमा ४१ वटा कार्यक्रममा सहभागिता जनाएको छ। यस्तै मानव अधिकारसम्बन्धी विभिन्न सामग्री तथा वृत्तचित्र निर्माण, प्रकाशनको काम पनि आयोगबाट निरन्तर भइरहेको छ। आयोगबाट आन्तरिक रूपमा तालिम, गोष्ठी, अन्तर्क्रिया आदि ४८ कार्यक्रम सम्पन्न भएका छन्।

यस अविधिमा आयोगबाट २६ प्रकाशन, ३० प्रेस विज्ञप्ति र २३ प्रेस नोट जारी भएको छन्। यसको साथै कानुन निर्माणमा सरकार एवम् सरोकारवाला निकायहरूलाई सहयोग पुऱ्याउन मानव अधिकारको दृष्टिकोणबाट कानुनको पुनरावलोकन गरी सम्बद्ध निकायमा कार्यान्वयनको लागि पठाइएको छ। आयोगमा कर्मचारी व्यवस्थापन कार्यले पनि गति लिएको छ।

उल्लिखित उपलब्धि हासिल भए पनि आयोग अहिले पनि चुनौतीको बिचमा छ। आयोगका सिफारिस कार्यान्वयन सकेका छैनन् भने सरकारबाट अपेक्षित सहयोग प्राप्त नभएको अवस्था छ। आयोगको तय गरेको साङ्गठिन संरचना प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमै रोकिएको छ। भूकम्पबाट क्षतिग्रस्त आयोगको केन्द्रीय कार्यालयको भवन निर्माण हुन नसक्दा अन्य कार्यालय पनि भाडामा रहनुपर्ने बाध्यताको कारण कार्य सम्पादनमा कठिनाइ पुग्दै आएको छ। यी चुनौतीलाई सम्बोधन गर्न आयोगले सरकार एवम् सरोकारवालाहरूलाई घच्घच्याइरहेको छ। यी उपलब्धि र चुनौतीका बिच आयोग सविधान, ऐन र रणनीतिक योजनामा केन्द्रित भई विगतबाट अनुभव सिक्दै आफ्ना कामकारबाहीहरूलाई समयानुकूल अगाडि बढाइरहेको अवस्था छ।

अन्त्यमा, आयोगलाई पुऱ्याएको सहयोग र सद्भावप्रति राष्ट्रपति कार्यालय, संसद्, सरकार, राजनीतिक दल, नागरिक समाज, मानव अधिकार समुदाय, सञ्चारजगत, पेशाव्यसायी सबैप्रति आभार व्यक्त गर्दछु। त्यसैगरी अन्तर्राष्ट्रिय सङ्घसंस्था, कुटनीतिक निकाय, दातृ निकायप्रति पनि धन्यवाद ज्ञापन गर्दछु। मेरा सहकर्मी माननीयहरू, आयोगका सचिव, निर्देशक, अधिकृत एवम् सम्पूर्ण कर्मचारीहरूप्रति पनि कृतज्ञ छु। आयोगलाई आगामी दिनमा पनि सबै पक्षबाट निरन्तर सहयोग रहिरहने छ भन्ने अपेक्षा एवम् विश्वास लिएको छु।

धन्यवाद!
२२ मङ्सिर, २०७६

**अनूप राज शर्मा**
अध्यक्ष

# सङ्क्षिप्त रूप

| | | |
|---|---|---|
| अअ | – | अनुसन्धान अधिकृत |
| आसासांअ | – | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार |
| इप्रका | – | इलाका प्रहरी कार्यालय |
| उअ | – | उच्च अदालत |
| उम | - | उपमहानगरपालिका |
| एपीएफ | – | एसिया प्यासिफिक फोरम |
| ऐ | – | ऐजन |
| ऐऐ | – | ऐजन-ऐजन |
| उमनपा | – | उपमहानगरपालिका |
| उमावि | – | उच्च माध्यमिक विद्यालय |
| उवाम | – | उद्योग वाणिज्य महासङ्घ |
| काजि | – | काठमाडौँ जिल्ला |
| कामनपा | – | काठमाडौँ महानगरपालिका |
| केका | – | केन्द्रीय कार्यालय |
| कोलेनिका | – | कोष तथा लेखा नियन्त्रण कार्यालय |
| गापा | – | गाउँपालिका |
| गाविस | – | गाउँ विकास समिति |
| गैसस | – | गैरसरकारी संस्था महासङ्घ |
| चन | – | चलानी नम्बर |
| जक | – | जबरजस्ती करणी |
| जिअ | – | जिल्ला अस्पताल |
| जिजका | – | जिल्ला जनस्वास्थ्य कार्यालय |
| जिशिअ | – | जिल्ला शिक्षा अधिकारी |
| जिशिका | – | जिल्ला शिक्षा कार्यालय |
| जिसस | – | जिल्ला समन्वय समिति |
| नपा | – | नगरपालिका |
| नविस | – | नगर विकास समिति |
| निक्षेनि | – | निमित्त क्षेत्रीय निर्देशक |
| नेकपा (एमाले) | – | नेपाल कम्युनिस्ट पार्टी (एकीकृत लेनिनवादी-माओवादी) |
| नेकपा (माओवादी) | – | नेपाल कम्युनिस्ट पार्टी (माओवादी) |
| नेका | – | नेपाली काङ्ग्रेस |
| नेपम | – | नेपाल पत्रकार महासङ्घ |

| | |
|---|---|
| नं | – नम्बर |
| प्रअ | – प्रधानाध्यापक |
| प्रज | – प्रहरी जवान |
| प्रजिअ | – प्रमुख जिल्ला अधिकारी |
| प्रका | – प्रदेश कार्यालय |
| प्रकाशा | – प्रदेश शाखा कार्यालय |
| प्रस | – पत्र सङ्ख्या |
| प्रसनि | – प्रहरी सहायक निरीक्षक |
| प्रह | – प्रहरी हवल्दार |
| प्रावि | – प्राथमिक विद्यालय |
| भूपू | – भूतपूर्व |
| मनपा | – महानगरपालिका |
| मबाका | – महिला तथा बालबालिका कार्यालय |
| मविअ | – महिला विकास अधिकृत |
| मा | – माननीय |
| मावि | – माध्यमिक विद्यालय |
| राप्रपा | – राष्ट्रिय प्रजातन्त्र पार्टी |
| रामअआ | – राष्ट्रिय मानव अधिकार आयोग |
| रु. | – रुपियाँ |
| वप्रका | – वडा प्रहरी कार्यालय |
| क्षेका | – क्षेत्रीय कार्यालय |
| क्षेनि | – क्षेत्रीय निर्देशक |

# विषयसूची


| **विषय** | **पेज न.** |
|---|---|
| आयोगको वार्षिक कार्य-विवरणः एक झलक | १ |
| प्रतिवेदन सारांश | |
| **परिच्छेद – १**<br>आयोग र साङ्गठनिक संरचना | ४ |
| **परिच्छेद – २**<br>मानव अधिकारको अवस्था | ७ |
| **परिच्छेद – ३**<br>संरक्षणसम्बन्धी कार्यहरू | ४३ |
| **परिच्छेद – ४**<br>संवर्द्धनसम्बन्धी कार्यहरू | ४९ |
| **परिच्छेद – ५**<br>महाशाखा, शाखा र एकाइबाट सम्पन्न भएका कार्यहरू | ५१ |
| **परिच्छेद – ६**<br>आयोग र सरोकारवाला निकायहरूबिच सम्बन्ध | ६९ |
| **परिच्छेद – ७**<br>उपलब्धि, चुनौती, समाधानका उपाय र भावी कदमहरू | ७४ |
| **अनुसूचीहरू** | |
| **अनुसूची – १**<br>आयोगमा कार्यरत कर्मचारीहरू | ८४ |
| **अनुसूची – २**<br>साङ्गठनिक तालिका | ९२ |
| **अनुसूची – ३**<br>यस वर्ष आयोगमा परेका उजुरीहरू | ९३ |

**अनुसूची – ४**
अनुगमन विवरण ९७

**अनुसूची – ५**
अनुसन्धान विवरण १०९

**अनुसूची – ६**
आयोगबाट सम्पादित संवर्द्धनात्मक गतिविधिहरू १२०

**अनुसूची – ७**
आयोगबाट उजुरीउपर गरिएका निर्णय/सिफारिसहरू १४६

**अनुसूची – ८**
आयोगबाट गरिएका विषयगत निर्णय/सिफारिस निर्णयहरू ३५२

**अनुसूची – ९**
माननीय परराष्ट्र मन्त्री प्रदीपकुमार ज्ञवालीले जेनेभामा दिनुभएको वक्तव्य,
J0INT COMMUNICATION FROM SPECIAL PROCEDURES,
पूर्व आयुक्त समाज, राष्ट्रिय मानव अधिकार आयोग र
राष्ट्रिय मानव अधिकार आयोगद्वारा विधेयकबारेमा व्यक्त धारणा ३९६

**अनुसूची – १०**
आयोगका प्रकाशनहरू ४०६

**अनुसूची – ११**
आयोगबाट जारी प्रेसनोट, प्रेस-विज्ञप्ति र पत्रकार सम्मेलन विवरण ४०८

**अनुसूची – १२**
वैदेशिक भ्रमण नामावली ४१०

**अनुसूची – १३**
आयोगको वार्षिक आयव्यय विवरण ४१८

# आयोगको वार्षिक कार्य–विवरण : झलक

| क्र. स. | कामको प्रकृति | सङ्ख्या | विषय | कैफियत |
|---|---|---|---|---|
| **१. मानव अधिकार संरक्षण** | | | | |
| १.१ | उजुरी ग्रहब | २३२ | • राजनीतिक तथा नागरिक अधिकार<br>• आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार<br>• यातनाविरुद्धको अधिकार<br>• महिला अधिकार<br>• बाल अधिकार<br>• जातीय विभेदविरुद्धको अधिकार<br>• व्यक्ति बेपत्ता पार्ने कार्यविरुद्धको अधिकार<br>• आप्रवासी कामदार र तिनका परिबारको अधिकार<br>• अन्यः ज्येष्ठ नागरिकको अधिकार, मानव बेचबिखन, वातावरणको अधिकार, आदि । | |
| १.२ | अनुगमन | २७७ | • राजनीतिक तथा नागरिक अधिकारः समग्र मानव अधिकार अवस्था, कैदीबन्दीहरूको अधिकार, न्यायप्रशासन, आदि ।<br>• आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकारः स्वास्थ्यको अधिकार, सीमा क्षेत्रका वासिन्दाहरूको मानव अधिकार, उपभोक्ताको अधिकार, प्राकृतिक प्रकोप (बाढी-पहिरो/)बाट विस्थापितहरूको अधिकार, आदि ।<br>• जेष्ठ नागरिक, महिला, बालबालिका, आदिवासी जनजाति, अल्पसङ्ख्यक/सीमान्तकृत समुदायहरू, अपाङ्गता भएका व्यक्तिको अधिकार, आप्रवासी कामदारहरूको अधिकार, मानव बेचबिखनको अवस्था, आदि । | जम्मा २७७ अनुगमन भएकोमा ६५ ओटा सहकार्य र समन्वयमा सम्पन्न |
| १.३ | अनुसन्धान | ६०० | • नागरिक तथा राजनीतिक अधिकारः जीवनको अधिकार, यातना, बेपत्ता, बलात्कार<br>• आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारः विस्थापित, पुनःस्थापना, सम्पत्ति लुटपाट, क्षतिपूर्ति,<br>• महिला अधिकार, बाल अधिकार, आदि । | |

| | | | | |
|---|---|---|---|---|
| १.४ | निर्णय/सिफारिस | ८२५ | राजनीतिक तथा नागरिक अधिकार, न्याय-प्रशासन, अपहरण, विस्थापित, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, यातना, जातीय विभेद, महिला अधिकार, आदि । | जम्मा निर्णय ८२५ (भएकोमा नीतिगत १४ र उजुरीगत १२०) १३४ सिफारिस रहेका छन् । |
| २. **मानव अधिकार संवर्द्धन** | | | | |
| २.१. | प्रशिक्षण, अन्तरक्रिया, छलफल, गोष्ठी, तालिम, सचेतना, प्रभातफेरि, प्रदर्शनी आदि | २१९ | शान्तिसुरक्षा, बेपत्ता पारिएका व्यक्तिको अधिकार, सङ्क्रमणकालीन न्याय, खाद्य अधिकार, स्थानीय तहमा विवाद निरूपण, नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, बाल अधिकार, महिला अधिकार, अपाङ्गता भएका व्यक्तिको अधिकार, स्वास्थ्य अधिकार, ज्येष्ठ नागरिकको अधिकार, अल्पसङ्ख्यकको अधिकार, उपभोक्ताको अधिकार, आप्रवासी कामदारको अधिकार, सामूहिक अधिकार, प्रतिवेदन लेखन, आदि । | |
| २.२ | समन्वय र सहकार्यमा संवर्द्धनसम्बन्धी कार्यक्रम | ५६ | न्यायिक कामकारबाही, महिला अधिकार, बाल अधिकार, शिक्षाको अधिकार, खाद्य अधिकार, मानसिक स्वास्थ्य, सङ्क्रमणकालीन न्याय, मानव बेचबिखनविरुद्धको अधिकार, जातीय विभेदविरुद्धको अधिकार, मानव अधिकार, विकास र सुशासन, मानव अधिकार र सामाजिक न्याय, आप्रवासी कामदारहरूको अधिकार, विवाद निरूपणमा स्थानीय तहको भूमिका, विद्यालय शान्तिक्षेत्र, युपिआर कार्यान्वयन अवस्था, ज्येष्ठ नागरिक, उपभोक्ताको अधिकार, पानीको अधिकार, आदि । | जम्मा ५६ ओटा कार्यक्रम सहकार्य र समन्वयमा सम्पन्न |
| २.३ | विशेषज्ञ सेवा (स्रोत व्यक्ति) प्रदान | ४१ | सरकारी तथा मानव अधिकारको क्षेत्रमा कार्यरत सङ्संस्थाबाट आयोजित कार्यक्रम | |
| २.४ | अथिति/ अन्य कार्यक्रममा सहभागिता | २७६ | सरकारी तथा मानव अधिकारको क्षेत्रमा कार्यरत गैससबाट आयोजित कार्यक्रम | |
| २.५ | आयोगका आन्तरिक कार्यक्रम | ४८ | तालिम, गोष्ठी, छलफल, समीक्षा | |
| ३. **प्रकाशन** | | | | |
| ३.१ | नियमित प्रतिवेदन | १ | वार्षिक प्रतिवेदन | बिस्तृत र सङ्क्षिप्त (नेपाली/अङ्ग्रेजी |

| | | | | |
|---|---|---|---|---|
| ३.२ | विषयगत प्रतिवेदन | ११ | छाउपडी अवस्था, किसानको अधिकार, मानव अधिकार रक्षक, अपाङ्गता भएका व्यक्तिहरूको अवस्था, सिफारिस कार्यान्वयन र पीडितको अवस्था, आदि। | |
| ३.३ | पुस्तिका | ५ | मानव अधिकारका विविध विषयसँग सम्बन्धित | |
| ३.४ | जर्नल/बुलेटिन | १/१ | मानव अधिकार संवाहक/ मानव अधिकारपत्र | तीन/तीन अङ्क |
| ३.५ | ब्रोसर | ३ | मानव अधिकारका विविध विषयहरू | |
| ३.६ | प्रेसविज्ञप्ति र प्रेसनोट | ३० र २३ | मानव अधिकारका विविध विषयहरू | |
| ३.७ | पत्रकार भेटघाट | २६ | बिस्तृत शान्ति सम्झौता र मानव अधिकार अवस्था र मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन | |
| **४. मानव संसाधन** | | | | |
| ४.१ | अध्यक्ष/सदस्य | १/४ | | |
| ४.२ | कर्मचारी | २०८ | आयोगका सम्पूर्ण कार्यालयमा कार्यरत | |

# परिच्छेद – १
# आयोग, साङ्गठनिक संरचना एवम् काम, कर्तव्य र अधिकार

## १.१ आयोगको पृष्ठभूमि

आधुनिक मानव अधिकारको विकास दोस्रो विश्वयुद्धपछि भए पनि राष्ट्रिय र क्षेत्रीयस्तरमा यसको विकास त्यसभन्दा अगाडि भएको मानिन्छ । नेपालमा मानव अधिकारका विषयहरू नेपाल सरकार वैधानिक कानुन २००४ बाट सम्बोधन भएको मान्न सकिन्छ । नेपाल अधिराज्यको संविधान, २०१५ तथा नेपालको संविधान, २०१९ मा मौलिक हकका रूपमा मानव अधिकारका आधारभूत तर सीमित प्रावधान राखिएका थिए । मानव अधिकारको प्रत्यक्ष संरक्षण र संवर्द्धन सम्बन्धमा कार्यान्वयनसम्बन्धी संयन्त्रको विकास गरिएको थिएन । पहिलो जननिर्वाचित सरकारलाई अपदस्थ गरी २०१७ मा राजतन्त्रात्मक पञ्चायती शासन व्यवस्था लागु गरियो । करिब ३० वर्षसम्म चलेको सो शासन-व्यवस्थामा दलीय स्वतन्त्रतालाई बन्देज लगाइएको थियो । त्यस विषम परिस्थितिमा पनि न्यायिक निकायबाट मानव अधिकारको संरक्षण एवम् संवर्द्धन हुने प्रकृतिका कतिपय विशेष फैसलाहरू भएका थिए । राजनीतिक स्वतन्त्रताका लागि आन्दोलनहरू जारी थिए ।

पञ्चायती व्यवस्थाको अन्त्यपछि जारी नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावनामा पहिलो पटक मानव अधिकार शब्दावलीको प्रयोग गरियो । त्यसपछि नेपालको अन्तरिम संविधान, २०६३ र वर्तमान संविधानमा पनि यसले निरन्तरता पाएको छ । नेपालको संविधानको मौलिक हकसम्बन्धी भागमा विगतका संविधानमा उल्लेख भएका अधिकारसहित थप आर्थिक तथा सामाजिक अधिकारहरूलाई प्राथमिकताका साथ समावेश गरिएको छ । मौलिक अधिकारको प्रचलनमा अवरोध आएको खण्डमा असाधारण क्षेत्राधिकारअन्तर्गत न्यायिक निकायबाट उपचार पाउने स्पष्ट व्यवस्था संविधानमा नै गरिएको छ ।

सन् १९९३ मा भियनामा मानव अधिकारको दोस्रो विश्वसम्मेलन सम्पन्न भयो । नेपालको समेत सहभागिता रहेको उक्त सम्मेलनले घोषणापत्र तथा कार्ययोजना जारी गर्दै संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूलाई स्वतन्त्र र स्वायत्त मानव अधिकारसम्बन्धी राष्ट्रिय निकाय स्थापना गर्न आह्वान गऱ्यो । लामो समयसम्म नेपालमा मानव अधिकारसम्बन्धी राष्ट्रिय निकायको स्थापना हुन सकेन । परिणामतः त्यस्तो निकायको स्थापनाको माग गर्दै अधिकारकर्मी, कानुन-व्यावसायी, सञ्चारजगत्, नागरिक समाज, बौद्धिक समुदाय तथा पेसागत सङ्घसंस्थाहरूबाट दबाबमूलक कार्यक्रमहरू हुन थाले । तत्कालीन प्रतिनिधिसभाका सदस्यहरूबाट पेस भएको प्राइभेट विधेयकले ऐनको स्वरूप प्राप्त गरेपछि मानव अधिकार आयोग ऐन, २०५३ जारी भयो । ऐन जारी भएको करिब चार वर्षसम्म पनि सो निकायको गठन हुन सकेन । शान्तिपूर्ण आन्दोलन, अन्तर्राष्ट्रिय समुदायको चासो र सञ्चारमाध्यमको खबरदारी निरन्तर रही नै रह्यो । आयोग स्थापनाको माग गर्दै सम्मानित सर्वोच्च अदालतमा परेको रिटमाथिको सुनुवाइपछि परमादेशको आदेश जारी भयो । अन्ततः लामो प्रतीक्षापछि २०५७ साल जेठ १३ गते

राष्ट्रिय मानव अधिकार आयोगको स्थापना भयो ।

ऐनद्वारा स्थापित आयोगलाई नेपालको अन्तरिम संविधान, २०६३ द्वारा संवैधानिक अङ्गका रूपमा स्तरोन्नति गरियो । नेपालको मौजुदा संविधानले उक्त व्यवस्थालाई निरन्तरता दिएको छ । संविधानको धारा २४८ र २४९ मा राष्ट्रिय मानव अधिकार आयोगको कार्यादेश तोकिएको छ। सो कार्यादेशबमोजिम आयोगले वर्षभर गरेका कार्यहरूको वार्षिक प्रतिवेदन पेस गर्ने दायित्व धारा २९४ मा उल्लेख छ । उल्लिखित प्रावधानहरूको सीमाभित्र रही तयार पारिएको यो प्रतिवेदन सात परिच्छेद र १० अनुसूचीमा विभाजन गरिएको छ । प्रतिवेदनमा मूलतः मानव अधिकार अवस्थाको अलवा आयोगमा परेका उजुरी, उजुरीउपर छानबिन, अनुगमन, अनुसन्धान, संवर्द्धन, आयोगका निर्णयसम्बन्धी कार्यहरूको विवरण समावेश छ । यसको साथै उपलब्धि, चुनौती र भावी कदमहरूको चर्चा गरिएको छ । संविधानतः सम्माननीय राष्ट्रपतिसमक्ष पेस गरी सङ्घीय संसद्मा छलफल गर्ने प्रयोजनका लागि समेत प्रतिवेदन तयार गरिएको हो ।

## १.२ साङ्गठनिक संरचना

मानव अधिकारसम्बन्धी निकायहरूको गठन, स्वतन्त्रता तथा स्वायत्ततासम्बन्धी अन्तर्राष्ट्रिय मार्गदर्शन (जसलाई सन् १९९३ पेरिस सिद्धान्त भनिन्छ) र नेपालको संविधानको धारा २४८ अनुरूप स्थापित राष्ट्रिय मानव अधिकार आयोग एक स्वतन्त्र र स्वायत्त निकाय हो । संविधानको धारा २८३ ले संवैधानिक अङ्ग र निकायका पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्तबमोजिम गरिनेछ भनी उल्लेख गरेको छ । संविधानको धारा २४८ बमोजिम आयोगमा अध्यक्ष एक र चार जना सदस्य गरी पाँच जना पदाधिकारी रहने प्रावधान छ । आयोगअन्तर्गत एक केन्द्रीय कार्यालय, पाँच क्षेत्रीय र तीन उपक्षेत्रीय गरी नौओटा कार्यालय क्रियाशील रहेकोमा प्रादेशिक संरचनामा लगी कार्य भइरहेको छ ।[1] सङ्घीय मान्यताअनुसार निर्माण गरिएको आयोगको नयाँ साङ्गठनिक संरचना नेपाल सरकारको स्वीकृतिपश्चात् कार्यान्वयनमा आउनेछ । आयोगका सबै कार्यालयका लागि ३०९ जना कर्मचारीको दरबन्दी रहेकोमा यस आवमा कर्मचारी सङ्ख्या २०८ रहेको छ । यस आवमा आयोगमा कार्यरत आयोगका कर्मचारीहरूको विवरण र आयोगको साङ्गठनिक संरचना क्रमशः अनुसूची एक र दुईमा राखिएको छ ।

## १.३. आयोगको काम, कर्तव्य र अधिकार

नेपालको संविधानको धारा २४९ मा 'मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ' भनी उल्लेख गरिएको छ । मानव अधिकारको संवर्द्धन र संरक्षण गर्नु राज्यको प्राथमिक दायित्व मानिन्छ । राज्यले यस दायित्व सन्तोषजनक रूपमा निर्वाह नगरेको अवस्थामा आयोग राज्यलाई सजग र उत्तरदायी बनाउन प्रयत्नशील रहिआएको छ । आयोगले संविधान र ऐनमा उल्लिखित कार्यदेशभित्र रही आफ्ना

*१. मिति २०७५ असार ८ मा बसेको आयोगको बैठकले आयोगको साङ्गठनिक संरचनालाई सङ्घीय ढाँचामा परिवर्तन गरी स्वीकृतिको लागि प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा पठाएको थियो । प्रदेश कार्यालय र प्रदेश शाखा कार्यालयको व्यवस्था गरिएको सो साङ्गठनिक संरचना नेपाल सरकारबाट हालसम्म पनि स्वीकृत हुन नसकेको अवस्था छ ।*

गतिविधिहरूलाई नियमित गर्दै आएको छ । आयोगबाट विशेषतः मानव अधिकार संरक्षणअन्तर्गत उजुरी ग्रहण, उजुरीमाथि अनुसन्धान, मानव अधिकार उल्लङ्घनका दोषीउपर कारबाही तथा मुद्दा चलाउन सिफारिसलगायतका कार्यहरू हुँदै आएका छन् । मानव अधिकारको संवर्द्धनका सम्बन्धमा आयोगले सचेतना अभिवृद्धि गर्ने, तालिम, प्रशिक्षण दिने, गोष्ठी तथा सभा-सम्मेलनमार्फत वकालती कार्यक्रम आयोजना गर्ने, नागरिक समाजसँग समन्वय र सहकार्य गर्दै आएको छ । आयोगका सिफारिस कार्यान्वयन नगर्ने पदाधिकारी वा व्यक्तिको नाम आयोगले सार्वजनिक गर्न सक्ने संवैधानिक व्यवस्थाको कार्यान्वयनप्रति आयोगमा छलफल निरन्तर चलिरहेको छ। यसका साथै आयोगबाट मानव अधिकारसँग सम्बन्धित कानुन निर्माण तथा संशोधन गर्न र अन्तर्राष्ट्रिय सन्धि-सम्झौताको नेपाल पक्ष बन्नुपर्ने कारणसहित सरकारसमक्ष सिफारिस गर्दै आएको छ।

# परिच्छेद–२
# मानव अधिकारको अवस्था

## राज्यको अन्तर्राष्ट्रिय दायित्व

मानव अधिकार र राज्यको दायित्व आपसमा परिपूरक मानिन्छ। नेपाल विभिन्न महासन्धि, इच्छाधीन आलेखहरू अनुमोदन गरी पक्षराष्ट्र बनेको छ। नेपाल हालसम्म मानव अधिकार र मानवीय कानुनसँग प्रत्यक्षतः सम्बन्धित अन्तर्राष्ट्रिय र क्षेत्रीय गरी ५९ ओटा महासन्धि/सन्धिको पक्षराष्ट्र बनेको छ। मूलभूत मानव अधिकार २२ (९ मध्ये ७ महासन्धिसहित मूल महासन्धि १७ र ऐच्छिक आलेख ५), मानवीय कानुन ७, वातावरण १४, श्रमसम्बन्धी १२ र क्षेत्रीय तहमा ४ (सार्क) बालबालिका, मानव बेचबिखन तथा ओसारपसार, खाद्य तथा वातावरण गरी ४ रहेका छन्।

संयुक्त राष्ट्रसङ्घको सदस्य, महासन्धिहरूको पक्षराष्ट्र र संयुक्त राष्ट्रसङ्घको मानव अधिकार परिषद्मा निर्वाचित सदस्य राष्ट्रको हैसियतमा ती दायित्वहरू पूरा गर्ने अभिभारा सरकारमा निहित रहन्छ। अन्तर ाष्ट्रिय मानव अधिकार कानुनको आधारमा मानव अधिकारप्रति राज्यले मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्तिसम्बन्धी दायित्व निर्वाह गर्नुपर्दछ।

| क्र. सं | सन्धिजनित निकाय | प्रारम्भिक प्रतिवेदन | आवधिक प्रतिवेदन | नेपालले बुझाएको प्रतिवेदन स्थिति (सन्मा) |
|---|---|---|---|---|
| १. | जातीय विभेद उन्मूलनसम्बन्धी समिति | एक वर्ष | दुई वर्ष | १९७२ (पहिलो), १९७४ (दोस्रो), १९७८ (तेस्रो), १९८२ (चौथो र पाँचौं), १९८७ (छैटौं–आठौं), १९९८ (नवौं–१३ औं),२००० (१४ औं), २००४ (१५ औं र १६ औं) र २०१८ (१७ औं–२३ औं) |
| २. | मानव अधिकार समिति (नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी समिति) | एक वर्ष | चार वर्ष (समितिको आवश्यताअनुसार धारा ४१) | १९९४ र २०१३ |
| ३. | महिलाविरुद्ध हुने विभेद उन्मूलन समिति | एक वर्ष | चार वर्ष | १९९९ (प.), २००४ (दोस्रो र तेस्रो), २०११ (चौथो र पाँचौं), २०१८ (छैटौं) |
| ४. | यातनाविरुद्धको समिति | एक वर्ष | चार वर्ष | १९९४ र २००५ |
| ५. | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी समिति | दुई वर्ष | पाँच वर्ष | २००१, २००७ र २०१४ |
| ६. | बाल अधिकार समिति | दुई वर्ष | पाँच वर्ष | १९९६, २००५ र २०१६ (तेस्रो–पाँचौं) |

| | | | | |
|---|---|---|---|---|
| ७. | अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी समिति | दुई वर्ष | चार वर्ष | २०१७ |
| ८. | ऐच्छिक आलेखहरू | – | पाँच वर्ष | बालबालिकासम्बन्धी दुई आलेख<br>क) वेश्यावृत्ति २०१२<br>ख) सशस्त्र द्वन्द्व २०१६<br>मृत्युदण्डसम्बन्धी : प्राप्त नभएको |
| | विश्वव्यापी आवधिक समीक्षा | – | चार वर्ष | २०११ र २०१५ |

नेपालले महासन्धि/इच्छाधीन आलेखमा भएका व्यवस्थाहरूको कार्यान्वयनका लागि घरेलु कानुन, नीति तथा कार्ययोजनाहरू तर्जुमा गर्दै आएको छ। मानव अधिकारमैत्री कानुन निर्माणका हिसाबले नेपाल अगाडि देखिए पनि कार्यान्वयन पक्ष भने सन्तोषजनक छैन । महासन्धि अनुमोदनपश्चात् महासन्धिअन्तर्गत स्थापित समितिहरूमा बुझाउनुपर्ने आवधिक प्रतिवेदनहरू नियमित हुन सकेको पाइँदैन। यस विषयमा आयोगले नेपाल सरकारको ध्यानाकर्षण गराउदै आएको छ। यसका अतिरिक्त पनि प्रतिवेदनहरू खापेर बुझाउने प्रवृत्तिमा हालसम्म पनि सुधार हुन सकेको छैन।

## सरकारको राष्ट्रिय दायित्व

राज्यलाई मानव अधिकारको संरक्षक मानिन्छ। मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन र परिपूर्ति गर्नु राज्यको दायित्व हो। लोकतान्त्रिक सरकारबाट अलोकतान्त्रिक, मानव अधिकारअमैत्री कार्यको अपेक्षा गरिँदैन । यस आवमा सरकार कतिपय मामिलामा आफैँले मानव अधिकारको सम्मान र संवर्द्धनका लागि व्यक्त गरेको प्रतिबद्धताबाट चुकेको देखिन्छ। सरकारको तर्फबाट ल्याइएका केही विधेयकहरूले सरकारको नियतमाथि नै प्रश्न उठाएको छ । यस वर्ष मिडिया काउन्सिलसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, राष्ट्रिय मानव अधिकार आयोग विधेयक र गुठी विधेयक (फिर्ता भइसकेको) विशेष चर्चामा रहेका छन्। सरोकारवालाहरूसँग विनाछलफल ल्याइएका ती विधेयक प्रक्रियागत ढङ्गबाट संसद्बाट पारित हुने भए पनि सरकार प्रेस जगत र मानव अधिकार आयोगको सवालमा किन यस प्रकारका विधेयक ल्याइए ? कतै सरकार यी संस्थाप्रति अनुदार हुन खोजका त होइन ? आशङ्का पैदा हुनु स्वाभाविकै हो।

प्रेस स्वतन्त्रता, मानव अधिकार र विधिको शासन लोकतन्त्रको अभिन्न अङ्गका रूपमा रहेको हुन्छ। नेपालको संविधान, २०७२ को प्रस्तावनामा पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूति गरिएको छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा १९ तथा नेपालको संविधानको धारा १७ (२, क) ले प्रत्येक नागरिकलाई विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुने व्यवस्था गरेको छ। स्वतन्त्र, उत्तरदायी र मर्यादित पत्रकारिताले जवाफदेहिताको सृजना, मानव अधिकारको संरक्षण र संवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदछ। मानव अधिकारको प्रभावकारी संरक्षण र संवर्द्धनबाट नै लोकतन्त्र बलियो हुन्छ। नियमन अनुचित होइन तर नियमनको नाममा नियन्त्रण गर्नु मानव अधिकारको मूल्य-

मान्यता अनुकूल हुन सक्दैन । प्रेस स्वतन्त्रतालाई अनुगमन र नियमन गर्ने प्रस्तावित काउन्सिल स्वतन्त्र र सक्षम भएमा मात्र लोकतन्त्रको मर्यादा रही मानव अधिकार संस्कृति बलियो हुन्छ । प्रचलित प्रेस काउन्सिल ऐन, २०४८ का प्रभावकारी व्यवस्थामा अकारण परिवर्तन गरी यसको स्वायत्ततामा अङ्कुश लगाउन खोज्नु मानव अधिकारको आधारभूत मान्यता तथा अभिव्यक्ति स्वतन्त्रता प्रतिकूल हुन जाने आयोगको निष्कर्ष छ ।[२]

संयुक्त राष्ट्रसङ्घीय मञ्चका रूपमा रहेको सुरक्षा परिषद्मा सदस्यका लागि नेपालले आफ्नो तर्फबाट उम्मेदवार दिई विजयीसमेत भइसकेको छ । तत् समयमा नेपालको तर्फबाट माननीय परराष्ट्र मन्त्रीबाट अन्तर्राष्ट्रिय समुदायलाई नेपालको राष्ट्रिय मानव अधिकार आयोग स्थापनाकालदेखि नै "क" श्रेणीमा रहिआएको जानकारी गराउनुभएको थियो । महिला, दलित, आदिवासी, जनजाति, मुस्लिम, थारू समुदायको हितको लागि संवैधानिक आयोगहरू स्थापना गरिएको सन्देश दिनुभएको थियो । सङ्क्रमणकालीन न्यायको माध्ययमबाट पीडितका मुद्दालाई सम्बोधन गर्ने, पीडितसँगको सरसल्लाह र सर्वोच्च अदालतबाट भएको निर्देशाअनुसार ऐन संशोधनको तयारी भइरहेको उहाँको भनाइ थियो ।

सरकारी प्रतिबद्धताभन्दा बाहिर गई राष्ट्रिय मानव अधिकार आयोग विधेयकमा आयोगलाई केन्द्रमा सीमित गर्ने, आर्थिक स्वायत्ततामा कसिकसाउ गर्ने र आयोगले मुद्दा चलाउन गरेको सिफारिस महान्याधिवक्ताको तजबिजमा निर्भर रहने प्रकृतिका प्रावधान राखिनुले माथिका आशङ्कलाई बल पुऱ्याएको छ । सरकारको यस किसिमको कदमका बारेमा राष्ट्रिय र अन्तर्राष्ट्रिय तहबाट व्यापक आलोचना हुँदै आएको छ ।[३] सरकारले यो संसद्को क्षेत्राधिकार हो भनी पन्छनुभन्दा पनि सो विधेयक फिर्ता लिई सरोकारवालाहरूबिच व्यापक बहस र छलफलपछि नयाँ विधेयक ल्याउनु वाञ्छनीय हुन्छ । यसका साथै आयोगबाट प्रादेशिक संरचनाअनुसार तयार गरिएको साङ्गठिन संरचना प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा थन्क्याइएको छ । फलतः आयोगका कामकारबाहीहरूलाई नियमित, व्यवस्थित र प्रभावकारी बनाउन कठिनाइ भएको अवस्था छ । जबसम्म सरकारले कामबाट सकारात्मक जवाफ दिँदैन; स्वाभाविक हो, सरकारको मानव अधिकारको प्रतिबद्धतामाथि प्रश्नचिन्ह रहिरहनेछन् । मानव अधिकारसम्बन्धी राज्यको दायित्व सम्बन्धमा तपसीलका विषयमा पनि उल्लेख छ ।

## संविधान कार्यान्वयनको अवस्था

नेपालको संविधान २०७२ मा मानव अधिकारका विषयलाई विशेष महत्त्वका साथ उल्लेख गरिएको छ । बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबिचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक

२ *मिति २०७६ जेठ १ मा आयोगद्वारा "विचार र अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर । मिडिया काउन्सिलसम्बन्धी विधेयकउपर आयोगको ध्यानाकर्षण" शीर्षकमा जारी प्रेस-विज्ञप्तिको अंश*

३ *माननीय परराष्ट्र मन्त्री प्रदीपकुमार ज्ञवालीले दिनुभएको वक्तव्य, सरकारको तर्फबाट रीष्ट्रय मानव अधिकार आयोग ऐन, २०६८ लाई संशोधन गर्न ल्याएको विधेयकमाथि आयोग लगायत विभिन्न क्षेत्रबाट असहमति जाहेर गर्दै सच्याउन जारी गरिएका विज्ञप्तिहरूलाई अनुसूची नौ मा समावेश गरिएको छ ।*

समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गर्दै[४] भन्ने उल्लेख छ। त्यसैगरी प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र समक्ष न्यायपालिका र कानुनी राज्यको अवधारणालगायतका लोकतान्त्रिक मूल्यमान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न[५] भनिएको छ। यसको साथै सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने उल्लेख छ।

संविधानतः अहिले मुलुक सङ्घीय संरचनामा प्रवेश गरिसकेको छ। तीन वटै तह (सङ्घ, प्रदेश र स्थानीय) को निर्वाचन सम्पन्न भई संसद् र सरकारहरू अभ्यासरत रहेको पाइन्छ। नयाँ संरचनाअन्तर्गत कार्यहरू भइरहेका छन्। विभिन्न कमीकमजोरी/बाधाव्यवधानका अतिरिक्त पनि संविधान कार्यान्वयन भइरहेको छ। संविधानको धारा १६ देखि ४६ सम्म मौलिक हकसम्बन्धी व्यवस्था गरिएको छ। धारा ४७ र ४८ मा क्रमशः मौलिक हकको कार्यान्वयन र नागरिकका कर्तव्यसम्बन्धी प्रावधान राखिएको छ। विगतका संविधानहरूभन्दा एक कदम अगाडि बढी मौजुदा संविधानमा आर्थिक र सामाजिक अधिकारलाई मौलिक हकका रूपमा समावेश गरिएको छ। मौलिक हक कार्यान्वयनका लागि तीन वर्षभित्र कानुन बनाउने भनी संविधानमा उल्लेख छ। तोकिएको समयावधिभित्र मौलिक हकसम्बन्धी कानुन निर्माण (अपवादबाहेक) भए पनि ती पर्याप्त छैनन्। संविधानको धारा ३५ (४) मा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ भन्ने प्रावधान राखिएको छ। संविधानतः तोकिएको समयावधि व्यतीत भइसक्दा पनि स्वच्छ खानेपानी तथा सरसफाइसम्बन्धी कानुन निर्माण हुन सकेको छैन। निर्माण भइसकेका ऐनमा पनि "...गर्न सक्नेछ।...तोक्न सक्नेछ।...लगाउन सकिनेछ। ...तोकिएबमोजिम हुनेछ।"[६] जस्ता वाक्यांशको प्रयोग गरिएबाट कार्यान्वयन पक्ष त्यति सहज र सरल देखिँदैन। मौलिक हक संविधान लागु भएको मितिबाट कार्यान्वयनमा आउने हक भए पनि कार्यान्वयनका लागि नियमावली निर्माण गरी लागु गर्नुपर्ने अवस्था सिर्जना गरिएको छ। अपराध पीडित संरक्षण, अपाङ्गता भएका व्यक्ति, उपभोक्ता, आवासलगायतका मौलिक हकसम्बन्धी नियमावली बन्न नसक्दा मौलिक हक कार्यान्वयन हुन सकेका छैनन्। स्वच्छ खानेपानीको हकमा विवादपछि ठेक्का प्राप्त इटालियन कम्पनी सिएमसी काममा नफर्केपछि अन्तिम चरणमा पुगेको भनिएको मेलम्ची खानेपानी आयोजनाको भविष्य अन्यौलग्रस्त छ। यसको सिधा असर काठमाडौँवासी खानेपानी प्राप्तिको अधिकारबाट वञ्चित हुन पुगेका छन्। रोजगारसम्बन्धी ऐन, २०७५ मा मा एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगार कार्यक्रमको व्यवस्था गरिएको छ। यो सकारात्मक कार्यक्रम भए पनि अपेक्षित परिणाम हासिल हुन सकेको देखिँदैन। अहिलो ठुलो सङ्ख्यामा नेपालीहरू देशबाहिर र भित्र रोजगारको खोजीमा भौँतारिन बाध्य छन्।

मौलिक हक सामान्यत सम्बन्धित देशका नागरिकको हकमा लागु हुने विषय हो। नागरिकता ऐन २०६३

---

४ *संविधानको प्रस्तावना*

५ *ऐ.ऐ.*

६ *वातावरण संरक्षण (पहिलो संशोधन) ऐन, २०७५ को दफा १० र ११*

लाई संशोधन गर्न बनेको विधेयकले हालसम्म पनि ऐनको रूप लिन सकेको छैन। वि.सं.२०७५ साउन २२ गते पेस भएको विधेयक अहिले पनि राज्य व्यवस्था तथा सुशासन समितिमा छलफलकै क्रममा रहेको छ। फलतः नागरिकता प्राप्त गर्नबाट वञ्चित अवस्थामा पुगेका व्यक्तिहरूले कतिपय मौलिक हकको उपभोग गर्न सक्ने अवस्था छैन।

संविधानले धारा २५२ देखि २६४ सम्म मानव अधिकारसम्बन्धी विभिन्न विषयगत आयोगहरूको व्यवस्था गरिएको छ। यी आयोगहरू सञ्चालनको ऐनसमेत निर्माण भइसकेका छन्। यी आयोगमा छ वर्षका लागि अध्यक्षसहित अन्य चार जनासम्म सदस्य रहने प्रावधान छ। कानुनी आयोगबाट संवैधानिक आयोगमा स्तरोन्नति भएका राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोग पदाधिकारीविहीन अवस्थामा छन्। राष्ट्रिय महिला आयोग ऐन २०७४ जारी भएको दिन (२०७४ असोज २९) नै देखि रिक्त रहेको छ। विगत तीन वर्षदेखि राष्ट्रिय दलित आयोग पदाधिकारीविहीन छन्। समावेशी आयोग, मुस्लिम आयोग र मधेसी आयोग गठन भए पनि हालसम्म पूर्णता (पदाधिकारी) प्राप्त गर्न सकेको छैन। मधेसी आयोग र मुस्लिम आयोगमा अध्यक्ष मात्र नियुक्त भएका छन्। समावेशी आयोगमा अध्यक्ष र सदस्य नियुक्ति गरिएकोमा अध्यक्षले राजिनामा दिएका छन्। आदिवासी जनजाति आयोगको कार्यालय स्थापना भए पनि पदाधिकारी नियुक्त हुन नसकेको अवस्था छ। संविधानको धारा २८७ मा रहेको भाषा आयोगमा अध्यक्ष र एक सदस्य मात्र रहेका छन्। यसबाट संविधानले सम्बन्धित समुदायको हकअधिकारका लागि लिएको लक्ष्य हासिल हुन नसकेको स्थिति छ। संविधान र ऐनमा माथि उल्लिखित विषयगत मानव अधिकारसम्बन्धी आयोगहरूको व्यवस्था गरिए पनि क्षेत्राधिकार सम्बन्धमा स्पष्ट किटान गरिएको छैन। प्रादेशिक तहसम्म बिस्तार हुने यी आयोगहरू र राष्ट्रिय मानव अधिकार आयोगबिच कार्यादेशको सम्बन्धमा विवाद उत्पन्न हुन जान्छ। यसतर्फ ध्यान पुऱ्याउन नसकेको देखिन्छ।

संविधानको अनुसूची ७ अन्तर्गत (धारा ५७ को उपधारा (३), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७ सँग सम्बन्धित) सङ्घ र प्रदेशको साझा अधिकारको सूची समावेश गरेको छ। यसमा फौजदारी तथा देवानी कार्यविधि र प्रमाण र सपथ (कानुनी मान्यता, सार्वजनिक कार्य र अभिलेख र न्यायिक प्रक्रिया), अन्तरप्रादेशिक रूपमा फैलिएको जङ्गल, हिमाल, वन संरक्षण क्षेत्र जल उपयोग, भूमिनीति र सोसम्बन्धी कानुनसहित २५ ओटा विषय राखिएका छन्। त्यसैगरी अनुसूची ९ (धारा ५७ को उपधारा (५), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७, धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित) सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची समावेश गरिएको छ। जसमा सहकारी, स्वास्थ्य, कृषि, विद्युत्, खानेपानी, सिँचाइ, प्राकृतिक स्रोत-साधनलगायतका १५ ओटा विषय छन्। यसबाट साझा विषयमा अधिकारको क्षेत्रमा विवाद हुने सम्भावनालाई नकार्न सकिँदैन। साझा विषयमा हालसम्म कानुन बन्न नसकेको स्थिति छ। कानुनको अभावमा प्रदेश र स्थानीय तहले कार्य गर्न सकेको देखिँदैन। यी समग्र अवस्थालाई हेर्दा आगामी दिनहरूमा संविधानअनुसार कानुन निर्माण र कानुन कार्यान्वयनमा जटिलता देखिने प्रस्ट हुन्छ।

## नागरिक तथा राजनीतिक अधिकारको अवस्था

### जीवनको अधिकार

मानिसका विविध अधिकारहरूमध्ये जीवनको अधिकार विशेष एवम् सबैभन्दा महत्त्वपूर्ण मानिन्छ। मर्यादित एवम् सम्मानित जीवनयापन गर्न पाउनु प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो। मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू र राष्ट्रिय मूल कानुनमा पनि यस अधिकारलाई प्राथमिकताका साथ उल्लेख गरिएको छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ३, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा ६ मा जीवनको अधिकारका बारेमा उल्लेख गरिएको छ। यसमा प्रत्येक व्यक्तिलाई जीवनको अधिकार प्रत्याभूति गर्दै स्वेच्छाचारी ढङ्गले कसैको पनि जीवन हरण गर्न नपाइने प्रावधान छ। महासन्धिको दोस्रो ऐच्छिक आलेख, १९८९ मा मृत्युदण्ड उन्मूलनसम्बन्धी व्यवस्था राखिएको छ। नेपालको मौजुदा संविधान २०७२ को धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने हकलाई सुरक्षित गरेको छ। मृत्युदण्ड दिन नपाउने व्यवस्था गरी बाँच्न पाउने अधिकारलाई मौलिक हकका रूपमा स्थापित गरेको छ।

सैद्धान्तिक रूपमा जीवनको अधिकार पूर्णतः सुरक्षित गरेको पाइए पनि व्यवहारतः स्थिति पृथक् छ। गृह मन्त्रालयअन्तर्गत रहेको विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाका अनुसार यस आवमा बाढी, अधिक वर्षा र हिमपातका कारण १८५ (महिला ७४ र पुरुष १११) जनाले ज्यान गुमाउनुपऱ्यो। त्यसैगरी बारा पर्सामा आएका हावाहुरीबाट ३९ (महिला १९ र पुरुष २०) जनाको मृत्यु भयो। नेपाल प्रहरीको तथ्याङ्कअनुसार २०७४/२०७५ मा ५३१७ जनाले आत्महत्या गरेकामा २०७५/२०७६ मा सो सङ्ख्या वृद्धि भई ५७५४ पुगेको देखिन्छ।

**आत्महत्याको अवस्था**

- १८ वर्षमुनि ९ प्रतिशत
- १९–३५ वर्ष ४० प्रतिशत
- ३६–५० वर्ष ३० प्रतिशत
- ५१–६९ वर्ष १६ प्रतिशत
- ७० वर्षभन्दा माथि ५ प्रतिशत
- नेपालभर आत्महत्याको दर १९ जना (प्रतिएक लाखमा)
- दैनिक आत्महत्या सङ्ख्या सरदर १६ जना

**स्रोतः** https://cid.nepalpolice.gov.np/images/Publication/CID_Magazine_2076.pdf

यसरी आत्महत्या गर्नेमा सबैभन्दा कम ज्येष्ठ नागरिक र सबैभन्दा बढी १९–३५ वर्ष समूहका व्यक्ति रहेका छन्। यस आवमा सडक दुर्घटनामा परी जम्मा ५,९१३ जना सामान्य र ३१७ जना गम्भीर घाइते भए भने २५४ जनाको मृत्यु भएको देखिन्छ।[७]

आयोगले गरेको अनुगमन/अनुसन्धानबाट पनि व्यक्तिको जीवनको अधिकार हनन भएको देखिन्छ।

---

७ *https://traffic.nepalpolice.gov.np/index.php/news/traffic-activities/425-annually-accidental-descriptions*

काठमाडौँको गोङ्गबुबाट २०७५ मङ्सिर ११ गते बेलुका अपहरणमा परेका आठ वर्षीय बालक प्रयास कुँवरको हत्या भएको छ । राममनोहर यादवको प्रहरी हिरासतमा रहेको अवस्थामा उपचारका क्रममा मृत्यु हुन पुगेको छ । राजधानीलगायत देशका विभिन्न स्थानमा मिति २०७६ जेठ १२ र १३ गते भएको बम विष्फोट, आगजनी तथा तोडफोडका घटनाहरूबाट भएको जनधनको क्षति हुन पुगेको छ । विष्फोटको घटनाबाट काठमाडौँमा चार जनाको मृत्यु भएको, विभिन्न स्थानमा भएका विष्फोट आगजनी तथा बम विष्फोटका घटनाबाट आठ जना घाइते भएका छन् । यी र यस्ता घटनाहरूले सुरक्षित वातावरणमा सम्मानपूर्वक बाँच्न पाउने व्यक्तिको अधिकारको उल्लङ्घन भएको छ। त्यसैगरी ललितपुर स्थित नक्खुमा रहेको एनसेल कार्यालयको परिसरमा भएको बम विष्फोटमा परी घाइते भएकाको समेत मृत्यु भएको घटनाले सर्वसाधारणमा भय र त्रासको वातावरण सिर्जना भएको छ। भोजपुरमा प्रहरी र प्रतिबन्धित नेकपा (विप्लव समूह) बिचको झडपमा एक एक जना र सुनसरीमा अज्ञात समूहले चलाएको गोली प्रहारबाट दुई जनाको ज्यान गएको छ। कञ्चनपुर निवासी १३ वर्षीया बालिका निर्मला पन्तको बलात्कारपछि भएको हत्या विशेष चर्चामा रहन पुग्यो । मुलुकभित्रै स्वास्थ्य उपचारको अभाव र स्वास्थ्यमा पहुँचको अभावका कारण पनि मृत्युवरण गर्नुपरको छ । वैदेशिक रोजगारमा गएको अवस्थामा यस आवको वैशाखसम्ममा ६२५ जनाले ज्यान गुमाउनुपरेको अवस्था छ।

शक्ति बढाउन भन्दै अन्धविश्वासमा परी धनुषास्थित मिथिला नपा ६ का अढाई वर्षीय बालक आर्यन साहलाई ५५ वर्षीय शत्रुधन साहले वैशाख २४ गते घाँटी रेटी हत्या गरेका थिए। दार्चुलाको नौगाड नपा ४ स्थित गणेश विनायक माविको शौचालयको सेफ्टी ट्याङ्कीको स्लाप भत्किदा चार जना विद्यार्थीले ज्यान गुमाउन पुगेका थिए। समयमा औषधी उपचार नपाएर, सडकमा पारिएका खाल्टाखुल्टीमा जमेको पानीमा डुबी मृत्यु भएको देखिन्छ । माथि उल्लिखित तथ्याङ्कबाट मानिसको बाँच्न पाउने अधिकार प्रभावित भएको पाइन्छ। यसतर्फ राज्य र सरोकारवाला निकायहरू थप संवेदनशील हुनुपर्ने देखिन्छ।

## यातनाविरुद्धको अधिकार

यातनाविरुद्धको अधिकारलाई अहरणीय मानव अधिकारका रूपमा उल्लेख गरिएको छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ५ र नागरिक तथा राजनीतिक अधिकार विषयक महासन्धि, १९६६ को धारा ७ ले पनि यातनालाई निषेध गरेको छ । यातना, क्रूर, अमानवीय एवम् अपमानजनक व्यवहारविरुद्धको महासन्धि, १९८४ ले पनि यातना दिन नहुनेमा जोड दिनुको साथै यातनालाई फौजदारी अपराध मानेको छ । नेपाल पक्षराष्ट्र भइसकेको यस महासन्धिसँग सम्बन्धित प्रावधानलाई नेपालको संविधान, २०७२ ले यातनाविरुद्धको हकलाई मौलिक हकमा समावेश गरेको छ। यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ मा अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई यातना दिन नहुने उल्लेख छ। व्यवस्थापिका-संसद्बाट २०७४ असोज ३० गते जारी भई २०७५ भदौ १ गतेबाट लागु भएको कानुनमा भने यातनाविरुद्धको कार्यबारेमा व्यवस्था गरिएको छ । कसैलाई निर्मम यातना, अमानवीय वा अपमानजन्य व्यवहार गरेमा त्यसबाट कसुरको गम्भीरता बढ्ने, कसैलाई निर्मम यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा जन्मकैद हुने उल्लेख छ। प्रचलित कानुनबमोजिम कसुरको अनुसन्धान गर्ने, अभियोजन गर्ने, कानुनको

कार्यान्वयन गर्ने वा कानुनबमोजिम नियन्त्रण, हिरासत वा थुनामा राख्ने अधिकारप्राप्त अधिकारीले कसैलाई शारीरिक वा मानसिक यातना दिन वा दिन लगाउन वा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्न वा गराउन नहुने भनिएको छ। त्यस्तो कार्य गरेमा गम्भीरता हेरी कम्तीमा पाँच वर्षसम्म कैद वा पचास हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुने र कसुर गर्ने व्यक्तिबाट पीडित व्यक्तिलाई पुगेको क्षति वा पीडाबापत मनासिब क्षतिपूर्ति भराउने व्यवस्था गरिएको छ।

यातनाविरुद्धको महासन्धि र संवैधानिक एवम् कानुनी व्यवस्थाबमोजिम यातना दिने कार्य दण्डनीय अपराध मानिन्छ। महासन्धिको धारा २ र धारा ४ अनुसार यातनालाई फौजदारी अपराध मानी यातनाबाट पीडितलाई क्षतिपूर्ति दिने कानुनी व्यवस्था गर्नुपर्ने प्रावधान छ। यस सम्बन्धमा आयोगले पटक पटक सिफारिस गरेको र सर्वोच्च अदालतसमेतले निर्देशन दिइसकेको छ। मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा र सन्धिजनित निकायहरूका सिफारिसहरूमा पनि यस विषयलाई उठाइएको छ।

नेपाल यातनाविरुद्धको महासन्धिको पक्षराष्ट्र बनिसकेपछि १२ जुन १९९२ मा पेस गरिनुपर्ने प्रारम्भिक प्रतिवेदन ६ अक्टोबर १९९३ मा मात्र यातनाविरुद्धको संयुक्त राष्ट्रसङ्घीय समितिमा पेस गरेको थियो। त्यसपछि हरेक चार चार वर्षमा पेस गर्नुपर्ने आवधिक प्रतिवेदन नियमित रूपमा पेस हुन सकेको छैन। सन् १९९४ र २००५ मा दुई पटक प्रतिवेदन पेस गरेको देखिन्छ। विगतको अनुपातमा यातनामा कमी आए पनि आयोगमा प्रहरीबाट यातना दिएको भनी बेला बेलामा उजुरी दर्ता हुने गरेको छ। प्रदेश शाखा कार्यालय नेपालगन्जमा प्रहरीले देखाएको रवैयाप्रति आयोगले निर्देशन नै दिनुपरेको थियो। विष्फोटक पदार्थसम्बन्धी मुद्दामा बाँके जिल्ला अदालतबाट २०७६ वैशाख ८ गते साधारण तारेखमा रिहा भएका दानबहादुर फडेरा र निजको परिवारको सम्बन्धमा आयोगले भनेको छ : निज दानबहादुर फडेरा र निजको परिवारका कुनै पनि सदस्यलाई मानसिकलगायत अन्य यातना नदिन तथा भविष्यमा यस्ता किसिमका घटनाहरू दोहोरिन नदिनका लागि आफ्ना मातहतका सबै प्रहरी कार्यालयहरूलाई सचेत गराउन समेत आयोगले प्रहरी महानिरीक्षकलाई निर्देशन दिने निर्णय गरेको छ। यस सम्बन्धमा आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, नेपाल प्रहरी, बाँकेका प्रमुख जिल्ला अधिकारी तथा प्रहरी कार्यालयलाई पत्राचार गरेको छ।[८]

यातनाविरुद्धको उजुरीमाथि अनुसन्धान अदालत र आयोगबाट भइरहे तापनि सरकारी तवरमा महासन्धि र समितिको सिफारिसबमोजिम अलग स्वतन्त्र निकायको व्यवस्था हुन सकेको छैन। साक्षी र पीडितको सुरक्षाका लागि पनि आवश्यक कार्य भएको पाइँदैन। पक्राउ गर्दा र थुनाबाट रिहाइ गर्दा सबै बन्दीहरूको उचित स्वास्थ्य परीक्षण गरिनुपर्ने प्रावधान पूर्णतः कार्यान्वयन हुन सकेको छैन। थुना केन्द्रहरूमा अपेक्षित सुधार हुन नसकेको स्थिति छ। सशस्त्र द्वन्द्वमा ठुलो सङ्ख्यामा व्यक्तिहरू यातनाबाट पीडित भए तर उनीहरूको आधिकारिक तथ्याङ्क छैन। द्वन्द्वका क्रममा घटेका यातनासमेतका मुद्दालाई सम्बोधन हुन नसकेको अवस्था छ।

---

८ *मिति २०७६ वैशाख ९ "मानव अधिकार, कानुनी शासन र न्यायिक निर्णयको सम्मान गर्न आग्रह" शीर्षकमा जारी प्रेस-विज्ञप्ति*

यातनाविरुद्धका अधिकारको सम्मान र संरक्षणको आधार कार्यान्वयनको सुनिश्चितता निर्भर हुन्छ । राष्ट्रियस्तरमा यातनाविरुद्धको अधिकार उपभोगमा सुनिश्चितता, आवश्यक कानुनी, प्रशासनिक एवम् व्यवस्थापकीय वा अन्य उपायहरू अवलम्वन एवम् आयोगका सिफारिस र अदालती फैसला कार्यान्वयन गर्न आवश्यक छ । यातनाविरुद्धको समितिमा आवधिक रूपमा नियमति प्रतिवेदन पेस गर्न र समितिलै औँल्याएका विषयलाई सम्बोधन गर्न जरुरी छ ।

## सङ्क्रमणकालीन न्याय

वि.स. २०५२ फागुन १ गतेबाट सञ्चालन भएको सशस्त्र युद्ध अन्ततः २०६३ मङ्सिर ५ गते सरकार र तत्कालीन नेकपा (माओवादी) बिचको सम्झौतापछि औपचारिक अन्त्य भएको थियो । सो विस्तृत शान्तिसम्झौतामा सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकार र मानवताविरुद्धका मुद्दालाई विशेष रूपमा सम्बोधन गरिएको थियो । आफ्नो कब्जामा रहेका मानिसहरूका बारेमा जानकारी सार्वजनिक गरी १५ दिनभित्र सबैलाई मुक्त गर्न[९] र दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिहरूको तथा युद्धको समयमा मारिएकाहरूको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको ६० दिनभित्र सार्वजनिक गर्न मन्जुर गर्दछन्[१०] भन्ने प्रावधान राखिएको थियो । यी मुद्दालाई सम्बोधन गर्न सम्झौताको बुँदा न ५.२.५ र अन्तरिम संविधान २०६३ को धारा ३३ (ध) मा उच्चस्तरीय सत्यनिरूपण तथा मेलमिलाप आयोग गठन गर्ने उल्लेख थियो ।[११] संविधानको यस प्रावधानलाई कार्यान्वयनका लागि २०७१ वैशाख २८ गते बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ जारी भयो । सोही ऐनको आधारमा २०७१ साल माघ २७ गते अध्यक्षसहित पाँच सदस्यीय दुई आयोग गठन गरियो । ऐनको दफा ३८ मा आयोगको कार्यकाल आयोग गठन भएको मितिले दुई वर्ष र कार्य सम्पन्न हुन नसकेको विशेष अवस्थामा एक वर्षसम्म थप्न सकिने प्रावधान राखिएको थियो । सोही प्रावधानअनुसार थपिएको अवधिमा पनि कार्य सम्पन्न हुन सकेन । अन्ततः दुवै आयोग रहने तर पदाधिकारी नरहने प्रावधानसहित कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालयले २०७५ माघ १५ मा राष्ट्रिय सभा सचिवालयमा विधेयक दर्ता गऱ्यो । संशोधनका लागि ७२ घण्टाको नियम निलम्बन गरी पारित विधेयकले ऐनको रूप लिए पनि अपेक्षित कार्य हुन सकेको छैन । राष्ट्रिय मानव अधिकार आयोगले २०७५ चैत २१ मा सङ्क्रमणकालीन आयोगमा पदाधिकारी नियुक्तिको सिफारिस गर्न प्रतिनिधिका रूपमा माननीय सदस्य प्रकाश वस्तीलाई पठाएको थियो । पूर्व प्रधान न्यायाधीश ओमप्रकाश मिश्रको संयोजकत्वमा गठित सो समितिले वि.स.२०७६ असार २७ सम्म नौ ओटा बैठक बसी विभिन्न निर्णय गरेको छ । निर्णयहरूमा सिफारिस प्रक्रिया पारित, इच्छुक र योग्य उम्मेदवारबाट दरखास्त माग, समितिले थप्ने उम्मेदवारसम्बन्धी मापदण्ड तयार गरिसकेको छ । हालसम्म पनि सिफारिस समिति दुई आयोगमा रहने पदाधिकारीहरूको नाम सिफारिस गर्न असमर्थ देखिएको छ ।

---

९ *बिस्तृत शान्तिसम्झौता २०६३, बुँदा न. ५.२.२*

१० *ऐ.बुँदा न. ५.२.३*

११ *सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता-विरुद्धको अपराधमा संलग्न व्यक्तिहरूका बारेमा सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्यनिरूपण तथा मेलमिलाप आयोग गठन गर्ने ।*

सम्झौताको १२ वर्षे अवधिमा जमिनमुनि बिछ्याइएका विस्फोटक पदार्थहरू निष्क्रिय पार्ने कार्यहरू भएका छन । विस्थापितहरूको पुनःस्र्थापना तथा सशस्त्र द्वन्द्वका क्रममा कब्जा गरिएका घरजग्गाहरू अधिकांश रूपमा फिर्ता गरिएका छन् । सशस्त्र द्वन्द्वका कारण नष्ट भएका सरकारी संरचनाहरूको पुनर्निर्माण गर्ने कार्य उल्लेख्य रूपमा अगाडि बढेको छ । अधिकांश द्वन्द्वपीडितहरूले अन्तरिम राहत र मृतक परिवारहरूले नेपाल सरकारको प्रतिवद्धताबमोजिम रु.१० लाख राहत रकम प्राप्त गरेका छन् । यस ऐतिहासिक सम्झौताको कार्यान्वयन अवस्थाको मूल्याङ्कन गर्दा द्वन्द्व पीडितहरूको पूर्ण न्यायप्राप्तिको पाटोबाहेक अन्य कार्यभारहरू सम्पन्न भएको मान्न सकिन्छ ।[१२] पराराष्ट्र मन्त्री माननीय प्रदीपकुमार ज्ञवालीले २७ फ्रेबुअरी २०१९ मा जेनेभामा गनुभएको सम्बोधमा सङ्क्रमणकालीन न्याय विषयलाई पनि सम्बोधन गर्नुभएको थियो । सङ्क्रमणकालीन न्यायका संयन्त्रमार्फत पीडितका मुद्दालाई सम्बोधन गर्ने, पीडितसँगको सरसल्लाह र सर्वोच्च अदालतबाट भएको निर्देशाअनुसार ऐन संशोधनको तयारी भइरहेको उल्लेख गर्नुभएको थियो । यस सम्बन्धमा माननीय मन्त्रीबाट व्यक्त भनाइ अनुसूची नौ मा उल्लेख गरिएको छ ।

यी सकारात्मक कार्यका अतिरिक्त यो प्रक्रिया हालसम्म पनि टुङ्गिन सकेको छैन । सशस्त्र द्वन्द्वका क्रममा हत्या, अङ्गभङ्ग, बलपूर्वक बेपत्ता, अपहरण, यातना तथा कुटपिट, यौनजन्य हिंसा, सम्पत्ति कब्जा एवम् नष्ट तथा बलपूर्वक विस्थापनलगायतका घटनाहरूबाट पीडित व्यक्तिहरूका माग अझै सम्बोधन हुन सकेका छैनन् । विशेषतः सत्य जान्न पाउने, गम्भीर अपराधमा कारबाही र भविष्यमा यस्ता घटना नदोहोरिने स्थितिको सुनिश्चितता छैन । बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन २०७१ का कतिपय प्रावधानहरूमाथि राष्ट्रिय र अन्तर्राष्ट्रिय तहबाट प्रश्नहरू उठाइएका थिए । सर्वोच्च अदालतले पनि अन्तर्राष्ट्रिय मापदण्डलाई सम्बोधन हुने गरी ऐन संशोधनसहित ल्याउन आदेश जारी गरेको थियो । अहिलेसम्म पनि ऐनमा संशोधनको विषय छलफलमा मात्र केन्द्रित भएको छ । आयोगमा परेका उजुरीहरूको गोपनीयतामाथि प्रश्न उठेको छ । पीडितले प्राप्त गर्नुपर्ने परिपूरण र आर्थिक तथा सामाजिक पुनर्स्थापनाले अझै गति लिन सकेको छैन । बर्हिगमित बाल लडाकुहरूको समस्या पनि सम्बोधन हुन नसकेको अवस्था छ ।

***नेपाल सरकारलाई गरिएका सिफारिस तथा सुझावहरू***

*क) दीर्घकालीन शान्ति प्रवर्द्धन र समग्र मानव अधिकारको सम्बोधनका लागि आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको प्रभावकारी कार्यान्वयन गर्न ।*

*ख) बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस, सर्वोच्च अदालतको आदेश, संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालयको सुझाव अनुकूल हुने गरी पीडित र सरोकारवालाहरूसँग विस्तृत छलफल गरी, आवश्यक परामर्श लिई अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल संशोधन गर्न ।*

*१२ राष्ट्रिय मानव अधिकार आयोगद्वारा २०७५ मङ्सिर ५ मा जारी बिस्तृत शान्ति सम्झौताका बाह्र वर्ष : मानव अधिकार अवस्था सङ्क्षिप्त प्रतिवेदन ।*

ग) *सशस्त्र द्वन्द्वका समयमा भएका यौनहिंसा तथा सबै किसिमका लैङ्गिक हिंसाका पीडितहरूको न्यायको अधिकारको सुनिश्चितताका लागि सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को संशोधनमार्फत न्याय, परिपूरण तथा पुनःस्थापनाका आवश्यक कार्यक्रमहरू बनाई लागु गर्न । यसको साथै द्वन्द्वको समयमा भएका घटनाहरूका र तत्पश्चात् घटेका आपराधिक घटनाहरूको अनुसन्धान तथा अभियोजनामा देखिएका कमजोरीहरू पुनरावृत्ति भइरहेकाले अविलम्ब सुधारका उपायहरू अवलम्बन गर्न ।*

घ) *सशस्त्र फौज वा सशस्त्र समूहमा बालबालिकालाई जबर्जस्ती भर्ना गराउन र युद्धमा भाग लिने कार्य निषेध गर्नेसम्बन्धी नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धीहरूका ब्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनका लागि विगतमा सशस्त्र युद्धमा भएको बालबालिकाको प्रयोगलाई कानुनको दायराभित्र ल्याउने गरी सङ्क्रमणकालीन न्यायका संरचनाहरूसम्बन्धी कानुनहरूमा संसोधन गर्न ।*

ङ) *बहिर्गमित बालसैन्यहरूको शिक्षा, रोजगारीलगायत पुनर्स्थापनाको तत्कालीन र दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्न ।*

च) *सशस्त्र द्वन्द्वका कारण शारीरिक र मानसिक अपाङ्गता भएका व्यक्तिहरूको पुनर्स्थापना र परिपूरणका लागि विशेष कार्यक्रम बनाई लागु गर्न ।*

छ) *विद्यमान दण्डहीनताको अवस्था अन्त्य गर्न सशस्त्र द्वन्द्व र सोपछि भएका विभिन्न आन्दोलनका क्रममा भएका जघन्य किसिमका अपराध र मानव अधिकार उल्लङ्घनमा संलग्न व्यक्तिहरूलाई व्यक्तिगत जवाफदेहिताका आधारमा कानुनी कारबाही गर्न ।*

ज) *राष्ट्रिय मानव अधिकार आयोगबाट भएका सिफारिस र अदालतबाट भएका आदेश तथा फैसलाहरूको पूर्ण कार्यान्वयन गर्न ।*

माथिका तथ्याङ्क र भइरहेका कामकारबाहीबाट पनि प्रस्ट हुन्छ : पीडितले न्याय प्राप्त गर्ने सम्भावना अत्यन्त न्यून देखिन्छ। ऐनमा उल्लिखित कतिपय प्रावधानहरूबाट पीडितहरूलाई न्याय प्रदान गर्ने कुरा सुनिश्चित देखिँदैन । नेपालको संविधान तथा राष्ट्रिय मानव अधिकार आयोग ऐन एवम् सम्मानित सर्वोच्च अदालतको फैसलाबमोजिम आयोगको सिफारिस कार्यान्वयन गर्नु सरकारको जिम्मेवारी हो । यस्ता गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घनका दोषीलाई कारबाही गर्नु सङ्क्रमणकालीन न्यायको एउटा मत्त्वपूर्ण पक्ष पनि हो ।

**बेपत्ता पारिएका व्यक्तिलाई परिपूरण/राहत कार्यान्वयन अवस्था**[१३]

आयोगले सशस्त्र द्वन्द्वको अवधिमा बेपत्ता पारिएको घटना सम्बन्धमा ३,१९७ उजुरीहरू प्राप्त गरेको छ । उक्त उजुरीहरूमध्ये ६४ जिल्लाका २००८ उजुरीहरूमा विस्तृत छानबिनको कार्य भइरहेकोमा जम्मा १,७५३ उजुरीमा पीडितबाट भराइएको परिपूरण फारम अध्ययन गर्दा ९९९ जना पीडितले रु. २५ हजारदेखि १० लाखसम्मको नगद अन्तरिम राहत प्राप्त गरेको देखिन आयो । तीमध्ये ७५४ जनाले कुनै पनि अन्तरिम राहत पाएको देखिएन । एक जनाले पनि भौतिक परिपूरण माग गरेको देखिएन । अध्ययन गरिएका परिपूरण फारमहरूमध्ये करिब आधा सङ्ख्याका पीडितहरूले मात्र १० लाख रुपियाँ राहत पाएको देखिन्छ।

**सत्यनिरूपण तथा मेलमिलाप आयोग**

यो आयोग २७ माघ २०७१ स्थापना भएको थियो। द्वन्द्वपीडितहरूको समस्या समाधानका लागि गठित

१३ *http://ciedp.gov.np/downloadfile/Antarim%20Pratibedan%202075_1554654724.pdf*

आयोगका उद्देश्यहरू निम्नानुसार रहेका थिए :[१४]

– सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घनसम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरूका बारेमा सत्य अन्वेषण तथा छानबिन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने ।

– सशस्त्र द्वन्द्वका पीडक र पीडितबिच मेलमिलाप गराई पारस्परिक सद्भाव तथा सहिष्णुताको भावना अभिवृद्धि गर्दै दिगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्ने ।

*सत्यनिरूपण तथा मेलमिलाप आयोग, नेपालद्वारा २०७४ माघ २६ गते जारी प्रेस-विज्ञप्तिलाई हेर्ने हो भने यस आयोगमा २०७३/१/५ देखि २०७३/२६ सम्मको पहिलो चरणमा ५८,०५२ सङ्ख्यामा उजुरीहरू प्राप्त भएको देखिन्छ । यसैगरी २०७४/३/२५ देखि साउन २४ सम्म छुट भएका उजुरीहरू सङ्कलन गरिएकोमा १,२६३ उजुरी थप भएका थिए । दुई चरणमा गरी जम्मा ६१,६१५ उजुरीहरू दर्ता भएको देखिन्छ ।*

– सशस्त्र द्वन्द्वकालीन घटनाका पीडित व्यक्तिहरूलाई परिपुरणको व्यवस्थाका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्ने ।

– सशस्त्र द्वन्द्वकालीन घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानुनी कारबाहीका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्ने ।

आयोगको स्थापनापश्चात् आयोगले कार्यालय व्यवस्थापन, विभिन्न चरणमा सरोकारवालाहरूसँग छलफल, अन्तरक्रिया गरेको थियो ।

यस समस्याको निदानका लागि आयोगबाट प्रदेश र केन्द्रीय तहमा पनि छलफल/अन्तरक्रियालगायतका विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । आयोगको आयोजनामा २०७५/१०/१८ मा सङ्क्रमणकालीन न्यायको अवस्थासम्बन्धी छलफल भएको थियो । कार्यक्रममा कानुन मन्त्री, महान्यायाधिवक्ता, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, बेपत्ता आयोग र सत्यनिरूपण तथा मेलमिलाप आयोगका सचिव, मानव अधिकारकर्मी, द्वन्द्वपीडित सञ्चारकर्मी आदिको उपस्थिति रहेको थियो । त्यसैगरी सङ्क्रमणकालीन आयोगका पदाधिकारीहरू, द्वन्द्वपीडित साझा चौतारीका पदाधिकारीबिच सङ्क्रमणकालीन न्यायको अवस्था र चुनौतीहरू सम्बन्धमा छलफल गरेको थियो । आयोग, इन्सेक, एडभोकेसी फोरम, द्वन्द्वपीडित साझा चौतारीको संयुक्त आयोजनामा "पीडितको अवस्था र न्यायप्राप्तिमा चुनौतीहरू" विषयक अन्तरक्रियाजस्ता कार्यक्रम पनि सम्पन्न भएका छन् ।

माथि उल्लिखित विविध पक्षलाई हेर्दा दुवै सङ्क्रमणकालीन (सत्यनिरूपण र बेपत्ता) आयोगबाट उजुरीहरू ग्रहण गरेको अवस्था छ । कतिपय पीडितहरूले राज्यबाट आर्थिक सहयोग प्राप्त गरेका छन् । छलफल/अन्तरक्रिया आदि कार्यक्रमहरू भइरहेका छन् तर पनि निष्कर्षतिर उन्मुख कार्य हुन सकेको छैन । यसविपरीत सङ्क्रमणकालीन आयोगमा पीडितहरूद्वारा दर्ता गरिएका उजुरीहरूको गोपनीयतामाथि प्रश्न उठेको स्थिति छ ।

अतः सङ्क्रमणकालीन न्यायको भावनाबमोजिम सत्य जान्न पाउने, मेलमिलाप, गम्भीर अपराधमा

१४ *http://trc.gov.np/nepali*

सजाय, दोषीहरूमाथि कारबाही र घटनाको पुनरावृत्ति नहुने कुराको सुनिश्चितता गरिनु पर्दछ । यसका लागि ऐनमा आयोगको सिफारिस र अदालती फैसलाबमोजिम ऐन संशोधन, विशेषतः द्वन्द्वरत पक्षहरू, सरकार, पीडितबिचबाट सहमति खोजिनुपर्दछ । यस मुद्दालाई तत्काल राष्ट्रिय रूपमै हल गरी दिगो शान्तिको खोजी गर्नु अहिलेको आवश्यकता पनि हो ।

## जातीय भेदभावविरुद्धको अधिकार

जातविशेषका आधारमा गरिने निषेध, बहिष्करण र विभेदजन्य कार्यलाई जातीय भेदभावका रूपमा लिइन्छ । मानिस जन्मसिद्ध रूपमा स्वतन्त्र र समान भएकाले जातजाति, उत्पत्ति, धर्म, वर्ण, लिङ्ग, पेसा-व्यवसाय, राष्ट्रियतालगायत कुनै पनि आधारमा भेदभाव गर्न पाइँदैन । यी कुनै पनि आधारमा गरिने यस प्रकृतिका कार्य नैतिक, सामाजिक र कानुनी रूपले समेत अक्षम्य र गम्भीर अपराध मानिन्छन् ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा १ मा सबै व्यक्ति जन्मजात स्वतन्त्र र प्रतिष्ठा तथा अधिकारमा समान हुने भनिएको छ । जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचारधारा, राष्ट्रियता वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियतलगायतका कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव गर्न नहुने उल्लेख छ । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ को धारा २ र आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार विषयक महासन्धि, १९६६ को धारा २ ले सोही अधिकारको प्रत्याभूति गरेका छन् । त्यसैगरी सबै प्रकारका जातीय भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९६५ तथा महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि, १९७९ को धारा २ मा समेत समानता र अविभेदको सिद्धान्तलाई आत्मसात् गरिएको पाइन्छ ।

नेपालको संविधान, २०७२ को मौलिक हकअन्तर्गत धारा १८ (१) मा सबै नागरिक कानुनको दृष्टिमा समान हुने र कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गर्न नपाइने उल्लेख छ । त्यसैगरी (२) मा राज्यले नागरिकहरूबिच जातजातिको आधारमा पनि भेदभाव नगरिने व्यवस्था रहेको छ । धारा २४ मा छुवाछुत तथा जातीय भेदभावविरुद्धको हकमा कुनै पनि व्यक्तिलाई जाति, वंश, समुदाय वा पेसाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेदभाव नगरिने, भेदभावजन्य व्यवहार दण्डनीय हुने र पीडितले कानुनले निर्धारण गरेअनुसार क्षतिपूर्ति पाउने प्रावधान छ । त्यस्तै कुनै पनि व्यक्तिलाई जातजातिको आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा, सुविधा वा उपयोगका कुराहरू प्रयोग गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा वा धार्मिक कार्य गर्नबाट वञ्चित नगरिने व्यवस्था गरिएको छ । संविधानको धारा ४० मा दलितको हकसम्बन्धी प्रावधान छ । कानुनी हैसियतमा रहेको राष्ट्रिय दलित आयोगलाई मौजुदा संविधानले संवैधानिक आयोगको हैसियतमा (धारा २५५) स्तरोन्नति गरेको छ । संविधानअनुसार ऐन पनि निर्माण भइसकेको अवस्था छ । मुलुकी अपराध संहिता, २०७४ (१ भदौ, २०७५ बाट लागू) र जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०७५ (पहिलो संशोधन) ले जातीय भेदभाव र छुवाछुतलाई दण्डनीय मानी दण्डसजायको समेत व्यवस्था गरिएको छ ।

नेपालमा दालित समुदायका जात कति छन् भन्ने विषयमा राज्यका निकायहरूले फरक फरक सङ्ख्यालाई मान्यता दिएको पाइन्छ । लोकसेवा आयोगले २२ दलित जातिहरूलाई सूचीकृत मान्दछ भने राष्ट्रिय

दलित आयोगले २६ जातिलाई दलित जातीय अनुसूचीमा समावेश गरेको छ।[१५] वि.स.२०६८ सालको राष्ट्रिय जनगणनाअनुसार नेपालमा दलितहरूको कुल जनसङ्ख्या ४१ लाख २४ हजार ३९ छ। यसमध्ये पुरुषको जनसङ्ख्या १९ लाख ७९ हजार ६९६ र महिलाको जनसङ्ख्या २१ लाख ४४ हजार ३४३ रहेको थियो। कुल जनसङ्ख्याको १३.८ प्रतिशत हुन आउँछ। तर, २०७६ सालसम्म आइपुग्दा यो सङ्ख्या निश्चय नै बढेको हुनुपर्दछ। नेपालीहरूको बढेको औसत आयु, स्वास्थ्योपचारको बढ्दो सुविधा, घट्दो जन्मदरका परिप्रेक्ष्यमा जनसङ्ख्याविद्हरू २०६८ सालको सङ्ख्यामा ३ देखि ३.५ प्रतिशत बढेको प्रक्षेपण गर्दछन्। यस आधारमा अहिले नेपालमा ४२६८३८० दलित समुदायको जनसङ्ख्या रहेको अनुमान गर्नुपर्ने हुन्छ।[१६]

***बाबु–बाजेदेखिको चलन***

*म ९५ वषको भएँ। हिजोको जस्तो छुवाछुत अहिले छैन। मैले भोगेको र देखेको जातीय विभेदमा कमी आएको छ। म आज मानिस मानिसमा फरक हुन्छ भन्ने मान्दिनँ। जातीय भेदभावलाई उचित ठान्दिनँ तर मेरो घरमा दलितलाई पस्न दिइहाल्ने, अन्तरजातीय विवाह गराउने र सँगै बसी खाने कुरा हिम्मत गर्न सक्दिनँ। म कति पो बाँचुला र ? मर्ने बेलामा पापको भारी बोक्न चाहन्नँ। मेरो शेषपछि भने छोरा/नाति सन्तानले मेरो मनले गर्न नसकेका सबै कुरा गरून् भन्ने चाहन्छु। जातीय भेदभाव तथा छुवाछुत उचित होइन तर मर्ने बेलामा बाबुबाजेका पालादेखि चलिआएको चलन तोड्न सक्दिनँ।*

*Source:https://www.nhrcnepal.org/nhrc_new/doc/newsletter/Monitoring_Report_on_CERD_2076_compressed-min.pdf*

माथि उल्लिखित प्रावधानहरूले जातीय छुवाछुतविरुद्ध संवैधानिक, कानुनी र नीतिगत रूपमा प्रभावकारी प्रावधानहरू रहेको पाइन्छ। कार्यान्वयनका लागि विभिन्न संयन्त्रहरू पनि क्रियाशील भइरहेका छन्। मुलुकलाई जातीय छुवाछुतमुक्त राष्ट्र (२१ जेठ,२०६३ मा) घोषणा गरिएको छ। व्यवहारतः छुवाछुतको अवस्था विद्यमान छ। समाज अहिले पनि तथाकथित माथिल्लो र तल्लो जातमा विभक्त छ। तल्लो जातबिचमै छुवाछुत छ। प्रायः दलितहरू भूमिहीन तथा घरबारविहीन छन्। शिक्षा, चेतना र आर्थिक अवस्था कमजोर छ। कमजोर आर्थिक अवस्थाका कारण बालबालिकाहरू नियमित रूपमा विद्यालय जान नसक्ने तथा गए पनि पढाइलाई बिचमै छोड्नुपर्ने अवस्था छ। बालविवाहको समस्या विद्यमान छ। त्यसैगरी जातीय विभेदका घटनाका रूपमा प्रहरी कार्यालय तथा गाउँपालिकाको कार्यालयमा समेत उजुरी दर्ताका लागि सहज छैन।

---

*१५ जातीय भेदभाव तथा छुवाछूत विरुद्धको अधिकारको अवस्था अनुगमन प्रतिवेदन २०७६, राष्ट्रिय मानव अधिकार आयोग, पृ.७*

*१६ ऐ.पृ.८*

**_दलित दलितबिच विभेद_**

*म पेन्टर हुँ, भुषाल थर लेख्दछु । सदरमुकाममा मेरो पसल पनि छ । गाउँको एउटा विद्यालयमा विभिन्न नारा, वाक्य आदि लेख्न मलाई लगियो । राति बास बस्नुपर्ने भयो । प्रधानाध्यापक सरले तपाईंलाई बास बस्न यो भाइको घरमा बन्दोबस्त गरिदिएको छु भन्नुभयो । त्यो भाइले अघि त हुन्छ भनेको थियो तर अहिले मेरो घरमा पाहुना आए सक्दिनँ भनेर तर्कियो । त्यो भाइ त्यही विद्यालयको कार्यालय सहयोगी थियो । जात विश्वकर्मा (कामी) थियो, म भुषाल (सार्की) हुँ । ऊ उपल्लो जातको म तल्लो जातको ! यसपछि सरले मलाई आफ्नै घरमा लानुभयो । भित्र ठाउँ भएन, दुवै जना बाहिर सुतौँ भनेर दुवै जनालाई ओछ्यान लगाउनुभयो । दुवै बाहिर सुत्यौँ । केही समयपछि बिउँभेर हेर्दा सरको ओछ्यान खाली थियो ।*

*Source:https://www.nhrcnepal.org/nhrc_new/doc/newsletter/Monitoring_Report_on_CERD_2076_compressed-min.pdf*

गाईभैँसीबाट उत्पादित दूधजन्य वस्तु बिक्री गर्न सक्ने वातावरण देखिँदैन । कतिपयमा उनीहरूले दूध बेच्दा गाईभैँसी रुख चढ्छन् भन्ने अन्धविश्वास विद्यमान छ । त्यस्ता वस्तुहरू दलितले किनेर प्रयोग गर्न विभिन्न कठिनाइ भेल्नुपर्दछ । उनीहरूलाई दिइने चिया दिँदा अलग कित्लीको प्रयोग वा कित्ली पखाली दिने र दूधको चिया नदिने चलन अहिले पनि फाटफुट देखिन्छ ।

**_हिनताबोध किन ? मानसिकता परिवर्तन कसरी ?_**

*म निर्वाचित जनप्रतिनिधि हुँ । दलितको धेरै मत मैले पाएँ । दलित समुदायमा मैले मितेरी साइनो गाँसेको छु । एक दिन मलाई भेट्न मेरा मितज्यू आउनुभयो । कुरापछि खाना खान मैले भान्सामा लगेँ । उहाँ भित्र पस्न मान्नु भएन । खाना बाहिरै दिने र बाहिरै बसेर खाने इच्छा प्रकट गर्नुभयो । मैले जबरजस्ती भित्र लगेर आफूसँगै ख्वाएँ । उहाँलाई त ख्वाएँ तर उहाँलाई बिदा गरेपछि मेरी श्रीमतीले मसँग आक्रोश पोखिन् । उनी सामान्य गृहिणी हुन् । जातीय भेदभाव गर्न हुँदैन भनी मैले सम्झाएँ, बुझाएँ । त्यस्तो हो भने उनी मलाई राजनीति छाड्न भन्दै छिन् ।*

*Source:https://www.nhrcnepal.org/nhrc_new/doc/newsletter/Monitoring_Report_on_CERD_2076_compressed-min.pdf*

गैरदलितको घरमा पूजाआजा, विवाह, ब्रतबन्धमा निमन्त्रण नगर्ने, गरिहाले पनि खानपानका लागि अलग व्यवस्था गर्ने प्रचलन पूर्णतः हट्न सकेको छैन । दलित समुदायमा मरिमराउ हुँदा मलामी नजाने, दाहसंस्कारका लागि अलग अलग घाटको प्रयोग गर्ने प्रचलन पनि छ । इनारको पानी छोइएको र मन्दिर प्रवेशमा रोकावटजस्ता समस्या पनि देखिएका छन् । अन्तरजातीय विवाह स्वीकार नगर्ने, भाडामा कोठा नपाउने, पाइहाले पनि समस्या वा भन्भट बेहोर्नुपर्ने अवस्था विद्यमान छ । कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश तथा अन्य केही पहाडी जिल्लामा बालीघरे प्रथा अभै कायम छ । यी र यस्ता समस्याका अतिरिक्त पनि विगतको तुलनामा समाज अगाडि बढेको देखिन्छ । पुरानो पुस्ताका कतिपय ज्येष्ठ नागरिकहरूले परिवर्तनलाई सहज रूपमा लिन सकेका छैनन्

दलित समुदायको उत्थानको लागि विभिन्न प्रयत्नहरू भइआएका छन् । शैक्षिक क्षेत्रमा दलित समुदायको उपस्थिति कम भएको तथ्यलाई ध्यानमा राखी सरकारले कक्षा १० सम्म निःशुल्क शिक्षा, उच्चमाध्यमिक विद्यालयमा छात्रवृत्ति कार्यक्रम र रोजगारीको क्षेत्रमा आरक्षण नीति अवलम्बन गरेको छ ।

नयाँ पुस्ता विभेदको मानसिकताभन्दा माथि उठ्दै गएको अवस्था छ । समाज क्रमशः परिवर्तन हुँदै गएको महसुस गर्न सकिन्छ । जातीय विभेदविरुद्ध मुद्दा क्रमशः देशको मुद्दा बन्दै गएको छ । दलित समुदायको क्षमतामा वृद्धि हुँदै गएको छ । छोइछिटो, सुन पानी, आगो छुवाउने प्रचलन, बालीघरे प्रथा लगभग समाप्त अवस्थामा छ । सञ्चारमाध्यममा यी मुद्दाले प्राथमिकता पाएका छन् । कानुनी उपचार खोज्ने परिपाटीमा वृद्धि भएको छ । नेपाल सरकारले जातीय विभेदको विषयलाई अन्त्य गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय रूपमा प्रतिवद्धता जनाएको छ । राष्ट्रिय तहमा कानुन र संयन्त्र निर्माण भएका छन् । देश छुवाछुतमुक्त राष्ट्र घोषित भएको छ । राजनीतिक र सरकारी सेवामा आरक्षणको व्यवस्था गरिएको छ । राष्ट्रिय तहमा जातीय विभेदविरुद्धका प्रावधानको कार्यान्वयन एवम् दलित समुदाय उत्थान र विकासका लागि विभिन्न संयन्त्रहरू गठन गरिएका छन् । संविधानको धारा २५५ मा राष्ट्रिय दलित आयोगको व्यवस्था गरिएको छ । त्यसैगरी उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति, वादी समुदाय उत्थान विकास समिति, जातीय भेदभाव, छुवाछुत तथा दलितहरूको अधिकार प्रवर्द्धन संयन्त्रहरू कार्यरत  रहेका छन् ।

***हाम्रा सन्तानको विवाह मन्दिरमा होला कि चर्चमा ?***

*मलाई नेपाली पढाउने गुरु हुनुहुन्थ्यो । मलाई अति माया गर्नुहुन्थ्यो । उहाँको संस्कृत अध्ययनको पृष्ठभूमि रहेको छ । उहाँ कर्मकाण्ड गराउनु पनि हुन्छ । जातीय भेदभाव तथा छुवाछुतलाई उहाँ अमानवीय र हिन्दू धर्मशास्त्र प्रतिकूल मान्नुहुन्छ । मैले हिन्दू संस्कारअनुरूप विवाह गर्न चाहेँ । उहाँलाई पुरोहित बनिदिन अनुरोध गरेँ । उहाँले भन्नुभयो 'बावु ! तिमीलाई म अति माया गर्छुः मेरो आशीर्वाद सदैव तिमीलाई छ, तर मैले तिम्रो विवाह गराएँ भने मेरो सबै जजमानहरूले मलाई छाड्छन्, मेरो समस्या बुझिदेऊ !' हो म दलित हुँ । मेरो हिन्दू कर्मकाण्डअनुसार विवाह गर्न इच्छा अब कहिल्यै पूरा हुनेछैन् । मेरो छोरा छोरी आज सानै छन्, पढदै छन् । म र मेरी पत्नी चाहन्छौ हाम्रा छोरा छोरीको विवाह मन्दिरमा वा घरकैं जग्गेमा हिन्दू कर्मकाण्डअनुसार होस् तर तिनको विवाह मन्दिरमा होला कि चर्चमा होला ?*

*Source:https://www.nhrcnepal.org/nhrc_new/doc/newsletter/Monitoring_Report_on_CERD_2076_compressed-min.pdf*

यस आवमा आयोगले जातीय भेदभाव तथा छुवाछुत अन्त्यका लागि देशव्यापी विभिन्न अभियान सञ्चालन गर्दै आएको छ । धर्म गुरुहरू, कलाकारसँग यस विषयमा आयोगमा छलफल/अन्तरक्रिया गरेको छ । आयोगले राष्ट्रिय दलित आयोग र दलित गैरसरकारी संस्था महासङ्घको समन्वयमा सुर्खेत र जनकपुरमा प्रादेशिक सम्मेलन जातीय भेदभाव तथा छुवाछुतविरुद्धको अधिकारसम्बन्धी प्रादेशिक सम्मेलन सम्पन्न गरेको छ । त्यसैगरी विभिन्न खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु, पर्वत, म्याग्दी, मुस्ताङ लगायतका जिल्लाहरूमा दलितहरूको अवस्थामा सम्बन्धमा स्थलगत अध्ययनसमेत गर्दै आएको छ ।

माथि उल्लिखित मुद्दाहरूको सम्बोधन सहकार्य र समन्वयबाट मात्र सम्भव छ । तीनै तहका सरकार, आयोगहरू, (राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय समावेशी आयोग, राष्ट्रिय मधेशी आयोग), राजनीतिक दल, नागरिक समाज, मानव अधिकारकर्मी र सञ्चार-माध्यमको साझा भूमिका महत्त्वपूर्ण हुन्छ ।  मानव सभ्यताकै कलङ्कका रूपमा रहेको यस कुप्रथाको अन्त्य जरुरी छ । कानुनको प्रभावकारी कार्यान्वयन र आर्थिक स्तरमा वृद्धि एवम् चेतनामूलक कार्यक्रमहरूलाई एकसाथ लैजानुपर्ने आवश्यकता छ ।

## महिला तथा बाल अधिकार

### महिला अधिकार

महिलाहरूको व्यक्तित्व विकाससँग सम्बन्धित अधिकारलाई महिला अधिकारका रूपमा लिइन्छ । महिला अधिकारलाई विभिन्न दस्तावेजहरूमा उल्लेख गरिएको पाइन्छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १ मा सबै व्यक्ति जन्मजात स्वतन्त्र तथा प्रतिष्ठा र अधिकारमा समान छन् । सोही घोषणापत्रको धारा २ मा सबै अधिकार विना लैङ्गिक विभेद सबैलाई समान रूपमा प्राप्त हुनेछ भनिएको छ। नागरिक तथा राजनीतिक अधिकार विषयक महासन्धि, १९६६ र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा २ र ३ ले पक्षराष्ट्रहरूलाई महासन्धिमा उल्लेख अधिकारविना लैङ्गिक विभेद सम्मान र सुनिश्चित गर्न राज्यपक्षलाई निर्देशन गरेका छन् । महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि, १९७८ ले लैङ्गिक विभेद अन्त्य गर्न राष्ट्रिय कानुनमा महिला अधिकारको संरक्षण गर्न, राष्ट्रिय कानुनमा रहेका विभेदकारी व्यवस्थाहरू खारेज गर्न तथा महिला अधिकारको संरक्षण र संवर्द्धनका लागि नयाँ कानुनहरूको निर्माण गर्न तथा महिला अधिकारको प्रभावकारी संरक्षणका लागि राष्ट्रिय संयन्त्रको निर्माण गर्नसमेत राज्य पक्षको दायित्व निर्धारण गरेको छ । महिलाको राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९५३ को धारा २ ले महिलालाई पुरुषसरह राजनीतिक अधिकार प्रदान गर्दै मतदान गर्न पाउने, निर्वाचित हुन पाउने, सार्वजनिक पद धारण गर्न पाउनेलगायतका अधिकारको सुनिश्चितता गरेको छ।

*म ४३ वर्षकी भएँ, मेरा ३ छोरी छन् । यी तीन छोरी जन्मँदा सबै बेलामा म गोठमा बसेँ । मेरी जेठी छोरीलाई पहिलो चोटी मिन्स हुँदा उसलाई पनि छाउगोठमा राखेका थियौँ । छाउगोठमा दुःख भएको हुँदा मैले मेरी माइली छोरीलाई घरमा नै राखेँ । त्यसको केही समयपछि मेरो देउरानीलाई मानसिक रोग लाग्यो । मेरा घरका अरू मान्छे र गाउँलेहरूले मैले मेरी छोरीहरूलाई घरमा नै राखेकोले यस्तो भएको हो भने । त्यसपछि मेरी छोरीहरू फेरि छाउगोठमा नै बस्न थाले । मेरी कान्छी छोरीले पनि त्यसै गर्छे । मेरा घरका मान्छे र समाजका डरले हामी महिनावारी हुँदा पनि घरमा बस्न सक्दैनौ । एकचोटी असारको रातमा पानी परेको बेलामा मेरो महिनावारी सुरु भयो । छिमेकीको छाउघरमा ठाउँ थिएन । मेरो घर सानो छ । म एक्लै राति छाता ओढेर बसेँ । म उभिएको ठाउँबाट सर्प गयो । मलाई डर लाग्यो । मेरो श्रीमानले घरभित्र बोलाए त म जान्थेँ भन्ने सोचेँ तर वहाँले बोलाउनु भएन । त्यो रात सम्झँदा मलाई अझै पनि डर लाग्छ ।*

*Source:https://www.nhrcnepal.org/nhrc_new/doc/newsletter/Chhaupadi_final%20report_compressed.pdf*

नेपालको संविधानमा महिलाको हकअन्तर्गत महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव नगरिने, महिलालाई प्रजनन् स्वास्थ्य तथा प्रजनन्सम्बन्धी हक मौलिक हकका रूपमा हुने उल्लेख छ। महिलाविरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य नगरिने र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुने, पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक उल्लेख छ। त्यस्तै सामाजिक न्यायको हकमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक प्रदान गरेको छ। घरेलु हिंसा (कसुर, सजाय) ऐन २०६६, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र नियमावली २०६५ मा समेत प्रत्यक्ष/अप्रत्यक्ष रूपमा महिला अधिकारसम्बन्धी व्यवस्था रहेका छन् । महिला अधिकारसम्बन्धी प्रावधानको कार्यान्वयनका लागि

सरकारी संयन्त्रको साथमा राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोगलगायत संयन्त्रको स्थापना गरिएको छ । नेपालको संविधानले राष्ट्रिय महिला आयोगलाई संवैधानिक निकायका रूपमा राखेको छ ।

हालका दिनहरूमा महिलाको राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारमा सुधारोन्मुख देखिएको छ । संवैधानिक र कानुनी रूपमा नै समावेशीकरणको नीति लागु गरेपछि राज्यका निकायहरूमा महिला सहभागिता क्रमशः वृद्धि हुँदै गएको छ । मुलुक सङ्घीयतामा प्रवेश गरेपछि सम्पन्न तीन तहको निर्वाचनमा महिला सहभागितमा र प्रतिनिधित्वमा वृद्धि भएको छ ।। स्थानीय पालिकामा प्रमुख, उपप्रमुख, वडाध्यक्ष र सदस्य गरी १४३५२ महिला निर्वाचित भएका छन् । प्रदेशसभातर्फ १७ जना प्रतिनिधिसभामा छ महिला निर्वाचित भएका छन् । समानुपातिकतर्फ भने यो सङ्ख्या क्रमशः १७२ र समानुपातिकमा ८४ जना छन् । त्यसैगरी राष्ट्रिय सभामा २१ जना महिलाको प्रतिनिधित्व रहेको देखिन्छ । राष्ट्रपतिजस्तो गरिमामय पदमा महिला रहनुभएको छ । नेपालको इतिहासमा पहिलो पटक संसदीय समितिमा ६० प्रतिशत महिला (१० समितिहरूमध्ये ६ मा सभापति) ले नेतृत्वको अवसर पाएको अवस्था छ । संविधानतः परिकल्पना गरिएको ३३ प्रतिशतको मापदण्ड मन्त्रीपरिषद् र दलीय नेतृत्वमा भने लागु हुन सकेको छैन । त्यसैगरी  महिलामाथि हुने सबै प्रकारका भेदभावविरुद्धको महासन्धिअन्तर्गत समिति सदस्यमा नेपालको तर्फबाट सदस्यमा महिलाको प्रतिनिधित्व भएको छ ।

*राष्ट्रिय मानव अधिकार आयोगले महिला हिंसालगायत मानव अधिकार उल्लङ्घनका घटनाहरूमा सञ्चारमाध्यममा प्रकाशित समाचारहरू, प्रहरी कार्यालयहरूमा परेका उजुरीहरू लगायतको नियमित अनुगमन गर्दै आइरहेको छ । नेपाल प्रहरीमा आव २०७४/०७५ मा १४ सय ८० जबरजस्ती करणी, ७ सय २७ जबरजस्ती करणी उद्योग, ३ सय ८ बेचबिखन, ६२ बाल विवाह, ४८ बोक्सी आरोपमा हिंसा, १८ गर्भपतनसम्बन्धी उजुरी परेको देखिन्छ । तीमध्ये जबर जस्ती करणीबाट पीडितहरू ५ वर्षदेखि १६ वर्ष उमेर समूहभित्रको सङ्ख्या धेरै रहेको देखिन्छ । केही घटनाहरूको कानुन विपरीत मिलापत्र गराउने कार्यमा सुरक्षाकर्मीको समेत संलग्नता रहेको आयोगको अनुगमनबाट खुल्न आएको छ । सार्वजनिक भएका जबरजस्ती करणीका घटनाहरू अधिकांश घरपरिवार एवम् नजिकको नातेदारबाट हुने गरेको छ भने सामूहिक जबरजस्ती करणीका घटनाहरू अन्य व्यक्तिहरूबाट हुने र घटनापश्चात् पीडितको हत्या गर्ने प्रवृत्ति बढ्दो देखिन्छ । नेपाल प्रहरीबाट घटनाको शीघ्र प्रभावकारी अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याउन नसक्दा पीडितको जीवन थप जोखिममा पर्ने एवम् दण्डहीनताले प्रश्रय पाउने देखिन्छ । कानुनी सहायता, स्वास्थ्योपचार एवम् संरक्षणबाट समेत जबरजस्ती करणी घटनाका पीडितहरू वञ्चित भैरहेका भन्ने आयोगमा प्राप्त उजुरीबाट देखिन आएका छन् ।*

*स्रोतः २०७५ भदौ २० गते आयोगबाट जारी प्रेस-विज्ञप्ति*

राजनीतिक र सार्वजनिक पदहरूमा महिला सहभागितामा वृद्धि हुँदै गए पनि आर्थिक, सामाजिक क्षेत्रमा स्थिति सन्तोषजनक छैन । घरायसी कामलाई कामका रूपमा मान्यता नदिने परिपाटीमा सुधार आउन सकेको छैन । आर्थिक रूपमा पुरुषमाथिको निर्भरता कायमै छ । असामाजिक कुरीति, व्यवहारतः विभेद, शोषण, अन्याय, बहिष्करणको बढी मार महिलाहरूले खेप्नुपरेको छ । दाइजो तथा तिलक, बाल विवाह, मन्जुरीविना विवाहजस्ता प्रचलन अहिले पनि विद्यमान छ । बोक्सीको आरोपमा कुटपिट, परिवारका  सदस्यहरूबाटै श्रीमती वा बुहारीले दाइजो नल्याएको वा काम ल्याएको भनी कुटपिट, जलाउने, ज्यान लिनेसम्मका  घटनाका स्वरूपहरू कुनै न कुनै स्वरूपमा विद्यमान छन् । घरेलु हिंसा,

बलत्कारका घटनाहरू सार्वजनिक भइरहेका छन् । झुमा, देउकी, छाउपडीजस्ता सामाजिक कुप्रथाहरू अझै पूर्णरूपमा अन्त्य हुन सकेको छैन । महिलामा पनि विशेषतः ग्रामीण तहका गरिब, असहाय, एकल महिलाहरू राजनीतिक, आर्थिक, सामाजिक रूपमा पीडित देखिन्छन् । कानुनी ज्ञान वा चेतनाको कमी, आर्थिक अभाव, दबाब र प्रभाव आदि कारण न्यायमा सबै पीडितको पहुँच सम्भव देखिएको छैन । महिला धिकारको सम्बन्धमा गरिएका सिफरिस अनुसूची ८ मा समावेश गरिएको छ ।

## बाल अधिकार

बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ ले १८ वर्षमुनिका व्यक्तिहरूलाई बालबालिका भनी मान्यता प्रदान गरेको छ । उनीहरूको उमेर सम्बन्धमा राष्ट्रिय कानुनहरूमा भने एकरूपता भने पाइदैंन । अन्तर्राष्ट्रिय र राष्ट्रिय दस्तावेजहरूमा बाल अधिकारको सम्बन्धमा उल्लेख गरिएको पाइन्छ । बाल अधिकारसम्बन्धी महासन्धिलगायतका दस्तावेजमा बाल बचाउ, बाल विकास, बाल संरक्षण र बाल सहभागिताको अधिकार भनी विभाजन गरिएको छ । नेपालको संविधान, २०७२ को धारा ३९ ले प्रत्येक बालबालिकाको अधिकारको सम्बन्धमा व्यवस्था गरिएको छ । विशेषतः पहिचान तथा नामको हक, पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा, शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषणविरुद्धको हकमा जोड दिइएको देखिन्छ । त्यसैगरी असहाय, अनाथ, सुस्त मनस्थिति, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा परेका र सडक बालबालिकालाई राज्यबाट विशेष सुविधा हुने, कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न नपाइने व्यवस्था गरिएको छ । बालबालिका ऐन, २०७५ मा पनि बाल अधिकारसम्बन्धी विविध अधिकारको व्यवस्था गरिएको छ ।

राष्ट्रिय जनगणना २०६८ अनुसार कुल जनसङ्ख्या २,६४,९४,५०४ (पुरुष १,२८,४९,०४१ (४८.५ प्रतिशत र महिला १,३६,४५,४६३ (५१.५ प्रतिशत) रहेको छ । यसमा १८ वर्षमुनिका बालबालिकाको सङ्ख्या १,१०,८४,३११ छ । जुन कुल जनसङ्ख्याको ४१.८३ प्रतिशत हुन आउछ । त्यसैगरी १६ वर्षमुनिका बालबालिकाको प्रतिशत ३७.३७ र १४ वर्षमुनिका बालबालिका ३२.३५ प्रतिशत रहेको छ । अहिले जनसङ्ख्या वृद्धिदर १.३५ प्रतिशत रहेको छ ।

माथि उल्लिखित तथ्यहरूबाट प्रस्ट हुन्छः महिला र बालबालिकाको अधिकार संरक्षण र संवर्द्धनका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा प्रशस्त मात्रामा कानुनहरू निर्माण भएका छन् । सरकारी र गैरसरकारी तवरमा विभिन्न कार्यक्रमहरू सम्पन्न भएका छन् । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका लागि रु. एक अर्ब ५० करोड ८७ लाख अर्थात कुल बजेटको १०.२३ प्रतिशत रकम छुट्याइएको छ । यो शिक्षाका लागि विनियोजन गरिएको बजेट हो । वि.स.२०६५ देखि नै मुलुकबाट निरक्षरता हटाउने सरकारी अभियान भए पनि हालसम्म पनि पूर्णतः सफल हुन सकेको छैन । गत माघमा नेपाल सरकारले मुलुकलाई पूर्णतः साक्षर घोषणा गर्ने भनिए पनि त्यसले सार्थक रूप लिन सक्ने अवस्था देखिँछैन । यसबाट अझै पनि बालबालिकाको हिस्सा विद्यालयको पहुँचबाहिर रहने निश्चित छ ।

महिला तथा बालबालिकाको क्षेत्रमा सकारात्मक काम भएका छन् । यसमा अझै पनि प्रशस्तमात्रामा

सुधार गर्नुपर्ने अवस्था छ। युनिसेफका अनुसार विगत दुई दशकमा नेपालले महिला तथा बालबालिकाको स्वास्थ्य सुधारमा उल्लेखनीय प्रगति हासिल गरेको छ। पोलियोमुक्त देश घोषणा, मातृस्वास्थ्य सुधारमा देखाइएको प्रतिवद्धता र प्रगति, बाल मृत्युदरमा न्यूनीकरण गर्न सफल भएको उल्लेख छ। प्रत्येक १,००० जिवित शिशुको जन्म हुँदा २१ को मृत्यु हुने गर्दछ। नेपालमा नवजात शिशु मृत्युदर (जन्म पश्चात् पहिलो २८ दिनभित्र हुने मृत्यु दर) एकदमै उच्च रहेको छ। यसका अतिरिक्त पाँच वर्ष मुनिका बालबालिकाको मृत्युदर प्रत्येक १,००० मा ३९ रहेको जनाएको छ। धनी समुहको तुलनामा गरिबीमा रहेकाहरूको नवजात शिशु मृत्युदर लगभग दोब्बर साथै उमेर नपुगेका आमाहरूमा यो दर उच्च छ। महिला तथा बालिकाहरू अहिले पनि बलात्कारको सिकार बनिरहेका छन्। नेपाल प्रहरीको तथ्याङ्कले पनि यसलाई पुष्टि गर्दछ।

| क्र.सं. | पीडितको उमेर | प्रतिशत | पीडकको उमेर | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | १० वर्षमुनि | १३ | – | – | |
| २ | ११–१६ | ४० | ११–१६ | ६ | |
| ३ | १७–१८ | १० | १७–१८ | ६ | |
| ४ | १९–२५ | १७ | १९–२५ | ३९ | |
| ५ | २६–३५ | १२ | २६–३५ | २५ | |
| ६ | ३६–४५ | ४ | ३६–४५ | १३ | |
| ७ | ४६ देखि माथि | ४ | ४६ देखि माथि | १० | |

स्रोतः *CID a magazine of Nepal Police, Annual Publication, 2076*

विविध प्रयत्नका अतिरिक्त विशेषतः बालिकाहरू अहिले पनि छाउपडी प्रथाबाट नराम्ररी पीडित छन्। छाउ बार्न गोठमा बस्नुपर्ने अवस्थाबाट मुक्त हुन सकेका छैनन्।

*मेरो महिनावारी सुरु हुँदा म १३ वर्षकी थिएँ, ६ कक्षामा पढ्थें। अहिले म १६ वर्षकी भएँ, ९ मा पढ्छु। मलाई पनि छाउगोठमा राख्नुभएको थियो। त्यहाँ बत्ती थिएन र मेरो पढाइ बिग्रियो, म फेल भएँ। त्यो गोठ सुरक्षित पनि थिएन। मलाई पनि घरमा बस्न दिइएको थिएन। म घरमा बस्यो भने घरका मान्छेहरू बिरामी हुन्छन् भनेका थिए। मलाई दुध-दही खान दिँदैनथे। दुध चिया पनि खान दिदैनथे। दुध खायो भने भैंसी बिरामी हुन्छ भन्थे तर मैले यसपटक मेरो परिवारसँग जिद्दी गरैं र म छाउगोठमा बस्दिनँ भनैं। मेरो बुबाले मलाई समर्थन गर्नुभयो र अहिले मैले घरभित्रै आफ्नो छुट्टै कोठा बनाएकी छु। त्यो कोठामा बत्ती छ, खाट छ र न्यानो ओढ्ने कपडा छ। म आजैदेखि त्यहाँ बस्दै छु किनभने मेरो पिरियड आज सुरु भयो। अब म त्यहाँ बस्छु र हेरौं के हुँदो रहेछ। म तपाईंहरू सबैलाई आफ्ना छोरी-बुहारीलाई सुरक्षित र राम्रो ठाउँमा राख्न अनुरोध गर्छु।*

स्रोतः *https://www.nhrcnepal.org/nhrc_new/doc/newsletter/Chhaupadi_final%20report_compressed.pdf*

बाल अधिकारको अवस्थामा थप सुधार ल्याउन, सरकारको लक्ष्य परिपूर्तिका लागि आयोगबाट पनि अनुगमन, अनुसन्धान एवम् प्रवर्द्धनात्मक कार्यक्रमहरू भइरहेका छन्। सबै बालबालिका विद्यालयमा भर्ना हुन नसक्ने, भर्ना भएकाहरूबाट पनि विद्यालय छाड्ने प्रवृत्ति अझै पनि छ। बन्दहड्ताल आदिबाट पठनपाठनमा परेको असर, गरिबी तथा भौगोलिक विकटतालगायतका कारणबाट शिक्षाको अधिकारबाट बालबालिका वञ्चित हुन पुगेका छन्। विशेषतः यो समस्या दुर्गम क्षेत्र, आर्थिक रूपमा कमजोर,

अल्पसङ्ख्यक एवम् दलित समुदायमा बढी देखिएको छ। घर, परिवार र विद्यालयमा बालबालिकामाथि हुने शारीरिक सजाय पनि बाल अधिकार संरक्षणमा चुनौतीका रूपमा रहेको छ। यी समस्याहरूमा केन्द्रित रही बाल अधिकारको मुद्दामा सरोकारवालाहरू थप संवेदनशील हुन आवश्यक छ।

## ज्येष्ठ नागरिकको अधिकार

जेष्ठ नागरिक भन्नाले प्रौढ वा औसत उमेर नाघेका व्यक्तिलाई जनाउदछ। सामान्यतया शारीरिक र मानसिक रूपमा यो उमेर कम क्रियाशील वा अशक्त अवस्था हो। ज्येष्ठ नागरिक अनुभवका खानी हुन्, ज्ञानका भण्डार हुन्। परिवार, समाज र राष्ट्रका पथप्रदर्शक हुन्। ज्येष्ठ नागरिकहरूको अधिकारलाई मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय र राष्ट्रिय दस्तावेजहरूमा उल्लेख गरिएको छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा सबै व्यक्तिलाई विना भेदभाव घोषणापत्रमा उल्लेख भएका अधिकार प्राप्त हुने उल्लेख छ। घोषणापत्रको धारा २५ (१) ले प्रौढावस्थामा समेत जीविकोपार्जनका लागि सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गरेको छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा १० मा प्रत्येक व्यक्तिको सामाजिक सुरक्षाको अधिकारलाई राज्यले स्वीकार गर्नुपर्ने प्रावधान छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ को धारा ६ अनुसार प्रत्येक व्यक्तिलाई जीवनको अन्तर्निहित अधिकार तथा बाँच्न पाउने अधिकार रहनेछ भन्ने व्यवस्था छ। स्वेच्छाचारी रूपले कसैको पनि जीवन हरण नगरिने र कानूनद्वारा सबैको बाँच्न पाउने अधिकारको संरक्षण गरिने कुरा उल्लेख छ। महिलाविरुद्ध हुने सबै प्रकारका भेदभावहरूको उन्मूलनविरुद्धको महासन्धि, १९७९ को धारा ११ (१) को (ङ) मा महिला जेष्ठ नागरिकहरूको सामाजिक सुरक्षाको हकमा भेदभाव गर्न नपाइने भनी उल्लेख गरिएको छ। अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ को धारा २५ (ख) मा जेष्ठ नागरिकहरूलाई थप अपाङ्गता हुन नदिन न्यूनीकरण गर्ने वा रोकथाम गर्नको लागि स्वास्थ्य सेवाहरू प्रदान गरिनुपर्ने व्यवस्था छ। सोही महासन्धिको धारा २८ (ख) मा अपाङ्गता भएका जेष्ठ नागरिकहरूको लागि सामाजिक सुरक्षा कार्यक्रम तथा गरीबी न्यूनीकरणका कार्यक्रमहरूमा पहुँच सुनिश्चित गर्ने भनिएको छ। त्यसै गरी बुढ्यौलीसम्बन्धी भियना अन्तर्राष्ट्रिय कार्ययोजना, १९८२, संयुक्त राष्ट्रसङ्घको महासभाबाट १६ डिसेम्बर १९९१ मा पारित राष्ट्रसङ्घीय वृद्धवृद्धासम्बन्धी सिद्धान्तहरू, एसिया तथा प्रशान्त क्षेत्रका लागि बुढ्यौली सम्बन्धी मकाउ कार्ययोजना, १९९८ ले ज्येष्ठ नागरिकको हकअधिकारका विविध विषयमा उल्लेख छ।

नेपालको संविधान (२०७२) मा समानताको हकअन्तर्गत धारा १८ को उपधारा (३) को प्रतिबन्धात्मक वाक्यांशमा बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने प्रावधान छ। महिला, श्रमिक, वृद्ध, अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम सामाजिक सुरक्षासम्बन्धी हक र निर्देशक सिद्धान्तअन्तर्गत राज्यले असहाय, वृद्ध, आदिको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्ने उल्लेख छ। संविधानको ४१ मा ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ भनिएको छ। जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ले जेष्ठ नागरिकको हेरविचार, स्याहारसम्भार तथा सामाजिक सुरक्षाको

लागि केन्द्रीय जेष्ठ नागरिक कल्याण समितिको गठन र जेष्ठ नागरिक कल्याणकोषको व्यवस्था गरेको छ। त्यसै गरी मुलुकी देवानी संहिता २०७४ को दफा १९ मा सकारात्मक विभेद, ऐनको दफा १२२ मा छोराछोरीको आमाबाबुप्रति कर्तव्य, सामाजिक सुरक्षा ऐन, २०७५ मा सामाजिक सुरक्षा भत्ता आदिको व्यवस्था छ।

***मायाको मोल***

*मैले आमाको दूध जन्मेको १०/१५ दिनसम्म मात्र खान पाएँ। धेरै दिन दूध चुसाए आमाको शारीरिक 'सेप र यौवन' बिग्रन्छ रे ! त्यसपछि म बट्टाको दूध खाएर हुर्कें। म दिनभरि डाइपर लगाइएकोअवस्थामा हुन्थेँ। दिनभरि गु मुतमै डुब्दथेँ, राति आमा फर्केपछि मात्र मेरो सफाइ हुन्थ्यो। म दुई वर्ष पुगेपछि केयर सेन्टरमा लगियो , प्लेइङ ग्रुपमा राखियो। त्यहीँ म हुर्कें। स्कूलबाट घर आएपछि बाबु आमा टिभी वा नेट लगायत सामाजिक सञ्जालमा व्यस्त हुन्थे। मैले नबोलिदिए हुन्थ्यो, कार्टुन र सामाजिक संजालमा भुलिदिए हुन्थ्यो जस्तो गर्दथे। त्यसपछि म होस्टेलमा राखिएँ। यदाकदा बाबुआमा भेट्न आउथे, घुमाउन लान्थे। मैले हजुरबा/हजुआमा चिनिन। उहाँहरू गाउँमा बस्नुहुन्थ्यो भन्ने सुनेँ। स्कूल लेभल पास गरेँ। त्यसपछि मलाई राम्रो पढ्नुपर्छ, विदेश जानुपर्छ, कमाउनुपर्छ भन्ने सिकाइयो। मेरो बाबुआमासँगको सम्बन्ध औपचारिकता मात्र सीमित भयो। अब, मबाट माया पाउने हक के मेरा बाबुआमासँग छ ? विदेश जान्छु , कमाउँछु , बाबु आमालाई औषधि उपचार गर्ने र वृद्धाश्रम वा स्याहार केन्द्रमा राख्ने खर्च पठाइदिन्छु। उहाँहरूको खर्च व्यहोर्नु नै मेरो कर्तव्य होइन र ?*

*स्रोतः मानव अधिकार संवाहक, ज्येष्ठ नागरिक विशेषाङ्क, २०७५, पृ.१७*

वि.स. २०६८ सालको जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्या २,६४,९४,५०४ रहेकोमा जेष्ठ नागरिकको सङ्ख्या २१,५४,००३ (८.१३%) ((महिलाको सङ्ख्या १०,८९,५११ र पुरुषको सङ्ख्या १०,६४,९३९) रहेको छ। यसमा रहेको देखिन्छ। आधारभूत पोषण, खाद्यान्न, सरसफाइ, स्वास्थ्य सेवा आदि कारण यो सङ्ख्या तीनदेखि साढे तीन प्रतिशतसम्म वृद्धि हुँदै गएको पाइन्छ। विस २०७५ सालमा बढ्दो औसत आयु, स्वास्थ्योपचारको बढ्दो सुविधा र घट्दो जन्मदर समेतलाई दृष्टिगत गर्दा प्रत्येक जिल्लाको सङ्ख्यामा ३ देखि ३.५ प्रतिशत बढेको अनुमान गर्नु समसामयिक हुनेछ। यस प्रक्षेपणअनुसार जेष्ठ नागरिकको सङ्ख्या २५ देखि २८ लाख पुगेको मान्नुपर्ने हुन्छ।[१७]

***छोराले आमा पाल्यो कि आमाले छोरा ?***

*म वृद्धाश्रममा बसेको पाँच वर्ष भयो। घरमा छोरा बुहारी नाति नातिना छन्। छोरा मलाई भेट्न बेला-बेलामा आउँछ। ऊ मैले वृद्धभत्ता बुझेको थाहा पाएपछि आउछ र आधा रकम लिएर जान्छ। विभिन्न बहाना देखाएर कहिले त सबै लान्छ। सरकारले यो भत्ता मलाई दिएको हो भन्दा , 'मैले तिमीलाई यत्रो वर्ष पालेँ नि त !' भन्छ*

*स्रोतः मानव अधिकार संवाहक, ज्येष्ठ नागरिक विशेषाङ्क, २०७५, पृ.३७*

देशका ४५ जिल्लामा वृद्धाश्रम (हेरचाह केन्द्र) को सङ्ख्या ८७ छ भने २२ ओटा वृद्धाश्रम निर्माणाधीन छन्। प्रदेश नं. १ मा ११ जिल्ला, प्रदेश नं. २ मा पाँच जिल्ला, प्रदेश नं. ३ मा ७ जिल्ला, गण्डकी प्रदेशमा आठ जिल्ला, ५ नं. प्रदेशमा आठ जिल्ला, कर्णाली प्रदेशमा २ र सुदूरपश्चिम प्रदेशमा चार जिल्लामा वृद्धाश्रम संचालित छन्। एक जिल्लामा एकभन्दा बढी पनि वृद्धाश्रम छन्।[१८] देशभरिमा दिवा

---

१७ *Sambahak%2010_SeniorCitizen_Issue_Mangshir_२०७५.उमा, उ.३८*

१८ *http://www.nhrcnepal.org/nhrc_new/doc/newsletter/Mid_Term_Report_on_Senior_Citizen_Home_monitoring_Ashoj_14_2075.pdf*

सेवा केन्द्रको सङ्ख्या ११९ रहेको छ। देशभरिमा ९६५ महिला र ६१२ पुरुष गरी जम्मा १५७७ जना वृद्धाश्रममा रहेको पाइएको छ।[१९]

| प्रदेशगत रूपमा ज्येष्ठ नागरिकको सङ्ख्या | | | |
|---|---|---|---|
| | **महिला** | **पुरुष** | **जम्मा** |
| प्रदेश न. १ | १,९६,५१३ | १,९६,५१८ | ३,९३,०३१ |
| प्रदेश न. २ | १,९४,५१५ | २,११,१८३ | ४,०५,६९८ |
| प्रदेश न. ३ | २,३५,९२० | २,२०,०६७ | ४,५५,९८७ |
| प्रदेश न. ४ | १,४७,०४२ | १,३५,९३९ | २,८२,९८१ |
| प्रदेश न. ५ | १,६६,६७७ | १,६९,६७४ | ३,३६,३५१ |
| प्रदेश न. ६ | ४४,३६९ | ४३,२६७ | ८७,६३६ |
| प्रदेश न. ७ | १,०४,४७५ | १,९२,७६६ | १,९२,७६६ |
| **जम्मा २१,५४,००३** | | | |

सामाजिक सुरक्षाको अवधारणाअनुसार सरकारले हाल सामाजिक सुरक्षाअन्तर्गत ७० वर्ष उमेर पूरा गरेका जेष्ठ नागरिकलाई मासिक तीन हजार रुपियाँका दरले भत्ता प्रदान गर्दै आएको छ। सरकारले ज्येष्ठ नागरिकका लागि मनोरञ्जन तथा तोकिएका क्षेत्रहरूमा विशेष छुट प्रदान गर्न सेवाप्रदायकहरूलाई उत्प्रेरित गर्ने नीति लिएको छ। त्यसैगरी सम्मानित सर्वोच्च अदालतले ऐनअनुरूप ज्येष्ठ नागरिकहरूलाई सार्वजनिक तथा अन्य सेवामा ५० प्रतिशत छुट दिन सरकारका नाममा परमादेशको आदेशसमेत जारी गरेको छ। सरकारले सार्वजनिक सवारी साधनहरूमा ज्येष्ठ नागरिक आरक्षण सिटको व्यवस्था गरी भाडामा ५० प्रतिशत छुट दिने नीति लिइएको छ।

यी विशेष व्यवस्थाका बाबजुद् पनि ज्येष्ठ नागरिकको अवस्था सन्तोषजनक छैन। कार्यान्वयन पक्ष एकदम फितलो छ। आयोगले खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु, पर्वत, म्याग्दी, मुस्ताङ लगायतका जिल्लामा ज्येष्ठ नागरिकहरूको अवस्थाको बारेमा अनुगमन/अन्तर्क्रिया गरेको थियो। आयोगले प्राप्त तथ्यको आधारमा सार्वजनिक यातायात र स्वास्थ्य क्षेत्रमा शुल्क छुट दिने सरकारी निर्णय कार्यान्वयन हुन सकेको छैन। ज्येष्ठ नागरिकसम्बन्धी ऐनको समयानुकूल संशोधन गर्ने, ज्येष्ठ नागरिकलाई परित्याग गर्ने कार्यलाई आपराधीकरण गर्ने लगायतका विषयहरूमा आयोगबाट गरिएका सिफारिसहरू अझैसम्म कार्यान्वयन भएको छैन।

वृद्धाश्रम, हेरचाह केन्द्रमा वृद्धि हुँदै जानुभनेको ज्येष्ठ नागरिकहरू परिवारबाट अपहेलित हुन पुग्नु हो। अहिले पनि उनीहरू आर्थिक, सामाजिक, स्वास्थ्य र पारिवारिक समस्याबाट गुज्रनुपरेको छ। सरकारको लगानी लक्षित वर्ग (जेष्ठ नागरिक) सम्म पुग्न नसकेको स्थिति छ। यस सम्बन्धमा प्रभावकारी ठोस

१९ *Ibid*

नीति र कार्यक्रम नभएको स्थिति छ। सरकारी तवरमा दिइने अनुदान पारदर्शी हुन नसक्दा दिवा सेवा केन्द्रहरूमा लगानीको सदुपयोग हुन नसकेको पाइँदैन।

**वृद्धाश्रमकै चाह**

*पितालाई गाउँबाट ल्याएँ। गाउँमा आमाको देहान्तपछि उहाँलाई हेरिदिने कोही छैन्। सुख दिने चाहना छ, कर्तव्यबोध पनि छ। गाउँमा रहँदा पानीको दुःख थिएन। जति खर्च गरे पनि हुन्थ्यो। घरभित्र पस्दा हात खुट्टा धुने, शौच गरेपछि हात मुख धुने मेरा पितालाई बानी नै परेको छ। हातमुख धुन साबुन प्रयोग नगर्ने माटोले धुने बानी छ। शहरमा पानी किनेर काम चलाउनुपर्छ। यो कुरा मेरा पिता बुझ्नुहुन्नँ। बाहिर खुल्लामा शौच गर्ने ठाउँ हुँदैन। बाथरुम जाने बानी त पऱ्यो। बस्ने घरभित्र दिशा-पिसाब गर्दा देउता र पितृ रिसाउँछन् भनिरहनुहुन्छ। यो पनि मनाइयो तर बेसिनमा माटोले हात धुने बानी बदल्न सकिएन। यस्तो ठाउँमा बस्न सक्दिन, गाउँ नै जान्छु भनिरहनुहुन्छ। उहाँभित्रको अशान्ति र छटपटी देख्दा बिरामी पो पर्नुहुन्छ कि भन्ने डरले मलाई सताउछ। बरु देवघाटतिर वृद्धाश्रममा बस्न पाए हुन्थ्यो भनिरहनुहुन्छ।*

*स्रोतः मानव अधिकार संवाहक, ज्येष्ठ नागरिक विशेषाङ्क, २०७५, पृ.९९*

परिवारबाट माया, स्नेह, सम्मानको अभावमा कतिपय ज्येष्ठ नागरिक वृद्धाश्रममा पुग्न बाध्य छन्। आर्थिक, शारीरिक एवम् मानसिक रूपमा कमजोर हुन थालेपछि परिवारले बोझ महशुस गर्ने र वृद्धाश्रममा राख्ने परिपाटीमा वृद्धि हुँदै गएको अवस्था छ। आधुनिकीकरण र पश्चिमी संस्कृतिको बढ्दो प्रभावले गर्दा प्राचीन परम्परा संस्कृतिको विघटनले विकृतिलाई स्थान दिएको देखिन्छ। यसको साथै पुस्तान्तरको खाडलमा वृद्धि हुँदै गइरहेको छ। नेपाली समाज संयुक्त परिवारबाट  एकल परिवारतर्फ जाँदा यसको असर ज्येष्ठ नागरिकमाथि पर्न गएको छ। एक्लो जीवन व्यतीत गर्नुपर्ने, सम्पत्ति नहुँदा अपहेलित हुनुपर्ने, दुर्व्यवहार सहनुपर्ने र अन्त्यमा आफ्नो घरबाट निष्कासित हुनुपर्ने अवस्था देखिएको छ। पश्चिमा संस्कृतिको बढ्दो प्रभाव, बसाइँ सराइ, वैदेशिक रोजगारीलगायतका कारणबाट परिवार विखण्डनको क्रम तीव्र हुँदै गएको छ। यसबाट सबैभन्दा बढी ज्येष्ठ नागरिकहरू प्रभावित बनेका छन्। वृद्धावस्थाबाट कमजोर मानसिक तथा शारीरिक अवस्थामा उनीहरूको हेरचाहमा गम्भीर समस्याहरू देखिएका छन्। अतः ज्येष्ठ नागरिकको मानव अधिकारलाई सम्बोधन गर्न सम्बन्धित सरोकारवालाहरूको ध्यान केन्द्रित गर्न ढिला भइसको छ।

यस आवमा पनि आयोगले जेष्ठ नागरिकको अधिकारको सम्बन्धमा विविध कार्यक्रमहरू सम्पन्न गरेको छ। ज्येष्ठ नागरिकको स्वास्थ्यलाई ध्यानमा राखी आयोगले डा. गौरीशङ्कर लाल दासको संयोजकत्वमा जेरियाट्रिक डाक्टरहरूको टोली गठन गरेको छ। टोलीले महेन्द्रनगरस्थित वृद्धाश्रममा रहेका ज्येष्ठ नागरिकहरूको स्वास्थ्य परीक्षण गरेको थियो। आगामी आवमा धनकुटा, स्याङ्जालगायतका जिल्लाहरूमा अवस्थित वृद्धाश्रममा पनि यस किसिमका कार्यक्रम गर्ने योजना रहेको छ। यसैगरी जेरियाट्रिक विज्ञहरूसँग चिकित्सा शास्त्रको एम.बी.बी.एस. र नर्सिङ विषयको पाठ्यक्रममा स्वास्थ्यसम्बन्धी उपचार तथा हेरचाह विधिमा समावेश गरिनुपर्ने विषयका सम्बन्धमा छलफल चलाइएको थियो। छलफलमा विज्ञहरूको अस्पतालहरूमा रहेका जेरियाट्रिक वार्डहरूको अवस्था र सुधार सम्बन्धमा विज्ञसहित आयोगले अनुगमन गर्नुपर्नेमा जोड रहेको थियो। जेष्ठ नागरिक हेरचाह केन्द्रहरूको अनुगमन मापदण्ड बनाइनुपर्ने, विशेषज्ञ स्वास्थ्यकर्मीहरूको लागि राष्ट्रिय तथा

अन्तर्राष्ट्रिय शिक्षा तथा तालिमको व्यवस्था हुनुपर्ने उहाँहरूको भनाइ थियो । प्रत्येक प्रदेशमा कम्तीमा एउटा अस्पतालमा साधनस्रोत र जनशक्तियुक्त जेरियाट्रिक वार्ड सञ्चालन हुनुपर्ने भनी आयोगले गरेको सिफारिस कार्यान्वयनमा पहल गर्नुपर्ने उहाँहरूको सुझाव थियो ।

***आँसु बगेपछि***

*घरको कुरा बाहिर भने इज्जत जान्छ । घरमा आफूसँग बोलिदिने कोही छैन् । पति छउन्जेल दुःख थिएन, पीर थिएन । घरमा खान लाउन समस्या छैन् । गाउँ समाजमा परिवारको इज्जत पनि छ । छोरा-बुहारी दुवै काममा जान्छन्, नातिनातिना स्कूल । घरमा भए पनि मसँग कोही बोल्दैन, सबै आ-आफ्नो धुनमा रहन्छन् । मेरो जस्तै अवस्था छिमेकी दिदीको पनि छ । हामी घरमा खाना खाएर दिवा सेवा केन्द्रमा आउँछौं । भजन कीर्तन, प्रवचन भएका बेलामा त समय कट्छ । यस्तो केही नभएको बेला दिदी बहिनी कोठाको कुनामा बसेर दिनभरि रुन्छौं, मनको बह पोख्छौं । आँसु बगेपछि मन हलुका हुन्छ; घर फर्कन्छौं ।*

*स्रोतः स्रोतः मानव अधिकार संवाहक, ज्येष्ठ नागरिक विशेषाङ्क, २०७५, पृ.१०६*

जेष्ठ नागरिकहरूमध्ये पनि वृद्धाश्रम (हेरचाह केन्द्र) मा बस्ने र दिवा सेवा केन्द्रमा आवद्ध व्यक्तिहरूका अधिकारलाई केन्द्रमा राखी आयोगले अध्ययन/अनुगमन गर्दै आएको छ । अनुगमनले पारिवारिक कलह र विखण्डन, समाजमा नैतिक शिक्षाको ह्रास, चेतनाको अभाव, जिम्मेवारीबोधको अभाव, पुस्तागत द्वन्द्व, एकान्त र धार्मिक स्थलको खोजी, स्वैच्छिक रोजाइ आदिका कारण जेष्ठ नागरिकहरू वृद्धाश्रममा पुग्ने गरेको देखाएको छ । वृद्धाश्रममा रहेका अधिकांश जेष्ठ नागरिकहरू कुनै न कुनै पारिवारिक, मनोवैज्ञानिक तथा सामाजिक समस्या र शारीरिक रोगबाट पीडित छन् । उमेरका कारण असक्तता, उचित खानपानको अभाव, स्वास्थ्यमा देखिने समस्या, पारिवारिक र मानवीय व्यवहारको कमी, माया-प्रेमको अभाव, कतिपयले नागरिकता प्राप्त गर्न नसक्नु, समाजविहीन एक्लो जीवन बाँच्नुपर्ने बाध्यता आदि वृद्धाश्रममा रहेका जेष्ठ नागरिकका समस्या पाइएका छन् । वृद्धाश्रममा बस्नुपर्ने कारणमा परिवार नहुनु र भए पनि पारिवारिक स्नेह र सम्मान नहुनु रहेको पाइएको छ । जेष्ठ नागरिकलाई परिवारका सदस्य कसैले समय नदिनु पनि अर्को कारण रहेको छ ।

एकातिर जेष्ठ नागरिकहरूको अधिकारको लागि सकारात्मक प्रयत्नहरू भइरहेका छन् । अर्कोतिर चुनौतीहरू पनि उत्तिकै छन् । यसको लागि राज्य तहबाट समयानकूल कानुनमा संशोधन र विद्यमान कानुन कार्यान्वयनमा विशेष जोड दिन आवश्यक छ । यसको साथै सरोकारवालाहरूले पनि आआफ्नो भूमिका निर्वाह गरेमा देखिएका समस्याहरू क्रमशः निदान हुँदै जाने देखिन्छ । ज्येष्ठ नागरिकको अधिकारको सम्बन्धमा आयोगबाट गरिएको सिफारिस अनुसूची ८ मा समावेश गरिएको छ ।

## अपाङ्गता भएका व्यक्तिहरूको अधिकार

अपाङ्गता जन्मजात, दुर्घटना, प्राकृतिक प्रकोप, रोग विशेष आदिका आधारमा हुने गर्दछ । अपाङ्गता भएका व्यक्ति भन्नाले शारीरिक, मानसिक, वौद्धिक वा इन्द्रियसम्बन्धी दीर्घकालीन अशक्तताद्वारा सृजित विभिन्न अवरोधहरूसँगको अन्तर्क्रियाको कारणले समाजमा अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गमा सहभागी हुन बाधा भएको व्यक्तिसमेतलाई जनाउदछ ।[२०] मानव अधिकारको

२० *अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ को धारा १*

विश्वव्यापी घोषणापत्र, १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ र दुई इच्छाधीन आलेख, यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारविरुद्धको महासन्धि, १९८४ ले प्रत्यक्ष र परोक्ष रूपमा शारीरिक अवस्थाको आधारमा भेदभाव गर्न नहुनेमा विशेष जोड दिएको छ। त्यसै गरी महिलामाथि सबै प्रकारका हिंसा उन्मूलन गर्ने महासन्धि, १९७९, बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ र जेनेभा महासन्धि, १९४९ (युद्ध वा सशस्त्र द्वन्द्वकालमा मात्रै लागू हुने) लगायतका दस्तावेजहरूमा शारीरिक अवस्थाको आधारमा भेदभावलाई पूर्णतः निषेध गरी उनीहरूलाई विशेष अधिकार/आरक्षणसमेतको व्यवस्था गरिएको छ। यी दस्तावेजले कानुनका अगाडि सबै समान हुने लगायत विभेदविरुद्धको अधिकारलाई जोड दिएको छन। अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ एवम् इच्छाधीन आलेख, २००६ ले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको सुनिश्चितता गर्नुका साथै यस्ता अधिकारसम्बन्धी सामान्य सिद्धान्तहरूसमेत प्रतिपादन गरेको छ।

नेपालको संविधान, २०७२ ले समानता र अविभेदको सिद्धान्तलाई अवलम्बन गरेको छ, जसअनुसार कुनै पनि आधारमा कसैलाई पनि भेदभाव नगरिने भनी उल्लेख गरेको छ। अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकारको सम्बन्धमा पनि मौलिक हकमा विशेष व्यवस्थाको साथै विभिन्न ऐनमा पनि अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण तथा कल्याणसँग सम्बन्धित व्यवस्था गरिएको छ। अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९, अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१, अपाङ्गसम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना, २०६३, स्थानीय स्वायत्त शासन ऐन, २०५५, नगरपालिका अनुदान सञ्चालन कार्यविधि, २०६७ तथा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६५ मा अपाङ्गता भएका व्यक्तिहरूका सम्बन्धमा उल्लेख छ। त्यस्तै अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण निर्देशिका, २०६५, अपाङ्गता भएका व्यक्तिहरूलाई आन्तरिक हवाई यात्रामा दिइने छुट वा सहुलियतसम्बन्धी कार्यविधि, २०६३, नेपाल राष्ट्रिय भवन निर्माण आचारसंहिता, २०६० निर्माण भएको पाइन्छ। यसका अतिरिक्त शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९, विशेष शिक्षा नीति, २०५३, छात्रवृत्तिसम्बन्धी नियमावली, २०६० (चौथो संशोधन २०६७), निजामती सेवा ऐन, २०४९ (दोस्रो संशोधन, २०६४), निजामति सेवा नियमावली, २०५० (सातौँ संशोधन, २०६४), नेपाल टेलिकम नियमावली, रेडियो नेपालको सेवा नियमावली, आयकर ऐन, २०५८, बालबालिकासम्बन्धी ऐन, २०४८ आदि ऐन, नियम तथा नियमावलीहरूले अपाङ्गता भएका व्यक्तिहरूका बारेमा विभिन्न व्यवस्था गरेका छन्।

माथि उल्लिखित संविधान, ऐननियममा भेदभावविरुद्धको अधिकार, सामुदायिक जीवनको अधिकार, संरक्षणको अधिकार, राजनीतिक सहभागिताको अधिकार, नीति निर्माणमा सहभागिताको अधिकारमा जोड दिइएको छ। त्यसैगरी संस्था खोल्ने अधिकार, सांस्कृतिक जीवनमा सहभागी हुने अधिकार, सेवा, सुविधा तथा न्यायमा पहुँचको अधिकार, सामाजिक सुरक्षाको अधिकार, सूचना तथा जानकारीको अधिकार, आवतजावतको अधिकारको सम्बन्धमा उल्लेख छ। यसको साथै अपाङ्गता भएका महिला तथा बालबालिकाका थप र विशेष अधिकारहरूको उल्लेख गरिएको छ।

सन् २०११ मा केन्द्रीय तथ्याङ्क विभागले गरेको जनगणनाबमोजिम नेपालमा अपाङ्गता भएका

व्यक्तिहरूको जनसङ्ख्या ५,१३,३२१(१.९४ प्रतिशत) रहेको छ । यसमा महिलाको सङ्ख्या २,३३,२३५ र पुरुषको सङ्ख्या २,८०,०८६ देखिन्छ। हाल उपलब्ध आधिकारिक तथ्याङ्कअनुसारको जनसङ्ख्या यही ५,१३,३२१(१.९४ प्रतिशत) हो । विश्व स्वास्थ्य सङ्गठन लगायतका संस्थाहरूले गरेका अध्ययनहरूमा भने अपाङ्गता भएका व्यक्तिहरूको जनसङ्ख्या १० प्रतिशत को हाराहारीमा हुने पाइएको छ। नेपालमा पनि अपाङ्गता भएका व्यक्तिहरूको जनसङ्ख्या केन्द्रीय तथ्याङ्क विभागले निकालेको तथ्याङ्कभन्दा बढी हुन सक्दछ। वि.स. २०६८ सालपछि अहिलेसम्मको स्थितिमा यो सङ्ख्यामा हेरफेर हुनु नितान्त स्वभाविक छ। सामाजिक- सांस्कृतिक कारणले गर्दा अपाङ्गता भएका व्यक्तिलाई सकेसम्म सार्वजनिक नगर्ने प्रवृत्ति हाम्रो समाजमा देखिन्छ। यस कारणले गर्दा अपाङ्गता भएका व्यक्तिहरूको जनसङ्ख्या १.९४ प्रतिशतभन्दा धेरै नै बढी हुनुपर्ने दाबी राष्ट्रिय अपाङ्ग महासङ्घ लगायतका सरोकारवालाहरूको रहेको छ।[२१]

अपाङ्गता भएका व्यक्तिहरूको हकअधिकारको सम्बन्धमा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज, संविधान एवम् कानुनमा पनि अपाङ्गमैत्री व्यवस्था गरिएको छ। कार्यान्वयनको लागि विभिन्न संयन्त्रहरू निर्माण गर्नुको साथै कार्यक्रमहरू सञ्चालनमा ल्याइएका छन्। सरकारी विद्यालयहरूमा सुस्त श्रवण, दृष्टिविहीन र सुस्त मनस्थिति भएका विद्यार्थीहरूका लागि विशेष शिक्षा र छात्रवृत्तिलगायत निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ। निजामति सेवा ऐनअनुसार सरकारी सेवामा अपाङ्गता भएका व्यक्तिहरूका लागि पाँच प्रतिशत सिट आरक्षण व्यस्थाको साथै सीपमूलक तालीमको व्यवस्था, रेडियो र टेलिभिजनहरूमा अपाङ्गतासम्बन्धी कार्यक्रमलगायत आवश्यक सामग्री आयातमा भन्सार छुट आदि व्यवस्था गरेको छ। नेपाल प्रहरी सेवामा कार्यरत रहँदारहँदैको अवस्थामा अपाङ्गताको शिकार हुने व्यक्तिहरूलाई अशक्त-वृत्ति, सन्तति-वृत्ति, शैक्षिक भत्ता र आर्थिक सहायतासम्बन्धी व्यवस्था गरिएको छ। टेलिभिजनमा कार्यरत अपाङ्गता भएका व्यक्तिहरूका लागि छात्रवृत्ति, नेपाल टेलिकममा र शिक्षक सेवामा अपाङ्गता भएका व्यक्तिहरूका लागि रोजगारीमा, सामुदायिक विद्यालयमा शिक्षक तथा कर्मचारी नियुक्तिमा र रेडियो नेपालको स्थायी सेवामा अपाङ्गता भएका व्यक्तिहरूका लागि पाँच प्रतिशत आरक्षणको व्यवस्था छ।

सरकारले बजेट वक्तव्यमार्फत विद्यालयलाई अपाङ्गता तथा बालमैत्री बनाइने भनी घोषणा गरेको छ। नेपाली साङ्केतिक भाषाको विकास तथा अनुसन्धान, दोभाषे तालिम र व्यावसायिकतालाई प्रोत्साहन गर्ने उल्लेख छ। अपाङ्गता भएका बालबालिकाका लागि शिक्षामा पहुँच अभिवृद्धि गर्न प्रदेशमा पूर्वाधारयुक्त विशेष शिक्षा प्रदायक आवासीय विद्यालय सञ्चालन गर्ने भनी जोड दिएको छ। सर्वोच्च अदालतबाट पनि अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र संवर्द्धनको लागि महत्त्वपूर्ण निर्णयहरू भएका छन्। जसमा अपाङ्गता भएका व्यक्तिहरूको सार्वजनिक भौतिक संरचनामा पहुँच, मानसिक अपाङ्गता भएका व्यक्तिहरूलाई थुनामा राख्न नमिल्ने, अपाङ्गता भएका व्यक्तिहरूलाई निःशुल्क शिक्षा, पूर्ण तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिहरूलाई न्यूनतम निर्वाह भत्ता (मासिक तीन हजारदेखि पाँच हजारसम्म) आदि छन्।

२१ *आयोगद्वारा प्रकाशित अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार अवस्था प्रादेशिक र राष्ट्रिय सम्मेलनको प्रतिवेदन २०७५,पृ.५*

माथि उल्लिखित कानुनी पक्ष सकारात्मक भए पनि व्यवहारतः अहिले पनि अपाङ्गता भएका व्यक्तिहरूको समग्र अवस्था सन्तोषजनक छैन । उनीहरू माया र दयाका पात्र हुन् भन्ने चिन्तन पूर्णतः निर्मुल हुन सकेको छैन । आयोगको अनुगमन र प्रवर्द्धनमूलक कार्यक्रमबाट प्राप्त तथ्यको विश्लेषण गर्दा अहिले पनि अपाङ्गता भएका व्यक्तिहरूको मुद्दा अधिकारमुखीभन्दा पनि कल्याणकारी अवधारणाबाट हेर्ने सोच विद्यमान छ। फलतः उनीहरूका अधिकार राज्य वा सरोकारवाला निकायहरूको प्राथमिकतामा पर्न सकेका छैनन् । सामाजिक कुरीति, अन्धविश्वास, अशिक्षा, हेलचेक्र्याइँ, दुर्व्यवहार लगायतका कारण उनीहरूलाई मानवको रूपमा व्यवहार नगर्ने प्रचलन विद्यमान छ। संविधान, कानुन तथा नीतिहरूको पूर्ण कार्यान्वयन हुन सकेको छैन । अपवादलाई छोड्ने हो भने सार्वजनिक भौतिक संरचना तथा सवारी साधन अपाङ्गमैत्री छैनन् । अपाङ्गता भएका व्यक्तिहरूले सार्वजनिक सवारी साधन प्रयोग गर्न नसक्ने, चालकले नरोक्ने, रोकी हाले पनि चढाउन झन्झट मान्ने प्रवृति अझै पनि छ। सरकारी कार्यालय, विद्यालय, निजी कार्यालय, सडक आदि अपाङ्गमैत्रीको रूपमा विकसित हुन नसकेको स्थिति छ। आयोगको अनुगमन तथा अन्तरक्रियात्मक छलफलहरूसमेतबाट राजधानीलगायत देशका प्रायः सबै सहरहरूमा पैदलयात्री तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि अपाङ्गमैत्री सडक तथा फुटपाथसमेतको व्यवस्था हुन नसकेको पाइएको छ। अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार संरक्षण गर्नु राज्यको कर्तव्य हो ।[२२] यस सम्बन्धमा विगतमा पनि पटक-पटक नेपाल सरकारलाई सिफारिस तथा पत्राचार गरेको स्मरण गराउँदै भौतिक संरचनाहरूलाई अपाङ्गता भएका व्यक्तिको लागि पहुँचयुक्त तुल्याउन, अस्पताल, खेल मैदान, सडक, सार्वजनिक तथा सरकारी कार्यालय, सार्वजनिक यातायातका साधन, शौचालय, बसपार्क लगायतका संरचनाहरूलाई अपाङ्गमैत्री बनाई उनीहरूको अधिकार संरक्षण र संवर्द्धन सुनिश्चित गर्न आयोग नेपाल सरकारलाई पुनः आग्रह गर्दछ ।[२३]

अतः अपाङ्गता भएका व्यक्तिहरूमा रोजगारी, स्वास्थ्य, शिक्षाजस्ता आधारभूत आवश्यकतामा पहुँच पुग्न सकेको छैन । भौगोलिक दुर्गमताको कारण विद्यालय टाढा हुनु, अपाङ्गताको वर्गीकरणको आधारमा उनीहरूको मनोविज्ञान बुझ्ने दक्ष शिक्षक/शिक्षिका प्रयाप्त नहुनुजस्ता समस्या छँदैछन् । सकेसम्म विद्यालयमा भर्ना नगर्ने, विशेष शिक्षाअन्तर्गत अपाङ्गता भएका विद्यार्थीका बाबु-आमाले विद्यार्थीलाई विद्यालयमा भर्ना गरेपछि पनि बेवास्ता गर्ने प्रचलन विद्यमान छ। प्राथमिक शिक्षापश्चात् सो भन्दा माथि अध्ययनको अवसर आफ्नो क्षेत्रमा नहुँदा र बाहिर जान सक्ने अवस्था वा वातावरण पनि नमिल्दा अध्ययनलाई निरन्तरता दिन नसकेको स्थिति छ । महिला र बालबालिकमाथि हुने कारुणिक हिंसाको कारण मानसिक रूपमा विक्षिप्त हुने र दीर्घकालीन रूपमा मानसिक अपाङ्गता हुने क्रम वृद्धि हुँदै गएको छ।

राज्यको मूलधार मानिएको राजनीतिक तहमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता सून्यसरह छ। फलतः उनीहरूको मनोविज्ञान बुझ्ने, नीति निर्माणमा सहभागी हुने, कार्यक्रमहरू अगाडि बढाउने वातावरण विकसित हुन सकेको छैन। अतः अपाङ्गता भएका व्यक्ति पनि मानिस हुन्। कोही पनि रहर र चाहनाले अपाङ्ग हुँदैनन्। जोकोही कुनै पनि बेला अपाङ्ग बन्न सक्छन्। उनीहरूमा पनि क्षमता

२२ *मिति २०७५ चैत १५ मा अपाङ्गमैत्री भौतिक संरचना निर्माणमा संवेदनशील बन । शीर्षकमा जारी प्रेस-विज्ञप्ति*

२३ ऐ.ऐ.

हुन्छ, फरक ढङ्गमा काम गर्न सक्छन् भन्ने भावना विकसित गर्न आवश्यक छ। आयोगबाट गरिएका सिफारिससम्बन्धी विवरण अनुसूची ८ मा उल्लेख गरिएको छ।

## आदिवासी/जनजातिको अधिकार

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ का अनुसार आदिवासी/जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, बेग्लै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको जाति वा समुदायलाई बुझिन्छ। आदिवासीसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि, १६९ मा भूमि अधिकार, प्राकृतिक साधन, स्रोतमा पहुँच, शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका विषयलाई समेटिएको छ । यस महासन्धिले निर्णय प्रक्रियामा सहभागिताको अधिकारलाई जोड दिनुका साथै आदिवासीका अधिकार संरक्षण, संवर्द्धन गर्ने लगायतका विषय उल्लेख गरेको छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमाथिको अधिकार, उनीहरूलाई प्रत्यक्ष रूपमा प्रभाव पार्ने विकास योजना तथा कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन तथा मूल्याङ्कन प्रक्रियामा सहभागी हुने अधिकार प्रदान गरिएको पाइन्छ।

नेपालको संविधानमा मौलिक हकअन्तर्गत शिक्षा तथा संस्कृतिसम्बन्धी हकमा प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भएबमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा र आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र संवर्द्धनको हक हुनेछ भन्ने उल्लेख छ। सामाजिक न्यायको हकमा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी समुदाय, उत्पीडित वर्ग, गरिब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हकसम्बन्धी प्रावधान छ । राज्यको दायित्व, निर्देशक नीतिहरूमा राज्यको दायित्वअन्तर्गत शिक्षा, स्वास्थ्य, आवास, खाद्य सम्प्रभुता र रोजगारीमा निश्चित समयका लागि आरक्षणको व्यवस्था छ । जसमा, आर्थिक तथा सामाजिक रूपले पिछडिएका आदिवासी जनजातिको उत्थान गर्ने नीतिका साथै सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति उल्लेख गरिएको छ। शिक्षा, स्वास्थ्य, आवास, खाद्य सम्प्रभुता र रोजगारीमा निश्चित समयका लागि आरक्षणको व्यवस्था गरिएको छ। आर्थिक तथा सामाजिक रूपले पिछडिएका आदिवासी जनजाति, मधेसी, दलितलगायत सीमान्तकृत समुदाय तथा गरिबीको रेखामुनिका मजदुर किसानको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्नेछ भन्ने उल्लेख गरेको छ। त्यसैगरी राज्यले महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिमलगायत अल्पसङ्ख्यक, भूमिहीन, सुकुम्बासी, कमैया, अपाङ्गता भएका, पिछडिएका क्षेत्र तथा समुदाय र द्वन्द्वपीडितका लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ भनिएको छ।

वि.सं. २०६८ को जनगणनाअनुसार नेपालमा आदिवासी जनजातिको जनसङ्ख्या ९२,६७,८७० अर्थात् ३४.९७ प्रतिशत रहेको छ। आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को अनुसूची १ ले ५९ जातिलाई आदिवासी जनजातिको रूपमा सूचीकृत गरेको छ। यस समूहभित्र पनि लोपोन्मुख समूह, अति सिमान्तकृत समूह, सिमान्तकृत समूह, सुविधा वञ्चित समूह, उन्नत समूह र अन्य समूहमा विभाजन गरिएको छ।

| सूचीकृत आ.ज.बर्गीकरण आधारमा राष्ट्रिय जनगणना २०११ को तथ्याङ्क अनुसार | | | | | |
|---|---|---|---|---|---|
| क्र.स. | सूचीकृत आदिवासी समूह | जातजाति (Caste/ Ethnicity) | प्रतिशत | मातृभाषा | प्रतिशत |
| १ | लोपोन्मुख समूह, | २१,२८४ | ०.१ | १९,१७५ | ०.१ |
| २ | अति सिमान्तकृत समूह | ५९४,०३० | २.२ | २३५,१०८ | ०.९ |
| ३ | सिमान्तकृत समूह, | ३,८२९,२९७ | १४.५ | ३,१४२,११४ | ११.९ |
| ४ | सुविधा वञ्चित समूह | ३,५८७,१९१ | १३.५ | १,७७१,०२५ | ६.७ |
| ५ | उन्नत समूह | १,३३५,१४८ | ५.० | ८५१,७९९ | ३.२ |
| ६ | अन्य आ.ज.समू | १,२२८ | ०.० | - | ०.० |
| | | ९,३६८,१७८ | ३५.४ | ६०,१९२२१ | २७.७ |
| | कुल जनसङ्ख्या | २६,४९४,५०४ | १०० प्रतिशत | २६,४९४,५०४ | १०० प्रतिशत |
| स्रोतःhttp://www.nfdin.gov.np/uploads/ck/58f74a709bdb1.pdf | | | | | |

आदिवासी जनजातिको मानव अधिकारको संरक्षण, सम्मान र परिपालनाको लागि संविधानले आदिवासी जनजाति आयोगको परिकल्पना गरेको छ । सार्वजनिक सेवामा आरक्षणको व्यवस्थाले बिस्तारै सरकारी सेवामा आदिवासी जनजातिहरूको पहुँचमा वृद्धि हुँदै गएको देखिन्छ । स्वायत्त सरकारी निकायको रूपमा वि.सं.२०५८ मा स्थापित आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले आदिवासी जनजातिहरूको उत्थान तथा सशक्तीकरण गर्ने उद्देश्यसहित कार्य गर्दै आएको छ । नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवं बहुसांस्कृतिक मुलुक भएको हुनाले आपसी पहिचान र विविधताप्रति सम्मानको अवधारणा क्रमशः विकास हुँदै गएको छ।

आदिवासी समुदायसँग विशिष्ट ज्ञान, सीप र प्रविधि रहेका छन् । जो जीवनयापनका आधार हुन्, ती विषयहरूलाई महासन्धिले पेसा र रोजगारीको अधिकारभित्र समेटेको छ । अहिले पनि आदिवासी जनजातिहरूले परम्परागत अभ्यास र प्रथागत कानुन प्रचलनमा छन् । ती प्रथा र वर्तमान कानुनबिच कसरी सामञ्जस्य ल्याउने भन्ने सम्बन्धमा खोजमूलक अनुसन्धान हुन सकेको छैन । थकाली समुदायमा रहेको घम्पा, थारूहरूमा परम्परागत न्यायिक प्रणाली बड्घर, महटवां वा भलमन्सा, हायुहरूमा पालिकेमजस्ता न्यायिक प्रणालीगत प्रथाहरू छन् । वर्तमान कानुन प्रणाली र प्रथाबिच तुलनात्मक अध्ययन र विश्लेषण आवश्यक छ । समयअनुसार प्रथापरम्परालाई पनि विकसित गर्नेतर्फ ध्यान केन्द्रित हुनुपर्ने आवश्यकता देखिन्छ ।

यी विविध सकारात्मक व्यवस्थाको बाबजुद् पनि आदिवासी जनजातिहरूको अवस्था अपेक्षितमात्रामा

सुधार हुन सकेको छैन। कुनै पनि जातजातिको पहिचान भनेको उनीहरूको भाषा, संस्कृति र सङ्घसंस्था नै हो। त्यस्तै आदिवासी जनजातिको पहिचान पनि उनीहरूको आफ्नो भाषा, भेषभूषा, लिपि, प्रथा, परम्परा, संस्कृति, जीविकोपार्जन गर्ने पेसा, सामाजिक रीतिरिवाज सञ्चालन गर्ने सम्बन्धमा स्थापित सामाजिक सङ्घसंस्थाहरू नै पहिचानको आधार हो।[२४] आदिवासीजनजातिको परिभाषा गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा धेरै प्रयासहरू भएका छन् र अझै भइरहेका पनि छन्। तर, हालसम्म सर्वमान्य परिभाषा हुन सकेको छैन। आफ्नो परिभाषा आफै गर्न पाउनुपर्दछ भन्ने आदिवासी जनजातिको अधिकार तथा चाहनाको सम्मान गर्नुपर्ने कुरामा जोड दिँदै औपचारिक तवरबाट परिभाषित गर्न खोजिएको कार्यको विरोध गर्दै आएका छन्। यस सम्बन्धमा आदिवासी जनजातिसम्बन्धी कार्य समूहका पूर्वअध्यक्ष एरिका डायसले "आदिवासी जनजातिहरूअरूले थोपरिदिएका परिभाषाहरूबाट पीडित भएका छन्।"[२५]। यसरी हेर्दा आदिवासी जनजातिको साझा परिभाषादेखि लिएर विविध समस्याहरू छन्।

यस समुदायभित्र पनि राउटे, सुरेल, कुसुन्डा, चेपाङजस्ता लोपोन्मुख समुदायहरूको अवस्था भने अत्यन्तै निराशाजनक छ। सार्वजनिक महत्त्वका क्षेत्रमा उनीहरूको सहभागिता शून्यजस्तै रहेको छ। दोलखाको सुरी गाउँमा मात्र पाइने सुरेलहरूको स्थानीय तहमा समेत राजनीतिक प्रतिनिधित्व छैन। कतिपय अवस्थामा अदालतहरूमा दोभाषेको व्यवस्था गरिए पनि अधिकांश अदालतमा भाषाको समस्या विद्यमान छ। अड्डाअदालतमा दोभाषे नहुँदा भाषाकै कारण आरोपित व्यक्तिले आफना कुरा सही ढङ्गले राख्न नसक्ने, अदालतका कर्मचारीले नेपालीमा सोधेका कुरा स्पष्ट नबुझ्ने, जवाफ फर्काउन सक्दैनन्। यसको सिधा असर न्यायसम्पादनमा पर्न जान्छ। संविधानले बहुजाति, बहुभाषिक, बहुसंस्कति नीति अवलम्बन गरेको छ। यसको प्रभावकारी कार्यान्वय आवश्यक देखिन्छ। यसतर्फ राज्य एवम् सरोकारवालाहरूको ध्यान जान आवश्यक छ। आयोगबाट गरिएका सिफारिससम्बन्धी विवरण अनुसूची ८ मा उल्लेख गरिएको छ।

### आप्रवासी कामदारहरूको अधिकार

प्रत्येक व्यक्तिले आफ्नो योग्यता, क्षमता र छनोटअनुसार रोजगारी प्राप्त गर्नु उसको अधिकार हो। आप्रवासी कामदार र उनीहरूका परिवारका सदस्यहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९० को धारा २ (१) ले आफू नागरिक नरहेको राष्ट्रमा तलब पाउने क्रियाकलापमा लगाइने वा लागेको वा लगाइएको व्यक्तिलाई सम्झनुपर्दछ भनी आप्रवासी कामदारको परिभाषा गरेको छ। यस महासन्धिले आप्रवासी कामदारलाई विभेदविरुद्धको अधिकार, राष्ट्रियताको अधिकार, यातना, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको अधिकारलाई सुरक्षित गरेको छ। दासत्व, दासव्यापार, जबर जस्ती श्रमविरुद्धको अधिकार, गैरकानुनी पक्राउविरुद्धको अधिकार, स्वच्छ, निष्पक्ष सुनुवाइ, स्वतन्त्रता र सुरक्षा, स्वैच्छिक गिरफ्तारी वा थुनाविरुद्धका अधिकारको उल्लेख छ।

---

२४ *राष्ट्रिय मानव अधिकार आयोगद्वारा प्रकाशित आइएलओ महासन्धि नं. १६९, कार्यान्वियन अवस्था प्रतिवेदन, २०७५ पृ.१५*

२५ *ऐ.ऐ.*

आप्रवासी कामदारहरूको हकअधिकारको सम्बन्धमा अन्तर्राष्ट्रिय र राष्ट्रिय रूपमा विविध व्यवस्थाहरू गरिएको पाइन्छ। अन्तर्राष्ट्रिय रूपमा विशेषतः आप्रवासी कामदार र उनीहरूका परिवारका सदस्यहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९० रहेको छ। त्यसैगरी अनिवार्य वा जबर्जस्ती श्रमसम्बन्धी आई.एल.ओ. महासन्धि १९३० (नं. २९), रोजगारीका लागि आप्रवासन (परिमार्जित) महासन्धि, १९४९ (नं. ९७),घरेलु कामदारहरूका लागि मर्यादित कामसम्बन्धी महासन्धि २०११ (नं. १८९) रहेका छन् । सङ्गठन स्वतन्त्रता र सङ्गठित हुन पाउने अधिकारको संरक्षणसम्बन्धी महासन्धि, १९४८ (नं. ८७), आप्रवासी कामदार (अतिरिक्त व्यवस्था) सम्बन्धी महासन्धि, १९७५ (नं. १४३), निजी रोजगार एजेन्सीसम्बन्धी महासन्धि, १९९७ (नं. १४१) मा पनि कामदारहरूको अधिकारका बारेमा उल्लेख छ।

नेपालको सन्दर्भमा हेर्दा वैदेशिक रोजगारसम्बन्धी ऐन, २०६४ र वैदेशिक रोजगार नीति कार्यान्वयनमा रहेका छन् । वैदेशिक रोजगारसम्बन्धी न्यायधीकरण, श्रम-सहचारीको व्यवस्था गरिएको पाइन्छ । यसबाहेक सरकारले वैदेशिक रोजगारका निमित्त कामदार पठाउने सम्बन्धमा रोजगारमूलक देशहरूमा सम्झौतामार्फत् विशेष व्यवस्थासमेत गर्दै आएको छ। नेपाल सरकारले संस्थागत रूपमा ११० देशमा श्रमका लागि स्वीकृति दिएको पाइन्छ।

वैदेशिक रोजगारमा जाने अभ्यासलाई हेर्दा संस्थागत र व्यक्तिगत रूपमा गएको पाइन्छ। संस्थागत श्रमस्वीकृतिको आधारमा तेस्रो मुलुक जाने परिपाटी व्यापक देखिन्छ। विदेशस्थित रोजगारदाताबाट प्राप्त मागका आधारमा वैदेशिक रोजगार एजेन्सीले संस्थागत श्रम स्वीकृतिमा भर्ना गरी तेस्रो मुलुक पठाउछन्। व्यक्तिगत श्रमस्वीकृतिमा वैदेशिक रोजगारीमा जाने व्यक्ति आफैं वा आफन्तमार्फत काम खोजी गरी व्यक्तिगत श्रम स्वीकृति लिई तेस्रो मुलुक जाने प्रचलन पनि छ। खुला सिमानाको प्रयोग गरी भारतमा रोजगारीका लागि विनाश्रम स्वीकृति (यसलाई वैध मानिन्छ।) जाने सङ्ख्या ठुलो छ। अनौपचारिक तवरले तेस्रो मुलुक (श्रमस्वीकृति वा प्रक्रियाविना जाने/लैजाने) गरेको पाइन्छ।

**श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएकाहरू**[२६]

| क्र.स. | देश | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १. | कतार | १९,२५४ | १२,४८,४९१ | १२, ६७,७४५ |
| २. | मलेसिया | ३०,०६५ | १२,९०,९२४ | १३,२०,९८९ |
| ३. | साउदी अरब | ८,३२१ | ९,१३,९३८ | ९,२२,२५९ |
| ४. | संयुक्त अरब इमिरेट्स | ५९,१२६ | ५,६९,७९५ | ६,२८,९२१ |
| ५. | कुवेत | ४२,६७७ | १,१३,५८५ | १,५६,२६२ |
| ६. | बहराइन | ४,४४५ | ५१,६६६ | ५६, १११ |
| ७. | ओमन | ५,७१७ | ३१,९८९ | ३७,७०६ |
| ८. | दक्षिण कोरिया | २,७११ | ५८,५९३ | ६२,३०४ |

२६ *आप्रवासी कामदारहरूको अधिकारको अवस्था, आप्रवासी कामदार भर्ना अभ्यास र न्यायमा पहुँच विषयको अनुसन्धान-प्रतिवेदन, २०७६, रा.मा.अ.आ.पृ. ३*

| | | | | |
|---|---|---|---|---|
| ९. | लेबनान | ११,५४२ | १,२३१ | १२,७७३ |
| १०. | इजरायल | ४,४९२ | २,३२३ | ६,८१५ |
| ११. | अफगानिस्तान | ५२ | १३,५८६ | १३,६३८ |
| १२. | जापान | १,००६ | १८,२७२ | १९,२७८ |
| १३. | अन्य | २७,८६५ | ६६,९०१ | ९४, ७६६ |
| | जम्मा | २,१८,२७३ | ४३,८१,२९४ | ४५,९९५६७ |

माथि उल्लिखित तथ्याङ्क आव २०५०–२०५१ देखि २०७६ जेठ मसान्तसम्म श्रम स्वीकृति लिई जानेहरूको हो । यसमा भारतमा रोजगारीका लागि गएकाहरूको सङ्ख्या समावेश छैन । तथ्याङ्कअनुसार श्रम स्वीकृति लिई जाने महिला २ लाख १८ हजार २७३ र पुरुष ४३ लाख ८१ लाख २९४ जना रहेका छन् । अनौपचारिक रूपमा कामदार भई जानेहरूको यकीन तथ्याङ्क नभए पनि भारतबाहेका वार्षिक ७ लाख ५० हजार भन्ने अनुमानसम्म छ ।

*"क्लिनरको काम र मासिक एक हजार पाँच सय तलब भनेकोमा मेरो श्रम स्वीकृतिमा काम लेबर र मासिक ९०० कतारी रियाल पारीश्रमिक पाउने उल्लेख गरेको रहेछ । दुई लाख रुपियाँ तिरेको थिएँ, रसिदचाहिँ १० हजारको मात्रै दिए । रोजगारी करारमा लेखिएकोमा नभएर अर्को कम्पनीमा एअर कन्डिसनर मिस्त्रीको हेल्परको काममा लगाइयो र छ महिनापछि दोस्रो ठाउँमा काम गर्न लगियो । कुनै महिना ५००, कुनै महिना ८०० बैङ्क खातामा पठाइन्थ्यो तर पहिलो पाँच महिनापछि त्यो पनि नियमित दिन छाडियो । चार महिनाको तलब होल्ड भएपछि एजेन्ट र एजेन्सीलाई खबर गरेँ तर एक दुई पटक मेरो समस्या सुनेपछि दुवैले फोन उठाउन छाडे । चार महिना काम गरेको तलब त्यत्तिकै छाडेर ७३० रियालमा टिकट किनी घर फर्कें । ऋण तिर्न सकेको छैन, अब मलेसिया जान लागेको छु ।"–देवेन्द्र (नाम परिवर्तन) कतार गएको चौध महिनामा २०७५ साउनमा फर्किएका एक आप्रवासी कामदार*

*स्रोतः आप्रवासी कामदारहरूको अधिकारको अवस्थाः आप्रवासी कामदार भर्ना, अभ्यास र न्यायमा पहुँच विषयको अनुसन्धान प्रतिवेदन, २०७६, पृ.६८*

मुलुकको आर्थिक विकासमा आप्रवासी कामदारहरूबाट ठुलो टेवा पुग्न गए पनि यो क्षेत्र पूर्णतः व्यवस्थित हुन सकेको छैन । गरिबी र मुलुकभित्रै पर्याप्त रोजगारी सिर्जना हुन नसक्दा विगतदेखिका समस्याहरू अहिले पनि ज्यूँका त्यूँ छन् । यता आकर्षक काम, आकर्षक तलब र अतिरिक्त काम गर्न पाउने भनिए पनि उता रोजगारमूलक देशमा अवस्था ठीक विपरीत भएको पाइन्छ । प्रायः अदक्ष र अर्द्धदक्ष कामदार पठाउने, सम्बन्धित देशका बारेमा सही जानकारी नलिने र नदिने, रोजगारदाता नै फरक हुने प्रवृत्तिले स्वास्थ्यवस्थामा समस्यादेखि मृत्युसम्मका घटनाहरूमा बढोत्तरी भएको अवस्था छ । दलालको लोभलालच, प्रलोभनमा परी गैरकानुनी रूपमा जानाले कानुनी एवम् व्यवहारिक जटिलताहरू देखिएका छन् । आयोगकै अनुगमनले पनि फ्री टिकट फ्री भिसाको पूर्ण कार्यान्वयन नभएको अवस्था, आप्रवासी श्रमिकहरूमा सिप/दक्षताको कमी, वैदेशिक रोजगारमा जाने मुलुकको स्थानीय भाषा, कानुनसमेतको पर्याप्त ज्ञानको कमी रहेको देखाएको छ ।

*“तलब ९ सय, खाना भत्ता ३ सय र ओभरटाइको पैसा पाउरछ, बिल्डिङभित्रको काम हो भनेको थियो । पहिलो महिना २३ दिन काम गरेको जम्मा ५३४ रियाल तलब दियो, त्यसपछि दुई महिना ८७७ को दरले दियो । ड्युटी १२ घण्टाको हुन्थ्यो, ड्युटीमा जाँदाआउदा अर्को साढे दुई घण्टा खर्च हुन्थ्यो । महिनामा सरदर १०० घण्टाका दरले गरेको ओभरटाइमको पैसा त कता हो कता ? न त खानाभत्ता नै । अझ तेस्रो महिनादेखि त तलबै दिएन, भन्थ्यो कि हामीलाई लैजानका लागि लागेको खर्च कटाउने रे ।”*

*–रमेश (नाम परिवर्तन) कतार गएको नौ महिनामा फर्किएका एक आप्रवासी कामदार*

***स्रोतः*** *आप्रवासी कामदारहरूको अधिकारको अवस्थाः आप्रवासी कामदार भर्ना, अभ्यास र न्यायमा पहुँच विषयको अनुसन्धान प्रतिवेदन, २०७६, पृ.७२*

*“मेरो रोजगारी करार र श्रम स्वीकृतिमा उल्लेख भएको नामको रोजगारदाताकोमा नभएर अर्कै कम्पनीमा काममा लगाइयो । बिल्डिङभित्रको काम भनेको थियो तर सडकको नाली निर्माणको काम गर्नुपर्‍यो । रोजगारी करारपत्रमा तलब ८०० साउदी रियाल, खानाको व्यवस्था कम्पनीले गर्ने, दैनिक आठ घण्टाको काम र नियमानुसार ओभरटाइमको भुक्तानी हुन्छ भनेकोमा तलब र खानाको गरी जम्मा ७३० मात्र दिइने र दैनिक १२ घण्टा काम गर्नुपर्छ भनियो । कम्पनीकै काम भनेको भए पनि पछि थाहा भयो, त्यो त आफैँ रोजगारदाता कम्पनी नभएर कामदार आपूर्तिकर्ता (Supplier) कम्पनी रहेछ ।”*

*–मनसुल्लाह (नाम परिवर्तन) साउदी अरबबाट फर्किएका एक आप्रवासी कामदार*

*स्रोतः आप्रवासी कामदारहरूको अधिकारको अवस्थाः आप्रवासी कामदार भर्ना, अभ्यास र न्यायमा पहुँच विषयको अनुसन्धान प्रतिवेदन, २०७६, पृ.७५*

छिमेकी मुलुक भारतमा कामका लागि जाने कामदारहरूको समस्या प्रायः ओझेलमा पर्ने गरेको छ । भारतीय सीमामा लुटिने, सुरक्षाकर्मीहरूबाट दुर्व्यवहार सहनुपरेका घटनाहरू सार्वजनिक भइरहेका छन् । कतिपय महिला, बालबालिकाहरू दलालबाट लोभलालच, प्रलोभन आदिमा परी बेचिने गरेका छन् ।

मुलुकभित्रै रोजगारीको सिर्जना, दक्ष कामदार, स्वास्थ्यवस्था, भाषाजस्ता आधारभूत कुरामा मात्र ध्यान पुऱ्याउन सकेमात्र पनि यो समस्या त्यति बिकराल बन्ने थिएन । यी पक्षका अलवा जोखिममा परेका कामदारहरूको उद्दार, मृत्यु भएका व्यक्तिहरूको शव झिकाउने प्रबन्ध, पीडकमाथि कारबाही, पीडितलाई क्षतिपूर्ति उपलब्धता आदिमा विशेष ध्यान दिन जरुरी छ । यसतर्फ सराकारवालाहरू थप संवेदनशील हुन आवश्यक छ। आयोगबाट गरिएका सिफारिससम्बन्धी विवरण अनुसूची ८ मा उल्लेख गरिएको छ।

## विकास र वातावरणको अधिकार

विकास र स्वच्छ वातावरणसम्बन्धी अधिकार मानव जीवनसँग प्रत्यक्षतः चासो र सरोकारको विषय हो । मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि १९६६, महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि १९७९, बाल अधिकार महासन्धि १९८९, आइएलओ १६९ मा पनि विकास र वातावरणको विषयलाई मानव अधिकारको अभिन्न अङ्गको रूपमा स्वीकार गरिएको छ। विकासको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र सन् १९८६ ले विकासलाई मानव अधिकारको विषयका रूपमा उल्लेख गरेको छ । केन्याको नैरोवीमा १९७३ मा संयुक्त राष्ट्रसङ्घीय वातावरण कार्यक्रम र सन् १९९० मा पृथ्वी

सम्मेलन, सन् १९९० को भियना सम्मेलन र सन् १९९२ मा ब्राजिलको रियो द जेनेरियोमा पृथ्वी सम्मेलनले वातावरणको अधिकारलाई प्राथमिकता दिएको पाइन्छ।

नेपालको संविधान, २०७२ को धारा ३० मा स्वच्छ वातावरणको अधिकारलाई विशेष महत्त्वका साथ मौलिक हकको रूपमा समावेश गरेको छ; जसमा (१) प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ। (२) वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ। (३) राष्ट्रको विकाससम्बन्धी कार्यमा वातावरण र विकासबिच समुचित सन्तुलनका लागि आवश्यक कानुनी व्यवस्था गर्न यस धाराले बाधा पुऱ्याएको मानिने छैन भनी उल्लेख छ। वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ मा वातावरण संरक्षणमा विशेष जोड दिएको छ। चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजनाले नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारलाई कार्ययोजनामा समेटेको छ।

विकास र वातावरण आपसमा अन्तर्सम्बन्धित छन्। वर्तमान अवस्थामा विकास र वातावरणको संरक्षणका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा विभिन्न अभियानहरू सञ्चालन भइरहेका छन्। आयोगले पनि यी क्षेत्रमा प्राथमिकताका साथ कार्य गर्दै आएको छ। आयोगबाट गरिएको अनुगमन, अनुसन्धान, छलफल, अन्तर्क्रियालगायतका कार्यक्रमबाट प्राप्त निष्कर्षका विकास र वातावरणको अवस्था दयनीय देखिएको छ। फोहोरमैला व्यवस्थापन एवं वातावरण संरक्षण सम्बन्धमा संघीय, प्रदेश र स्थानीय सरकारको ठोस योजना र प्रभावकारी योजना निर्माण हुन सकेको छैन। सरकारी निकायहरूबिच नै समन्वयको अभाव छ।

राजधानी लगायतका क्षेत्रमा सडक बिस्तारका लागि भत्काइएका घर र मूल सडकहरूमा मेलम्ची खानेपानी आयोजना पूर्ण नहुँदा निस्किएको धुलोबाट जनजीवन अत्यन्त प्रभावित बन्न पुगेको छ। भत्काउने काममा तीव्रता तर बनाउनमा तदारुकता नदेखिएबाट विकास निर्माण र वातावरणको अवस्था दयनीय देखिन्छ। काठमाडौं उपत्यकालगायत देशका विभिन्न भागमा स्वच्छ वातावरणको समस्याका कारण सर्वसाधारणको स्वास्थ्यमा असर पर्न गएको देखिन्छ। विशेषतः रुघाखोकी, छालाको एलर्जी, आँखा चिलाउने र मानसिक रूपमा चिडचिडाहटजस्ता मनोवैज्ञानिक समस्याहरू देखिएका छन्। ट्राफिक व्यवस्थापनमा खटिएका प्रहरीहरूले वायु प्रदूषणको मार बढी खेप्नुपरेको छ। उपत्यकाभित्र रहेका करिब तीन सय पचास इँटा उद्योगहरूबाट निस्कने प्रदूषणको हिस्सा ठूलो छ। यसबाट हुने प्रदूषण र त्यसको असरको कुनै लेखाजोखा छैन।

विश्व सम्पदाको क्षेत्रभित्र समावेश पर्यटकीय, धार्मिक तथा पुरातात्विक महत्त्व बोकेको लुम्बिनी क्षेत्र वातावरण प्रदूषणको मारमा परेको छ। एकातिर छिमेकी भारतसँग सीमा

| प्रदूषणका मुख्य स्रोत | | |
|---|---|---|
| **क्र.स.** | **प्रदूषणको माध्यम** | **प्रदूषण प्रतिशत** |
| १. | कलकारखाना | एक |
| २. | फोहोर जलाइँदा | एक |

| | | |
|---|---|---|
| ३. | घरभित्रको धूवाँ | पाँच |
| ४. | इँटाभट्टा | नौ |
| ५. | सवारी साधन | ३० |
| ६. | पूर्वाधार निर्माण | ५३ |
| स्रोतः कान्तिपुर दैनिक, २४ कार्तिक, २०७६ | | |

जोडिएको कारण उताको प्रदूर्षणको मार नेपालले खेप्नुपरेको अवस्था छ । विकासको नाममा सडक खन्ने अनि वर्षौंसम्म अत्रपत्र पार्ने पवृतिमा अझै सुधार आउन सकेको छैन । विकास निर्माण गर्दा वातावरणसम्बन्धी कानुनी मापदण्ड पालना हुन नसक्दा सिमेन्टलगायतका उद्योगधन्दाबाट निस्कने अत्याधिक धुँवाधुलोको प्रभाव स्थानीयवासी, पर्यटक र पुरातात्विक महत्वका भवन, मूर्ति तथा गुम्बाहरूमा देखिएको छ । एकातिर मानव स्वास्थ्यमा नकारात्मक प्रभाव देखिएको छ भने अर्कोतिर पुरातात्विक महत्त्वका वस्तुहरू बिग्रने, नासिने अवस्था छ ।

सरकारी कामकारबाहीहरू हेर्दा भत्काएर अलपत्र पार्नु नै विकास हो भन्ने आभास हुन  थालेको छ । व्यवहारतः सम्बन्धित निकायलाई पहुँच र प्रभावमा पारी निर्माणव्यवसायीहरू निर्माणको ठेक्का लिने तर वर्षौसम्म पनि काम नगर्ने, अलपत्र पार्ने प्रवृति देखिएको छ । मुआब्जा अर्को समस्याको रूपमा देखापरेको छ । अदालतमा परेका मुद्दामा पनि समयमा निर्णय नहुँदा विकास निर्माणमा ढिलाइ हुनुको साथै प्रदूषण रोकथाममा पनि समस्या आउने गरेको छ । विकास निर्माण कार्यान्वयन गर्ने निकायहरूबिच आपसी समन्वयको अभाव छ । जिम्मेवारी लिने भन्दा पनि पन्छाउने प्रवृति फस्टाएको छ । मानिससँग प्रत्यक्ष सम्बन्ध रहेको वातावरण र विकासको अधिकारबाट वर्तमान पुस्ता वञ्चित अवस्थामा छ ।


वातावरण प्रदूषणमा बाह्य र घरेलु  कारण जिम्मेवार देखिन्छन् । बाह्य कारण जो सरकारको नियन्त्रणभन्दा बाहिर छ । ठूला औद्योगिक राष्ट्रहरू यसको लागि जिम्मेवार छन् । जसको कारण साना र गरिब मुलुकहरूले त्यसको मार खेप्नुपरेको छ । यसतर्फ सरकारले कुटनीतिक रूपमा भूमिका निर्वाह गर्नुपर्दछ । घरेलु तहमा वातावरण प्रदूषणको लागि कुनै एक तत्वमात्र जिम्मेवार छैन । आन्तरिक रूपमा कलकारखानाबाट उत्पन्न धुँवा, फोहोर जलाउदा निस्कने धुँवा, सवारी साधनले फाल्ने धुँवा र पूर्वाधार निर्माण आदि यसका कारक तत्व हुन् । अध्ययन/अनुसन्धानले सवारी साधनबाट ३० र पूर्वाधार निर्माणबाट ५३ प्रतिशत प्रदूषण पैदा हुने गरेको देखाएको छ । अतः सवारी साधनको नियमित जाँच, ठूला र विद्युतीय सवारी साधनको प्रयोगले पनि ठूलो हदसम्म वायु प्रदूषण घटाउन सहयोग पुऱ्याउदछ यसतर्फ सरकार र सरोकारवालाहरू संवेदनशील हुन आवश्यक छ । विकास र वातावरण संरक्षणलाई कसरी अगाडि लैजान सकिन्छ भन्ने सम्बन्धमा आयोगले सम्बन्धित निकायलाई अध्ययन, अनुगमन, अनुसन्धान, अन्तर्क्रिया आदिबाट प्राप्त तथ्यको आधारमा विभिन्न सिफारिसहरू गर्दै आएको छ । आयोगबाट गरिएका सिफारिससम्बन्धी विवरण अनुसूची ८ मा उल्लेख गरिएको छ ।

# परिच्छेद–३
# संरक्षणसम्बन्धी कार्यहरू

आयोगबाट मानव अधिकार संरक्षणका लागि उजुरी ग्रहण, अनुगमन, अनुसन्धान, सिफारिसलगायतका कार्यहरू हुँदै आएका छन् ।

## उजुरीसँग सम्बन्धित कार्यहरू


आयोगले मानव अधिकार संरक्षण र संवर्द्धनका लागि संविधान, ऐन एवम् नियमको परिधिभित्र रही मानव अधिकार उल्लङ्घन वा दुरुत्साहनसम्बन्धी घटनामा स्वविवेकीय रूपमा र अन्य माध्यमबाट उजुरी ग्रहण गर्दै आएको छ । यस प्रकारका उजुरी पीडित, पीडितका परिवार, सङ्घसंस्था, व्यक्ति वा सञ्चार-माध्यममा सम्प्रेषित समाचारका आधारमा ग्रहण गरिन्छ । यसरी आयोगबाट प्राप्त उजुरीमाथि अनुगमन, अनुसन्धान एवम् छानबिन गरी क्षतिपूर्ति र आवश्यक कानुनी कारबाहीका लागि सरकार वा सरोकारवाला निकायसमक्ष सिफारिस हुँदै आएको छ । यस वर्ष आयोगको केन्द्रीय, प्रदेश र प्रदेश शाखा कार्यालयहरूमा गरी जम्मा २३२ उजुरीहरू दर्ता भएका छन् ।




आयोगमा परेका उजुरीका विषयहरूमा राजनीतिक तथा नागरिक अधिकार, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार, यातनासँग सम्बन्धित छन् । प्राप्त उजुरीको प्रकृति हेर्दा न्याय-प्रशासन, जीवनको अधिकार, शान्तिपूर्वक सभा-सम्मेलन गर्न पाउने अधिकार आदि छन् । त्यसैगरी स्वास्थ्य, शिक्षा र रोजगारी, आवास, वातावरणको हकसँग जोडिएका छन् । यातनाविरुद्धको अधिकार, महिला अधिकार, बाल अधिकार, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, जातीय विभेदविरुद्धको अधिकार, ज्येष्ठ नागरिकका अधिकारलगायतका विषयसँग सम्बन्धित उजुरीहरू दर्ता हुन आएका छन् ।

## प्रदेशगत आधारमा परेका उजुरीहरू


यस आर्थिक वर्षमा जम्मा २३२ उजुरीहरू दर्ता भएकोमा सबैभन्दा बढी प्रदेश न.३ कार्यालय, सानेपामा ९६, प्रदेश न. २ कार्यालय जनकपुरमा ३४ र गण्डकी प्रदेश कार्यालय पोखरामा २७ उजुरी परेका छन् ।




सबैभन्दा कम केका ललितपुर र कर्णाली प्रदेश शाखा कार्यालय जुम्लामा चार/चार रहेका छन् । सुदुरपश्चिम प्रदेश कार्यालय धनगढीमा २३ त्यसैगरी प्रदेश न. १ कार्यालय विराटनगर १९, प्रदेश न. १ शाखा कार्यालय खोटाङमा ११, प्रदेश न. ५ कार्यालय बुटवलमा आठ र प्रदेश न. ५ शाखा कार्यालय नेपालगञ्जमा छ उजुरी दर्ता भएका छन् ।

## नौ महासन्धिमा आधारित उजुरीहरू

नौ महासन्धिमा आधारित उजुरीको प्रकृति हेर्दा यस आवमा आयोगमा नागरिक तथा राजनीतिक अधिकार ११४ र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उल्लङ्घन भएको भनी ३५ उजुरी दायर भएका छन् । महिला अधिकारको हननमा २४ र यातनाविरुद्धको अधिकारमा २३ उजुरी दर्ता भएका छन् ।




व्यक्ति बेपत्ताविरुद्धको अधिकारमा १०, भेदभावविरुद्धको अधिकार र बाल अधिकार नौ/नौ, आप्रवासी कामदार तिनका परिवारको अधिकारको हनन र ज्येष्ठ नागरिकको अधिकार हननमा तीन/तीन उजुरी

परेका छन् । अन्य दुई (अपाङ्गता भएका व्यक्तिको अधिकार हनन) गरी जम्मा २३२ उजुरी दायर हुन आएका छन् ।

## विषयगत आधारमा परेका उजुरीहरू


यस वर्ष न्यायप्रशासनमा सबैभन्दा बढी ४८ र शारीरिक र मानसिक यातनाविरुद्धको अधिकारमा १५, धम्कीमा १३ र जीवनको अधिकार हननमा १२ उजुरी परेका छन् । हत्यामा ११, बेपत्तामा १०, सम्पत्तिको अधिकार,बाल अधिकार र जातीय भेदभावविरुद्धको अधिकार नौ/नौ, क्षतिपूर्तिको अधिकार र रोजगारीको अधिकारमा आठ/आठ, र प्रहरीद्धारा दुर्व्यवहार,घरेलु हिंसामा सात/सात उजुरी परेका छन् । महिला हिंसा, गैरकानुनी थुना र कुटपिटमा छ/छ, स्वच्छ वातावरणको हकमा पाँच र महिला अधिकार, आवतजावत र बलात्कार गरेको आरोपमा चार/चार उजुरी रहेका छन् । आप्रवासी कामदारको अधिकार, ज्येष्ठ नागरिकको अधिकार, आर्थिक ,सामाजिकर सास्कृतिक अधिकार,स्वास्थ्यको अधिकार र आवासको अधिकारमा तीन/तीन,अपाङ्ता, बोक्सी र विस्थापितको अधिकारमा दुई/दुई उजुरी परेका छन् । त्यसैगरी कैदीबन्दी अधिकार, स्थिति अज्ञात, गोपनीयताको हक, संस्कृतिको हक, सूचनाको हक, शिक्षाको हक, खाद्य अधिकार, उपभोक्ताको अधिकार,गाली बेइज्जति र तेश्रो लिङ्गीको अधिकारमा एक/एक उजुरी दायर भएका छन् ।

मानव अधिकार हनन भएको भनिएका घटनाहरू भनिएका उजुरीउपर आयोगले उपस्थित व्यक्ति, समूह, संङ्घसंस्थाको तर्फबाट उपस्थित पक्षलाई परामर्श उपलब्ध गराउदै आएको छ । आयोगको क्षेत्राधिकारबाहिरका उजुरीलाई आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा पठाइदिने गरेको छ । आयोगको क्षेत्राधिकारभित्र नपर्ने उजुरीउपर आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा पठाउदै आएको छ। यसको साथै उहाँहरूलाई यथोचित परामर्श दिँदै आएको अवस्था छ। यस आवमा आयोगले १,२२७ पटक परामर्श सेवा उपलब्ध गराएको देखिन्छ। उजुरीसम्बन्धी पूर्ण विवरण अनुसूची तीनमा समावेश गरिएको छ।

## मानव अधिकार अनुगमन

मानव अधिकारको संरक्षणका लागि आयोगले आफैँद्वारा एकल रूपमा र आयोगसहित सरोकारवालाहरूसँग समन्वय र सहकार्यमा अनुगमन गर्दै आएको छ। आयोगको अनुगमन महाशाखाले मानव अधिकारसँग प्रत्यक्ष एवम् परोक्ष घटनामा अनुगमन गर्ने गर्दछ। यसको साथै विषयगत महाशाखा, शाखा र एकाइबाट पनि एकल, समन्वय र सहकार्यमा अनुगमन हुने गर्दछ। मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिसम्झौता तथा राष्ट्रिय कानुनले व्यवस्था गरेका हक-अधिकार, राज्यका नीति निर्देशन, मानव अधिकार राष्ट्रिय कार्ययोजना आदि विषयमा कार्यान्वयनको अवस्थालाई ध्यानमा राखी अनुगमन हुँदै आएको छ। आवश्यकता, परिस्थिति, विषयवस्तुको गाम्भीरता आदिका आधारमा नियमित र आकस्मिक रूपमा अनुगमन हुने गर्दछ। आयोगले देशभर मानव अधिकार उल्लङ्घनका गम्भीर घटनाहरूलाई शीघ्र अनुगमन गरी सत्य तथ्य सार्वजनिक गर्न आयोगले एक “द्रुत अनुगमन तथा कार्य टोली” (Rapid Response Team) गठन गरेको छ। कानुन, अनुसन्धान तथा अनुगमन विभागका

निर्देशकको नेतृत्वमा रहने टोलीले देशका सम्पूर्ण भागमा घट्ने गम्भीर प्रकृतिका मानव अधिकार हननका विषयहरूमा अनुगमन गरी आयोगमा तत्कालै प्रतिवेदन पेस गर्दछ।




अधिकारहरू आपसमा अन्तर्सम्बन्धित हुने हुनाले विषयगत प्रकृतिको आधारमा नागरिक तथा राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार भनी विभाजन गर्न सकिन्छ। यस आवमा आयोगको अनुगमन नागरिक तथा राजनीतिक अधिकार; आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकार; महिला र बालबालिकाका अधिकारसँग सम्बन्धित छन्। यस्तै यातनाविरुद्धको अधिकार, आप्रवासी कामदार र तिनका परिवारको अवस्था, व्यक्ति बेपत्ता पार्ने कार्य, सबै किसिमका जातीय भेदभाव उन्मुलन, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको अधिकार आदि विषय रहेका छन्। आयोगले गरेको अनुगमनमा नागरिक तथा राजनीतिक अधिकारमा समग्र मानव अधिकार अवस्था, न्याय प्रशासन, जीवनको अधिकारसँग जोडिएका विषय छन्। स्थिति अज्ञात, कैदीबन्दीहरूको अधिकार, कारागार तथा हिरासतको अवस्था, गैरकानुनी थुना, कुटपिट, सूचनाको हक, गोपनीयताको अधिकार, आवतजावतको अधिकार लगायत विषयहरू पनि समावेश छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारमा  आवासको अधिकार, सम्पत्तिको अधिकार, अस्पताल एवम् स्वास्थ्य अवस्था, उपभोक्ताको अधिकार, प्राकृतिक प्रकोप (बाढी-पहिरो/भूकम्प) बाट विस्थापितहरूको अधिकार लगायतका विषय छन्। यसको साथै ज्येष्ठ नागरिक, महिला, बालबालिका, आदिवासी जनजाति, अल्पसङ्ख्यक/सीमान्तकृत समुदायहरू, अपाङ्गता भएका व्यक्तिको अधिकार, आप्रवासी कामदारहरूको अधिकार मानव बेचबिखनको अवस्था लगायतका विषयमा पनि अनुगमन गरेको छ। यसअलवा आयोगले विशेष प्राथमिकताका साथ सीमा क्षेत्रमा रहेका बासिन्दाहरूको मानव अधिकार अवस्थाका सम्बन्धमा अनुगमनलाई निरन्तरता दिएको छ। विषयको गाम्भीर्यता र आवश्यकताका आधारमा विज्ञहरू सम्मिलित टोलीबाट पनि अनुगमन हुँदै आएको अवस्था छ।

यस आर्थिक वर्षमा आयोगले मानव अधिकारसँग सम्बन्धित विभिन्न विषयलाई लिएर जम्मा २७७ (२५१+२६) पटक अनुगमन गरेको छ। यसमा सबैभन्दा बढी प्रदेश न. ३ कार्यालय सानेपाबाट ४६, प्रदेश न. १ कार्यालय विराटनगर र प्रदेश न. २ कार्यालय जनकपुरबाट ३३  पटक अनुगमन  भएको छ। प्रदेश न. ५ शाखा कार्यालय, नेपालगन्ज २९ र (केन्द्रसँगको सहकार्य चार र जुम्लासँग तीन), कर्णाली


प्रदेश शाखा कार्यालय जुम्ला २३ र सुदुरपश्चिम प्रदेश कार्यालय धनगढीले २३ (धनगढी केन्द्रसँगको सहकार्यमा चार) पटक अनुगमन गरेका छन् । त्यसैगरी गण्डकी प्रदेश कार्यालय पोखरा २७ र प्रदेश न. ५ कार्यालय बुटवलले १९ पटक अनुगमन सम्पन्न भएको छ। प्रदेश शाखा कार्यालय प्रदेश न. १ शाखा कार्यालय, खोटाङबाट १८ पटक अनुगमन गरेको देखिन्छ। यसबाहेक केन्द्रीय कार्यालयस्थित विभिन्न महाशाखाहरूबाट जम्मा २६ पटक अनुगमन सम्पन्न भएको छ। यसमा अनुसन्धान महाशाखाबाट १०, सन्धि अनुगमन महाशाखा पाँच, लैङ्गिक तथा सामाजिक समावेशीकरण महाशाखा, मानव बेचबिखन र योजना महाशाखाबाट तीन /तीन, सामूहिक अधिकार महाशाखा दुई पटक अनुगमन भएको छ।

यस आवमा आयोगले मानव अधिकारका मुद्दाहरूमा सरकारी र मानव अधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी सङ्घसंस्थाहरूसँग समन्वय र सहकार्यमा ६५ पटक अनुगमन गरेको छ । यसरी सहकार्य गरिएका सरकारी निकायहरूमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, महिला तथा बालबालिका कार्यालय, जिल्ला बाल कल्याण समिति आदि रहेका छन् । त्यसैगरी गैससमा महिला पुनर्स्थापना केन्द्र (ओरेक), किर्डाक नेपाल र सेभ द चिल्ड्रेन लगायतका संस्था छन्। अनुगमनसम्बन्धी विस्तृत विवरण अनुसूची चारमा समावेश छ।

## मानव अधिकार अनुसन्धान


मानव अधिकार उल्लङ्घन र दुरुत्साहनका घटनासम्बन्धमा आयोगले संविधान, ऐन, नियमको परिधिभित्र रही अनुसन्धान कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउँदै आएको छ। यस अवधिमा पनि विगत वर्षहरू र यस आवमा परेका र ग्रहण स्वविवेकीय उजुरीमाथि अनुसन्धान सम्पन्न गरेको छ । यस आवमा आयोगबाट नयाँ र पुराना गरी जम्मा ६०० उजुरीमाथि अनुसन्धान भएको देखिन्छ। आयोगको केकाअन्तर्गत अनुसन्धान महाशाखा र आयोगका कार्यालयहरूबाट अनुसन्धान हुँदै आएको छ।

यस आवमा सबैभन्दा बढी प्रदेश न.१ कार्यालय विराटनगर १८ पटकमा १४३, प्रदेश न.३ कार्यालय सानेपाले १५ पटकमा ११६, प्रदेश न. ५ शाखा कार्यालय नेपालगन्जले ११ पटकमा १०५ फायल टुङ्ग्याएका छन् । सुदुरपश्चिम प्रदेश कार्यालय धनगढीबाट नौ पटकमा ७७, गण्डकी प्रदेश कार्यालय पोखराबाट १२ पटकमा ४३ र प्रदेश न. १ शाखा कार्यालय खोटाङबाट छ पटकमा ४१ उजुरीमाथि अनुसन्धान सम्पन्न भएका छन् । प्रदेश न. २ कार्यालय जनकपुरले १० पटकमा १६ र प्रदेश न. ५ कार्यालय बुटवलबाट पाँच पटकमा ३४ र कर्णाली प्रदेश शाखा कार्यालय जुम्लाबाट पाँच पटकमा २५ उजुरीमाथि अनुसन्धान भएको छ । यसरी सम्पन्न गरिएका अनुसन्धान सशस्त्र द्वन्द्व र त्यसपछ परेका उजुरीहरूसँग सम्बन्धित छन् । विशेषतः नागरिक तथा राजनीतिक अधिकारअन्तर्गत जीवनको अधिकार, यातना र बेपत्ताका उजुरी बढी देखिन्छन् । त्यसैगरी आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारमा विस्थापित, पुनःस्थापना, सम्पत्ति लुटपाट, क्षतिपूर्ति, महिला र बालबालिकाको अधिकार आदि विषयसँग सम्बन्धित छन् । यस आवमा यसरी अनुसन्धानमध्ये ५३५ ओटा उजुरी फायल निर्णयका लागि केन्द्रीय कार्यालयमा पठाएको देखिन्छ। अनुसन्धानसम्बन्धी विस्तृत विवरण अनुसूची पाँचमा राखिएको छ।




## उजुरी निरूपण र सिफारिस

यस आवमा आयोगबाट अनुसन्धान सम्पन्न भएका ८२५ उजुरीमाथि निर्णय भएको छ। उजुरीगत १२० र नीतिगत १४ गरी जम्मा १३४ सिफारिस भएका छन्। यसै गरी ६४९ उजुरी निरूपण (तामेली ६०४ र खारेजी ४५) गरिएको छ भने ४२ उजुरी अङ्ग पुऱ्याइ पुनः पेस गर्नुपर्ने भनी निर्णय गरिएको छ।




गण्डकी प्रदेश कार्यालय पोखरा नीतिगत एक, उजुरीगत ४७, प्रदेश न. १ कार्यालय विराटनगर, नीतिगत सात, उजुरीगत २५, प्रदेश न. ३ कार्यालय सानेपा नीतिगत दुई, उजुरीगत १७ रहेका छन् । प्रदेश न. २ कार्यालय जनकपुर उजुरीगत १०, प्रदेश न. ५ शाखा कार्यालय नेपालगन्ज नीतिगत एक, उजुरीगत सात, केन्द्रीय कार्यालय नीतिगत दुई, उजुरीगत चार छन् । त्यसैगरी कर्णाली प्रदेश शाखा कार्यालय जुम्ला नीतिगत र उजुरीगत एक-एक, प्रदेश न. ५ कार्यालय बुटवल उजुरीगत दुई, सुदुरपश्चिम प्रदेश कार्यालय धनगढी उजुरीगत छ र प्रदेश न. १ शाखा कार्यालय खोटाङबाट उजुरीगत एक छन्। तामेली, खारेजी, पुनः पेस गर्नेमा विराटनगर १३४, नेपालगन्ज १३० र पोखरा १२७ छन्। यसै गरी यो सङ्ख्या बुटवल ९५, खोटाङ ७८, सानेपा ६३, जनकपुर ६०, धनगढी ४९ र जुम्लाका २२ छन्। यससम्बन्धी पूर्ण विवरण अनुसूची सातमा समावेश गरिएको छ।


# परिच्छेद-४
# संवर्द्धनसम्बन्धी कार्यहरू

मानव अधिकारसम्बन्धी शिक्षा र सचेतनामा वृद्धि एवम् मानव अधिकारको वकालत, पक्षपोषण तथा सूचना सम्प्रेषणसम्बन्धी कार्य बिस्तारमा संवर्द्धनात्मक कार्यको भूमिका विशेष हुन्छ । संवैधानिक एवम् कानुनी दायित्वअन्तर्गत आयोगले यसप्रकारका गतिविधिहरू सञ्चालन गर्दै आएको छ । आयोगबाट संवर्द्धनसम्बन्धी गतिविधिहरूलाई थप व्यवस्थित र प्रभावकारी बनाउन राष्ट्रिय मानव अधिकार आयोगबाट मानव अधिकार सहकार्य तथा समन्वयसम्बन्धी निर्देशिका, २०६९ जारी भई कार्यान्वयनमा आइसकेको छ । आयोगको रणनीतिक योजनामा आधारित यस प्रकृतिका कार्यहरूबाट मानव अधिकारको अभिवृद्धि एवम् संस्कृतिको विकासमा स्वाभवतः टेवा पुगेको छ ।

यस आवमा आयोगले 'सबैका लागि घरघरमा मानव अधिकार, शान्ति र विकासको आधार' भन्ने सन्देश कार्यान्वयनका लागि प्राथमिकतामा राखी कार्य गर्दै आएको छ । आयोगको सन्देश सार्थक बनाउन मानव अधिकारको संवर्द्धनका क्षेत्रमा आयोगको केकाअन्तर्गत प्रवर्द्धन महाशाखा, विषयगत महाशाखा, शाखा, एकाइ र आयोगका प्रदेश र शाखा कार्यालयहरूबाट एकल, समन्वय र सहकार्यमा विविध गतिविधिहरू सम्पन्न भएका छन् । यसरी सम्पादित कार्यहरूमा अन्तरक्रिया, छलफल, सभा, गोष्ठी, कार्यशाला, तालिमलगायत छन् ।

यस आवमा आयोगबाट जम्मा २१९ (१८५+३४) संवर्द्धनसम्बन्धी कार्यक्रमहरू सम्पन्न भएका छन् । सम्पादित कार्यहरूलाई सङ्ख्यात्मक रूपमा हेर्दा केन्द्रीय कार्यालय संवर्द्धन महाशाखा ३४, गण्डकी प्रदेश कार्यालय पोखरा २९, सुदुरपश्चिम प्रदेश कार्यालय धनगढी २६, प्रदेश न. ५ कार्यालय बुटवल २४ छन् । त्यसैगरी प्रदेश न. ५ शाखा कार्यालय नेपालगन्ज २३ (केन्द्रसँगको सहकार्य पाँच र जुम्लासँग तीन), प्रदेश न. १ कार्यालय विराटनगर १८, कर्णाली प्रदेश शाखा कार्यालय जुम्ला र प्रदेश न. २ कार्यालय जनकपुरबाट १७/१७ छन् । त्यसैगरी प्रदेश न. ३ कार्यालय सानेपा १६, प्रदेश न. १ शाखा कार्यालय खोटाङ १५ रहेका छन् । त्यसैगरी सम्पादित कार्यक्रमहरूमध्ये ५६ ओटा समन्वय र सहकार्यमा सम्पन्न भएका छन् । आयोग, मानव अधिकार एवम् पेसागत सङ्घसंस्थाद्वारा आयोजित मानव अधिकार सम्बन्धी कार्यक्रमहरूमा (स्रोत व्यक्ति/विशेषज्ञ सेवा ४१ ओटा र प्रमुख अतिथि/अतिथि र सहभागी २७६ कार्यक्रम) सहभागी भएको छ ।

यस आवमा आयोगमा आन्तरिक रूपमा तालिम, गोष्ठी छलफल, कार्यशाला र बैठक आदि ४८ कार्यक्रम सम्पन्न भएका छन् । मानव अधिकारको संवर्द्धनमा टेवा पुग्ने हिसाबले प्रतिवेदन, पुस्तिका ब्रोसर आदि प्रकाशनमा ल्याइएको छ । आयोगका कार्यालयहरूबाट एफएम रेडियोमार्फत नेपाली र स्थानीय भाषामा सचेतनामूलक कार्यक्रमहरू अन्तरवार्ता एवम् जिङ्गलहरू प्रसारण हुँदै आएका छन् । आयोगले प्रेस-विज्ञप्ति, प्रेस नोट, आफ्नै वेवसाइट, ट्विटर, फेसबुकमार्फत पनि सूचनाहरू प्रवाह गर्दै आएको छ ।




आयोगबाट सम्पादित कतिपय कार्यक्रमहरूमा माननीयका तहबाट पनि सहभागिता रहँदै आएको छ। सरोकारवालाहरूसँगको सहकार्य र समन्वयमा पनि संवर्द्धनसम्बन्धी कार्यहरू सम्पन्न भएका छन् । यसरी सहकार्य र समन्वय गरिएका संस्थाहरूमा सरकारी निकाय, स्थानीय निकाय, गैरसरकारी संस्था एवम् व्यावसायिक सङ्घसंस्था रहेका छन् । न्यायिक कामकारबाहीसम्बन्धी काठमाडौँ र ललितपुर महानगरपालिकासहित सातै प्रदेशका जिल्लास्थित विभिन्न नगरपालिका र गाउपालिकासँगको सहकार्यमा अन्तरक्रिया र छलफल सम्पन्न भएका छन् । केकाबाट पूर्व न्यायाधीश समाज, गैसस महासङ्घ, राष्ट्रिय अपाङ्ग महासङ्घ, उपभोक्ता मञ्च नेपाल र उपभोक्ता हित संरक्षण नेपालसँग सहकार्य भएको छ। एजिङ नेपाल, सिजप नेपाल, लाहुरनिप, नेपाल मानव अधिकार सङ्गठन, महिला कानुन विकास मञ्च, दलित महिला सङ्घसँग पनि सहकार्यमा काम भएको अवस्था छ। यस्तै सहकार्य गरिएका अन्तर्राष्ट्रिय गैससमा संयुक्त राष्ट्रसङ्घ खाद्य तथा कृषि सङ्गठन, लुर्थन र सेभ द चिल्ड्रेन आदि रहेका छन्। यसैगरी क्षेत्रीय तहमा रेडक्रस, महिला बालबालिका कार्यालय र महिला दिवस मूल समारोह समितिसँग पनि विषयगत मुद्दामा सहकार्य र समन्वयमा कार्य भएको अवस्था छ। सहकार्य गरिएका गैससमा मानव अधिकार रक्षक परिषद्, बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान, दलित सामाजिक विकास संस्था छन्। त्यस्तै तराई मानव अधिकार रक्षक र वकालत मञ्च, निलहीरा समाज, ओरेक नेपाल, द्वन्द्वपीडित समाज, कैलाली जिल्ला खाद्य अधिकार सञ्जाल, निड्स नेपाललगायतका संस्था छन् । बाल क्लब सञ्जाल, १६ दिने महिला हिंसाविरुद्धको अभियान, उद्योग वाणिज्य सङ्घ र होटल व्यावसायी सङ्घसँग पनि समन्वय र सहकार्य भएको अवस्था छ। संवर्द्धनसम्बन्धी गतिविधिसम्बन्धी विवरण अनुसूची छ मा उल्लेख छ।

## परिच्छेद - ५
# आयोगका महाशाखा, शाखा र एकाइबाट सम्पादित कार्यहरू

यस आवमा आयोगका महाशाखा, शाखा र एकाइबाट सम्पादित कार्यहरूलाई निम्नानुसार उल्लेख गरिएको छः

## अन्तर्राष्ट्रिय महासन्धि अनुगमन महाशाखा

यस महाशाखालाई निम्न जिम्मेवारी तोकिएका छन्ः
- अन्तर्राष्ट्रिय महासन्धि कार्यान्वयन अनुगमन,
- मानव अधिकार राष्ट्रिय कार्ययोजना अनुगमन,
- विश्वव्यापी आवधिक समीक्षा अनुगमन,
- मानव अधिकारको समग्र अवस्थाको अनुगमन,
- महासन्धि अनुमोदनका लागि सिफारिस र
- राज्यले तयार गरेको प्रतिवेदनउपर सुझाव।

| क्र.स. | सम्पादित कार्यहरू | | |
|---|---|---|---|
| १ | समग्र मानव अधिकार अवस्था/ मानव अधिकार राष्ट्रिय कार्ययोजनाको अवस्था अनुगमन र सम्बन्धित कार्यहरू | **अनुगमन**<br>(क) निर्मला पन्तको बलात्कारपछि गरिएको हत्या सम्बन्धमा प्रहरी अनुसन्धानमा लापरबाही गरेको भनिएको घटना,<br>(ख) थानकोटमा कुकर बम विष्फोटमा परी गम्भीर घाइते भएका महेन्द्र तामाङको स्वास्थ्य अवस्था तथा निजलाई अस्पतालमा प्रहरीद्धारा गरिएको निगरानी,<br>(ग) निलम्बित सांसद् रेशम चौधरी वीर अस्पतालमा उपचारार्थ रहँदा नेल लगाइएको विषय,<br>(घ) एक मजदुरलाई लक्ष्य इन्टरप्राइजेजको सञ्चालक र प्रहरी वृत बालाजुका डीएसपीले अपहरण गरेको तथा ज्यान मार्ने धम्की दिएको भनिएको उजुरी,<br>(ङ) दैलेख र अछाम जिल्लामा आप्रवासी कामदार र तिनका परिवारहरूको न्यायमा पहुँच,<br>– मानव अधिकार अनुगमनसम्बधी विषयगत विषयमा रुजुसूची तय,<br>– अनुगमनसम्बन्धी कार्यलाई थप प्रभावकारी र व्यवस्थित तुल्याउन आयोगका सबै कार्यालयहरूमा विषयवस्तु समावेश गरी सर्कुलर र<br>– सञ्चार माध्यममा प्रकाशित र प्रसारित मानव अधिकारसम्बन्धी समाचारहरूको सङ्कलन र कारबाही।<br>– मासिक मानव अधिकार अवस्था अनुगमन प्रतिवेदन तयार। | (ङ) सामूहिक महाशाखासँगको समन्वयमा |

| | | | |
|---|---|---|---|
| २ | अन्तरक्रिया/ छलफल | (क) नेपाल प्रहरीसँगको सहकार्यमा कञ्चनपुरको महेन्द्रनगरमा महिला मानव अधिकारको अवस्थासम्बधी प्रादेशिक अन्तरक्रिया,<br>(ख) चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन प्रगति तथा पाँचौँ कार्ययोजनाको तर्जुमा सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, गैसस, नागरिक समाजसँग छलफल,<br>(ग) बिस्तृत शान्ति सम्झौता कार्यान्वयनका १२ वर्ष प्रतिवेदन सार्वजनिक र छलफल,<br>(घ) बाल अधिकार सम्बन्धमा सिजपसँगको सहकार्य सम्बन्धमा छलफल र<br>(ङ) विश्वव्यापी आवधिकर समीक्षा सुझाव (बालबालिका/बाल अधिकार महासन्धि) समापन टिप्पणी/बाल अधिकारको सम्बन्धमा भएका सिफारिसहरूको कार्यान्वयन अवस्था र तेस्रो प्रतिवेदन तयारी सम्बन्धमा राष्ट्रिय कार्यशाला गोष्ठी। | (ङ) आयोग र सिजपको संयुक्त आयोजना |
| ३ | विविध | – आयोगका प्रादेशिक तथा शाखा कार्यालयहरूसँग निरन्तर सम्पर्क र समन्वय र<br>– आयोग र बाह्य सङ्घसंस्थाहरूद्वारा आयोजित कार्यक्रममा स्रोत व्यक्ति, अतिथि आदिको रुपमा सहभागी। | |

## लैङ्गिक तथा सामाजिक समावेशीकरण महाशाखा

यस महाशाखालाई निम्न जिम्मेवारीहरू तोकिएका छन्ः

– लैङ्गिक तथा सामाजिक विभेद हटाउन पहल,
– महिलाको मानव अधिकारको अवस्थाबारे बहस-पैरवी,
– राज्यका हरेक तहमा महिला तथा अन्य सिमान्तकृतको सहभागितामा वृद्धि गर्न पहल,
– महिलाविरुद्ध हुने हिंसा तथा सिमान्तीकृतका मानव अधिकार हननविरुद्ध कार्य,
– महिला तथा सिमान्तकृतका अधिकारको वकालत,
– महिला र पछाडि पारिएका समुदायको न्यायमा पहुँच वृद्धि र
– महिला तथा सामाजिक रूपमा पछाडि पारिएका क्षेत्रमा काम गर्ने संस्थासँग सहकार्य समन्वय।

| क्र.स. | सम्पादित कार्यहरू | | समन्वय/सहकार्य |
|---|---|---|---|
| १ | अनुगमन/ अनुसन्धान | १. बारा र पर्सा जिल्लामा हावा हुरीले भएको धनजनको क्षतिसम्बन्धमा अनुगमन,<br>२. निर्मला पन्तको बलात्कारपछि गरिएको हत्यासम्बन्धी घटनाको अनुगमन र अनुसन्धान र<br>३. छाउपडीसम्बन्धी राष्ट्रिय जाँचबुझका लागि अछाम र दैलेखमा पूर्वावस्थाको अनुगमन। | १. केका र प्रका, जनकपुर<br>२. केका र प्रदेश शाखा कार्यालय, धनगढी<br>३. केका र प्रदेश शाखा कार्यालय नेपालगन्ज |

| | | | |
|---|---|---|---|
| २. | छलफल/ अन्तरक्रिया, परामर्श | १. महिला हिंसा न्युनीकरण, मानव अधिकार संरक्षण र सुरक्षामा नेपाल प्रहरीको जवाफदेहिता विषयक "राष्ट्रिय अभियान" (कञ्चनपुर, सुर्खेत, बुटवल, पोखरा, जनकपुर र विराटनगर),<br>२. काभ्रेको धुलिखेलमा बाल विवाह अन्त्य गर्ने सम्बन्धमा राष्ट्रिय कार्याशाला गोष्ठी,<br>३. आयोगले सिड समितिमा पठाउनुपर्ने मुद्दामा केन्द्रित रही राष्ट्रिय तयार गरिएको प्रतिवेदन सिड समितिमा पेस,<br>४. पोखरास्थित नर्सिङ क्याम्पसका विद्यार्थीसँग आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धमा छलफल,<br>५. कोलम्बिया विश्वविद्यालयका विद्यार्थीहरूसँग आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धमा छलफल,<br>६. NHRC and GESI initiatives in Nepal सम्बन्धमा Sabah Women Advisory Council Malaysia का प्रतिनिधिहरूसँग अनुभव आदानप्रदान तथा छलफल,<br>७. आयोग र श्रीलङ्काको टोलीबिच मानव अधिकार अवस्था सम्बन्धमा छलफल,<br>८. दैलेख र अछाम जिल्लामा छाउपडीसम्बन्धी राष्ट्रिय जाँचबुझअन्तर्गत सार्वजनिक सुनुवाइ,<br>९. महिला हिंसाविरुद्धका घटनाहरूको विवरण सङ्कलन, आवश्यक कारबाही र पीडितलाई परामर्श,<br>१०. आयोग र राष्ट्रिय महिला आयोगबिच छलफल र अनुभव आदानप्रदान र<br>११. "यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको मानव अधिकार समस्या, चुनौती र समाधान" विषयक अन्तरक्रिया (विराटनगर, काठमाडौं, बुटवल र पोखरा)। | १. आयोग र नेपाल प्रहरीको संयुक्त आयोजना<br>३. लैङ्गिक र प्रवर्द्धन महाशाखाको संयुक्त आयोजना<br>४. आयोग, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र साइभाकको संयुक्त आयोजना<br>७. आयोगको आयोजना र युएन ओमनको सहयोग<br>१३. आयोगको आयोजना र नील हिरा समाजको सहयोग |
| ३ | तालिम | छाउपडीसम्बन्धी तीन दिने राष्ट्रिय जाँचबुझ तालिम। | |
| ४ | प्रतिवेदन | छाउपडीसम्बन्धी राष्ट्रिय जाँचबुझ कार्यक्रमको प्रतिवेदन प्रकाशन र सार्वजनिकरण। | |
| ५ | विविध | सरकारी तथा गैरसरकारी सङ्घसंस्थाबाट आयोजित विभिन्न कार्यक्रममा श्रोत व्यक्ति, अतिथि र प्रतिनिधिका रूपमा सहभागी। | |

## प्रशासन महाशाखा

यस महाशाखाले आयोगसँग सम्बन्धित प्रशासनसम्बन्धी निम्नानुसार जिम्मेवारी तोकिएको छः

- जनशक्ति व्यवस्थापन (कर्मचारी सरुवा, बढुवा, अवकाश, मनोनयनहरू, पदपूर्ति र स्वीकृतिसम्बन्धी कार्य),
- कार्यालय व्यवस्थापन र सरसफाइ,
- सार्वजनिक खरिद,
- मर्मतसम्भार तथा रेखदेख (आयोगअन्तर्गत सम्पूर्ण निकायहरूको भौतिक साधनहरूको अनुगमन, निरीक्षण),
- सवारी व्यवस्थापन,
- दर्ता, चलानी, चिठीपत्र सम्प्रेषण र
- कार्यालय व्यवस्थापन र सञ्चालनका दैनिक भैपरी आउने अन्य कामहरू ।

| क्र.स. | जिम्मेवारी | सम्पादित कार्यहरू | कैफियत |
|---|---|---|---|
| १. | कर्मचारीसँग सम्बन्धित कार्यहरू | – कर्मचारीहरूको व्यक्तिगत विवरण चुस्तदुरुस्त,<br>– सचिवालय, महाशाखा र शाखाका कर्मचारीहरू बिदामा रहेको अवस्थामा वैकल्पिक व्यवस्था,<br>– कर्मचारीहरूको सम्पत्ति विवरण र कार्यसम्पादन मूल्याङ्कन फारम सङ्कलन,<br>– आयोगमा रिक्त दरबन्दीका लागि विज्ञापन, फारम दर्तालगायतका कार्यहरू सम्पादन,<br>– नवनियुक्त कर्मचारीहरूका लागि सेवा प्रवेश तालिमको व्यवस्थापन,<br>– नवनियुक्त र सरुवा भई केन्द्रीय कार्यालयमा आएका कर्मचारीहरूलाई कार्यकक्ष व्यवस्थापन,<br>– श्रेणीविहीन कर्मचारीहरूका लागि आधारभूत तालिमको ब्यवस्थापन र<br>– आयोगबाट सञ्चालन हुने तालिम, सेमिनार, गोष्ठी, छलफललगायतका कार्यक्रममा सहभागिता आदि । | |
| २. | व्यवस्थापकीय कार्यहरू | – आयोगबाट सम्पादित कार्यक्रमहरूका लागि होटल एवम् हलमा हुने कार्यक्रमहरूको व्यवस्थापन,<br>– कार्यालयमा रहँदा र कार्यक्षेत्रमा खटिँदा आयोग पदाधिकारी र कर्मचारीहरूका लागि आवश्यक सामग्रीहरूको व्यवस्थापन,<br>– पदाधिकारी र कर्मचारीहरूको विदेश भ्रमणका सम्बन्धमा मनोनयन, भिसा, टिकटलगायत अन्य आवश्यक कार्यहरूको व्यवस्था,<br>– आयोगमा प्राप्त हुने पत्रहरूको दर्ता तथा बाहिर जाने पत्रहरूको चलानी,<br>– आयोगमा हुने विविध कार्यक्रमका लागि सरोकारवालाहरूलाई चिठीपत्र वितरण,<br>– सवारी साधनहरू तथा कर्मचारीहरूको बिमा दाबी,<br>– नयाँ टेलिफोन/एक्स्टेन्सन लाइन थप र<br>– आयोगबाट प्रकाशित वार्षिक एवम् विषयगत प्रतिवेदन छपाइसम्बन्धी व्यवस्थापन । | |

| | | | |
|---|---|---|---|
| ३. | खरिदबिक्री/ मर्मतसम्भार/ सवारीसधानसँग सम्बन्धित कार्यहरू | – यस आवमा मोटरसाइकल, गाडी लगायत कार्यालयका लागि आवश्यक मेसिनरी सामाग्रीका साथै फर्निचर खरिद,<br>– खरिद सामग्रीहरूको दाखिला तथा स्वीकृत माग फारामका आधारमा निकासा,<br>– आयोगको नाम रहेका सवारीसाधनहरूको दर्ता नविकरण, बिमा तथा आवधिक र आकस्मिक मर्मतसम्भार,<br>– विद्युतीय सामानहरू (विद्युत्, एयर कण्डिशनर, जेनेरेटर, कम्प्युटर, युपिएस, फोटोकपी मेसिन, प्रिन्टर, भ्याकुम क्लिनर आदि)को मर्मतसम्भार र<br>– आयोगको मातहातका कार्यालयहरूबाट गरिने वस्तुहरूको लिलामी प्रक्रियामा सहजीकरण । | |
| | विविध | – आयोगको प्रदेश तथा प्रदेश शाखा कार्यालयहरूको प्रशासनिक अनुगमन/निरीक्षण र<br>– नियमित रूपमा कार्यालयको कार्यकक्ष तथा परिसर सरसफाइ । | |

## सामूहिक अधिकार महाशाखा

सामूहिक अधिकार महाशाखालाई निम्न जिम्मेवारी तोकिएका छन्ः

- सामूहिक अधिकार (आदिवासी जनजाति, अल्पसङ्ख्यक, जेष्ठ नागरिक, मानसिक स्वास्थ्य, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, एचआइभी प्रभावित आदि) को प्रवर्द्धनका लागि गोष्ठी अन्तरक्रिया, छलफल, कार्यशाला, प्रशिक्षण,
- सामूहिक अधिकारको अनुगमन (अनुगमन महाशाखाको समन्वयमा),
- सामूहिक अधिकारको संरक्षण र संवर्द्धनका लागि नीतिगत सिफारिसका लागि आवश्यक कार्यहरू र
- सामूहिक अधिकारको सुनिश्चितताका लागि कानुन पुनरावलोकनसम्बन्धी कार्यहरू (कानुन महाशाखाको समन्वयमा) ।

| क्र.स. | सम्पादित कार्यहरू | | |
|---|---|---|---|
| १ | अनुगमन | – जनकपुरमा उपभोक्ता मानव अधिकारको अवस्था र<br>– नेपालगन्जमा नेपाल भारत सीमानाकामा क्वारेण्टाइन जाँचको अवस्था सम्बन्धमा । | केका र प्रदेश शाखा कार्यालयसँग समन्वय |
| २ | प्रतिवेदन | – आइएलओ महासन्धि अनुमोदन गरेको १० वर्ष भएको सन्दर्भमा आदिवासी जनजातिको मानव अधिकारको अवस्था विषयक मस्यौदा प्रतिवेदनको पुनरावलोकन र<br>– आइएलओ महासन्धि नं १६९ कार्यान्वयनको अवस्था प्रतिवेदन सार्वजनिकीकरण । | |

| | | | |
|---|---|---|---|
| ३ | संवाद्, छलफल/ कार्यशाला | (१) व्यावसाय र मानव अधिकारसम्बन्धी संवाद,<br>(२) आइएलओ महासन्धि १६९ नेपाल सरकारले अनुमोदन गरेको १० वर्षसम्मको कार्यान्वयन अवस्था प्रतिवेदन सम्बन्धमा छलफल,<br>(३) दलित अधिकार सम्बन्धमा प्रदेशिक र राष्ट्रिय सम्मेलनको पूर्वतयारीका लागि छलफल,<br>– उपभोक्ता मानव अधिकारको अवस्थासम्बन्धी प्रदेश नं. २ र ५ मा प्रदेश स्तरीय कार्यशाला,<br>– विपद् जोखिम न्यूनीकरण र मानव अधिकारसम्बन्धी छलफल,<br>– उपभोक्ता अधिकार सम्बन्धमा कानुन व्यवसायीहरूसँग छलफल र<br>– खाद्य अधिकारसम्बन्धी नियमावलीको तर्जुमा सम्बन्धमा एफएओ, डब्लुएफपि र फियानका प्रतिनिधिसँग छलफल । | (१) आयोग र लाहुरर्निपको संयुक्त आयोजना |
| ४ | सहभागिता | – आदिवासी जनजातिका अधिकारहरू, विद्यमान र तर्जुमा भइरहेका कानुनमा समावेश गराउने लगायतका कार्य गर्ने सम्बन्धमा सम्बन्धमा गठित समितिमा आमन्त्रित रूपमा सहभागी ।<br>– सीमा क्षेत्रमा मानव अधिकारको अवस्था अनुगमन (रसुवा, बैतडी, दाचुला) मा संलग्न,<br>–छाउपडी सम्बन्धी राष्ट्रिय जाँचबुझको पूर्व अनुगमन र राष्ट्रिय जाँचबुझ सार्वजनिक सुनुवाइ (दैलेख र अछाम) मा संलग्न,<br>–जातीय भेदभाव तथा छुवाछुतविरुद्धको अधिकार विषयक प्रदेश नं. २ को प्रादेशिक सम्मेलनमा संलग्न ।<br>–प्रदेश कार्यालय (जनकपुर र विराटनगर) को अनुगमनमा संलग्न । | |
| ५. | विविध | – उपभोक्ता अधिकार र खाद्य अधिकार विषयमा गैरआर्थिक योजना निर्माण । | |

**कानुन महाशाखा**

यस महाशाखालाई निम्न जिम्मेवारी तोकिएका छन्ः
–कानुन पुनरावलोकन,
–मानव अधिकार सम्बन्धी महत्त्वपूर्ण निर्णय प्रकाशन,
–आयोगलाई विपक्षी बनाइ दर्ता भएका मुद्दामा बहस-पैरवी,
–आवश्यक कानुनी मस्यौदा तयार,
–कानुनी परामर्श र
–आयोगले तोकेका कानुनसम्बन्धी अन्य कार्यहरू।

| क्र.स. | सम्पादित कार्यहरू | | सङ्ख्या |
|---|---|---|---|
| १ | कानुन पुनरावलोकन | –सत्यनिरूप॰। तथा बेपत्ता पारिएका व्यक्ति छानबिन आयोग ऐन, २०७१ को संशोधनका लागि प्रस्तावित विधेयक,<br>–वातावरण संरक्षणसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७५,<br>–किसानका अधिकारसँग सम्बन्धित व्यवस्थाहरू,<br>–विपद् जोखिम तथा न्यूनीकरण ऐन, २०७४;<br>–राष्ट्रिय मानव अधिकार आयोग ऐनमा संशोधन गर्ने विधेयक, २०७५ र<br>–आर्थिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पछाडि रहेका समुदायको शिक्षाको अधिकार। | ६ |
| २ | कानुनी राय | –मुलुकी फौजदारी संहितामा अल्पसङ्ख्यक धार्मिक समुदायमाथि विभेद,<br>–फास्ट ट्र्याक बिस्तारका क्रममा ललितपुरको बुङ्मति तथा खोकना क्षेत्रका –बासिन्दाहरूको अधिकार संरक्षणमा समस्या,<br>–संविधानको धारा ४२(५) को कार्यान्वयन नभएको,<br>–मानव अधिकार उल्लङ्घन भएको भनी आयोगमा दर्ता हुन आएका उजुरी,<br>–मानसिकस्वास्थ्यकोसमस्याभोगेकावामानसिक/मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक अधिकारसम्बन्धी मस्यौदा प्रतिवेदन, आदि। | ७ |

| | | | | |
|---|---|---|---|---|
| ३ | कानुनी मस्यौदा | –अभिव्यक्ति स्वतन्त्रता संरक्षणका लागि सुरक्षा संयन्त्र गठन तथा कार्यविधिसम्बन्धी निर्देशिका, २०७५,<br>–आयोगमा कार्यरत कर्मचारीहरूको कम्तीमा निजामती लगायतका अन्य सेवाका कर्मचारीहरूसरह सेवा सुविधाका लागि आयोगका कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली, २०७२ संशोधन,<br>–नेपाल सरकारले ल्याएको राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ लाई संशोधन गर्ने सम्बन्धी विधेयक,<br>–वातावरण संरक्षण ऐन र<br>–सत्यनिरूप·ा तथा बेपत्ता पारिएका व्यक्ति छानबिन आयोग ऐनहरूमा गरिनुपर्ने संशोधन । | | ५ |
| ४ | मुद्दा-मामिलासम्बन्धी | **लिखित जवाफ/निवेदन**<br>–वादी समुदायको मर्यादा विपरीत प्रकाशित एवम् प्रशारित समाचारमा आयोगसमेत विपक्षी,<br>–आयोगका पूर्व कर्मचारीद्वय कोषराज न्यौपाने र भुवन नाथबाट आयोगका अध्यक्षसमेत विरुद्ध विद्युतीय काराबार ऐन विपरीत कार्य गरेको विषयमा प्रहरीमा जाहेरी दर्ता,<br>–सर्वोच्च अदालत र जिल्ला अदालत काठमाडौंमा उपस्थित भई मुद्दामा रक्षा तथा प्रतिरक्षा । | | ११ |
| | | **पेसी/तारेख**<br>माथि उल्लिखित मुद्दाहरू | | २४ |
| ५ | प्रकाशन | –राष्ट्रिय मानव अधिकार आयोगबाट भएका मानव अधिकारसम्बन्धी महत्त्वपूर्ण निर्णयहरू र<br>–राष्ट्रिय मानव अधिकार आयोगसँग प्रत्यक्ष सम्बन्धित मानव अधिकारसँग सम्बन्धित संवैधानिक व्यवस्था र कानुनहरू, २०७५ (मौलिक हकसमेत) । | | २ |
| ६ | | कार्यक्रम/बैठक आयोजना र सहभागिता | महाशाखा | १५ |
| | | अन्य महाशाखा | ४८ | |
| | | बाह्य | १८ | |

| | | | |
|---|---|---|---|
| ७ | महत्त्वपूर्ण कार्यक्रमः | –"मानव अधिकारसम्बन्धी कानुनहरू र अदालती अभ्यास" विषयक छलफल,<br>–आयोगबाट भएका निर्णयहरूको समीक्षा, "मौलिक हक कार्यान्वयनमा प्रदेश सरकार र प्रदेश सभाको भूमिका",<br>–गण्डकी प्रदेशबाट पारित कानुनको मानव अधिकारको दृष्टिकोणबाट समीक्षा। | ११ |
| ८ | तालिम/ प्रशिक्षणमा संलग्नता | –आयोगका नवनियुक्त कर्मचारीहरूलाई सेवा प्रवेश र सेवाकालीन (दुई) र<br>–स्थानीय तहका प्रमुखसहित न्यायिक समितिका सात जिल्लाका करिब २५० जना जनप्रतिनिधिहरूलाई विवाद निरूपण र मानव अधिकार। | ९ |
| ९ | अनुगमन | दार्चुला, बैतडी र डडेलधुरा जिल्लाका सीमा क्षेत्रमा बसोबासरत नागरिकहरूको मानव अधिकार अवस्था। | ३ |
| १० | | कार्यदलः<br>आयोगका सिफारिस कार्यान्वयनका लागि गठित कार्यादल) सदस्य। | १ |
| ११ | पत्राचार | नेपाल सरकारका मन्त्रालय/सम्बन्धित निकायहरू | १०१ |

## नीति अनुसन्धान तथा योजना महाशाखा

नीति अनुसन्धान तथा योजना महाशाखालाई निम्न जिम्मेवारी तोकिएका छन्ः

–रणनीतिक योजना निर्माण

–वार्षिक कार्यक्रम र योजना तयार,

–कार्ययोजना कार्यान्वयन अनुगमन र मूल्याङ्कन,

–चौमासिक प्रगति प्रतिवेदन तयार,

–प्रगति समीक्षा,

–कार्यक्रम र योजना सम्बन्धमा योजना आयोग र अर्थ मन्त्रालयसँग समन्वय र

–आयोगको नितिगत व्यवस्था, समन्वय र सहजीकरण र आयोगको नीति तर्जुमा।

| क्र.सं. | **सम्पादित कार्यहरू** | |
|---|---|---|
| १ | कार्यक्रम र बजेट तर्जुमा तथा बाँडफाँड | –आव २०७६/०७७ का लागि आयोगका प्रदेश कार्यालय, प्रदेश शाखा कार्यालय तथा केन्द्रीय कार्यालयका महाशाखा र एकाइहरूको कार्यक्रम बजेट तर्जुमा। |

| | | |
|---|---|---|
| २ | वार्षिक कार्ययोजना अनुगमन/ मूल्याङ्कन | –आव २०७५/०७६ का लागि आयोगका प्रदेश कार्यालय, प्रदेश शाखा कार्यालय तथ केन्द्रीय कार्यालयका महाशाखा र एकाइहरूबाट सम्पादन गरिएका कार्यक्रमहरूको अनुगमन तथा मूल्याङकन (तीन पटक) । |
| ३ | समीक्षा कार्यक्रम | –वार्षिक समीक्षा कार्यक्रम अन्तिम चौमासिकमा एक पटक र आवश्यकताअनुसार मध्यकालीन समीक्षा बैठकहरू सम्पन्न । |
| ४ | समन्वय | –बजेट निर्माणको प्रक्रियामा बजेट तर्जुमालाई बढी प्रभावकारी बनाउन अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग निरन्तर रूपमा समन्वय । |
| ५ | प्रतिवेदन र विवरण | प्रदेश तथा प्रदेश शाखा कार्यालय, केन्द्रीय कार्यालयका महाशाखा र एकाइहरूबाट प्राप्त मासिक प्रतिवेदनहरूको अध्ययन विश्लेषण । |
| ६ | छलफल/ अन्तरक्रिया | –आव २०७५/०७६ को बजेट कार्यान्वयनको अवस्थाका बारेमा आवश्यकताअनुसार केन्द्रीय कार्यालयमा छलफल र<br>–आव २०७६/०७७ को बजेट निर्माण प्रक्रियाको चरणमा आयोगभित्र र अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग लगायतका सरोकारवाला निकायहरूसँग निरन्तर छलफल । |
| ७ | विविध | मानव अधिकार प्रशिक्षण पाठ्यक्रम निर्माणका लागि विभिन्न चरणमा विभिन्न तहसँग छलफल र<br>मानव अधिकार प्रशिक्षण पाठ्यक्रमको मस्यौदालाई अन्तिम रूप प्रदान । |

## आर्थिक व्यवस्थापन महाशाखा

आर्थिक व्यवस्थापन महाशाखाले गर्ने कार्यहरू निम्नानुसार रहेका छन्ः

–वार्षिक चालू बजेट निर्माण,

–बजेट बाँडफाँड तथा अख्तियारी प्रदान,

–आर्थिक कारोबारको लेखा राख्ने तथा आर्थिक प्रतिवेदन तयार,

–लेखापरीक्षण (आन्तरिक तथा अन्तिम) र बेरुजु फछ्र्यौट,

–दातृ संस्थाबाट आएका बजेटको छुट्टै हिसाब तथा आर्थिक प्रतिवेदन तयार,

–आर्थिक अनुशासन कायम गर्ने र

–वित्तिय स्रोत तथा आयोगका निर्णय र कार्यहरूबाट पर्न जाने वित्तिय असरको अभिलेखन ।

*यस आवको आर्थिक विवरण*

*नेपाल सरकारबाट आर्थिक वर्ष २०७५/७६ को लागि बजेट उपशीर्षक नं.२१४०११३ चालुतर्फ रु.१८,६१,९१,०००।-(अठार करोड एकसठी लाख एकानब्बे हजारमात्र) विनियोजन भएकोमा रु. १५,१४,७४,९०३।९२ (पन्ध्र करोड चौध लाख चौहत्तर हजार नौ सय तीन रुपियाँ बयानब्बे पैसामात्र) निकासा तथा खर्च भएको छ । त्यसै गरी बजेट उपशीर्षक नं.२१४००१३ चालुतर्फ रु.६५,१०,०००।-(पैँसठी लाख दस हजार रुपियाँ) विनियोजन भएकोमा रु.६४,४९,०६४।४५(चौसठी लाख उनपचास हजार चौसठी रुपियाँ पैतालीस पैसामात्र) निकासा तथा खर्च भएको छ। त्यस्तै बजेट उपशीर्षक नं.६०१०१४३ अर्थबजेटतर्फ रु.४२,८८५।-(बयालीस हजार आठ सय पचासी रुपियाँमात्र) अर्थ मन्त्रालयबाट निकासा भएकोमा रु.४२,८८५।-(बयालीस हजार आठसय पचासी रुपियाँमात्र) खर्च भएको छ। त्यस्तै बजेट उपशीर्षक नं.६०१०१८३ अर्थबजेटतर्फ रु.२४,२३४।-(चौवीस हजार दुई सय चौंतीस रुपियाँमात्र) अर्थ मन्त्रालयबाट निकासा भएकोमा रु.२४,२३४।-(चौवीस हजार दुई सय चौतीस रुपियाँमात्र) खर्च भएको छ। बजेट उपशीर्षक नं.२१४०११४ पूँजीगततर्फ रु.१,२४,००,०००।-(एककरोड चौबीस लाखमात्र) विनियोजन भएकोमा रु.१,१९,०९,७९४।८५ (एक करोड उन्नाइस लाख नौहजार सातसय चौरानब्बे रुपियाँ पचासी पैसामात्र) निकासा तथा खर्च भएको छ।*

*त्यसैगरी यो वर्ष राजस्व आम्दानी रु.२,८९,७२५।९४(दुइलाख उनानब्बे हजार सात सय पच्चीस रुपियाँ चौरानब्बे पैसामात्र) भई राजस्व रकम बैङ्क दाखिला भएको छ। धरौटीतर्फ गत आ.व.सम्मको जिम्मेवारीसहित यो वर्षको कुल आम्दानी रु.५९३,०१७।९६ (पाँचलाख त्रियानब्बे हजार सत्र रुपियाँ छ्यानब्बे पैसामात्र) भएकोमा रु.६५,३३०।-(पैँसठीहजार तीन सय तीस रुपियाँमात्र) धरौटी फिर्ता भई बाँकी रु.५२७,६८७।९६ (पाँचलाख सत्ताइस हजार छ सय सतासी रुपियाँ छ्यानब्बे पैसामात्र) धरौटी बाँकी छ। त्यस्तै वैदेशिक सहायता (विविध खाता) तर्फ गत वर्षसम्मको मौज्दात रु.२७,१८,८०१।९१ (सत्ताइस लाख अठार हजार आठसय एक रुपियाँ एकानब्बे पैसा) रहेकोमा यो वर्षको आम्दानी रु.२,६६,६७,४०१।८६ (दुई करोड छैसठी लाख सतसठी हजार चार सय एक रुपियाँ छ्यासी पैसामात्र) गरी जम्मा आम्दानी रु.२,९६,८६,२०३।७७ (दुई करोड छ्यानब्बे लाख छ्यासी हजार दुई सय तीन रुपियाँ सतहत्तर पैसामात्र) भएकोमा यस आवमा रु.१,२५,८९,५१७।७३ (एक करोड पच्चसीस लाख उनाननब्बे हजार पाँच सय सत्र रुपियाँ त्रिहत्तर पैसा) खर्च भई रु.१,६७,९६,६८६।०४ (एक करोड सतसठी लाख छ्यानब्बे हजार छ सय छ्यासी रुपियाँ चार पैसामात्र) बैङ्क मौज्दात बाँकी रहेको छ। यससम्बन्धी बाँकी विवरण अनुसूची १३ मा समावेश गरिएको छ।*

## बैठक समन्वय महाशाखा

यस महाशाखालाई निम्न जिम्मेवारी तोकिएका छन्ः

–मानव अधिकार आयोगका सिफारिस कार्यान्वयनका लागि पहल गर्ने,

–आयोग (सचिवालय क्षेत्रीय कार्यालय, महाशाखा) आन्तरिक र बाह्य समन्वय गर्ने र

–आयोगको बैठकका प्रस्ताव तयार तथा माइन्युट तयार गर्न सचिवालयलाई सघाउने ।

| १ | व्यवस्थापनसम्बन्धी कार्य | **समन्वयमा सम्पादित कार्यहरू** |
|---|---|---|
| | | • माननीय अध्यक्षसँग सम्बन्धित कार्यक्रम, बैठक तथा भेटघाटको व्यवस्थापन,<br>• माननीय अध्यक्षको सचिवालयमा प्राप्त निवेदन, निमन्त्रणा तथा अन्य कागजातहरू व्यवस्थापन,<br>• आयोगको बैठकका लागि समन्वय,<br>• आयोग, सरकारी, गैरसरकारी र अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागिताका लागि समन्वय तथा आवश्यक तयारी,<br>• माननीय अध्यक्षको सचिवालयमा प्राप्त मानव अधिकार अनुगमन लगायतका प्रतिवेदनहरूको अध्ययनपश्चात् आयोगबाट गर्नुपर्ने सिफारिस तथा सुझावका लागि अध्ययन तथा अभिलेखीकरण,<br>• माननीय अध्यक्षज्यूले प्रमुख आतिथ्यका रूपमा सम्बोधन गर्नुहुने विभिन्न कार्यक्रमका लागि मन्तव्य तयारी । |

| | | |
|---|---|---|
| | **छलफल/बैठक** | • आयोग र सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित संयन्त्रहरू (सत्यनिरूपण, मेलमिलाप आयोग र बेपत्ता आयोगका पदाधिकारीबिच छलफल/बैठक,<br>• आयोग र नेपाल पत्रकार महासङ्घका पदाधिकारी/सञ्चारकर्मीहरूबिच मानव अधिकार, अभिव्यक्ति स्वतन्त्रताको अवस्था विषयमा छलफल,<br>• आयोगका पदाधिकारीहरू र पूर्व पदाधिकारीहरूबिच बैठक/छलफल,<br>• आयोग र आम-सञ्चार क्षेत्रका विज्ञ, सम्पादक तथा सञ्चारकर्मीहरूसँग मानव अधिकारसम्बन्धी समसामयिक विषयमा छलफल,<br>• आयोगको सिफारिस कार्यान्वयन सम्बन्धमा आन्तरिक बैठक,<br>• आयोग, माननीय कानुन मन्त्री, सङ्क्रमणकालीन न्यायका पदाधिकारी अधिकारी र कानुनव्यवसायीबिच सङ्क्रमणकालीन न्यायका सम्बन्धमा छलफल,<br>• आयोग र कानुन न्याय तथा मानव अधिकार समितिसँग मानव अधिकारको समसामयिक विषयमा छलफल<br>• आयोग र नेपाल सरकारका अर्थ सचिवबिच मानव अधिकारको विषयमा बैठक,<br>• आयोग र पाँच संवैधानिक आयोग (प्राकृतिक श्रोत<br>• तथा वित्त आयोग, मधेसी आयोग, थारु आयोग, मुस्लिम आयोग र समावेशी आयोग) का माननीय अध्यक्ष र सचिवहरूबिच बैठक/मानव अधिकारका विविध मुद्दामा केन्द्रित रही छलफल,<br>• सम्माननीय प्रधानमन्त्री र आयोगका माननीय अध्यक्षबिच आयोगसँग सम्बन्धित विषयवस्तुमाथि छलफल,<br>• सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीसँग रा.मा.अ.आयोग ऐन, २०६८ को संशोधन तथा आयोगले गर्न लागेको अन्तराष्ट्रिय सम्मेलन लगायत मानव अधिकारसँग सम्बन्धित विषयमा छलफल तथा बैठक,<br>• बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगका अध्यक्षसँग सङ्क्रमणकालीन न्याय र मानव अधिकारको विषयमा बैठक,<br>• आयोग र सर्वोच्च अदालत बार एशोसिएशनद्वारा “मानव अधिकार कानुन र अदालती अभ्यास” विषयक छलफल,<br>• सरोकारवालाहरूबाट आयोजित मानव अधिकारसम्बन्धी ५० भन्दा बढी विभिन्न कार्यक्रमहरूमा प्रमुख अतिथि/विशेष अतिथिका रूपमा माननीय अध्यक्षको उपस्थिति।<br>• कार्टर सेन्टरका Country Director Mr. Elijiah Lewien Ms Rachel Floer, Participatory Rights Expert सँग Participatory Rights विषयमा माननीय अध्यक्षसँग बैठक र<br>• SDC, Geneva sf Ambassador, Pietro Mons सँग मानव अधिकारको विषयमा माननीय अध्यक्षसँग छलफल। |

| | | |
|---|---|---|
| | **ज्ञापनपत्र/ ध्यानाकर्षणपत्र ग्रहण** | • राजेन्द्र महतो र अनिल झासहितको टोलीले सर्लाही जिल्लामा क्रसरले बनाएको खाल्डोमा जम्मा भएको पानीमा डुबेर मृत्यु भएको विषयमा भएको प्रदर्शनका क्रममा प्रहरीले चलाएको गोली लागेर सरोज राय यादवको मृत्यु भएकाले निश्पक्ष कानुनी कारबाहीका लागि ज्ञापनपत्र,<br>• पद्मकन्या क्याम्पसको क्याम्पस प्रमुखमा प्राज्ञिक महिला प्राध्यापकलाई नदिई कनिष्ट पुरुषलाई नियुक्ति दिएको भनी ज्ञापनपत्र,<br>• जवाफदेहीता निगरानी समितिबाट सङ्क्रमणकालीन न्याय सम्बन्धमा ध्यानाकर्षणपत्र,<br>• राष्ट्रिय जनता पार्टीको तर्फबाट सर्लाही जिल्लाको बाँके चोकमा प्रदर्शनकारीमाथि गोली प्रहार गरिएको घटना सम्बन्धमा ध्यानाकर्षणपत्र,<br>• नेपाल पत्रकार महासङ्घले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी कानुन निर्माण सम्बन्धमा ध्यानाकर्षणपत्र,<br>• विश्व हिन्दु युवा सङ्घले गुठी विधेयक सम्बन्धमा आयोजना गरेको सङ्घर्ष कार्यक्रमको अनुगमन गरी पाउँ भन्ने सम्बन्धमा ज्ञापनपत्र,<br>• नेपाल महिला एकता समाजबाट जर्बजस्ती उठिबास गराइएको (प्रदेश ५, को रूपन्देही, बुटवलमा बसोबास गर्दै आएका सुकुम्बासी परिवार विस्थापित भएको) भन्ने सम्बन्धमा ज्ञापनपत्र। |

**अन्तर्राष्ट्रिय सम्बन्ध डेस्क**

– अन्तर्राट्रिय सम्बन्धसँग सम्बन्धित कार्यहरू,
– एसिया प्याासिफक फोरम, मानव अधिकार राष्ट्रिय संस्थाहरूको विश्वव्यापी सञ्जाल, संयुक्त राष्ट्रसङ्घीय मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग एवम् कुटनैतिक नियोगसँगको समन्वय।

**सम्पादित कार्यहरू**

– राष्ट्रिय मानव अधिकार आयोग तथा Asia Pacific Forum of National Human Rights Institutions को संयुक्त आयोजनामा २०७५/०७/२६–२९ (12-15 November, 2018) सम्म काठमाडौँमा CESR Monitoring Economic, Social and Cultural Rights Workshop सम्पन्न। सो कार्यशालामा आयोगबाट तीन जना अधिकृत र Asia Pacific Region का मानव अधिकार संस्थाहरूका प्रतिनिधिहरू सहभागी,
– मानव अधिकार राष्ट्रिय संस्थाहरूको विश्वव्यापी सञ्जाल (Global Alliance of the National Human Rights Institutions) ले नेपालको राष्ट्रिय मानव अधिकार आयोगको २७ फागुनदेखि १ चैत, २०७५ (March 11–15, 2019) सम्मको सत्रमा भएको मूल्याङ्कन। आयोगको 'क श्रेणी' को स्तर पुनः कायम।

**सञ्जालबाट आयोगलाई गरिएका सिफारिसहरू**

१) आयोगका सदस्यहरूको नियुक्ति प्रक्रियाको विज्ञापन, आवेदन प्रक्रिया, सूचीकरण, छनौट, तथा नियुक्ति प्रक्रियामा व्यापक परामर्श लिने कानुनी व्यवस्था गर्ने,

२) आफ्नो चासोको विवाद (Conflict of interest) निरूपणलाई रोक्ने सम्बन्धमा कानुनी व्यवस्था नभएकाले सोको व्यवस्थाका लागि कानुन संशोधनमा पहल गर्ने,

३) कानुनले आयोगलाई प्रयाप्त बजेट तथा पूर्णतः वित्तीय स्वायत्तता प्रदान नगरेको सम्बन्धमा दाताको सहयोग लिनका लागि समेत अर्थ मन्त्रालयको सहमतिमा मात्र दाताको सहयोग लिनुपर्ने बाध्यात्मक व्यवस्थामा समेत संसोधन गरी पूर्ण वित्तीय स्वतन्त्रता कायम गर्ने,

४) आयोगले वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्ने र राष्ट्रपतिबाट प्रधानमन्त्रीमार्फत सो प्रतिवेदन संसद्मा पेस गर्ने व्यवस्था रहेकोमा सिधै संसद्मा नै पेस गर्ने व्यवस्थाका लागि संविधान संशोधन गर्ने पहल गर्ने आदि ।

– Asia Pacific Forum of National Human Rights Institutions तथा Global Alliance of the National Human Rights Institutions बाट हुने विभिन्न सर्भेक्षणहरूमा आयोग सहभागी,

– मानव अधिकार परिषद्बाट समय-समयमा माग हुने नेपालको मानव अधिकारका विविध विषयहरूमा प्रतिवेदन पेस ।

## मानव बेचबिखन तथा ओसारविरुद्ध राष्ट्रिय समाधीक्षकको कार्यालय

यस समाधीक्षकको कार्यालयलाई तोकिएका जिम्मेवारी निम्नानुसार रहेका छन्ः

– मानव बेचबिखनसम्बन्धी अनुगमन,
– मानव बेचबिखनसम्बन्धी वार्षिक प्रतिवेदन तयार
– मानव बेचबिखनसम्बन्धी भएका समाचार तथा उजुरीबारे अनुसन्धान महाशाखासँग समन्वय,
– मानव बेचबिखनसम्बन्धी तथ्याङ्क अध्यावधिक र
– मानव बेचबिखनसम्बन्धी कानुन पुनरावलोकन (कानुन महाशाखासँग समन्वय गरी) का लागि पहल ।

| क्र.स. | सम्पादित कार्यहरू | | |
|---|---|---|---|
| १ | अनुगमन/ अनुसन्धान | –मोरङ, झापा, बाँके र बर्दिया जिल्लामा मानव बेचबिखनको अवस्था,<br>–नेपाल सरकारद्वारा सञ्चालित मानव बेचबिखनमा परेका पीडितहरू बस्ने दीर्घकालीन सुधार आवासगृह,<br>मङ्गला साहना आवास गृहको भौतिक संरचना र पीडितहरूको अवस्था,<br>–नेपाली समन्वय समिति र एबीसी नेपाल, शक्ति समूहको आवासगृह र मानव बेचबिखनमा परी उद्धार गरिएका पीडितहरूको अवस्था । | आयोगको प्रदेश र प्रदेश शाखा कार्यालयसँगको समन्वयमा |

| | | | |
|---|---|---|---|
| २ | वार्षिक प्रतिवेदन | –मानव बेचबिखनसम्बन्धी राष्ट्रिय प्रतिवेदन सन् २०१८ को सार्वजनिकीकरण ।<br>–वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूको परिवारले भोग्नुपरेको सामाजिक मूल्य (आर्थिक हिंसा, पारिवारिक हिंसा, सामाजिक लाञ्छना, घरायसी कार्यबोझ) र अनौपचारिक क्षेत्र विषेश गरी मनोरञ्जन तथा सत्कार सेवामा कार्यरत महिला तथा बालबालिकाहरूको अवस्था अध्ययन प्रतिवेदन प्रकाशन । | |
| ३ | छलफल/ परामर्श | –राष्ट्रिय मानव अधिकार आयोगको सभाहलमा मानव बेचबिखनसम्बन्धी राष्ट्रिय प्रतिवेदन सन् २०१८ को अन्तिम मस्यौदामाथि परामर्श छलफल,<br>–मानव बेचबिखन तथा ओसारपसार रोकथाम तथा नियन्त्रणका विषयमा गरिएका सिफारिसहरूमा नेपाल सरकारको कार्यान्वयनको प्रयास एवम् सिफारिस कार्यान्वयनमा सरोकारवालाहरूको भूमिका विषयक परामर्श/छलफल ।<br>–झापा, मोरङ,ï बाँके र बर्दियामा मानव बेचबिखनको अवस्था विषयमा छलफल तथा परामर्श,<br>–सञ्चारकर्मी र सरकारी र गैससमा प्रतिनिधिसँग मानव बेचबिखनको अवस्था र यसको रोकथाम तथा नियन्त्रणमा सरोकारवालाहरूको भूमिका तथा चुनौतीहरू विषयक परामर्श तथा छलफल ।\ | ï जिप्रका मोरङ र मेची नपासँगको समन्वय र सहकार्यमा<br>\वीनरक इन्टरनेशन, हाम्रो सम्मान कार्यक्रमको प्राविधिक सहयोग |
| ४. | सरकारी निकाय र सङ्घसंस्थासँगको सहकार्य र समन्वयमा उद्दार एवम अन्य कार्यहरू | –जिल्ला प्रहरी कार्यालय लगायतका सरोकारवाला निकायहरूसँग मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका सम्बन्धमा तथ्याङ्क माग, सूचना सङ्कलन, अभिलेखीकरण र आवश्यक कारबाही,<br>–विगत दुई वर्षदेखि भारत राजस्थानको जयपुर स्थित राज्य महिला सदन सुधार आवास गृहमा बस्दै आएका सुनसरी दुहवी नगरपालिका १२ र रूपन्देही निवासी दुई बालिकालाई आयोग र शक्ति समूहको सहकार्यमा र समन्वयमा उद्धार गरी परिवारसँग पुनर्मिलन र<br>–हराइरहेका २० जना बालबालिकाहरूको उद्धारका लागि सम्बन्धित सरकारी निकायहरूलाई समन्वयका लागि पत्राचार र आवश्यक कारबाही । | |
| ५. | सहभागिता | –मानव बेचबिखन तथा ओसारपसारविरुद्धको प्रभातफेरिमा सहभागी,<br>–FUN RUN को कार्यक्रममा सहभागी र<br>–The Regional Conference on "Combating Trafficking Reparation of Victims of Trafficking  कार्यक्रममा बङ्गलादेशमा Key note Speaker का रूपमा सहभागी, आदि । | मानब बेचबिखनविरुद्धका ११ कार्यक्रममा सहभागी । |

## सूचना प्रविधि एकाइ

यस एकाइलाई तोकिएका जिम्मेवारी निम्नानुसार रहेका छन्ः

- सूचना प्रविधिसम्बन्धी सर्भर प्रणाली कम्प्युटर मर्मत,
- आयोगका फेसबुक, टुइटर, वेवसाइट चुस्तदुरुस्त राख्ने,
- आयोगका कर्मचारीहरूको विद्ययुतीय हाजिरी तथा रेकर्ड राख्ने,
- आयोगका प्रकाशनमा डिजाइन तथा लेआउटमा सहयोग गर्ने,
- सूचना प्रविधिसम्बन्धी नीति, योजना निर्माण कार्यान्वयन गर्ने र
- सीएमआरएस (CMRS) प्रणाली सञ्चालनसम्बन्धी कार्यहरू

| सम्पादित कार्यहरू | |
|---|---|
| १ | –आप्रवासी कामदार सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनका लागि webpage Design,<br>–आयोगमा आवश्यक Archiving software को निर्माण,<br>–आयोगमा प्रयोग भइरहेका Email system, ACCT, HRMS, Website, Antivirus, CMRS तथा AMC हरूको आ.व २०७५–७६ का लागि नवीकर॰ा,<br>–आयोगमा भएका कम्प्यूटर, नेटवर्क, सर्भर तथा अन्य विद्युतीय उपकरणहरूको परीक्षण, व्याकअप लगायतका समस्याको निरूपण,<br>–आयोगको कार्यक्रमहरूको तस्वीर, भिडियो निर्माण,<br>–आयोगका क्रियाकलापसँग सम्बन्धित तस्वीर, भिडियो, प्रकाशन, प्रेस विज्ञप्ति/प्रेस नोट (अङ्गेजी र नेपाली), सूचना आदि सामग्रीहरू नियमित रूपमा आयोगको वेवसाइट, फेसबुक तथा टुइटरमा व्यवस्थापन,<br>–कर्मचारीहरूको विदासम्बन्धी विवरण चुस्तदुरुस्त,<br>–डेक्सटप कम्प्यूटर र ल्यापटपसम्बन्धी  प्राविधिक पक्षको अध्ययन गरी खरिद र<br>–आयोगको केन्द्रीय कार्यालयमा नयाँ तथा सरुवा भई आएका कर्मचारीहरूको इलेक्ट्रोनिक हाजिर तथा email address व्यवस्थापन । |

## प्रतिवेदन लेखन एकाइ

यस एकाइलाई निम्न जिम्मेवारी तोकिएका छन्ः

- आयोगको वार्षिक प्रतिवेदन तयार,
- मानव अधिकारसम्बन्धी विषयगत प्रतिवेदनमा आवश्यक कार्य र
- आयोगबाट प्रकाशन हुने अन्य प्रकाशन ।

| सम्पादित कार्यहरू | | | कैफियत |
|---|---|---|---|
| १. | प्रतिवेदन प्रकाशन | –वार्षिक प्रतिवेदन प्रकाशन (बिस्तृत)<br>–सङ्क्षिप्त (वार्षिक प्रतिवेदन प्रकाशन (नेपाली र अङ्ग्रेजी) | |
| २. | मन्तव्य | सम्माननीय राष्ट्रपतिसमक्ष पेस गरिने वार्षिक प्रतिवेदनसम्बन्धी | |

| | | | |
|---|---|---|---|
| ३. | अनुगमन/ अभिमुखीकरण | मानव अधिकारको अवस्था (विशेषतः दलितहरूको अवस्था (सात जिल्ला) | रणनीतिक योजना सहयोग परियोजनाअन्गार्तकोकार्यक्रम |
| ४. | श्रोतव्यक्ति | राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगको प्रतिवेदन लेखन | |

**सूचना, तथा सञ्चार एकाइ**

यस एकाइलाई तोकिएका जिम्मेवारीहरू निम्नानुसार रहेका छन्ः
–आयोगका आवश्यक सूचनालाई सञ्चारमाध्यमसमक्ष पुऱ्याउने,
–प्रेस विज्ञप्ति/प्रेस नोट तयारी,
–पत्रकार सम्मेलनको तयारी,
–मानव अधिकारपत्र सम्पादन र
–मानव अधिकारसम्बन्धी समाचार अनुगमन।

| **क्र.स.** | **सम्पादित कार्यहरू** | | |
|---|---|---|---|
| १. | प्रेस-विज्ञप्ति र प्रेस नोट तयारी एवम् वितरण | मानव अधिकारका विविध विषयमा ३० प्रेस-विज्ञप्ति र २३ प्रेस नोट जारी। | अनुसूची ११ मा प्रेस-विज्ञप्ति र प्रेस नोट सूची समावेश गरिएको छ। |
| २. | पत्रकार भेटघाट | – विस्तृत शान्तिसम्झौताका १२ वर्ष : मानव अधिकारको अवस्था।<br>– आयोगबाट आयोजना गरिएका विभिन्न २६ अन्तरक्रिया तथा छलफलहरूमा सञ्चारकर्मीहरूलाई आमन्त्रण। | |
| ३. | छलफल/ तालिम | –पत्रकारहरूको सुरक्षा संयन्त्रसम्बन्धी छलफल र<br>– काभ्रे जिल्लाको धुलिखेलमा मानव अधिकार र सञ्चारसम्बन्धी अभिमुखीकरण। | |
| ४. | प्रकाशन | – मानव अधिकारपत्र (मङ्सिर र चैत २०७५ र असार २०७६ गरी तीन अङ्क)<br>–सूचनामुलक सामग्री तथा कार्यक्रम तालिका (आयोगको वार्षिक क्यालेण्डर)। | |

| | | | |
|---|---|---|---|
| ५. | सहभागिता | –दैलेख र अछाम जिल्लामा आयोजित छाउपडीसम्बन्धी राष्ट्रिय जाँचबुझअन्तर्गत सार्वजनिक सुनुवाइ र<br>–उदयपुरको गाईघाटमा महिला स्वास्थ्य स्वयम्‌सेविकाहरूलाई मानव अधिकारसम्बन्धी आधारभूत तालिम । | |
| ६. | अन्य | –आयोगबाट सम्पादित त्रैमासिक कार्यसम्पादन विवरण तयार गरी राष्ट्रिय सूचना आयोग र सूचना प्रविधि तथा सञ्चार मन्त्रालयमा पेस ।<br>–आयोग एवम् अन्य सरोकारवाला निकायबाट आयोजित ४८ कार्यक्रममा सहभागी । | |

**मानव अधिकार स्रोत केन्द्र**

यस स्रोत केन्दलाई निम्नबमोजिम जिम्मेवारी तोकिएका छन्ः

– मानव अधिकार स्रोत केन्द्र सञ्चालन र
– आयोगका महत्वपूर्ण फाइलहरूको अभिलेखन ।

| **सम्पादित कार्यहरू** | | | |
|---|---|---|---|
| १ | पुस्तक व्यवस्थापन | –खरिद गरिएका पुस्तकः ११६ थान<br>–उपहारस्वरूप प्राप्तः ४० थान) | मानव अधिकार, कानुन आदि सँग सम्बन्धित पुस्तकहरू |
| २ | प्रकाशन वितरण | आयोगका प्रकाशन वितरणः २४,७०५ प्रति | आयोगबाट प्रकाशित प्रकाशनहरू |
| ३ | पत्रपत्रिकाको व्यवस्थापन | दैनिक, साप्ताहिक, मासिक आदि | |

# परिच्छेद - ६
# आयोग र सरकोकारवालाहरूबिच सम्बन्ध

## आयोग र राष्ट्रपति कार्यालय

सविधानतः आयोगले प्रत्येक आर्थिक वर्षमा सम्पादित कार्यहरूसमेत समावेश गरी वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष पेस गर्नुपर्दछ । राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत सो प्रतिवेदन छलफलका लागि सङ्घीय संसद्समक्ष पेस गर्नुपर्ने प्रावधान छ । सोही प्रावधानबमोजिम आयोगले प्रत्येक वर्ष राष्ट्रपतिसमक्ष आयोगद्वारा सम्पादित कामकारबाहीलगायतका विषय समावेश गरी प्रतिवेदन पेस गर्दै आएको छ। माननीय अध्यक्षको नेतृत्वमा सदस्य, सचिव र कर्मचारीसहितको टोलीले यस २३ मङ्सिर, २०७५ मा आयोगको वार्षिक प्रतिवेदन सम्मानीय राष्ट्रपतिलाई बुझाएको थियो । सो अवसरमा आयोगका माननीय अध्यक्षबाट आयोगले गरेका कार्यहरू, भोग्नुपरेका चुनौतीसहित मानव अधिकारका विविध पक्षहरूमाथि सङ्क्षेपमा  प्रकाश पार्नुभएको थियो । सम्माननीय राष्ट्रपतिबाट आयोगले विविध चुनौतीका अतिरिक्त पनि संवैधानिक दायित्व निर्वाह गरेकोमा आयोगलाई धन्यवाद दिनुभएको थियो । मानव अधिकारको संस्कृति विकासका लागि आफ्नो ठाउँबाट पहल गर्ने प्रतिबद्धतासहित आयोग थप सक्रियताका साथ आयोग अगाडि बढ्नुपर्नेमा उहाँको जोड थियो ।

## आयोग र नेपाल सरकार

मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपालनाको दायित्व मूलतः सरकारमा रहेको हुन्छ। आयोग संवैधानिक, स्वतन्त्र र स्वायत्त निकाय भए पनि कामकारबाहीको मामिलामा सरकारसँग प्रत्यक्षतः सम्बन्ध रहेको हुन्छ आयोगका सिफारिस कार्यान्वयनदेखि आर्थिक व्ययभारसम्मको दायित्व सरकारमा निहित हुन्छ । आयोगले आवश्यकता, विषयको गाम्भीर्यता र औचित्यतको आधारमा सरकारी निकायहरूबिच बैठक, छलफल, विमर्श, परामर्श हुँदै आएका छन् । छलफल र परामर्शका विषयहरूमा मानव अधिकारका मुद्दा र आयोगसँग सम्बन्धित आर्थिक र प्रशासनिकलगायतका विषयहरू रहिआएका छन् । आयोगले आफ्ना कार्यक्रमहरूमा नेपाल सरकारका प्रधानमन्त्री, मन्त्री, उच्चपदस्थ अधिकारी आदिलाई आमन्त्रण गर्ने गरेको छ। त्यसैगरी सरकारी निकायबाट हुने कार्यक्रमहरूमा आफ्नो सहभागिता हुने गरेको छ। सरकारी निकायसँग मुलुकको मानव अधिकार अवस्था, शान्तिसुरक्षा, मानव अधिकारका जल्लबल्दा मुद्दा, आयोगका सिफारिस आदिका सम्बन्धमा छलफल, अन्तरक्रिया सम्पन्न भएका छन् । मानव अधिकारको संरक्षण र संवर्द्धनमा सरकारलाई आवश्यक सहयोग गर्नुको साथै मुद्दाको आधारमा सरकारलाई सुझाव,  आवश्यक निर्देशन दिनुको साथै ध्यानाकर्षण गराउदै आएको छ।

विशेषतः आयोगले सङ्घ, प्रदेश र स्थानीय सरकारसँग विषयगत मुद्दामा बैठक, छलफलका साथै सहकार्य र समन्वयमा कार्य गर्दै आएको छ । मानव अधिकारसँग सम्बन्धित मुद्दामा केन्द्रित रही

सरकारसँग साझेदारी र खबरदारीसम्बन्धी कार्य हुँदै आएका छन् । सङ्घअन्तर्गत सरकार र आयोगबिच विभिन्न चरणमा विषय केन्द्रित मानव अधिकार संरक्षण र संवर्द्धनसम्बन्धी कार्यहरू सम्पन्न भएका छन् । रामाअआ ऐन संशोधन, सङ्क्रमणकालीन न्याय, मानव अधिकारको अवस्था लगायतका विषयमा सम्माननीय प्रधानमन्त्री र आयोगका अध्यक्षबिच छलफललाई यसैको प्रतिफल मान्न सकिन्छ । सङ्क्रमणकालीन न्यायलाई सम्बोधन गर्न आयोग र सम्बन्धित सरकारी निकायबिच छलफल/संवाद भएका छन् । कानुन मन्त्रीसहितको उपस्थिति रहेको यस प्रकृतिका कार्यक्रम विशेषतः पीडित र अन्तर र्राष्ट्रिय समुदायको, सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन संशोधनका विषयमा केन्द्रित थिए ।

आयोगले शान्तिसुरक्षा लगायत मानव अधिकारका समसामयिक विषयमा नेपाल सरकारका गृहमन्त्री रामबहादुर थापा बादलसँग मिति २०७५ भदौ २२ गते छलफल गरेको थियो । छलफलमा आयोगको तर्फबाट माननीय अध्यक्ष अनूपराज शर्माले सरकारको ध्यानाकर्षण गराउनुभएको थियो । ध्यानाकर्षण गराइएका विषयमा निर्मला पन्तको बलात्कारपछि हत्या भएको घटनाको अनुसन्धान प्रक्रियामा देखिएको त्रुटि र मुलुकमा भइरहेका मानव अधिकार उल्लङ्घन घटना आदि थिए । गृहमन्त्री थापाले लागुपदार्थ र इन्टरनेटको दुरूपयोगका कारण भइरहेको बलात्कार, महिला हिंसा, चन्दा आतंक, विष्फोट, तस्करी नियन्त्रण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइएको जानकारी गराउनुभएको थियो । आयोगले नेपाल प्रहरीसँगको सहकार्यमा सातै प्रदेशमा "महिला हिंसा न्यूनीकरण एवम् मानव अधिकार संरक्षणमा नेपाल प्रहरीको जवाफदेहिता" विषयक राष्ट्रिय अभियान सञ्चालन गरेको थियो ।

आयोगले स्थानीय तह न्यायिक समितिलाई लक्षित गरी पुस्तिका तयार पारेको थियो । विवाद समाधान सम्बन्धमा स्थानीय तह मानव अधिकार पुस्तिकाको विमोचन २०७५ कार्तिक १९ मा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री लालबहादुर पण्डित र आयोगका अध्यक्षबाट गरिएको थियो । दैलेख र अछाममा विद्यमान छाउपडी प्रथा उन्मुलनका लागि आयोग र नेपाल प्रहरीबिच समन्वय र सहकार्यमा विभिन्न कार्यक्रमहरू सम्पन्न भएका थिए । यसैगरी विषयगत मुद्दामा सम्बन्धित मन्त्रालय/निकायका अधिकारीहरूसँग बैठक/छलफल निरन्तरता पाएको थियो ।

आयोगका महत्त्वपूर्ण कार्यक्रमहरूमा सरकार प्रमुख, मन्त्रीहरूलाई प्रमुख अतिथि/अतिथिका रूपमा आमन्त्रण गर्दै आएको छ । मानव अधिकारका जल्दाबल्दा मुद्दाहरूमाथि ध्यानाकर्षण गराउँदै आएको छ । आयोगले सुरक्षा निकायबाट आफू मातहतका कर्मचारीहरूका लागि मानव अधिकारका विविध विषयमा हुने तालिममा स्रोत व्यक्तिका रूपमा सहभागी हुँदै आएको छ। यसको साथै सरकारी निकायबाट हुने मानव अधिकारसम्बन्धी कार्यक्रममा सहभागी बनी आफ्नो धारणा प्रस्तुत गर्दै आएको छ ।

मुलुक प्रादेशिक संरचनामा गएपछि आयोगले पनि सोहीअनुसार आफ्ना गतिविधि केन्द्रित गरेको छ। आयोग र प्रदेश, आयोग र स्थानीय सरकारसँग मानव अधिकारसँग सम्बन्धित विभिन्न कार्यक्रमहरू सम्पन्न भएका छन् । विशेष गरी स्थानीय सरकारसँग न्यायिक निरूपणसम्बन्धी विवाद समाधानमा मानव अधिकारको सवाललाई जोड दिएको छ । यसरी सम्पादित कार्यहरूलाई संवर्द्धन, महाशाखा, शाखा र एकाइअर्न्तगत समावेश गरिएको छ ।

## आयोग र राजनीतिक दल, नागरिक समाज/गैरसरकारी संस्था/पेसागत सङ्घसङ्गठनहरू

आयोगले सरोकारवालाहरूसँगको सहकार्य र समन्वयमा मानव अधिकार संरक्षण र संवर्द्धनसम्बन्धी कार्य गर्न सक्ने व्यवस्था संविधान र ऐनमा उल्लेख गरिएको छ। यसलाई थप व्यवस्थित र प्रभावकारी बनाउन आयोगले सहकार्यसम्बन्धी निर्देशिकाको सीमाभित्र रही कार्य गर्दै आएको छ। यस्ता कार्यहरू विशेषतः राजनैतिक दल, नागरिक समाज, मानव अधिकारको क्षेत्रमा क्रियाशील सङ्घसंस्थाहरू, गैसस एवम् पेसागत सङ्घसङ्गठन आदि रहेका छन् । यस आवमा आयोगबाट मानव अधिकारका विविध विषयहरूमाथि सरोकारवालाहरूसँगको सहकार्यमा ६५ पटक अनुगमन सम्पन्न भएको छ। त्यसैगरी सहकार्यमा ५६ प्रर्वद्धनात्मक कार्यहरू सम्पन्न भएका छन् । यसरी सम्पन्न कार्यहरूलाई अनुगमन र संवर्द्धनसम्बन्धी कार्यहरू शीर्षकअन्तर्गत अनुसूचीमा समावेश गरिएको छ।

## आयोग र अन्तर्राष्ट्रिय समुदाय

आयोगले अन्तर्राष्ट्रिय निकायहरूसँग पनि सहकार्य र समन्वयमा कार्यहरू गर्दै आएको छ । यस्ता संस्थाहरूमा विशेषतः एसिया प्यासिफिक फोरम र मानव अधिकार राष्ट्रिय संस्थाहरूको विश्वव्यापी सञ्जाल (Global Alliance of the National Human Rights Institutions), रहेका छन् । त्यसैगरी सम्बन्धित देशका मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरू र संयुक्त राष्ट्रसङ्घीय मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सङ्घसंस्था एवम् कुटनैतिक नियोग आदि छन् ।

यस आवमा राष्ट्रिय मानव अधिकार आयोग र दक्षिण एसियाली देशहरूको मानव अधिकारसम्बन्धी संस्थाको संयुक्त आयोजनामा २०७५/०७/२६–२९ सम्म काठमाडौँमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धमा कार्यशाला सम्पन्न भएको थियो। सो कार्यशालामा आयोगबाट तीन जना अधिकृत र एसिया प्यासिफिक क्षेत्रका मानव अधिकार संस्थाहरूका प्रतिनिधिहरू सहभागिता रहेको थियो। यस आवमा मानव अधिकार राष्ट्रिय संस्थाहरूको विश्वव्यापी सञ्जालले आयोगको, स्वतन्त्रता, स्वात्तता आदि पक्षलाई ध्यानमा राखी कार्यसम्पादन मूल्याङ्कन गरेको थियो। फागुन २७ देखि चैत १, २०७५ सम्म चलेको सो मूल्याङ्कन सत्रमा आयोगको 'क श्रेणी' को स्तरलाई यथावत कायम राखेको थियो । सो सञ्चालले सञ्जालले आयोगलाई पाँच बुँदे सिफारिस गरेको थियो । आयोगले यी दुवै संस्थाहरूबाट हुने विभिन्न सर्वेक्षणहरूमा सहभागिता जनाउदै आएको छ। मानव अधिकार परिषद्‌बाट समय-समयमा माग हुने मानव अधिकारका विविध विषयहरूमा प्रतिवेदन पेस गर्दै आएको छ। यसको साथै अन्तर्राष्ट्रिय तहमा राष्ट्रिय मानव अधिकार संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, दातृ निकाय, विदेशी दूतावाससँग पनि आवश्यकता, औचित्यताको आधारमा सहकार्य र सम्बन्ध भइरहेको छ। आयोग र यी निकायहरूबिच समय-समयमा मानव अधिकारको अवस्था, अध्ययन भ्रमण, आपसी सहयोग आदाप्रदान, अनुभव साटासाट भइरहेका छन् । यी कार्यहरूलाई यस आवमा पनि आयोगले निरन्तरता दिएको छ। वैदेशिक भ्रमणसम्बन्धी विवरण अनुसूची १२ मा समावेश गरिएको छ।

## परियोजनाहरू

आयोगले परियोजनाहरूको सहयोग र समन्वयमा मानव अधिकारसम्बन्धी कार्यक्रमहरू सम्पन्न भएका छन् । यस्ता परियोजनाहरूमा रणनीतिक योजना सहयोग परियोजना (Strategic Plan Support Project) र राष्ट्रिय मानव अधिकार आयोगको क्षमता अभिवृद्धि परियोजना (European Commission Delegation the European Union to Nepal) रहेका छन् ।

## रणनीतिक योजना सहयोग परियोजना

आयोगले युएनडीपीको सहयोग रहेको यस परियोजनाले आयोगलाई तालिम, कार्यशाला, अभिमुखीकरण/प्रकाशनलगायतका कार्यमा आर्थिक सहयोग पुऱ्याउँदै आएको छ ।

***परियोजनाको आर्थिक सहयोगमा यस वर्ष सम्पन्न कार्यक्रमहरू***

*(क) **तालिम तथा कार्यशाला***

- *डडेल्धुरा, रौतहट, सप्तरी र कपिलवस्तु जिल्लामा स्थानीय तहका न्यायिक समितिका २९८ जना पदाधिकारीहरूका लागि स्थानीय तहमा विवाद समाधान र मानव अधिकार विषयक तालिम,*
- *नागरिक समाज र मानसिक अपाङ्गता अपाङ्गता भएका व्यक्तिहरूका लागि मानसिक अपाङ्गता र मानव अधिकारसम्बन्धी तालिम,*
- *आयोगका कर्मचारीहरूका लागि मानव अधिकार र दिगो विकासका लक्ष्यहरू विषयक अभिमुखीकरण,*
- *काभ्रेमा सञ्चारकर्मीहरूका लागि मानव अधिकार र पत्रकारिता विषयक प्रदेश स्तरीय तालिम,*
- *जनकपुर र नेपालगन्जमा उपभोक्ता मानव अधिकारको अवस्था विषयक प्रदेश स्तरीय कार्यशाला र*
- *संविधान प्रदत्त मौलिक हकको कार्यान्वयनमा सङ्घीय र प्रदेश संसद्को भूमिका विषयमा सात प्रदेशमा प्रदेश स्तरीय कार्यशाला ।*

*(ख) **अध्ययन तथा मानव अधिकार प्रवर्द्धनात्मक कार्यक्रम***

- *नेपालमा मानसिक अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारको अवस्थाबारे अध्ययन,*
- *मानव अधिकार टेली चलचित्रसम्बन्धी तीन शृङ्खला निर्माण,*
- *आयोगका माननीय सदस्यसहित सात जनाबाट Mentoring visit to India NHRI on monitoring and investigation of case review and law procedure regarding the protection and promotion of human rights मा सहभागी,*
- *एसिया प्यासिफिक फोरमका राष्ट्रिय मानव अधिकार संस्थाहरूको २३ औं वार्षिक महासभा (हङकङ), Global Alliance of National Human Rights Institutions (GANHRI) द्वारा आयोजित Expanding the civic space and promoting and protecting human rights defenders, with a focus on women: The role of NHRIs विषयक अन्तर्राष्ट्रिय सम्मेलन (मोरक्को) तथा महिलाविरुद्ध हुने सबै प्रकारका विभेद उन्मुलन समितिको ७१औं सभा (जेनेभा) मा माननीयहरू सहभागी र*
- *नागरिक समाज र सञ्चार माध्यमँगका नियमित अन्तर्क्रियालगायतका कार्यक्रममा आयोगलाई सहयोग ।*

*(ग) **प्रकाशन***

***प्रतिवेदनः***

- *आयोगको सङ्क्षिप्त वार्षिक प्रतिवेदन (अनुवादसमेतः नेपालीबाट अङ्ग्रेजी),*
- *आदिवासी तथा जनजातिसम्बन्धी महासन्धि, १९८९ कार्यान्वयन अवस्था, (अङ्ग्रेजी अनुवादसमेत),*
- *वातावरण र मानव अधिकार र*
- *आप्रवासी कामदारको अधिकार ।*

***पुस्तिकाः***

- *विवाद समाधानमा स्थानीय तह (निर्देशिका तथा पुस्तिका) र*
- *मानव अधिकारसम्बन्धी जान्नुपर्ने कुराहरू ।*

***ब्रोसर***

- *आयोगको परिचय र जेष्ठ नागरिकको अधिकार ।*

## राष्ट्रिय मानव अधिकार आयोगको क्षमता अभिवृद्धि परियोजना

आयोगले यस परियोजनाको सहयोगमा सरकारी, मानव अधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी सङ्घसंस्थाहरू क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

***यस परियोजनाको सहयोगमा सम्पन्न कार्यहरू***

***विश्वव्यापी आवधिक समीक्षा***

- *नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयसँगको समन्वयमा विश्वव्यापी आवधिक समीक्षाको प्रक्रिया, यसका सिफारिसहरूको कार्यन्वयन तथा प्रतिवेदन तयारीसम्बन्धी तालिम,*
- *विश्वव्यापी आवधिक समीक्षाबाट प्राप्त सिफारिसहरूको कार्यन्वयनको अवस्था बारेमा अध्ययन गर्नका लागि मानव अधिकारसम्बन्धी विविध १५ विषयहरूमा स्थितिपत्र तयारीका लागि छनौट भई नियुक्त भएका विज्ञहरूलाई विषयगत स्थितिपत्र तयारीका लागि अभिमुखीकरण र*
- *आगामी सत्रका लागि विश्वव्यापी आवधिक समीक्षा प्रतिवेदन तयारीका लागि मानव अधिकारको क्षत्रमा क्रियाशील गैससका प्रतिनिधिहरूसँग छलफल।*

***मानव अधिकार अभिमुखीकरण***

- *आयोगको कार्यदिशा, नेपालको संविधान र मानव अधिकार/मौलिक हक, मानव अधिकार रक्षकहरूको भूमिका/सहकार्य, मानव अधिकार र कर्तव्य, विश्वव्यापी आवधिक समीक्षा लगायत विषयमा १५ जिल्लामा एक दिवसीय अभिमुखीकरण*

  *अन्य*
- *परियोजनाका बारेमा आयोगसँग (केका, प्रका, प्रशाखा) छलफल।*

विश्वव्यापी आवधिक समीक्षाको सिफारिसको कार्यान्वयन तथा अनुगमन, गैसस, मानव अधिकार रक्षकहरूसँग सहकार्य र समन्वयमा कार्य भइरहेको छ। “घरघरमा मानव अधिकार, विकास र शान्तिको आधार” भन्ने आह्वानका साथ आयोग क्रियाशील रहिआएको छ।

# परिच्छेद – ७
# उपलब्धि, चुनौती, समाधानका सम्भावित उपाय र भावी कदमहरू

## उपलब्धि

विगत वर्षमा झैँ यस आवमा पनि आयोगले मानव अधिकारको संरक्षण र संवर्द्धनसँग सम्बन्धित कार्यहरू प्राथमिकताका साथ अगाडि बढाएको छ । आयोगले "सबैका लागि घर-घरमा मानव अधिकार : शान्ति र विकासको आधार" भन्ने आह्वानलाई आधार मानी यस प्रकृतिका कार्यहरू सम्पन्न गरेको छ । सम्पादित कार्यहरूको आधारमा विविध उपलब्धिहरू हासिल भएका छन् । जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

## आयोगलाई पुन "ए" श्रेणीको मान्यता

राष्ट्रिय मानव अधिकार आयोग नेपाल यसको स्थापनाकालदेखि नै निरन्तर "क" श्रेणीमा रहिआएको छ। यस पटक पनि आयोग "क" श्रेणीलाई कायम राख्न सफल भएको छ। राष्ट्रिय मानव अधिकार संस्थाहरूको विश्वव्यापी सञ्जाल Global Alliance of National Human Rights Institution (GANHRI) ले राष्ट्रिय मानव अधिकार संस्थाहरूको मूल्याङ्कन गरी श्रेणी विभाजन गर्दछ। सन २०१९ मार्च ११ देखि १५ सम्म सम्पन्न सम्मेलनले नेपालको मानव अधिकार आयोगलाई यस श्रेणीमा कायम राखेको हो। पेरिस सिद्धान्तका मुल्यमान्यताहरू "स्वायत्तता, स्वतन्त्रता, प्रभावकारी साङ्गठनिक संरचनाका साथै मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा खेल्ने भुमिका" लाई श्रेणीको आधार बनाइएको हुन्छ।

## भवन निर्माणका लागि आयोगलाई जग्गा उपलब्ध

आयोगका प्रदेश कार्यालयहरूलाई स्थायी संरचनामा लैजान भवन निर्माणका लागि जग्गाको खाजी कार्य सुरुआत भएको छ । यसको आरम्भ जिल्ला समन्वय समिति धनगढीबाट भइसकेको छ । समितिले आफ्नो स्वामित्वको धनगढी नपा वडा न.२/ख कि.न.४८५ को ०-४- (चार कठ्ठा) जग्गा आयोगको प्रदेश कार्यालय र पत्रकार महासङ्घ जिल्ला शाखा कार्यालय धनगढीलाई भवन निर्माण प्रयोजनका लागि उपलब्ध गराएको छ। यसैगरी बाँकी प्रदेशमा प्रदेश सरकार, जिल्ला समन्वय समिति, पालिकाहरूसँग पनि यस विषयमा छलफल भइरहेको छ।

## उजुरी ग्रहण, अनुगमन र अनुसन्धान

यस अवधिलाई आयोगमा जम्मा २३२ उजुरीहरू दर्ता भएका छन् । मानव अधिकारसँग सम्बन्धित विषयमा २७७ पटक अनुमगन भएको छ । आयोगका कार्यालयहरूबाट उजुरीहरूमाथि अनुसन्धान सम्पन्न गरी निर्णयका लागि **५३५** उजुरी फायल निर्णयका लागि केन्द्रमा पठाइएको छ। आयोगले पुराना

र नयाँ गरी ६०० उजुरीमाथि अनुसन्धान सम्पन्न गरेको छ।

विषयवस्तुको गहनता र गाम्भीर्यताको आधारमा आयोगले विशेषज्ञ समिति गठन गरी सम्बन्धित मुद्दाको अनुसन्धान गर्दै आएको छ । यस आवमा आयोगले निर्मला पन्तको मुद्दामा विशेष समिति गठन गरी अनुसन्धान गरेको थियो। समितिले दिएको निष्कर्षलाई आधार आयोगले निर्णय गरी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा चार बुँदे सिफारिस र २४ बुँदे निर्देशनसहितको पत्राचार गरेको थियो।

## उजुरी निरूपण र सिफारिस

यस आवमा आयोगबाट अनुसन्धान सम्पन्न भएका जम्मा ६४९ उजुरीको निरूपण (**तामेली र खारेजी**) भएको छ। यसमा उजुरीगत १२० र नीतिगत १४ गरी जम्मा १३४ सिफारिस भएका छन् । त्यसैगरी तामेली ६०४ **र** खारेजी ४५ रहेका छन् ।

## संवर्द्धन

मानव अधिकार संवर्द्धनतर्फ पनि विभिन्न उपलब्धिहरू हासिल भएका छन् । यस आवमा अयोगबाट २१९ संवर्द्धनसम्बन्धी कार्यक्रमहरू सम्पन्न भएको देखिन्छ। विशेषतः न्यायिक विवाद समाधान गर्ने तर्फ स्थानीय तहलाई सक्षम, प्रभावकारी बनाउन आयोग सहयोगी भूमिकामा रहिआएको छ। यसका लागि आयोगले तालिम आयोजना गर्दै आएको छ। यसको साथै आयोगबाट आन्तरिक रूपमा तालिम, गोष्ठी छलफल, समीक्षा आदि गरी ४८ कार्यक्रम सम्पन्न भएका छन् ।

देश सङ्घीयतामा प्रवेश गरी तीन तहमा सरकार गठन भइसकको अवस्थामा आयोगले तीन ओटै सरकारसँग कार्य गर्दै आइरहेको छ । प्रदेशका मुख्य मन्त्री, मन्त्री, सचिवहरूसँग प्रदेशको मानव अधिकारको अवस्थाका बारेमा छलफल भएका छन् । यसमा मानव अधिकारको संरक्षण र संवर्द्धन, परिपालन, सहकार्य र समन्वयका साथ कसरी अगाडि जान सकिन्छ भन्ने विषय रहेका छन् । मानव अधिकारमैत्री कानुन निर्माण र सरकार सञ्चालन सम्बन्धमा प्रदेश सभामुख, प्रदेश मन्त्री, सभासद् र आयोग (माननीय अध्यक्ष र सदस्य) बिच छलफल हुँदै आएका छन् । यसको साथै आयोगले सात वटै प्रदेशका स्थानीय तहलाई लक्षित गरी मानव अधिकारमैत्री कानुन निर्माणमा विशेष जोड दिएको छ। स्थानीय तह र मानव अधिकार, स्थानीय तह र मानव अधिकारमैत्री कानुन निर्माणका लागि पत्राचारको साथै अभिमुखीकरण सञ्चालन गर्दै आएको छ । यस प्रकृतिका कार्यक्रममा स्थानीय तहका प्रमुख, उपप्रमुख, न्यायिक समितिका पदाधिकारी, वडा अध्यक्ष र सहस्यहरूको सहभागिता रहेको छ।

मानव अधिकार एवम् पेसागत सङ्घसंस्थाद्वारा आयोजित मानव अधिकारसम्बन्धी कार्यक्रमहरूमा (स्रोत व्यक्ति/विशेषज्ञ सेवा ४१ र प्रमुख अतिथि/अतिथि र सहभागी २७६ ओटा कार्यक्रम) सहभागी भएको छ। मानव अधिकारसम्बन्धी विभिन्न विषयगत मुद्दामा केन्द्रित रही रेडियो कार्यक्रम उत्पादन गरी उपत्याकाभित्र र बाहिर रहेका विभिन्न एफएमहरूबाट प्रसारण हुँदै आएको छ।

**प्रकाशन**

यस अवधिमा प्रतिवेदन, जर्नल र ब्रोसर गरी जम्मा २६ ओटा प्रकाशन भएका छन्, जसमा वार्षिकसहित लगायतका विषयगत प्रतिवेदनहरू रहेका छन् । प्रकाशित प्रतिवेदनहरू आप्रवासी कामदारको अधिकार, जातीय विभेद, वातावरण र प्रदुषण, मानव बेचबिखन, मानव अधिकारसम्बन्धी महत्त्वपुर्ण निणर्य आदि विषयसँग सम्बन्धित छन् । मानव अधिकार जर्नल **संवाहक**को प्रकाशनले अनुसन्धानमुलक मानव अधिकारका विषयलाई प्राथमिकता दिएको छ । यस आवमा जम्मा २२ जना लेखकहरूले जर्नलमा मानव अधिकारका विविध विषयमा कलम चलाएका छन् । प्रकाशित लेखहरूमा The slow Train to Justice, नेपालको संविधान र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार एक विधिशास्त्रीय विश्लेषण, Problems and Potentials Of Religious Peace building of Nepal Human Rights Situation of persons With Mental/Psychosocial Disability छन् । त्यस्तै यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको अधिकार र अवस्था, जातीय छुवाछुतका लागि धार्मिक क्षेत्रको भुमिका, ज्येष्ठ नागरिकको अवस्था लगायतका विषयमा अनुसन्धानमूलक लेख रहेका छन् । लेखमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा रहेका स्वच्छ सुनुवाइसँग सम्बन्धित व्यवस्था, नेपालको सङ्क्रमणकालीन व्यवस्था र मानव अधिकार, दलित बालबालिकाको अधिकार विषय पनि समावेश छन् । जातीय भेदभाव तथा छुवाछुतसम्बन्धी, व्यासाय र मानव अधिकार, मानव अधिकारको दृष्टिमा फौजदारी कार्यविधि संहिता, महिनावारीजन्य प्रचलन र महिला अधिकारलगायतका विषयले पनि स्थान पाएका छन् । सरकारी नीतिअनुरूप सार्वजनिक पद धारण गरेका अधिकारी/कर्मचारीहरूलाई लेखबापत पारिश्रमिक दिन मिल्ने देखिँदैन । यसको विकल्प खोज्न नसिकएमा मानव अधिकार जर्नल संवाहक बन्द हुने सम्भावना छ ।

**प्रेस विज्ञप्ति/ प्रेस नोट**

यस आवमा मानव अधिकारका समसामयिक विषयमा प्रेस विज्ञप्ति ३० र प्रेस नोट २३ जारी भएका छन् । त्यसैगरी बिस्तृत शान्तिसम्झौताका १२ वर्ष : मानव अधिकारको अवस्थाको सन्दर्भमा आयोगबाट पत्रकार सम्मेलन गर्नुको साथै मानव अधिकारका विविध विषयमा धारणा सार्वजनिक गर्न २६ पटक पत्रकार भेटघाट सम्पन्न भएका छन् ।

**जनशक्ति व्यस्थापन**

यस आवमा पनि आयोगले जनशक्ति व्यवस्थापनसम्बन्धी कार्यालय निरन्तरता दिएको छ । आयोगले लोकसेवा आयोगलाई परीक्षा लिन गरेको आग्रहबमोजिम आयोगमा रहेका रिक्त दरबन्दीहरूमध्ये १९ जनाको पदपूर्ति भएको छ । यसरी गरिएको पदपूर्तिमा निर्देशक दुई, उपनिर्देशक तीन र मानव अधिकार अधिकृत १२ र लेखा अधिकृत एक रहेका छन् ।

## सहकार्य र समन्वय

### राष्ट्रिय तहमा

यस आवमा आयोगले सहकार्य र समन्वयलाई निरन्तरता दिएको छ । सरकारी, गैसस, पेसागत सङ्घसंस्थाको सहकार्य र समन्वयमा ५६ कार्यक्रम सम्पन्न भएका छन् । मानव अधिकार एवम् पेसागत सङ्घसंस्थाद्वारा आयोजित मानव अधिकारसम्बन्धी कार्यक्रमहरूमा (स्रोत व्यक्ति/विशेषज्ञ सेवा ४१ र प्रमुख अतिथि/अतिथि र सहभागी २७६ कार्यक्रम) मा आयोग सहभागी भएको छ ।

### अन्तर्राष्ट्रिय तहमा

अन्तर्राष्ट्रिय रूपमा संयुक्त राष्ट्रसङ्घअन्तर्गतका निकाय, मानव अधिकार आयोगहरूको छाता सङ्गठन मानव अधिकार संस्थाहरूको विश्वव्यापी सञ्जाल (GANHRI), राष्ट्रिय मानव अधिकार संस्थाहरूको एसिया प्रशान्त मञ्च (Asia Pacific Forum of NHRI) लगायत दातृ निकाय, राजदूतावासहरूसँग सहकार्य र समन्वयमा कार्यसम्पादनलाई निरन्तरता दिएको छ । आयोगका माननीय अध्यक्ष, सदस्य र कर्मचारी तहबाट समय-समयमा छलफल, अनुभव आदानप्रदान, तालिम आदिका लागि अन्तर्राष्ट्रिय भ्रमण हुँदै आएको छ । यस आवमा आयोगका माननीय अध्यक्ष/सदस्यबाट २० र सचिव/कर्मचारीबाट ४२ कार्यक्रममा सहभागी भएको अवस्था छ । त्यसैगरी कर्मचारी तहबाट पनि वैदेशिक भ्रमणमा सहभागी भएको अवस्था छ ।

आयोग आफ्नो स्थापनाकालदेखि नै आन्तरिक र बाह्य चुनौतीका बिच अगाडि बढ्दै आएको छ । समय-परिस्थितिअनुसार चुनौतीहरू थपघट एवम् फेरबदल हुनु हुँदै जानु स्वाभाविक हो । विगतदेखिका कतिपय चुनौतीहरू अहिले पनि ज्यूँका त्यूँ छन् । यस आवमा पनि आयोग चुनौतीभन्दा बाहिर रहन सकेन । यी चुनौतीहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

## चुनौतीहरू

### आयोगका सिफारिसहरू कार्यान्वयन नहुनु

आयोगबाट मानव अधिकार संरक्षणअन्तर्गत मानव अधिकार अवस्थाको अनुगमन, मानव अधिकारको उल्लङ्घन/ दुरुत्साहन भएको भनी परेका उजुरीउपर अनुसन्धान हुँदै आएका छन् । यसरी गरिएका अध्ययन र अनुसन्धानबाट प्राप्त तथ्यको आधारमा आयोगले सरकार वा सम्बन्धित निकायलाई आवश्यक कारबाहीका लागि सिफारिस गर्दै आएको छ । आयोगका सिफारिस, निर्णय वा आदेश कार्यान्वयन बाध्यकारी मानिन्छ । यस सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १७ उपदफा (२) उपनियम (१) कुनै पदाधिकारी, व्यक्ति वा निकाय दोषी देखिएमा निजउपर आवश्यक कारबाही गर्न आयोगले सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउने व्यवस्था छ । उपनियम (३) मा पीडित व्यक्तिलाई उपचार प्रदान गर्न वा क्षतिपूर्ति दिनुपर्ने आयोगलाई लागेमा सो विषयमा समेत आदेश गर्ने प्रावधान छ । ऐनको दफा १८ ले आयोगको सिफारिस, आदेश वा निर्णय कार्यान्वयन

गर्नुपर्ने भनी उल्लेख गरेको छ । सिफारिस कार्यान्वयनमा कठिनाइ वा अप्ठ्यारो अवस्था रहेमा कारणसहित सिफारिस, निर्णय वा आदेश प्राप्त भएको मितिले दुई महिनाभित्र आयोगसमक्ष पठाउनुपर्ने भनिएको छ। यी प्रावधानहरूको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन।

महान्याधिवक्ता कार्यालयको पहलमा मानव अधिकार उल्लङ्घनका घटनामा मुद्दा चलाउन भनी गरेका सिफारिसहरूको कार्यान्वयनमा देखिएका जटिलताहरूको अध्ययन गरी सुझाव पेस गर्न एक कार्यदल गठन भएको थियो । कार्यदलमा प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, महान्यायाधिवक्ता र आयोगको कार्यालयका प्रतिनिधि रहेका थिए। कार्यदलका रहेका प्रतिनिधिहरूको जिम्मेवारी हेरफेरसँगै कार्यदल अलपत्र परेको छ। हालसम्म यसमा खासै प्रगति हुन सकेको छैन। आयोगले यस आ.व. २०७५/२०७६ मा नीतगत १४ र उजुरीगत १२० ओट सिफारिस भएको देखिन्छ।

आयोगले सरकारलाई कार्यान्वयनका लागि गरेको सिफारिसको अवस्था एकदम कमजोर छ । वि.स.२०५७ देखि २०७४ असार मसान्तसम्म आयोगले गरेका सिफारिस र तिनको कार्यान्वयनको अवस्था हेर्दा अत्यन्त न्यून देखिन्छ। कुल ८१० सिफारिसमध्ये १२.५ प्रतिशत पूर्ण कार्यान्वयन ४८.३ प्रतिशत आंशिक कार्यान्वयन र ३९.२ प्रतिशत विचाराधीन रहेको पाइन्छ। त्यसपछि आयोगले गरेका सिफारिसहरूको अवस्था पनि उस्तै छ । कार्यान्वयन भएका सिफारिसहरू प्रायः क्षतिपूर्ति उपलब्ध गराउने विषयसँग मात्र सम्बन्धित छन्। मानव अधिकार उल्लङ्घनका घटनामा संलग्नहरूमाथि कानुनी कारबाही र घटनाको अनुसन्धान गरी कानुनी कारबाही गर्नु भनी गरिएका सिफारिसहरूको कार्यान्वयन हुन नसकेको स्थिति छ।

**द्वन्द्वकालीन मुद्दाहरूको सम्बोधन हुन नसक्नु**

तत्कालीन नेकपा (माओवादी) ले वि.स. २०५२ फागुन १ बाट थालनी गरेको सशस्त्र युद्ध २०६३ मङ्सिर ५ मा औपचारिक रूपमा अन्त्य भएको थियो। सरकार र माओवादी नेतृत्व सशस्त्र द्वन्द्वसँग सम्बन्धित सङ्क्रमणकालीन न्यायसम्बन्धी मुद्दाहरूलाई टुङ्ग्याउन सहमत भएका थिए । सेना समायोजनजस्तो जटिल विषय निकास पाए पनि विविध प्रयत्नका अतिरिक्त हालसम्म पनि कतिपय मुद्दाहरूको सम्बोधन हुन सकेको छैन । सङ्क्रमणकालीन न्यायलाई सम्बोधन गर्न सत्यनिरूपण मेलमिलाप आयोग र बेपत्ता आयोगको गठन गरिए। दुई-दुई पटक आयोग र पदाधिकारीहरूको म्याद थपियो तर निकास आउन सकेन।

हाल आयोग अस्तित्वमा रहे पनि पदाधिकारीको नियुक्ति हुन सकेको छैन। पदाधिकारी नियुक्ति गर्न गठिन समिति आफैँमा अल्मलिएको अवस्था देखिन्छ। सङ्क्रमणकालीन न्यायको मर्मअनुसार सर्वोच्च अदालतको निर्णय र आयोगको सिफारिसबमोजिम ऐन संशोधन हुन नहुनु, दक्ष र आवश्यक जनशक्ति, स्रोतसाधनको अभाव, आन्तरिक कलह, दलीय स्वार्थ लगायतका कारण यस मुद्दाको सम्बोधन हुन सकेको छैन। राष्ट्रिय मानव अधिकार आयोगले गरेका अधिकांश सिफारिसहरू सशस्त्र द्वन्द्वसँग सम्बन्धित छन्। एकातिर आयोगका सिफारिस कार्यान्वयन नभइरहेको अवस्था र अर्कोतिर सङ्क्रमणकालीन आयोगहरू क्रियाशील नहुँदा यसको प्रत्यक्ष पीडा पीडितहरूले भोग्नुपरेको छ। फलतः यसको असर आयोगको कामकारबाहीमा पनि देखिँदै आएको छ।

**सरकारबाट आयोगलाई अपेक्षित सहयोग प्राप्त नहुनु**

राज्य/सरकार मानव अधिकारको संरक्षक मानिन्छ। मानव अधिकारको सम्मान, संरक्षण, परिपूर्ति र मानव अधिकार संस्कृति विकासमा सरकारको भूमिका विशेष महत्त्वपूर्ण मानिन्छ। मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूलाई आवश्यक सहयोग गर्नु राज्यको दायित्व हो । सरकारी निकायबाट सहयोग भए पनि अपेक्षित सहयोग प्राप्त हुन हुन सकेको छैन । संविधानतः मुलुक सङ्घीय संरचनामा गए पनि सरकारी असहयोगका कारण आयोगका कामकाकारबाही प्रभावित बन्न पुगेका छन् । वि.स. २०७४ असार ८ मा आयोगले साङ्गठनिक संरचनामा समयानुकूल परिमार्जन गरी स्वीकृतिका लागि सरकारसमक्ष पठाएको थियो। यस सम्बन्धमा आयोगले पटक-पटक ध्यानकर्षण गराए पनि सरकारले चासो दिएको पाइँदैन। यसबाट सुर्खेतमा खोल्न तय गरिएको ५ न. प्रदेश कार्यालय हालसम्म पनि खुल्न सकेको छैन। परिवर्तित सन्दर्भमा आयोगले अहिले पनि राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ बमोजिम आफ्ना कामकारबाही सञ्चालन गर्नुपरेको अवस्था छ। यस ऐनलाई संशोधन गर्न भनी मन्त्री परिषद्को बैठकले विधेयक संसद्मा पठाउने निर्णय गरेको थियो। संसदीय पक्रियाबमोजिम विधेयक पास हुने भए पनि सरकारको तर्फबाट पेस गरिएको विधेयकका कतिपय प्रावधानले कतै सरकार आयोगप्रति अनुदार बन्न खोजेको त होइन ? शङ्का उत्पन्न गराएको छ। विशेषतः विधेयकमा सर्वोच्च अदालतको फैसलाविपरीत मुद्दा चलाउने वा नचलाउने तजबिजी अधिकार महान्याधिवक्तामा निहित रहने प्रावधान राखिएको छ। प्रदेश शाखा कार्यालय खोल्ने सम्बन्धमा सरकारको स्वीकृति आवश्यक पर्ने जस्ता विषय समावेश गरिएका छन्। यी र यस्ता प्रावधानहरूले आयोगको स्वतन्त्रता र स्वायत्तता खोसिने निश्चित छ। सरकारका यस्ता कार्यले आयोगका कामकारबाहीमाथि अङ्कुश लगाउन खोजेको प्रतीत हुन्छ।

कानुनको पालना गर्नु सरकारको दायित्व हो । आफ्नो सीमा नाघी आयोगमाथि गरिने हस्तक्षेप निन्दनीय मानिन्छ। यस आवमा रातको समयमा प्रहरीद्वारा आयोगको प्रदेश न.५ शाखा कार्यालय, नेपालगन्जका सुरक्षा गार्डलाई धम्क्याउने कार्य भएको छ। आयोगको आकष्मिक बैठक चलिरहँदासम्म पनि आयोगको (५ न. प्रदेश शाखा कार्यालय, नेपालगन्ज) कार्यालय परिसरको घेराबन्दी गर्नुको साथै कार्यालय प्रमुखलाई दबाब दिएको अवस्था छ। यस्ता कार्य मानव अधिकार, कानुनी शासन विपरीत हुनुको साथै आयोगको स्वतन्त्रता, स्वायत्तता र मर्यादामाथिको ठाडो हस्तक्षेप हो।

**रामअआ र अन्य आयोगबिचको क्षेत्राधिकारबिच अस्पष्टता रहनु**

नेपालको वर्तमान संविधानले राष्ट्रिय मानव अधिकार आयोगका अलवा मानव अधिकारसँग सम्बन्धित छ ओटा विषयगत आयोगहरूको व्यवस्था गरिएको छ। यसरी गठन गरिएका आयोगमा राष्ट्रिय समावेशी आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय महिला आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारू आयोग र मुस्लिम आयोग रहेका छन्। रामअआ र यी आयोगबिचको क्षेत्राधिकार, कार्य प्रकृतिका बारेमा प्रस्टता छैन । यस विषयमा केन्द्रित रही बहस, छलफल भएको अवस्था पाइँदैन। आयोगहरूले गर्ने कार्यको सम्बन्धमा संविधान र ऐनमा उल्लेख गरिए पनि कामकारबाहीमा दोहोरोपना मुद्दा विषय एक भए पनि प्रतिवेदन फरक हुन सक्छ । यस्तो अवस्थामा कार्यान्वयन पक्षमा

जटिलता पैदा हुनुको साथै आयोगहरूबिचको सम्बन्धमा तिक्तता आउन सक्छ। फलतः यसको असर कामकारबाही पर्न सक्ने अवस्था रहन्छ।

**भौतिक पूर्वाधारको अभाव हुनु**

भौतिक स्रोत र साधनको हिसाबले आयोग स्थापनाकालदेखि विषम परिस्थितिबाट गुज्रदैं आएको छ। अहिले पनि यस अवस्थामा खासै सुधार आउन सकेको छैन। आयोगले अहिले पनि आवश्यक भौतिक, स्रोतसाधनको अभावमा कठिनाइपूर्वक कार्य गर्नुपरेको छ। जनशक्तिको अनुपातमा उचित एवम् चाहिने पूर्वाधार र स्रोतसाधन प्रयाप्त नहुँदा आयोगको कामकारबाहीमा बाधा पुग्न गएको अवस्था छ।

वि.स. २०७२ वैशाखमा आएको भूकम्पबाट क्षतिग्रस्त केन्द्रीय कार्यालयको भवन यस आवसम्म पनि निर्माण हुन सकेको छैन। आयोग हाल पुरानो भवनको अगाडि खाली रहेको जग्गामा प्रिफ्याव निर्माण गरी कार्य सञ्चालन भइआएको छ। वर्षा मौसममा कार्यालयभित्र पानी छिर्दा कामकारबाहीमा बाधा पर्नुको साथै भौतिक सम्पत्तिमा पनि क्षति पुगेको स्थिति छ। आयोगको मानव स्रोत केन्द्र (पुस्तकालय) मा वर्षामा पानी चुहिने हुँदा पुस्तकलगातका सामग्रीहरूको संरक्षणमा कठिनाइ भएको छ। आयोगका प्रदेश कार्यालय, प्रदेश शाखा कार्यालयहरू हालसम्म पनि भाडामा सञ्चालित छन्। यसबाट कार्यालय सानुपर्ने समस्या एकातिर विद्यमान छ भने अर्कोतिर आर्थिक व्ययभारमा वृद्धि भइरहेको अवस्था छ।

**पुरातन वा रुढीवादी मानसिकता विद्यमानतालाई निर्मुल गर्न नसक्नु**

नेपाली समाजको ठुलो हिस्सा अहिले पनि रुढीग्रस्त मानसिकता बोकेर बसेको छ। जतिसुकै अधिकार, स्वतन्त्रता, समानताका कुरा गरे पनि समाज जातीय भेदभाव, बोक्सी, छाउपडी र दहेजजस्ता कुप्रथाबाट मुक्त हुन सकेको छैन। यसको बढी मार महिलाहरूले व्यहोर्नुपरेको छ। जातको आधारमा ठुलो र सानो, पानी चल्ने र नचल्ने अवस्था छ बोक्सीको आरोपमा दिसापिसाव खुवाउने, कपाल मुडी घुमाउने, कुटपिट गर्ने र ज्यान लिनेसम्मका घृर्णित कार्यहरू अहिले पनि निमूल हुन सकेका छैनन्। दहेज नल्याएको वा कम ल्याएको भनी कुटपिट र जिउँदै जलाइने कार्य भइरहेका छन्। छाउपडी प्रथा अर्थात् छुई भएको अवस्थामा घरदेखि बाहिर गोठमा बस्नुपर्ने बाध्यताका कारण महिलाले ज्यान गुमाउनु परिरहेको छ। यस्ता कार्यमा राजनीतिक नेतृत्व पनि कुनै न कुनै रूपमा जोडिएको पाइन्छ। फलतः यसको प्रत्यक्ष असर मानव अधिकारको संरक्षण र संवर्द्धनमा परेको छ।

**आपसी समन्वयको अभावमा वाञ्छित प्रतिफल प्राप्त नहुनु**

मानव अधिकार संरक्षण र संवर्द्धनसम्बन्धी मुद्दामा अहिले पनि सरोकारवाला निकायहरूबिच समन्वय र सहकार्यको अभाव देखिन्छ। यो समस्या सरकारी-सरकारी, सरकारी र गैरसरकारी एवम् गैरसरकारी-गैरसरकारी संस्थाहरूबिच बढी मात्रामा देखिएको छ। यसबाट काम कम प्रतिवेदन बढी हुनुको एउटै काम पुनरावृत्ति भएको देखिन्छ। राम्रो परिणाम आएमा जस लिने र नकरात्मक नतिजा आएमा वा काम हुन नसकेमा पन्छिने वा दोष अरुमाथि थुपार्ने मनोवृत्तिमा सुधार आउन सकेको छैन। जुन प्रयोजनका लागि दर्जनौं संस्थाहरू कार्यरत छन्, त्यस क्षेत्रमा सोही समस्या विकराल छ। विकास निर्माणलगायतका कार्यहरू समयमा नगर्ने, बजेट फ्रिज हुने अवस्था सिर्जना भएपछि अन्तिम समयमा रातारात काम गर्ने

प्रवृत्तिमा वाञ्छित सुधार भएको पाइँदैन । अन्ततः रकम पनि सकिने प्रतिफल पनि नआउने स्थिति विद्यमान छ । मानव अधिकारको दृष्टिकोणबाट हेर्दा यसको सिधा नकरात्मक असर नागरिकको अधिकारमाथि पर्न गएको छ ।

**राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूको काम र खर्च अपारदर्शी हुनु**

मानव अधिकारको संरक्षण र संवर्द्धनका क्षेत्रमा कार्यरत राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूको पारदर्शिताको सम्बन्धमा अहिले पनि विभिन्न कोणबाट प्रश्नहरू उठिरहेका छन् । खर्च एवम् कामकारबाही पारदर्शी हुन वा बनाउन नसक्दा सर्वसाधारणसमेतमा संस्थाहरूप्रतिको छवि सकरात्मक देखिँदैन । यसको प्रत्यक्ष मार संस्थाको उद्देश्यबमोजिम कार्यरत संस्थाहरूले खेप्नुपरेको छ । संस्थाहरूको प्रतिवेदनमा उद्देश्य हासिल भएको देखिने तर व्यवहारमा समस्या जहाँको त्यही छ । संस्थाहरूबाट हुने कार्यक्रममा सहभागीहरूलाई भत्तालगायतका सुविधा दिने परिपाटीले विनाभत्ता कार्यक्रममा सहभागी नहुने र अरूप्रति निर्भर हुने मनोवृत्ति विकास हुन थालेको छ ।

**आयोगका कामकारबाहीहरू व्यवस्थित र गुणात्मक हुन नसक्नु**

मानव अधिकारको संरक्षण र संवर्द्धनमा आयोगले संवैधानिक र कानुनी दायित्वअनुसार कार्य सम्पन्न गर्दै आएको छ । यसरी सम्पादित कतिपय कार्यहरू व्यवस्थित र गुणात्मक रूपमा कमजोर देखिएका छन् । विशेषतः बजेट बाँडफाँडमा सूचना प्रविधिजस्ता महŒवपूर्ण विषयलाई ध्यान दिएको पाइँदैन । आयोगबाट प्रकाशित प्रकाशनहरूलाई एकद्वार प्रणालीमा लैजान नसक्दा गुणात्मक एवम् व्यवस्थापकीय पक्ष कमजोर देखिएको छ । आयोगका कतिपय गोप्य निर्णयहरू सार्वजनिक र निर्णय सार्वजनिक हुनुपूर्व नै सञ्चारमकाध्यमबाट प्रकाशन र प्रसारण भएका छन् । मानव अधिकार उल्लª\3gकर्ताको अभिलेख राख्ने कार्य (सार्वजनिक वार्षिक प्रतिवेदन, सम्बन्धित प्रतिवेदन, प्रेस विज्ञप्ति, पत्रकार सम्मेलन) मार्फत भए पनि आयोगबाट विशेष निर्णय गरी कारबाही अगाडि बढाउनुपर्ने देखिन्छ ।

## चुनौती समाधानका सम्भावित उपायहरू

माथि उल्लिखित चुनौतीहरूलाई सम्बोधन गर्न सरोकारवालाहरूले निम्नानुसार कार्य गर्न आवश्यक छ ः

**नेपाल सरकार**

(क) संविधान, ऐन, नियम कार्यान्वयनका लागि उपयुक्त वातावरण तय गर्न,
(ख) ऐन, नियम निर्माण गर्दा मानव अधिकारका मूल्यमान्यतालाई आत्मसात् गर्न,
(ग) सङ्क्रमणकालीन संयन्त्र (बेपत्ता पारिएका व्यक्ति छानबिन र सत्यनिरूपण तथा मेलमिलाप आयोग) लाई कामकारबाही गर्न सक्ने वातावरण (पदाधिकारी नियुक्ति, ऐन संशोधन, आवश्यक स्रोतसाधन र दक्ष जनशक्ति उपलब्धता आदि) निर्माण गर्न,
(ङ) गैरकानुनी कार्यमा संलग्न वा अदालतबाट दोषी ठहरिएका बाँकीई कानुनी दायरामा ल्याउन,
(च) कानुनी शासन र मानव अधिकारको सम्मान गर्दै दण्डहीनताको विरुद्धमा चालिएका कदम थप प्रभावकारी बनाउन,

(छ) (ग) आयोगका सिफारिसहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न,

(ज) आयोगलाई आवश्यक आर्थिक तथा भवनलगायत भौतिक स्रोत साधन उपलब्ध गराउन,

(झ) आयोगको वार्षिक प्रतिवेदन व्यवस्थापिका-संसद्मा पेस गरी छलफललाई निरन्तरता दिने वातावरण निर्माण गर्न ।

(ञ) राष्ट्रिय मानव अधिकार आयोगको स्वतन्त्रता र स्वायत्तता कायम रहने गरी ऐनमा संशोधन, मानव अधिकार सेवा विधेयकलाई तत्काल संसद्बाट पारित गर्ने व्यवस्था मिलाउन,

(ट) आयोगको साङ्गठानिक संरचनलाई तत्काल स्वीकृत गर्न र

(ठ) सङ्घीय संरचनाअनुसार मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्न-गराउन ।

(ड) मानव अधिकारसँग सम्बन्धित वा आयोगसँग सम्बन्धित मुद्दामा समन्वय र सहकार्यका साथ अगाडि बढ्न ।

**राजनीतिक दल**

(क) संविधानलाई कार्यान्वयको तहमा लैजान आवश्यक पहल गर्न,

(ख) दण्डहीनतालाई प्रश्रय नदिन, कानुनी शासन, मानव अधिकारको सम्मान र संरक्षणमा खलल हुन नदिन,

(ग) मानव अधिकारको सम्मान, संरक्षण, विकास निर्माणजस्ता कार्यमा सरकारलाई विशेष सहयोग गर्न र

(घ) मानव अधिकारसम्बन्धी विषय हेर्न विशेष निकाय स्थापना गर्ने । स्थापित संयन्त्रमार्फत मानव अधिकार र आयोगसँग सम्बन्धित विषयमा समन्वय र सहकार्यका साथ अगाडि बढ्न ।

**अन्यः**

सबै सराकारवाला (नागरिक समाज, मानव अधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्था, व्यवसायिक सङ्घसङ्गठन, नागरिकहरू आदि) हरूबाट मानव अधिकारको मुद्दामा आवश्यकताअनुसार सरकार र आयोगसँग सहकार्य, समन्वय साथै खबरदारी गर्न ।

## भावी कदमहरू

मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाको हैसियतमा आयोगले संरक्षण, संवर्द्धन, परिपालना र संस्कृति विकासका लागि कार्य गर्दै आएको छ । विशेषतः संविधान, ऐन, नियमावली, निर्देशिका र आयोगद्वारा तर्जुमा गरिएको रणनीतिक योजना (२०१५–२०२०) को आधारमा आयोग अगाडि बढिरहेको अवस्था छ ।

विशेषतः विगतमा संविधान, ऐनमा समावेश मानव अधिकारका मूल्यमान्यतालाई आयोगले कुन हदसम्म सम्बोधन गर्न सक्यो ? सुधार गर्नुपर्ने पक्षहरू के-के छन् ? अवसर र चुनौती लगायतका पक्षमा थप छलफल गरी अगाडि बढ्नुपर्ने अवस्था छ । आयोग र पीडित, आयोग र गैसस/नागरिक समाज, पेसागत सङ्घसङ्गठन, सरोकारवाला, आयोग र सरकार, आयोग र मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय

संस्थाहरू, दातृ निकाय आदि सँगको सहकार्य र समन्वय सम्बन्धमा आशातित परिणाम हासिल हुन सके-नसकेको छलफल गरी आगामी रणनीति तय गर्नु वाञ्छनीय हुने देखिन्छ।

मुलुक सङ्घीय संरचनामा प्रवेश गरिसकेको छ। तीन तहमा सरकार निर्माण भई कामकारबाही अगाडि बढिरहेको अवस्था छ। मानव अधिकारको अनुभूति विशेषतः आयोगको क्रियाशीलता र सरकारको प्रतिबद्धता र कार्यान्वयनमा निर्भर हुन्छ। यसका लागि स्थानीय, प्रदेश र सङ्घीय सरकारसँग सहकार्य र समन्वयसाथ जानुपर्ने देखिन्छ। संसद्, सरकार, संवैधानिक निकाय, राजनीतिक दल, नागरिक समाज, गैसस एवम् सरोकारवालाहरू (नागरिक) सँगको सहकार्य र समन्वयलाई थप उचाइमा लैजानुपर्ने अवस्था छ। यसको साथै मानव अधिकारसँग सम्बन्धित राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय सङ्घसंस्था/दातृ निकाय आदिसँगको सम्बन्धलाई पनि परिवर्तित सन्दर्भअनुसार समयानुकूल र अझ मजबुत तुल्याउने तर्फ अग्रसर हुनुपर्ने स्थिति छ।

माथि उल्लिखित पक्षलाई हेर्दा आयोगका अगाडि अवसर र चुनौतीहरू पनि छन् । यसका लागि आयोगले निम्नानुसार आवश्यक कदम चाल्नुपर्ने देखिन्छः

(क) मानव अधिकार ऐन एवम् अन्य मानव अधिकारसँग सम्बन्धित ऐनमा समयसापेक्ष सुधारका लागि थप पहल गर्ने।

(ख) प्रदेश र स्थानीय तहमा मानव अधिकारमैत्री कानुन निर्माणमा विशेषज्ञ सेवा उपलब्ध गराउन।

(ग) आयोगका सिफारिसहरूको प्रभावकारी कार्यान्वयन संयन्त्र निर्माणका लागि पहल गर्ने।

(घ) नेपाल पक्ष भएका विभिन्न महासन्धिअनुरूप राज्यलाई दायित्व निर्वाह गर्ने वातावरण निर्माणका लागि सहयोग पुऱ्याउन।

(ङ) मानव अधिकारका चुनौती विषयमा प्राथमिकता भनी निर्धारण गरिएका मुद्दालाई सम्बोधन गर्न योजनागत कार्य अगाडि बढाउन।

(च) सङ्क्रमणकालीन संयन्त्र अपेक्षित रूपमा क्रियाशील हुन नसकेको अवस्थामा भावी दिनमा आयोगले अवलम्बन गर्नुपर्ने रणनीति तयार गरी अगाडि बढ्न।

(छ) राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय रूपमा सरकारवाला निकायसँगको सम्बन्धलाई बदलिँदो परि स्थितिअनुसार विकसित गर्ने।

घरघरमा मानव अधिकार, शान्ति र विकासको आधार ! आह्वानलाई सार्थक तुल्याउनु आयोगको दायित्व हो। विनाभेदभाव, जुनसुकै धर्म, जात, रङ, वर्ण, आर्थिक हैसियत, राष्ट्यिता सबैका लागि सधैँका लागि लागु हुने मानव अधिकारको कुनै सीमा पनि हुँदैन। मानव अधिकारका मूलभूत वा स्थापित मूल्य-मान्यताबिना समानता, न्याय, मानव मर्यादाको परिकल्पना पनि सम्भव हुँदैन। अतः राष्ट्रिय वा अभिभावकीय संस्थाको हैसियतले आयोगले विगतबाट अनुभव लिई सविधान, ऐन र रणनीतिक योजनामा केन्द्रित भई बदलिँदो परिस्थितअनुसार आफ्ना कामकारबाहीहरूलाई समयानुकूल अगाडि बढाउनुपर्ने आवश्यकता छ।

## अनुसूची खण्ड

### अनुसूची – १

| आयोग पदाधिकारी र कर्मचारीहरूको नामावली | | |
|---|---|---|
| **क्र.स.** | **नाम** | **पद** |
| १. | मा अनूप राज शर्मा | अध्यक्ष |
| २ | मा. प्रकाश वस्ती | सदस्य |
| ३ | मा.सुदिप पाठक | सदस्य |
| ४ | मा.मोहना अन्सारी | सदस्य |
| ५ | मा. गोविन्द शर्मा पौडयाल | सदस्य |
| **कर्मचारीहरू** | | |
| **क्र.स.** | **नाम** | **पद** |
| १ | वेदप्रसाद भट्टराई | सचिव |
| २ | मुरारीप्रसाद खरेल | निर्देशक |
| ३ | टीकाराम पोखरेल | निर्देशक |
| ४ | नवराज सापकोटा | निर्देशक |
| ५ | बुद्धनारायण साहनी | उपनिर्देशक |
| ६ | हरिप्रसाद ज्ञवाली | उपनिर्देशक |
| ७ | लोकनाथ बास्तोला | उपनिर्देशक |
| ८ | मञ्जु खतिवडा रेग्मी | उपनिर्देशक |
| ९ | मायादेवी शर्मा | उपनिर्देशक |
| १० | सन्तोष आचार्य | उपनिर्देशक |
| ११ | श्यामबाबु काफ्ले | उपनिर्देशक |
| १२ | स्वर्णिमा भण्डारी | उपनिर्देशक |
| १३ | कमल थापा क्षेत्री | मानव अधिकार अधिकृत |
| १४ | घनश्याम भण्डारी | मानव अधिकार अधिकृत |
| १५ | कैलाशकुमार सिवाकोटी | मानव अधिकार अधिकृत |
| १६ | कल्पना झा | मानव अधिकार अधिकृत |
| १७ | दिपेन्द्रबहादुर सिंह | मानव अधिकार अधिकृत |
| १८ | यशोदा बन्जाडे | मानव अधिकार अधिकृत |
| १९ | कल्पना बस्याल (घिमिरे) | प्रशासकीय अधिकृत |
| २० | अम्बिका घिमिरे | मानव अधिकार अधिकृत |
| २१ | अनिशकुमार पौडेल | मानव अधिकार अधिकृत |

| | | |
|---|---|---|
| २२ | बाबुकाजी के.सी. | सुरक्षा अधिकृत |
| २३ | दिपक नेपाली | मानव अधिकार अधिकृत |
| २४ | दिव्यकुमार झा | मानव अधिकार अधिकृत |
| २५ | दिपा आचार्य अधिकारी | मानव अधिकार अधिकृत |
| २६ | दुर्गा पोखरेल | मानव अधिकार अधिकृत |
| २७ | जीवन न्यौपाने | मानव अधिकार अधिकृत |
| २८ | जितेन्द्र कार्की | लेखा अधिकृत |
| २९ | तारा वाग्ले | मानव अधिकार अधिकृत |
| ३० | कल्पना नेपाल (आचार्य) | मानव अधिकार अधिकृत |
| ३१ | खिमानन्द बस्याल | मानव अधिकार अधिकृत |
| ३२ | किरणकुमार बराम | मानव अधिकार अधिकृत |
| ३३ | कृष्ण नारायण श्रेष्ठ | लेखा अधिकृत |
| ३४ | कुमारी महरा | मानव अधिकार अधिकृत |
| ३५ | कुमारी शरणा उराँव | मानव अधिकार अधिकृत |
| ३६ | लक्ष्मी पौडेल( लमजुङ) | मानव अधिकार अधिकृत |
| ३७ | लक्ष्मी राई | प्रशासकीय अधिकृत |
| ३८ | लोककुमार श्रेष्ठ | मानव अधिकार अधिकृत |
| ३९ | मधु सुनाम | मानव अधिकार अधिकृत |
| ४० | मन्दिरा श्रेष्ठ | मानव अधिकार अधिकृत |
| ४१ | मोहन काफ्ले | मानव अधिकार अधिकृत |
| ४२ | पम्फादेवी मैनाली | मानव अधिकार अधिकृत |
| ४३ | पूर्णिमा राना | मानव अधिकार अधिकृत |
| ४४ | रविता त्वाती | सूचना प्रविधि अधिकृत |
| ४५ | रविलाल नेपाली | अधिकृत तृतीय |
| ४६ | राजेन्द्रप्रसाद न्यौपाने | मानव अधिकार अधिकृत |
| ४७ | रन्जिता शाह | मानव अधिकार अधिकृत |
| ४८ | रेगम महर्जन | मानव अधिकार अधिकृत |
| ४९ | रेखा बास्तोला | मानव अधिकार अधिकृत |
| ५० | रुना महर्जन | मानव अधिकार अधिकृत |
| ५१ | रुपाश्री निरौला | मानव अधिकार अधिकृत |
| ५२ | सन्ध्या कुमारी पुडासैनी | मानव अधिकार अधिकृत |
| ५३ | सोमनाथ सुवेदी | मानव अधिकार अधिकृत |
| ५४ | सुजाता लोहनी | मानव अधिकार अधिकृत |

| | | |
|---|---|---|
| ५५ | सुशिला रिजाल | अधिकृत तृतीय |
| ५६ | उषाकिरण मेघी | मानव अधिकार अधिकृत |
| ५७ | अनिजकुमार परियार | सहायक प्रथम |
| ५८ | डेगराज भट्टराई | सहायक प्रथम |
| ५९ | किरणप्रसाद घिमिरे | सहायक प्रथम |
| ६० | मणिराम थापा | सहायक प्रथम |
| ६१ | माया गैरे | सहायक प्रथम |
| ६२ | मिथिलाविहारी हुजेदार | सहायक प्रथम |
| ६३ | मुक्तिराम सुवेदी | सहायक प्रथम |
| ६४ | निलम परियार | सहायक प्रथम |
| ६५ | पवन भण्डारी | सहायक प्रथम |
| ६६ | सफला लामिछाने | सहायक प्रथम |
| ६७ | सागर श्रेष्ठ | सहायक प्रथम |
| ६८ | समन मानन्धर | सूचना प्रविधि तथा अभिलेख सहायक |
| ६९ | सम्झना घिमाल | लेखापाल |
| ७० | बालमुकुन्द कार्की | हलुका सवारी चालक |
| ७१ | भरत गिरी | हलुका सवारी चालक |
| ७२ | भीमबहादुर खत्री | हलुका सवारी चालक |
| ७३ | भीमबहादुर लामा | हलुका सवारी चालक |
| ७४ | कुमार तामाङ | हलुका सवारी चालक |
| ७५ | नरबहादुर घर्ती | हलुका सवारी चालक |
| ७६ | राजकुमार घिमिरे | हलुका सवारी चालक |
| ७७ | रामकृष्ण थारु | हलुका सवारी चालक |
| ७८ | रामशरण श्रेष्ठ | हलुका सवारी चालक |
| ७९ | सङ्ग्रामजीत लामा | हलुका सवारी चालक |
| ८० | यादव पौडेल | हलुका सवारी चालक |
| ८१ | खगेन्द्र थापामगर | सुरक्षागार्ड |
| ८२ | कृष्ण श्रेष्ठ | सुरक्षागार्ड |
| ८३ | अजिता ढकाल | कार्यालय सहयोगी |
| ८४ | विन्दा पाण्डे | कार्यालय सहयोगी |
| ८५ | विनिता केसी | कार्यालय सहयोगी |
| ८६ | चन्द्रकला विष्ट | क्लिनर |
| ८७ | ज्ञानेन्द्र महर्जन | कार्यालय सहयोगी |

| | | |
|---|---|---|
| ८८ | हिरामाया महर्जन | क्लिनर |
| ८९ | इन्दिरा पोखरेल | कार्यालय सहयोगी |
| ९० | इन्द्रबहादुर सुवाल | माली |
| ९१ | लालबहादुर लामा | कार्यालय सहयोगी |
| ९२ | लक्ष्मण राना | कार्यालय सहयोगी |
| ९३ | नारायण महर्जन | माली |
| ९४ | प्रमोद राय | कार्यालय सहयोगी |
| ९५ | राधा दाहाल | कार्यालय सहयोगी |
| ९६ | राजन सापकोटा | कार्यालय सहयोगी |
| ९७ | रोजीना तामाङ | कार्यालय सहयोगी |
| ९८ | सावित्री मरासिनी | कार्यालय सहयोगी |
| ९९ | सर्मिला तामाङ | कार्यालय सहयोगी |
| १०० | सरोज कार्की | कार्यालय सहयोगी |
| १०१ | शान्ता सेढाई (खकुरेल) | कार्यालय सहयोगी |
| १०२ | सूर्यकान्त खतिवडा | कार्यालय सहयोगी |
| १०३ | तारा बास्तोला | कार्यालय सहयोगी |

**प्रदेश न. १ कार्यालय, विराटनगर**

| क्र.स. | नाम | पद |
|---|---|---|
| १ | मोहनदेव जोशी | उपनिर्देशक |
| २ | गिताकुमारी दाहाल | मानव अधिकार अधिकृत |
| ३ | चिरञ्जीवि कोइराला | मानव अधिकार अधिकृत |
| ४ | दिपकुमार यादव | मानव अधिकार अधिकृत |
| ५ | विन्दा अधिकारी | लेखापाल |
| ६ | खिला रेग्मी | सहायक प्रथम |
| ७ | राजिवकुमार कर्ण | सहायक प्रथम |
| ८ | विष्णु पराजुली | हलुका सवारी चालक |
| ९ | ज्ञानचन्द्र राजबंशी | सुरक्षागार्ड |
| १० | पदमबहादुर श्रेष्ठ | सुरक्षागार्ड |
| ११ | शेरसिं दर्लामी मगर | सुरक्षागार्ड |
| १२ | देवेन्द्र रेग्मी | कार्यालय सहयोगी |
| १३ | मथुरा थापा रेग्मी | कार्यालय सहयोगी |

**प्रदेश न. २ कार्यालय, जनकपुर**

| क्र.स. | नाम | पद |
|---|---|---|
| १ | वीरबहादुर बुढामगर | उपनिर्देशक |
| २ | दीपक कार्की | लेखा अधिकृत |
| ३ | गणेशराज जोशी | मानव अधिकार अधिकृत |
| ४ | कृष्णप्रसाद मिश्र | मानव अधिकार अधिकृत |
| ५ | मनमाया राना मगर | मानव अधिकार अधिकृत |
| ६ | रेखा दत्त | मानव अधिकार अधिकृत |
| ७ | विभा ढुङ्गाना | जनसम्पर्क सहायक |
| ८ | नवलकिशोर सिंह | सूचना प्रविधि तथा अभिलेख सहायक |
| ९ | सरोजकुमार मण्डल | हलुका सवारी चालक |
| १० | अभिमन्युकुमार सिंह | सुरक्षा गार्ड |
| ११ | गम्भिरकान्त झा | सुरक्षा गार्ड |
| १२ | रामविनय मण्डल | सुरक्षा गार्ड |
| १३ | रामनन्दन शाह | कार्यालय सहयोगी |
| १४ | शशिभुषण सिंह | कार्यालय सहयोगी |

**प्रदेश न. ३ कार्यालय, सानेपा**

| क्र.स. | नाम | पद |
|---|---|---|
| १ | यज्ञप्रसाद अधिकारी | निर्देशक |
| २ | सरिता ज्ञवाली | उपनिर्देशक |
| ३ | जायश्वर चापागाई | मानव अधिकार अधिकृत |
| ४ | लक्ष्मी पौडेल (स्याङ्जा) | मानव अधिकार अधिकृत |
| ५ | पवित्रा भण्डारी | मानव अधिकार अधिकृत |
| ६ | रारा कर्मचार्य | लेखा अधिकृत |
| ७ | रेवा रेग्मी | मानव अधिकार अधिकृत |
| ८ | लोकनाथ घिमिरे | सहायक प्रथम |
| ९ | अस्मिता पोखरेल | सूचना प्रविधि तथा अभिलेख सहायक |
| १० | निर्मला बोगटी | लेखापाल |
| ११ | श्रीराम कार्की | हलुका सवारी चालक |
| १२ | प्रेमकुमार चौधरी | सुरक्षागार्ड |
| १३ | प्रदिप सुवेदी | कार्यालय सहयोगी |

**गण्डकी प्रदेश कार्यालय, पोखरा**

| क्र.स. | नाम | पद |
|---|---|---|
| १ | दिपकजंगध्वज कार्की | निर्देशक |
| २ | नितु गर्तौला | उपनिर्देशक |
| ३ | ज्योतीप्रसाद घिमिरे | मानव अधिकार अधिकृत |
| ४ | खिमलाल सुवेदी | मानव अधिकार अधिकृत |
| ५ | सरु श्रेष्ठ | मानव अधिकार अधिकृत |
| ६ | टंकप्रसाद खनाल | मानव अधिकार अधिकृत |
| ७ | विनोद परियार | सहायक प्रथम |
| ८ | कृष्णप्रसाद अधिकारी | लेखापाल |
| ९ | सन्तोष बराल | सूचना प्रविधि तथा अभिलेख सहायक |
| १० | हरि तामाङ | हलुका सवारी चालक |
| ११ | दामोदर पौडेल | सुरक्षा गार्ड |
| १२ | देवु खवास | कार्यालय सहयोगी |

**प्रदेश न. ५ कार्यालय, बुटवल**

| क्र.स. | नाम | पद |
|---|---|---|
| १ | सम्झना शर्मा | निर्देशक |
| २ | पवनकुमार भट्ट | उपनिर्देशक |
| ३ | दिपक ठाकुर | मानव अधिकार अधिकृत |
| ४ | इन्द्रजित साहनी | मानव अधिकार अधिकृत |
| ५ | सेली गौतम | मानव अधिकार अधिकृत |
| ६ | नारायण बस्नेत | लेखा अधिकृत |
| ७ | विमला नेपाली लाखे | सहायक प्रथम |
| ८ | घनश्याम थारु चौधरी | हलुका सवारी चालक |
| ९ | गौतम रणपाल | सुरक्षा गार्ड |
| १० | हरिप्रसाद लामिछाने | सुरक्षा गार्ड |
| ११ | सुर्यमणि चौधरी | सुरक्षा गार्ड |
| १२ | मेनुका पोखरेल | कार्यालय सहयोगी |
| १३ | टीकाराम पन्थी | कार्यालय सहयोगी |

**सुदुरपश्चिम प्रदेश कार्यालय,, धनगढी**

| क्र.स. | **नाम** | **पद** |
|---|---|---|
| १ | झंकरबहादुर रावल | उपनिर्देशक |
| २ | दयाराम पाठक | मानव अधिकार अधिकृत |
| ३ | धनराज शाही | मानव अधिकार अधिकृत |
| ४ | नेत्रबहादुर गौतम | मानव अधिकार अधिकृत |
| ५ | प्रकृति सिंह | मानव अधिकार अधिकृत |
| ६ | भुपेन्द्रबहादुर धामी | लेखापाल |
| ७ | विदेशराम चौधरी | सहायक प्रथम |
| ८ | विकाश राई | हलुका सवारी चालक |
| ९ | गोरखबहादुर खत्री | सुरक्षा गार्ड |
| १० | नृप शाही | सुरक्षा गार्ड |
| ११ | शंकरराज पाठक | सुरक्षा गार्ड |
| १२ | वीरबहादुर साह | कार्यालय सहयोगी |
| १३ | तिलु थापा | कार्यालय सहयोगी |

**प्रदेश न. १ शाखा कार्यालय, खोटाङ**

| क्र.स. | **नाम** | **पद** |
|---|---|---|
| १ | सुबोध पोखरेल | मानव अधिकार अधिकृत |
| ३ | सुमित्रादेवी राई | मानव अधिकार अधिकृत |
| २ | सीता रेग्मी | मानव अधिकार अधिकृत |
| ३ | भीमसेन थापा मगर | सहायक प्रथम |
| ५ | गायत्री खत्री | लेखापाल |
| ६ | अमरबहादुर रावल | सुरक्षा गार्ड |
| ७ | ज्ञानबहादुर दहाल | सुरक्षा गार्ड |
| ८ | युवराज रिजाल | कार्यालय सहयोगी |

**प्रदेश न. ५ शाखा कार्यालय, नेपालगन्ज**


| क्र.स. | नाम | पद |
|---|---|---|
| १ | चन्द्रकान्त चापागाईं | उपनिर्देशक |
| २ | वसन्त अर्याल | मानव अधिकार अधिकृत |
| ३ | द्वारिकाकुमारी अधिकारी | मानव अधिकार अधिकृत |
| ४ | मानबहादुर कार्की | मानव अधिकार अधिकृत |
| ५ | रमेश रावत | मानव अधिकार अधिकृत |
| ६ | सीता उप्रेती | मानव अधिकार अधिकृत |
| ७ | विजया उप्रेती मैनाली | लेखा अधिकृत |
| ८ | अजितकुमार ठाकुर | सहायक प्रथम |
| ९ | महिमा चौधरी | सहायक प्रथम |
| १० | सुलोचन चौधरी | सूचना प्रविधि तथा अभिलेख सहायक |
| ११ | रेशमबहादुर थापा मगर | हलुका सवारी चालक |
| १२ | भरतसिंह परियार | सुरक्षा गार्ड |
| १३ | हरिबहादुर केसी | सुरक्षा गार्ड |
| १४ | सन्तोष चन्द | कार्यालय सहयोगी |
| १५ | टीकाराम अधिकारी | कार्यालय सहयोगी |

**कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला**

| क्र.स. | नाम | पद |
|---|---|---|
| १ | रमेशकुमार थापा | मानव अधिकार अधिकृत |
| २ | नरेन्द्र खत्री | लेखापाल |
| ३ | जीवन महत | सुरक्षा गार्ड |
| ४ | बालसिं सुनार | कार्यालय सहयोगी |

# अनुसूची– २

## साङ्गठनिक संरचना



## अनसूची – ३

## आयोगमा दर्ता भएका उजुरीहरू

**मासिक रूपमा दर्ता भएका उजुरीहरू**

| महिना | केन्द्रीय कार्यालय | प्रदेश कार्यालय | | | | | प्रदेश शाखा कार्यालय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ललितपुर | विराटनगर | जनकपुर | नेपालगञ्ज | धनगढी | पोखरा | सानेपा | खोटाङ | बुटवल | जुम्ला | |
| साउन | २ | ६ | – | | १ | – | १२ | ६ | २ | – | २९ |
| भदौ | – | ३ | ३ | १ | २ | २ | १९ | १ | १ | – | ३२ |
| असोज | – | १ | ४ | – | – | ४ | ६ | १ | – | – | १६ |
| कार्तिक | – | – | २ | – | – | – | ७ | – | – | – | ९ |
| मङ्सिर | – | २ | १ | – | १ | – | ४ | – | – | – | ८ |
| पुस | – | २ | ५ | ३ | – | – | ४ | – | १ | – | १५ |
| माघ | १ | – | ४ | १ | – | २ | ११ | १ | – | १ | २१ |
| फागुन | – | १ | ४ | - | ४ | ९ | ८ | – | – | – | २६ |
| चैत | – | १ | २ | १ | २ | ४ | १ | – | – | १ | १२ |
| वैशाख | – | १ | ५ | - | १० | ३ | ९ | १ | ३ | १ | ३३ |
| जेठ | १ | – | २ | - | – | ३ | ८ | १ | – | १ | १६ |
| असार | – | २ | २ | | ३ | - | ७ | – | १ | - | १५ |
| | ४ | १९ | ३४ | ६ | २३ | २७ | ९६ | ११ | ८ | ४ | २३२ |

## महासन्धिमा आधारित उजुरीहरू

| क.स. | महासन्धि | विषय | केका | प्रदेश कार्यालय | | | | | | प्रदेश शाखा कार्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ललितपुर | विराटनगर | जनकपुर | पोखरा | नेपालगञ्ज | धनगढी | सानेपा | खोटाङ | बुटवल | जुम्ला | |
| १. | नागरिक/ राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि | न्याय-प्रशासन | | १ | ५ | ९ | ४ | ४ | २० | २ | ३ | | ४८ |
| | | धम्की/दुव्यवहार | | | २ | १ | | | १० | | | | १३ |
| | | गैरकानुनी थुना | | | | | | ४ | | | १ | १ | ६ |
| | | जीवनको अधिकार | | ३ | | १ | १ | | ६ | | | १ | १२ |
| | | कैदीबन्दीको अधिकार | १ | | | | | | | | | | १ |
| | | विस्थापितको अधिकार | | | | | | २ | | | | | २ |
| | | स्वतन्त्रता/ सभा-सम्मेलनको अधिकार | | | | | | | | | | | |
| | | क्षतिपूर्ति | | | ५ | १ | | | २ | | | | ८ |
| | | स्थिति अज्ञात | | | | | १ | | | | | | १ |
| | | हत्या | | | ४ | | | २ | ४ | १ | | | ११ |
| | | आवतजावतको स्वतन्त्रता | | | | | | | ४ | | | | ४ |
| | | गोपनियताको हक | | | | | | | १ | | | | १ |
| | | कुटपिट | | १ | | १ | | | ४ | | | | ६ |
| | | सूचनाको हक | | | | | | | | १ | | | १ |
| २. | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि | | | | | | | | | १ | १ | १ | ३ |
| | | स्वच्छ वातावरणको अधिकार | | १ | | १ | | १ | २ | | | | ५ |
| | | संस्कृतिमाथि प्रहार | | | | | | | १ | | | | १ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | खाद्य अधिकार | | १ | | | | | | | | | १ |
| | | आवासको अधिकार | | | | | | | ३ | | | | ३ |
| | | सम्पत्तिको अधिकार | | १ | ३ | | | २ | २ | १ | | | ९ |
| | | स्वास्थ्यको अधिकार | | | | | | २ | १ | | | | ३ |
| | | सामाजिक सुरक्षाको अधिकार | | | | | | | | | | | |
| | | शिक्षाको अधिकार | | | १ | | | | | | | | १ |
| | | रोजगारीको अधिकार | | २ | | | | | ५ | | १ | | ८ |
| | | उपभोक्ताको अधिकार | | | | | | | १ | | | | १ |
| ३. | यातना तथा क्रूर अमानवीय व्यवहारविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि | तेस्रो लिङ्गीमाथि दुरव्यवहार | | | | | | | १ | | | | १ |
| | | प्रहरीद्वारा दुर्व्यवहार | | | ३ | | | ३ | १ | | | | ७ |
| | | शारीरिक/ मानसिक यातना | | १ | ३ | | | | ८ | १ | १ | १ | १५ |
| ४. | बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि | बाल अधिकार | | १ | १ | ६ | | | १ | | | | ९ |
| | | शारीरिक दण्ड | | | | | | | | | | | |
| ५. | महिला अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि | कार्यस्थलमा दुर्व्यवहार | | | | | | | | | | | |
| | | बोक्सीको आरोपमा कुटपिट | | | | १ | | | १ | | | | २ |
| | | घरेलु हिंसा | | २ | | | | | ५ | | | | ७ |
| | | महिला अधिकार | | | | १ | | | ३ | | | | ४ |
| | | महिला हिंसा | | १ | ३ | | | | २ | | | | ६ |
| | | गालीबेइज्जति र दुर्व्यवहार | | १ | | | | | | | | | १ |
| | | बलात्कार | | १ | | | | २ | | १ | | | ४ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६. | आप्रवासी कामदार र तिनका परिवारको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि | | २ | १ | | | | | | | | | ३ |
| ७. | व्यक्ति बेपत्ता पार्ने कार्यविरुद्धको अन्तर ाष्ट्रिय महासन्धि | | | | | | | | ७ | २ | १ | | १० |
| ८. | सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि | | | | ४ | २ | | १ | १ | १ | | | ९ |
| ९. | अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि | | | | | २ | | | | | | | २ |
| १०. | अन्य | –ज्येष्ठ नागरिकको अधिकार<br>–मानव बेचबिखन | १ | १ | | १ | | | | | | | ३ |
| | | | ४ | १९ | ३४ | २७ | ६ | २३ | ९६ | ११ | ८ | ४ | २३२ |

## अनुसूची – ४

## अनुगमन विवरण

### केका, ललितपुर

| क्र.स. | अनुगमनको विषय | अनुगमन मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | डा. गोविन्द के.सी.को स्वास्थ्य अवस्था | २०७५/४/१० | काठमाडौं | माननीय सदस्य सुदिप पाठकसहित माानव अधिकार अधिकृतहरूको टोली |
| २ | काठमाडौं तराई फास्टट्र्याकको कार्यान्वयन अवस्था | २०७५/४/३० | ललितपुर | माननीय सदस्य सुदिप पाठकसहित महाशाखा प्रमुख र मानव अधिकार अधिकृतहरूको टोली |
| ३ | अनशनरतः यज्ञराज पन्तको स्वास्थ्य अवस्था | २०७५/८/११ | काठमाडौं | |
| ४ | अन्तर्राष्ट्रिय आप्रवासी कामदारका विविध पक्ष | २०७५/९/०३ | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल तथा अध्यागमन विभाग, काठमाडौं | माननीय सदस्य सुदिप पाठकसहित माानव अधिकार अधिकृतहरूको टोली |
| ५ | निजामति कर्मचारी समायोजन अध्यादेशको विरोधमा कर्मचारीद्धारा गरिएको विरोध | २०७५/९/०३ | स्थानीय निकाय, ललितपुर | |
| ६ | वातावरण र विकासको अधिकार | २०७५/९/१०–१७ | मोरङ, सुनसरी र इलाम | –तीन अनुगमन सम्पन्न<br>–माननीय सदस्य सुदिप पाठकसहित उप-निर्देशक र मानव अधिकार अधिकृत |
| ७ | भारतीय नागरिक हेमधार सेनापतिको अनसन र स्वास्थ्य अवस्था | २०७५/१२/२२ | आयोगको प्रदेश नं. ३ को कार्यालय प्राङ्गण, ललितपुर | |
| ८ | बम विस्फोटको घटनामा परी घाइते महेन्द्र तामाङको स्वास्थ्य अवस्था र अस्पतालमा प्रहरीको निगरानी | २०७६/३/०६ | काठमाडौं | |

**प्रदेश न. १ कार्यालय, विराटनगर**

| क.स. | अनुगमनको विषय | अनुगमन मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | कारागारको अवस्था | २०७५/४/२ | सुनसरी | |
| २ | वैदेशिक रोजगारमा रहेको अवस्थामा बलात्कार | २०७५/४/६ | झापा | |
| ३ | कारागारको अवस्था | २०७५/४/७ | सुनसरी | |
| ४ | प्रहरी हिरासतमा रहेका नेकपा (विप्लव)-का कार्यकर्ता पदमबहादुर राईको अवस्था | २०७५/४/८ | जिल्ला प्रहरी कार्यालय, हिरासत कक्ष, मोरङ | |
| ५ | .... महिला र जन्मिएको शिशुको उद्दार | २०७५/४/११ | झापा | |
| ६ | मानव अधिकारको संरक्षणसम्बन्धी निवेदन | २०७५/४/११ | सुनसरी | |
| ७ | कारागार र हिरासतको अवस्था | २०७५/४/१६ | सुनसरी | |
| ८ | आयोगमा दर्ता भएका उजुरीको अवस्था | २०७५/४/१६–१७ | झापा | |
| ९ | विषयुक्त पानी पिउँदा दुई दर्जन विद्यार्थीहरू बिरामी शीर्षकमा प्रकाशित समाचार | २०७५/४/३० | मोरङ | |
| १० | हिरासतको अवस्था | २०७५/५/४ | सुनसरी | |
| ११ | आप्रवासी कामदारको अधिकार | २०७५/५/५ | सुनसरी | |
| १२ | जबरजस्ती करणी | २०७५/५/५ | सुनसरी | |
| १३ | महिलाविरुद्धको हिंसा | २०७५/६/२–८ | उदयपुर | |
| १४ | उपचार पाउनबाट वञ्चित | २०७५/६/८ | मोरङ | |
| १५ | उपभोक्ताको अधिकार | २०७५/६/१३–१९ | झापा | |
| १६ | उपचार खर्च तिर्न नसकी आमाछोरी अस्पतालमा बन्धक | २०७५/७/१४ | मोरङ | |
| १७ | प्रहरी हिरासतमा रहेका थुनुवाहरू आवश्यक भोजनबाट वञ्चित | २०७५/७/२० | सुनसरी | |
| १८ | हत्याको विषयमा भएको बन्द | २०७५/८/५ | सुनसरी | |

| | | | | |
|---|---|---|---|---|
| १९ | प्रदूषणको कारण मानव स्वास्थ्यमा परेको प्रतिकूल असर | २०७५/८/२० | सुनसरी | |
| २० | पक्राउपश्चात् हिरासतमा शारीरिक र मानसिक यातना | २०७५/११/५ | जिल्ला प्रहरी कार्यालय, मोरङ | |
| २१ | भारतबाट १७९ जना व्यक्तिहरूको उद्दारपछिको अवस्था | २०७५/११/६–७ | झापा | |
| २२ | जिल्लामा मानव बेचबिखन तथा ओसार पसारको अवस्था | २०७५/११/१३ | मोरङ | |
| २३ | स्वाथ्यवस्था र हिरासतको अवस्था | २०७५/१२/१६–१७ | सुनसरी | दुई अनुगमन सम्पन्न |
| २४ | प्रहरी हिरासतको अवस्था | २०७५/१२/१९ | मोरङ | |
| २५ | उपभोक्ताको अधिकार | २०७५/१२/२०–२५ | इलाम | |
| २६ | कारागार तथा हिरासतको अवस्था | २०७६/०१/०३–८ | भोजपुर | |
| २७ | धर्मनिरपेक्षता खारेजीलगायतका मागसहित राप्रपा नेपालको प्रर्दशन | २०७६/०१/०६ | मोरङ | |
| २८ | ऋषिदेव परिवारलाई अन्तरजातीय विवाहको कारण पिउने पानीबाट वञ्चित | २०७६/०१/३१ | बुढीगङ्गा गापा २, मोरङ | |
| २९ | कारागार तथा हिरासतको अवस्था | २०७६/०३/१२–१७ | धनकुटा र झापा | दुई अनुगमन सम्पन्न |
| ३० | कैदीबन्दीलाई यातना | २०७६/०३/०४ | जिल्ला कारागार, मोरङ | |
| ३१ | बाढीबाट प्रभावित क्षेत्रका बासिन्दाहरूको अवस्था | २०७६/०३/२९ | प्रदेश नं १ का सबै जिल्ला | |

**प्रदेश न. २ कार्यालय, जनकपुर**

| क.स. | अनुगमनको विषय | अनुगमन मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | महिला हिंसा | २०७५/५/२०–२६ | सिरहा | |
| २ | मानव अधिकार शिक्षा | २०७५/५/२८–६–३ | सप्तरी | |
| ३ | अपहरणपछि हत्या | २०७५/५/१८ | महोत्तरी | |
| ४ | बोक्सीको आरोपमा कुटपिट | २०७५/६/२३ | धनुषा, औरही | |
| ५ | स्वास्थ्य र शिक्षाको अवस्था | २०७५/६/१०–१६ | बारा विश्रमापुर, गापा, रौतहट | |

| | | | | |
|---|---|---|---|---|
| ६ | घरघरमा मानव अधिकार शिक्षा र जातीय विभेदको अवस्था | २०७५/५/२८ –६–३ | सिरहा र सप्तरी | दुई अनुगमन सम्पन्न |
| ७ | बोक्सीको आरोप | २०७५/६/२३ | धनुषा, औरही | |
| ८ | शिक्षाको अधिकार र मानव अधिकार अवस्था | २०७५/६/१०–१६ | वारा विश्रमापुर, दुर्गाभगवती, गापा, रौतहट | दुई अनुगमन सम्पन्न |
| ९ | महिला हिंसा, बोक्सी, बलात्कारको सम्बन्धमा | २०७५/८/११–१६ | धनुषा | |
| १० | जातीय विभेदको अवस्था | २०७५/९/१२–१३ | सर्लाही | |
| ११ | जातीय विभेदको अवस्था | २०७५/९/१६–१७ | सिरहा | |
| १२ | दलित वस्तीहरूको २५ घरजग्गा व्यक्तिको नाममा नाम सारी | २०७५/९/२०–२१ | सिरहा | |
| १३ | आवतजावतको अधिकार | २०७५/१०/८–९ | सिरहा र धनुषा | दुई अनुगमन सम्पन्न |
| १४ | करेन्ट लागी मृत्यु | २०७५/१०/१४ | धनुषा | |
| १५ | करेन्ट लागी मृत्यु | २०७५/१०/१७ | धनुषा | |
| १६ | अपाङ्ग दलित बालिकाको बलात्कार पश्चात हत्या | २०७५/११/५ | धनुषा | |
| १७ | अपाङ्गहरूको मानव अधिकार अवस्था | २०७५/१२/२६–३० | महोत्तरी | |
| १८ | भूमीहीन र सुरक्षाकर्मीबिच झडप र त्यसपछिको अवस्था | २०७५/१२/१४–१५ | सप्तरी | |
| १९ | जिल्लामा टोर्नेडोको कारण भएको जनधनको क्षति | २०७५/१२/१८–२० | बारा | |
| २० | उपभोक्ताको मानव अधिकार | २०७६/१/ ४ | धनुषा | मा.मोहना अन्सारीसहितको टोली |
| २१ | प्रहरी हिरासतको अवस्था | २०७६/१/८–१३ | सप्तरी, पर्सा र धनुषा | तीन अनुगमन सम्पन्न |
| २२ | जबरजस्ती करणी | २०७६/१/१९–२० | धनुषा | |
| २३ | महिला हिंसा | २०७६/१/२६ | धनुषा | |
| २४ | उपभोक्ताको मानव अधिकार, कारागार र हिरासतको अवस्था | २०७६/२/१५–२० | सप्तरी र सिराहा | दुई अनुगमन सम्पन्न |
| २५ | सामूहिक अधिकारको अवस्था | २०७६/३/२–७ | सिराहा | |
| २६ | विद्यार्थीमाथिको शारीरिक सजाय | २०७६/३/४ | सर्लाही | |
| २७ | बाढीबाट पुगेको धनजनको क्षति र त्यसपछिको अवस्था | २०७६/३/३० | सप्तरी | |

**प्रदेश न. ३ कार्यालय, सानेपा**

| क.स. | अनुगमनको विषय | अनुगमन मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | डा. गोविन्द के.सी.को स्वास्थ्य अवस्था | २०७५/४/६ | काठमाडौँ | |
| २ | नेकपाका प्रवक्ता खड्गबहादुर विश्वकर्माको बन्दीप्रत्यक्षीकरणको सुनुवाइ (पुनः पक्राउनको सम्भावना) | २०७५/४/३१ | काठमाडौँ | |
| ३ | खड्गबहादुर विश्वकर्मा (प्रकाण्ड) को सुनुवाइ (पुनः पक्राउनको सम्भावना) | २०७५/५/७ | काठमाडौँ | |
| ४ | प्रहरी हिरासतको अवस्था | २०७५/५/२१ | काठमाडौँ | |
| ५ | कञ्चनपुरका दिलिप विष्टको स्वास्थ्य अवस्था | २०७५/५/२१ | काठमाडौँ | |
| ६ | नेपाल पत्रकार महासङ्घको प्रदर्शन कार्यक्रम | २०७५/५/२२ | काठमाडौँ | |
| ७ | हिरासतमा राखिएका बन्दीहरूको अवस्था | २०७५/५/२८ | महानगरीय प्रहरी वृत, दरबारमार्ग काठमाडौँ | |
| ८ | केन्द्रीय कारागारको अवस्था | २०७५/६/१ | काठमाडौँ | |
| ९ | निर्मला पन्तको घटनामा भएको विरोध प्रदर्शन | २०७५/६/१८ | काठमाडौँ | |
| १० | प्रहरी हिरासतको अवस्था | २०७५/६/१९–२५ | चितवन/ मकवानपुर | दुई अनुगमन सम्पन्न |
| ११ | आठ वर्षिय बालक प्रयास कुँवरको अपहरण गरी हत्या | २०७५/८/१४ | काठमाडौँ | |
| १२ | –मानव अधिकार अवस्था<br>–कार्यालय स्थापनार्थ भवन अवलोकन | २०७५/९/१–७ | मकवानपुर | दुई अनुगमन सम्पन्न |
| १३ | कारागारको अवस्था | २०७५/९/४ | मकवानपुर | |
| १४ | मानव अधिकार अवस्था<br>–कार्यालय स्थापनार्थ भवन अवलोकन<br>–कारागारको अवस्था | २०७५/९/१–७ | मकवानपुर | तीन अनुगमन सम्पन्न |
| १५ | डा. गोविन्द के.सी.को आमरण अनसन | २०७५/१०/६ | काठमाडौँ | |
| १६ | द्वन्द्वपीडित, पूर्वसेना,प्रहरीका परिवारले गरेको विरोध कार्यक्रम | २०७५/१०/८ | काठमाडौँ | |
| १७ | डा. गोविन्द केसीको अनसनको समर्थनमा स्वास्थ्य संस्थाहरूको रिले अनसन | २०७५/१०/१५ | काठमाडौँ | |
| १८ | भद्रबन्दी गृहको अवस्था | २०७५÷१०÷२३ | केन्द्रीय कारागार, काठमाडौँ | |
| १९ | भारतबाट उद्दार गरी माइती नेपालमा ल्याइएका महिलाको अवस्था | २०७५/११/३–१० | काठमाडौँ | |
| २० | अस्थायी शिक्षकको धर्ना | २०७५/११/२१ | काठमाडौँ | |
| २१ | आर्थिक,सामाजिक र सांस्कृति अधिकारको अवस्था | २०७५/११/२४–३० | काभ्रेपलाञ्चोक | |

| | | | | |
|---|---|---|---|---|
| २२ | नेकपा विप्लप समूहका कार्यकर्ताको बन्दीप्रत्यक्षीकरण मुद्दाको क्रममा पुनःगिरफ्तारको अवस्था | २०७५/१२/१ | काठमाडौँ | |
| २३ | सडक बिस्तारबाट प्रभावितहरूको विरोध प्रदर्शन | २०७५/१२/१३ | ललितपुर | |
| २४ | मानव अधिकार अवस्था | २०७५/१२/१३ | प्रहरी हिरासत, ललितपुर | |
| २५ | हिरासतको अवस्था | २०७५/१२/१३ | सिन्धुपाल्चोक | |
| २६ | मानव अधिकार अवस्था | २०७५/१२/१९ | प्रहरी हिरासत, ललितपुर | |
| २७ | राष्ट्रिय प्रजातन्त्र पार्टीको प्रदर्शन कार्यक्रम | २०७६/१/६ | काठमाडौँ | |
| २८ | अवस्था र यातना भएको भनिएको घटना सम्बन्धमा | २०७६/१/१६ | सोह्रखुट्टे, लैनचौर प्रहरीवृत,काठमाडौँ | |
| २९ | अस्थायी शिक्षक केन्द्रीय सङ्घर्ष समितिबाट भएको आमरण अनसन | २०७६/१/२५ | काठमाडौँ | |
| ३० | राजेश महतो र गायत्री साहको स्वास्थ्य अवस्था | २०७६/१/२६ | महानगरीय प्रहरी परिसर, ललितपुर | |
| ३१ | आमरण अनसन/धर्ना | २०७६/२/१ | शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, भक्तपुर | |
| ३२ | विद्यार्थी दिवसको सन्दर्भमा ११ विद्यार्थी सङ्गठनद्वारा आयोजित विरोध सभा/धर्ना | २०७६/२/१ | काठमाडौँ | |
| ३३ | पत्रकार मानव अधिकारकर्मीद्वारा बानेश्वरमा गरिएको धर्ना विरोध (प्रेस स्वतन्त्रता बन्देज तथा आयोगको क्षेत्राधिकार खुम्च्याउने विधेयकको विरोध) | २०७६/२/३ | काठमाडौँ | |
| ३४ | विष्णुमति नदीको फोहोरबाट सिर्जित अवस्था | २०७६/२/१५ | काठमाडौँ | |
| ३५ | उपचारको लागि भर्ना गरिएका ज्ञानेन्द्र शाहीसमेतको स्वास्थ्य अवस्था | २०७६/२/१७–१८ र १९ | वीर अस्पताल ट्रमा सेन्टर, काठमाडौँ | |
| ३६ | गुठी विधेयकविरुद्धमा भएको आन्दोलनको अवस्था | २०७६/३/४ | माइतीघर मण्डला, काठमाडौँ | |
| ३७ | लोकतन्त्रका लागि नागरिक खबरदारी | २०७६/३/७ | माइतीघर मण्डला, काठमाडौँ | |
| ३८ | गुठी विधेयक खारेजीको माग गर्दै भएको प्रर्दशन | २०७६/३/८ | वसन्तपुर दरबार, काठमाडौँ | |
| ३९ | नेकपा (माओवादी) विप्लव समूह द्वारा आह्वान गरिएको नेपाल बन्दको अवस्था | २०७६/३/१० | काठमाडौँ | |
| ४० | भद्रकाली मन्दिरमा कथित माताले महिलामाथि गरेको हिंसाको घटना | २०७६/३/१२ | काठमाडौँ | |

| | | | | |
|---|---|---|---|---|
| ४१ | कारागारको अवस्था | २०७६/३/१३ | नख्खु, ललितपुर | |
| ४२ | खाद्यान्न उद्योगको अवस्था | २०७६/३/२० | काठमाडौँ | |

**गण्डकी प्रदेश कार्यालय, पोखरा**

| क.स. | अनुगमनको विषय | अनुगमन मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | बाल अधिकार (बालश्रम र बाल विवाह)-को अवस्था | २०७५/४/१७ | पोखरा मनपा ३२, कास्की | |
| २ | कारागारको अवस्था | २०७५/६/१०–१६ | तनहुँ,लम्जुङ र गोरखा | तीन अनुगमन सम्पन्न |
| ३ | अपाङ्गता भएका व्यक्तिहरूको अवस्था | २०७५/७/११–१७ | बेनी नपा र मङ्गला गापा, म्याग्दी | दुई अनुगमन सम्पन्न |
| ४ | महिलामाथिको हिंसा | २०७५/७/१४ –२० | तनहुँ | |
| ५ | मानव अधिकार उल्लंघनका घटना | २०७५/७/११–१३ | लमजुङ | |
| ६ | मानव अधिकार उल्लंघनका घटना | २०७५/७/३०–८–३ | तनहुँ | |
| ७ | आप्रवासी कामदारको अधिकारको अवस्था | २०७५/८/१२–१८ | तनहुँ | |
| ८ | स्वास्थ्य अधिकारको अवस्था | २०७५/८/२८–९–५ | म्याग्दी | |
| ९ | कारागार तथा प्रहरी हिरासतको अवस्था | २०७५/१०/२८–११–३ | तनहुँ र स्याङ्जा जिल्ला | दुई अनुगमन सम्पन्न |
| १० | १५ वर्षीय होमबहादुर विकको कुटपिटका कारण मृत्यु | २०७५/११/८ | भद्रकाली माध्यमिक विद्यालय कुडहर, कास्की | |
| ११ | विद्यार्थीहरूद्धारा भएको तोडफोड | २०७५/११/ १०–१४ | पोखरा विश्वविद्यालय केन्द्रीय कार्यालय, कास्की | |
| १२ | महिला हिंसा | २०७५/११/२८–४ | बागलुङ | |
| १३ | कर्मचारी समायोजनप्रति असन्तुष्ट चिकित्सकहरूको विरोधको कारण अस्पतालको सेवा अवरुद्ध | २०७५/१२/२६ | कास्की | |
| १४ | दृष्टिविहीन अपाङ्गता भएका बालबालिकाहरूको स्रोत कक्षा सञ्चालनको अवस्था | २०७६/१/३१ | कास्की | |
| १५ | बालबालिकामाथि अमानवीय व्यवहार | २०७६/१/३१ | कास्की | |
| १६ | मानव अधिकारको अवस्था | २०७६/२/३– ८ | तनहुँ र स्याङ्जा | दुई अनुगमन सम्पन्न |

| | | | | |
|---|---|---|---|---|
| १७ | अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको अवस्था | २०७६/२/३–९ | पर्वत | |
| १८ | बलात्कार पीडित बालिकाको बकपत्र र त्यसपछिको अवस्था | २०७६/२/५ | जिल्ला अदालत, कास्की | |
| १९ | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अवस्था | २०७६/२/२३ –३० | पर्वत र मुस्ताङ | दुई अनुगमन सम्पन्न |
| २० | विप्लव कार्यकर्ताको पुनः गिरफ्तारी र त्यसपछिको अवस्था | २०७६/२/३० | कास्की | |
| २१ | चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना | २०७६/३/५ – १० | लमजुङ | |

**प्रदेश न. ५ कार्यालय, बुटवल**

| क.स. | अनुगमनको विषय | अनुगमन मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | आगोले जली मृत्यु | २०७५/६/१६ | लुम्बिनी सांस्कृति नपा ४, रुपन्देही | |
| २ | हिन्दु र मुस्लिमबिच दुर्गा पूजाको मुर्ति बिसर्जनको विषयमा भएको विवादबाट उत्पन्न अवस्था | २०७५/७/४–५ | कपिलबस्तु | |
| ३ | उपभोक्ताको अधिकार | २०७५/७/१६–२० | अर्घाखाँची | |
| ४ | मानव अधिकार अवस्था | २०७५/८/४ –५ | कपिलवस्तु | |
| ५ | मानव अधिकार अवस्था | २०७५/८/९ –१० | कपिलबस्तु | |
| ६ | महिला हिंसा | २०७५/१०/२२ –२७ | रुपन्देही | |
| ७ | महिला हिंसा | २०७५/११/३ –११ –९ | रुपन्देही | |
| ८ | कारागार र हिरासतको अवस्था | २०७५/१२/६–७ | कपिलवस्तु | दुई अनुगमन सम्पन्न |
| ९ | कारागार र हिरासतको अवस्था | २०७५/१२/१४–१८ | अर्घाखाँची र गुल्मी | दुई अनुगमन सम्पन्न |
| १० | कारागार र हिरासतको अवस्था | २०७५/१२/२० –२३ | पाल्पा | दुई अनुगमन सम्पन्न |
| ११ | कारागारको अवस्था | २०७६/२/१२–१४ | नवलपरासी | |
| १२ | कारागारको अवस्था | २०७६/२/१६–२० | कपिलवस्तु र रुपन्देही | दुई अनुगमन सम्पन्न |
| १३ | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | २०७६/२/२७ – /३/२ | गुल्मी | |
| १४ | लुम्बिनी प्रादेशिक अस्पताल र पृथ्वीचन्द जिल्ला अस्पताल परासीको अवस्था | २०७६/३/४–५ | नवलपरासी, रुपन्देही | दुई अनुगमन सम्पन्न |

## सुदुरपश्चिम प्रदेश कार्यालय, धनगढी

| क.स. | अनुगमनको विषय | अनुगमन मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | निर्मला हत्याकाण्ड | २०७५/४/१२–१६ | कञ्चनपुर | |
| २ | नेकपा (विप्लव) केन्द्रीय सदस्य ओमप्रकाश पुनको अवस्था | २०७५/४/१७ | कारागार र प्रहरी हिरासतकक्ष, कैलाली | |
| ३ | मानव अधिकारको अवस्था | २०७५/५/३–५ | कैलाली र कञ्चनपुर | दुई अनुगमन सम्पन्न |
| ४ | उपभोक्ताको अधिकार | २०७५ /६/ २३ – २६ | कैलाली | |
| ५ | स्वास्थ्यको अधिकार | २०७५/७/४ –८ | बझाङ | |
| ६ | निर्मला हत्याकाण्ड | २०७५ /८/१ | कञ्चनपुर | |
| ७ | गुणस्तरीय सेवाको अवस्था | २०७५ /८/२६ | सेती अञ्चल अस्पताल, कैलाली | |
| ८ | कारागारको अवस्था | २०७५/९/७–१३ | बाजुरा | |
| ९ | सीमा क्षेत्रमा बस्ने नागरिकको मानव अधिकार अवस्था | २०७५/१०/२७–३० | कैलाली | |
| १० | नियम विपरीत शिक्षक नियुक्ति सम्बन्धमा | २०७५ /११/ १ | कैलाली | |
| ११ | कारागार र हिरासतको अवस्था | २०७५/१२/२४–३० | बझाङ | दुई अनुगमन सम्पन्न |
| १२ | जातीय भेदभावतथा छुवाछुतको अवस्था | २०७६१/ १२ –१७ | कैलाली, कञ्चनपुर, डडेल्धुरा र बैतडी | केकाको टोलीसहित चार अनुगमन सम्पन्न |
| १३ | थुनामा रहेका नेकपा (विप्लव) समूहका कार्यकर्ताको स्वास्थ्यवस्था | २०७६/१/ २९ | जिल्ला प्रहरी कार्यालय, कैलाली | |
| १४ | गैरकानुनी थुना | २०७६ /२/१३ | कैलाली | |
| १५ | उपभोक्ताको अधिकार | २०७६/३/ २–८ | अछाम | |
| १६ | महिला हिंसाको अवस्था | २०७६/३/२ –८ | अछाम | |
| १७ | नेकपा (विप्लव) समूहका कार्यकर्ताको पुनःपक्राउको सम्भावना | २०७६/३/१६ | कैलाली | |
| १८ | नेकपा (विप्लव) समूहका कार्यकर्ताको पुनःपक्राउको सम्भावना | २०७६/३/२७ | कैलाली | |

**प्रदेश न. १ शाखा कार्यालय, खोटाङ**

| क.स. | अनुगमनको विषय | अनुगमन मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | कारागार र प्रहरी हिरासतका अवस्था | २०७५/५/२४ –३१ | ओखलढुङ्गा र सोलुखुम्बु | दुई अनुगमन सम्पन्न |
| २ | कारागार र प्रहरी हिरासतको अवस्था | २०७५/६/२२ | खोटाङ | |
| ३ | आर्थिक, समाजिक, सांस्कृति अधिकार | २०७५/७/२० | खोटाङ | आकस्मिक अनुगमन |
| ४ | महिला अधिकार | २०७५/७/२५ | खोटाङ, ओखलढुङ्गा र सोलुखुम्बु | तीन अनुगमन सम्पन्न |
| ५ | जिल्ला अस्पतालको अवस्था | २०७५/८/ ४– ६ | खोटाङ र ओखलढुङ्गा | दुई अनुगमन सम्पन्न |
| ६ | महिला हिंसा | २०७५/८/९– १६ | खोटाङ | |
| ७ | पाँच वार्षिय नाबालकलाई यातना | २०७५ /८ /१०–१२ | कारागार, इप्रका, जिप्रका, खोटाङ | |
| ८ | दलितहरूको अधिकार | २०७५/१०/१४– २० | ओखलढुङ्गा | |
| ९ | ज्यालामा विभेद | २०७५/११/२२– २४ | खोटाङ | |
| १० | दलितको अधिकार | २०७५/१२/१८–२१ | सोलुखुम्बु, ओखलढुङ्गा र खोटाङ | तीन अनुगमन सम्पन्न |
| ११ | प्रहरी हिरासतको अवस्था | २०७५/१२/२१ | सोलुखुम्बु | |
| १२ | कारागारको अवस्था | २०७६/ ३/१६– १९ | सोलुखुम्बु | |

**प्रदेश न. ५ शाखा कार्यालय, नेपालगञ्ज**

| क.स. | अनुगमनको विषय | अनुगमन मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | प्राकृतिक प्रकोप | २०७५/४ | दाङ, बाँके र रोल्पा, रुकुम र जाजरकोट | पाँच अनुगमन सम्पन्न |
| २ | प्रहरी हिरासतको अवस्था | २०७५/५/१५ | बाँके | |
| ३ | स्वतन्त्र मधेश गठबन्धनका कार्यकर्ता राममनोहर यादवको मृत्युसम्बन्धी छानबिनका लागि ज्ञापनपत्र | २०७५/५/२४ | बाँके | |
| ४ | आर्थिक सामाजिक तथा सांस्कृति अधिकार | २०७५/५/२८ –६/२ | रोल्पा | |
| ५ | महिला हिंसा | २०७५/६/९–१५ | प्युठान | |
| ६ | ओम प्लाइ उद्योगको अवस्था | २०७५/७/१४–१५ | नेपालगञ्ज | |

| | | | | |
|---|---|---|---|---|
| ७ | छाउपडीको अवस्था | २०७५/८/९–१६ | दैलेख | आयोगको केन्द्रीय कार्यालयसँगको समन्वय |
| ८ | महिला हिंसा | २०७५/८/७–१३ | बर्दिया | |
| ९ | बाल सुधारगृहको अवस्था | २०७५।८।२७ | वैजापुर गापा, बाँके | |
| १० | कारागारको अवस्था | २०७५/९/४–१० | दाङ र रोल्पा | दुई अनुगमन सम्पन्न |
| ११ | छाउपडीको अवस्था | २०७५।९।१ –८ | दैलेख | आयोगको केन्द्रीय कार्यालयसँगको समन्वय |
| १२ | मानव बेचबिखनको अवस्था | २०७५/१०/८–१२ | बाँके र बर्दिया | दुई अनुगमन सम्पन्न |
| १३ | हिरासतको अवस्था | २०७५/१०/२५ | इप्रका कोहलपुर, बाँके | |
| १४ | सदरमुकाम सार्ने निर्णयविरुद्ध भएको आन्दोलन | २०७५/११/१–६ | रुकुम पूर्व | |
| १५ | मानव बेचबिखनको अवस्था | २०७५/११/७ –९ | बाँके र बर्दिया | आयोगको केन्द्रीय कार्यालयसँगको समन्वय |
| १६ | यातना तथा विस्थापित | २०७५/११/९–११ | बर्दिया | आकस्मिक अनुगमन |
| १७ | हिरासत तथा कारागारको अवस्था | २०७५/११/१–६ | रुकुम पुर्व र रुकुम पश्चिम | आयोगको जुम्ला कार्यालयसँगको समन्वयमा दुई अनुगमन सम्पन्न |
| १८ | अस्थायी शिक्षकहरूले गरेको विद्यालय बन्द तथा आन्दोलन | २०७५/११/२२ | बाँके | |
| १९ | जबरजस्ती धर्म परिवर्तन गराउने सम्बन्धमा | २०७६/११/३–१४ | दाङ | |
| २० | जातीय भेदभावको अवस्था | २०७५/१२/११–१२–१६ | दाङ, रुकुम पूर्व तथा रुकुम पश्चिम | आयोगको केन्द्रीय कार्यालयसँगको समन्वय |
| २१ | अपाङ्गता भएका व्यक्तिहरूको अवस्था | २०७६/२/२४–३/४ | सुर्खेत र दैलेख | आयोगको जुम्ला कार्यालयसँगको समन्वय |
| २२ | व्यक्तिको सम्पति भोगचलनमा बन्देज | २०७६/३/२१ | बाँके | |

**कर्णाली प्रदेश  शाखा कार्यालय, जुम्ला**

| क.स. | अनुगमनको विषय | अनुगमनमिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | डा. गोविन्द के.सी.को आमरण अनसनको विषयमा प्रहरी र स्वास्थ्यकर्मी, विद्यार्थी एवम् समर्थकहरूबिचको झडप | २०७५/४/३ | जुम्ला | |
| २ | नेपाली काङ्ग्रेस जिल्ला कार्य समिति जुम्लाद्वारा आयोजित आन्दोलन | २०७५/४/६ | जुम्ला | |
| ३ | पहिरोमा परी स्थिति अज्ञात | २०७५/४/११ | जुम्ला | |
| ४ | जातीय भेदभाव तथा छुवाछुतको अवस्था | २०७५/४/१३ | जुम्ला | |
| ५ | चन्दननाथ गुरुकुल (संस्कृत) पाठशालामा दलित विद्यार्थीहरूलाई गरिएको प्रवेश निषेध | २०७५/४/१४ | जुम्ला | |
| ६ | राधाकृष्ण बुढा थापाको रहस्यमय मृत्यु/स्थानीय महिलाले निकालेको ऱ्याली | २०७५/४/२३–२४ | जुम्ला | |
| ७ | स्थानीय जात्रा | २०७५/५/१३ –१४/१७– १८ | जुम्ला | |
| ८ | नेकपा विप्लवद्वारा आयोजित बन्दको अवस्था | २०७५/५/१५ | जुम्ला | |
| ९ | बालगृहको अवस्था | २०७५/५/२९ | जुम्ला | |
| १० | घरघरमा मानव अधिकार शिक्षा र महिला हिंसाको अवस्था | २०७५/६/१६ –२९ | सल्यान र रुकुम | दुई अनुगमन सम्पन्न |
| ११ | महिला हिंसा | २०७५/८/४ – १० | हुम्ला | |
| १२ | आकस्मिक हिरासत | २०७५/८/१२ –१८ | सुर्खेत | |
| १३ | आकस्मिक स्वास्थ्य अधिकार | २०७५/८/१७– १९ | जुम्ला | |
| १४ | कारागार अवस्था | २०७५/९/११– १४ | दैलेख | |
| १५ | पीडित भनिएका .... अवस्था | २०७५/११/२ | जुम्ला | |
| १६ | कारागारको अवस्था | २०७५/११/१–७ | रुकुम पश्चिम | |
| १७ | बन्द कार्यक्रममा प्रभावितको अवस्था | २०७५/११/३० | जुम्ला | |
| १८ | सञ्चारकर्मी कर्ण विश्वकर्माको पक्राउ | २०७५/११/१०–१४ | कालिकोट | |
| १९ | जातीय विभेद | २०७५/११/१४–१७ | कालिकोट | |
| २० | शिक्षक तथा स्वास्थ्यकर्मीहरू तलबबाट वञ्चित भएको अवस्था | २०७५/१२/२०– २५ | जुम्ला | |
| २१ | उपभोक्ताको अधिकार | २०७६/१/६– १३ | सल्यान | |
| २२ | आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारको अवस्था | २०७६/२/२७–३–१ | मुगु | |

## अनुसूची-५

### प्रदेश न. १ कार्यालय, विराटनगर

| क.स. | अनुसन्धानको विषय | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | –यातना,<br>–विस्थापित<br>–पुनः पक्राउ<br>–नागरिकता प्राप्तिबाट वञ्चित<br>–न्यायमा पहुँच<br>–स्वतन्त्रताको हक<br>–अमानवीय व्यवहार<br>–स्वेच्छाचारी थुना | २०७५/७/१४–२० | मोरङ र सुनसरी | आठ उजुरीमाथि अनुसन्धान सम्पन्न |
| २ | –गैरकानुनी थुना<br>–स्वेच्छाचारी पक्राउ/थुना<br>–न्यायप्रशासन–चार | २०७५/८/४–९ | मोरङ र सुनसरी | छ उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ३ | –न्यायप्रशासन– दुई<br>–सुरक्षाकर्मीबाट हत्या<br>–बम विस्फोटनमा परी मृत्यु<br>–छुवाछुत तथा जातीय विभेद<br>–जबरजस्ती करणी<br>– धम्की – दुई<br>–अपहरण – दुई<br>–बेपत्ता<br>–आर्थिक अधिकार – चार<br>–यौनजन्य दुर्व्यवहार<br>–शिक्षाको अधिकार | २०७५/९/४–२१ | सुनसरी, मोरङ, धनकुटा, झापा र इलाम | १७ उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ४ | –अपहरण – दुई<br>–न्यायप्रशासन – दुई<br>–हत्या<br>–धम्की<br>–जातीय विभेद<br>–मृत्यु<br>–शिक्षाको अधिकार | २०७५/९/४– ८ | सुनसरी, मोरङ र धनकुटा | नौ उजुरीमाथि अनुसन्धान सम्पन्न |

| | | | | |
|---|---|---|---|---|
| ५ | –धम्की – दुई<br>–बेपत्ता<br>–जीवनको अधिकार<br>–जबरजस्ती करणी<br>–यौन दुर्व्यवहार,<br>–स्वास्थ्यको अधिकार | २०७५/९/१५–२१ | झापा र इलाम | सात उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ६ | –न्यायमा पहुँच– तीन<br>–निश्पक्ष सुनुवाइ<br>–महिला हिंसा<br>–बोक्सीको आरोप<br>–बाँच्न पाउँने अधिकार<br>–पत्रकारिता पेशामा प्रशासनिक हस्तक्षेप | २०७५/११/८–११ | सुनसरी | आठ उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ७ | –न्यायप्रशासन – तीन<br>–यातन– दुई<br>–धम्की<br>–घरेलु हिंसा<br>–प्रहरीद्वारा यौन दुरव्यहार | २०७५/११/२७–३० | मोरङ र सुनसरी | आठ उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ८ | –सम्पत्तिको अधिकार– दुई<br>–न्यायप्रशासन– दुई<br>–अपहरण<br>–स्वाथ्यको अधिकार<br>–शिक्षाको अधिकार<br>–रोजगारीको अधिकार | २०७५/१२/१–३ | मोरङ र धनकुटा | आठ उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ९ | –न्यायप्रशासन–छ<br>–अपहरण<br>–शान्तिसुरक्षा<br>–माओवादी ज्यादति<br>–अपाङ्गता<br>–विकास र वातावरण<br>–सम्पत्ति कब्जा | २०७५/१२/०१७–२३ | सनुसरी, मोरङ र धनकुटा | १२ उजुरीमाथि अनुसन्धान सम्पन्न |
| १० | –बेपत्ता– तीन | २०७५/१/७ – ८ | भोजपुर | |
| ११ | चन्दा/धम्की | २०७६/२/८ | मोरङ | |
| १२ | –न्यायमा पहुँच तीन<br>–कुटपिट | २०७६/२/९ | मोरङ र सुनसरी | चार उजुरीमाथि अनुसन्धान सम्पन्न |

**प्रदेश न. २ कार्यालय, जनकपुर**

| क.स. | अनुसन्धानको विषय | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | –यातना<br>– बेपत्ता–दुई | २०७५/७/१३– १८ | सर्लाही र रौतहट | तीन उजुरीमाथि अनुसन्धान सम्पन्न, |
| २ | –यातना–दुई | २०७५/११/६–१६ | सप्तरी | |
| ३ | –महिला हिंसा<br>–यातना–तीन | २०७६/२/५–११ | महोत्तरी र धनुषा | चार उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ४ | –जातीय विभेद<br>–यातना<br>– आर्थिक, सामाजिक र सांस्कृति अधिकार | २०७६/२/२६–२९ | बारा | तीन उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ५ | –यातना | २०७६/३/२–७ | सिरहा | |
| ६ | –अपहरण<br>– हत्या<br>–जातीय विभेद | २०७६/३/२३–३० | महोत्तरी र धनुषा | तीन उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ७ | –यातना | २०७६/३/१५–२० | महोत्तरी र धनुषा | |

**प्रदेश न. ३ कार्यालय, सानेपा**

| क.स. | अनुसन्धानको विषय | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | –यातना – चार<br>–गैरन्यायीक हत्या<br>–धम्की<br>–न्यायप्रशासन – तीन | २०७५/६/६–१२ | रामेछाप र काभ्रेपलाञ्चोक | नौ उजुरीमाथि अनुसन्धान सम्पन्न |
| २ | –यातना– दुई<br>–गैरन्यायिक हिरासत<br>–न्यायप्रशासन– तीन | २०७५/६/१४–१८ | काभ्रेपलाञ्चोक | छ उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ३ | –प्रहरी हिरासतमा कुटपिट | २०७५/७/२० | काठमाडौँ | |
| ४ | –यातना – दुई<br>–प्रहरीद्वारा दुर्व्यवहार<br>–न्यायप्रशासन – चार | २०७५/७/२५–८/४ | सिन्धुपाल्चोक | सात उजुरीमाथि अनुसन्धान सम्पन्न |

| | | | | |
|---|---|---|---|---|
| ५ | –आर्थिक सामाजिक सांस्कृतिक अधिकार – दुई<br>–जातीय विभेद<br>–महिलाअधिकार<br>–न्यायप्रशासन – तीन<br>–धम्की | २०७५/८/७–१३ | नुवाकोट र धादिङ | आठ उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ६ | –यातना – चार<br>–वेपत्ता<br>–न्यायप्रशासन – तीन<br>–शान्ति सुरक्षा – दुई | २०७५/९/१५ – २१ | रामेछाप र सिन्धुपाल्चोक | १० उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ७ | –गैरकानुनी थुना<br>–धम्की – दुई<br>–सम्पतिको अधिकार<br>–न्यायप्रशासन – दुई<br>–विभेद –दुई | २०७५/११/१४–२० | धादिङ/नुवाकोट | आठ उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ८ | –घरेलु हिंसा<br>–धम्की<br>–न्यायप्रशासन– छ<br>–बसोबासको अधिकार<br>–शिक्षाको अधिकार | २०७५/१२/८–१४ | सिन्धुपाल्चोक | १० उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ९ | –न्यायप्रशासन छ<br>–धम्की<br>–क्षतिपूर्ति<br>–बसोबासको अधिकार | २०७५/१२/२३–२९ | रसुवा | नौ उजुरीमाथि अनुसन्धान सम्पन्न |
| १० | –घरेलु हिंसा<br>–अपाङ्गताको अधिकार– तीन<br>–घाइते – दुई<br>–न्याय प्र– दुई<br>–विस्थापित | २०७६/१/१२–१८ | भक्तपुर/ सिन्धुपाल्चोक | नौ उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ११ | –विस्थापित– दुई<br>–उपभोक्ताको अधिकार<br>–यौन दुर्व्यवहार<br>–न्यायप्रशासन– पाँच<br>–यातना | २०७६/१/२०–२९ | सिन्धुली/ काभ्रेपलाञ्चोक | १० उजुरीमाथि अनुसन्धान सम्पन्न |
| १२ | –विस्थापित<br>–अल्पसंख्यकको अधिकार<br>–रोजगारीको अधिकार<br>–न्यायप्रशासन– पाँच | २०७६/२/८–१३ | चितवन | आठ उजुरीमाथि अनुसन्धान सम्पन्न |

| | | | | |
|---|---|---|---|---|
| १३ | –न्यायप्रशासन – चार<br>–यातना<br>–बेपत्ता<br>–अपाङ्गताको अधिकार | २०७६/२/२३–२९ | हेटौंडा | सात उजुरीमाथि अनुसन्धान सम्पन्न |
| १४ | –धम्की –दुई<br>–क्षतिपुर्ति<br>–गैरन्यायीक हत्या – दुई<br>–न्यायप्रशासन –चार | २०७६/३/१–७ | सिन्धुपाल्चोक | नौ उजुरीमाथि अनुसन्धान सम्पन्न |
| १५ | –महिलाअधिकार<br>–यातना –दुई<br>–न्यायप्रशासन – दुई<br>–यौनजन्य हिंसा | २०७६/३/१४–१९ | काभ्रेपलाञ्चोक | छ उजुरीमाथि अनुसन्धान सम्पन्न |

## गण्डकी प्रदेश कार्यालय, पोखरा

| क.स. | अनुसन्धानको विषय | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | –सम्पति कब्जा (क्षति)<br>–गाउँसमाजबाट बहिष्कार<br>–जग्गाको क्षतिपूर्ति<br>–रकम तथा कागजात लुटपाट | २०७५/४/२५ –३१ | बागलुङ र पर्वत | चार उजुरीमाथि अनुसन्धान सम्पन्न |
| २ | –जातीय भेदभाव<br>–आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार (सम्पत्ति)<br>–न्यायप्रशासन<br>–आइएलओ<br>–नागरिक तथा राजनीतिक अधिकार– दुई | २०७५/५/२०–२६ | स्याङ्जा, तनहुँ र लमजुङ | छ उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ३ | –जीवन तथा रोजगारीको अधिकार<br>–अज्ञात व्यक्तिवाट ज्यानमार्ने धम्की<br>–तत्कालीन नेकपा (माओवादी) बाट कुटपिट<br>–प्रहरीबाट मानसिक र शारीरिक यातना<br>–सुरक्षाकर्मीहरूद्वारा हत्या | २०७५/६/२१ – २७ | गोरखा, लमजुङ र कास्की | पाँच उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ४ | –नागरिक तथा राजनीतिक अधिकार (जीवनको अधिकार)– दुई<br>–आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार | २०७५/७/३० –८/६ | कास्की | तीन उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ५ | –जीवनको अधिकार– दुई<br>–जातीय भेदभाव | २०७५/१०/३ –९ | वाग्लुङ र म्याग्दी | तीन उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ६ | जीवनको अधिकार –दुई<br>आर्थिक सामामाजिक तथा सांस्कृतिक अधिकार | २०७५/११/२८ –४ | पर्वत र म्याग्दी | तीन उजुरीमाथि अनुसन्धान सम्पन्न |

| | | | | |
|---|---|---|---|---|
| ७ | –तत्कालीन सुरक्षाकर्मीद्वारा हत्या<br>–न्यायप्रशासन<br>–अमानवीय व्यवहार | २०७६/१/१४ –२० | म्याग्दी र गोरखा | तीन उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ८ | –अपाङ्गता भएका व्यक्तिहरूको शिक्षाको अधिकार | २०७६/१/२६ | कास्की जिल्ला | उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ९ | –पेशाव्यवसायको अधिकार | २०७६/१/२३ | कास्की | उजुरीमाथि अनुसन्धान सम्पन्न |
| १० | –हत्या<br>–आर्थिक, सामाजिक तथा सांस्कृति अधिकार<br>–न्यायप्रशासन | २०७६/२/१७ –२३ | स्याङ्जा, कास्की, लमजुङ र गोरखा | तीन उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ११ | –अमानवीय व्यवहार<br>–माओवादीद्धारा अपहरण<br>–बेपत्ता – दुई<br>–माओवादीद्धारा धम्की– दुई<br>–चिकित्सकको लापरवाही (न्यायप्रशासन) | २०७६/३/७ – १३ | पर्वत र कास्की | सात उजुरीमाथि अनुसन्धान सम्पन्न |
| १२ | –न्यायप्रशासन<br>–न्यायप्रशासन<br>–विस्थापित<br>–सम्पतिको अधिकार | २०७६ /३/ १० –१७ | तनहुँ, स्याङ्जा र कास्की | चार उजुरीमाथि अनुसन्धान सम्पन्न |

**प्रदेश न. ५ कार्यालय, बुटवल**

| क्र.स. | अनुसन्धानको विषय | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | –सम्पत्ति कब्जा– छ<br>–शिक्षाको अधिकार<br>–रोजगारीको अधिकार | २०७५/५/२२–२८ | रुपन्देही र कपिलबस्तु | आठ उजुरीमाथि अनुसन्धान सम्पन्न |
| २ | –न्यायप्रशासन– सात | २०७५/७/१५–२० | रुपन्देही,नवलपरासी र कपिलबस्तु | |
| ३ | –न्यायप्रशासन– तीन<br>–जातीय विभेद<br>–यातना<br>–बाल अधिकार | २०७५/९/२२ –२८ | कपिलवस्तु,रुपन्देही र नवलपरासी | छ उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ४ | –सम्पत्ति अधिकार– दुई<br>–न्यायप्रशासन–चार<br>– अपहरण | २०७५/११/१४ –२० | नवलपरासी, कपिलवस्तु र रुपन्देही | सात उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ५ | –न्यायप्रशासन– चार<br>–सम्पत्ति कब्जा– दुई | २०७६/२/७ –११ | कपिलवस्तु | छ उजुरीमाथि अनुसन्धान सम्पन्न |

### सुदुरपश्चिम प्रदेश कार्यालय, धनगढी

| क्र.स. | अनुसन्धानको विषय | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | –निर्मला पन्तको बलात्कारपश्चात् हत्या | २०७५/५/२-८ | कञ्चनपुर | |
| २ | –बलात्कार पश्चातहत्या | २०७५/६/२३–२५ | कञ्चनपुर | |
| ३ | –घरजग्गा बब्जा<br>–बलात्कारपश्चात हत्या<br>–बिस्थापित | २०७५/६/२७–३० | कैलाली र कञ्चनपुर | तीन उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ४ | –सेनाबाट यातना<br>–न्यायप्रशासनल – दुई<br>–सम्पति कब्जा –दुई<br>–बेपत्ता<br>–बलात्कार | २०७५/७/९–१५ | कैलाली र कञ्चनपुर | सात उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ५ | –बलात्कार<br>–प्रहरीबाट कुटपिट– दुई<br>–हत्या<br>–शिक्षाको अधिकार | २०७५/७/१७–२० | कैलाली र कञ्चनपुर | पाँच उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ६ | –यातना – चार<br>–जबरजस्ती करणी<br>–न्यायप्रशासन (घर निकाला र धम्की) | २०७५/७/१५–२० | कैलाली र कञ्चनपुर | छ उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ७ | –न्यायप्रशासन<br>–विस्थापित | २०७५/८/२०–२२ | कैलाली र कञ्चनपुर | दुई उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ८ | –मानव बेचबिखन<br>–छात्रवृत्तिबाट वञ्चित<br>–खोपका कारण बालबालिकाको मृत्यु<br>–जबरजस्ती करणी<br>–प्रहरीबाट कुटपिट/यातना –चार<br>–गैरकानुनी थुना<br>–अज्ञात समूहद्धारा हत्या<br>–दोहोरो भिडन्तमा मृत्यु<br>–माओबादीको कुटाईबाट मृत्यु<br>–घर निकाला | २०७५/११/ ८ – १३ | कैलाली र कञ्चनपुर | १३ उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ९ | –गैरकानुनी थुना<br>–घरजग्गा कब्जा<br>–ज्यान मार्ने धम्की<br>–बेपत्ता<br>–न्यायप्रशासन–दुई<br>–बिस्थापित<br>–सुरक्षा फौजबाट यातना –चार<br>–प्रहरीबाट मानहानी<br>–बल प्रयोग गरी घरनिकाला | २०७५/१२/ १२–१८ | कैलाली र कञ्चनपुर | १३ उजुरीमाथि अनुसन्धान सम्पन्न |

| | | | | |
|---|---|---|---|---|
| १० | –बेपत्ता<br>– यातना–दुई | २०७५/१२/ २७ –२८ | बभ्फाङ | तीन उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ११ | –सुरक्षा फौजद्वारा हत्या<br>–माओवादीद्वारा हत्या<br>–बेपत्ता<br>–बेपत्ता (न्यायप्रशासन)<br>–जातीय विभेद<br>–सेवाबाट हटाएको<br>–लुटपाट<br>–आगजनी<br>–कुटपिट<br>–प्रहरीबाट यातना –तीन | २०७६/२/७ –१२ | | १२ उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ११ | –घर निकाला<br>–बाल दुर्व्यहार<br>–महिना हिंसा<br>–जातीय बिभेद<br>–बेपत्ता – चार | २०७६/२/१५–२० | कैलाली, कञ्चनपुर | आठ उजुरीमाथि उजुरी सम्पन्न |
| १२ | –अमानवीय व्यवहार | २०७६/३/९ – १५ | डडेल्धुरा | |
| १३ | –गैरकानुनी हत्या | २०७६/३/९ –१५ | डडेल्धुरा | |
| १४ | –गैरकानुनी थुना | २०७६/३/९ –१५ | डडेल्धुरा | |

**प्रदेश न. १ शाखा कार्यालय, खोटाङः**

| क.स. | अनुसन्धानको विषय | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | –बेपत्ता– तीन<br>–यातना<br>–विस्थापित<br>–महिला अधिकार | २०७५/६/५ –१५ | ओखलढुङ्गा | छ उजुरीमाथि अनुसन्धान सम्पन्न |
| २ | –यातना<br>–बेपत्ता– दुई<br>–सम्पत्तिको अधिकार– दुई<br>–विस्थापित<br>–न्यायप्रशासन | २०७५/९/९ –/१८ | खोटाङ | सात उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ३ | –महिला अधिकार<br>–स्वास्थ्य अधिकार<br>–बाल अधिकार<br>–जातीय विभेद | २०७५/१०/१० –१९ | खोटाङ र ओखलढुङ्गा | चार उजुरीमाथि अनुसन्धान सम्पन्न |

| | | | | |
|---|---|---|---|---|
| ४ | –विस्थापित– दुई<br>–हत्या– दुई<br>–न्यायप्रशासन – दुई<br>–यातना<br>–सम्पति अधिकार<br>–बेपत्ता | २०७६/१/६ –१२ | खोटाङ र ओखलढुङ्गा | नौ उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ५ | –विस्थापित – सात<br>–हत्या –दुई<br>–कुटपिट<br>–सम्पति अधिकार<br>–यातना | २०७६/२/१४ –२८ | सोलुखुम्बु, ओखलढुङ्गा र खोटाङ | १२ उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ६ | – यातना<br>–सुचनाको अधिकार<br>–सम्पतिको अधिकार | २०७६/३/३ –९ | खोटाङ/ ओखलढुङ्गा | तीन उजुरीमाथि अनुसन्धान सम्पन्न |

**प्रदेश न. ५ शाखा कार्यालय, नेपालगञ्ज**

| क.स. | अनुसन्धानको विषय | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | मृत्यु | २०७५/५/१८– १९ | नेपालगञ्ज, बाँके, | |
| २ | बेपत्ता–१५ | २०७५/५/२०–२६ | बर्दिया | |
| ३ | –बेपत्ता–दुई<br>–विस्थापित– दुई<br>–धम्की– दुई<br>–सम्पती कब्जा– दुई<br>–यातना–चार | २०७५÷७÷२९–८–५ | बाँके र दाङ | १२ उजुरीहरूमाथि अनुसन्धान सम्पन्न |
| ४ | –विस्थापित–चार<br>–सम्पती कब्जा– दुई<br>–,यातना– दुई<br>–धम्की– दुई | २०७५/९/५–११ | बर्दिया | १० उजुरीहरूमाथि अनुसन्धान सम्पन्न |
| ४ | –यातना/धम्की – १५ | २०७५/९/२४–३० | बाँके र दाङ | १५ उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ५ | –जग्गा कब्जा–चार<br>–अपहरण– दुई<br>–कुटपिट– दुई<br>–बेपत्ता– दुई<br>– विस्थापित– दुई | २०७५/१०/१८ –२४ | बाँके र बर्दिया | १२ उजुरीमाथि अनुसन्धान सम्पन्न |

| | | | | |
|---|---|---|---|---|
| ६ | –जग्गा कब्जा– दुई<br>–अपहरण<br>–कुटपिट<br>–हत्या<br>–विस्थापित<br>–गैरकानुनी थुना<br>–लुटपाट<br>–धम्की– दुई | २०७५/११/१२ –१८ | बाँके र वर्दिया | १० उजुरीहरू माथि अनुसन्धान सम्पन्न |
| ७ | –अपहरण<br>–कुटपिट<br>–हत्या<br>–विस्थापित– दुई<br>–गैर कानुनी थुना<br>–लुटपाट<br>–धम्की<br>–जग्गा कब्जा | २०७५/११/२२ –२७ | बाँके र बर्दिया | नौ उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ८ | –यातना<br>–हत्या,<br>–विस्थापित<br>–न्यायमा पहुँच<br>–तालाबन्दी<br>–क्षतिपुर्ति, | २०७५/१२/२० –२६ | प्युठान | छ उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ९ | – मृत्यु, –चार<br>–हत्या–तीन | २०७६/१/४ –१० | रोल्पा | सात उजुरीहरूमाथि अनुसन्धान सम्पन्न |
| १० | –न्यायप्रशासन–तीन<br>–हत्या–दुई<br>–यातना<br>–धम्की | २०७६/३/२ –७ | बाँके र बर्दिया | सात उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ११ | हत्या | २०७६/३/९ –१४ | बर्दिया | उजुरीमाथि अनुसन्धान सम्पन्न |

**कर्णालीप्रदेश शाखाकार्यालय, जुम्ला**

| क.स. | अनुसन्धानको विषय | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | –यातना– दुई<br>–आर्थिक,सामाजिक तथा सांस्कृतिक अधिकार | २०७५/६/९–१५ | जुम्ला | तीन उजुरीमाथि अनुसन्धान सम्पन्न |
| २ | –हत्या– दुई<br>–अपहरण<br>–सेनाबाट दुर्व्यवहार | २०७५/८/०१–२ | कालिकोट | चार उजुरीमाथि अनुसन्धान सम्पन्न |

| | | | | |
|---|---|---|---|---|
| ३ | –हत्या– दुई<br>–बेपत्ता– दुई<br>–विस्थापित<br>–अपहरण | २०७५/११/२६–३० | सुर्खेत | छ उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ४ | –यातना– दुई<br>–कुटपिट– दुई<br>–बेपत्ता<br>–सम्पत्ति लुटपाट | २०७५/१२/ २१ | मुगु | छ उजुरीमाथि अनुसन्धान सम्पन्न |
| ५ | –विस्थापित– पाँच<br>–धम्की<br>–यातना | २०७६/२/१५ | जुम्ला र सुर्खेत | सात उजुरीमाथि अनुसन्धान सम्पन्न |

## अनुसूची–६

## संवर्द्धनसम्बन्धी गतिविधि

**केका, ललितपुर**

| क.स. | विषय | मिति | स्थान | सहभागिता | कैफियत |
|---|---|---|---|---|---|
| १ | न्यायिक समितिका पदाधिकारीहरूका लागि हाते पुस्तिका तयारी विज्ञहरूसँग अन्तरक्रिया | २०७५/४/४ –५ | काभ्रेपलाञ्चोक, धुलिखेल | | |
| २ | जातीय विभेद उन्मूलनसम्बन्धी क्षेत्रीय सम्मेलन | २०७५/४/२८ –३० | ललितपुर | | |
| ३ | स्थानीय निकायलाई मानव अधिकार र अधिकारमुखी विकास पद्धतिसम्बन्धी अभिमुखीकरण | २०७५/५/११ | विराटनगर | धनकुटा र तेहूथुम जिल्लाका स्थानीय निर्वाचित जनप्रतिनिधिहरू गरी ४२ जना सहभागी | आयोगका माननीय सदस्य गोविन्द शर्मा पौड्याल, निर्देशक र उपनिर्देशकसहितको टोली |
| ४ | मानव अधिकारमैत्री कानुन निर्माणमा प्रदेश सरकारकोभूमिकासम्बन्धी अभिमुखीकरण | २०७५/५/१२ –१३ | धनकुटा | १२० जना सहभागी | आयोगका माननीय सदस्य गोविन्द शर्मा पौड्याल, निर्देशक र उपनिर्देशकसहितको टोली |
| ५ | स्थानीय तहका जनप्रतिनिधिहरूका लागि अभिमुखीकरण | २०७५/७/१७ –२० | डडेल्धुरा र दार्चुला, कञ्चनपुर | डडेल्धुरा र दार्चुला, कञ्चनपुर जिल्लाका स्थानीय निर्वाचित जनप्रतिनिधिहरू र अन्य सरोकारवालाहरू | आयोगका माननीय सदस्य गोविन्द शर्मा पौड्याल र उपनिर्देशकसहितको टोलीबाट तीन कार्यक्रम सम्पन्न |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | ७० औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस | २०७५/८/२४ | ललितपुर | सम्माननीय प्रधानमन्त्री, मन्त्री, संवैधानिक निकाय, सरकारी निकाय, सञ्चारकर्मी, मानव अधिकारकर्मी एवम् सरोकारवालाहरू गरी करिब ४०० जना सहभागी | |
| ७ | प्रदेश सरकारका प्रमुख एवम्मानव अधिकारकर्मीहरूलाई मानव अधिकारसम्बन्धी अभिमुखीकरण | २०७५/८/२६ –२९ | रुपन्देही, कास्की र सुर्खेत | स्थानीय जनप्रतिनिधिहरू, मानव अधिकारकर्मीहरू एवम्सरोकारवालाहरू | आयोगका माननीय सदस्य गोविन्द शर्मा पौड्याल र उपनिर्देशकसहितको टोलीबाट तीन कार्यक्रम सम्पन्न |
| ८ | मौलिक हकको कार्यान्वयन र दण्डहीनताको अन्त्यको लागि नेपाल सरकारको भूमिका | २०७५/९/१३ | ललितपुर | माननीय गृहमन्त्री, महान्याधिवक्ता सुरक्षा निकायका प्रमुखहरू, माननीय सांसदहरू, नेपाल सरकारका विभिन्न मन्त्रालयका प्रतिनिधिहरू गरी ८० जना सहभागी | |
| ९ | मानसिक स्वास्थ्य र मानव अधिकारसम्बन्धी आधारभूत तालिम | २०७५/९/२६ – २७ | उदयपुर, गाईघाट | महिला स्वास्थ्य स्वयंसेविकाहरू ४० जना सहभागी | |
| १० | मानसिक स्वास्थ्य र मानव अधिकार विषयक तालिम | २०७५/९/९ –१० | काठमाडौँ | सरकारी निकाय तथा सामाजिक सङ्घसंस्थाहरूका प्रतिनिधिहरू गरी ३२ जना सहभागी | माननीय गोविन्द शर्मा पौड्याल र उपनिर्देशकसहितको सहभागिता |
| ११ | मानसिक स्वास्थ्य र मानव अधिकार विषयक अन्तरक्रिया | २०७५/९/९ –१० | काठमाडौँ | विषयसँग सम्बन्धित व्यक्तिहरू ५२ जना सहभागी | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | मानसिक स्वास्थ्य र मानव अधिकारसम्बन्धी आधारभूत तालिम | २०७५/९/२६ – २७ | उदयपुर | महिला स्वास्थ्य स्वयंसेविकाहरू ४० जना सहभागी | |
| १३ | विवाद समाधानमा स्थानीय तहको भूमिका तथा मानव अधिकार मुखी विकास पद्धत्ति विषयक अभिमूखिकरण | २०७५/१०/२७ –२९ | कानेपोखरी गापा, मोरङ | स्थानीय तहका जनप्रतिनिधिहरू ५५ जना सहभागी | |
| १४ | राष्ट्रिय मानव अधिकार आयोगको काम कर्तव्य र अधिकार साथै मानव अधिकार विषयक अन्तरक्रिया | २०७५/१०/२९ | ललितपुर | त्रिचन्द्र बहुमुखी क्याम्पसका विद्यार्थीहरू ५० जना सहभागी | |
| १५ | विवाद समाधानमा स्थानीय तहको भूमिका विषयक अभिमुखीकरण | २०७५/११/२ –३ | बारा | आठ स्थानीय तहका जनप्रतिनिधिहरू गरी २५ जना सहभागी | |
| १६ | मानसिक अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक तथा आर्थिक जीवनमा सहभागिता तयार पारिएको अध्ययन प्रतिवेदन परामर्श तथा छलफल | २०७५ /११/७ | काठमाडौँ | विषयवस्तुसँग सम्बन्धित व्यक्तिहरू ३० जना सहभागी | |
| १७ | स्थानीय तहका जनप्रतिनिधिहरूलाई विवाद समाधान र मानव अधिकार विषयक अभिमुखीकरण | २०७५/११/ १३ –२१ | रौतहट, सप्तरी, सुनरी र सिराह | स्थानीय तहका जनप्रतिनिधिहरू १०५ जना सहभागी | चार कार्यक्रम सम्पन्न |
| १८ | स्थानीय तह न्यायिक समितिका पदाधिकारीहरूलाई विवाद समाधान र मानव अधिकारसम्बन्धी तालिम | २०७५/१२/११ –१५ | पर्वत | स्थानीय तहका जनप्रतिनिधिहरू ४५ जना सहभागी | |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | स्थानीय तह न्यायिक समितिका पदाधिकारीहरूलाई विवाद समाधान र मानव अधिकारसम्बन्धी तालिम | २०७५/१२/२१ –२६ | नवलपुर | स्थानीय तहका जनप्रतिनिधिहरू ६४ जना सहभागी | |
| २० | महिला स्वास्थ्य स्वयम्सेविकाहरूलाई स्वास्थ्य र मानव अधिकार विषयक तालिम | २०७६/१/१३ – १४ | काठमाडौँ | महिला स्वास्थ्य स्वयम्सेविकाहरू ५५ जना सहभागी | |
| २१ | मानव अधिकारसम्बन्धी अभिमुखीकरण | २०७६/१/१६ –१८ | नेपालगञ्ज, बाँके | वादी समुदायका प्रतिनिधिहरू २५ जना सहभागी | |
| २२ | मानव अधिकार अभिमुखीकरण | २०७६/१/१९ –२१ | कोहलपुर, बाँके | नागरिक समाजका प्रतिनिधि, शिक्षक, सञ्चारकर्मी तथा विद्यार्थीहरू गरी ९३ जना सहभागी | |
| २३ | बिवाद समाधानमा स्थानीय तहको भूमिका र अधिकारमुखी विकास पद्धतिका विषयमा अभिमुखीकरण | २०७६/१/२९ –२/२ | पाल्पा | स्थानीय न्यायिक समितिका प्रतिनिधि, सञ्चारकर्मी तथा नागरिक समाजका प्रतिनिधिहरू गरी ५५ जना सहभागी | |
| २४ | मानव अधिकारका समसामयिक विषय तथा सवालहरूमा छलफल | २०७६/२/२२ | पोखरा, कास्की | सरोकारवालाहरू ४० जना सहभागी | |
| २५ | स्थानीय तहका न्यायिक समितिका पदाधिकारीहरूलाई विवाद समाधान र मानव अधिकार विषयक अभिमुखीकरण | २०७६/२/२५ –२६ | मुस्ताङ | स्थानीय तहका जनप्रतिनिधिहरू ५४ जना सहभागी | |
| २६ | मानव अधिकार रक्षक तथा सञ्चारकर्मीहरूलाई मानव अधिकारसम्बन्धी अभिमुखीकरण | २०७६/२/२८ | पर्वत | मानव अधिकारकर्मी र सञ्चारकर्मी गरी ४२ जना सहभागी | |

| | | | | | |
|---|---|---|---|---|---|
| २७ | विद्यालय पाठ्यक्रम पुनरावलोकन स्थितिपत्र (Position Paper) पत्रमाथि छलफल | २०७६/३/३ | ललितपुर | स्थितिपत्र लेखनसँग सम्बन्धित २२ जना सहभागी | |

**प्रदेश न. १ कार्यालय, विराटनगर**

| क.स. | विषय | मिति | स्थान | सहभागिता | कैफियत |
|---|---|---|---|---|---|
| १ | पूर्वाञ्चलमा मानव अधिकारको अवस्था विषयक छलफल | २०७५/५/८ | मोरङ | सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधिहरू (पुरुष १९ र महिला १३) गरी ३२ जना सहभागी | |
| २ | महिलाविरुद्धको हिंसासम्बन्धी अन्तरक्रिया | २०७५/६/३ | उदयपुर | नपाका मेयर, उपमेयर विभिन्न वडाका अध्यक्ष, सदस्यहरू साथै न्यायिक समिति र मेलमिलाप समितिका सदस्यहरू (महिला २५ र पुरुष २०) गरी ४५ जना सहभागी | |
| ३ | मानव अधिकारको अवस्थासम्बन्धीछलफल | २०७५/६/५ | विराटनगर | प्रदेश न. १ अर्न्तगतका ७ वटा मन्त्रालयका सचिव, नि.सचिव, उपसचिव प्रदेश सभा सचिव साथै प्रमुख जिल्ला अधिकारी गरी १९ जना सहभागी | |
| ४ | उपभोक्ताको अधिकारसम्बन्धी अन्तरक्रिया | २०७५/६/१७ | झापा, चन्द्रगडी | विभिन्न सरकारी प्रमुख तथा प्रतिनिधि, कानुनव्यवसायी, सञ्चारकर्मीहरू गरी ३६ जना सहभागी | |
| ५ | स्थानीय सरकारको कार्य सञ्चालनमा मानव अधिकार विषयक अन्तरक्रिया | २०७५/७/१६ | मोरङ | गापा, अध्यक्ष, उपाध्यक्ष, न्यायिक समितिका संयोजक, विभिन्न सङ्घसंस्थाका प्रमुख तथा प्रतिनिधि (महिला २२ र पुरुष २७ ) गरी ४९ जना सहभागी | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | मानसिक स्वास्थ्यको अधिकारसम्बन्धी अन्तरक्रिया | २०७५/९/१७ | झापा | पीडित र पीडितका आफन्त लगायत स्थानीयवासी तथा महिला स्वास्थ्य स्वयमूसेविकाहरू (महिला १० र पुरुष १३) गरी २३ जना सहभागी | |
| ७ | वातावरण विकास र मानव अधिकार | २०७५/९/१४ | इलाम | इलाम जिल्लाका सरोकारवालाहरू ६५ जना सहभागी | |
| ८ | राष्ट्रिय मानव अधिकारको काम कर्तव्य र अधिकारसम्बन्धी र महिला अधिकारको विषयमा छलफल तथा अन्तरक्रिया | २०७५/११/१२ | भोक्राहा गापा, सुनसरी | वडा सचिव, वडा अध्यक्ष, विद्यालयका शिक्षिका, स्वास्थ्य स्वयमूसेविका महिला मानव अधिकारकर्मी, स्थानीय महिलाहरू (महिला ३२ र पुरुष ८) ४० जना सहभागी | |
| ९ | वोक्सीको आरोपमा दुर्व्यवहार गरी यातना दिएको उजुरीको अनुसन्धान गर्ने क्रममा गरिएको छलफल तथा अन्तरक्रिया | २०७५/११/२८ | बर्जु गापाको कार्यालय, सुनसरी | वडा अध्यक्ष, महिला स्वास्थ्य स्वयमूसेविका, जेष्ठ नागरिक साथै स्थानीय समाजसेवी (महिला २८ र पुरुष ७ ) गरी ३२ जना सहभागी | |
| १० | मिति २०७५ साल चैत्र ७ गते हुने अन्तर्राष्ट्रिय जातीय विभेद उन्मुलन दिवसको सन्दर्भमा विभिन्न सरोकारवाला निकायबिच छलफल | २०७५/१२/०६ | आयोगको कार्यालय, मोरङ | विभिन्न सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधि, सम्बन्धित विषय हेर्ने संस्थाका प्रमुख तथा प्रतिनिधि, मानव अधिकार रक्षक तथा सञ्चारकर्मी (महिला १६ र पुरुष १४) गरी ३० जना सहभागी | |
| ११ | उपभोक्ताको अधिकारसम्बन्धी अनुगमन र अन्तरक्रिया | २०७५/१२/२४ | जिल्ला प्रशासन कार्यालय, इलाम | स्थानीय प्रहरी प्रशासन, स्थानीय तहका प्रमुख तथा प्रतिनिधि, सेवा प्रदायक संस्थाका प्रमुख तथा प्रतिनिधिहरू, सेवाग्राहीहरू,कानुन व्यवसायीहरू र सञ्चारकमीहरू (महिला ८ र पुरुष २३) गरी ३१ जना सहभागी | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | विकास र वातावरणको अधिकार विषयमा अन्तरक्रिया | २०७५/१२/२८ | बराहक्षेत्र नपा वडा नं. ८, सुनसरी | प्रभावित क्षेत्रका स्थानीयवासी र परियोजना प्रमुख (महिला ११ र पुरुष २९) गरी ४० जना सहभागी | |
| १३ | कारागार तथा हिरासत अनुगमन गर्ने क्रममा गरिएको अन्तरक्रिया | २०७५/१/०६ | जिल्ला प्रशासन कार्यालय, भोजपुर | (महिला ३० र पुरुष १० ) गरी ४० जना | |
| १४ | तेस्रो लिङ्गी घृणाविरुद्धको अन्तर्राष्ट्रिय दिवसका सन्दर्भमा अन्तरक्रिया | २०७६/२/२ | आयोगको कार्यालय, मोरङ | जिप्रका प्रशासकिय अधिकृत, जिप्रका. महिला सेलका प्रमुख परिवर्तनशील समाजका संयोजक र आयोगका सम्पूर्ण कर्मचारीहरू<br>(महिला ७, पुरुष ११ र तेस्रो लिङ्गी १९) गरी<br>३७ जना सहभागी | |
| १५ | चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना | २०७६/२/८ | सुनसरी | सरोकारवाला निकायका प्रमुखहरू तथा प्रतिनिधिहरू (महिला १६ र पुरुष १४) गरी ३० जना सहभागी | |
| १६ | चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना | २०७६/२/११ | धनकुटा | सरोकारवाला निकायका प्रमुखहरू तथा प्रतिनिधिहरू (महिला ४ र पुरुष २८) गरी ३२ जना सहभागी | |
| १७ | जिल्लाबाट आयोगमा दायर हुन आएका उजुरीहरूको अनुसन्धान गर्ने क्रममा गरिएको छलफल तथा अन्तरक्रिया | २०७६/२/२१ | झापा | सरकारी तथा गैरसरकारी सङ्घसंस्थाका प्रमुख तथा प्रतिनिधि,पेशाकर्मी, समाजसेवी, सञ्चारकर्मी साथै स्थानीयवासीहरू<br>(महिला २३ र पुरुष २५ ) गरी<br>४८ जना सहभागी | |
| १८ | जिल्लामा दायर हुन आएका उजुरीहरूको अनुसन्धान गर्ने क्रममा गरिएको छलफल | २०७६/३/११ | सुनसरी बराह नपा बक्लौरी ५ | समाजसेवी, बुद्धीजीवी तथा स्थानीयवासीहरू<br>(महिला १२ र पुरुष १५ ) गरी<br>२७ जना सहभागी | |

**प्रदेश न. २ कार्यालय, जनकपुर**

| क.स. | विषय | मिति | स्थान | सहभागिता | कैफियत |
|---|---|---|---|---|---|
| १ | बेपत्ताविरुद्वको दिवस | २०७५/५/१४ | धनुषा | मानव अधिकारकर्मीहरू (महिला १४ र पुरुष ३१) गरी ४५ जना सहभागी | |
| २ | मानव अधिकारकर्मी सँग छलफल | २०७५/५/११ | धनुषा | मानव अधिकारकर्मीहरू (महिला ८ र पुरुष २७) गरी ३५ जना सहभागी | |
| ३ | अपराध पीडितको हकसम्बन्धी अभिमुखीकारण | २०७५/७/१४ | सिरहा | अधिकारकर्मीहरू (महिला २० र पुरुष ४१) गरी ६१ जना सहभागी | |
| ४ | मौलिक हकको कार्यान्वयन | २०७५/८/१५ | जनकपुरधाम | १६० जना सहभागी | |
| ५ | मानव अधिकार दिवस | २०७५/८/२४ | जनकपुरधाम | मानव अधिकारकर्मी, सञ्चारकर्मी, स्थानीय सरकारी कार्यालय, पीडितहरू (महिला ७६ र पुरुष ८४ ) गरी १६० जना सहभागी | |
| ६ | जातीय भेदभाव तथा छुवाछुतविरुद्धको प्रादेशिक सम्मेलन | २०७५/९/१९ | धनुषा, जनकपुर | प्रदेश मुख्यमन्त्री, सामाजिक विकासमन्त्री, कानुनमन्त्री, सरकारी निकायका प्रमुख तथा प्रतिनिधि,नागरिक समाजका प्रतिनिधि, सेना, प्रहरी, दलित समुदायका प्रतिनिधिहरू गरी १२० जना सहभागी | |
| ७ | जिल्लामा स्थानीय तहमा विवाद समाधान र मानव अधिकारसम्बन्धी अभिमुखीकरण | २०७५/११/२ – ३ | बारा | स्थानीय तहका मेयर, उपमेयर, अध्यक्ष, उपाध्यक्ष तथा स्थानीय न्यायिक समितिका सदस्यहरू गरी २५ जना सहभागी | |
| ८ | स्थानीय तहमा विवाद समाधान र मानव अधिकारसम्बन्धी अभिमुखीकरण | २०७५/११/१४ –१६ | रौतहट | जिल्लाका सबै स्थानीय तहका मेयर, उपमेयर, प्रमुख तथा उपप्रमुख तथा स्थानीय न्यायिक समितिका सदस्यहरू (महिला ३१ र पुरुष ५९) गरी ९० जना सहभागी | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | स्थानीय तहमा विवाद समाधान र मानव अधिकारसम्बन्धी अभिमुखीकरण | २०७५/११/१७–१९ | सप्तरी | स्थानीय तहका मेयर, उपमेयर, अध्यक्ष, उपाध्यक्ष तथा स्थानीय न्यायिक समितिका सदस्यहरू (महिला ४० र पुरुष १२) गरी ५४ जना सहभागी | |
| १० | महिला हिसा न्यूनीकरणमा नेपाल प्रहरीको भूमिका विषयक कार्यशाला | २०७५/१२/१७–१८ | धनुषा | जिल्लाका सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि, मानव अधिकारकर्मी, सञ्चारकर्मी र पीडितहरू गरी १२५ जना सहभागी | |
| ११ | उपभोक्ताको मानव अधिकार विषयक कार्यशाला | २०७६/१/३–४ | धनुषा | अधिकारकर्मी, सञ्चारकर्मी, मुख्य मन्त्री, प्रजिअ, जनप्रतिनिधिसरोकारवालाहरू (महिला १६ र पुरुष ५४) गरी जम्मा ७० जना सहभागी | |
| १२ | तेस्रो लिङ्गी घृणाविरुद्धको अन्तर्राष्ट्रिय दिवस अन्तरक्रिया तथा जानकी मन्दिरमा दीप प्रज्वलन | २०७६/२/३ | धनुषा, | जिप्रका, जिल्ला प्रहरी, प्रदेश प्रहरी, जिल्ला समन्वय समिति, महिला मानव अधिकार संरक्षक सञ्जाल, निलहिरा समाज, सञ्चारकर्मी, इन्सेक, आदिवासी जनजाति प्रदेश कार्यालय, युवा क्लब, बाल सञ्जाल, शिक्षा समन्वय एकाइ, महिला सेल गरी ५५ जना सहभागी | |
| १३ | घरघरमा मानव अधिकार कार्यक्रमको अभिमुखीकरण | २०७६/२/३ | महोत्तरी | महोत्तरी गापा ६ गोनरपुराका वडा अध्यक्ष, महिला सदस्य, मुस्लिम महिलाहरू गरी ६० जना सहभागी | |
| १४ | विद्यालय शिक्षा | २०७६/३/१ | देवी चोक जनकपुरधाम | विभिन्न सामुदायिक विद्यालयमा कक्षा १० मा अध्ययनरत विद्यार्थीहरू ३५ जना सहभागी | |
| १५ | घरघरमा मानव अधिकार शिक्षा | २०७६/३/१२ | हंसपुर नपा, धनुषा, | हंसपुर नपा उपमेयर, वडा अध्यक्षहरू, वडा सदस्यहरू, किशोरीहरू, विद्यालयका प्रअ, इप्रका प्रमुख, स्थानीय महिलाहरू गरी ७० जना सहभागी | |
| १६ | विवाद समाधानमा स्थानीय तह र मानव अधिकार अवस्था विषयक अभिमुखीकरण | २०७६/३/१८ | धनुषा | जिल्लास्थित १८ वटा स्थानीय तहको न्यायिक समिति संयोजक, सदस्यहरू गरी ६५ जना सहभागी | |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | अपराध पीडितको हक र मानव अधिकार अवस्था अभिमुखीकरण | २०७६/३/१९ | धनुषा | जिल्लामा कार्यरत अधिकारकर्मीहरू ४० जना सहभागी | |

**प्रदेश न. ३ कार्यालय, सानेपा**

| क.स. | विषय | मिति | स्थान | सहभागिता | कैफियत |
|---|---|---|---|---|---|
| १ | मानव अधिकारको वर्तमान अवस्था र चुनौती विषयक अन्तरक्रिया | २०७५/६/१५ | ललितपुर | ५० जना सहभागी | |
| २ | महिला हिंसाको अवस्था र चुनौती | २०७५/८/२१ | ललितपुर | ४० जना सहभागी | |
| ३ | मानव अधिकार प्रशिक्षण | २०७५/८/१४–१८ | मकवानपुर | ४७ जना सहभागी | |
| ४ | स्थानीय तह प्रतिनिधि र पीडितको अधिकारसम्बन्धी तालिम | २०७५/९/२३ | तारकेश्वर, काठमाडौँ | ७० जना सहभागी | |
| ५ | मानव अधिकार र कर्तव्य विषयक अभिमुखीकरण | २०७५/९/१–७ | मकवानपुर | २९ जना सहभागी | |
| ६ | घरघरमा मानव अधिकार प्रशिक्षण | २०७५/९/३०–१०–४ | धादिङ | ४८ जना सहभागी | |
| ७ | १०९ औँ महिला दिवसको सन्दर्भमा नेपालमा महिलाको अवस्था र सरोकारवालाको भूमिका विषयक अन्तरक्रिया | २०७५/११/२२ | ललितपुर | ४० जना सहभागी | |
| ८ | अन्तर्राष्ट्रिय उपभोक्ता दिवसको अवसरमाउपभोक्ताअधिकारसम्बन्धी अन्तरक्रिया | २०७५/११/२७–२९ | धुलिखेल न.पा र बेथानचोक गापा, काभ्रेपलाञ्चोक | ९३ जना सहभागी | |
| ९ | घरघरमा मानव अधिकारसम्बन्धी प्रशिक्षण | २०७५/१२/१८ | भक्तपुर | ४४ जना सहभागी | |
| १० | महिलाविरुद्ध हुने हिंसा प्रभावितहरूको अधिकार संरक्षणमा स्थानीय तहको भूमिका विषयक अन्तरक्रिया | २०७५/१२/२८ | रसुवा | स्थानीय तहका जनप्रतिनिधिहरू ४५ जना सहभागी | |
| ११ | स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधिहरूका लागि मानव अधिकारसम्बन्धी तालिम | २०७६/१/२४–२६ | सिन्धुली | ८४ जना सहभागी | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधिहरूका लागि मानव अधिकारसम्बन्धी तालिम | २०७६/१/२७ | काभ्रेपलाञ्चोक | ३५ जना सहभागी | |
| १३ | प्रदेश स्तरीय मानव अधिकारमुखी विकास पद्धती विषयक कार्यशाला | २०७६/२/२७ | हेटौंडा | ४६ जना सहभागी | |
| १४ | मानव अधिकार अभिमुखीकरण | २०७६/२/८ | चितवन | ७५ जना सहभागी | |
| १५ | मानव अधिकार र बाल अधिकार विषयक अन्तरक्रिया | २०७६/३/१६ | काभ्रेपलाञ्चोक | ४७ जना सहभागी | |
| १६ | जनप्रतिनिधिहरूका लागि मानव अधिकारसम्बन्धी तालिम | २०७६/३/१८ | काभ्रेपलाञ्चोक | ७५ जना सहभागी | |

**गण्डकी प्रदेश कार्यालय, पोखरा**

| क.स. | विषय | मिति | स्थान | सहभागिता | कैफियत |
|---|---|---|---|---|---|
| १ | मानव अधिकार र मानव अधिकारमुखी विकास पद्धति विषयक अभिमुखीकरण कार्यक्रम | २०७५/४/२९ – ५/४ | मोदी गाँउपालिका, पर्वत | (महिला २७ र पुरुष २४) गरी ५१ जना सहभागी | |
| २ | बेपत्ता पारिएका व्यक्तिका नाउँमा रोपिएका बिरुवा गोडमेल, सङ्क्रमणकालीन व्यवस्थासम्बन्धी कानुनउपर छलफल र बेपत्ता पारिएका व्यक्तिको सम्झनामा दीप प्रज्वलन | २०७५/५/१४ | पोखरा | गण्डकी प्रदेश सभाका सभामुख, सरकारी, गैसस, नागरिक समाज, पीडित परिवारका सदस्य र सञ्चारकर्मी (महिला २५ र पुरुष २५) गरी ५० जना सहभागी | |
| ३ | विद्यालयमा शिक्षा र बाल अधिकार अभिमुखीकरण | २०७५/६/१५ –२१ | मुस्ताङ | जनहित उमावि धौलागिरीका विद्यार्थी र शिक्षकहरू (महिला ४५ र पुरुष ५५) गरी ९० जना सहभागी | |
| ४ | स्थानीय तहमा मानव अधिकार विषयक सचेतना | २०७५/६/२३ | अन्नपुर्ण गापा, कास्की | अन्नपुर्ण गापा कास्कीका जनप्रतिनिधिहरू (महिला २२ र पुरुष ३३) ५५ जना सहभागी | |
| ५ | अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको अवस्था, समस्या, चुनौती विषयक अन्तरक्रिया | २०७५/७/१४ | म्याग्दी | सरकारी, सुरक्षा निकाय, अपाङ्गता भएका व्यक्तिहरू, नागरिक समाज, कानुनव्यवसायी, मानव अधिकारकर्मी (महिला १५ र पुरुष ३०) गरी ४५ जना सहभागी | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | घरघरमा मानव अधिकार सचेतना | २०७५/८/२ | माछापुच्छ्रे गापा, कास्की | विद्यालयका शिक्षक, विद्यार्थीहरू (महिला २५ र पुरुष ३०) गरी ५५ जना सहभागी | |
| ७ | बाल अधिकार संरक्षणमा सरोकारवालाबिच छलफल | २०७५/८/४ | रुपा गापा, कास्की | गापाका जनप्रतिनिधि एवम् कर्मचारी, शिक्षक, विद्यार्थीहरू (महिला २० र पुरुष ३०) गरी ५० जना सहभागी | |
| ८ | आप्रवासी कामदारको अधिकार संरक्षणमा सरोकारवालाको भूमिका | २०७५/८/१६ –१७ | तनहुँ | सरकारी, सुरक्षा निकाय, गैसस, सञ्चारकर्मी, पीडित, आप्रवासी एवम्परिवार (महिला १५ र पुरुष ४२ ) गरी ५७ जना सहभागी | |
| ९ | अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, समस्या र चुनौती विषयक अन्तरक्रिया | २०७५/८/१६ | स्याङ्जा | स्थानीय तह, सरकारी, सुरक्षा निकाय, अपाङ्गता भएका व्यक्तिहरू गरी ४५ जना सहभागी | |
| १० | जिल्लामा मानव अधिकारको अवस्था विषयक अन्तरक्रिया | २०७५/८/२०–२२ | नवलपरासी (सुस्तापूर्व) | सरकारी, सुरक्षा निकाय, गैसस, सञ्चारकर्मी, कानुन व्यवसायी (महिला २० र पुरुष २९) गरी ४९ जना सहभागी | |
| ११ | मौलिक हकको कार्यान्वयनमा प्रदेश सरकार तथा प्रदेश सभाको भुमिका | २०७५/८/२८ | पोखरा | प्रदेश सरकार, प्रदेश सांसद, सरकारी तथा सुरक्षा निकाय, नागरिक समाजका प्रतिनिधिहरू | |
| १२ | घरघरमा मानव अधिकार शिक्षा, स्थानीय तह र मानव अधिकार विषयक अभिमुखीकरण | २०७५/९/३ –७ | पालुङटार, नपा, गोरखा | नगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरू, सुरक्षा निकाय, नागरिक समाज, मानव अधिकारकर्मी र सञ्चारकर्मीहरू (महिला २१ र पुरुष ३५) गरी ५६ जना सहभागी | |
| १३ | चौथो मानव अधिकार राष्ट्रिय कार्यायोजना अन्तरक्रिया | २०७५/१०/५ | वालिङ नपा, स्याङ्जा | सरकारी निकाय, नागरिक समाजका प्रतिनिधि र मानव अधिकारकर्मीहरू (महिला १५ र पुरुष ५०) गरी ६५ जना सहभागी | |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरू र कर्मचारीहरूलाई अभिमुखीकरण | २०७५/१०/१८ –१९ | गल्कोट नगरपालिका र बडीगाड गापा बागलुङ | स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरू र कर्मचारीहरू (महिला ८ र पुरुष २७) गरी ३५ जना सहभागी | |
| १५ | स्थानीय निकाय र मानव अधिकार विषयक अभिमुखीकरण | २०७५/११/२१ | वेशीसहर नपा, लमजुङ | स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि र कर्मचारीहरू ( महिला १५ र पुरुष २५) गरी ४० जना सहभागी | |
| १६ | स्थानीय निकाय र मानव अधिकार विषयक अभिमुखीकरण | २०७५/११/२२ | आरुघाट नपा, गोरखा | स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरू र कर्मचारीहरू (महिला १५ र पुरुष २५ ४० जना सहभागी | |
| १७ | घरघरमा मानव अधिकार विषयक अभिमुखीकरण | २०७५/१२/१० –१५ | म्याग्दी | सरकारी निकाय, नागरिक समाजका प्रतिनिधि र मानव अधिकारकर्मीहरू (महिला १८ र पुरुष २४) गरी ४२ जना सहभागी | |
| १८ | स्थानीय तहका जनप्रतिनिधिहरूलाई विवाद समाधानका विषयमा अभिमुखीकरण | २०७५/१२/१२ –१५ | पर्वत | स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरू र कर्मचारीहरू | |
| १९ | जनप्रतिनिधिलाई अभिमुखीकरण | २०७५/१२/२० –२५ | नवलपरासी, नवलपुर | स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरू र कर्मचारीहरू | |
| २० | स्थानीय निकाय र मानव अधिकार विषयक अभिमुखीकरण | २०७६/१/४ | भानु नगरपालिका, तनहुँ | स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरू र कर्मचारीहरू (महिला ३० र पुरुष २५) गरी ५५ जना सहभागी | |
| २१ | स्थानीय निकाय र मानव अधिकार विषयक अभिमुखीकरण | २०७६/१/६ | मध्यनगर नगरपालिका, तनहुँ | स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरू र कर्मचारीहरू (महिला २० र पुरुष ३८) गरी ५८ जना सहभागी | |
| २२ | मानव अधिकारसम्बन्धी छलफल/ अन्तरक्रिया/अभिमुखीकरण | २०७६/२/३–८ | तनहुँ र स्याङ्जा जिल्ला | स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरू र कर्मचारीहरू (महिला ४० र पुरुष ७०) गरी ११० जना सहभागी | |

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | अपाङ्गताको अधिकार | २०७६/२/३–९ | पर्वत | जिल्ला र स्थानीय तहका सम्बन्धित व्यक्तिहरू | |
| २४ | कानुन, न्याय तथा अदालत व्यवस्थापनजस्ता विषयहरूमा व्यवहारिक शिक्षा | २०७६/२/३ | आयोगको कार्यालय, पोखरा | काठमाडौँ स्कुल अफ लका विद्यार्थीहरू | |
| २५ | आयोगको १९ स्थापना दिवसको अवसरमा छलफल तथा अन्तरक्रिया | २०७६/२/१३ | कास्की | नागरिक समाज, मानव अधिकारकर्मी, सञ्चारकर्मीएवमूसरोकारवाला निकायहरूका प्रमुख तथा प्रतिनिधिहरू | |
| २६ | मानव अधिकारको दृष्टिमाः गण्डकी प्रदेश सभाबाट पारित कानुनहरूको समीक्षा | २०७६/२/२३ | कास्की | प्रदेश सरकारका सभामुख, मन्त्री, सदस्य, सरकारी कार्यालयका प्रमुख, कानुनव्यवसायी, नागरिक समाज/ सङ्घसंस्थाका प्रतिनिधि र सञ्चारकर्मीहरू (महिला ७० र पुरुष ७५ ) गरी १४५ जना सहभागी | |
| २७ | अन्तर्राष्ट्रिय यातना पीडित सहयोगार्थ दिवस | २०७६/३/ ९ | प्रहरी तालिम केन्द्र, पोखरा | सुरक्षा निकाय र सरकारी निकायका अधिकारीहरू | |
| २८ | यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको अधिकार | २०७६ /३/१४ | होटल लिगेसी पोखरा | सरोकारवाला निकायका प्रमुख र प्रतिनिधिहरू | |
| २९ | बालविवाह उन्मुलनसम्वन्धी कार्यशाला | २०७६ /३/२३ | पोखरा | (महिला ३२ र पुरुष २३) गरी ५५ जना सहभागी | |

**प्रदेश न. ५ कार्यालय, बुटवल**

| क.स. | विषय | मिति | स्थान | सहभागिता | कैफियत |
|---|---|---|---|---|---|
| १ | घरघरमा मानव अधिकार शिक्षा | २०७५/६/२ | नवलपरासी | जेष्ठ नागरिक र बालबालिकाहरू (पुरुष ३५ र महिला २५ जना) गरी ६० जना सहभागी | |
| २ | ज्येष्ठ नागरिक दिवस | २०७५/६/१५ | रुपन्देही/ भैरहवा | ज्येष्ठ नागरिकहरू, नागरिक समाज र स्थानीय तहका पदाधिकारीहरू गरी ८० जना सहभागी | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | जनप्रतिनिधिहरूसँग अन्तरक्रिया | २०७५/६/२१ | गुल्मी दरबार गापा, गुल्मी | जनप्रतिनिधिहरू, नागरिक समाजका प्रतिनिधि, सरकारी कर्मचारीहरू गरी ५० जना सहभागी | |
| ४ | मुसहर जातिको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार विषयक छलफल | २०७५/६/२६ | गुठी प्रसौनि, नवलपरासी | जनप्रतिनिधिहरू, नागरिक समाजका प्रतिनिधि, सरकारी कर्मचारीहरू गरी ५० जना सहभागी | |
| ५ | घरघरमा मानव अधिकार शिक्षा सम्बन्धमा छलफल | २०७५/७/१८ | अर्घाखाँची | स्थानीय तहका प्रतिनिधि, सुरक्षाकर्मी, नागरिक समाजका प्रतिनिधिहरू गरी ५० जना सहभागी | |
| ६ | पीडितको उजुरीमाथि विषयमा छलफल | २०७५/७/२० | परासी | पीडित र छरछिमेकी गरी २० जना सहभागी | |
| ७ | मानव अधिकार, बाल अधिकार, तेस्रो लिङ्गीको अधिकार सम्बन्धमा अभिमुखीकरण | २०७५/८/२२ | बुटवल, रुपन्देही | निजी तथा सामुदायिक विद्यालयका विद्यार्थीहरू २४० जना सहभागी | |
| ८ | दीपप्रज्वालन कार्यक्रम | २०७५/८/२३ | बुटवल, रुपन्देही | नागरिक समाज, गैसस, सङ्घसंस्था लगायत विभिन्न पेशा व्यवसायमा आबद्ध व्यक्तिहरू गरी ८० जना सहभागी | |
| ९ | प्रभातफेरि | २०७५/८/२४ | बुटवल, रुपन्देही | प्रदेश सरकार, सरकारी निकाय, गैसस, पेशागत सघसङ्गठन र नागरिक समाजका प्रतिनिधि गरी १२० जना सहभागी | |
| १० | मानव अधिकारको अवस्था सम्बन्धमा अभिमुखीकरण | २०७५/८/२४ | बुटवल, रुपन्देही | प्रदेश सरकार, सरकारी निकाय, गैसस, पेशागत सघसङ्गठन र नागरिक समाजका प्रतिनिधिहरू गरी ६० जना सहभागी | |
| ११ | अन्यबाट उपलब्ध न्यानो ओड्ने कपडा तथा हरलिक्स वितरण | २०७५/८/२५ | बुटवल, रुपन्देही | जेष्ठ नागरिक, नागरिक समाज र गैससका प्रतिनिधिहरू गरी ६० जना सहभागी | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | मौलिक हकको कार्यान्वयनमा प्रदेश सरकार तथा प्रदेशसभाको भूमिका | २०७५/८/२६ | बुटवल, रुपन्देही | नेपाल सरकारका उच्चपदस्थ पदाधिकारी, प्रदेश सरकारका मन्त्री समितिका सदस्य, पुर्व सभासद्, कर्मचारी कानुनव्यवसायी, सञ्चारकर्मी, नागरिक समाजका प्रतिनिधि, सञ्चारकर्मी सङ्घसङ्गठनका प्रतिनिधिहरू गरी १३० जना सहभागी | |
| १३ | जनप्रतिनिधिहरूलाई मानव अधिकार अभिमुखीकरण | २०७५/९/११ | रामपुर, पाल्पा | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरू(महिला २९ र पुरुष ४६) गरी ७५ जना सहभागी | |
| १४ | घरघरमा मानव अधिकार शिक्षा कार्यक्रम (मानव अधिकार संरक्षणमा स्थानीय तहको भूमिका सम्बन्धमा अभिमुखीकरण | २०७५/९/२६ | कपिलबस्तु | स्थानीय तहका पदाधिकारीहरू, नागरिक समाज, सञ्चारकर्मी, मानव अधिकारकर्मी (महिला ५१ र पुरुष २० ) गरी ७१ जना सहभागी | |
| १५ | महिला हिंसाको अवस्था र सरोकारवालाहरूको भूमिका विषयक अन्तरक्रिया | २०७५/११/६ | कपिलबस्तु | स्थानीय तहका प्रतिनिधि, महिला समूह, मानव अधिकारकर्मी सङ्घसंस्थाका प्रतिनिधि (महिला ५० र पुरुष १०) गरी ७० जना सहभागी | |
| १६ | मानव अधिकार तथा दायित्व सम्बन्धी अभिमुखीकरण | २०७५/११/२० | रुपन्देही | स्थानीय तहका प्रतिनिधि, महिला समूह, विद्यालयका शिक्षक अभिभावक किशोरी बाल क्लबका प्रतिनिधिहरू (महिला ५६ र पुरुष ५) गरी ६१ जना सहभाग | |
| १७ | महिला सशक्तिकरण तथा मानव अधिकार विषयक अभिमुखीकरण | २०७५/११/२२ | रुपन्देही | स्थानीय तहका वडा सदस्य, सहकारी, सङ्घसङ्गठनका प्रतिनिधि, थारु कल्याणकारणी सभाका पदाधिकारीहरू (महिला ४३ र पुरुष ८) गरी ५१ जना सहभागी | |
| १८ | कारागार र हिरासतको अवस्था सम्बन्धमा छलफल | २०७५/१२/६ –७ | कपिलवस्तु | ३५५ जना सहभागी | |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | महिला हिंसा न्यूनीकरण, मानव अधिकार संरक्षण एवम सुरक्षामा नेपाल प्रहरीको जवाफदेहिता विषयक राष्ट्रिय अभियान | २०७६/१/ २४ | रुपन्देही | प्रदेश न. ५ स्थित छ जिल्लाका प्रमुख जिल्ला अधिकारी, प्रहरी उपरीक्षक, सरकारी निकाय, महिला मानव अधिकारकर्मी, नागरिक समाजका प्रतिनिधि, सञ्चारकर्मीहरू गरी १७६ जना सहभागी | |
| २० | स्थानीय तहमा विवाद समाधान र मानव अधिकार विषयमा अभिमुखीकरण | २०७६/१/ २६ –२८ | कपिलवस्तु | कपिलवस्तुको सबै गापा र नपाका न्यायिक समितिका पदाधिकारीहरू गरी ६० जना सहभागी | |
| २१ | स्थानीय तहमा विवाद समाधान र मानव अधिकार विषयमा अभिमुखीकरण | २०७६ /१ –३०–३१ | पाल्पा | जिल्लास्थित चार स्थानीय निकायमा तीन गापा र एक नपा) का न्यायिक समितिका पदाधिकारीहरू ३६ जना सहभागी | |
| २२ | आयोगको १९ औं वार्षिकोत्सवको अवसरमा जिल्लामा मानव अधिकारको अवस्था विषयमा अन्तरक्रिया | २०७६/२/१३ | नवलपरासी | जिसस प्रमुख, नपा प्रमुख, नपाका सबै वडा अध्यक्ष, प्रजिअ, सुरक्षा प्रमुख, नागरिक समाज, मानव अधिकारकर्मी,सञ्चारकर्मीहरू गरी ५३ जना सहभागी | |
| २३ | आयोगको १९ औं वार्षिकोत्सवको अवसरमा शुभकामना | २०७६/२/१३ | रुपन्देही | नागरिक समाजका प्रतिनिधिहरू २५ जना सहभागी | |
| २४ | मानव अधिकारको अभिमुखीकरण | २०७६/२/१६ | कपिलवस्तु | ६० जना कैदीबन्दीहरू सहभागी | |

## सुदुरपश्चिम प्रदेश कार्यालय, धनगढी

| क.स. | विषय | मिति | स्थान | सहभागिता | कैफियत |
|---|---|---|---|---|---|
| १ | महिला हिंसा न्यूनीकरणमा र मानव अधिकार संरक्षणमा नेपाल प्रहरीको भूमिका विषयक अभियान कार्यक्रम | २०७५/५/२२ | कञ्चनपुर | २५० जना सहभागी | केका र प्रकाबिच समन्वय |
| २ | जनप्रतिनिधिहरूसँग मानव अधिकारसम्बन्धी अभिमुखीकरण | २०७५/५/२६ | कैलाली | घोडाघोडी नगरपालिकाका प्रतिनिधि, वडाध्यक्ष, सदस्यहरू गरी (महिला ८ र पुरुष ५९) गरी ६७ जना सहभागी | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | मानव अधिकार शिक्षा र बाल अधिकारसम्बन्धी अभिमुखीकरण | २०७५/६/११ | बेदकोट नगरपालिका वडा नं ७ स्थित घटाल माध्यमिक विद्यालय, कञ्चनपुर | कक्षा ११ र १२ का छात्र, छात्रा गरी ७२ जना सहभागी | |
| ४ | मानव अधिकार संरक्षण र संवर्द्धनमा सरोकारवाला निकायको भूमिका विषयक अन्तरक्रिया | २०७५/६/१५ | डडेल्धुरा | (महिला ६ र पुरुष २९) गरी ३५ जना सहभागी | |
| ५ | मानव अधिकार र जेष्ठ नागरिकहरूको अधिकारसम्बन्धी अन्तरक्रिया | २०७५/६/१७ | बडीकेदार गाउँपालिका, डोटी | ३२ (महिला ९ र पुरुष २३) जना सहभागी | |
| ६ | खाद्य तथा उपभोक्ताअधिकारसम्बन्धी सरोकारवाला निकायसँग छलफल | २०७५/६/२३ | कैलाली | २२ (महिला ४ र पुरुष १८) जना सहभागी | |
| ७ | विद्यालयमा मानव अधिकार र बाल अधिकारसम्बन्धी अभिमुखीकरण | २०७५/८/१२ | डडेलधुरा | १०५ (३० महिला र पुरुष ७५) जना सहभागी | |
| ८ | १० डिसेम्बर मनाउने सन्दर्भमा सरोकारवाला निकायसँग आयोगको कार्यालयमा छलफल | २०७५/८/१८ | कैलाली | २५ (महिला ७ र पुरुष १८) जना सहभागी | |
| ९ | ७० औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको सन्दर्भमा प्रभातफेरी कार्यक्रम | २०७५/८/२४ | कैलाली | २०० (महिला ६५ र पुरुष १३५) जना सहभागी | |
| १० | मौलिक हकको कार्यान्वयन तथा सुदुरपश्चिम् प्रदेशमा जातीय छुवाछुतसम्बन्धी अन्तरक्रिया | २०७५/९/४ | कैलाली | १२० जना सहभागी | केकाको कार्यक्रममा समन्वय |
| ११ | छाउपडी प्रथा सम्बन्धी राष्ट्रिय जाँचबुझ | २०७५/९/८ | अछाम/दैलेख | १२५ जना सहभागी | केकाको कार्यक्रममा समन्वय |
| १२ | स्थानीय निकाय र मानव अधिकारसम्बन्धी अन्तरक्रिया | २०७५/९/२२ | कञ्चनपुर | ४५ जना सहभागी | केकाको कार्यक्रममा समन्वय |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | स्थानीय निकाय र मानव अधिकारसम्बन्धी अन्तरक्रिया | २०७५/९/२४ | कैलाली | ४५ जना सहभागी | केकाको कार्यक्रममा समन्वय |
| १४ | जनप्रतिनिधिहरूसँग मानव अधिकारसम्बन्धी अभिमुखीकरण | २०७५/१०/५ | दार्चुला | ५५ (महिला ७ र पुरुष ४८) जना सहभागी | |
| १५ | जेष्ठ नागरिककोअधिकारसम्बन्धी अभिमुखीकरण | २०७५/११/२१ | कैलाली | ८० (महिला १६ र पुरुष ६४) जना सहभागी | |
| १६ | हिंसापीडित महिलाको अवस्था र चुनौती विषयक अन्तरक्रिया | २०७५/११/२३ | कैलाली | ३० (महिला ८ र पुरुष २२) जना सहभागी | |
| १७ | नेपाल सरकारको मानव अधिकार राष्ट्रिय कार्ययोजनासम्बन्धी छलफल | २०७५/१२/१ | कञ्चनपुर | ४५ (महिला ६ र पुरुष ३९) जना सहभागी | |
| १८ | सामूहिक अधिकारसम्बन्धी अन्तरक्रिया | २०७५/१२/२६ | बभाङ | ४२ (महिला ८ र पुरुष ३४) जना सहभागी | |
| १९ | स्थानीय तह र मानव अधिकार विषयक अन्तरक्रिया | २०७६/१/६ | डोटी | ४५ (महिला ५ र पुरुष ४०) जना सहभागी | |
| २० | स्थानीय तह र मानव अधिकार विषयक अन्तरक्रिया | २०७६/१/८ | अछाम | ७० (महिला २३ र पुरुष ४७) जना सहभागी | |
| २१ | अपाङ्गता भएका मानिसहरूको मानव अधिकार | २०७६/२/१७ | डडेल्धुरा | ३५ (महिला ७ र पुरुष २८) जना सहभागी | |
| २२ | मानव अधिकारकर्मीहरूलाई अभिमुखीकरण | २०७६/२/२२ | डडेल्धुरा | ४५ जना सहभागी | केकाको कार्यक्रममा समन्वय |
| २३ | मानव अधिकारकर्मीहरूलाई अभिमुखीकरण | २०७६/२/२३ | बैतडी | ४८ जना सहभागी | केकाको कार्यक्रममा समन्वय |
| २४ | आयोगको स्थापना दिवसको अवसरमा अन्तरक्रिया | २०७६/२/१३ | कैलाली | ३५ (महिला १२ र पुरुष २३) जना सहभागी | |

| | | | | | |
|---|---|---|---|---|---|
| २५ | जिल्लामा महिलाहरूको मानव अधिकारको अवस्थासम्बन्धीअन्तरक्रिया | २०७६/३/४ | अछाम | ४५ (महिला १५ र पुरुष ३०) जना सहभागी | |
| २६ | मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना | २०७६/३/१५ | डडेल्धुरा | ४० (महिला ८ र पुरुष ३२) जना सहभागी | |

**प्रदेश न. १ शाखा कार्यालय, खोटाङः**

| क.स. | विषय | मिति | स्थान | सहभागिता | कैफियत |
|---|---|---|---|---|---|
| १ | मानव बेचबिखन र मानव अधिकारको अवस्था | २०७५/५/२० | खोटाङ | २३ जना सहभागी | |
| २ | कैदीबन्दीहरूको अधिकार सम्बन्धमा अन्तरक्रिया | २०७५/५/२६ | ओखलढुङ्गा | १४ जना सहभागी | |
| ३ | कैदीबन्दीहरूको अधिकार सम्बन्धमा अन्तरक्रिया | २०७५/५/२७ | सोलुखुम्बु | १७ जना सहभागी | |
| ४ | बालबालिकाको समृद्धिमा अभिभावक तथा सरोकारवालाको भूमिका | २०७५/५/२९ | खोटाङ | ७२ जना सहभागी | |
| ५ | घरघरमा मानव अधिकार शिक्षा | २०७५/६/१५ – २१ | खोटाङ | ४० जना सहभागी | |
| ६ | लैङ्गिक हिंसा तथा मानव अधिकार शिक्षा | २०७५/६/१९ – २० | खोटाङ | ४६ जना सहभागी | |
| ७ | महिला अधिकार | २०७५/८–१३–१४– १६ | खोटाङ | १५८ जना सहभागी | |
| ८ | मानव अधिकार दिवस | २०७५/८–२४ | खोटाङ | १२१ जना सहभागी | |
| ९ | जातीय भेदभाव तथा छुवाछुतसम्बन्धी जनचेतनामूलक कार्यक्रम | २०७५/१०/१६ | ओखलढुङ्गा | सरकारी, गैरसरकारी सुरक्षाकर्मी, जनप्रतिनिधि, दलित, सञ्चारकर्मी, मानव अधिकारकर्मीहरू गरी ४६ जना सहभागी | |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | ६९ औं प्रजातन्त्र दिवसको अवसरमा मानव अधिकार र प्रजातन्त्रको सम्बन्ध भन्ने विषयमा कार्यपत्र प्रस्तुति | २०७५/११/७ | खोटाङ | जिल्लामा अवस्थित सरकारी तथा गैरसरकारी कार्यालय प्रमुख तथा प्रतिनिधि, स्थानीय जनप्रतिनिधि र विद्यालय तथा क्याम्पसका शिक्षक तथा विद्यार्थीहरू गरी ३०० जना सहभागी | |
| ११ | महिला दिवसको अवसरमा आयोजित कार्यक्रम<br>१) वक्तृत्वकला प्रतियोगिता<br>२) लोकदोहोरी प्रतियोगिता<br>३) म्युजिकल चियर प्रतियोगिता तथा सम्मान | २०७५/११/ २३ –२४ | खोटाङ | १. मा. वि. स्तरीय छात्राहरू १० जना सहभागी<br><br>२. घरेलु कामकाजी महिला १५ जना सहभागी<br><br>३.स्थानीय महिलाहरू ३० जना सहभागी | |
| १२ | सञ्चारकर्मी तथा मानव अधिकारकर्मीहरूलाई मानव अधिकार अभिमुखीकरण | २०७५/१२/१८ | खोटाङ | सञ्चारकर्मी तथा मानव अधिकारकर्मीहरू गरी ४७ जना सहभागी | |
| १३ | आयोगको स्थापना १९औं दिवस सन्दर्भमा जिल्लास्थित सरकारी र गैरसरकारी सङ्घसस्थाहरूबाट सम्बन्धमा अन्तरक्रिया | २०७६/२/१३ | खोटाङ | ७४ जना सहभागी | |
| १४ | घरघरमा मानव अधिकार शिक्षा कार्यक्रम | २०७६/२/१९ –२१ | सोलुखुम्बु र खोटाङ | १.सिंहदेवी मावि सोलुखुम्बुका कक्षा९, १० र १२ कक्षाका विद्यार्थीहरू गरी ११५ जना सहभागी<br>२.श्री विश्वज्योति उमावि खोटाङका कक्षा ९ र १० का विद्यार्थीहरू गरी ६७ जना सहभागी | |
| १५ | दलितको अधिकार तथा महिला एकल दिवस सन्दर्भमा कार्यपत्र प्रस्तुति | २०७६/३/८ र ९ | खोटाङ | रावावेशी गाउ पालिका वडा नं. ३ का जनप्रतिनिधि, दतिल अधिकारकर्मी तथा महिला अधिकारकर्मीहरू गरी ४६ जना सहभागी | |

**प्रदेश न. ५ शाखा कार्यालय,  नेपालगन्ज**

| क.स. | विषय | मिति | स्थान | सहभागिता | कैफियत |
|---|---|---|---|---|---|
| १ | अन्तर्राष्ट्रिय न्याय दिवस | २०७५/४–१ | बाँके | ५६ (महिला २० र पुरुष ३६) जना सहभागी | |
| २ | अन्तर्राष्ट्रिय बेपत्ता दिवस | २०७५/५/१४ | बाँके | ६६ (महिला ३० र पुरुष ३६) जना सहभागी | |
| ३ | बाल अधिकारसम्बन्धी कानुनी व्यवस्था र वर्तमान अवस्था विषयक अभिमुखीकरण | २०७५/६/१४ | प्युठान | कक्षा ११ र १२ का छात्र र छात्रा गरी ८५ जना सहभागी | |
| ४ | अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवस | २०७५/६/१५ | खजुरा गापा, बाँके, | २५० (महिला ७५ र पुरुष १७५) जना सहभागी | |
| ५ | घरघरमा मानव अधिकार शिक्षा र बाल अधिकार शिक्षासम्बन्धी सचेतना कार्यक्रम | २०७५/६/१८ –२९ | रुकुम र सल्यान | ११२ जना | जुम्ला कार्यालयसँगको समन्वय |
| ६ | स्थानीय जनप्रतिनिधिहरूका लागि मानव अधिकार अभिमुखीकरण | २०७५/८/८ | हुम्ला | ३६ जना सहभागी | जुम्ला कार्यालयसँगको समन्वय |
| ७ | बाल अधिकारसम्बन्धी अभिमुखीकरण | २०७५/८/९ – १० | बर्दिया | ८६ जना सहभागी | |
| ८ | अन्तर्राष्ट्रिय मानव अधिकार दिवस | २०७५/८/२४ | नेपालगन्ज | ८० जना सहभागी | |
| ९ | मौलिक हकको कार्यान्वयनमा सरकार तथा प्रादेशिक संसद्को भूमिका तथा कर्णाली प्रदेशमा आर्थिक सामाजिक सांस्कृतिक अधिकारको अवस्था विषयक कार्यशाला गोष्ठी | २०७५/९/२ | वीरेन्द्रनगर, सुर्खेत | मुख्यमन्त्री लगायत अन्य मन्त्रीहरू, सांसद्, नागरिक समाज, मानव अधिकारकर्मी, सञ्चारकर्मीहरू गरी १३० जना सहभागी | आयोगको केन्द्रीय कार्यालयसँगको समन्वय |
| १० | जिल्लामा मानव बेचबिखन तथा ओसार पसारको वर्तमान अवस्था चुनौती समाधानका उपायहरू विषयक अन्तरक्रिया | २०७५/११/७ | बर्दिया | सरकारी निकायका प्रमुख तथा प्रतिनिधि,जन प्रतिनिधिहरू, मानव अधिकारकर्मीहरू, सञ्चारकर्मीहरू (महिला २९ र पुरुष ४८) गरी ७७ जना सहभागी | आयोगको केन्द्रीय कार्यालयसँगको समन्वय |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | जिल्लामा मानव बेचबिखन तथा ओसार पसारको वर्तमान अवस्था चुनौती र समाधानका उपायहरू विषयक अन्तरक्रिया | २०७५/११/८ | बाँके | नागरिक समाज, सेना, प्रहरी, गैरसरकारी सङ्घसंस्थाका प्रतिनिधि र कर्मचारी (पुरुष ६३ र महिला ६५ ) गरी १२८ जना सहभागी | आयोगको केन्द्रीय कार्यालयसँगको समन्वय/ माननीय सदस्य मोहना अन्सारीको उपस्थिति |
| | स्थानीय जनप्रतिनिधिहरूलाई मानव अधिकार अभिमुखीकरण | २०७५/९/११–२२ | जाजरकोट र दैलेख | स्थानीय तहका जनप्रतिनिधि ४७ जना सहभागी | आयोगको जुम्ला कार्यालयसँगको समन्वय |
| १२ | घरघरमा मानव अधिकार शिक्षा कार्यक्रम | २०७५/१२/१–३ | पूर्वी रुकुम | स्थानीय जनप्रतिनिधि,समाजसेवी, विद्यालयका बालबालिका, शिक्षक शिक्षिकाहरू (महिला २८ र पुरुष २४) गरी ५२ जना सहभागी | |
| १३ | पूर्वी रुकुम जिल्लामा आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारको अवस्था विषयक अन्तरक्रिया | २०७५/१२/२ | सिस्ने गाउँपालिका, पूर्वि रुकुम | स्थानीय जनप्रतिनिधिहरू,नागरिक समाज, मानव अधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्थाका प्रतिनिधिहरू, जेष्ठ नागरिकहरू (महिला ६९ र पुरुष ३८ ) गरी १०७ जना सहभागी | |
| १४ | विद्यालयमा मानव अधिकार शिक्षा र बाल अधिकार अभिमुखीकरण | २०७५/१२/१८ | बाँके | कक्षा ११ र १२ मा अध्ययनरत छात्रछात्राहरू (महिला ६८ र पुरुष ३) गरी १०६ जना सहभागी | |
| १५ | १९ औं राष्ट्रिय मानव अधिकार आयोगको स्थापना दिवस | २०७६/२/१३ | कोहलपुर, बाँके | स्थानीय जनप्रतिनिधि, जिल्लाका सरकारी तथा गैरसरकारी निकायका प्रमुख तथा प्रतिनिधि, सुरक्षा निकायका प्रमुखहरू, नागरिक समाज, मानव अधिकारकर्मी तथा सञ्चारकर्मीहरू गरी १८० जना सहभागी | |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | १९ औं राष्ट्रिय मानव अधिकार आयोगको स्थापना दिवसको सन्दर्भमा स्थानीय तहमा मानव अधिकार विषयमा अन्तरक्रिया | २०७६/२/१४ | राप्ती, सोनारी गा.पा.बाँके | ४८ जना सहभागी | |
| १७ | बाल विवाह रोकथामसम्बन्धी दुई दिवसीय कार्यशाला | २०७६/०२/५–६ | रुपन्देही, बुटवल | बालबालिकाको क्षेत्रमा कार्यरत गैससका प्रमुख र प्रतिनिधिहरू | केका र सिजोप बिच सहकार्य |
| १८ | महिला हिंसा न्यूनीकरण सम्बन्धी प्रादेशिक सम्मेलन | २०७६/२/८ | सुर्खेत, वीरेन्द्रनगर | सरकारी निकायका प्रमुख, सुरक्षा निकायका प्रमुख, मानव अधिकारकर्मी, सञ्चारकर्मी (महिला ३७ र पुरुष ८३ ) गरी १२० जना सहभागी | |
| २० | उपभोक्ताअधिकारसम्बन्धी कार्यशाला गोष्ठी | २०७६/२/७ | नेपालगञ्ज, बाँके | प्रदेश न. ५ अन्तर्गत पर्ने सबै जिल्लाका स्थानीय प्रमुख तथा उपप्रमुख, जिल्ला समन्वय समितिका प्रमुख, स्थानीय उपभोक्ता संरक्षणसम्बन्धी कानुन कार्यान्वियनका प्रमुख, मानव अधिकारकर्मी र पत्राकार (महिला ६० र पुरुष ५०) गरी ११० जना सहभागी | आयोगको केन्द्रीय कार्यालयको कार्यक्रममा समन्वय |
| २२ | अपाङ्गता भएका व्यक्तिको अधिकार | २०७६/२/३० | सुर्खेत | अपाङ्गता भएका व्यक्तिहरू ५० जना सहभागी | |
| २३ | यातना पीडित सहयोगार्थ दिवस | २०७६/३/११ र १२ गते | बर्दिया | सशस्त्र प्रहरी र नेपाल प्रहरीका जवानहरू ८४ जना सहभागी | |

**कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला**

| क.स. | विषय | मिति | स्थान | सहभागिता संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | अन्तर्राष्ट्रिय शान्ति दिवस | २०७५/६/५ | जुम्ला | ७२ जना सहभागी | |
| २ | जेष्ठ नागरिक दिवस | २०७५/६/१५ | जुम्ला | ८७ जना सहभागी | |
| ३ | जिल्लामा मानव अधिकारको वर्तमान अवस्था, चुनौती र समाधान विषयमा अन्तरक्रिया | २०७५/८/ १४ | जुम्ला | ७७ जना सहभागी | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | अन्तर्राष्ट्रिय अपाङ्गता दिवस र<br>७० औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस | २०७५/८/ २५ | जुम्ला | १२५ जना सहभागी | |
| ५ | आर्थिक सामाजिक तथा सांस्कृति अधिकार | २०७५ /८/ २६ – २९ | सुर्खेत | | |
| ६ | जनप्रतिनिधिहरूलाई मानव अधिकार अभिमुखीकरण | २०७५/९/१५ –२२ | जाजरकोट | स्थानीय तहका जनप्रतिनिधिहरू ४७ जना सहभागी | |
| ७ | घरघरमा मानव अधिकार सचेतना | २०७५/९/१५ –२२ | जाजरकोट | विद्यालयका विद्यार्थीहरू १५० जना सहभागी | |
| ८ | अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तरक्रिया | २०७५/१२/८ | तातोपानी, जुम्ला | ३० जना सहभागी | |
| ९ | विद्यालयमा मानव अधिकार शिक्षा | २०७५/१२/१३ | तिलागुफा नपा कालिकोट | ४० जना सहभागी | |
| १० | विद्यालयमा मानव अधिकार शिक्षा | २०७५/१२/२० | गमगढी, मुगु | ६० जना सहभागी | |
| १२ | जातीय भेदभाव तथा छुवाछुतविरुद्धको प्रादेशिक सम्मेलन | २०७६/२/५–६ | सुर्खेत | कर्णाली प्रदेशका १० जिल्लाका स्थानीय तहका जनप्रतिनिधिहरू, दलित मानव अधिकारकर्मी, कानुन व्यवसायी, सञ्चारकर्मी गरी १५० जना सहभागी | |
| १३ | महिला हिंसा न्यूनीकरण, मानव अधिकार संरक्षण एवम् सुरक्षामा नेपाल प्रहरीको जवाफदेहीता विषयक राष्ट्रिय अभियान | २०७६/२/८ | सुर्खेत | प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, पेशागत सङ्घसंस्थाका प्रतिनिधि तथा सरकारी र गैर सरकारी निकायका प्रतिनिधिहरू गरी २०० जना सहभागी | |
| १४ | बाल विवाह अन्त्यका लागि बहुपक्षीय प्रादेशिक कार्यशाला गोष्ठी | २०७६/२/१२ | जुम्ला | विभिन्न वडाका वडाअध्यक्षहरू, जनप्रतिनिधिहरू, कार्यकारी प्रमुख, अपाङ्गता भएका व्यक्तिहरू गरी ४७ जना सहभागी | |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारको अवस्था सम्बन्धी अन्तरक्रिया | २०७६/२/२८ | सुर्खेत | विभिन्न वडाका वडा अध्यक्षहरू, जनप्रतिनिधिहरू, कार्यकारी प्रमुख, अपाङ्गता भएका व्यक्तिहरू गरी ४७ जना सहभागी | |
| १६ | अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकारको अवस्थासम्बन्धी अन्तरक्रिया | २०७६/३/३० | सुर्खेत | अपाङ्गता भएका व्यक्तिहरू (महिला १६ र पुरुष ३२) गरी ४८ जना सहभागी | |
| १७ | घरघरमा मानव अधिकार शिक्षा | २०७६/३/२ | दैलेख | स्थानीयवासीहरू (महिला ४१ र पुरुष १८) गरी ५९ जना सहभागी | |

## अनुसूची – ७

## आयोगबाट उजुरीमाथि गरिएका निर्णयहरू

१. पुनर्बहाली/सम्पत्ति रक्षा, उक्षेका बुटवल, रूपन्देही जिल्ला छोटकी रामनगर ६ बस्ने वर्ष ५० को राम टहल पासी र सोही ठाँउ बस्ने रामकिरण पासीबिच अदालतमा २०५८ सालदेखि अंश मुद्दा चलिरहेकोमा रामकिरण पासीले माओवादीको सहयोगमा २०५९ सालदेखि विभिन्न धम्की र यातना दिएकाले सो सम्बन्धमा मिति २०६१।३।११ गते पीडितले जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएको र दुवै पक्षबिच २०६१ असार २७ गते मिलापत्र भए पनि कार्यान्वयन नभएको र घरको ताला पनि नखुलेको बुबालाई कुटपिट गरको थाहा पाई प्रहरीमा जागिर रहेको छोरा दीपक पासी घर आएको र बुबाको उपचारमा संलग्न भएको अवस्थामा जागिरमा हाजिर गर्न नसकेको हुनाले जागिबाट हटाइएको भन्ने जानकारी आएको र सपरिवार भारतमा विस्थापित जीवन बिताइरहेको छोराको पनि जागिरमा बहाली गर्न तथा घरमा बसी आफनो सम्पत्ति रक्षा गर्न सकिने वातावरण मिलाउनका लागि आवश्यक पहल गरिपाऊँ भनी दर्ता भएको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा हाल कुनै समस्या नभएको अंशको कुरा मिलिसकेको र आयोगमा रहेको उजुरीमा थप कार्यबाही गर्नुपर्ने अवस्था नभएकाले उजुरी टुङ्ग्याउन पीडितकी श्रीमतीले जानकारी दिएको हुनाले प्रस्तुत उजुरी टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो।

२. धम्की, उक्षेका, बुटवल, रूपन्देही जिल्ला सिद्धार्थनगर नपा वडा नं. ७ निवासी राम थापा आले र श्रीमती वसन्ती भण्डारीको विपक्षी चन्द्रबहादुर थापा र श्रीमती मञ्जु थापाको सर्वोच्च अदालतमा विचाराधीन रहेको मुद्दाका सम्बन्धमा चन्द्रबहादुर थापा र श्रीमती मञ्जु थापाले नेकपा (माओवादी)- समक्ष उजुरी दिएकोमा वसन्ती भण्डारी र राम थापालाई माओवादीले अपहरण गरी आफनो जन अदालतमा लगि सर्वोच्च अदालतमा रहेको मुद्दा फिर्ता लिन र मुद्दा गर्दा खर्च भएको रु. एक लाख बीस हजार रकम क्षतिपूर्तिस्वरूप चन्द्रबहादुरलाई दिनुपर्ने फैसला गरेकाले हामी माओवादीको धम्कीका कारण मानसिक र शारीरिक यातनाबाट पीडित भई जिल्ला प्रहरी कार्यालयमा उजुरी दिँदासमेत कुनै सनुवाइ नभएकाले माओवादीहरूले दिएको यातना र धम्कीबाट जीवनरक्षाका लागि पहल गरी दिने सम्बन्धमा आयोगमा दर्ता भएको उजुरीउपर अनुसन्धान हुँदा प्रस्तुत विषयमा समस्या समाधान भइसकेकाले आयोगमा रहेको उजुरी टुङ्ग्याउन पीडित स्वयम्ले जानकारी गराएको हुँदा प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो।

३. गैरकानुनी थुना, उक्षेका बुटवल, रूपन्देही, मझुगावा गाविस वडा नं.४ बस्ने बरकत अली चुरिहार काम विशेषले मिति २०६८।३।२०गते जिविस रूपन्देहीमा गई फर्कने क्रममा बेलुका ४ वजे रूपन्देही जिल्ला वनगाईं चोकमा इलाका प्रहरी कार्यालय मधुवनीका इन्सपेक्टरले

रोकी एसएसपी साहेवले बोलाएको भनी जबरजस्ती गाडीमा राखी लगेकोमा हालसम्म बेपत्ता बनाएकाले रिहाइका लागि पहल गिरिदिने सम्बन्धमा आयोगमा परेको उजुरीउपर अनुसन्धान हुँदा निजलाई कानुनबमोजिम फौजदारी मुद्दामा थुनामा राखिएको पाइएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम खारेज गर्ने निर्णय गरियो ।

४. व्यक्ति कब्जा, माओवादीबाट, उक्षेका, बुटवल, नवलपरासी जिल्ला इलाका नं.२ सदस्य तथा स्थाङ गाविसका निवर्तमान अध्यक्ष हुमनाथ पाण्डे तथा सोही गाविसका सचिव चिरञ्जीवी आचार्यंलाई नेकपा (माओवादी)-का कार्यकर्ताहरूले सोही गाविसबाट मिति २०७३।११।२० मा कब्जामा लिएकाले रिहाइका लागि पहल गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीउपर अनुसन्धान हुँदा निजहरू कब्जा मुक्त भई आफनो गाउँघरमा स्वतन्त्रपूर्वक जीवनयापन गरिरहेको पाइएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

५. विस्थापित, उक्षेका बुटवल, नवलपरासी जिल्ला वेणीमणिपुर गाविस वडा नं.८ बस्ने १४ बर्षका नाबालक यमबहादुर विकलाई सोही ठाउँका माओवादी कार्यकर्ताहरूले अमानवीय तरिकाले कुटपिट गरकोले इलाका प्रहरी कार्यालय, दुम्कीवासमा उजुरी दिँदा निजहरूबाट रु.८५००। घाउ खर्च दिई मिलापत्र गराएको सो खर्च तिराएको रिसइवीले माओवादीहरूले धम्की दिएकाले विस्थापित हुनुपरेको सम्बन्धमा आयोगमा दर्ता भएको उजुरीउपर अनुसन्धान हुँदा प्रस्तुत विषयमा समस्या समाधान भई पीडित शान्तिपूर्वक घरमा बस्ने वातावरण भएको पाइएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

६. गैरकानुनी थुना, उक्षेका बुटवल, रूपन्देही जिल्ला शङ्करपुर गाविस वडा नं. १ सन्तोष हरिजनलाई जिल्ला कारागार कार्यालय, रूपन्देहीमा गैरकानुनी रूपले थुनामा राखेको भनी आयोगमा दर्ता भएको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा अदालतको आदेशमा थुनामा राखिएको देखिएकाले तथा निज हाल थुनामुक्त भई भारतमा काम गर्दै आएको बुझिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियमबमोजिम खारेज गर्ने निर्णय गरियो ।

७. महिला अधिकार, उक्षेका बुटवल, जिल्ला कारागार शाखा नवलपरासीमा थुनामा रहेकी गोमा शर्मा मिति २०६२।११।१ गते गर्भवती अवस्थामा कारागार चलान भएकोमा निजलाई गर्भको बच्चा जन्माउने इच्छा नभएकाले कानुनी रूपमा गर्भपतन गराई पाऊँ भनी आयोगमा दर्ता भएको उजुरी सन्दर्भमा हाल प्रस्तुत विषयको सान्दर्भिकता समाप्त भएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९को नियमबमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

८. सम्पत्ति कब्जा, उक्षेका बुटवल, नवलपरासी जिल्ला रामनगर गाविस वडा नं. ५, सेमरानी बस्ने भरतराज भट्टराई र निजको श्रीमती प्रभा भट्टराईको नाममा नवलपरासी रामनगरमा रहेको घरघडेरीसहित आठ बिगाहा जग्गा नेकपा (माओवादी)-ले कब्जा गरेको र उक्त जग्गाबाट प्राप्त अधिया धानसमेत बिक्रीका लागि व्यापारीकोमा लगिसकेको अवस्थामा समेत माओवादीले रोक लगाएकाले निजको सम्पत्ति भोगचलन गर्ने अवस्था सृजनाका लागि आवश्यक पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीउपर अनुसन्धान हुँदा उक्त जग्गा कब्जाबाट फुकुवा भई बेचबिखन पनि गरिसकेको भन्ने बुझिन आएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९, को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

९. बेपत्ता, उक्षेका बुटवल, रूपन्देही जिल्ला वोगडी गाविस वडा नं ४ बस्ने गृजेश गोसाइलाई मिति २०६८/०३/१० गते रूपन्देही जिल्ला निमाविबोगडीमा मतदाता परिचयपत्रको फोटो खिचाई बोगडी गाउँनजिकैको पुलसम्म पुग्दा भारतीय नम्बरको प्लेटको रातो कालो डिस्कभर मोटरसाइकलमा आएका दुईजना अपरिचित व्यक्ति आएर पुलिस इस्पेक्टरले बोलाएको छ भनेर लगेको, तत्पश्चात् निजको अवस्था अज्ञात रहेकाले खोजतलासका लागि पहल गर्ने सम्बन्धमा आयोगमा परेको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निजलाई सार्वजनिक अपराध मुद्दामा पक्राउ गरी अनुसन्धानबाट दोषी देखिएकाले जेल सजाय भएको र जेल सजाय भुक्तान गरी हाल भारतको नौतनवामा परिवारसहित बस्दै आएको भन्ने जानकारी प्राप्त भएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

१०. कब्जा, उक्षेका बुटवल, जिल्ला नवलपरासी सुनवल गाविस वडा नं. ५, आसावासी टोल निवासी पदम क्षेत्रीलाई नेकपा (माओवादी)-को एक समूहले आफ्नो नियन्त्रणमा लिई जङ्गलतर्फ लगेको हुँदा निजको जीवनरक्षा तथा सकुशल रिहाइका लागि पहल गरिदने सम्बन्धमा आयोगमा दर्ता भएको उजुरीउपर अनुसन्धान हुँदा निज कब्जा मुक्त भई स्वतन्त्रपूर्वक आफ्नो व्यापारव्यवसाय गरिरहेको पाइएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) (नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

११. माओवादीबाट कुटपिट तथा विस्थापित, उक्षेका जुम्ला, हुम्ला जिल्ला गोठी गाविस वडा नं.३ बस्ने पाल्टन रोकायालाई मिति २०५९/०७/०४ गते मेल्छाम स्कुलमा माओवादी कार्यकर्ताले कुटपिट गरी कानको जाली फुटाली बहिरो बनाएकाले चलअचल सबै सम्पत्ति कब्जामा लिएकाले सम्पत्ति फिर्ता तथा औषधी उपचारको उपलब्ध गराई पाउँ भन्ने सम्बन्धमा आयोगमा दर्ता भएको उजुरीको सम्बन्धमा पीडितसँग घटनाको सम्बन्धमा थप जानकारी लिनुपर्ने देखिएकाले, सो जानकारी प्राप्त भइसकेपछि पुनः पेस गर्ने निर्णय गरियो ।

१२. विस्थापित, उक्षेका जुम्ला, हुम्ला जिल्ला, राया गाविस वडा नं. ४ घर भएका खड्कबहादुर

बुढालाई मिति २०६०/०८/१० गते राया गाउँमा तत्कालीन नेकपा (माओवादी)- का कार्यकर्ताहरूले चन्दा मागेको, घरमा लुटपाट गरी घरबाट निकाली विस्थापित गरेकाले पुनःस्थापना तथा क्षतिपूर्तिका लागि पहल गिरिदिने सम्बन्धमा आयोगमा परेको उजुरी अनुसन्धान हुँदा पीडितले नेपाल सरकारबाट क्षतिपूर्ति प्राप्त गरिसकेको तथा आफ्नै गाउँमा पुनःस्थापना भइसकेको पाइकोले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

१३. न्यायप्रशासन, उक्षेका जुम्ला, हुम्ला जिल्ला जैरे गाविस वडा नं. ५ बस्ने सूचना रावतलाई पार्टीको नियमविपरीत विवाह गरेको आरोपमा मिति २०६२/०२/१८ गते अपहरण गरी श्रमकैदमा राखेको हुँदा श्रमकैदबाट मुक्त गराई स्वतन्त्र जीवन–यापनका लागि पहल गिरिदिने सम्बन्धमा आयोगमा दर्ता भएको उजुरीको अनुसन्धान हुँदा पीडितहरू हाल आफ्नै घरमा सकुशल जीवन बिताइरहेको पाइएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

१४. विस्थापित, उक्षेका जुम्ला, हुम्ला जिल्ला साँया गाविस वडा नं.९, बस्ने प्रेमबहादुर शाहीलाई मिति २०५९/१०/२ गते राजनीतिक कारणले गर्दा माओवादी कार्यकर्ताहरूले सम्पत्ति लुटपाट गरी चन्दा नदिँदा घर-परिवारसमेतलाई विस्थापित गराएकाले सम्पत्ति फिर्ता तथा पुनःस्थापनाका लागि पहल गिरिदिने सम्बन्धमा दर्ता भएको उजुरीको अनुसन्धान हुँदा जिल्ला प्रशासन कार्यालय, स्थानीय शान्ति समितिबाट राहत तथा क्षतिपूर्तिको प्रक्रिया अगाडि बढाइएको तथा निज आफ्नो घरमा पुनःस्थापना भएको पाइएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

१५. कुटपिट/धम्की, उक्षेका जुम्ला, हुम्ला जिल्ला प्रहरी कार्यालय हुम्ला सिमीकोटमा कार्यरत प्रहरी हबल्दार नरेश्वर धमलालाई प्रनानि प्रेमबहादुर थापा र प्रनाउ जीवन श्रेष्ठले कुटपिट गरेको तथा राजिनामा दिन धम्की दिएकाले दोषीउपर कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा पीडितले आफ्नै सङ्गठनभित्र उजुरी गर्नुपर्ने सो नगरेको देखिएको, पीडितले मागदाबी गरेअनुसारको प्रमाण आयोगमा पेस नगरेको तथा सम्पर्कमा नआएको तथा निज सरुवा भई अन्यत्र गइसकेको तथा सरुवाको जानकारी आयोगमा नगराएको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

१६. कुटपिट, उक्षेका जुम्ला, हुम्ला जिल्ला छिप्रा गाविस वडा नं ३ बस्ने देवबहादुर हमाललाई ऐ.ऐ. जिल्ला ऐ.ऐ.गाविस वडा नं २ डबल हमालसँग आफ्नो ऋण लिएको पैसा १४,४००/- माग्न जाँदा नेकपा (माओवादी)-का कार्यकर्ताले उल्टै कुटपिट गरी पैसा तिर्न लगाएको हुँदा घटनाको छानबिन गरी आवश्यक कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीको सम्बन्धमा

अनुसन्धान हुँदा प्रस्तुत विषयमा अदालतमा मुद्दा दायर गरिएको भन्ने उजुरीमा नै उल्लेख गरिएको देखिएकाले प्रस्तुत उजुरी राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम खारेज गर्ने निर्णय गरियो ।

१७. विस्थापित, उक्षेका जुम्ला, हुम्ला जिल्ला रोडिकोट गाविस वडा नं. १ बस्ने जनकबहादुर ऐडीलाई मिति २०५८/१०/११ गते आफ्नै गाउँघरमा बसिरहेको अवस्थामा राजनीतिक आस्था र चन्दा नदिएका कारणले नेकपा (माओवादी)-का कार्यकर्ताले सम्पत्ति लुटपाट तथा ज्यान मार्ने धम्की दिएकाले विस्थापित भई जिल्ला सदरमुकाम सिमिकोटमा आई बसेको हुँदा स्थापित गर्न आवश्यक पहल गरी दिने सम्बन्धमा आयोगमा दर्ता भएको उजुरीको विषयमा अनुसन्धान हुँदा निज आफ्नै गाउँघरमा पुनःस्थापन भइसकेको तथा जिल्ला प्रशासन कार्यालय हुम्ला र स्थानीय शान्ति समितिको कार्यालयअनुसार निजको राहत तथा क्षतिपूर्तिका लागि आवश्यक कार्यबाही भइरहेको भन्ने जानकारी प्राप्त भएको हुँदा प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

१८. बेपत्ता, केका, जनदिशा दैनिक पत्रिकाका कार्यकारी सम्पादक शिवप्रसाद तिवारीलाई मिति २०५९/०२/०५ गते बल्खु,कुमारी क्लबस्थित डेराबाट प्रहरीले पक्राउ गरी बेपत्ता पारेकाले निजको खोजतलास तथा रिहाइका लागि पहल गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीउपर अनुसन्धान हुँदा निज रिहा भई हाल सपरिवारसहित क्यानडामा बसोबास गर्दै आएको भन्ने जानकारी प्राप्त भएको हुँदा प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

१९. बेपत्ता, केका बैतडी जिल्ला दुर्गा भवानी गाविस बस्ने भूपू भारतीय सेनामा कार्यरत जयबहादुर पाण्डेका छोरा राजेन्द्रबहादुर पाण्डेलाई मिति २०६१/०१/१४ गते काठमाडौँबाट सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारेकाले निजको खोजतलास गिरिदिने सम्बन्धमा आयोगमा परेको उजुरीमा अनुसन्धान हुँदा निजको अवस्था सार्वजनिक भइसकेको तथा निज वैदेशिक रोजगारीको सिलसिलामा मलेशियामा हाल रहेको भन्ने जानकारी प्राप्त भएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२०. बेपत्ता, केका का.मनपावडा नं ७, चावहिल बस्ने उद्धवप्रसाद बडाललाई मिति २०५९/५/१३ गते घरबाट पक्राउ गरी सुरक्षाकर्मीले बेपत्ता पारेकाले खोजतलास गिरिदिने सम्बन्धामा आयोगमा परेको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निज रिहा भई हाल शान्तिपूर्वक जीवनयापन गरिरहेको भन्ने पीडित स्वयमूबाट जानकारी प्राप्त भएको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२१. बेपत्ता, केका काठमाडौँ जिल्ला, तीनथाना गाविस वडा नं. ९ बस्ने जितेन्द्र खड्कालाई मिति २०६१/०२/०४ गते घरमा सुती रहेको अवस्थामा ड्रेसमा आएका सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता बनाएकाले निजको खोजतलास तथा जीवनरक्षाका लागि पहल गिरिदिने भनी आयोगमा दर्ता भएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निज हाल रिहा भई शान्तिपूर्वक जीवनयापन गरिरहेको भन्ने जानकारी पाइएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो।

२२. बेपत्ता, केका ऐक्यबद्धता मासिक प्रकाशनका सम्पादक मिना शर्मा (तिवारी)-लाई मिति २०५९/०२/१० गते काठमाडौँबाट सुरक्षाकर्मीले पत्राउ गरी स्थिति अज्ञात पारेकाले निजको खोजतलास गरी दिने सम्बन्धमा आयोगमा परेको उजुरीमा अनुसन्धान हुँदा निज रिहा भई शान्तिपूर्वक आफ्नो पेसाव्यवसाय गरिरहेको र आयोगमा रहेको उजुरीउपरको कार्यबाही टुङ्ग्याई दिन पीडित स्वयम्ले निवदेन दिएको हुँदा राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो।

२३. बेपत्ता, केका काठमाडौँ जिल्ला नाङ्लेभार गाविस वडा नं. ४ बस्ने कौशिला दाहाललाई मिति २०६१/९/१८ गते सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारेकाले खोज–तलास गिरिदिने सम्बन्धमा आयोगमा दर्ता भएको उजुरीको अनुसन्धान हुँदा निज हाल रिहा भई शान्तिपूर्वक जीवनयापन गरिरहेको पाइएको तथा पीडित स्वयम्ले आयोगमा रहेको उजुरी टुङ्ग्याई दिन निवेदन दिएको हुँदा प्रस्तुत उजुरी राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो।

२४. अज्ञात, केका दैलेख जिल्ला चामुण्डा गाविस वडा नं. ३ बस्ने टीका विक कर्तव्यज्यान मुद्दामा जेल सजाय भोगिरहेको अवस्थामा निजलाई जिल्ला अदालत ललितपुरको आदेशबाट थुनामुक्त गर्दा परिवारलाई कुनै खबर नगरिएको र निजको सम्बन्धमा सम्बन्धित जिल्ला कारागार काभ्रेपलान्चोकमा बुझ्न जाँदा निजलाई थुनामुक्त गरिसकेको भन्ने जानकारी प्राप्त भएको तर निजको अवस्था हालसम्म पनि अज्ञात रहेकाले खोजतलास गिरिदिने सम्बन्धमा आयोगमा दर्ता भएको उजुरीको अनुसन्धान हुँदा निज हाल घरमा नै रहेको भन्ने जानकारी प्राप्त भएको हुँदा प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो।

२५. बेपत्ता, केका, काठमाडौँ जिल्ला, लर्पसिफेदी गाविस वडा नं ७ बस्ने रामप्रसाद खनाललाई मिति २०५९/१/२६ गते सुरक्षाकर्मीले पक्राउ गरी अवस्था अज्ञात पारेकाले खोजतलास गिरिदिने सम्बन्धमा आयोगमा दर्ता भएको उजुरीको अनुसन्धान हुँदा निज रिहा भई हाल राजनीतिक रूपमा सक्रिय रहेको भन्ने पीडित स्वयम्बाट जानकारी प्राप्त भएको हुँदा प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण

नियमावली २०६९, को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२६. बेपत्ता, केका, कामनपा वडा नं.२१ कोहिटी घर भई ललितपुर जिल्ला एकान्तकुना बस्ने सीता कारन्जितलाई मिति २०५९/१०/१२ गते सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निज हाल रिहा भई भारतमा व्यापार व्यवसाय गरिरहेको जानकारी प्राप्त भएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२७ गैरकानुनी थुना, क्षेका नेपालगन्ज, काठमाडौँ जिल्ला डिल्लीबजार घर भई नेपालगन्जस्थित ह्युमपाइप उद्योग सञ्चालनमा संलग्न रहनुभएका मामराज अग्रवाललाई मिति २०५९/५/१७ गते चिसापानी ब्यारेकका सेनाले सोधपुछका लागि लिएर गएकोमा रिहाइ नभएकाले रिहाइका लागि पहल गिरिदिने सम्बन्धमा आयोगमा दर्ता भएको उजुरीको अनुसन्धान हुँदा निजलाई सुरक्षाकर्मीले पक्राउ गरी आठ महिनासम्म गैरकानुनी थुनामा राखिएको देखिएकाले राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम २५ बमोजिम एक लाख रुपियाँ क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

२८. गैकानुनी थुना, क्षेका विराटनगर, इलाम जिल्ला, सोमाङ गाविस वडा नं. ९ निवासी सरिता तामाङलाई कर्तव्यज्यान मुद्दामा थुनामा रहेकोमा सर्वोच्च अदालतको आदेशबाट थुनामुक्त गिरिदिनु भनिए तापनि थुनामुक्त नगरिएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा सम्मानित सर्वोच्च अदालतबाट भएको फैसलाबमोजिम नै निज सरिता तामाङ रिहा भइसकेको भन्ने जानकारी प्राप्त भएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम खारेज गर्ने निर्णय गरियो ।

२९. गैरकानुनी थुना, क्षेका नेपालगन्ज, बाँके जिल्ला, नेगनपा वडा नं.११ जोलाहनटोल बस्ने सहिद हुसेन अन्सारीलाई गाउँका छिमेकी सर्वसाधारण व्यक्तिहरूले लाञ्छना लगाउन सक्ने तथा जिउज्यानसमेतको खतरा रहेको भनी यस आयोगमा परेको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा प्रस्तुत उजुरी व्यक्तिगत झैझगडा सम्बन्धमा रहेको र उजुरीकर्ता पनि उजुरी दिएपश्चात् सम्पर्कमा समेत नआएको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम खारेज गर्ने निर्णय गरियो ।

३०. गैरकानुनी थुना, क्षेका विराटनगर, झापा जिल्ला खुदुनाबारी गाविस वडा नं. ३ निवासी श्री टङ्कमाया श्रेष्ठलाई माओवादीको आरोपमा पक्राउ गरी रिहा नगरिएको भनी आयोगमा परेको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निज रिहा भई हाल शान्तिपूर्वक जीवनयापन गरिरहेको पाइएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी,

कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३१. गैरकानुनी थुना, उक्षेका बुटवल, पाल्पा जिल्लाबहादुरपुर गाविस वडा नं ९ बस्ने नगेन्द्रराज भट्टराईलाई मिति २०६२/६/८ गते संयुक्त सुरक्षा फौजको टोलीले पक्राउ गरी गैरकानुनी रूपमा थुनामा राखिएको भनी आयोगमा दर्ता भएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निजलाई कानुनबमोजिम थुनामा राखिएको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३२. गैरकानुनी थुना, उक्षेका बुटवल, कपिलवस्तु जिल्ला, हयैया गाविस वडा नं ७ निवासी नाबालिका शारदा सेन, आफ्नो साथीको घरमा विवाहमा गएर फर्किने सिलसिलामा निज बालिकासहित सात जना महिलाहरूलाई सुरक्षाकर्मीले पक्राउ गरी गोरुसिंहे ब्यारेक हुँदै जिल्ला प्रहरी कार्यालय कपिलवस्तु पुऱ्याई कानुनी कार्यबाही गर्ने भनी झुठ्ठा आरोपमा मुद्दा लगाई जेल चलान गरिएको भनिएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निज हाल रिहा भई शान्तिपूर्वक जीवनयापन गरिरहेको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३३. गैरकानुनी थुना, क्षेका विराटनगर, सुनसरी जिल्ला इटहरी नपा वडा नं. २ बस्ने हेमप्रसाद धमलालाई इटहरी इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक सुदीपराज भण्डारीले हिरासतमा यातना दिएको तथा सोही प्रहरी निरीक्षकको सहयोगमा निज हेमप्रसाद धमलालाई अर्जुन कटुवालले थुनेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा हाल सो अवस्था विद्यमान नरहेको भन्ने देखिएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३४. ३५. ३६. ३७. गैरकानुनी थुना, उक्षेका बुटवल, कपिलवस्तु जिल्ला शिवपुर गाविस वडा नं. ४ बस्ने बमबहादुर थारू, रघुप्रसाद थारू, कल्लु थारू, दुखु थारू र राम जिउना थारू गरी पाँच जनालाई सशस्त्र द्वन्द्वकालमा प्रहरीले विना कसुर पक्राउ गरी एक हप्तापश्चात् खुनडाका अभियोगमा गैरकानुनी तरिकाले ३१ दिनसम्म जिप्रका.मा राखिएको र पछि कारागार कार्यालय तौलिहवा चलान गरिएकोमा जिल्ला अदालत कपिलवस्तुबाट सफाइ पाई कारागार मुक्त भएपछि पुनः माओवादीको आशङ्कामा तीन दिनसम्म जिप्रका, कपिलवस्तुको हिरासतमा राखी लामो समयसम्म तारेखमा राखेको र हिरासतमा राख्ने क्रममा बिभिन्न शारीरिक तथा मानसिक यातना दिएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निज वमबहादुर थारूलाई गैरकानुनी थुनामा राखिएको नदेखिएको तथा यातना दिएको सम्बन्धमा यातना पुष्टि हुने कुनै प्रमाण पेस गरेको नदेखिँदा र निजहरूले प्रस्तुत विषय सम्बन्धमा स्थानीय शान्ति समितिको कार्यालय, कपिलवस्तुमा समेत निवेदन दिई आवश्यक कार्यबाही भइरहेको देखिएकाले प्रस्तुत

उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो।

३८. सम्पत्ति कब्जा, उक्षेका बुटवल, पाल्पा जिल्ला सोमादी गाविस वडा नं. ९ बस्ने गुणबहादुर खत्री तत्कालीन समयमा शाही नेपाली सेनामा कार्यरत रहेका कारण निजको परिवारलाई नेकपा (माओवादी)-ले निजले जागिर नछोडे श्री सम्पत्ति जफत गरी घर तालाबन्दी गर्ने भनी कथित जिल्ला जनअदालतको कार्यालय पाल्पाले ७० दिने म्याद जारी गरेको र निजहरूको सम्पत्ति कब्जा गरेकाले निज आफ्नो घरमा बस्न नसकी विस्थापित भएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा हाल निज आफ्नै गाउँघरमा स्थापित भइसकेको र शान्तिपूर्वक जीवनयापन गरिरहेको तथा पीडित स्वयम्ले आयोगमा रहेको उजुरी टुङ्ग्याई दिन भनी लिखित कागज गिरिदएको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो।

३९. सम्पत्ति कब्जा, उक्षेका बुटवल, अर्घाखाँची जिल्ला सिमलपानी गाविस वडा नं ५ बस्ने दामोदर ढकाललाई नेकपा (माओवादी)-का कार्यकर्ताहरूले सुराकीको आरोपमा कुटपिट गरी निज र निजको परिवारलाई विस्थापित गराई जग्गा जमिन कब्जा गरिएको र विस्थापित जीवन बिताई रहेको र सोको जानकारी जिल्ला प्रशासन कार्यालय तथा जिल्ला प्रहरी कार्यालयमा समेत दिएको तर हालसम्म कुनै राहत नपाएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा हाल निजको घरजग्गा कब्जा मुक्त रहेको र निजले जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीबाट राहत रकमसमेत प्राप्त गरिसकेको भन्ने देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो।

४०. विस्थापित, उक्षेका बुटवल, कपिलवस्तु जिल्ला खुरहुरिया गाविस वडा नं ४ निवासी अश्विनीकुमार चाईको घरमा मिति २०६१/११/२५ गतेको दिन नेकपा (माओवादी)-का कार्यकर्ताहरूले घरमा घेरा हाली निजको पाँचै दाजुभाइलाई अपहरण गर्न लाग्दा सोही समयमा सेना आइपुगेकाले छोडी भागी गएको तत्पश्चात् डर र त्रासका कारण सपरिवार विस्थापित भएको र सोही दिन नेकपा (माओवादी)-ले घरको ताल्चा फोडी घरको सम्पूर्ण धनसम्पत्तिहरू लुटपाट गरी निजकै ट्याक्टरमा राखी लगेको र घर तथा ग्यारेजमा बम विष्फोट गराई ध्वस्त गरेकाले विस्थापित भई कृष्णनगरमा आएको हुँदा आवश्यक क्षतिपूर्ति उपलब्ध गराई दिने सम्बन्धमा आयोगमा परेको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निजको घरमा क्षति पुर्‍याई ट्याक्टर समेत लुटी लगेको देखिएकाले तथा निज विस्थापित समेत भएको देखिएकाले निजको सम्पत्तिको क्षतिको मूल्याङ्कन गरी प्रचलित मूल्यमा क्षतिपूर्ति उपलब्ध गराउन राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम २८ बमोजिम नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो।

४१. सम्पत्ति कब्जा, उक्षेका बुटवल, बागलुङ नपा वडा नं. ६ कि श्रीमती गङ्गाकुमारी शर्माले निजको

श्रीमान् नेपाल सरकारको सेवामा कार्यरत रहेका कारण देखाउँदै नेकपा (माओवादी)-ले २०६१ सालदेखि निजको नाममा रहेको कपिलवस्तु जिल्ला साविक ते.मा.फ. ५(क) हाल निग्लिहवा गाविसअन्तर्गत पिपरामा कि.नं ३५४, २६५, ६३०, ५३८ को करिब दुई विगाहा जग्गाको उत्पादन उपभोग गर्न नदिएकाले सोको उपभोग गर्न पाउने व्यवस्थाका लागि आवश्यक पहल गिरिदिने भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा उल्लिखित जग्गा माओवादी कब्जाबाट फुकुवा भई बेचबिखनसमेत भइसकेको भन्ने पाइएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

४२. सम्पत्ति कब्जा उक्षेका बुटवल, नवलपरासी जिल्लाकुमारवर्ती गाविस वडा नं. १ गौर्सदी स्थायी घर भई हाल ल.पु. नपा वडा नं. ३ मा विस्थापित भई बस्दै आएका कुवेरजङ रायमाझी र निजको परिवार बसोबास गर्दै आएको उनको पुर्ख्यौली थलो नवलपरासी,कुमारवर्तीमा नेकपा (माओवादी)-का कार्यकताहरूले निजको तथा परिवारको सदस्यको नाउँमा रहेको अचल सम्पत्ति र घरमा भएका चल सम्पत्ति, गरगहनासमेत कब्जा गरी लुटी लगेको र निजकै नम्बरी जग्गामा रोपेर हुर्काएको सिसौंको रुखहरूसमेत २०६३ मार्गमा कटान गरी लगेको, लुटी लगेको धनमाल फिर्ता गराई आफ्नै ठाउँ थलोमा गई बस्न पाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निजको सम्पत्ति कब्जा भएको तथा सम्पत्ति लुटिएको देखिएकाले लुटिएको सम्पत्तिको मूल्याङ्कन गरी प्रचलित मूल्य क्षतिपूर्ति उपलब्ध गराउन राष्ट्रिय मानव अधिकार आयोगको (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम २८ बमोजिम नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

४३. सम्पत्ति क्षति, उक्षेका बुटवल नवलपरासी जिल्ला माकर गाविस वडा नं ४ बर्दघाटस्थित श्री दाउन्ने इङलिस बोर्डिङ स्कुलमा मिति २०६४/३/१३ गते बिहान १०:४५ बजे अध्ययन भइरहेको अवस्थामा नेकपा (माओवादी)- समर्थित विद्यार्थीहरूको एक समूह विद्यालय हाताभित्र प्रवेश गरी विद्यालयलाई पूर्णरूपमा घेराबन्दी गरी शिक्षक र विद्यार्थीलाई आतङ्कित पार्ने विद्यालय र शिक्षकको मानहानी हुने क्रियाकलाप गरी बालबालिकाको भौतिक सम्पत्तिसमेत तोडफोड गरी क्षति पुर्‍याएको र बालबालिकाको शान्तिपूर्ण वातावरणमा पढ्न पाउने अवस्थामा समेत खलल पुर्‍याएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा उक्त स्कुलको प्रिन्सिपलको नाता पर्ने सोही स्कुलका शिक्षकलाई अनैतिक व्यवहार गरेको भन्ने विषयलाई नेकपा (माओवादी)-का कार्यकर्ताहरूले स्कुल तोडफोड गरिएको तथा तालाबन्दी गरिएकोमा केही समयपश्चात् ताला खोलिएको तथा स्कुलका प्रिन्सिपल तथा शिक्षकले स्कुल छोडिसकेकाले हाल कुनै समस्या नरहेको भन्ने पाइएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

४४. सम्पत्ति कब्जा, क्षेका विराटनगर, मोरङ जिल्ला इन्द्रपुर वडा नं. ४ बस्ने हेमचन्द्र घिमिरेलाई तत्कालीन नेकपा (माओवादी)- केरावारी गाउँ कमिटिले जग्गा किनबेचको विषयलाई लिएर

धम्की दिएको तथा सम्पत्ति कब्जा गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा कब्जामा रहेको सम्पत्ति फुकुवा भइसकेको तथा धम्की पनि नभएको र शान्तिपूर्वक जीवनयापन गरिरहेको भन्ने देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

४५. सम्पत्तिको अधिकार, क्षेका विराटनगर, खोटाङ जिल्ला चिसापानी गाविस वडा नं. ३ बस्ने इच्छाबहादुर राई र कल्पना राईले मोरङ जिल्लाको बक्राहा नदी नियन्त्रणका लागि तटवन्धन गर्दा साविक मोरङ जिल्ला गोविन्दपुर गाविस वडा नं १ मा रहेको विभिन्न जग्गाको केही भाग नदिको तटबन्धभित्र परेकाले उक्त जग्गाको मुआब्जा अथवा क्षतिपूर्तिका लागि पहल गिरिदिने भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा प्रस्तुत विषयमा अदालतबाट फैसलासमेत भइसकेको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम खारेज गर्ने निर्णय गरियो ।

४६. कुटपिट/यातना क्षेका पोखरा कैलाली जिल्ला त्रिनगर नपा वडा नं ३ घर भई अन्नपूर्ण टोल बस्ने ट्याक्सीचालक हिमाल खड्कालाई तत्कालीन द्वन्द्वको अवस्थामा मिति २०६२/९/२९ गते बिहानको समयमा टुरिष्ट बसपार्कबाट लेकसाइडतिर ट्याक्सी लिई आउने क्रममा जिल्ला प्रशासन कार्यालय कास्की नजिकै रहेको सहिदचोकमा प्रहरीले जाँच गरी ट्याक्सी अगाडि बढाउन निर्देशन दिएअनुसार अगाडि बढाउँदा ट्याक्सीले किच्न ल्यायो भन्ने निहुँमा सशस्त्र प्रहरीले कुटपिट गरेको तथा यातना दिएको सम्बन्धमा आयोगमा दर्ता भएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निजले यातना तथा कुटपिट गरेको भनी प्रमाणित गर्ने स्वास्थ्य परीक्षण प्रतिवेदन पेस नगरेको तथा निजले उजुरी दर्ता गरिसकेपछि ट्याक्सी व्यवसाय छोडी कास्की जिल्ला छोडिगएको तर सोको जानकारी आयोगमा नगराएको देखिएकाले तथा यातनासम्बन्धी प्रमाणित हुने पर्याप्त प्रमाण भएको नदेखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

४७. क्षेका पोखरा, इलाम जिल्ला सोयाङ गाविस वडा नं. ९ घर भई छोरेपाटन, कास्कीमा बस्दै आएका ठाकुरप्रसाद सुवेदीको पसलबाट प्रहरीले नगद, नागरिकताको प्रमाणपत्र तथा अन्य कागजपत्रहरू लगेकाले सो प्रमाणपत्र तथा अन्य कागजपत्र फिर्ताका लागि पहल गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा प्रस्तुत विषयमा मिलापत्र भई नागरिकता र अन्य कागजपत्रहरू फिर्ता भइसकेको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

४८. कुटपिट/यातना क्षेका पोखरा, बागलुङ जिल्ला बुर्तिवाङ वडा नं. १ बस्ने नरहरी भुसाललाई मिति २०५९/४/२९ गते तत्कालीन शाही नेपाली सेनाले आफूले काम गर्ने साप्ताहिक

पत्रिका उषाकालीन साप्ताहिकको काम विशेषले शोबाङतर्फ गइरहेको अवस्थामा बुर्तिवाङ ८ का कुनै व्यक्तिको सुराकीमा भीमगिट्ठे सुरक्षा बेश क्याम्पबाट क्याप्टेन विनोद पोखरेलको नेतृत्वमा आएको टोलीले निर्मम रूपले कुटपिट गरेकाले दोषीलाई कार्यबाही र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराइदिन भनी उजुरी दर्ता भएकोमा अनुसन्धान हुँदा निजलाई यातना भएको भनी प्रमाणित हुने पर्याप्त प्रमाण नभएको देखिएकाले हाललाई प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४९. कुटपिट, क्षेका पोखरा, रामेछाप जिल्ला सैपु ६ स्थायी घर भई पोखरा स्थित रेस्टुरेन्टमा काम गर्ने गोकुल आलेमगरलाई प्रहरीले पक्राउ गरी कुटपिट तथा यातना दिएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा यातना दिएको सम्बन्धमा प्रमाण फेला नपरेको र निजको सम्बन्धमा अदालतमा मुद्दा दायर भई फैसलासमेत भइसकेको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम खारेज गर्ने निर्णय गरियो ।

५०. यातना, कास्की जिल्ला रूपाकोट गाविस वडा नं.५ निवासी उमाराज अधिकारी र विष्णु अधिकारीलाई विजयपुर ब्यारेकका सेनानी शङ्कर श्रेष्ठसमेतको टोलीलाई पक्राउ गरी यातना दिएको सम्बन्धमा आयोगमा परेको उजुरीको अनुसन्धान हुँदा यातना दिएको पुष्टि हुने पर्याप्त प्रमाण नभएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

५१. कुटपिट, क्षेकापोखरा, गोरखा जिल्ला ताकुकोट गाविस वडा नं. ८ डाँडागाउँ निवासी अन्तरज्योति माविमा कार्यरत शिक्षक प्रेमबहादुर बरामलाई नेकपा (माओवादी)-का कार्यकर्ताहरूले कुटपिट गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा प्रस्तुत घटना विस्तृत शान्ति सम्झौता पश्चात्को घटना भएकाले अदालतको क्षेत्राधिकारको विषय देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम खारेज गर्ने निर्णय गरियो ।

५२. मानसिक यातना, क्षेका पोखरा, कास्की जिल्ला भरतपोखरी गाविस वडा नं. ७ बस्ने मनोहर शर्मा अचार्यलाई लाई नेपाली सेनाले द्वन्द्वको समयमा मानसिक यातना दिएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा मानसिक यातना भएको सम्बन्धमा पुष्टि हुने पर्याप्त प्रमाण नभएको तथा पीडित स्वयम्बाट प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई दिनु भनी लिखित कागजात गरेको देखिएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

५३. यातना, क्षेका पोखरा न्यूरोड स्थित मेगा बचत तथा ऋण सहकारी संस्थाको भर्‍याङमा रकम लुटिएको विषयलाई लिएर सोही संस्थाका सुरक्षागार्ड गोविन्द थापा मगरलाई जिल्ला प्रहरी

कार्यालय कास्कीले पक्राउ गरी यातना दिएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा प्रस्तुत घटनाको सम्बन्धमा सम्मानित अदालतबाट कार्यबाही भइसकेको भन्ने जानकारी प्राप्त भएको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम खारेज गर्ने निर्णय गरियो ।

५४. न्याय-प्रशासन, क्षेका पोखरा, कास्की जिल्ला वगर १ बस्ने निरञ्जन सापकोटालाई बागलुङ स्थित नयाँ जीवन पुनर्स्थापना केन्द्रमा अमानवीय व्यवहार गरिएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा अमानवीय व्यवहार गरिएको तथा यातना दिएको भन्ने पुष्टि हुने पर्याप्त आधार तथा प्रमाण नदेखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

५५. दुर्व्यवहार क्षेका पोखरा, पोखरा विश्वविद्यालयको प्राङ्गणमा विद्यार्थीहरूले शुल्कको विषयलाई शान्तिपूर्ण आन्दोलन गरिरहेको अवस्थामा प्रहरीले अमानवीय व्यवहार गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निवेदकले तथा पीडितले घटनको सम्बन्धमा आयोगबाट प्रहरीलाई जानकारी गराएको तथा घटना पुरानो भइसकेकाले प्रस्तुत विषयमा आयोगमा रहेको उजुरी टुंङ्याई दिन लिखित जानकारी गराएको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

५६. यातना, क्षेका विराटनगर, मोरङ घर भएका माहित रामलाई जिल्ला प्रहरी कार्यालय मोरङले पक्राउ गरी यातना दिएको भन्ने उजुरीको सम्बन्धमा पीडित बयान दिन इच्छुक नरहेको जानकारी प्राप्त भएको, उजुरी दर्ता भएपश्चात् लामो समयसम्म हालसम्म पनि उजुरीवाला वा पीडितको तर्फबाट कोही पनि सम्पर्कमा नआएको तथा पीडितको सम्पर्क ठेगानासमेत नभएको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

५७. यातना, केकासा. काभ्रेपलान्चोक जिल्ला उग्रतारा गाविस जनागाल वडा नं. ६ बस्ने विदुर खड्का र निजका भान्जा सन्तोष कार्कीलाई इलाका प्रहरी कार्यालय बनेपाले पक्राउ गरी यातना दिएको तथा नोटदारलाई भेटघाट गर्न नदिएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निजहरूका सम्बन्धमा आतंककारी तथा विध्वंसात्मक (अपराध तथा सजाय) २०५८ बमोजिम विशेष अदालतबाट आवश्यक कार्यबाही भइसकेको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

५८. कुटपिट, उक्षेका सानेपा, नेपाल मजदुर किसान पार्टीको आयोजनामा मिति २०६१/१२/२५

गते काभ्रेपलान्चोक जिल्लाको बनेपामा भएको शान्तिपूर्ण जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी नेपाल क्रान्तिकारी किसान सङ्घ केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका पूर्व प्रमुख ज्ञानबहादुर न्याइच्याई बनेपा प्रहरी चौकीमा प्रहरीको कुटपिटका कारण टाउकोमा गहिरो चोट लागि घाइते भएकाले घटनाको छानविन गरी दोषीमाथि कार्यबाही गरिपाऊँ भनी आयोगमा परेको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज सो घटनामा घायते भएको देखिएको तथा निजको हाल मृत्यु भइसकेको भन्ने पाइएकाले पीडित परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग एनेको दफा १६ बमोजिम ५० हजार क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

५९. यातना उक्षेका सानेपा, भक्तपुर जिल्ला ताथली गाविस वडा नं. ३ बस्ने केशव थापालाई भूपु सैनिक टेकबहादुर अधिकारीसँगको लेनदेनको विषयलाई लिएर सिंहनाथ गण सूर्यबिनायक ब्यारेकमा बोलाई निर्मम कुटपिट गरिएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा सेनाले कब्जामा लिई यातना दिएकोमा दोषी सुरक्षाकर्मीलाई कार्यबाही भएको देखिन्छ, साथै यातनाका कारण निजको जीविकोपार्जनमा समेत असर पर्न गएको देखिएकाले राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८, को दफा १६ बमोजिम रु १ लाख क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

६०. यातना, उक्षेका सानेपा, लमजुङ जिल्ला धन पोखरा वडा नं. ७ घर भई काठमाडौँ बस्ने इन्द्रकला गुरुङ र नवलपरासी जिल्ला पिथौरी गाविस वडा नं. ७ घर भई काठमाडौँ बस्ने चन्द्रबहादुर गुरुङलाई महानगरीय प्रहरी परिषद् काठमाडौँमा यातना दिएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा प्रस्तुत विषय सम्बन्धमा अदालतमा मुद्दा दायर भई फैसलासमेत भएको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

६१. कुटपिट, उक्षेका सानेपा, का. मनपा १६ बस्ने ओमेशलाल प्रधान र निजकी आमा सुवर्ण लक्ष्मी प्रधान मोटरसाइकलबाट घरतर्फ जाने क्रममा राति प्रहरीले मादक पदार्थ सेवन चेक जाँच गर्ने क्रममा वादप्रतिवाद हुँदा कुटपिट गरेको तथा साही क्रममा निजको आमा सुवर्ण लक्ष्मी प्रधान लड्न गई घाइते भएको सोही क्रममा टाउकोमा लागेको चोटका कारण पछि निजको आमाको मृत्युसमेत भएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान गर्दा प्रस्तुत विषयमा अदालतमा मुद्दा दायर भई फैसलासमेत भइसकेको तथा पीडित स्वंयम्ले आयोगमा रहेको उजुरी टुङ्ग्याई दिन लिखित कागजात गिरिदएको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली, २०६९ को नियम १० बमोजिम खारेज गर्ने निर्णय गरियो ।

६२. यातना, उक्षेका सानेपा, मकवनापुर जिल्ला कुलेखानी गाविस वडा नं.४ घर भई गोकर्णेश्वर नपा११ बस्ने गणेशबहादुर घलानलाई प्रहरीमा उजुरी गर्न भनी महानगरी प्रहरी वृत्त बौद्धमा गएको बेलामा प्रहरीले अपशब्द बोलेको तथा कुटपिट गरेको भन्ने सम्बन्धमा दर्ता भएको

उजुरीको अनुसन्धान हुँदा पीडित स्वंयमूले कुनै कुटपिट र दुर्व्यवहार नभएको र आयोगमा रहेको उजुरी टुङ्ग्याई दिन लिखितरूपमा कागज गरिको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

६३. कुटपिट, उक्षेका सानेपा, रौतहट जिल्ला समनपुर गाविस वडा नं.३ बस्ने राम सागर साह महानगरीय ट्राफिक प्रहरी कार्यालय कमलपोखरीमा कार्यरत रहेको समयमा सोही कार्यालयका प्रनानि भेषराज गिरीले कुटपिट गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा सम्बन्धित निकायबाट आवश्यक कार्यबाही भएको देखिएको र आयोगको प्रभावबाट सकरात्मक सुधार भएकाले र हाल कुनै समसया नभएको प्रस्तुत विषयमा कार्यबाही टुङ्ग्याईदिन पीडित स्वंयमूले जानकारी गराएको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

६४. यातना, उक्षेका सानेपा, तत्कालीन शाही नेपाली सेनामा कार्यरत रहेको झलाकुमार भगतलाई जिल्ला प्रहरी कार्यालय मोरङले मिति २०७४/८/१९ गते पक्राउ गरी सार्वजनिक मुद्दा चलाएको र पछि नेपाली सेनाले काठमाडौँमा ल्याई यातना दिएको भन्ने उजुरीको अनुसन्धान हुँदा निजको सम्बन्धमा सम्मानित सर्वोच्च अदालत र सैनिक अदालतबाट कार्यबाही भएको देखिएको तथा यातना पुष्टि हुने कनै प्रमाण नभएको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम खारेज गर्ने निर्णय गरियो ।

६५. यातना, उक्षेका सानेपा, दोलखा जिल्ला तामाकोसी गाँउपालिका वडा नं.२ स्थायी घर भई का.मनपा वडा नं.७ चावहिल बस्ने डिल्ली बहादुर कार्कीलाई प्रहरीले पक्राउ गरी यातना दिएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निज डिल्लीबहादुर कार्कीलाई प्रहरीले कानुनबमोजिम कार्यबाही गरेको देखिएको तथा यातना भएको भनी पुष्टि हुने कुनै तथ्य प्रमाण नभेटिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

६६. माओवादीबाट कुटपिट, केका दोलखा जिल्ला मालु गाविस वडा नं. ५ बस्ने शिवहरी पोखेललाई मिति २०५६/११/९ गते नेकपा (माओवादी)-का कार्यकर्ताहरूले निर्ममतापूर्वक कुटिपट गरी सक्त घाइते बनाएको जसका कारण अपाङ्गसमेत भएको भन्ने सम्बन्धमा आयोगमा दर्ता हुन आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निजलाई नेकपा (माओवादी)-का कार्यकर्ताहरूले कुटपिट गरेकाले निज अपाङ्गसमेत भएको देखिएकाले निजलाई नेपाल सरकारबाट पनि द्वन्द्वपीडितको पहिचान गरेको देखिएको हँदा निजलाई कुटपिट गर्ने व्यक्तिको पहिचान गरी दोषीलाई कानुनबमोजिम कार्यबाही गर्न तथा पीडितलाई रु.एक लाख क्षतिपूर्ति उपलब्ध गराउन राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम नेपाल

सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

६७. माओवादीबाट सम्पत्ति कब्जा तथा विस्थापित,.क्षेका धनगढी, बाजुरा जिल्ला जुकोट गाविस वडा नं. ४ बस्ने मणिजङ्ग शाहीलाई मिति २०५८/१०/०९ गते राती नेकपा (माओवादी)-का कार्यकर्ताहरूले चल-अचल सम्पत्ति लुटपाट गरेको सम्पत्ति फिर्ता तथा क्षतिपूर्ति उपलब्ध गराइदिने भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निज आफ्नै गाँउघरमा स्थापित भइसकेको तथा क्षतिपूर्ति उपलब्ध गरायदिने भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निज आफ्नै गाउँघरमा स्थापित भइसकेको देखिएकाले राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

६८. माओवादीबाट विस्थापित, क्षेका नेपालगन्ज डडेल्धुरा जिल्ला भद्रपुर गाविस वडा नं. ५ बस्ने भैरव सिंह मल्ललाई निजका तीन छोराहरू सेना र प्रहरीमा कार्यरत रहेको र निज राजनीतिक रूपमा सक्रिय रहेको भनेर नेकपा (माओवादी)-का कार्यकर्ताहरूले जिउदै जलाउने धम्की दिएका कारण विस्थापित  हुनु परेकाले शान्तिपूर्वक जीवनयापन गर्न आवश्यक पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निज आफ्नै घरमा सकुशल स्थापित भइसकेको तथा नेपाल सरकारबाट नियमानुसार राहत पाइसकेको भन्ने देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

६९. माओवादीबाट विस्थापित,.क्षेका धनगढी, डडेल्लधुरा जिल्ला चीपुर गाविस वडा नं. १ बस्ने अमरबहादुर भाटलाई तत्कालीन ने.क.पा. (माओवादी) कार्यकर्ताहरूले मिति २०५८/०८/१२ गते घर निकाला गरी पुनः मिति २०५९/०६/२१ गते माओवादीका कार्यकर्ताहरूले घरको चल अचल सम्पत्ति लुटेको तथा घरमा आगो लगाई क्षतिग्रस्त बनाई सम्पूर्ण परिवारलाई विस्थापित गराएकाले पुन स्थापनाका लागि तथा क्षतिपूर्तिका लागि आवश्यक पहल गिरिदिने सम्बन्धमा आयोगमा दर्ता भएको उजुरीको अनुसन्धान हुँदा निज आफ्नै घरमा सकुशल स्थापित भइसकेको तथा नेपाल सरकारबाट नियमानुसार राहत रकम पाइसकेको भन्ने देखिएकाले राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम पूस्तुत उजुरी तामेलीमा राख्ने निर्णय गरियो ।

७०. विस्थापित,.क्षेका धनगढी, कैलाली जिल्ला वेलादेवीपुर गाविस वडा नं. २ बस्ने ईश्वरी रानालाई द्वन्द्वकालीन अवस्थामा मिति २०५८ सालमा डम्मर राना, राजकुमार राना र फिर्ता रानाले तात्कालीन विद्रोही नेकपा (माओवादी)  प्रयोग गरी जग्गा कब्जा गर्न लगाएको र २०६३ सालमा जग्गा जबरजस्ती पास गराउन खोजेको नमानेपछि कुटपिट गरी विस्थापित हुन बाध्य बनाएकाले स्वतन्त्रपूर्वक आफ्नो घरमा बस्ने वातावरण र सम्पत्ति भोगचलन गर्ने अधिकार सुनिश्चितताका लागि पहल गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निज आफ्नै गाँउघरमा स्थापित भइसकेको तथा क्षतिपूर्ति उपलब्ध गराइदिने भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा जग्गासम्बन्धी विवाद पारीवारिक विवाद रहेको र

अदालतबाट सोको निरूपण भइसकेको, माओवादीले कब्जा गरेको जग्गा शान्ति प्रक्रिया पछि फिर्ता गरेको र सो सम्बन्धमा सत्यनिरूपण तथा मेलमिलाप आयोग तथा सम्बन्धित निकायमा निवेदन दिएको तथा निज आफ्नै घरमा पुनःस्थापना भइसकेको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो।

७१. गैरकानुनी थुना, क्षेकाधनगढी, डडेलधुरा गाविस वडा नं. १ मजापानी बस्ने रामसिंह धामीलाई आतंकवादीको आरोपमा जिल्ला प्रहरी कार्यालय डडेल्धुराका सुरक्षाकर्मीले मिति २०५९।१।१४ गते बाट पक्राउ गरी विभिन्न मितिमा पटकपटक विना पुर्जी हिरासतमा गैरकानुनी रूपमा राखेको र यातनासमेत दिएकाले आवश्यक कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निजलाई गैरकानुनी रूपमा थुनामा राखिएको देखिएकाले राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १६ बमोजिम १ लाख रुपियाँ क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो।

७२. बेपत्ता, क्षेका धनगढी, कैलाली जिल्ला बसौटी गा.बि.स.,वडा नं.१ बस्ने राजकुमार कडरियाको (नाम खुल्न नसकेको) दाइलाई २०५४ सालमा कैलाली जिल्ला हसुलिया गाविस दक्षिण मगरा बस्ने शिवकुमार डङ्गोलले काठमाडौँमा घरेलु कामदारका रूपमा लगेका र निजको अवस्था हाल सम्म अज्ञात रहेकाले खोजतलास गिरिदिने सम्बन्धमा आयोगमा दर्ता भएको उजुरीको अनुसन्धान हुँदा निजको अवस्था सार्वजनिक भइसकेको भन्ने लिखित जानकारी निवेदक स्वंयम्बाट प्राप्त भएको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो।

७३. अज्ञात, क्षेका धनगढी, कैलाली जिल्ला धनगढी उपमहनगरपालिका वडा नं.२ आदर्श टोल बस्ने सन्तोष चौधरी मिति २०७३/०२/१० गतेका दिन ५:०० बजे बिहान घरपरिवार कसैलाई नभनी घरबाट हिँडेको तत्पश्चात् निजको अवस्था अज्ञात रहेकाले खोजतलासका लागि पहल गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीको अनुसन्धान हुँदा निज सन्तोष चौधारी हाल घरमा फर्किसकेको जानकारी निजकी आमाले लिखित रूपमा आयोगमा जानकारी गराएको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो।

७४. अपहरण माओवादीबाट, क्षेका धनगढी, डडेलधुरा गाविस वडा नं.९ बस्ने टीकाराम थापा मगरको छोरी पशुपती थापा मगरलाई द्वन्द्वकालमा मिति २०६२/०८/०७ गते तत्कालीन नेकपा (माओवादी)-ले अपहरण गरी अवस्था अज्ञात पारकोले निजको सकुशल रिहाइका लागि पहल गिरिदिने सम्बन्धमा उजुरीको सम्बन्धमा आयोगमा दर्ता भएको सम्बन्धमा अनुसन्धान हुँदा निजको अवस्था सार्वजनिक भइसकेको भन्ने जानकारी प्राप्त भएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण)

नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

७५. वातावरण अधिकार, क्षेका विराटनगर, मोरङ सोराभाग, दर्वैशा, बवियाविर्ता गाविसतथा रङ्गेली नपाका करिब १५०० स्थानीय व्यक्तिहरूको हस्ताक्षरसहित साविक सोराभाग गाविस वडा नं. ९ मा अवस्थित विगत २०६८ सालदेखि सञ्चालनमा आएको विराट् पोल्ट्री फार्मबाट निस्किएको फोहोर दुर्गन्ध र प्रदूषणले फर्म हाउसका कारण आसपासका क्षेत्रमा झिँगाको प्रकोप बढी स्थानीय जनतामा रोग फैलन गई बिरामी भएको, समस्याको समाधानका लागि पटक पटक पोल्ट्री फर्म सञ्चालकलाई सचेत गराउँदा पनि कुनै सनुवाइ नगरेको सो पोल्ट्री फर्मको मापदण्डको उचित र न्यायिक छानबिन गरी उक्त फर्म खारेज गरी स्वच्छ वातावरणमा बस्न पाउँ भन्दै स्थानीयवासीले गरेको शान्तिपूर्ण आन्दोलनमा प्रहरीद्वारा अनावश्यक बल प्रयोग गरिएकाले घाइतेको उपचार खर्च तथा जनताको जिउधनको सुरक्षा एवम् विराट् पोल्ट्री फर्म खारेज गरी स्वच्छ वातावरणमा जिउने अधिकारको सुनिश्चित गरिपाऊँ भनी दर्ता भएको उजुरीको सम्बन्धमा अनुगमन तथा अनुसन्धान हुँदा पोल्ट्री फर्म सञ्चालन भएका सबै ठाँउमा बसोबास गर्ने समुदायहरूको अधिकारसँग सम्बन्धित विषय भएको हुँदा निम्नबमोजिमको नीतिगत निर्णय गरी नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ः

(क) स्वास्थ्यको अधिकार मानव अधिकारको आधारभूत विषय भएबाट यसप्रकारको फर्म तथा फर्मको सञ्चालन गर्दा मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्न नहुने कुरामा विशेष सचेतनाको खाँचो छ । यसर्थ पोल्टी फर्म सञ्चालन हुने क्षेत्रको वातावरणीय पक्षलाई समेटी वातावरणीय परीक्षण (IEE/EIA) स्वीकृत गराई सोही परीक्षणबमोजिम कार्य गर्न ।

(ख) यसप्रकारको फर्मलगायत अन्य पशुपालन फर्म सञ्चालन गर्न स्वीकृत दिने तथा अनुगमन गर्ने विषयमा विज्ञहरूको सहयोगमा निश्चित निर्देशिका जारी गरी कार्यान्वयन गर्न ।

(ग) यसप्रकारको फर्मको सम्बन्धित निकायबाट नियमित अनुगमन गरी कानुनबमोजिम कार्य गराउन ।

(घ) मानव स्वास्थ्यमा प्रतिकूल असर पुऱ्याउने खालका पोल्ट्री फर्म बंगुर पालनलगायतका पशुपालन फर्म स्वीकृति गरी सञ्चालन गर्ने-गराउने, फर्म/हाउस विनाअनुमति सञ्चालन गर्न नदिन र सञ्चालित फर्म/हाउसलगायतले परिचालन गर्नुपर्ने न्यूनतम सर्त निर्देशिकामा समावेश गरी परिपालन गरी/गराई मानव अधिकार संरक्षण सुनिश्चित गर्नुपर्ने ।

७६. न्यायप्रशासन, क्षेका धनगढी, अछाम जिल्ला भैरवस्थान गाविस घर भई रानीवन उपस्वास्थ्य चौकीमा कार्यरत अनमी वर्ष ४६ की कलादेवी जैसीलाई मिति २०७१/११/२८ गते राति घरबाट भैरवस्थान प्रहरी चौकीमा कार्यरत प्रहरी सहायक निरीक्षक (असई) धनवीर सिंह धामीले लिएर गएको अवस्थामा खोज-तलास गर्दै जाँदा १३ दिनपछि निजको शव भैरवस्थान ३ स्यालघाट

भन्ने स्थानमा फेला परेको र उक्त घटनाको अनुसन्धानका लागि प्रहरी कार्यालयमा जोहरी लिन नमानेकोले उक्त घटनाको छानबिन गरी पीडकलाई कानुनबमोजिम कार्यबाही गर्न र पीडितलाई न्याय दिलाई पाऊँ भनी आयोग दर्ता भएको उजुरीको अनुसन्धान हुँदा सो सम्बन्धमा प्रहरीले जाहेरी दर्ता गरी आवश्यक कानुनी कार्यबाही गरेको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

७७. न्यायप्रशासन, केका, सिन्धुली जिल्ला भीमेश्वर गाविस वडा नं. टोलटार तुलसा चौलागाईँलाई मिति २०७४/७/३० गते घरपरिवारले कर्तव्य गरी मारेको आशङ्कामा कर्तव्यज्यान मुद्दामा जाहेरी दिएको मृतकका श्रीमान् नेपाल प्रहरीमा रहेको हुँदा प्रहरीबाट अनुसन्धान गर्दा निष्पक्ष नहुने शङ्का उत्पन्न भएकाले घटनाको निष्पक्ष अनुसन्धान गरी दोषीलाई कानुनबमोजिम कार्यबाहीका लागि पहलगरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीउपर अनुसन्धान हुँदा प्रस्तुत विषयमा कर्तव्य न्याय मुद्दामा सिन्धुली जिल्ला अदालतमा मुद्दा दायर भई आवश्यक कार्यबाही भइरहेको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम खारेज गर्ने निर्णय गरियो ।

७८. महिलाहिंसा, केका, स्याङ्जा जिल्ला दासिङ दहथुम गाविस वडा नं. ८ स्थायी घर भई काठमाडौँ कोटेश्वर बस्ने लक्ष्मी अधिकारीलाई निजका श्रीमान् महेन्द्र अधिकारीले अर्को विवाह गरी निज र छोराहरूलाई बेवास्ता गरेको र कुटपिट गरी घरेलु हिंसासमेत गरेकाले शान्ति सुरक्षा र भरणपोषणका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको सम्बन्धमा कार्यबाही गर्ने क्रममा उजुरी स्पष्ट नभएकाले पीडितसँग सम्पर्क गर्दा सम्पर्क नम्बर गलत रहेको र उजुरी दर्ता भइसकेपछि पीडितले आयोगको सम्पर्कमा नआएको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

७९. महिलाहिंसा, केका चितवन जिल्ला खैरहनी गाविस वडा नं.१ बस्यौली घर भई हाल काभ्रेपलान्चोक जिल्ला धुलिखेल नपा वडा नं.७ बस्ने सुष्मा कार्कीले निजको श्रीमानूसँग अंश चलन तथा मानाचामल माग गरी जिल्ला अदालत चितवनमा मुद्दा दायर गरेपश्चात् निजलाई निजको श्रीमान् र ससुराले ज्यान मार्ने धम्की समेत दिएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निजको श्रीमानूसँग सम्बन्धविच्छेद भइसकेको तथा अंश मुद्दा सम्बन्धमा मिलापत्र भइसकेको तथा हाल कुनै किसिमको असुरक्षा नरहेकाले आयोगमा रहेको उजुरीको कार्यबाही टुङ्ग्याउन पीडित स्वयम्ले जानकारी गरेको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

८०. महिलाहिंसा, क्षेका धनगढी, कैलाली जिल्ला टीकापुर नपा वडा नं. ९ बस्ने सन्जु शर्मालाई निजको श्रीमानूसमेतले मिति २०७०/११/१२ गते घर भै विष खुवाई हत्या गरेको र निजलाई

हालसम्म कुनै कार्यबाही नगरेकाले आवश्यक कार्यबाहीका लागि पहल गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीको अनुसन्धान हुँदा मृतकका आफन्तहरूले मृतकका पति विरुद्धको जाहेरी प्रहरी कार्यालयबाट फिर्ता लिएको तथा प्रहरीले कानुनबमोजिम सो घटनाको कार्यबाही गरिरहेकाले आयोगमा रहेको उजुरीको कार्यबाही टुङ्ग्याउन निवेदक स्वयम्ले जानकारी गराएको भन्ने देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

८१. न्यायप्रशासन, उक्षेका बुटबल रूपन्देही जिल्ला करैया गाविस वडा नं. ८ निवासी आनिक राना तेस्रोलिङ्गी पहिचानमा खुलेरै लागेको अवस्थामा आफ्नो पहिचानअनुसारको नागरिकता परिचयपत्र उपलब्ध गराउनका लागि पहल गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीउपर अनुसन्धानका क्रममा निजले आफ्नो पहिचानअनुसारको नागरिकता प्रमाणपत्र प्राप्त गरिसकेको भन्ने देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

८२. न्यायप्रशासन, उक्षेका बुटबल रूपन्देही जिल्ला बुटवल नपा वडा नं. १० सुख्खानगर बस्ने सन्तबहादुर पुनले आफ्नो घरछेउको रेस्टुरेन्टमा १६ वर्षीय बालिकालाई यौनशोषण तथा कुटपिट गरेको देखेकाले सो कार्य नगर्न भनी रेस्टुरेन्ट मालिकलाई भन्दा निजले मान्छे लगाई निज सन्तबहादुर पुनलाई कुटपिट गरेकाले वडा प्रहरी कार्यालयमा निवेदन दिँदा कुनै कार्यबाही नगरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा प्रहरी कार्यालय दुवै पक्षलाई बोलाई मिलापत्र गराएको तथा निज सन्तबहादुर पुनलाई उपचार खर्चसमेत दिलाउने तथा निज कालिकालाई परिवारको जिम्मा लगाउने भनी मिलापत्रमा लिखित सहमति भएको भन्ने पीडित स्वयम्ले आयोगमा लिखित जानकारी गराएको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

८३. न्यायप्रशासन, उक्षेका बुटवल नवलपरासी जिल्ला गैडाकोट गाविस वडा नं.५ बस्ने सुनिता अधिकारीलाई निजका श्रीमान् र घरपरिवारले कर्तव्य गरी मारी आत्महत्याको स्वरूप दिने प्रयास गरेकाले घटना आत्महत्या नभई हत्या भएको भनी जाहेरी गरेकाले घटनाको निष्पक्ष छानबिनका लागि पहल गिरिदिने सम्बन्धमा आयोगमा दर्ता भएको उजुरीको छानविनको हुँदा प्रस्तुत घटनाको सम्बन्धमा अदालतमा मुद्दा दायर भई कार्यबाही भइरहेको भन्ने देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९,को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

८४. जातीय विभेद, उक्षेका बुटवल, नवलपरासी जिल्ला स्वाठी गाविस वडा नं. ५ वनकट्टी स्थित ब्रम्हकुमारी ईश्वरीय विश्वविद्यालय शाखा पाठशालामा बस्ने मनमाया देवी र लक्ष्मीकुमारी परियारलाई ऐ.ऐ वडा नं. ५ बस्ने निमबहादुर शाही र यमबहादुर पाण्डेसमेतले उक्त पाठशाला

एवम् भगवती दुर्गा मन्दिर र शिवालयमा बसेकाले अशुभ बनाइदिएको र तल्लो अक्षुत भनी दुर्व्यवहार तथा धम्की दिई जातीय विभेद गरेकाले जिल्ला प्रहरी कार्यालय नवलपरासीमा निवेदन दिएकोमा कुनै कार्यबाही नभएकाले न्याय दिलाउनका लागि पहल गरिपाऊँ भनी यस आयोगमा दर्ता भएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा प्रस्तुत विषयमा जिल्ला अदालत नवलपरासीमा मुद्दा दायर भई फैसलासमेत भइसकेको तथा पुनरावेदन अदालत बुटवलमा पुनरावेदन भई मुद्दा फैसला भइसकेको भन्ने देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९,को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

८५. न्यायप्रशासन, उक्षेका, बुटवल, रूपन्देही जिल्ला एकाला गाविस वडा नं. २ स्थित अधिकारी निमावि अधिकारी एकाला स्पन्देहीका पूर्व प्रधानाध्यापक मोहनप्रसाद यादवविरुद्ध आर्थिक अनियमिता गरेको भनी तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हृदयराम यादवले विभिन्न निकायमा उजुरी दिएको तथा निजकै नेतृत्वमा आएका २०/२५ जना व्यक्तिहरूको समूह स्कुलमा प्रवेश गरी शिक्षक हाजिर रजिस्टर, विद्यार्थी भनी रजिस्टर कब्जामा लिई प्रअको कक्षमा आफ्नो निजी ताल्चा लगाई शैक्षिक सत्रको सुरुमै अशान्ति मच्चाएकाले विद्यालयको पठन-पाठनमा वातावरण बिग्रिन गएका कारण कब्जामा भनी गएको रजिस्टरहरू उपलब्ध गराई विद्यालयको पठन-पाठन कार्य सहज बनाउने कार्यमा पहल गिरिदिन भनी आयोगमा परेको उजुरीको अनुसन्धान हुँदा निज मोहनप्रसाद यादवलाई अर्को विद्यालयमा सरुवा गराएपछि आएको समस्या समाधान भएको देखिएको तथा आर्थिक अनियमितको विषय आयोगको क्षेत्राधिकार नपर्ने भएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

८६. न्यायप्रशासन, उक्षेका बुटबल, रूपन्देही जिल्ला भगवानपुर गाविस वडा नं.९ सानो अदौला बस्ने वर्ष १३ की शशीकला पाण्डे र वर्ष १५ को शशीप्रभा पाण्डे मिति २०७०/१०/१२ गते बिहान घरबाट विद्यालय गएको समयमा सोही जिल्लाको लुम्बिनी आदर्श गाविस वडा न.. ५ बस्ने अन्दाजी ३२ वर्षका अनुवर धुनियाले गाउँबाट करिब ६०० मी. टाढा एकान्तमा जबर जस्ती करणीय आशयसहित हातपात र अभद्र व्यवहार गरिरहेको बेला हारगुहार सुनी स्थानीय जुगुन यादवलगायत अन्य स्थानीयलाई भाग्न खोज्दासमेत इलाका प्रहरी कार्यालय लुम्बिनीलाई बुझाए पनि मद्दा दर्ता गर्न प्रहरीले आलटाल गरेको र २०७०/१०/१८ गते विपक्षी अनवर धुनियालाई भगाएकाले न्यायका लागि आवश्यक पहल गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीउपर अनुसन्धान हुँदा सो सम्बन्धमा प्रहरीले आवश्यक कार्यबाही गरेको देखिएको र उजुरीमा उल्लिखित घटना भएको नदेखिएको तथा निवेदक स्वयम्ले लिखित रूपमा आयोगमा रहेको कार्यबाही टुङ्ग्याउन जानकारी गराएको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

८७. हत्या, सम्पत्ति लुटपाट, गण्डकी प्रदेश कार्यालय, पोखरा- कपिलवस्तु जिल्ला बलरामपुर गाविस-८ बस्ने राधेश्याम कुर्मीलाई मिति २०६२/२/२७ गतेका दिन प्रतिकार टोली हतियारसहित आई पक्राउ गरी घरदेखि २०० मिटर पर लगी (दक्षिणतर्फ) मारेको हुँदा दोषीउपर कार्यबाही गरी क्षतिपूर्ति दिलाई पाऊँ भन्ने निवेदन, त्यसैगरी कपिलवस्तु जिल्ला महाराजगन्ज गाविसवटा नं. ९ बस्ने मैन्टुल पासी २०६२/२/२७ गते दिउसो ३ बजेको समयमा आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादी प्रतिकार टोलीले लगी वनगाई भन्ने स्थानमा बाटोमा नै गोली हानी हत्या गरेको र सामानहरू लुटपाट गरी आगोसमेत लगाइदिएकाले क्षतिपूर्ति दिलाई दोषीउपर कार्यबाही गरिपाऊँ भन्ने निवेदन र कपिलवस्तु जिल्ला महाराजगन्ज गाविस -९ बस्ने चिग्गल पासी र मैन्टुल पासी आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादी प्रतिकार समूहका मानिसहरूले घरैबाट लगी वनगाईको बाटोमा गोली हानी हत्या गरेको र सामानहरू लुटपाट गरी आगोसमेत लगाई दिएकाले क्षतिपूर्ति दिलाई दोषीउपर कार्यबाही समेत गरिपाऊँ भन्ने घटनाको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा प्रतिकारका नाममा सादा पोसाकका सुरक्षाकर्मीहरूको समेत संलग्नतामा नियन्त्रणमा लिई ३ (तीन) जनाको (राधेश्याम कुर्मी, मैन्टुल पासी र चिग्गल पासी) मिति २०६२/२/२७ गते हत्या गरेको र सम्पत्तिसमेत लुटपाट गरी आगोसमेत लगाइदिएको पाइएकाले घटनाको संलग्न दोषी पहिचान गरी कानुनबमोजिम कार्यबाही गरी मृतक तीनै जनाका परिवारलाई प्रतिपरिवार रू.३,००,०००/- (तीन लाख) का दरले क्षतिपूर्ति उपलब्ध गराउन, मृतकका आश्रित छोराछोरीका लागि निःशुल्क शिक्षाको व्यवस्था गर्न र लुटपाट तथा आगजानी भएको सम्पत्तिको उचित मूल्याङ्कन गरी क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिस गर्ने ।

८८. हत्या, सम्पत्ति लुटपाट, गण्डकी प्रदेश कार्यालय, पोखरा- मिति २०६१/११/११ गते प्रतिकार समितिका मान्छेहरूले घरमा लुटपाट गरेर आगो लगाई सम्पूर्ण सामान जलाएर नष्ट गरी क्षति पुऱ्याएकाले क्षतिपूर्ति उपलब्ध गराउन पहल गरिपाऊँ भन्ने समेत ब्यहोराको जिल्ला कपिलवस्तु गाविस हरदैना वडा नं.-८ बस्ने अकबाल मुसलमानको उजुरी, मिति २०६१/११/११ गते हामी अकवाल हुसैन, अहमद हुसैन, महम्मद हुसैन तीन भाइको घरमा प्रतिकार समितिका मान्छेहरूले लुटपाट गरी जलाई ध्वस्त बनाएकाले क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भन्ने समेत ब्यहोराको जिल्ला कपिलवस्तु गाविस हरदौना वडा नं.८ बस्ने अहमद हुसैनको उजुरी, मिति २०६१/११/११ गते मोहरमको दिन मेरो मुजहनी गाँउमा भएको घर सेना तथा प्रहरीको साथमा आएका प्रतिकार समितिका हजारौं मानिसले मेरो छुट्टीभिन्न भएको छोरा दीन महम्मद र मेरो उक्त घर लुटपाट गरी आगो लगाई ध्वस्त गरिदिएका कारण ३ महिना विस्थापित भई भारतमा बसेकाले क्षति भएको सम्पत्तिको क्षर्तिपूर्तिका लागि पहल गरिपाऊँ भन्ने समेत व्यहाराको जिल्ला कपिलवस्तु गाविस हरदौना वडा नं.८ बस्ने वली महम्मद मियाँको उजुरी, मिति २०६१/११/११ गते प्रतिकार समूहका हजारौंका मानिसहरूले माओवादीका आरोपमा म महबुव मुसलमानको ७ कोठाको खपडाको घर तोडफोड गरी भएको सबै सम्पत्ति लुटपाट गरी लगेकाले क्षतिपूर्ति दिलाउन पहल गरिपाऊँ भन्ने समेत ब्यहोराको जिल्ला कपिलवस्तु

हरदौना गाविस वडा नं. ८ बस्ने महुबुब मुसलमानको उजुरी, मिति २०६१/११/१० गते प्रतिकार समितिका मानिसहरूले घरमा तोडफोड/लुटपाट गरी घर जलाई क्षति पुऱ्याएकाले क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भन्ने कपिलवस्तु जिल्ला हरदौना गाविस वडा नं.८ बस्ने अब्दुल जलिल मियाँका उजुरी, मिति २०६१/११/११ गते प्रतिकार समितिका मानिसहरू आई घरमा लुटपाट गरी घर जलाई क्षति पुऱ्याएकाले क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भन्ने कपिलवस्तु जिल्ला हरदौना गाविस वडा नं. १ बस्ने किस्मती रैदासको उजुरी, मिति २०६१/११/६ गते माओवादीका विरुद्ध प्रतिकार गर्न आएका प्रतिकारका मानिसहरूले मेरो घरको २१ इन्चको रङ्गीन टिभी लगेको हाल सो टिभी धनकौली सैनिक ब्यारेकमा रहेकाले सो टिभी फिर्ताका लागि पहल गरिपाऊँ भन्ने कपिलवस्तु जिल्ला हरदौना गाविस वडा नं.३ बस्ने शिव गुलाब कलाबारको उजुरी, मिति २०६१/११/११ गते प्रतिकार समितिका सदस्यले घरको धनमाल लुटपाट गरी तोडफोडसमेत गरेकाले भएको क्षतिको उचित क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भन्ने कपिलवस्तु जिल्ला हरदौना गाविस वडा नं. १ बस्ने बस्ने दुखना रैदासको उजुरी, मिति २०६१/११/११ गते प्रतिकार समितिका मानिसहरू आई घर तोडफोड गरी लुटपाटसमेत गरेकाले क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भन्ने कपिलवस्तु जिल्ला हरदौना गाविस वडा नं.१ बस्ने कृष्णप्रसाद यादवको उजुरी, मरो श्रीमान् लौटु चौहान र उनको दाजु अयोध्या चौहानलाई मिति २०६१/११/११ गते प्रतिकार समूहद्वारा सुरक्षाकर्मीसमेतको उपस्थितिमा कुटपिट गरी जिउँदै जलाई मारिदिएको र सम्पत्ति लुटपाट गरी घरमा आगजनीसमेत गरेकाले दोषीउपर कार्यबाही गरी क्षतिपूर्ति दिलाइपाऊँ भन्ने कपिलवस्तु जिल्ला हरदौना गाविस वडा नं.३ बस्ने गङ्गामती चौहान लोहानियाको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा माओवादी प्रतिकारका नाममा सादा पोसाकका सुरक्षकमीहरूसमेतको उपस्थितिमा २ जना (लौटु चौहान र अयोध्या चौहान) लाई नियन्त्रणमा लिई हत्या गरेको, सम्पत्ति लुटपाट गरी घरमा आगो लगाई क्षति गरेको पाइएकाले घटनामा संलग्न दोषी पहिचान गरी कानुनबमोजिम कार्यबाही गरी दुवै जना मृतकका परिवारलाई प्रतिपरिवार रु..३,००,०००/- (तीन लाख) का दरले क्षतिपूर्ति उपलब्ध गराउन, मृतकका आश्रित छोराछोरीका लागि निःशुल्क शिक्षाको व्यवस्था गर्न र लुटपाट तथा आगजनी भएको सम्पत्तिको उचित मूल्याङ्कन गरी क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिस गर्ने ।

८९. हत्या, गण्डकी प्रदेश कार्यालय, पोखरा- पाल्पा जिल्ला गोठादी गाविस वडा नं.१ सातपोखरी बस्ने सम्मरबहादुर विकको छोरा वर्ष ५ को सन्तोष विकको मिति २०६८/३/२८ गते दिउँसो आफ्नै घरको आँगनमा दिदीसँग खेलिरहेको अवस्थामा तत्कालीन शाही नेपाली सेना र माओवादीबिच दोहोरो भिडन्त हुँदा सुरक्षाकर्मीको गोली लागी घटनास्थलमा नै मृत्यु भएको भन्ने घटनाको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा मृतक नाबालक सन्तोष विकको दोहोरो भिडन्तको क्रममा सुरक्षाकर्मीको गोली लागी मृत्यु भएको पाइएकाले पीडित परिवारलाई रू.३,००,०००/- (तीन लाख) क्षतिपूर्ति दिन र दोषी पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने ।

९०. हत्या/कुटपिट, गण्डकी प्रदेश कार्यालय, पोखरा- मिति २०६२/२/१८ गते राती जिल्ला कपिलवस्तु गाविस फुलिका वडा नं.३ ठुलो खैराटी बस्ने वर्ष तीनको नाबालक मन्जित वरई, पाँच वर्षीया नाबालिका सोनु बरई र १७ वर्षीया भगवती बरईमाथि आफ्नै घरमा बसिरहेको अवस्थामा प्रतिकार समूहका मानिसहरूले आक्रमण गर्दा मन्जित बरईको घटनास्थलमा नै मृत्यु भएको र अन्य दुई जना सख्त घाइते भएको भनी आयोगमा दर्ता हुन आएको उजुरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा प्रतिकार समूहका मानिसहरूको आक्रमणबाट तीन वर्षीया नाबालिका मञ्जित बरईको मृत्यु भएको र अन्य दुई जना सोनु बरई र भगवती बरई सख्त घाइते भएको पाइयो। आक्रमणकारीउपर नेपाल सरकारद्वारा पक्राउ गरी मुद्दासमेत चलाइसकेको देखिँदा कार्यबाहीतर्फ केही गर्नुपरेन । मृतक मन्जित वरईको परिवारलाई रु.३,००,०००/- (तीन लाख) क्षतिपूर्ति दिन र घाइतेहरूको निःशुल्क उपचारको व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिस गर्ने ।

९१. हत्या, गण्डकी प्रदेश कार्यालय, पोखरा- मिति २०६१/८/२३ गते बिहान अन्दाजी ६:१५ बजे एक डेढ सय जना सुरक्षाकर्मीहरू हतियारसहित आई (घरबाटै) जिल्ला लमजुङ सूर्यपाल गाविस वडा नं.४ बस्ने कृष्णबहादुर थापालाई पक्राउ गरी आई लगी सोही दिन नै भोर्लेटारको हलेसी भन्ने ठाउँमा गोली हानी हत्या गरिएको भन्ने घटनाको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा निज कृष्णबहादुर थापालाई तत्कालीन शाही नेपाली सेनाबाट घरबाटै पक्राउ गरी नियन्त्रणमा लिई सकेपश्चात् हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी पहिचान गरी कानुनबमोजिम कार्यबाहीगर्न र पीडित परिवारलाई रु..३,००,०००/- (तीन लाख) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने ।

९२. हत्या, गण्डकी प्रदेश कार्यालय, पोखरा- मिति २०५९/५/२६ गते बिहान अन्दाजी ७:३० बजको समयमा जिल्ला नवलपरासी गाविस राम नगर वडा नं.१ भूमही बस्ने नित्यानन्द पोखरेललाई तत्कालीन नेकपा (माओवादी) का ८/१० जना कार्यकर्ताहरूले आई पत्रिका पढीरहेको अवस्थामा गोली हानी पछि धारिलो हतियारले समेत प्रहार गरी हत्या गरेको भन्ने घटनाको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा निज नित्यानन्द पोखरेललाई तत्कालीन नेकपा (माओवादी)-का कार्यकर्ताहरूले बसिरहेको अवस्थामा गोली र धारिलो हतियारको प्रहारबाट हत्या गरेको पाइएकाले संलग्न दोषीहरूको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न, क्षतिपूर्तिको हकमा पीडितको रू.७५,०००/- (पचत्तहर हजार) पाइसकेको देखिँदा रु.२,२५,०००/- (दुई लाख पच्चिस हजार) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने ।

९३. हत्या/लुटपाट, गण्डकी प्रदेश कार्यालय पोखरा- जिल्ला कपिलवस्तु गाविस ठुलो नन्दनगर वडा नं. ९ मौजा मदरगढ कालिका मन्दिर बस्ने नेत्रलाल भट्टराईलाई मिति २०६१/११/१२ गते बजार गर्न लबनी चौराहामा गएको बेलामा प्रतिकार समूहका मानिसले हत्या गरेको र सोको भोलिपल्ट मिति २०६१/११/१३ गते घरमा भएको धनमाल लुटपाट गरी आगोसमेत लगाई क्षति पुऱ्याएकाले घटनामा संलग्न दोषीहरूलाई कार्यबाही गरी क्षतिपूर्तिका लागि पहल

गरिपाऊँ भन्ने उजुरी, मिति २०६१/११/१३ गते प्रतिकार समूहका हुलका हुल मानिसहरू आई घरमा रहेका सामानहरू लुटपाट गरी लगी तोडफोड गरी आगो लगाई ठुलो क्षति पुऱ्याएकाले क्षतिपूर्तिका लागि आवश्यक पहल गरिपाऊँ भन्ने जिल्ला कपिलवस्तु गाविस नन्द नगर वडा नं. ९ श्रीनगर बस्ने अमरावती पासी, ऐ.ऐ. बस्ने कौशिल्या पासी, ऐ.ऐ. बस्ने वृन्दावती पासी, ऐ.ऐ. बस्ने तल्मु निसाको उजुरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा निज नेत्रलाल भट्टराईको मिति २०६१/११/१२ गते प्रतिकार समूहका मानिसहरूले जिल्ला कपिलवस्तु गाविस नन्दनगर वडा नं.९ स्थित लवनी चौराहामा हत्या गरेको, प्रतिकार समूहका मानिसहरूले जिल्ला कपिलवस्तु गाविस नन्दनगर वडा नं. ९ श्रीनगर स्थित अमरावती पासी, जगु पासी, इमाद अली छोटाई पासी, अफत अली, विजय पासी, अवधेश पासी, हरदेश मुसलमान, कौशिल्या पासी, व्रिन्दावती पासी र तल्मू निशाको घरमा रहेको सम्पत्ति लुटपाट गरी, तोडफोड गरी आगो लगाई क्षति पुऱ्याएको पाइएकाले घटनामा संलग्न दोषी पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न, मृत्तक नेत्रलाल भट्टराइका पीडित परिवारलाई रू.३,००,०००/- (तीन लाख) क्षतिपूर्ति दिन र लुटपाट तोडफोड तथा आगजनीबाट क्षति भएको सम्पत्तिको उचित मूल्याङ्कन गरी क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिस गर्ने ।

९४. हिरासतमा मृत्यु, २ नं. प्रदेश कार्यालय, जनकपुर- मिति २०६७/९/२९ गते जिल्ला धनुषा, जनकपुर नपा वडा नं.१५ बस्ने १७ वर्षीया शम्भु पासवानलाई भारत सोहपुर रामपुरबाट फर्कने क्रममा धनुषा जिल्लाको बहुअर्वा प्रहरी चौकीका तत्कालीन इन्चार्ज सइ सन्तोष झा, प्रहरी जवान रामवृक्ष यादव र हबल्दार प्रेमशङ्कर ठाकुरसमेतले कुटपिट गर्दा मृत्यु भएको भन्ने घटनाको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा निज शम्भु पासवानको मिति २०६७/९/२९ गते धनुषा जिल्लाको वहुअर्वा प्रहरीचौकीका तत्कालीन इन्चार्ज सइ सन्तोष झा, प्रहरी जवान रामवृक्ष यादव र हबल्दार प्रेम शङ्कर ठाकुरको कुटपिटबाट मृत्यु भएको पाइएको हुँदा घटनामा संलग्नलाई सइ सन्तोष झा, प्रहरी जवान रामवृक्ष यादव र हबल्दार प्रेमशङ्कर ठाकुरलाई कानुनबमोजिम कार्यबाही गरी यस आयोगलाई जानकारी गराउन नेपाल सरकारलाई सिफारिस गर्ने र पीडित परिवारले क्षतिपूर्ति पाइसकेको देखिँदा सोतर्फ केही गरी रहनु नपर्ने निर्णय गरियो ।

९५. हत्या, केन्द्रीय कार्यालय, हरिहरभवन, ललितपुर- मिति २०५९/७/१० गते तत्कालीन नेकपा (माओवादी)-का कार्यकर्ताहरू रामकुमार सिंतानको नेतृत्वमा आएका ४/५ जनाको टोलीले जिल्ला ललितपुर गाविसकालेश्वर वडा नं.७ निवासी मणिकलाल वाइवालाई आफ्नै घरबाट अपहरण गरी घरदेखि लगभग १० मिनेट पर घट्टेखोला भन्ने ठाउँमा घाँटी रेटेर हत्या गरेको भन्ने घटनाका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा निज रामकुमार सिंतान, जमुना सिंह स्याङतान (किरण),कुमारी मोक्तान, नवीन भन्ने फणिन्द्र देवकोटासहितको संलग्नतामा निज मणिकलाल वाइवालाई घरबाटै नियन्त्रणमा लिई केही पर पुऱ्याई हत्या गरेको पाइएको हुँदा पीडित परिवारले रु.१,५०,०००/- (एक लाख पचास हजार) क्षतिपूर्ति पाइसकेको देखिँदा थप रु. रु.१,५०,०००/- (एक लाख पचास हजार) क्षतिपूति उपलब्ध गराउन र घटनामा संलग्न दोषीहरू रामकुमार स्याङ्तान, कालेश्वर गाविस वडा नं. ७ बस्ने (जिल्ला ललितपुर)

रामहरी तिमल्सिना, ऐ.ऐ. वडा नं. ३ बस्ने राजन तिमल्सिना, ऐ.ऐ. वडा नं.७ बस्ने जुमान सिहं स्याङ्तान,कुमारी मोक्तान, नवीन भन्ने फणिन्द्र देवकोटा समेतलाई कानुनबमोजिम कार्यबाही गर्न नेपाल सरकारलाई सिफारिसा गर्ने ।

९६. न्यायप्रशासन, ३ नं. प्रदेश कार्यालय सानेपा ललितपुर- मिति २०७४/७/८ मा सम्पती संरक्षण सम्बन्धमा यस आयोगमा मैले दिएको निवेदन अदालतमा यसै विषयमा मुद्दा चली विचाराधीन रहेकाले मिति २०७५/३/१२ गते खारेज गर्ने गरी गरिएको निर्णयमा पुनः विचार गरिपाऊँ भनी जिल्ला ललितपुर, ललितपुर महानगरपालिका वडा नं.१२ बस्ने चण्डिका शाक्यको श्रीमान् प्रेमभक्त शाक्यको उजुरी/निवेदनका सम्बन्धमा छलफल हुँदा राष्ट्रिय मानव अधिकार आयोग उजुरी तथा कार्यबाहीसम्बन्धी निर्देशिका, २०६९ को नियम ४१(च) बमोजिम पुनर्विचार गर्ने विषय कुनै स्रोतबाट थप प्रमाण प्राप्त नभएको अवस्थामा पुनर्विचार हुन नसक्ने भएकाले राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम प्रस्तुत उजुरी खारेज गर्ने निर्णय गरियो ।

९७. सुरक्षाकर्मीद्वारा बेपत्ता, प्रदेश नं. १ कार्यालय विराटनगर- सङ्खुवासभामा जिल्ला धुपु गाविसका मोहनप्रसाद गुरागाईँ उपचार गर्न आएका बखत मिति २०५९।४।२ गते सुनसरी जिल्ला इटहरीस्थित आफ्नो बहिनीको घरमा बसिरहेको अवस्थामा सादा पोसाकमा आएका सुरक्षाकर्मीहरूले विनापुर्जी पक्राउ गरी लगी बेपत्ता बनाएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला प्रशासन कार्यालय इनरुवा सुनसरीको मिति २०६०/६/२८ च.नं. १२६३ को पत्रबाट निज मोहनप्रसाद गुरागाई मिति २०५९।५।२ गते जिला प्रहरी कार्यालय सुनसरीबाट छुट्टी गएको रेकर्डबाट देखिएको भन्ने जानकारी प्राप्त भएको साथै निजको घर ठेगानामा पत्राचार गर्दा कुनै जवाफ प्राप्त नभएको र पीडितहरूले हालसम्म आयोगमा कुनै सम्पर्क समेत गर्न नआएकाले हाललाई प्रस्तुत उजुरी राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

९८. बेपत्ता, प्रदेश नं. ५ कार्यालय बुटवल, चितवन जिल्ला फूलवारी गाविस वडा नं. १ बस्ने नारायण श्रेष्ठलाई मिति २०५८/१२/१५ गते सुरक्षाकर्मीहरूले पक्राउ गरी बेपत्ता बनाएको भनी दर्ता हुन आएको उजुरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा नीज नारायण श्रेष्ठ २०६२/११/२३ मा कारागार मुक्त भई हाल स्वतन्त्र रूपमा आफ्नै घरठेगानामा बसिरहनुभएको भनी निजको छोरा कृष्ण श्रेष्ठले लेखिदिएको कागजबाट देखिँदा हाल प्रस्तुत उजुरी राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

९९. बेपत्ता, प्रदेश नं. ५ कार्यालय बुटवल- अर्घाखाँची जिल्ला पोखराथोक गाविस वडा नं. ६ बस्ने शिवप्रसाद अर्यालालाई तत्कालीन शाही नेपाली सेनाले मिति २०६२/१/१४ गते मैदान गाविस ७, नेरापोखा रोल्पाबाट पक्राउ गरी बेपत्ता बनाएको भन्ने उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीको मिति २०६५।११।१ को पत्र र गाउँ

विकास समितिको कार्यालय पोखराथोकको मिति २०६९/९/२५ को पत्रबाट निज शिवप्रसाद अर्याललाई मिति २०६२/१/१४ गते तत्कालीन शाही नेपाली सेनाले नियन्त्रणमा लिई सोधपुछ गरी छोडेको र हाल निज भारतको पञ्जावस्थित पानीपथ भन्ने स्थानमा काम गर्ने र परिवारको नियमित सम्पर्कमा रहेको भन्ने जानकारी प्राप्त भएको, सो सम्बन्धमा निज शिवप्रसाद अर्याललाई पटक पटक पत्राचार गरी बुझ्दा कुनै जानकारीसमेत नदिएको पाइएकाले हाललाई प्रस्तुत उजुरी राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने।

१००. बेपत्ता प्रदेश नं. १ कार्यालय विराटनगर, सुनसरी जिल्ला इटहरी नगरपालिका वडा नं. ४ मनकामना मन्दिर टोल बस्ने श्री कृष्णगोपाल घिमिरेलाई २०६२/७/१२ मा सादा पोसाकमा आएका सुरक्षाकर्मीहरूले पक्राउ गरी लगी अवस्था अज्ञात गरेकाले निजको जीवनरक्षा गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा निज अदालतको फैसलाले छुटेर काठमाडौँमा बसोबास गरिरहनुभएको भन्ने निजको छोरी पर्ने मञ्जु सापकोटाले फोनमार्फत आयोगलाई जानकारी गराएको पाइएकाले हाललाई प्रस्तुत उजुरी राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने।

१०१. स्थिति अज्ञात, प्रदेश नं. ५ कार्यालय, बुटवल, नवलपरासी जिल्ला रामग्राम नपा वडा नं. ३ घर भई जिल्ला प्रहरी कार्यालय रुकुममा प्रनानि पदमा कार्यरत आसुतोष कुँवर मिति २०६२/५/२० मा रुकुमबाट घर आई घरबाट काठमाडौँ आई मिति २०६२/५/२० मा काठमाडौँबाट रुकुमका लागि प्रस्थान गरेकोमा सम्पर्कमा नआई अवस्था अज्ञात रहेकाले खोजतलास गरिपाऊँ भनी दर्ता भएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा निजको अवस्था हालसम्म पनि अज्ञात पाइएको छ। तसर्थ, निज आसुतोष कुँवरको खोजतलासका लागि प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौँलाई पत्राचार गरी हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने।

१०२. बेपत्ता, प्रदेश नं. ५ कार्यालय बुटवल- चितवन जिल्ला पिठुवा गाविस वडा नं. ८ बस्ने सुनीता भन्ने लक्ष्मी कोइराला, रूपन्देही जिल्ला देवदह गाविस जडा नं. २ खैरेनी बस्ने घनश्याम सुनाम दर्जी र रूपन्देही जिल्ला केरवानी गाविस वडा नं. ७ बस्ने हरिनारायण चौधरी समेत तीन जनालाई सादा पोसाकका सुरक्षाकर्मीहरूले मिति २०६२/१०/२२ मा पक्राउ गरी बेपत्ता बनाएको भनी आयोगमा दर्ता भएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा तत्कालीन शाही नेपाली सेना, पश्चिम पृतना मानव अधिकार शाखाले मिति २०६२/११/९ गतेको पत्रबाट लक्ष्मी कोइरालालाई मिति २०६२/११/४ मा इलाका प्रहरी कार्यालय बुटवलमा बुझाएको, घनश्याम सुनाम दर्जी र हरिनारायण चौधरीलाई सोधपुछ पश्चात् छाडिएको भन्ने जानकारी रहेको, त्यस्तैगरी मानव अधिकार संरक्षण मञ्च रूपन्देहीका सचिव (उजुरीकर्ता मध्ये एक) ले फोनमार्फत सबै जान रिहा भइसकेको भन्ने जानकारी गराएकाले प्रस्तुत उजुरी राष्ट्रिय मानव

अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० बमोजिम कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने ।

१०३. बेपत्ता, प्रदेश नं. ५ कार्यालय बुटवल- मिति २०६२/१०/२७ गते नवलपरासी जिल्लाको रामुवापुर भन्ने ठाउँमा सुरक्षाकर्मीहरूसँग बाटोमा रहेको अवरोध हटाउने क्रममा नेकपा (माओवादी)-द्वारा आक्रमण गरिएकाले नेपाली सेनाका १० जना सशस्त्र प्रहरीका ३ जना र नेपाल प्रहरीका ३ जना व्यक्तिहरू हराएको हुँदा खोजतलास गरी सकुशल रिहाइको पहल गिरिदिन भनी दर्ता हुन आएको उजुरीमा आयोगबाट अनुसन्धान हुँदा सबै जना सुरक्षाकर्मीहरू सम्पर्कमा आइसकेको भनी पश्चिम पृतना, फूलबारी ब्यारेक पोखराबाट फोनमार्फत जानकारी गराएको पाइएको, हाललाई प्रस्तुत उजुरी राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१०४. बेपत्ता, प्रदेश नं. ५ कार्यालय बुटवल, गुल्मी जिल्ला तम्घास गाविस वडा नं. ६ उपल्लो तम्घास घर भई भिमफेदी ब्यारेक मकवानपुरमा नेपाली सेनामा कार्यरत नवराज पन्थी २०५६ साल असोज ८ गतेदेखि विनासूचना कार्यालयमा अनुपस्थित रही बेपत्ता भएकाले स्थिति पत्ता लगाई पाउँ भन्ने उजुरीका सम्बन्धमा  छलफल हुँदा यसमा आयोगबाट यसअघि भएका निर्णयअनुसार आयोगको गठन र ऐन हुनुभन्दा अघिको घटना भएकाले यसमा स्थिति पत्ता लगाई पाउँ भन्ने उजुरीका सम्बन्धमा छलफल हुँदा यसमा आयोगबाट यसअघि भएका निर्णयअनुसार आयोगको गठन र ऐन हुनुभन्दा अघिको घटना भएकाले थप कार्यबाही गरिरहनुनपर्ने हुँदा हाललाई उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१०५. बेपत्ता, प्रदेश नं. ५ कार्यालय बुटवल- नवलपरासी जिल्ला रामग्राम नगरपालिका लोहासोडा बस्ने रामजीत हरिजनलाई मिति २०६२/१२/१०  गते रामनगर गाविस वडा नं. १ भुमहीबाट सुरक्षाकर्मीहरूले पक्राउ गरी लगेकोमा हालसम्म स्थिति अज्ञात रहेकाले निजको स्थिति सार्वजनिक गरी जीवनरक्षा गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीमा आयोगबाट अनुसन्धान हुँदा हाल निज रामजीत हरिजन रिहा भई आफ्नै गाउँ ठाउँमा सुरक्षित जीवन विताई रहेको भन्ने निजकै पिता विश्वासराम हरिजनले आयोगमा दिएको लिखित निवेदनबाट देखिएकाले हाललाई प्रस्तुत उजुरी राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१०६. बेपत्ता, ५ नं. प्रदेश शाखा कार्यालय, नेपालगन्ज बाँके जिल्ला भवानियापूर गाविस वडा नं. ८ उद्यौपूर्वा घर भएका रफिक खाँलाई मिति २०६४/३/१४  गते हबल्दार सीतारामको नेतृत्वमा आएको प्रहरी टोलीले पक्राउ गरी मोटरसाइकलमा राखी लगेको र हालसम्म स्थिति अज्ञात राखी बेपत्ता बनाएकाले निजको जीवनरक्षा गरिपाऊँ भनी यस आयोगमा दर्ता भएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा प्रहरीले पक्राउ गरेको तीन दिनपछि रिहा भई हाल रिक्सा चलाउने कार्य गरिरहेको छ भनी निजका पिता हजारी खाँले आयोगमा दिनुभएको लिखित निवेदनबाट देखिँदा हाललाई प्रस्तुत उजुरीको करवाही टुंगाई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी,

कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१०७. स्थिति अज्ञात प्रदेश नं. ५ कार्यालय बुटवल- मिति २०६६/०१/७ गते बिहान ७:३० बजे देखि पश्चिमाञ्चल पेट्रोलियम डिलर्स एशोसियसन, प्रधान कार्यालय बुटवलका सह-सचिव श्री हरिराम कसौधन सम्पर्कविहिन भएकाले निजको जीवनरक्षा गरिपाऊँ भनी दर्ता भएको उजुरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा निज हरिराम कसौधन सर्म्पक विहिन भएकाले निजको जीवनरक्षा गरिपाऊँ भनी दर्ता भएको उजुरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा निज अपहरणमुक्त भइसकेको भनी पश्चिमाञ्चल पेट्रोलियम डिलर्स एसोसियसनका अध्यक्ष (उजुरकर्ता) बाट फोनमार्फत जानकारी भई निज हरिराम कसौधन सकुशल रहेको पाइएकाले हाललाई प्रस्तुत उजुरी राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० अनुसार तामेलीमा राख्ने ।

१०८. विदेशमा बेपत्ता, प्रदेश नं. १ कार्यालय विराटनगर, सुनसरी जिल्ला इटहरी न.पा वडा नं. ९ बस्ने दीपक भट्टराई र खो्ााङ जिल्ला दिप्सुङ गाविस वडा नं. ९ बस्ने निरकुमार भुजेल मिति २०६२/०७/२९ गते वैदेशिक रोजगारीको सिलसिलामा विदेश मलेसिया गएको, सुरुको कम्पनीमा राम्रो तलब सुविधा नदिएका कारण गैरकानुनी रूपमा अर्कै कम्पनीमा काम गरेको र मिति २०६५/१२/१३ गते नेपाल फर्कने क्रममा क्वाललम्पुर विमानस्थलमा मलेसियाको प्रहरीले पक्राउ गरी बेपत्ता बनाएकाले खोजतलासका लागि पहल गरी पाउन भनी यस आयोगमा दर्ता हुन आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निजहरू मलेसियाबाट फर्की नेपाल आई झन्डै ६ वर्ष नेपालमा बसी पुनः मलेसिया गएको भन्ने पीडितमध्येकै दीपक भट्टराईबाा फोनमार्फत जानकारी भई हाल निजहरू दुवै जना सुरक्षित र सकुशल रहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० अनुसार तामेलीमा राख्ने ।

१०९. अवस्था अज्ञात प्रदेश नं.५ कार्यालय बुटवल-रूपन्देही जिल्ला बुटवल नपा वडा नं. १३ देवी नगर बस्ने दिपा विश्वकर्मा मुटु रोगी भएकीले सूर्य लाउन भनी मिति २०६५/१२/२४ बिहान ८ बजे प्रगतिनगर बुटवल १३ गण्डकी मेडिकल गएकोमा हालसम्म पनि घर फर्की नआएकाले खोजतलासका लागि इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिएकोमा कुनै पहल नभएको हुँदा आवश्यक कार्यबाही गरिपाऊँ भनी आयोगमा दर्ता हुन आएको उजुरीमा सम्बन्धमा अनुसन्धान हुँदा उजुरकर्ताले इलाका प्रहरी कार्यालय बुटवलमा दिएको निवेदनउपर इलाका प्रहरी कार्यालय बुटवलबाट खोजतलाससम्बन्धी आवश्यक प्रक्रियाहरू भइरहेको भन्ने इलाका प्रहरी कार्यालय बुटवलको पत्रबाट खुल्न आएकाले हाललाई प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० अनुसार तामेलीमा राख्ने ।

११०. बेपत्ता प्रदेश नं. ५ कार्यालय, बुटवल जिल्ला नवलपरासी गाविस रूपैलिया वडा नं. ४ वनदेवी बस्ने पदमिनी राजभरकी १८ वर्षीया छोरी प्रमिला राजभर सोही स्थानमा बस्ने हेमनारायण

मुसहरको परिवारसँग धेरै जसो उठबस गर्ने गरेको, निज छिमेकीहरू २०६८ मङ्सिर २७ गते भारततिर गएकोमा मेरो छोरी पनि सोही मितिदेखि घरमा नरहेको र हालसम्म पनि अवस्था अज्ञात रहेको हुनाले सो सम्बन्धमा इलाका प्रहरी कार्यालय बेलाटारी, नवलपरासी, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय नवलपरासीमा समेत उजुरी गरेपनि कहीँकतैबाट सक्रियता नदेखाएकाले मेरो छोरीको अवस्था सार्वजनिक गरी न्याय दिलाई पाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा सो सम्बन्धमा मानव बेचबिखनमा मुद्दा चली अदालतको फैसलाबमोजिम हेमनारायण मुसहरसहित कारागारमा रहेको र विक्री भएकी प्रमिला राजभर हाल आफ्नै घरमा सकुशल रहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० अनुसार तामेलीमा राख्ने ।

१११. बेपत्ता प्रदेश नं. ५ कार्यालय, बुटवल- जिल्ला गुल्मी गाविस हसरा वडा नं. ६ निवासी लिलाराम सापकोटाको छोरा ईश्वरी सापकोटासँग मिति २०६६/८/१४ गते बैबाहिक सम्बन्धमा गाँसिएकी सङ्गीता सापकोटा मिति २०६७/३/३ गते साँझ आफ्नै कोठामा सुतेकीमा भोलिपल्ट विस्तरामा नरहेकी, जेठानी तथा सासू ससुराले खोजतलास गर्न कुनै चासो नदेखाएको हुँदा खोजतलास गरिपाऊँ भनी जिल्ला प्रहरी कार्यालय गुल्मीमा उजुरी दिएकोमा कुनै पहल नभएकाले सम्बन्धित निकायमा आवश्यक पहल गरिपाऊँ भन्ने आयोगमा दर्ता भएको उजुरीउपर अनुसन्धान हुँदा निज सङ्गीता सापकोटा हराएको सम्ब्न्धमा जिल्ला प्रहरी कार्यालयमा उजुरी परी प्रक्रिया अगाीड बढेको पाइएकाले हाललाई प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० अनुसार तामेलीमा राख्ने ।

११२. बेपत्ता, प्रदेश नं. ५ कार्यालय बुटवल - नवलपरासी जिल्ला तिलकपुर गाविस वडा नं १ तिलकपुर बस्ने देवानन्द सिंह फौजदारसित जिल्ला अदालत नवलपरासीले ज्यान मार्ने उद्योगमा रु.२५,०००/- धरौटी माग गरेकोमा दिन नसकी कारागार चलान भएको, मिति २०७१।६।२ ९ मा कारागारमा भेटन जाँदा जिल्ला प्रहरी कार्यालयमा छ, सोही ठाँउमा भेट्न जाऊँ भन्ने, जिल्ला प्रहरी कार्यालय जाँदा कारागार जाऊँ भनी भेटन नदिई बेपत्ता बनाएको भन्ने उजुरीउपर आयोगबाट अनुसन्धान हुदाँ बेपत्ता भनीएका देवाननद सिंह फौजदारलाई निजका परिवारहरूले मिति २०६५/७/५ गते कारागारमा भेटेको भनी उजुरीकर्तामध्ये अधिवक्ता रमेशप्रसाद चौधरी र अर्का अधिवक्ता धनप्रसाद जैसीले फोनबाट टिपाई दिएको टिपोटबाट देखिएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

११३. बेपत्ता, प्रदेश नं.५ कार्यालय बुटवल - पाल्पा जिल्ला बल्देङी गाविस वडा नं ८ निवासी प्रहरी जवान कृष्ण रायमाझी मिति २०७३/०६/०७ गते बिहान अञ्चल प्रहरी कार्यालय भैरहवाबाट बेपत्ता भएको भनी दर्ता भएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा अञ्चल प्रहरी कार्यालय, भैरहवामा नै कार्यरत रहेको भनी उजुरीकर्ता बिबी क्षेत्रीले फोनबाट

जानकारी गराएको पाएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

११४. विस्थापित/धम्की, प्रदेश नं ६ शाखा कार्यालय जुम्ला- मुगु जिल्ला सुकासिक गाविस वडा नं बस्ने सर्वोदय मावि सुकासिकमा प्राविस्तरको शिक्षकमा कार्यरत कविराज कार्कीलाई तत्कालीन नेकपा (माओवादी)-ले सुरक्षाकर्मीलाई सहयोग गरेको आशङ्कामा सम्पूर्ण परिवारसमेतलाई ज्यान मार्ने धम्की दिएकाले घरमा बस्न नसकी विस्थापित भएको भनिएको घटनाका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा निज शिक्षक हाल सदरमुकाम नजिकैको श्री प्रावि निगालेमा सरुवा भई कार्यरत रहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

११५. उपचारका लागि पहल तथा क्षतिपूर्ति, प्रदेश कर्णाली शाखा कार्यालय जुम्ला, जिल्ला कालिकोट दाहा गाविस वडा नं २ बस्ने कृष्णप्रसाद तिमल्सिनालाई २०६१।५।१७ गते दाहा गाविसको पिली भन्ने स्थानमा माओवादीहरूको एक समूहले डर, धाक, त्रास देखाई धम्की दिएकाले सोही समयदेखि मानसिक सन्तुलन बिग्रनुको साथै बिरामीसमेत पर्न गएकाले उपचारको व्यवस्था साथै क्षतिपूर्तिको पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा निज पीडितको यातना पीडित सरोकार केन्द्र (सिभिक्ट) मा आयोगको अनुरोधअनुसार उपचार भएको र तत्पश्चात् उजुरवाला सम्पर्कमा समेत नरहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

११६. न्यायप्रशासन (झुठा अभियोग), कर्णाली प्रदेश शाखा कार्यालय जुम्ला- श्री कारागार कार्यालय नेपालगन्ज कारागारमा रहेका सदनबहादुर शाहीको राष्ट्रिय वाणिज्य बैङ्क सुर्खेतमा रहेको रु ५५,०००।- (पचपन्न हजार) जिल्ला प्रहरी कार्यालय कालिकोटका तत्कालीन डिएसपी यज्ञेश्वर रोमखानी मगरले विभिन्न धम्की दिई सो रकम झिकेर आफूखुसी खर्च गरेकाले रकम फिर्ताका लागि पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुदाँ प्रस्तुत उजुरी रकम लेनदेनको विषयसँग सम्बन्धित रहेको पाइएको । यस्तो विषयमा ऐनको हदम्याद भित्र सम्बन्धित निकायमा उजुर गर्न जानुपर्ने दायित्व कानुनले नै ताकेको पाइन्छ । तसर्थ, आयोगको क्षेत्राधिकार भन्दा बाहिरको विषय रहेकाले प्रस्तुत उजुरी राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० बमोजिम खारेज गर्ने ।

११७. शिक्षाको अधिकार, कर्णाली प्रदेश शाखा कार्यालय जुम्ला- कर्णाली मावि जुम्लाको स्थापना २०४६ सालमा भई वि.स. २०४७ सालदेखि निमावि र २०६२ सालदेखि मावि कक्षाहरू सञ्चालन भई आएकोमा हालसम्म प्रावि कोटा मात्र स्वीकृत भएको र निमावि र मावि कक्षाहरू स्वीकृतिका लागि अभिभावक र विद्यालयले जिल्ला शिक्षा कार्यालय हुँदै शिक्षा

मन्त्रालयसम्म पहल गर्दा समेत कुनै सनुवाइ नभएकाले विद्यार्थीको सङ्ख्या र पढाइ सुरु भइसकेको कक्षाहरूसमेत बन्द गर्नुपर्ने अवस्थाको सृजना भएकाले बालबालिकाको शिक्षाको अधिकार संरक्षणका लागि पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा कर्णाली माविको माविस्तरको अनुमति प्राप्त भइसकेको र हाल प्रावि, निमावि र मावि स्तरसमेत गरी १३ जना शिक्षकहरू कार्यरत रहेको समेत पाइएकाले हाललाई प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

११८. प्रहरीद्वारा यातना, कर्णाली प्रदेश शाखा कार्यालय जुम्ला-जिल्ला कालिकोट गाविस मान्मा वडा नं ९ बस्ने पुरादीप्रसाद पाण्डेलाई मिति २०६३।९।७ गते जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक मानबहादुर चौधरी र प्रहरी सहायक निरीक्षक जगत्बहादुर रावलले प्रक्राउ गरी ज्यान मुद्दामा संलग्न रहेको आरोपमा कुटपिट गरी यातना दिएको भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला प्रहरी कार्यालय कालिकोटको पत्रसमेतका आधारमा यातना दिएको नपाइएको र निज पीडितले सम्पर्कसमेत नगरी बसिरहेको पाइंदा हुँदा हाललाई प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

११९. सम्पत्ति क्षति, कर्णाली प्रदेश शाखा कार्यालय जुम्ला, फ्याक्सबाट प्राप्त उजुरी रहेको दर्ता नं ४४०७ र मिति २/८ मात्र उल्लेख भएको अन्य ब्यहोरा अस्पष्ट बुझ्न नसकिने देखिएकाले प्रस्तुत उजुरी कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम खारेज गर्ने ।

१२०. लेनदन/कारोवार, कर्णाली प्रदेश शाखा कार्यालय जुम्ला-जुम्ला जिल्ला चन्दननाथ नपा वडा नं ३ घर भई बाँके जिल्ला शमशेरगन्ज-७ बस्ने सुशीला देवकोटालाई भगवती श्रेष्ठ र भीमबहादुर भण्डारीले एयरपोर्टको जग्गामा घर नबनाउन भनेकामा घर बनाइसकेपछि पास नगिरिदएको तथा उल्टै ५ लाख माग गरेको सम्बन्धमा दर्ता हुन आएको उजुरीउपर अनुसन्धान हुँदा प्रस्तुत विषय सम्पत्तिसम्बन्धी लेनदेन (व्यक्ति-व्यक्तिबिचको) को विषय रहेको पाइएको । लेनदेनको विषयमा कानुनको हदम्यादभित्र सम्बन्धित निकायमा उजुरबाजुर गर्नेतर्फ पहलसमेत नगरेको पाइएकाले हाललाई प्रस्तुत उजुरीउपरको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम खारेज गर्ने ।

१२१. जातीय विभेद, कर्णाली प्रदेश शाखा कार्यालय जुम्ला- जिल्ला जुम्ला कुडारी गाविस वडा नं १ बस्ने रिदु भट्टराई र लालप्रसाद भट्टराई माथि ऐ.ऐ बस्ने लक्ष्मीकन्या न्यौपानेले मिति २०७२।२।१७ र त्यसपछि पनि पटक पटक डुम-डुमिनीका सन्तान भन्दै गाली गलौज गर्ने, सार्वजनिक रूपमा बेइज्जत गर्ने गरेको, सो सम्बन्धमा प्रहरी चौकी कुडारीमा निवेदन दिएपछि अब आइन्दा यस्तो नभन्ने नगर्ने भनी मिलापत्र भएकोमा त्यसपछि पनि पटक-पटक यस्तो घटना दोहोऱ्याई जातीय विभेद गरेकाले कार्यबाही गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीउपर

आयोगबाट अनुसन्धान हुँदा जिल्ला प्रहरी कर्यालय जुम्लामा सो सम्बन्धमा उजुरी परी विभिन्न भद्र भलादमीहरूको रोहवरमा सो विषयमा दुवै पक्षको मन्जुरीअनुसार मिलापत्रसमेत भइसकेको पाइएको हुँदा हाललाई प्रस्तुत उजुरीउपरको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१२२. न्यायप्रशासन, केन्द्रीय कार्यालय हरिहरभवन ललितपुर- जिल्ला काभ्रेपलान्चोक गाविस नासिका वडा नं ४ निवासी काले तामाङ, रामकृष्ण तामाङ, पुड्के तामाङलगायतका व्यक्तिहरूले स्थानीय बासिन्दाहरूलाई सार्वजनिक धाराको पानी प्रयोग गर्न रोक तोक गरेको तथा यस विषयमा मिति २०६३।२।३१ गते झगडा हुँदा स्थानीय लुरे तामाङले छुरा प्रहार गरी लोकबहादुर तामाङलाई घाइते बनाएकाले दोषीलाई कार्यबाही गरी क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी यस आयोगमा दर्ता हुन आएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा हाल समस्या समाधान भइसकेकाले आयोगमा रहेको उजुरी कार्यबाही टुङ्ग्याइदिए हुन्छ भनी उजुरीकर्ता स्वंयमूले कागज गिरिदिएको पाइएकाले हाललाई प्रस्तुत उजुरीउपरको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१२३. आवासको अधिकार, केन्द्रीय कार्यालय हरिहर भवन ललितपुर- ललितपुर जिल्ला सुनाकोठी गाविस वडा नं २ निवासी जागेश्वर साहलाई मिति २०६३।१२।०५ मा मालपोत कार्यालय ललितपुरका नासुसमेतको अगुवाइमा नेकपा (माओवादी)-ले घरमा रहेको मोटरसाइकल जलाई घरमा भएको जिन्सी, सुनचाँदीसमेत लुटेर लगी आक्रमण गरी घर छाड्ने धम्की समेत दिएकाले दोषीलाई कार्यबाही गरी आवासको अधिकारको संरक्षण गरीपाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा यस आयोगबाट अनुसन्धान हुँदा घटनामा संलग्न दोषी प्रहरीहरूउपर प्रहरी प्रधान कार्यालयबाट कार्यबाही भइसकेको निज जागेश्वर साहको माग दाबी सम्बन्धमा अदालतमा मुद्दा चली फैसलासमेत भैसकेको पाइएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१२४. कामको अधिकार, केन्द्रीय कार्यालय, ललितपुर- काभ्रेपलान्चोक जिल्लाका सम्पूर्ण गाविस सचिवहरूलाई नेकपा (माओवादी)-को धम्कीका कारणले गर्दा राजिनामा गर्न बाध्य भएको तथा राजिनामा गर्दा सम्बन्धित निकायले तत्कालै राजिनामा स्वीकृत गिरिदिने भएकाले आफूहरू कामको अधिकारबाट वञ्चित हुने हुनाले काम गरिरहेको गाविसको कार्यालयमा पूर्ववत् काम गर्न तथा काम गर्न पाउने अधिकारको संरक्षण गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा उजुरीकर्ताहरूको साझा सङ्गठन गाविस सचिव हकहित संरक्षण केन्द्र नेपाल, जिल्ला समिति काभ्रेको पत्रानुसार हाल सबै सचिवहरू पूर्ववत् कार्यरत गाविसको कार्यालयहरूमा फर्की विनाकुनै अवरोध कार्य गरिरहेको भन्ने पाएकाले हाललाई प्रस्तुत उजुरीउपरको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी,

कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१२५. विस्थापित, केन्द्रीय कार्यालय हरिहर भवन ललितपुर- रामेछाप जिल्ला भुजी गाविस वडा नं २ निवासी मिनेर शेर्पासहित ९ जनाको परिवारलाई नेकपा (माओवादी)-का कार्यकर्ताहरूले वि.स. २०५८ मा अपहरण गरेकोमा मार्ने समेतको धम्की दिएको र पछि अपहरणमुक्त भएपछि सम्पूर्ण परिवारलाई विस्थापित भएकाले स्वतन्त्रपूर्वक आफ्नो घरमा बस्न, व्यक्तिगत सम्पत्ति भोग गर्न पाउने वातावरणका लागि पहल गरिपाऊँ भनी यस कार्यालयमा दर्ता हुन आएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा निजसहित सम्पूर्ण परिवारहरू हाल स्वतन्त्रपूर्वक आफ्नै घरमा बसिरहेको, कहीँकतैबाट कुनै प्रकारको बाधा विरोध नरहेको, निजले विस्थापितबापतको क्षतिपूर्ति रकमसमेत बुझिसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१२६. जग्गा कब्जा, केन्द्रीय कार्यालय हरिहरभवन ललितपुर- जिल्ला नुवाकोट विदुर नगरपालिका वडा नं ४ मा रहेको टेलिफोन रिपिटर टावरको सुरक्षाको नाममा मिति २०६१ असार महिनामा तारादल गणको सैन्य कमान्डरमा प्रहरीसहितले जग्गाधनीले लगाएको बाली फाडेर विनासूचना र अनुमतिमा भजनदास श्रेष्ठलगायत १४ जनाको अन्दाजी २५ रोपनी जग्गा हडपेर बसेको साथै उक्त जग्गामा चारैतिर काँडेतार लगाएर जग्गा खनेर बंकर निर्माण गरी अन्याय गरेकाले क्षतिपूर्ति दिलाई जग्गा खाली गरिपाऊँ भनी दर्ता भएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा हाल जग्गा अन्य कसैको कब्जामा नरहेको, जग्गाधनीहरूले निर्वाध भोगचलन गरिरहेको, कब्जाबापत क्षतिपूर्ति प्राप्त गरी जग्गाधनीहरूले चित्त बुझाई बसेको पाइएकाले हाललाई प्रस्तुत उजुरीउपरको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१२७. विस्थापित, केन्द्रीय कार्यालय हरिहर भवन ललितपुर- काभ्रेपलान्चोक जिल्ला सिसाखानी गाविस वडा नं २ का वकिलमान लामालाई ऐ.ऐ. बस्ने डिलबहादुर लामा र कृष्णराज लामाले फरक आस्था राखेको आरोप लगाई कुटपिट गर्ने, गाँउबाट निकाला गर्ने धम्की दिने, गाउँमा हिँडडुल गर्नसमेत अवरोध सृजना गरी विस्थापित गराएकाले स्वतन्त्रपूर्वक आफ्नो घरमा बस्न पाउने व्यवस्थाका लागि पहल गरिपाऊँ भनी यस आयोगमा दर्ता भएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा हाल निज पीडितलाई आफ्नो गाउँघरमा बस्न कुनै समस्या नरहेको, कसैको कुनै किसिमको बाधा अवरोध नरहेको भनी पीडित स्वंयूमले लेखाई दिएको कागज मिसिल संलग्न रहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीउपरको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१२८. विस्थापित, केन्द्रीय कार्यालय हरिहर भवन ललितपुर- धादिङ जिल्ला खरी गाविस वडा नं २ धुसेनी घर भई तत्कालीन शाही नेपाली सेना, पशुपतिप्रसाद गणमा कार्यरत सैनिक जवान

रमेशप्रसाद भण्डारीको घरमा २०६०।५।१७ गते नेकपा (माओवादी)-हरूले सुतिरहेको अवस्थामा सबैलाई घरबाट निकाली घरजग्गा कब्जा गरी विस्थापित गराई सेनाको जागिर छोड्न धम्की दिएको भन्ने उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा हाल उनीहरू आफ्नो घरमा बस्न कुनै समस्या नरहेको, पीडित रमेशप्रसाद भण्डारी हालसम्म पनि सेनामा कार्यरत रहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीउपरको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१२९. गुम्बामा तालाबन्दी, खाद्यान्न लुटपाट, केन्द्रीय कार्यालय हरिहरभवन ललितपुर- सिन्धुपाल्चोक जिल्ला बरुवा गाविस वडा नं १ स्थित बगाम गुम्बामा अध्ययनरत बौद्ध भिक्षुहरूले प्रयोग गर्ने रासन चामल लामाहरूको निजी गुठीबाट उपलब्ध भई याङपालछाप पौडेल डाडा गाविस २ मा अवस्थित दुईतले भवनमा राख्दै आएकोमा मिति २०६२।८।१८ गते नेकपा (माओवादी)-द्वारा उक्त गोदाममा रहेको धान लुटी तालबन्दीसमेत गरिदिएको भन्ने उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा जिल्ला प्रहरी कार्यालयको पत्रानुसार हाल उक्त गुम्बा सुचारु रूपले सञ्चालनमा रहेको भनी अनुसन्धान टोलको निष्कर्षबाट पाइएकाले हाललाई प्रस्तुत उजुरीउपरको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१३०. विस्थापित, केन्द्रीय कार्यालय हरिहर भवन ललितपुर, रामेछाप जिल्ला गुप्तेश्वर गाविस वडा नं ८ निवासी डम्बरबहादुर खड्कालाई नेकपा (माओवादी)-का कार्यकर्ताले २०५५ सालमा नेपाली काङ्ग्रेसका तर्फबाट पूर्व गाविस अध्यक्ष भएकाले राजनीतिक आस्थाका आधारमा डर, धाक, धम्की दिई विस्थापित गराएको हुँदा आफ्नो घरमा स्वतन्त्र रूपमा बस्न, व्यक्तिगत सम्पत्तिको उपभोगमा कठिनाई भएकाले आफ्नो घरमा पुनःस्थापित भई व्यक्तिगत सम्पत्तिको उपभोग गर्न पाउने वातावरणका लागि पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा निज डम्बरबहादुर खड्का हाल स्थापित भई आफ्नो घरमा बसिरहेको र विस्थापित हुँदाको क्षतिपूर्तिसमेत प्राप्त गरिसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीउपरको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१३१. विस्थापित, केन्द्रीय कार्यालय, हरिहर भवन ललितपुर-रामेछाप जिल्ला फूलासी गाविस वडा नं ५ निवासी चन्द्रबहादुर श्रेष्ठलाई नेकपा (माओवादी)-हरूले २०६२।१०।२१ गते घरमा बसिरहेको समयमा तपाईसँग केही कुरा गर्नु छ भनी लगी ७ दिनपछि मात्र रिहा गरेको र परिवारको सम्पर्कमा आउन सकेको, सोपश्चात् डर, त्रास सृजना भई परिवारसहित विस्थापित भई हाल काठमाडौँमा बस्दै आएको हुँदा आफ्नो घरमा गई बस्ने वातावरणका लागि पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा हाल निज चन्द्रबहादुर श्रेष्ठको मृत्यु भइसकेको, निजका परिवारहरू आफ्नो घरमा बस्दै आएका, हाल कुनै पनि किसिमको डर त्रास नभएको र विस्थापित भएबापत नेपाल सरकारबाट क्षतिपूर्तिसमेत

पाइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीउपरको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१३२. विस्थापित, केन्द्रीय कार्यालय, हरिहरभवन ललितपुर- रामेछाप जिल्ला वेताली गाविस वडा नं ३ निवासी प्रहरी निरीक्षक पदमा कार्यरत बाबुकाजी बस्नेत तथा निजका घरपरिवारका अन्य सदस्यहरू समेतलाई नेकपा (माओवादी)-हरूले विभिन्न तरिकाले धम्की दिने,चन्दा माग गर्ने गरेका कारण सम्पूर्ण परिवारहरू मिति २०५५।११।०९ गतेदेखि विस्थापित भई बसेकाले जीवनरक्षा गरी क्षतिपूर्ति पाउँ भन्ने उजुरीका सम्बन्धमा छलफल हुँदा यसमा आयोगबाट यस अघि भएका निर्णयानुसार आयोग गठन र ऐन हुनुभन्दा अघिको घटना भएकाले थप कार्यबाही गरी रहनु नपर्ने हुँदा राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० अनुसार उजुरी खारेज गर्ने ।

१३३. धम्कीपश्चात् विस्थापित, केन्द्रीय कार्यालय हरिहरभवन ललितपुर- सिन्धुपलान्चोक जिल्ला साँगाचोक गाविस वडा नं. ८ निवासी सुदनराज गिरीलाई नेकपा (माओवादी)-का कार्यकर्ताले २०६६।७।९ गते ऐ गाविसको भन्ज्याङमा कोणसभा गरी वाइसिएल विरुद्ध सञ्चार माध्यममा बोलेको आरोपमा ६ दिनभित्र आत्मसमर्पण गर्न र त्यस्तो नगरेमा भौतिक कार्यबाही गर्ने धम्की दिएकाले विस्थापित भएको हुँदा जीवनरक्षाको साथै पुनःस्थापनाका लागि पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा हाल निज सुदनराज गिरी आफ्नै गाउँघरमा पसल थापी व्यापार व्यवसाय गरी बसेको पाइएको, विस्थापित सम्बन्धमा स्थानीय शान्ति समितिलगायत अन्य कही कतैं कुनै पनि प्रकारको निवेदन उजुरी गरेको समेत नपाइएको हुँदा हाललाई प्रस्तुत उजुरीउपरको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१३४. सम्पत्ति कब्जा, क्षति, केन्द्रीय कार्यालय हरिहरभवन ललितपुर- दोलखा जिल्ला चिलंखा गाविस वडा नं ९ निवासी मोहन विक्रम थापाको घरमा मिति २०६१।१।२६ गते नेकपा (माओवादी)-का कार्यकर्ताहरूले आगजनी गरी क्षति पुऱ्याएको साथै सोही वडामा सञ्चालित श्री बाल प्रगति इंङलिस स्कुलको भवन भत्काई तोडफोड समेत गरी क्षति पुऱ्याएकाले क्षतिपूर्तिका लागि आवश्यक पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा अयोगबाट अनुसन्धान हुँदा २०६१ सालमा तत्कालीन नेकपा (माओवादी)-का कार्यकर्ताहरूले निज मोहनविक्रम थापाको घरमा आगो लगाई क्षति पुऱ्याएको सोही वडामा सञ्चालित बाल प्रगति इङलिस स्कुलमा समेत तोडफोड गरी क्षति पुऱ्याएको पाइएकाले नियमानुसार क्षति निर्धारण गरी (क्षतिको कानुनबमोजिम मूल्याङ्कन गरी निज पीडितलाई क्षतिपूर्ति उपलब्ध गराई आयोगलाई सोको जानकारी दिन नेपाल सरकारलाई सिफारिस गर्ने ।

१३५. जातीय भेदभाव,केन्द्रीय कार्यालय, हरिहरभवन ललितपुर, रामेछाप जिल्ला रस्तालु गाविस वडा नं ९ निवासी नरबहादुर विश्वकर्मा-समेतलाई वेताली गाविस स्थित महाकाली देवीको मन्दिरमा

पूजा गर्न गएको र मन्दिरभित्र प्रवेश गरेको भन्ने आरोपमा २०६१।११।१६ गते मन्दिर प्रवेश गर्ने सबै जनालाई दण्ड जरिवाना गरी धम्की दिएकाले आवश्यक कार्यबाही गरिपाऊँ भनी दर्ता हुन आएको प्रस्तुत उजुरीउपर अनुसन्धान हुँदा सो घटनाका सम्बन्धमा सम्मानित रामेछाप जिल्ला अदालतमा मुद्दा दायर भई निर्णयसमेत भइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीउपरको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१३६. विभेद तथा हिंसा, केन्द्रीय कार्यालय हरिहर भवन ललितपुर, रामेछाप जिल्ला वेताली गाविस वडा नं ६ निवासी शान्ति घिमिरेलगायत निजका परिवालाई निजका सासू, देवरलगायतका परिवारका सदस्यहरूले निजको विवाहभन्दा अघि नै निजका श्रीमानूले मिजार थरकी दलित महिलासँग १ महिनासम्म घरजम गरी बसेको भन्ने आरोपमा घरभित्र पस्न नदिने, छुन नदिने, विभेद गर्ने, गरेकाले मानव अधिकार, समानता र स्वतन्त्रताको संरक्षण गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा निज शान्ति घिमिरेले उजुरी दिएपछि हालसम्म एकचोटी पनि सम्पर्क गर्न नआएको अन्य कहीकतै कुनै पनि प्रकारको उजुरी दिएको नपाइएकाले हाल निजहरू आफ्नो घरबार बेचबिखन गरी भारत प्रवासमा रहेको भन्ने पाइएकाले हाललाई प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१३७. महिला अधिकार(दलित), केन्द्रीय कार्यालय हरिहरभवन ललितपुर-काभ्रेपलान्चोक जिल्ला फलाँटे गाविस वडा नं ६ निवासी गोमादेवी परियारलाई ऐ.ऐ. निवासी हरिकुमार लामाले मिति २०६४।०१।१८ गते धारामा पानी लिन जाँदा पानी छोयो भन्ने निहुँमा मराणासन्न हुने गरी कुटपिट गरेकाले उक्त घटनाको छानबिन गरी दोषीलाई कार्यबाही तथा पीडितलाई स्वास्थ्य उपचारका लागि पहल गरिपाऊँ भनी दर्ता हुन आएको प्रस्तुत उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा सोही घटनाका सम्बन्धमा काभ्रेपालञ्चोक जिल्ला अदालतमा मुद्दा परी पीडक हरिकुमार लामालाई कैद र जरिवाना भएको र सोही जरिवानाबाट आधा पीडितले पाउने गरी फैसलासमेत भइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीउपरको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१३८. जातीय विभेद (न्यायप्रशासन),केन्द्रीय कार्यालय हरिहरभवन ललितपुर- जिल्ला भक्तपुर मध्यपुर ठिमी नपा वडा नं १५ बस्ने मनिता पोडेलाई सासू, ससुरा, देवर, देवरानीलगायत घरपरिवारका सदस्यहरूले तल्लो जातको भनी विभेद गरी बोक्सीको ंआरोप लगाई अमानवीय व्यवहार गरी आएकाले दोषीउपर कार्यबाही गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा पीडित र पीडकबिचमा मिलापत्र भइसकेको हाल अवस्था सामान्य रहेको, पीडित मनिता पोडे पतिसँग आफ्नै घरमा स्वतन्त्रतापूर्वक बसिरहेको भन्ने महानगरीय प्रहरी बृत ठिमी भक्तपूरको पत्र र पीडित तथा निवेदकले गरी दएको कागजबाट पाइएको हुँदा हाललाई

प्रस्तुत उजुरी कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१३९. आन्दोलनका क्रममा प्रहरीले दमन गरेको, केन्द्रीय कार्यालय, हरिहर भवन ललितपुर-संविधानको प्रारम्भिक मस्यौदामा दलितका अधिकारहरू नसमेटिएको भन्दै आफ्ना मागहरू सुनिश्चित गराउने उद्देश्यले दलित समुदायले मिति २०७२।४।१९ गते काठमाडौंको बिजुली बजारमा शान्तिपूर्ण प्रदर्शन गर्ने क्रममा कार्यक्रम सुरु हुनुपूर्व नै प्रहरी नायव उपरीक्षक दानबहादुर कार्की र रेवती ढकालसमेतले नेतृत्व गरेको प्रहरीबाट लाठी प्रहार हुँदा दलित अधिकारकर्मी कमलादेवी हेमचुरीलगायतका दलित अधिकारकर्मीहरू घाइते भएको हुँदा दोषीउपर कार्यबाही गरी क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा प्रहरीहरूको लाठी प्रहारबाट दलित अधिकारकर्मीहरू कमलादेवी हिमचुरी, गणेश विक, पूर्व सांसद विनोद पहाडीसमेतका व्यक्तिहरू घाइते भएको पाइएकाले सो घटनाका सम्पूर्ण घाइतेहरूको उपचार खर्च उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने ।

१४०. जातीय विभेद, केन्द्रीय कार्यालय हरिहरभवन ललितपुर-चितवन जिल्ला भरतपुर नपा वडा नं ६ लेकुस्थित श्री लक्ष्मी बैङ्कटेश मन्दिरमा विश्व तथा राष्ट्रिय शान्तिका लागि सञ्चालित हरिनाम सङ्कीतनमा दलित समुदायले भजन टोलीमा समावेश पाउन निवेदन गर्दा प्रवेश निषेध गरिएको, सो सम्बन्धमा सम्मानित पुनरावेदन अदालत हेटौंडामा रिट परी अदालतबाट प्रवेश फुकुवाको आदेश गर्दा पनि हालसम्म प्रवेशमा बन्देज गरिएको र मिति २०६१।८।१९ गते केही दलित समुदाय उक्त मन्दिरमा प्रवेश गर्न खोज्दा सो मन्दिर व्यवस्थापनतर्फका पुजारी नारायणप्रसाद सापकोटा, मित्रलाल गौतमसमेतका व्यक्तिहरूले लाठा र ढुङ्गाको प्रयोग गरी अधार्मिक र अशान्तिपूर्ण कर्तुत गरेकाले तत्काल छानबिन गरी दलित समुदायको मानव अधिकार बहालीका लागि आवश्यक पहल गिरिदिन भन्ने ब्यहोराको उजुरी दर्ता हुन आएको र सो उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा जिल्ला चितवन भरतपुर नपा वडा नं ६ स्थित लक्ष्मी बैङ्कटेश मन्दिरमा दलितहरूलाई उक्त समयमा प्रवेश निषेध गरिएको र दलित समुदायका व्यक्तिहरू प्रवेश गर्न खोज्दा झडप भई केही व्यक्तिहरू घाइतेसमेत भएको पाइएकाले तपसिलबमोजिम गर्न-गराउन नेपाल सरकारलाई सिफारिस गर्ने :

(क) नेपालको संविधान २०७२ मा छुवाछुत तथा भेदभावविरुद्धको हकलाई मौलिक हकका रूपमा समावेश गरेको, जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय ऐन), २०६८ समेत लागु भइसकेको सन्दर्भमा संविधान तथा ऐन समेतको बर्खिलाप क्रियाकलापहरू दोहोरिन नदिनेतर्फ समयमा नै सचेत रहन नेपाल सरकारका सरोकारवाला सम्पूर्ण निकायहरूमा पत्राचार गर्न ।

(ख) नेपालको संविधान २०७२ तथा जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय ऐन), २०६८ को पूर्ण कार्यान्वयन गर्न ।

१४१. अपाङ्गताको अधिकार, उक्षेका बुटवल गुल्मी जिल्ला आँपचौर गाविस वडा नं. ६ घर भई सोही

स्थानको इन्द्रेगौडामा अवस्थित श्री नेपाल राष्ट्रिय माविमा कार्यरत स्थायी शिक्षक दुर्गाबहादुर अधिकारीमा अपाङ्गता रहेको, निजको परिवारसमेत गुल्मी जिल्लाबाट बसाई सराई गरी रूपन्देही जिल्लाको सौफर्साटिकरमा सात वर्षअगाडि बसाइँ सरेर गएको र निजलाई पायक पर्ने स्थानमा सरुवाको माग गरेकोमा कुनै सनुवाइ नभएकाले शिक्षा नियमावली, २०५९ को नियम ९९ को उपनियम २ बमोजिम अशक्त शिक्षकको हैसियतले घरपायक सरुवाका लागि आवश्यक पहल गरिपाऊँ भन्ने उजुरीको सम्बनध्मा अनुसन्धान हुँदा निज दुर्गाबहादुर अधिकारीको मिति २०६५/७/२५ गते श्री शिवपुर मावि रूपन्देहीमा सरुवा भई समस्या समाधान भएको तथा निज सोही विद्यालयबाट मिति २०७२/१०/२५ गते अवकाशसमेत प्राप्त भइसकेको देखिएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम खारेज गर्ने निर्णय गरियो ।

१४२. न्यायप्रशासन, उक्षेका बुटवल लुम्बिनी गाविस वडा नं.७, मनौरी, हाल लुम्बिनी सांस्कृतिक नपा वडा नं. ४ मनौरी, रूपन्देही बस्ने श्रीराम मल्लाहको जग्गामा धान दाइने काम भइरहेकाले निजको बुबा उक्त कार्य रोक्न जाँदा शिवशङ्कर, राधेश्याम, घनश्याम र नरह मल्लाहले लठी लिई श्रीराम मल्लाहको बुबा शिवप्रसाद मल्लाहलगायत घरपरिवारलाई आक्रमण गरेकोमा सो घटनाका बारेमा इलाका प्रहरी कार्यालय लुम्बिनीमा जाहेरी दिँदा कुनै कार्यबाही नगरी उल्टै धम्की दिई थुनामा राखेको र जबरजस्ती मिलापत्रमा सही गराई छाडेकोले सो सम्बन्धमा निष्पक्ष छानविन गरिपाऊँ भनी आयोग दर्ता भएको उजुरीको अनुसन्धान हुँदा सो घटनाका सम्बन्धमा भैरहवा जिल्ला अदालत भैरहवामा जग्गा र अंश सम्बन्धमा दायर भई फैसला भइसकेको र हाल उक्त मुद्दा सर्वोच्च अदालतमा समेत कार्यबाहीको अवस्थामा रहेको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम खारेज गर्ने निर्णय गरियो ।

१४३. न्यायप्रशासन, उक्षेका बुटवल, नवलपरासी जिल्ला पिठौली गाविस वडा नं. ४ कशुनहरी बस्ने वर्ष ३८ को यमकुमारी गुरौको स्थानीय व्यक्तिहरूले अन्नपात लुट्ने, खेतमा काम गर्न नदिने र कुटपिटसमेत गरेको सम्बन्धमा प्रहरी प्रशासनमा उजुरी गर्दा कुनै कार्यबाही नभएकाले जिउ-ज्यानको सुरक्षा तथा शान्तिपूर्वक जीवनयापन गर्ने व्यवस्था मिलाउन पहल गिरिदिने सम्बन्धमा आयोगमा परेको उजुरीको अनुसन्धान हुँदा प्रस्तुत विषयमा जिल्ला अदालत, नवलपरासी, पुनरावदेन अदालत बुटबल तथा सर्बोच्च अदालत, काठमाडौँमा मुद्दा दायर भई न्यायिक निरूपणको चरणमा रहेको हुँदा प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

१४४. न्यायप्रशासन उक्षेका बुटवल रूपन्देही जिल्ला करौता गाविस वडा नं.७ निवासी उषा धवल र कौशिला धवललाई सोही गाविस बस्ने मङ्गल यादव समेतले जग्गा विवादमा कोदालोले हानी घाइते बनाएको सम्बन्धमा पीडिकलाई पक्राउ गरी कानुनबमोजिम कार्यबाही र क्षतिपूर्ति लागि इप्रका. मर्चवार, मधुवनीमा निवेदन दिएपनि कुनै सनुवाइ नभएको भन्ने सम्बन्धमा आयोगमा

परेको उजुरीको अनुसन्धान हुँदा प्रस्तुत विषयमा सम्बन्धमा स्थानीय भद्रभलादमीहरूको उपस्थितिमा उपचार खर्च ब्यहोर्ने सर्तमा मिलापत्र भएको र मिलापत्रमा उल्लेख भएबमोजिम उपचार खर्च प्राप्त भएको र हाल शान्ति पूर्वक आफ्नो घरमा नै बसिरहेकाले आयोगमा रहेको उजुरी टुङ्ग्याउन लिखित जानकारी दिएको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

१४५. न्यायप्रशासन उक्षेका, बुटवल रूपन्देही जिल्ला सिलौटिया गाविस वडा नं. १ बस्ने १५ वर्षीय सब्ना खातुन आफ्नी बहिनीसँग खेतमा शौच गर्न गएको अवस्थामा सोही ठाउँमा बस्ने सुवास धोबी र महेन्द्र लोनियाले मोटरसाइकलमा जबरजस्ती अपहरण गरी अज्ञात स्थलतिर लगेको घटनाको सम्बन्धमा इप्रका मधुवनियामा जाहेरी दिए पनि हालसम्म कार्यबाही नभएकाले दोषीलाई कार्यबाही तथा निष्पक्ष छानबिनका लागि पहल गरिपाऊँ भनी आयोगमा परेको उजुरीको अनुसन्धान हुँदा सवना मुसलमान र सुवास धोवीबिच प्रेम सम्बन्धमा रहेकाले घर-परिवार र समाजको डरले भागेको भन्ने देखियो, पीडक भनिएका सुवास धोवीलाई प्रहरीले कानुनबमोजिम कार्यबाही गरेको देखिएको तथा पीडित सवना खातुनको परिवार नै भारतमा बसाई सरेको तथा निजको भारतीयसँगै विवाह पनि भइसकेको भन्ने देखिएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

१४६. न्यायप्रशासन, उक्षेका बुटवल, रूपन्देही जिल्ला पडसरी गाविस वडा नं.५ बस्ने वर्ष १७ को सचिन गर्बुजा मगर पुन मिति २०६८/५/१३ गते पाल्पा जिल्लाको दोभाननजिक रहेको सिद्धब्बाको मन्दिर नजिक तिनाउ खोलामा साथीहरू समेतसँग जाँदा डुबेर मृत्यु भएको भनिएको घटनाको सम्बन्धमा मिति २०६५/५/१५ गते बुटवल ५ स्थित पानीटङ्की नदीको नजिकै मृत अवस्थामा लास फेला परेको र निजको सामान्य पानीमा डुबेर मृत्यु भएकोजस्तो नलागि छोराको कसैले कर्तव्य गरी मारेको आशङ्का भएकाले इलाका प्रहरी कार्यालय, बुटबलमा जाहेरी दिएको र पोस्टमार्टम रिपोर्ट माग गर्दा नदिएकाले घटनाको निष्पक्ष छानबिन गरी न्यायका लागि पहल गिरिदिने सम्बन्धमा आयोग परेको उजुरीको अनुसन्धान हुँदा प्रस्तुत घटनाको सम्बन्धमा पाल्ला जिल्ला अदालतमा मुद्दा दायर भई फैसलासमेत भइसकेको भन्ने देखिकोले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

१४७. न्यायप्रशासन, उक्षेका बुटबल, कपिलवस्तु जिल्ला शिवराज नपा वडा नं. ६ निवासी मिना परियारलाई २०७२/२/२२ गते ओमबहादुर खत्रीले सार्वजनिक बसमा कुटपिट गरी साङ्घातिक हमला गरेकाले मिति २०७२/२/२४ गते जिल्ला प्रहरी कार्यालय कपिलवस्तुमा जाहेरी दिएकोमा कुनै कार्यबाही प्रक्रिया नबढाएकाले घटनाको छानबिन गरी दोषीलाई कानुनबमोजिम कार्यबाहीका लागि पहल गिरिदिने सम्बन्धमा आयोगमा परेको उजुरीको अनुसन्धान हुँदा प्रस्तुत विषयमा प्रहरी कार्यालयबाट कानुनबमोजिम कार्यबाही भई जिल्ला सरकारी वकिलको

कार्यालयबाट जिल्ला अदालत, कपिलवस्तुमा अभियोजन भई फैसलासमेत भइसकेको भन्ने देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

१४८. न्यायप्रशासन, उक्षेका बुटवल, कपिलवस्तु जिल्ला जवाभरी गाविस वडा नं. ७ हाल शिवराज नपा ७ बस्ने दुर्गाप्रसाद यादवको सोही ठाउँ बस्ने ममता यादवसँग २०६५ सालमा चिनजान भई विवाह गरी एक सन्तानको जन्मसमेत भएको, घरपरिवारको डरले घरबाहिर बसिरहेको अवस्थामा इलाका प्रहरी कार्यालय गणेशपुरबाट उपस्थित हुनु भनी जानकारी आई कार्यालयमा उपस्थित हुन जाँदा म, मेरी श्रीमतीलाई कुटपिट गरी मार्ने धम्की दिई जबरजस्ती कागजमा हस्ताक्षर गर्न लगाएको निजकी श्रीमती र छोरालाई अपहरण शैलीमा निजको इच्छाविपरीत अपहरण शैलीमा जबरजस्ती भारतीय नम्बर प्लेटको गाडीमा पठाएकाले श्रीमती र छोरालाई फिर्ता दिलाई दोषीमाथि कार्यबाही गरिपाऊँ भनी आयोगमा परेको उजुरीको अनुसन्धान हुँदा पीडीत भनिएका ममता यादव भारतीय नागरिकसँग बैबाहिक बन्धनमा बाँधी राजी खुसीका साथ दाम्पत्य जीवन बिताइरहेको देखिएको तथा प्रस्तुत घटना सम्बन्धमा निवेदकसँग थप जानकारी तथा प्रतिक्रियाका लागि पत्र पठाएकोमा कुनै जवाफ प्राप्त भएको नदेखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

१४९. न्यायप्रशासन, उक्षेका बुटबल, नवलपरासी जिल्ला धोवादी गाविस वडा नं. २ जसगेपानी बस्ने वर्ष १८ को गिता विश्वकर्माको सोही जिल्ला कावासोती गाविस वडा नं. ५ बस्ने प्रकाश थापासँग अन्तरजातीय विवाह भएकोमा मिति २०६९/११/ २२ गते निज प्रकाश थापाले गिता विश्वकर्मालाई चितवन जिल्ला भरतपुर नारायणगढ पुल्चोकमा रहेको कैलाश लज एन्ड रेस्टुरेन्टमा लगि कर्तव्य गरी झुण्डाई मारेकोले दोषीलाई कार्यबाही गरिपाऊँ भनी आयोगमा परेको उजुरीको अनुसन्धान हुँदा प्रस्तुत विषयममा कानुनबमोजिम कार्यबाही भएको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

१५०. न्यायप्रशासन, उक्षेका बुटवल, रूपन्देही जिल्ला सिद्धार्थनगर नपा वडा नं. १०, शङ्करपुर बस्ने राजमोहनप्रसाद धोवीको छोरा रोजप्रसाद धोवीले जिल्ला प्रशासन कार्यालय भैरहवा, रूपन्देहीमा मिति २०६७/८/२८ गते वंशजको आधारमा नागरिकताका लागि निवेदन दिएकोमा हालसम्म नागरिकता नदिएकाले नागरिकता प्रमाण पत्रका लागि आवश्यक पहल गिरिदिने सम्बन्धमा आयोगमा परेको उजुरीको अनुसन्धान हुँदा निज सरोजप्रसाद धोबी तथ निजका भाइ समेतले नागरिकता प्राप्त गरिसकेको पाइएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

१५१. जातीय विभेद, उक्षेका बुटवल, मिति २०७४/३/२५ गतेको पहिलो पोस्ट अनलाइन पत्रिकामा

“खाएको भाँडा माझ्न नमानेको भन्दै दलितलाई लाठीले कुटेर मरणासन्न” भन्ने शीर्षकमा संम्प्रेषित समाचारमा गुल्मी जिल्ला मुसिकोट नपावडा नं.४ साविक वडागाउँ हलोगाडेको बजारका व्यापारी टेकबहादुर कार्कीलाई खाना आएको भाँडा नमाझेको र मदिरा सेवन गरी पसल भित्र पिसाव फेरेको आरोपमा मरणासन्न हुने गरी कुटपिट गरेको र उपचारका लागि अस्पताल तर्फ लैजान खोज्दा अवरोध गरेको भन्ने समाचार प्रति आयोगको ध्यानाकर्षण भई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम ३ बमोजिम स्वविवेकीय (SUO MOTO) उजुरी ग्रहण गरी गरिएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा प्रस्तुत विषयमा प्रहरीले आवश्यक कार्यबाही गरी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ अनुसार जिल्ला सरकारी वकिलको कार्यायमा न्यायाधिवक्ता मार्फत गुल्मी जिल्ला अदालतमा मुद्दा दायर भएको र जिल्ला अदालतबाट पीडकलाई जरिवाना र पीडितलाई क्षतिपूर्ति तथा उपचार खर्च असुलीको फैसलासमेत भइसकेको भन्ने देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो।

१५२. न्यायप्रशासन, उक्षेका बुटवल, रूपन्देही जिल्ला बोदवार गाविस वडा नं. १ बिसुनपुरा बस्ने वर्ष १५ की गुडिया हरिजनलाई छोटेलाल यादवलगायत व्यक्तिले ललाई फकाई भारतमा लगी कोठीमा बेचेको तर केही दिनपछि निज गुडिया उक्त कोठीबाट भागी परिवारको सम्पर्कमा आएको विषयमा जिल्ला प्रहरी कार्यालय भैरहवा, रूपन्देहीमा अपहरण तथा शरीर बन्धकमा लिई मानव बेचबिखन तथा ओसार पसार गरेको विषयमा जाहेरी दरखास्त दिन जाँदा उक्त जाहेरी दरखास्त दर्ता गर्न नमानेकाले न्यायका लागि पहल गिरिदिने भन्ने सम्बन्धमा आयोगमा परेको उजुरीको अनुसन्धान हुँदा घटना गंम्भिर प्रकृतिको भएका कारण जाहेरी दर्ता नगरी, अनुसन्धान प्रक्रिया अगाडि बढाएको जानकारी जिल्ला पूहरी कार्यालय भैरहवाबाट जानकारी प्राप्त भएको तथा प्रस्तुत उजुरीको विषयको सम्बन्धमा हाल सबोच्च अदालतमा मुद्दा दायर भई कार्यबाहीको प्रक्रिया रहेको भन्ने देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो।

१५३. न्यायप्रशासन, उक्षेका बुटबल, रूपन्देही जिल्ला सिद्धार्थनगर नपा मालटोल निवासी २२ वर्षीय सरस्वती कुर्मी सिद्धार्थनगर नपा वडा नं.१३ मा रहेको व्यापार व्यवसाय गरी फर्कने क्रममा ग्यारिजन गणमा कार्यरत सैनिक जवानले जबरजस्ती करणी गर्न खोजेको भन्ने घटनाको सम्बन्धमा जिल्ला प्रहरी कार्यालयमा स्पन्देहीमा जाहेरी दर्ता दिएको तर हालसम्म कुनै कार्यबाही नभएकाले घटनाको छानबिन गरी दोषीलाई कार्यबाही गर्न पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको अनुसन्धान हुदा प्रस्तुत घटनाको सम्बन्धमा दुवै पक्ष बिच मेलमिलाप भइसकेको र पीडित परिवाले आयोगमा रहेको उजुरी टुङ्ग्याउन लिखित निवेदन समेत दिएको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो।

१५४. मधेस आन्दोलन, कैलाली जिल्ला टीकापुरमा २०७२/५/७ गते तराई मधेस आन्दोलनका क्रममा भएको घटनाको सम्बन्धमा मिति २०७३/११/२० मा आयोगबाट निर्णय गरिएकोमा उक्त निर्णयको बुंदा नं. ५ मा "सुरक्षा निकायको असावधनी,गुप्तचर संस्थाको कमी कमजोरी तथा प्रहरी सङ्गठनहरूका बिच एकआपसमा असहयोग र समन्वयको कमी तथा फितलो सुरक्षा योजना तथा सुरक्षा लापरवाहीका कारणसमेतबाट टीकापुर घटना भएको देखिएको हुँदा भविष्यमा त्यसतर्फ सजग रहन र सुरक्षाकर्मीतर्फको ठुलो क्षति रोक्न समुचित प्रयाससम्म नगर्ने सशस्त्र प्रहरी बलका सशस्त्र प्रहरी नायब महानिरीक्षक (डिआइजी.) खडानन्द चौधारी तथा सशस्त्र प्रहरी बल उग्रतारा गणका प्रहरी उपरीक्षक (एसपी) लक्ष्मणबहादुर सिंहलाई विभागीय कार्यबाही गर्न र जिल्ला प्रशासन कार्यालय कैलालीका तत्कालीन प्रमुख जिल्ला अधिकारी राजकुमार श्रेष्ठ तथा इलाका प्रशासन कार्यालय टीकापुर कैलालीका तत्कालीन प्रशासकीय अधिकृत सुमन धिताल समेतलाई मानव अधिकार उल्लङ्घनका कार्यमा संलग्न पुष्टि भई निजहरूको कार्य उदासिनता (बअत या फष्ककष्यल) भएबाट सचेत गराउनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने" भनी निर्णय भएकोमा सो निर्णय उपर उक्त घटनामा संलग्न उल्लिखित सुरक्षाकर्मी तथा नेपाल  सरकारका कर्मचारीहरूले पुर्नविचारका लागि निवेदन दिएको हुँदा सो घटनाको सम्बन्धमा के कसो हो भनि पठाईएको प्रतिक्रियाको जवाफ प्राप्त नभएकोमा गृह मन्त्रालयले सम्बन्धित व्यक्तिहरूसँग घटनाका बारेमा जवाफ माग गर्दा सम्बन्धित व्यक्तिहरूले जवाफ नदिएका कारण हो वा गृह मन्त्रालयले सम्बन्धित व्यक्तिहरूलाई घटनाका बारेमा सोधपुछ नगरेका कारण जवाफ नपठाईएको हो, सोका बारेमा गृह मन्त्रालयमा बुझी जवाफ प्राप्त भए पछि वा पत्रको म्याद नाघेपछि पुनः आयोगमा पेस गर्ने निर्णय गरियो ।

१५५. विस्थापित, गण्डकी प्रदेश कार्यालय, पोखरा, बागलुङ जिल्ला दमेक  गाविस-३ निवासी सञ्जयकुमार केसीको घरजग्गा नेकपा माओवादीले मिति २०६१/०२/१३ गते रोक्का गरी विस्थापित बनाएकाले घरजग्गा फुकुवा गरी ढुक्कसँग बस्ने वातावरण मिलाई दिनुहुन भनी दर्ता भएको उजुरीका सम्बन्धमा यस आयोगबाट अनुसन्धान हुँदा उजुरीकर्ता हाल बेलिजयममा परिवारसहित बस्ने गरेको उजुरीमा उल्लिखित घरजग्गा रोक्का नभएको/नरहेको र हाल अवस्था सामान्य रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१५६. विस्थापित, गण्डकी प्रदेश कार्यालय, पोखरा, लमजुङ जिल्ला जिता गाविस-५ बस्ने बलबहादुर थापाको घरमा नेकपा (माओवादी)-का कार्यकर्ताहरू  मिति २०५७/१२/१२ गते  आई पसलको सम्पूर्ण सामानहरू लुटी लगेको हामी ९ जना परिवारको सदस्यहरूर्ला एकै ठाउँमा राखी धम्काई तत्काल घर नछाडेमा भौतिक कार्यबाही गर्ने धम्की दिएकाले विस्थापित भएको हुँदा क्षतिपूर्ति दिलाई आफ्नो घरमा बसोबासका लागि पहल गिरिदिनुहुन भनी यस आयोगमा दर्ता हुन आएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा सोही घटनाका सम्बन्धमा पीडितद्वारा सम्मानित पुनारावेदन अदालत पोखरामा मुद्दा दायर भई पीडितको पक्षमा फैसलासमेत भइसकेको

पाइएकाले हालका लागि प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१५७. बेपत्ता गण्डकी प्रदेश कार्यालय, पोखरा- सशस्त्र प्रहरी जवान गणेश गुरुङ तत्कालीन द्वन्द्वको समयमा २०६२ साल असोज महिनामा चितवन सरुवा भएकोमा २०६२ माघ १० गते चितवन स्थित सशस्त्र प्रहरी ब्यारेकबाट हबल्दारको हतियार लिई भागेको र २०६२ माघ २३ गते आबुखैरेनी तनहुँमा सुरक्षाकर्मीले पक्राउ गरी दमौली ब्यारेक पठाएको, २०६२ फागुन ४ गते दमौली, ब्यारेकमा बुझ्न जाँदा जानकारी नदिएकाले निजको अवस्था सार्वजनिक गरिपाऊँ भनी पर्न आएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज अदालतको आदेशले (फैसला) कारागार शाखा डिल्लीबजार काठमाडौँमा रहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षेतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१५८. अपहरण, गण्डकी प्रदेश कार्यालय, पोखरा शारदा मावि कास्कीका कक्षा ६,८,९ मा पढ्ने विद्यार्थीहरूलाई मिति २०६३/४/२७ गते निजहरूकै घर घरबाट नेकपा (माओवादी)-का कार्यकर्ताहरूले अपहरण गरी लगेकाले सकुशल रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा अपहरित बालबालिकाहरू अपहरणमा परेको केही दिनपछि नै सकुशल मुक्त भइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१५९. माओवादी नियन्त्रणमा मृत्यु, गण्डकी प्रदेश कार्यालय, पोखरा- कास्की जिल्ला भाचोक गाविस वडा नं. ७ मकैखोला निवासी १७ वर्षीयकुमार परियारलाई नेकपा (माओवादी)-का कार्यकर्ताहरूले नियन्त्रणमा लिई मिति २०६३ भाद्र २६ गते लमजुङ जिल्लामा हत्या गरेकाले घटनाको अनुसन्धान गरी दोषीलाई कार्यबाही र पीडितलाई क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजकुमार परियारलाई हतियार चोरीको आरोपमा तत्कालीन नेकपा (माओवादी)-का कार्यकर्ताहरूले नियन्त्रणमा लिई कुटपिट गरी यातना दिई हत्यासमेत गरेको पाइएकाले घटनामा संलग्न दोषीहरूको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न र मृतकका पीडित परिवारलाई रु ३,००,०००।- ( तीन लाख मात्र) क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिस गर्ने ।

१६०. विस्थापित, गण्डकी प्रदेश कार्यालय पोखरा - म्याग्दी जिल्ला घतान गाविस वडा नं. ६ निवासी रुद्रबहादुर केसी(कार्की) को सदरमुकाम बेनी र पुर्ख्यौली गलेश्वरको घरमा नेकपा (माओवादी)-का कार्यकर्ताहरूले पटक पटक बम बिस्फोटन र आगजनी गराई दिएपछि विस्थापित भई काठमाडौँ बस्दै आएकोमा विस्तृत शान्ति सम्झौता भएपश्चात् २०६३/१०/२ ९ गते आफ्नै मूल घरमा बस्ने उद्देश्यले बेनी पुगेको अवस्थामा माओवादीका कार्यकर्ताहरूले कुटपिट गरी कालोमोसो लगाई म्याग्दी कटाई दिएको र पुनः म्याग्दी फर्कन पाउँदैनस भनी धम्की

दिएकाले दोषीउपर कार्यबाही गरी आफ्नो घरमा फर्कने वातावरणको लागी पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा हाल पीडितहरू आफ्नै थातथलोमा बसिरहेको घरमा बस्न कहिं कतैबाट कुनै पनि किसिमको समस्या नरहेको र आफूले दिएको उजुरीको कार्यबाही टुङ्ग्याई दिन पीडित स्वयमूले अनुरोध गरेको भनी अनुसन्धान टोलीको टिपोटसमेत पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१६१. क्षतिपूर्ति, गण्डकी प्रदेश कार्यालय पोखरा- श्री आदर्श निमावि साँखर-७ स्याङ्जामा प्रा.वि.तृतीय श्रेणीमा कार्यरत शिक्षक तुलसीराम रिमाललाई मिति २०६०/८/२८ गते विद्यालयबाट नै नेकपा (माओवादी)-का कार्यकर्ताहरूले अपहरण गरी लगेकोमा पछि निजहरूको कब्जाबाट भागी प्रवास र अन्यत्र जाँदाको अवधि २ वर्ष ११ महिनाको विद्यालयमा अध्यापन गराउँदा पाउने रकम क्षतिपूर्तिबापत पाउन पहल गिरिदिन भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज शिक्षक तुलसीराम रिमालले दाबी गरेको समयावधिमा असाधारण विदा स्वीकृत गराई बसेको देखिन्छ । असाधारण विदामा बसेको अवधिको रकम क्षतिपूर्तिबापत दिलाउन पहल गरिपाऊँ भन्ने उजुरी, दाबी मानव अधिकार उल्लघंनको विषय नहुने हुँदा यस्तो विषयमा उजुरी, लिई निर्णय गर्ने क्षेत्राधिकार मानव अधिकार आयोगको नहुने भएकाले क्षेत्राधिकारको अभावमा प्रस्तुत उजुरी खारेज गर्ने ।

१६२. सम्पत्ति कब्जा, गण्डकी प्रदेश कार्यालय पोखरा, कास्की जिल्ला पोखरा उप-मनपा -१८ काजीपोखरी निवासी भगवती राणा थापाले भोगचलन गर्दै आएको जग्गा मिति २०६४/८/२८ गते नेकपा (माओवादी)-का कार्यकर्ताहरूले कब्जामा लिई कटेरो बनाई बसेको र कब्जा नगर्न आग्रह गर्दा ज्यान लिने धम्की दिएकाले जग्गा फिर्ता र जीवनरक्षा गरिपाऊँ भनी दर्ता भएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा नेकपा (माओवादी)-का कार्यकर्ताहरूले कब्जा गरेको भनिएको जग्गा कसैको निजी जग्गा नभई सार्वजनिक जग्गा रहेको, हाल उक्त जग्गामा सुकुम्बासीहरूको, पीडित उजुरीवालाको र अन्य व्यक्तिहरू समेतको भोग रहेको र उजुरीवालालाई कहीँकतैबाट कुनै पनि किसिमको डर, धम्की नरहेको भन्ने पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१६३. अखिल क्रान्तिकारीबाट कुटपिट, गण्डकी प्रदेश कार्यालय पोखरा, पोखरा लामाचौरस्थित पश्चिममाञ्चल इन्जिनियरिङ क्याम्पसमा मिति २०६६/९/३ गते विवाद भई अखिल क्रान्तिकारी निकट विद्यार्थीहरूले एमाले निकट विद्यार्थी लेखनाथ बराललाई कुटपिट गरेको, त्यस्तैगरी पृथ्वीनारायण क्याम्पस पोखराको पुरुष छात्रावासमा अखिल क्रान्तिकारीका गोविन्द केसीको नेतृत्वका विद्यार्थीहरूले मिति २०६६/९/४ गते एमाले निकट विद्यार्थी नन्दबहादुर रोकायलाई कुटपिट गरी घाइते बनाएकाले अनुसन्धान हुँदा घाइते विद्यार्थीहरूको उपचार भई घर गई सकेको र हाल अवस्था सामान्य रहेको पाइएकाले राष्ट्रिय मानव अधिकार आयोग (उजुरी,

कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१६४. न्यायप्रशासन, गण्डकी प्रदेश कार्यालय पोखरा -स्याङ्जा जिल्ला ओरस्टे गाविस वडा नं. ४ घर भई पोखरा उप. मनपा -८ स्थित किस्टोल लाइट हाउसमा कार्यरत रामबहादुर विकको मिति २०६८/१०/११ गते गोदाममा सामान झिक्न जाँदा अचानक बम विस्फोट भई सख्त घाइते भएकोमा उपचारका क्रममा मृत्यु भएको सो सम्बन्धमा जाहेरी दर्ता गराउन खोज्दा जिल्ला प्रहरी कार्यालयबाट उल्टै धम्की दिएकाले घटनाको अनुसन्धान हुँदा जिल्ला प्रहरी कार्यालय कास्कीबाट जाहेरी दर्ता भई कार्यबाही प्रक्रिया अगाडि बढेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१६५. बाल अधिकार, गण्डकी प्रदेश कार्यालय पोखरा-बागलुङ जिल्ला बागलुङ नगरपालिका-३ निवासी वर्ष १४ की सन्तोषी रुयाललाई निजकी आमा गङ्गाकुमारीले अहित हुने काम गरेको, अदालतको फैसलाबमोजिम चलन चलाउने क्रममा कर्मचारीहरूबाट निज सन्तोषीको सामानहरू जथाभावी फ्याँकी दिएको, निजलाई बसिरहेको घरबाट निकाली बेसहारा बनाई दिएकाले निजको शिक्षा तथा सम्पत्तिसम्बन्धी अधिकारका लागि पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा पीडित भनिएकी सन्तोषी रुयाल हाल विवाह गरी भारततिर बस्ने गरेको अन्य कहिं कतै कुनै पनि किसिमको उजुरबाजुर गरेको भन्ने नपाइएको र हाल कुनै चासो नराखी भारतमा नै बस्ने गरेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१६६. ज्येष्ठ नागरिकको अधिकार, गण्डकी प्रदेश कार्यालय पोखरा, स्याङ्जा जिल्ला सेतीदोभान गाविस वडा नं. ३ स्थायी घर भई हाल पोखरा-६ बैदाममा बसोबास गर्ने वर्ष ७५ को पूर्णभद्र शर्मालगायतका अन्य परिवारलाई मिति २०६९/०२/२८ गते जेठी बुहारी इन्दिरा पन्तको संलग्नतामा स्थानीय प्रशासनले घर खालीको नाममा धाकधम्की दिइएको, निज जेठी बुहारीले पटक - पटक खानेपानीको आपूर्ति बन्द गिरिदएका कारण आफ्नै घरबाट विस्थापित हुनुपर्ने सम्मको अवस्था सृजना हुन लागेकाले मर्यादित रूपमा बाँच्न र बस्न पाउने वातावरण मिलाई ज्येष्ठ नागरिकको अधिकार रक्षा गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा यसै विषयमा पुनरावेदन अदालत कास्कीमा रिट दायर भई अन्तरिम आदेशसमेत जारी भइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१६७. न्यायप्रशासन, गण्डकी प्रदेश कार्यालय पोखरा, तनहुँ जिल्ला भानु गाविसं. वडा नं. ८ तुरतुरे निवासी जितेश श्रेष्ठको मिति २०६६/१०/१४ गते चरक अञ्चल अस्पताल पोखरामा पित्तथैलीको पत्थरीको अपरेसनका क्रममा डा. मेहन्द्र केसीबाट पित्तनली काटिदिएको र

पुनः सोही अस्पतालमा दोस्रो अपरेसन गरेको तर पनि सफल नभएपछि आजीवन उपचार गरिरहनुपर्ने भएको हुँदा निजको स्वास्थ्य उपचारको हकको हनन भएकाले अनुसन्धान गरी क्षतिपूर्ति दिलाई पाऊँ भनी दर्ता भएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज जितेश श्रेष्ठले भारतको दिल्लीमा उपचार गराएपछि स्वस्थ रही काठमाडौँमा व्यवसाय गरिरहेको र निजले डा.महेन्द्र केसीबाट रु. तीन लाख क्षतिपूर्तिसमेत पाइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१६८. न्यायप्रशासन, गण्डकी प्रदेश कार्यालय पोखरा, गोरखा जिल्ला गाविस सामागाउँ ३ बस्ने एकल महिला आवा लामालाई स्थानीय पेम्बा छिरिङ लामा, ओरगेन लामालगायतका व्यक्तिहरूले गाली बेइजत गरी समाजिक प्रतिष्ठा र चरित्र हत्या गर्ने जस्ता अमानवीय कार्य गरेकाले स्थानीय सचिव र जिल्ला प्रशासन कार्यालयमा निवेदन दिँदा समेत कुनै कार्यबाही नभएको हुँदा दोषीलाई कार्यबाही गरी मलाई स्वतन्त्रपूर्वक गाउँमा बस्न पाउने वातावरण मिलाई पाऊँ भनी दर्ता हुन आएको उजुरीउपर अनुसन्धान हुँदा गाउँमा नै पीडित र पीडकहरूबिच मिलापत्र भई हाल अवस्था सामान्य रहेको र पीडित आवा लामालाई गाउँमा बस्न कुनै समस्या नरहेको पाइएकाले हाललाई प्रस्तुत उजुरी राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१६९. विस्थापित, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली जिल्ला सुगरखाल गाविस वडा नं.२ बस्ने ध्वजबहादुर शाहीको घरमा मिति २०५९/०८/१५ गते तत्कालीन नेकपा (माओवादी)-का कार्यकर्ताहरू आई छोराहरू सेना र प्रहरीमा जागिरे भएका कारण देखाई घरमा रहेको सम्पूर्ण धनसम्पत्ति लुटपाट गरी जग्गा-जमिनसमेत कब्जामा लिएकाले विस्थापित भई धनगढीमा बस्दै आएकाले क्षतिपूर्ति दिलाई घर फर्कने वातावरणका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजको सम्पत्ति लुटपाट भएको पाइएको हाल निज पुनःस्थापित भइसकेको भन्ने पाइए तापनि हाल निजको अवस्था के-कस्तो छ ? निजले हालसम्म कहीँकतैबाट कुनै प्रकारको क्षतिपूर्ति पाए नपाएको सम्बन्धमा पीडितलाई पत्राचार गरी जवाफ प्राप्त भएपीछ वा म्याद नाघेपछि पुनः पेस गर्ने ।

१७०. गैरकानुनी थुना, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, कालीकोट जिल्ला माल्कोट गाविस वडा नं.३ घर भएका रामबहादुर शाहीलाई काठमाडौँमा रहेको बखत काठमाडौँको पेप्सीकोलाबाट २०६२/०१/१४ गते तत्कालीन शाही नेपाली सेनाले पक्राउ गरी रणदल गुल्म कालीकोटमा केही दिन राखी त्यसपछि मध्यपश्चिम पृतना राँझा बाँकेमा गैरकानुनी रूपमा थुनामा राखेकाले थुनामुक्त गरी सार्वजनिक गराई पाऊँ भनी दर्ता भएको उजुरीउपर अनुसन्धान हुँदा निज रामबहादुर शाही थुनामुक्त भई आफनै घरमा स्वतन्त्रपूर्वक बसिरहेको द्वन्द्वपीडितबापत क्षतिपूर्ति रकमसमेत पाइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१७१. हिरासतमा यातना, गण्डकी प्रदेश कार्यालय, पोखरा, नवलपरासी जिल्ला गैडाकोट गाविस वडा नं.५ घर भई मैनाघाट गाविसमा मेडिकल सञ्चालन गरी जाइका परियोजनामा निरीक्षक पदमा कार्यरत ऋषिकान्त बस्ताकोटीलाई नवलपरासी प्रगति नगरबाट मिति २०६१/११/२३ गते सुरक्षाकर्मीहरूले पक्राउ गरी शारीरिक मानसिक यातना दिई आतङ्ककारी अभियोग लगाई जेल चलान गरिएकाले उपचारको व्यवस्थाको साथै शीघ्र रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज हाल थुनामुक्त भएनभएको सम्बन्धमा यकिन हुन नसकेको पाएको हुँदा पीडितको घर ठेगानामा पत्राचार गरी जवाफ प्राप्त भएपछि वा समयावधी व्यतीत भएपछि पुनः पेस गर्ने ।

१७२. हत्या, कर्णाली प्रदेश शाखा कार्यालय जुम्ला, जुम्ला जिल्ला तातोपानी गाविस वडा नं. ६ बस्ने वर्ष २० को हरिहर बुढालाई मिति २०५८/१२/२७ गते बिहान अन्दाजी १०:०० बजेको समयमा जुम्ला सदरमुकामस्थित तत्कालीन शाही नेपनली सेनाको गुल्मबाट खटी आएका सेना र प्रहरीसहितको गस्ती टोलीले तातोपानी लिताकोटबाट पक्राउ गरी तातोपानीको बुदबुदी खोलामा गोली हानी हत्या गरेकाले दोषीउपर कार्यबाही गरी पीडितलाई क्षतिपूर्ति दिलाई पाऊँ भनी दर्ता हुन आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निज हरिहर बुढालाई मिति २०८५/१२/२७ गते जुम्ला सदरमुकामस्थित सेनाको गुल्मबाट खटी गएको सेना र प्रहरीको संयुक्त टोलीले जुम्लाको तातोपानी लिताकोटबाट पक्राउ गरी सोही दिन जुम्लाकै तातोपानीको बुदबुदे खोलामा गोली हानी हत्या गरेको पाएकाले घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न र पीडित परिवारलाई रु.३,००,०००/- (तीन लाख मात्र) क्षतिपूर्तिबापत उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने ।

१७३. सुरक्षाकर्मीद्वारा हत्या, सुदूरपीश्चम प्रदेश कार्यालय, धनगढी - मिति २०५९/१/२७ गते माओवादीको भेषमा आएका सुरक्षाकर्मीहरूले भुक्याई राज्यविरुद नारा लगाउन लगाई बाजुरा जिल्लाका जगन्नाथलगायतका स्थानहरूबाट २९ जना व्यक्तिहरूलाई कोल्टी एयर पोटतर्फ लगी १३ जनालाई दैया पूलमा, १० जनालाई कोल्टी विमानस्थल नजिकै, ६ जानालाई मार्तडी खरीगार्डमा गोली हानी हत्या गरेकाले निष्पक्ष छानबिन गरी दोषीलाई कार्यबाही गरी क्षतिपूर्ति दिलाई पाऊँ भनी दर्ता हुन आएको उजुरीउपर अनुसन्धान हुँदा अनुसन्धान प्रतिवेदनमा तत्कालीन शाही नेपाली सेना ज्वालादल गुल्म (क) का ल्याप्टेन किरण शाह र जिल्ला प्रहरी कार्यालय बाजुरका तत्कालीन प्रहरी नायब उपरीक्षक देवबहादुर बोहोराको समेत संलग्नतामा २९ जना व्यक्तिहरूको हत्या भएकाले कार्यबाहीको सिफारिस गरिएको तर तत्कालीन क्षेत्रीय कार्यालय धनगढीबाट सो घटनाका सम्बन्धमा के कसो भएको हो ? भनी राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ बमोजिम सम्बन्धित निकायसँग प्रतिक्रिया माग गर्दा प्रतिवेदनको सारांशमा क्याप्टेन किरण शाह र प्रनाउ देवबहादुर बोहराको नाम उल्लेख भएको नपाइएको हुँदा राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १२ बमोजिम अनुसन्धान प्रतिवेदनमा उल्लिखित मानव अधिकार उल्लङ्घन कार्यमा संलग्न उल्लङ्घनकर्ता भनिएका किरण शाह

र देवबहादुर बोहराको नाम उल्लेख गरी प्रतिक्रिया माग गरी जवाफ प्राप्त भएपछि वा म्याद नाघेपछि पुनः पेस गर्ने ।

१७४. सुरक्षाकर्मीद्वारा हत्या, प्रदेश ५ शाखा कार्यालय नेपालगन्ज - बाँके जिल्ला वनकटवा गाविस वडा नं. ४ घर भई प्रभात माविमा अध्यापन गर्ने कमल दाहाललाई मिति २०५८/९/१७ गते विद्यालय परिसरबाट भीमकाली गुल्म चिसापानी ब्यारेक बाँकेबाट आएका सहसेनानी (क्याप्टेन) रमेश स्वाँरको टोलीले पक्राउ गरी लगेको र पछि सोही दिन गोली हानी हत्या गरेकाले छानबिन गरी दोषीउपर कार्यबाही र पीडितलाई क्षतिपूर्ति दिलाई पाऊँ भनी दर्ता हुन आएको उजुरीउपर अनुसन्धान हुँदा मिति २०५८/९/१७ गते निज शिक्षक कमल दाहाललाई भीमकाली गुल्म चिसापानी ब्यारेक बाँकेबाट क्याप्टेन रमेश स्वाँरको नेतृत्वको सेनाको टेलीले पक्राउ गरी लगेको र भीमकाली गुल्मका प्रमुख मेजर अजित थापाको आदेशअनुसार निजको मिति २०५८/९/१७ गते नै हत्या गरेको पाइएको हुँदा निज शिक्षक कमल दाहालको नेपालको संविधान तथा अन्तर्राष्ट्रिय मानव अधिकार कानुनबमोजिम बाँच्न पाउने अधिकारको हनन भई मानव अधिकार उल्लङ्घन भएको पाइन्छ । मानव अधिकारको उल्लङ्घन गर्ने कार्यमा संलग्न तत्कालीन मेजर अजीत थापा र क्याप्टेन रमेश स्वाँरलाई कानुनबमोजिम कार्यबाही गरी निजहरूमार्फत अन्य ककसको संलग्नता हो, सोसमेत पत्ता लगाई निजहरूलाई पनि कानुनबमोजिम कार्यबाही गर्न र पीडित परिवारलाई रु.३,००,०००/- (तीन लाख मात्र) क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिस गर्ने ।

१७५. हत्या, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी - कञ्चनपुर जिल्ला त्रिभुवन बस्ती गाविस वडा नं. ३ (ङ) गाउँ बस्ने बर्ष १५ को मानबहादुर विकलाई मिति २०६०/७/०४ गते दिपावलीको समान ल्याउन आई.वि.आर.डी. बजार गएको अवस्थामा नेकपा (माओवादी)-का कार्यकर्ताहरूले अपहरण गरी लगेर कञ्चनपुर जिल्ला कालिका गाविसको टिम्बर कर्पोरेसनको फिल्डमा खुकुरी प्रहार गरी हत्या गरेकाले छानबिन गरी क्षतिपूर्ति तथा न्यायका लागि पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा तत्कालीन नेकपा (माओवादी)-का कार्यकर्ताहरूले अपहरण गरी हत्यासमेत गरेको पाइएकाले घटनामा संलग्न दोषीहरूको पहिचान गरी कानुनबमोजिम कार्यबाही गरी पीडितलाई रु.३,००,०००/- (तीन लाख मात्र) क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिस गर्ने ।

१७६. आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार, गण्डकी प्रदेश कार्यालय पोखरा - नेपाल सरकारबाट २०३९ सालमा स्थापित ढोरपाटन सिकार आरक्षलाई दक्षिणी अफ्रिकी मोडेलअनुसार समुदायको स्वामित्वमा हस्तान्तरण गरियोस् भनी माग रहेको तर सो नगरी आरक्षको क्षेत्राधिकारलाई बिस्तार गर्दै आदिवासी/जनजातिहरूको अधिकार खोसी ILO महासन्धि १६९ लाई चुनौती दिने काम वन तथा भूसंरक्षण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र ढोरपाटन सिकार आरक्षबाट भइरहेको हुँदा सोही महासन्धि १६९ बमोजिमको मानव अधिकार संरक्षण गरियोस् भनी दर्ता भएको उजुरीमा आयोगबाट अनुगमन तथा अनुसन्धान हुँदा ILO महासन्धि १६९ सम्बन्धमा नेपाल सरकारलाई नीतिगत सिफारिस गर्न आवश्यक रहेको सन्दर्भमा

हाल आयोगमा यससम्बन्धी रहेका अन्य उजुरीहरूसमेतको अध्ययन गर्नुपर्ने देखिन्छ। सोका लागि हाल आयोगका सबै कार्यालयहरूमा रहेका ILO महासन्धि १६९ को अधिकारसँग सम्बन्धित उजुरीहरू सङ्कलन गर्ने र ILO महासन्धि १६९ को नेपाल पक्षराष्ट्रसमेत भएको सन्दर्भमा यसको कार्यान्वयनका लागि नेपाल सरकारका नीति तथा कार्यक्रमहरू के के रहेका छन् ? सो सम्बन्धमा नेपाल सरकारकारसँग माग गरी प्राप्त भएपछि पुनः पेस गर्ने।

१७७. सम्पत्ति कब्जा, प्रदेश नं ५ कार्यालय बुटवल, रूपन्देही जिल्ला बुटवल नपा ५ निवासी पशुपतिप्रसाद बस्यालको नाममा दर्ता रही भोगचलन गर्दै आएको जग्गा मिति २०६१।०७।२५ गतेदेखि माओवादी कार्यकर्ताहरूले कब्जा गर्दै आएकोमा हालसम्म पनि फुकुवा नभएको, फुकुवा प्रक्रियाका लागि जिल्ला प्रशासन कार्यालयमा निवेदन दिँदा पनि फुकुवा नभएकाले फुकुवा गराउन आवश्यक पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा हाल कब्जा भएको सम्पूर्ण जग्गाहरू फुकुवा भई जग्गाधनीहरूले नै निर्वाध भोगचलन गरिरहेको भन्ने उजुरवालाको मिति २०७४।१२।२९ गतेको निवेदनबाट पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने।

१७८. सम्पत्ति कब्जा, प्रदेश नं ५ कार्यालय, बुटवल- रूपन्देही जिल्ला बुटवल नपा ५ गोलपार्क निवासी शरद् बस्यालको नाममा दर्ता रही भोगचलन गर्दै आएको जग्गाहरू नेकपा माओवादीका कार्यकर्ताहरूले मिति २०६१।०७।२५ गतेदेखि कब्जा गर्दै आएकोमा हालसम्म पनि फुकुवा नभएकाले फुकुवाका लागि पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा हाल उक्त जग्गाहरू फुकुवा भई जग्गाधनीहरूको निर्वाध भोगचलनमा रहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने।

१७९. सम्पत्ति कब्जा, प्रदेश नं ५ कार्यालय बुटवल- रूपन्देही जिल्ला बुटवल नपा ५ गोलपार्क निवासी हरिप्रसाद बस्यालको नाममा दर्ता रही भोगचलन गर्दै आएको जग्गाहरू नेकपा (माओवादी)-का कार्यकर्ताहरूले मिति २०६१।०७।२५ गतेदेखि कब्जा गर्दै आएको, फुकुवाका लागि जिल्ला प्रशासन कार्यालयलगायतका निकायहरूमा निवेदन दिँदा समेत फुकुवा नभएकाले फुकुवाका लागि पहल गरिपाऊँ भनी दर्ता हुन भएको निवेदनका सम्बन्धमा अनुसन्धान हुँदा हाल कब्जा गरिएका उक्त जग्गाहरू फुकुवा भइसकेको, जग्गाधनीहरूले निर्वाध हकभोगमा रहेको भन्ने पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने।

१८०. सम्पत्ति कब्जा, प्रदेश नं ५ कार्यालय बुटवल- रूपन्देही जिल्ला बुटवल नपा ५ गोलपार्क बस्ने विष्णुप्रसाद बस्यालको नाममा दर्ता रही निजकै हकभोगमा रहेका जग्गाहरू नेकपा (माओवादी)-का कर्याकर्ताहरूले मिति २०६१।०७।२५ गतेदेखि कब्जा गरेको, फुकुवाका लागि जिल्ला

प्रशासन कार्यालयलगायतका निकयायहरूमा निवेदन दिँदा पनि हालसम्म पनि फुकुवा नभएकाले फुकुवाका लागि पहल गरिपाऊँ भनी दर्ता हुन भएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा हाल कब्जा गरिएका सबै जग्गाहरू फुकुवा भई जग्गाधनीहरूको निर्वाध हकभोगमा रहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१८१. सम्पत्ति कब्जा, प्रदेश नं ५ कार्यालय बुटवल- रूपन्देही जिल्ला बुटवल नपा ५ बस्ने कृष्णप्रसाद बस्यालको नाममा दर्ता रही निजकै भोगचलनमा रहेको जग्गाहरू नेकपा (माओवादी)-का कार्यकर्ताहरूले मिति २०६१।०७।२५ गतेदेखि कब्जा गरेकोमा फुकुवाका लागि जिल्ला प्रशासन कार्यालयलगायतका अन्य निकायहरूमा फुकुवाका लागि निवेदन दिँदा हालसम्म पनि फुकुवा नभएकाले फुकुवाका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा हाल कब्जा गरिएका सम्पूर्ण जग्गाहरू फुकुवा भई जग्गाधनीकै भोगचलनमा रहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१८२. हत्या, शिक्षाको अधिकार, प्रदेश नं ५ कार्यालय बुटवल- रूपन्देही जिल्ला दुधराक्ष गाविस वडा नं ९ निवासी गिरिप्रसाद अर्याललाई मिति २०६१।१२।१० गते आफ्नै घरमा बसिरहेको बखत नेकपा (माओवादी)-का कार्यकर्ताहरूले गोली हानी हत्या गरेकाले निजका २ जना श्रीमतीहरू तथा पाँच सन्तानहरूको लालन-पालनमा र दैनिक जीवन गुजारामा समेत समस्या भएकाले पाँच सन्तानहरूको लालन-पालन शिक्षा-दीक्षाका लागि उचित राहत र क्षतिपूर्ति दिलाई न्याय पाउँन भनी दर्ता भएको उजुरीका सम्बन्धमा भएको अनुसन्धानतर्फ विचार गर्दा हालसम्म क्षतिपूर्ति र राहतका सम्बन्धमा मात्रै अनुसन्धान अघी बढी सोहीअनुसार सिफारिस हुन साविक उपक्षेत्रीय कार्यालय हाल प्रदेश नं ५ कार्यालय बुटबलबाट टिप्पणी उठी निर्णयका लागि पेस भएको पाइयो । उजुरीमा राहत तथा क्षतिपूर्ति र न्यायको समेत माग भएको सन्दर्भमा पीडितलाई न्याय दिलाउनेतर्फ नेकपा (माओवादी)-बाट हत्या भएको सम्बन्धमा कुनै अनुसन्धान भएको पाइएन् । साथै अधिकृतले उठाएको टिप्पणीमा कार्यालय प्रमुखको रायसमेत भएको पाइयो । माथि उल्लिखित अवस्थातर्फ विचार गर्दा प्रस्तुत उजुरीउपर अनुसन्धान पूरा नभएको पाइयो । तसर्थ, हत्यातर्फ समेत अनुसन्धान गरी दुई महिनाभित्र फाइल केन्द्रीय कार्यालय पठाई सक्न प्रदेश नं ५ कार्यालय बुटवलमा फाइल फिर्ता पठाउने साथै अन्तिम टिप्पणीमा कार्यालय प्रमुखको राय किन नराखिएको हो ? सो सम्बन्धमा प्रदेश नं ५ कार्यालय बुटवललाई पत्राचार गरी सो फाइल फिर्ता आएपछि वा जवाफ आएपछि पुनः पेस गर्ने ।

१८३. रोजगारीको अधिकार, प्रदेश नं ५ कार्यालय, बुटवल- रूपन्देही जिल्ला बुटवल नपा वडा नं १५ घर भई देवदह-९ स्थित सीता निमाविमा प्रअ पदमा कार्यरत कमला खनाल (ढकाल) लाई मिति २०६५।०९।०९ गते जिल्ला शिक्षा कार्यालय, रूपन्देहीबाट प्राप्त राहत कोटामा शिक्षण अनुमतिपत्र नभएको व्यक्तिको निवेदन बलपूर्वक दर्ता गर्न खोजिएको र विद्यालय प्रशासकको

हैसियतले नियमविपरीत गर्न अस्वीकार गरेपछि वाइसिएलका कार्याकर्ता र अखिल क्रान्तिकारी विद्यार्थीहरूले विद्यालयको कोठामा थुनी डर धम्की दिँदै राजिनामा नगरेमा भौतिक कार्यबाही गर्नेसम्मको धम्की दिई राजिनामा गर्न बाध्य तुल्याएको हुँदा मेरो मानव अधिकार संरक्षण गरिपाऊँ भनी दर्ता भएको उजुरीउपर अनुसन्धान हुँदा हाल उक्त समस्या समाधान भइसकेको, विनाकुनै डर, धाक, धम्की आफ्नो कार्य निर्वाध रूपमा गरिरहेको भन्ने उजुरकर्ता स्वयम्ले आयोगलाई दिएको निवेदनबाट पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१८४. हत्या, प्रदेश नं ३ कार्यालय सानेपा- ललितपुर, सिन्धुली जिल्ला रानीचुरी गाविस वडा नं ५ बस्ने मेघराज विकलाई मिति २०५५ साल असोज १७ गते तत्कालीन संयुक्त सुरक्षाफौजले माओवादीको आरोपमा घरबाटै पक्राउ गरी लगेको र स्थानीय खरा खोलामा परिवारका आफन्तले मृत अवस्थामा फेला पारेको हुँदा उचित क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीको सम्बन्धमा अनुसन्धान भई पेस हुन आएकोमा दोहोरो भिडन्तका क्रममा निज मेघराज विकको मृत्यु भएको भनी प्रहरी प्रधान कार्यालयको पत्रमा उल्लेख भएको पाइएको हुँदा तपसिल बमोजिमको विषयमा प्रहरी प्रधान कार्यालयलाई पत्राचार गरी जवाफ प्राप्त भएपछि वा म्याद नाघेपछि पुनः पेस गर्नू :

क) सो घटना हुँदा गस्तीमा रहेको भनिएको प्रहरीको टोली कुन ठाउँबाट खटी गएको थियो ? र टोलीको कमान्ड कसले गरेको थियो ?

(ख) उक्त घटना भएको समय मिति २०५५।०६।१७ गते जिल्ला प्रहरी कार्यालय सिन्धुलीको प्रमुख को थियो ?

१८५. कुटपिट/यातना, प्रदेश नं ३ कार्यालय, सानेपा ललितपुर- दोलखा जिल्ला लामिडाँडा गाविस २ बस्ने जगतबहादुर कार्कीलाई मिति २०६०।०७।२२ गते नेकपा (माओवादी)-का कार्यकर्ताहरूले कब्जामा लिई ४ दिनसम्म राखी हात पछाडी बाँधी फलामको पाइपले कुटपिट गरी शारीरिक तथा मानसिक यातना दिएको र हालसम्म पनि आखाँ र कानमा समस्या रहेको हुँदा दोषीमाथि कार्यबाही गरी क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा तत्कालीन नेकपा (माओवादी)-का कार्यकर्ताहरूले निज जगतबहादुर कार्कीलाई कब्जामा लिई कुटपिट गरी यातना दिएको पाइएकाले संलग्न दोषीहरूको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न र पीडित जगतबहादुर कार्कीलाई रु २०००००/- (दुई लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने ।

१८६. विद्युतीय धरापमा मृत्यु, प्रदेश नं ३ कार्यालय सानेपा ललितपुर- दोलखा जिल्ला नाम्पु गाविस वडा नं ३ निवासी टीकाप्रसाद ढुङ्गेलको मिति २०६१।०५।१२ गते जिरी जाने सडकको त्रियासी गोलाई भन्ने स्थानमा नेकपा (माओवादी)-का कार्यकर्ताहरूले थापेको एम्बुस विस्फोट हुँदा एम्बुसको छर्रा लागी मृत्यु भएकाले छानबिन गरी सहयोग पाऊँ भनी दर्ता हुन आएको उजुरीका

सम्बन्धमा अनुसन्धान हुँदा निज टीकाप्रसाद ढुङ्गेलको मिति २०६१ साल भदौ १२ गते दोलखा जिल्लास्थित जिरी जाने सडकको त्रियासी भन्ने स्थानमा तत्कालीन नेकपा (माओवादी)-का कार्यकर्ताहरूले थापेको एम्बुस विस्फोट भई छर्रा लागी मृत्यु भएको पाइएकाले सो घटनाका पीडित परिवारलाई रु. ३,००,०००/- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने ।

१८७. कैद मिनाह, प्रदेश नं ३ कार्यालय, सानेपा, ललितपुर-बारा जिल्ला साविक कलैया गाविस वडा नं ७ घर भई बाँके जिल्ला नेपालगन्ज नपा वडा नं ११ बस्ने हाल कारागार कार्यालय सदरखोर डिल्लीबजारमा लागुऔषध मुद्दामा सजाय भई कैद रहेका सतिषकुमार अग्रवाल दम, रक्तचाप, सुगर, बाथ, पायल्सलगायतका रोगबाट ग्रसित दीर्घरोगी भएको, निजको सम्बन्धमा मेडिकल बोर्डबाट समेत नियमित उपचार गराई राख्नुपर्ने भनी निर्णय भई सिफारिससमेत भएसकेको अवस्थामा निजलाई थप उपचारका लागि बाहिरसमेत लैजानपर्ने भएकाले निजको बाँकी कैद मिनाहका लागि आवश्यक पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीका सम्बन्धमा छलफल हुँदा कैद माफीमिनाह गर्ने सम्बन्धमा कानुनमा नै प्रस्ट व्यवस्था भएको, राष्ट्रिय मानव अधिकार आयाेगलाई कैद माफीमिनाह गर्ने क्षेत्राधिकारसमेत नएकाले क्षेत्राधिकारको अभावमा प्रस्तुत उजुरी खारेज गर्ने ।

१८८. हत्या, प्रदेश नं ३ कार्यालय सानेपा, ललितपुर-मकवानपुर जिल्ला छतिवन गाविस वडा नं ४ बस्ने पूर्व सैनिक नरबहादुर खत्रीलाई मिति २०६० चैत्र १६ गते नेकपा (माओवादी)-का कार्यकर्ताहरूले अपहरण गरी लगेको र मिति २०६१ वैशाख ३ गते हत्या गरेकाले दोषीलाई कार्यबाही गरी मृतकको परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराई पाऊँ भनी दर्ता भएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज नरबहादुर खत्रीलाई तत्कालीन नेकपा (माओवादी)-का कार्यकर्ताहरूले मिति २०६०।१२।१६ गते घरबाटै अपहरण गरी लगेको र मकवानपुर जिल्ला फापरबारी गाविस वडा नं ९ को सिम्ले भन्ने स्थानमा हत्या गरी फालेको अवस्थामा मिति २०६१।१।४ गते लास फेला परेको पाइएकाले घटनामा संलग्न दोषी पत्ता लगाई कानुनबमोजिम कार्यबाही गर्न र मृतक परिवारलाई रु. ३०००००/- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने ।

१८९. न्यायप्रशासन, प्रदेश नं १ शाखा कार्यालय, खोटाङ- खोटाङ जिल्ला रूपाकोट मझुवागढी नपा ११ बस्ने दिलबहादुर विक र कला विकको ११ महिनाको छोरा अतीत विकको मिति २०७४ साल जेठ २९ गते दिक्तेलबाट मध्यपहाडी यातायातको बा.१ ख ७०७१ नं बसबाट जयरामतर्फ जाँदा जयरामबाट माथि बाहुनी डाँडामा सो बस दुर्घटना हुँदा मृत्यु भएको र पोस्ट्र-मार्टमलगायतका प्रक्रियाहरू पूरा भई दाहसंस्कारसमेत भइसकेपछि क्षतिपूर्तिका लागि सम्बन्धित निकायमा जाँदा राहत तथा क्षतिपूर्ति प्राप्त गर्न नसकेकाले आवश्यक पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा पीडितले किरिया खर्चबापत रु २५०००।- (पच्चिस हजार) बुझिसकेको, थप रकमका लागि जिल्ला प्रशासन कार्यालयमार्फत आवश्यक पहल भइरहेको, सवारी चालकलाई सवारी ज्यानअन्तर्गत मुद्दा चलाइएको पाइएकाले

हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१९०. न्यायप्रशासन, प्रदेश नं १ शाखा कार्यालय खोटाङ, जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गा, कर्मचारी प्रशासन शाखाका इन्चार्ज प्रहरी सहायक निरीक्षक टीकाराम पराजुलीले कार्यरत प्रहरी कर्मचारीबाट मातहत पठाउँदा, अदलीबदली गर्दा, रकम वा विभिन्न सामग्रीहरू माग्ने, नदिएमा धम्क्याउने,, प्रहरी कर्मचारीहरूलाई कार्यबाहीबाट बचाईदिन्छु भनी पैसा माग्ने, का.स.मु.मा. आफ्ना निकटतमलाई बढी नम्वर दिनेजस्ता कार्य गरेकोमा सबै विषय खुलाई जिल्ला प्रहरी कार्यालयका प्रमुखलाई निवेदन गर्दा पनि कुनै सनुवाइ नभएकाले आवश्यक कार्यबाहीका लागि भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गाले उक्त घटनाको छानबिन गरी प्रसनि टीकाराम पराजुलीलाई कार्यबाही गरेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१९१. न्यायप्रशासन, प्रदेश नं १, शाखा कार्यालय खोटाङ, खोटाङ जिल्ला बाराहपोखरी गाउँपालिका वडा नं १ बस्ने दुर्गाप्रसाद खतिवडालाई ऐ स्थानमा लग्ने कार्तिक एकादशीको मेलालाई व्यवस्थित गर्न स्थानीय बजार व्यवस्थापन समितिले सचिवको जिम्मेवारी प्रदान गरेकोमा मिति २०७४।०७।१४ गते जाँडरक्सी बिक्री नगरिदिन माइकिङ गरिरहेको अवस्थामा ऐ.ऐ बस्ने सुकुम राईले गालीगलौज गरी कुटपिट गरेको घटनाको सम्बन्धमा कार्यबाहीका लागि जिल्ला प्रहरी कर्यालयमा निवेदन दिँदा सनुवाइ नभएकाले न्यायका लागि पहल गरिपाऊँ भनी दर्ता हुन आएको निवेदन/उजुरीउपर अनुसन्धान हुँदा सोही घटनाको सम्बन्धमा विराटनगर उच्च अदालत ओखलढुङ्गा इजलास र जिल्ला अदालत खोटाङमा समेत मुद्दा दर्ता भई हाल विचाराधीन अवस्थामा रहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१९२. न्यायप्रशासन, प्रदेश नं १ ,शाखा कार्यालय खोटाङ-ओखलढुङ्गा जिल्ला सुनकोसी गाउँपालिका वडा नं ८ बस्ने खुरहरी अधिकारीलाई ऐ.च्यानम विर्ता गाउँ बस्ने जगन्नाथ अधिकारी, ढलिमाया अधिकारी र विष्णुप्रसाद अधिकारीले हत्या गरी आत्महत्या गरेको भनी झुटो हल्ला फिँजाएको सम्बन्धमा जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिँदा दर्ता नगरी हालसम्म पनि कुनै कार्यबाही नगरेकाले न्यायका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा सो घटनाका सम्बन्धमा जिल्ला प्रहरी कार्यालयबाट अनुसन्धानका सम्पूर्ण प्रक्रिया पूरा भएकोमा सो सम्पूर्ण प्रक्रियाहरूबाट र पोस्टमार्टम रिर्पोटबाट समेत आत्महत्या भन्ने देखिएको हुँदा कर्तव्यज्यान मुद्दामा थप कार्यबाही गर्न नसकिने देखिएको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१९३. सम्पत्ति कब्जा, विस्थापित, प्रदेश नं १ शाखा कार्यालय खोटाङ-खोटाङ जिल्ला खार्पा गाविस वडा नं ५ बस्ने कपिल पोखरेलको घरजग्गा नेकपा (माओवादी)-ले २०५९ सालमा कब्जा गरी विस्थापित बनाएको हुँदा घरजग्गा फिर्ता गराई भोगचलन गर्ने वातावरण मिलाई पाऊँ भनी दर्ता भएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा हाल घरजग्गा फिर्ता भई निर्वाध भोगचलन गरिरहेको भनी उजुरीकर्ताले जानकारी गराएको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१९४. सम्पत्ति कब्जा, प्रदेश नं १ शाखा कार्यालय खोटाङ, खोटाङ जिल्लाको दुर्गम क्षेत्रमा टेलिफोन सेवा उपलब्ध गराउने उद्देश्यले २०६१ सालदेखि एस.टि.एम कम्पनीले सेवा उपलब्ध गराउँदै आएकोमा सशस्त्र द्वन्द्वका कारण अधिकांश टेलिफोनहरू केही विद्रोही पक्षबाट र केही सरकारी पक्षबाट उठाई लगेको हुँदा फिर्ताका लागि गरिएको अपिलका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा हाल उक्त एसटिएम कम्पनी सञ्चालनमा नरहेको, आफ्ना सामानहरूका बारेमा कम्पनीका तर्फबाट कुनै चासो नरहेको र उजुरकर्तामध्येका तत्कालीन एसटिएम उपभोक्ता समिति खोटाङका तत्कालीन सचिव कोमल ढकालले उजुरी टुङ्ग्याइदिन अनुरोधसमेत गरेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१९५. जग्गा कब्जा, प्रदेश नं १ शाखा कार्यालय खोटाङ, खोटाङ जिल्ला खार्पा गाविस वडा नं ९ बस्ने पहलमान मगरको अन्दाजी १५ रोपनी जग्गा नेकपा (माओवादी)ले २०६२।०५।१२ गतेदेखि कब्जा गरेकाले फुकुवा गराई भोगचलन गर्ने वातावरण मिलाई पाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा हाल उक्त जग्गा फुकुवा भई जग्गाधनीहरूले नै निर्वाध भोगचलन गरिरहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१९६. अपहरण, प्रदेश नं १ शाखा कार्यालय, खोटाङ, ओखलढुङ्गा जिल्ला च्यानम गाविस वडा नं ५ बस्ने केशवप्रसाद अधिकारीलाई मिति २०६२।०७।२४ गते श्री शान्तिमाला प्रावि खाल्टेडाँडामा कक्षा सञ्चालन गरिरहेको अवस्थामा विद्यालय हाताभित्रबाटै नेकपा (माओवादी)-ले अपहरण गरी लगेको र हालसम्म पनि अवस्था अज्ञात रहेकाले स्थिति सार्वजनिक गरी जीवनरक्षाका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा अपहरित शिक्षक केशवप्रसाद अधिकारी अपहरणमुक्त भई शिक्षण पेसाबाट अवकाश पाई हाल मोरङ जिल्लामा सपरिवार बसोबास गरेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१९७. अपहरण, प्रदेश नं १, शाखा कार्यालय खोटाङ- सोलुखुम्बु जिल्ला नेले गाविस वडा नं ३ बस्ने दापुटी शेर्पालाई नेकपा (माओवादी)-का कार्यकर्ताहरूले मिति २०६३।०७।०८ गते अपहरण

गरेकाले रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा अपहरण भएको १४/१५ दिनपछि नै निज अपहरणमुक्त भएको, तत्पश्चात् वैदेशिक रोजगारीको सिलसिलामा निज लामो समय इजराइलमा समेत रहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१९८. विस्थापित, प्रदेश नं १ शाखा कार्यालय खोटाङ, खोटाङ जिल्ला कुभिण्डे-४ बस्ने सोमप्रसाद पोखरेललाई मिति २०५९ असार २९ गते नेकपा (माओवादी)-ले धनसम्पत्ति सबै लुटपाट गरी विस्थापित गराएकाले आफ्नो घर ठाउँमा विना डर त्रास, बस्न पुनःस्थापित हुन पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा कब्जा भएको घरजग्गा सबै २०६४ सालमा फुकुवा भई सबै बिक्री गरी सो ठाँउबाट बसाई समेत सरिसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

१९९. स्वच्छ वातावरणको हक, केन्द्रीय कार्यालय हरिहरभवन, ललितपुर- काठमाडौँ उपत्यकामा विकास निर्माणलगायतका कार्यबाट स्वच्छ वातावरण प्रदूषण भएकाले जनमानसमा गम्भीर स्वास्थ्यसम्बन्धी असर पुगेको र सम्मानित सर्वोच्च अदालतबाट वातावरण सम्बन्धमा भएका आदेशहरूको समेत सम्बन्धित निकायले पालना नगरेका कारण वातावरण प्रदूषणमा वृद्धि भएको हुँदा छानबिन तथा आवश्यक पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरी सम्बन्धमा आयोगबाट अनुगमन तथा अनुसन्धान हुँदा काठमाडौँ उपत्यकाभित्र विकास निर्माणसम्बन्धी विभिन्न परियोजनाहरूको कार्यान्वयनका क्रममा निस्कने धुलोका कारण, सवारी साधनहरूबाट फ्याँकिने धुवाँ तथा धुलोका कारण, विभिन्न कल कारखानाहरू तथा अस्पतालबाट सृजित तथा निस्काशित रसायनयुक्त फोहोरमैलाका कारण, उपत्यकाभित्र सञ्चालित इँटाभट्टाबाट निस्कासित धुवाँ धुलोका कारण, उपत्यकाको फोहोर सङ्कलन कार्य नियमित र व्यवस्थित नहुँदा सोबाट निस्किएको फोहोरजन्य पदार्थहरूका कारण, उपत्यकाभित्रबाट सङ्कलित फोहोरको व्यवस्थित र वैज्ञानिक विर्सजन र स्थायी विर्सजन स्थलको अभावका कारण सोबाट निस्किएको लिचर्डलगायतका फोहोरहरूबाट, ढल तथा खाने पानीको सुरक्षित र व्यवस्थित निकास तथा वितरण नभएका कारण सोबाट सृजित फाहोरहरूबाट, निजी निर्माण गर्दा निर्माण सामग्रीहरू सार्वजनिक स्थल तथा सार्वजनिक सडकपेटीमा थुपारिएका कारण सोबाट सृजित फोहोर तथा धुलोबाट उपत्यकाको वातावरण दूषित हुन गई मानव स्वास्थ्यमा गम्भीर असर परी उपत्यकाबासीहरूको स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हक हनन हुनुको साथै मानव अधिकार उपभोगमा गम्भीर असर पर्न गएको पाइएकाले देहायबमोजिम गर्न-गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो :

१. **विकास निर्माणका कार्य सम्बन्धमा**

(क) विकास निर्माणसम्बन्धी आयोजना सम्पन्न गर्नुअघि पूर्णरूपमा आयोजनाको विश्लेषण गरी विकासमा मानव अधिकारमुखी पद्धति अवलम्बन गरी

आयोजनाको थालनी र कार्य सम्पन्न हुने समयसम्मको तालिका बनाई त्यसलाई पूर्ण पालना भएनभएको सम्बन्धमा सम्बन्धित निकायहरूले नियमित स्थलगत अनुगमन गर्न ।

(ख) विकास निर्माणसम्बन्धी आयोजनाको सम्झौता गर्दा उक्त सम्झौता गर्ने ठेकेदार हरूलाई निर्माणाधीन कार्य क्षेत्रबाट निष्कासित भएको प्रदूषण नियन्त्रणसम्बन्धी कानुनी प्रावधनहरूको अवलम्बन गरी समयसीमाभित्र कार्य सम्पन्न गर्नेलगायतका मानव अधिकारमैत्री वातावरणको पूर्णपालना गराउन र सोको नियमित रूपमा अनुगमन गर्न । सोसम्बन्धी कानुनको पूर्णरूपमा परिपालन गर्ने व्यवस्था मिलाउन ।

(ग) विकास निर्माणका कार्यलाई एकीकृत रूपमा सञ्चालन गर्न एकीकृत विकास प्रणालीको व्यवस्था गरी व्यवस्था मिलाउन ।

(घ) विकास निर्माणको कार्य सुरुआत गर्नुअघि सम्बन्धित स्थानीय बासिन्दा र सम्बन्धित कार्यबाट प्रभावित हुने सरोकारवाला निकायहरूको बिचमा अधिकतम समन्वय गर्न ।

२. **सवारी साधन व्यवस्थापन, मापदण्ड र कानुनको कार्यान्वयन सम्बन्धमा**

(क) नेपाल सरकारले लागु गरेको मापदण्ड सबै सरोकारवालाहरूका लागि बाध्यात्मक भएकाले सोको पालना भए-नभएकोतर्फ सम्बन्धित अनुगमनकारी निकायहरूबाट प्रभावकारी अनुगमन गरी कानुनबमोजिम कार्यबाही गर्न-गराउन।

(ख) नेपाल सवारी प्रदूषण मापदण्ड २०६९, वायुप्रदूषण गुणस्तर नियन्त्रण मापदण्ड २०६९ र सवारी तथा यातायात व्यवस्थापन ऐन २०४९ बमोजिम अनुगमन गर्दा प्रदूषण मापदण्ड पूरा नगरेका सवारी साधनलाई तत्काल जरिवाना गर्ने कानुनको अभाव रहेकाले सोसम्बन्धी कानुनको निर्माण गरी लागु गर्न ।

(ग) सार्वजनिक, निजी र सरकारी सवारी साधनहरूको काठमाडौँ उपत्यकाभित्र प्रवेश गर्ने चेक पोस्टहरूमा प्रदूषण मापदण्ड जाँचको व्यवस्था गर्न र हरियो स्टीकरको व्यवस्थालाई उपत्यकाभरी बिस्तार गरी सोको प्रभावकारी रूपमा लागु गराई अनुगमन गरी कार्यान्वयन गर्न ।

(घ) काठमाडौँ उपत्यकामा सञ्चालनमा रहेको दुईपाङ्ग्रे सवारी साधनहरूको समेत प्रदूषणको नियमित जाँचको व्यवस्था गर्न ।

(ङ) वायुप्रदूषण न्यूनीकरणका लागि तीन वटा स्थानमा सवारी यातायात धुवाँ प्रदूषण परीक्षण केन्द्र रहेको, दैनिक २५० भन्दा बढी सरदर रूपमा गाडीहरू तोकिएको प्रदूषण चेकजाँच गराउन आउने गरेको र उक्त चेकजाँच गर्ने स्थल साँगुरो र जाने बाटो धुलो भएको जसका कारण सर्वसाधारण र कर्मचारीकै स्वास्थ्यमा असर पुग्ने गरेको पाइएको हुँदा चेकजाँच स्थलको आवश्यक सङ्ख्यामा वृद्धि गरी

वातावरण विभाग, ट्राफिक महाशाखा र यातायात व्यवस्था विभागबिच समन्वय गरी प्रभावकारी रूपमा चेक जाँचको कार्य गर्न-गराउन ।

(च) सवारी साधनहरूबाट निष्कासित धुवाँहरूबाट, प्लास्टिकजन्य फोहोर बालेपछि निस्कने धुवाँबाट, इँटाभट्टाबाट निस्कने धुवाँबाट कार्वनडाई अक्साइड र Black Carbon धेरै मात्रामा उत्सर्जन हुने पाइएको छ । यस्तो कार्वनडाई अक्साइड र Black Carbon मानव स्वास्थ्यका लागि गम्भीर प्रकृतिको दीर्घकालीन नकारात्मक असर पर्न जाने भन्ने पाइएको हुँदा यस्तो कार्वन डाईअक्साईड र द्यबिअप ऋबचदयल उत्सर्जन नियन्त्रण र रोकथाम गर्नेतर्फ आश्यक प्रविधि प्रयोगमा ल्याई कार्यान्वयन गर्न-गराउन ।

३. **प्रारम्भिक वातारणीय परीक्षण र वातावरणीय प्रभाव मूल्यात्तन सम्बन्धमा**

(क) कुनै पनि विकास निर्माण, उद्योग तथा कलकारखाना-लगायतका भौतिक संरचना निर्माण र कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने नकारात्मक प्रभावलाई कसरी न्यूनीकरण गर्ने र अन्य वैकल्पिक उपायहरू के के हुन सक्छन् ? भनी विश्लेषण गर्नका लागि प्रारम्भिक वातारणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) महŒवपूर्ण प्रक्रिया भए पनि IEE / EIA गर्दा प्रभावकारी रूपमा नगरेको पाइएको हुँदा प्रभावकारी रूपमा गर्न-गराउन सम्बन्धित निकायलाई निर्देशन दिई कार्यान्वयन गर्न-गराउन ।

४. **फोहोरमैला सत्तलन र व्यवस्थापन सम्बन्धमा**

(क) फोहोरमैला व्यवस्थित गर्दा कुहिने र नकुहिने फोहोरलाई स्रोतमै वर्गीकरण गरी बेग्लाबेग्लै फोहोरमैला व्यवस्थापन स्थल (ल्याडफिल्ड साइट) मा विसर्जन गर्ने व्यवस्था गर्न ।

(ख) फोहोरमैलाहरू सङ्कलन गर्ने समय-तालिका निर्धारण गरी प्रत्येक गाउँ, टोल वा स्थानमा वितरण गर्ने र सो समय-तालिकाबमोजिम सङ्कलन गरी तत्कालै विसर्जन गर्ने व्यवस्था मिलाउन ।

(ग) फोहोरमैला सङ्कलन गर्ने व्यक्तिहरूले सडक सफा गर्दा निस्कने फोहोरका साथै अनाधिकृत रूपमा भित्ता र बिजुलीको पोलमा टाँसिएको विज्ञापन, पोस्टर, पम्पलेटहरूसमेत सङ्कलन गरी विसर्जन गर्न ।

(घ) फोहोरमैला नियमित रूपमा सङ्कलन नगरी सडकमा छाड्नाले त्यस्ता फोहोरलाई विसर्जन गर्ने क्रममा स्थानीय व्यक्तिहरूले खुला स्थानमा आगो लगाउने कार्य भइरहेको हुँदा उक्त कार्यले कार्वन उत्सर्जन भई वायुप्रदूषण हुने हुँदा तत्कालै फोहोरमैला सफा र सङ्कलन गर्ने र फोहोरलाई आगो लगाई डढाउने कार्य तत्काल रोक लगाउने व्यवस्था गर्न ।

५. **फोहोरमैला विसर्जनस्थल (ल्यान्डफिल्ड साइट) सम्बन्धमा**

(क) ल्यान्डफिल्ड साइट, ओखरपौवामा फोहोर विसर्जनको थुप्रोबाट निस्कने लिचर्डलाई व्यवस्थापन नगरी खोलामा मिसाएको देखिएकाले उक्त विषाक्त तथा रसायनयुक्त लिचर्डबाट मानव र अन्य प्राणी जगत्‌समेतको स्वास्थ्यलाई प्रतिकूल असर पर्ने हुदा उक्त लिचर्डलाई ट्रिटमेन्ट प्लान्टको प्रयोग गरी पानीलाई शुद्ध गरी खोलामा मिसाउने व्यवस्था गर्न ।

(ख) हाल सञ्चालनमा रहेको ल्यान्डफिल्ड साइट, ओखरपौवाबाट प्रत्यक्ष प्रभावित स्थानीय बासिन्दाहरूलाई सो स्थानबाट तत्काल स्थानान्तरण गरी समय सापेक्ष मुआञ्जा उपलब्ध गराउन ।

(ग) अव्यवस्थित र खुला ल्यान्डफिल्ड साइट सञ्चालन गरेका कारणले ल्यान्डफिल्ड साइट, ओखरपौवा वरिपरि रहेका बासिन्दाहरूको स्वास्थ्यमा दिनानुदिन नकारात्मक असर परिरहेको पाइएकाले निजहरूको निःशुल्क स्वास्थ्य परीक्षण गर्नुका साथै फोहोरमैला सङ्कलन गर्ने मजदुरहरूको नियमित स्वास्थ्य जाँच गरी निरोधात्मक उपायहरूको व्यवस्था गर्न ।

(घ) उक्त ल्यान्डफिल्ड जाने सडकहरूमा फोहोर ढुवानी गर्ने गाडीहरूका कारण सडक छिटो छिटो भत्किने, भत्किएका सडकहरू समयमा मर्मत नहुने र गाडी कुदाउदा धेरै धुलो उड्ने गर्दा बालाजुदेखि ओखरपौवासम्मको सडक बाटो नियमित मर्मत गर्न र धुलो उड्न नदिने उपायहरू अपनाउने व्यवस्था गर्न ।

(ङ) फोहोरमैला व्यवस्थापन गर्ने ल्यान्डफिल्ड साइटको वैज्ञानिक तथा स्थायी व्यवस्था नभएकाले समय समयमा काठमाडौँ उपत्यकामा फोहोर सङ्कलन भई घर र सडकमा फोहोर थुपारिनाले फोहोरबाट निष्कासन हुने विषाक्त ग्याँसले वायुप्रदूषण भई मानव स्वास्थ्यमा असर पर्ने हुँदा तत्काल ल्यान्डफिल्ड साइटको स्थायी र वैज्ञानिक रूपमा व्यवस्थापन गर्न ।

६. **रसायनयुक्त सङ्क्रमित र साधारण फोहोरमैला व्यवस्थापन सम्बन्धमा**

(क) उद्योग, कलकारखाना तथा अस्पतालबाट निष्कासित फोहोरमैलाहरू रसायनयुक्त र विषाक्त किसिमको हुने भएकाले त्यस्ता फोहोर मैलाहरू सावधानीपूर्वक विसर्जन गर्नुपर्ने हुँदा कानुनले नै यस्तो रसायनयुक्त र विषाक्त किसिमको फोहोरमैलाहरू उत्पादन गर्ने संस्था/निकायले आफैले नै व्यवस्थापन गर्नुपर्ने भन्ने व्यवस्था गरेको सन्दर्भमा उक्त कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन भएनभएको सम्बन्धमा नियमित रूपमा अनुगमन गरी कार्यान्वयन गर्न ।

७. **ईँटाभट्टा उद्योग सम्बन्धमा**

(क) काठमाडौँ उपत्यकाभित्र विभिन्न स्थानमा जथाभावी ईँटाभट्टा उद्योगहरू सञ्चालनमा रहेको जसबाट अत्यधिक धुलो धुवाँहरू निष्कासित हुने गरेको,

उक्त धुलो धुवाँहरूबाट वायुप्रदूषण भई मानव स्वास्थ्यमा गम्भीर असर परेको, वातावरण स्वच्छ राख्ने सम्बन्धमा कुनै पनि उपायहरू अवलम्बन नगरेको पाइएकाले इँट्टाभट्टा उद्योगलाई वातावरणमैत्री बनाउन, वैज्ञानिकीकरण गर्न र प्रदूषण न्यूनीकरण गर्न अवलम्बन गर्नुपर्ने सम्पूर्ण उपायहरूको अवलम्बन गर्न लगाई सोको प्रभावकारी कार्यान्वयन गर्न-गराउन ।

(ख) उद्योगको वरिपरि रहेका बासिन्दाहरूको स्वास्थ्यमा परेको असर र समग्र वातावरण समेत प्रदूषण भएको विषयलाई मध्यनजर गरी तत्कालै वातावरणमैत्री हुने उपकरणको जडान सबै इँट्टाभट्टा उद्योगमा गर्न लगाई त्यसको नियमित अनुगमन गर्न ।

(ग) इँटाभट्टा उद्योगमा काम गर्ने व्यक्ति र बालबालिकाहरू समेतलाई प्रत्यक्ष रूपमा स्वास्थ्यमा असर परेको देखिँदा नियमित स्वास्थ्य परीक्षण गराउने व्यवस्था गर्न ।

**८. वायुप्रदूषण मापनयन्त्रको बिस्तार र विश्लेषण सम्बन्धमा**

(क) वातावरण विभागबाट काठमाडौँ उपत्यकामा केही स्थानमा मात्र वायुप्रदूषण मापनयन्त्र जडान गरी अनलाइनमा सूचनाको अधिकारस्वरूप राखी कार्यान्वयन गरिरहेको पाइए तापनि यस प्रविधिलाई अझ बिस्तार गरी उपत्यकाको प्रमुख नाकाहरूमा राख्न लगाउन र त्यसको अनुगमन र तथ्याङ्कहरूको विश्लेषण नियमित गर्न-गराउन ।

(ख) वायुप्रदूषणको तथ्याङ्क नियमित सङ्कलन गरी सार्वजनिक गर्न, तथ्याङ्कअनुसार वायुप्रदूषण न्यूनीकरण गर्नुपर्ने दायित्व भएका निकायहरूलाई जानकारी दिन र सम्बन्धित कार्यालयले सोका लागि गर्नपर्ने सम्पूर्ण उपायहरूको पहिचान गरी न्यूनीकरणको उपायहरू तत्काल लागु गर्न वातावरण विभागलाई निर्देशन गर्न ।

**९. सडकपेटी सफाइ र हरियाली व्यवस्थापन सम्बन्धमा**

(क) वायुप्रदूषण वृद्धि गर्न मद्दत पुग्ने कारणहरूमध्ये सडकपेटीको फोहोर व्यवस्थापन नहुनु र सडक छेउको बोटविरुवाको मर्मतसम्भार उचित किसिमले नहुनु पनि रहेको पाइएकाले सडक र पेटीलाई बिहान ६ बजेसम्म सफा गरी सक्न, सो स्थानबाट सङ्कलित फोहर तत्काल विसर्जन गर्ने व्यवस्था गर्न र सडकछेउमा बोटविरुवा रोप्न र सोको संरक्षणको कार्ययोजना बनाई लागुगर्न ।

**१०. नियमित अनुगमन र जनचेतना र क्षतिपूर्ति सम्बन्धमा**

(क) वातावरण विभाग अन्तरगत अनुगमन गर्ने संयन्त्र र कर्मचारीको अनुगमन कार्य प्रभावकारी नदेखिएकाले विद्यमान ऐन कानुन र नेपाल सरकारको नीति अनुरूप नियमितरूपमा प्रभावकारी अनुगमन गरी आवश्यक निर्देशन सुझाव तथा कार्यबाही संयन्त्रको निर्माण गर्न ।

(ख) कुनै पनि विकास निर्माणको अवधिमा आयोजनाको कामहरूको प्रगति कानुनबमोजिम भएको छ छैन भन्ने नियमित अनुगमन गर्ने र सोको अभिलेख राख्ने व्यवस्था गर्न ।

(ग) विकास निर्माणको आयोजनाको कार्यान्वयन सम्बन्धमा आयोजना स्थलका स्थानीय बासिन्दाहरू र स्थानीय सरकारका जनप्रतिनिधिहरूसहितलाई राखी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न-गराउन ।

(घ) वायुप्रदूषणका कारणले असर परेका पीडितहरूलाई तत्काल निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउन र त्यस्ता पीडितहरूलाई नेपालको संविधानको धारा ३०(२) बमोजिम क्षति बापत प्रदुषकबाट क्षतिपूर्ति उपलब्ध गराउन तत्काल आवश्यक कानुनको निर्माण गर्न ।

२००. बलात्कारपछि हत्या, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी- कञ्चनपुर जिल्ला भीमदत्त नगरपालिका वडा नं. २ उल्टाखामकी १३ वर्षीया बालिका निर्मला पन्त मिति २०७५/०४/१० गते हराएकी र सोको भोलिपल्ट २०७५/४/११ गते कञ्चनपुर जिल्लाको भीमदत्त नगरपालिका वडा नं. १८ स्थित उखुबारीमा लास फेला परेपछि बलात्कारपछि हत्या भएको भनीएको घटनाको सम्बन्धमा अनुसन्धान भई प्राप्त भएको अनुसन्धान प्रतिवेदनलगायतको मिसिल संलग्न कागजातहरूको अध्ययन तथा छलफल गरियो । सो सम्बन्धमा अझै पनि आयोगको अनुसन्धान पूर्ण भएको नपाएकाले विशेषज्ञ टोलीसहित थप अनुसन्धान गरी निचोडमा पुग्न आवश्यक देखिएकाले देहायबमोजिम हुने गरी विशेषज्ञहरूसहितको एक टोली गठन गरी थप अनुसन्धान गरी टोलीको प्रतिवेदन आएपछि प्रतिवेदनसहित पुनः पेस गर्ने निर्णय गरियो ।

(क) विशेषज्ञ टोली

१. श्री नरेन्द्रप्रसाद पाठक (पूर्व नायब महान्यायाधिवक्ता) – संयोजक

२. श्री डा. हरिहर वस्ती (प्राध्यापक फरेन्सी मेडिसेन विभाग त्रिवि महाराजगन्ज क्याम्पस) – सदस्य

३. श्री विज्ञानराज शर्मा (पूर्व अतिरिक्त प्रहरी महानिरीक्षक) – सदस्य

४. श्री दिनेश झा (प्रमुख वैज्ञानीक अधिकृत, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमलटार) – सदस्य

५. श्री झंकरबहादुर रावल (उपनिर्देशक, रामाअआ) प्रदेश नं ७ कार्यालय, धनगढी) – सदस्य सचिव

(ख) विशेषज्ञ टोलीका संयोजक तथा सदस्यहरूलाई कार्यक्षेत्र खटाउँदा बढीमा ७ दिनका लागि मात्र खटाउने ।

(ग) कार्य क्षेत्रमा जाँदाआउँदा लाग्ने यातायात खर्च र कार्य क्षेत्रमा रहँदा खाना र बासबापतको खर्च आयोगले ब्यहोर्ने ।

(घ) विशेषज्ञ टोलीका संयोजक तथा सदस्यहरू (आयोगका कर्मचारीहरूवाहेक) लाई एकमुष्ट करसहित प्रतिव्यक्ति रु.४८,०००/- (अठ्चालिस हजार मात्र) उपलब्ध गराउने ।

(ङ) अन्य कार्य ToR तथा करारबमोजिम हुने ।

२०१. प्रहरीद्वारा हत्या, प्रदेश नं. ३ कार्यालय सानेपा, ललितपुर मिति २०७५/४/२० गते सिन्धुपाल्चोक जिल्ला मेलम्ची -९ घर भई हाल कामनपा- ३२ काँडाघारीमा होटल सञ्चालन गरी बस्ने चमेली खड्काको छोरा (११ वर्षको) निशान खड्काको अपहरणको आरोपमा नुवाकोट जिल्ला मियाङगाङ घर भई हाल भक्तपुर जिल्ला ठिमी नपा ७ डेरा बस्ने अजय तामाङ र सिन्धुपाल्चोक जिल्ला वानपा कर्थली स्थायी घर भई हाल भक्तपुर जिल्ला ठिमी नपा ७ डेरा गरी बस्ने गोपाल तामाङलाई निजहरूकै डेराबाट नियन्त्रणमा लिई भक्तपुर जिल्लाको सूर्यबिनाइकस्थित जङ्गलमा प्रहरीले गोली हानी हत्या गरेकाले घटनाको निष्पक्ष छानबिन गरी न्याय दिलाई पाऊँ भनी दर्ता भएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान भई पेस हुन आएको अनुसन्धान प्रतिवेदन अध्ययन गरी छलफल गरियो । हालसम्म भएको अनुसन्धान पूर्ण नभएको पाइयो । सो सम्बन्धमा अनुसन्धान प्रतिवेदनमा नै उल्लेख भएअनुसार थप अनुसन्धान गर्नुपर्ने हकमा छिटोभन्दा छिटो अनुसन्धान सम्पन्न गर्ने, अनुसन्धानका लागि विशेषज्ञहरूको आवश्यक भएमा प्रक्रियाबमोजिम विशेषज्ञहरूसमेत राखी अनुसन्धान गरी टुङ्ग्याई प्रतिवेदनसहित पुनः पेस गर्ने निर्णय गरियो ।

२०२. हिड्डुलको अधिकार प्रदेश नं.३ कार्यालय, सानेपा ललितपुर, काभ्रेपलान्चोक जिल्ला पनौती रोड निवासी लेनिन विष्टलाई थाइल्यान्डको बैकंकमा आयोजना हुन लागेको Youth in conflict Areas: Healing and peace building through Social Engagement विषयक कार्यक्रममा भाग लिन भनी मिति २०७५/५/८ गते रितपूर्वक प्रवेशाज्ञा र टिकट लिई जाने क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा प्रवेश गरिसकेको अवस्थामा पुनः फिर्ता बोलाई यात्रा अनुमति रद्दको छाप लगाई यात्रा गर्नबाट वञ्चिन गराएको र व्यक्तिगत सुरक्षामा समेत सरकारबाट गम्भीर खतरा भएकाले स्वतन्त्रतापूर्वक आवतजावत गर्ने अधिकारको रक्षा गरी शान्ति सुरक्षाको बन्दोबस्त गरी पाउन भनी दर्ता भएका उजुरीउपर अनुसन्धान हुँदा बैङ्कंकमा सन् २५-२९ अगस्ट २०१८ मा हुने youth in conflict Areas: Healing and peace building through Social Engagement विषयक कार्यक्रममा सहभागी हुन निज पीडित लेनिन विष्टलाई रोक लगाएको पाइयो तर हाल उक्त कार्यक्रम सम्पन्न भइसकेको र शान्ति सुरक्षाको मागतर्फ विचार गर्दा निजलाई शान्ति सुरक्षा उपलब्ध गराउन प्रहरी प्रधान कार्यालयलाई पत्राचार गरी प्रहरी प्रधान कार्यालयबाट मातहत निकायमा निजको सुरक्षा व्यवस्थाका लागि पत्राचार भएको पाइयो । साथै, वर्तमान अवस्थामा निजको शान्ति सुरक्षाको अवस्था सामान्यसमेत रहेको पाइँदा प्रस्तुत उजुरीउपर केही गर्नु परेन । अतः भविष्यमा राज्यको सुरक्षा, सार्वभौमसत्ता र आम जनस्वास्थ्यजस्ता विषयममा खलल पुग्ने नभएको अवस्थामा कुनै पनि नागरिकको आवतजावतको स्वतन्त्रतालाई सम्मान गर्न र आवतजावतमा बाधा पुग्ने कुनै पनि कार्य नगर्न-

नगराउन नेपाल सरकारलाई लेखी पठाउने निर्णय गरियो ।

२०३. हिरासतमा मुत्यु भएको भनिएको घटना, प्रदेश नं. ५ शाखा कार्यालय, नेपालगन्ज- बाँके जिल्ला जानकी गाउँपालिका वडा नं. ६ बस्ने राममनोहर यादवलाई मिति २०७५/५/७ गते कालो झन्डा देखाएको विषयमा प्रहरीले बर्दियाबाट पक्राउ गरी हिरासतमा राखेको र सोही अवस्थामा निज बिरामी परी जिल्ला अस्पताल बर्दिया, भेरी अञ्चल अस्पताल, नेपालगन्ज शिक्षण अस्पतालमा समेत उपचार गराएकोमा ठिक नभएपछि काठमाडौँस्थित त्रिवि शिक्षण अस्पताल ल्याई उपचार गराइरहेको अवस्थामा मिति २०७५/५/१६ गते मुत्यु भएको घटनाको सम्बन्धमा अनुसन्धान भई पेस भएको अनुसन्धान प्रतिवेदन तथा अन्य कागजातहरूको अध्ययन तथा छलफल हुँदा निजको पोस्ट मार्टम प्रतिवेदनमा मृत्युका कारण Undetermined (खुल्न नआएको) भनी उल्लेख भएको पाइयो । शव परीक्षण प्रतिवेदनबाट मृत्युका कारण नखुलेकोमा भिसेरा परीक्षणलगायतका अन्य परीक्षणको माध्यमबाट मृत्युका कारण पत्ता लगाउन सकिने हुँदा निज राममनोहर यादवको मृत्युका कारण पत्ता लगाउने सम्बन्धमा भिसेरा परीक्षणलगायत अन्य परीक्षणहरू भएनभएको सम्बन्धमा त्रिभुवन विश्वविद्यालय, फरेन्सिक मेडिसिन विभाग महाराजगन्जमा पत्राचार गरी जवाफ आएपछि वा पत्रको म्याद नाघेपछि पुनः पेस गर्ने निर्णय गरियो ।

२०४. कुटपिट/दुर्व्यवहार, प्रदेश नं ५, शाखा कार्यालय नेपालगन्ज, नेपाल कृषि अनुसन्धान परिषद् काठमाडौँमा दरबन्दी भई कोसेवाली अनुसन्धान विकास कार्यक्रम खजुरामा काजमा रहेका प्राविधिक अधिकृत वीरेन्द्रकुमार यादवलाई मिति २०७३/३/३१ गते दिउँसो अन्दाजी १.३० बजेको समयमा कोसेबाली अनुसन्धान कार्यक्रम कार्यालयनजिकै अख्तियार दुरूपयोग अनुसन्धान आयोग क्षेत्रीय कार्यालय सुर्खेतको सम्पर्क कार्यालय कोहलपुरबाट खटेको टोलीले कब्जामा लिई जथाभावी कुटपिट र गालीगलौज गरी यातना दिई अपमानजनक व्यवहार गरेकाले मानव अधिकारको संरक्षण र संवर्द्धन गरिपाऊँ भनी दर्ता हुन आएको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा कुटपिट गरी यातना दिएको भन्ने दाबी पुष्टि गर्ने आधार प्रमाण नदेखिँदा हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने ।

२०५. कुटपिट/दुर्व्यवहार, प्रदेश नं ५, शाखा कार्यालय नेपालगन्ज, नापी कार्यालय २ नं. नापी टोली नेपालगन्जमा सर्वेक्षक पदमा कार्यरत नेपालगन्ज उमनपा १२ बस्ने जीवछ यादवलाई मिति २०७२/१०/३ गते साँझ अन्दाजी ४.०० बजेको समयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको टोलीले कुटपिट गरी यातना दिएकाले अनुसन्धान गरी मानव अधिकारको संरक्षण गरी मानव अधिकार उल्लङ्घन गर्नेहरूमाथि आवश्यक कार्यबाही गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा पीडित जीवछ यादवले बाँके जिल्ला अदालतमार्फत घरजाँच केस फारम गरिपाऊँ भनी निवेदन दिएको र सो निवेदनउपर बाँके जिल्ला अदालतबाट आदेशसमेत भएको पाएकाले सो घटनामा सम्बन्धमा बाँके जिल्ला अदालत वा अन्य कुनै अड्डा अदालतमा कुटपिट वा अन्य कुनै मुद्दा चले-नचलेको सम्बन्धमा उजुरवाला जीवछ

यादवलाई बुझी पुनः पेस गर्ने निर्णय गरियो ।

२०६. बेपत्ता, कर्णाली प्रदेश शाखा कार्यालय जुम्ला, जुम्ला जिल्ला मालिका ठाटा -२ घर भएका कालीबहादुर बस्नेत २०५८ सालदेखि नेकपा (माओवादी) पार्टीमा लागि भूमिगत भएको हालसम्म कुनै पनि सर्म्पकमा नरही बेपत्ता भएकाले बेपत्ता पार्नेमा संलग्न दोषीलाई कार्यबाही गरी स्थिति पत्ता लगाई क्षतिपूर्ति उपलब्ध गराई पाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज कालीबहादुर बस्नेत हाल आफ्नो घरमा फर्की आइसकेको निजका परिवारले बेपत्ता भएबापतको रकमसमेत बुझिसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२०७. बेपत्ता, कर्णाली प्रदेश शाखा कार्यालय जुम्ला, बर्दिया जिल्ला न्यौलापुर गाविस वडा नं. ९ घर भई जिल्ला प्रहरी कार्यालय कालीकोटमा प्रहरी जवान पदमा कार्यरत टेकबहादुर थापालाई मिति २०६९/०२/०२ मा जिल्ला प्रहरी कार्यालय कालिकोटबाटै बेपत्ता बनाएकाले खोजतलास गरी स्थिति सार्वजनिक गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज टेकबहादुर थापा प्रहरीको जागिर छाडी केही समय भारत बसेको र हाल बाँके जिल्लाको कोहलपुर स्थित बसपार्कमा "न्यू दैलेखी जुनकिरी" नामक होटल सञ्चालन गरिरहेको पाएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२०८. खोजतलास गरी पाउँ, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, कैलाली जिल्ला धनगढी उपमहानगरपालिका वडा नं. १ बस्ने वर्ष १५ की माहिन दावर (मुस्कान) लाई ऐ.ऐ. बस्ने छिमेकी विकास पार्कीसमेतले अपहरण गरी बेपत्ता बनाएको सम्बन्धमा जिल्ला प्रहरी कार्यालय धनगढीमा उजुरी गर्दा प्रहरीले खोजतलास नगरेको हुँदा खोजतलासका लागि आवश्यक पहल गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा हराएकी भनिएकी माहिन दावरलाई प्रहरीद्वारा खोजतलास गरी निजको अभिभावकलाई जिम्मा लगाइसकिएको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२०९. केन्द्रीय कार्यालय, हरीहरभवन ललितपुर, दोलखा जिल्ला मिर्गे गाविस वडा नं. ८ बस्ने कमला विकलाई निजका श्रीमान् र सासूसमेतले मिति २०६८/०६/२५ गते हत्या गरेकोमा कार्यबाहीका लागि जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए पनि प्रहरीले निष्पक्ष छानबिन नगरेकाले घटनाको सत्यतथ्य छानबिन गरी दोषीमाथि कार्यबाही गरिपाऊँ भन्ने ब्यहोराको आयोगमा दर्ता हुन आएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा प्रहरीबाट भएको अनुसन्धान प्रभावकारी नभएको सम्बन्धमा विश्वास गर्न सकिने आधारहरू नभएको शङ्का गर्नुपर्ने अवस्था नरहेको साथै निज कमला विकमाथि घरेलु हिंसा भएको भन्ने प्रमाणित हुन नसकेको भन्ने आयोगको अनुसन्धान

टोलीको प्रतिवेदनसमेतबाट पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्गयाई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२१०. महिलाहिंसा/घरेलु हिंसा, केन्द्रीय कार्यालय, हरिहरभवन ललितपुर, धरान नपा -१० स्थायी घर भई हाल काठमाडौँ जिल्ला महादेवस्थान गाविस वडा नं.७ बस्ने कुसुम ढकाललाई निजको पति गणेश गौतमलगायत परिवारका सदस्यहरूले अनावश्यक दुःख दिने, मानसिक यातना दिने गरेको र घरमा पटक पटक हिंसासमेत गर्ने गरेकाले आवश्यक शान्ति सुरक्षाको व्यवस्था गरी मानव अधिकार संरक्षण गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा पीडित कुसुम ढकालले काठमाडौँ जिल्ला अदालतमा मुद्दा दायर गरी निजको पक्षमा फैसलासमेत भइसकेको त्यस्तैगरी पीडित कुसुम ढकाल हाल साइप्रस भन्ने देशमा रहेको र निज सोही ठाउँमा रोजगारी गरी बसिरहेको, त्यस्तैगरी कुसुम ढकालको बच्चा निजको माइती घरमा रहेको भन्ने पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्गयाई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२११. घरेलु हिंसा, केन्द्रीय कार्यालय, हरिहरभवन ललितपुर, धरान नपा -१० स्थायी घर भई हाल काठमाडौँ -३३ निवासी लक्ष्मी लिम्बूलाई निजका विवाहित नन्दहरू पवित्रा लिम्बू, दिल शोभाकुमारी लिम्बूसमेत २ जनाले कुटपिट गालीगलौज गर्ने घरको सम्पूर्ण सुविधाबाट समेत वञ्चित गराउने व्यवहार गर्ने र निज लक्ष्मी लिम्बूको बुबालगायत घरपरिवारका सदस्यहरूलाई मार्नेसमेतको धम्की दिने गरेकाले सम्पत्तिको भोगचलनको अधिकारको संरक्षण गरी जिउज्यानको सुरक्षा गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा पीडित लक्ष्मी लिम्बू र निजका नन्दहरूबिच पहिलादेखि नै अंशमुद्दा काठमाडौँ जिल्ला अदालतमा विचाराधीन अवस्थामा रहेको, सोही समयमा झै-झगडा भइरहेको अवस्थामा निजहरूमा बिच अंश मुद्दाको अन्तिम फैसला नआउन्जेलसम्म मिलेर सोही घरमा बस्ने सहमतिसमेत भइसकेको पाइएकाले. हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्गयाई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२१२. घरेलु हिंसा, केन्द्रीय कार्यालय, हरिहरभवन ललितपुर, काठमाडौँ महानगरपालिका वडा नं. ११ घर भएकी पार्वती चन्द भुजेललाई निजको सासू, ससुरालगायत परिवारका सदस्यहरूले अछुतजातको भनी कुटपिट गरी शारीरिक तथा मानसिक यातना दिई घरबाट निकाला गरेपछि पनि टेकबहादुर चन्द (सशस्त्र प्रहरी बल दन्तकाली गण सप्तरीमा कार्यरत) आफैसँग राख्न अनुरोध गर्दा नमानेकाले पतिको घरमा विनाहिंसा बस्न पाउने अधिकारको संरक्षण होस् भनी दर्ता हुन आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निज पीडित पार्वती चन्द भुजेलले पीडक पति तथा सासू, ससुरा उपर जिल्ला अदालतमा अंश माना चामल मुद्दा हाली निज पीडितकै पक्षमा फैसलासमेत भइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्गयाई राष्ट्रिय

मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२१३. महिलाहिंसा, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, कैलाली जिल्ला कोटा तुलसीपुर गाविस वडा नं. १ बस्ने लक्की भन्ने लालबहादुर टमाटासँग म कमला सुनारको मिति २०६९/१०/१५ गते विवाह भएकोमा हाल आएर निजले अर्कै केटीसँग विवाह गरी बसेकाले बहुविवाह जाहेरी दर्ता गर्न जाँदा दर्ता नगरी दिएकाले न्याय दिलाई पाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज पीडितको जाहेरी दर्ता भई अदालतमा मुद्दासमेत चली लक्की भन्ने लालबहादुर टमाटा साधारण तारेखमा छुटेको पाएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२१४. न्यायप्रशासन, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, कञ्चनपुर जिल्ला बेल्डाँडी गाविस ९ निवासी जेष्ठ नागरिक गङ्गादेवी विष्टलाई घरमा छोराहरूले राम्रो हेरचाह व्यवहार  नगरेको यसै सन्दर्भमा मिति २०७१/१२/२२ मा निज गङ्गादेवी घरबाट हराएको मिति २०७१/०२/३० गते कमरी नाला खैरीघाटमा शव फेला परेको र गुपचुप सद्गत गरेको हुँदा छानबिन गरी जेष्ठ नागरिकको बाँच्न पाउने अधिकारको सुनिश्चितताका लागि पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा कसैबाट कर्तव्यद्वारा मारिएको भन्ने नखुलेको भन्ने जिल्ला प्रहरी कार्यालय कञ्चनपुरको जवाफ र उजुरीकर्ताले पनि सो विषय स्वीकार गरेको र किटानी गर्न नसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२१५. न्यायप्रशासन (घरबाट निकाला), सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, कैलाली जिल्ला मालाखेती ढकत्वा घर भएकी जयन्ती टमाटाको मिति २०५८ सालमा गोविन्द टमाटासँग विवाह भई ३ जना सन्तानहरूको जन्म भएको गोविन्द टमाटा कामको सिलसिलामा बाहिर रहेको र निज जयन्ती टमाटा अर्केसँग लागेको भनी गोविन्द टमाटा तथा निजका सासूसमेतले प्रहरीमा उजुरी गरी पटक पटक अनेक इवि दिने गरेको र प्रहरीले पनि पीडकहरूकै साथ दिने गरेकाले मानव अधिकार संरक्षणका लागि पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा हाल पतिको व्यवहारमा परिवर्तन आई सम्बन्धमा सुधार भइरहेको भन्ने पीडित उजुरीकर्ताले आयोगलाई जानकारी गराएको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२१६. घरेलु हिंसा, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, स्व.नारायणदत्त ओझाकी जेठी बुहारी स्व.गणेशदत्त ओझाकी श्रीमती हाल भीमदत्त नपा वडा नं.४ महेन्द्रनगर बजार बस्दै आएकालाई देवर मातृकाप्रसाद ओझा तथा बुहारीसमेतले खानलाउन नदिई घरबाटै निकाला गरेकाले कानुनबमोजिम कार्यबाहीका लागि पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीको

सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा बेनामी प्राप्त उजुरीको सम्बन्धमा गङ्गा ओझा पीडित भएको खुल्न आएको तर निजले आयोगमा यस्तो उजुरी नै नदिएको भनी आयोगलाई लिखित जानकारी दिएको पाइएको हुँदा उजुरी नै बेनामी र झुठो देखिएकाले यसमा थप कार्यबाही गरिरहनु परेन । राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम प्रस्तुत उजुरी खारेज गर्ने निर्णय गरियो ।

२१७. न्यायप्रशासन, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, कञ्चनपुर जिल्ला झलारी नपा ११ बस्ने सारती बोहराको निजको श्रीमान् सुरेश बोहोरा तथा सासू-ससुरासमेत भई मिति २०७२/०३/३० गते हत्या गरी नजिकैको रुखमा लगी झुन्डयाई दिएको अवस्थामा लास फेला परेको, सो घटनामा प्रहरीले पनि पीडकहरूकै साथ दिई अनुसन्धान कार्यमा लापरबाही गरेकाले यथार्थपरक अनुसन्धान गरी न्याय दिलाई पाऊँ भनी दर्ता हुन आएको उजुरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा सो घटनाको सम्बन्धमा जाहेरी दर्ता भई जिल्ला अदालत कञ्चनपुरबाट फैसला भई अदालतमा मुद्दासमेत चलिसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२१८. न्यायप्रशासन, (बलात्कार) सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, कञ्चनपुर जिल्ला भीमदत्त नगरपालिका वडा नं. १२ बस्ने वसन्त रावलले आफ्नो घरमा काम गर्न राखेको १२ वर्षीया हिरा विष्टलाई यौनशोषण गरी गर्भवतीसमेत गराएको । सो सम्बन्धमा प्रहरीमा जाहेरी दिँदा जाहेरी लिन अस्वीकार गरेकाले न्यायप्राप्तिका लागि पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा सो घटनाका सम्बन्धमा जाहेरी दर्ता भई अदालतमा मुद्दासमेत चलिसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२१९. न्यायप्रशासन, (जाहेरी दर्ता नगरेको), सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, कञ्चनपुर जिल्ला दैजी गाविस वडा नं. ८ बस्ने लक्ष्मी बोहरालाई मिति २०६५/०२/२४ गते निजका श्रीमान् टेकराज बोहरा र सासूसमेत भई कुटपिट गरी सल्फाससमेत खुवाई हत्या गर्ने प्रयास गरेको र तत्कालै महाकाली अञ्चल अस्पताल पुऱ्याइएकोमा उपचारको क्रममा मृत्यु भएको विषयमा जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता भएको तर निष्पक्ष अनुसन्धान नभएकाले निष्पक्ष अनुसन्धानका लागि पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा जिल्ला प्रहरी कार्यालय कञ्चनपुरमा जाहेरी दर्ता भई मुद्दासमेत चलेको र पीडक भनिएका टेकबहादुर बोहरा धरौटीमा रिहा भएको, त्यस्तै पीडक भनिएका टेकबहादुर बोहराको पनि सर्पले टोकी घरमा नै मृत्यु भइसकेको । छोराछोरीहरू अंश लिई छुट्टै बस्ने गरेको, पीडक भनीएका व्यक्तिको नै मृत्यु भइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरकिो कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२२०. न्यायप्रशासन, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, कञ्चनपुर जिल्ला बेदकोट नगरपालिका वडा नं. १३ बस्ने शारदा ठकुल्ला धामी मिति २०७३/४/१० गते घरमा नै मृत फेला परेको, तत्पश्चात् निजकै श्रीमान् सासू तथा नन्द समेत उपर कर्तव्यज्यानमा किटानी जाहेरी दिएकोमा कार्यबाही प्रक्रिया अगाडि नबढाएकाले आवश्यक पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा जाहेरी दर्ता भई अदालतमा मुद्दा चली मृतक शारदा ठकुल्ला धामीको पति उमेश धामी जेल चलान समेत भएको पाइएकाले हाललाई प्रस्तुत उजुरकिो कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२२१. न्यायप्रशासन, (आत्महत्या) सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, डडेल्धुरा जिल्ला देवल दित्यपुर गाविस वडा नं. १ घर भई श्री देवल उच्च मावि पिलकोटमा कक्षा ९ मा अध्ययनरत वर्ष १३ की दीपा पन्तलाई सोही विद्यालयका प्रअ डम्मरबहादुर पाल, शिक्षक करुणाकर पनेरु र दीपकराज पन्तबाट निरन्तर केटा केटीको नाम जोडी लेखिएको विषयलाई लिएर केरकार गरी मानसिक यातना दिने गरेका कारण मिति २०७१/२/२९ गते घरमा नै चुन्नीको पासो लगाई आत्महत्या गरेकाले सो घटनाको अनुसन्धान गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा प्रहरबिाट भएको अनुसन्धानको प्रगति प्रतिवेदनबाट कसैको कर्तव्यबाट मरेको नदेखिएको, शिक्षकहरूकै कारण मानसिक तनाव भई मृत्यु भएको भन्ने पनि स्वतन्त्र प्रमाणहरबाट पुष्टि हुन नसकेको भन्ने पाइएको, प्रहरीले आत्महत्या शीर्षकमा जाहेरी दर्ता गरी कार्यबाही अगाडि बढाएको पाइएकाले हाललाई प्रस्तुत उजुरकिो कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२२२. पारिवारिक अधिकार (महिला अधिकार), प्रदेश नं ५ कार्यालय बुटवल, नवलपरासी जिल्ला रामगग्रम नपा वडा नं. ११ बस्ने राधिका रेग्मीलाई नीजका श्रीमान्समेतले विभिन्न आरोप लगाई जबरजस्ती सम्बन्धविच्छेदको कागजमा सही गराई खान लाउन नदिई घरपरिवारबाट निकाला गरी मानहानी तथा बेइज्जती गरेकाले न्याय दिलाई पाऊँ भनी दर्ता हुन आएको उजुरीउपर अनुसन्धान हुँदा निजको अंशसम्बन्धी विवाद देखिएको जसको सम्बन्धमा अदालतमा मुद्दा चली फैसलासमेत भइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२२३. आमाको नामबाट नागरिकता नपाएको, प्रदेश नं ५ कार्यालय बुटवल, चितवन जिल्ला पार्वतीपुर गाविस वडा नं. ३ निवासी लालकुमारी विकको छोरा सागर विकको नेपाली नागरिकताको प्रमाण पत्र बनाउन चितवन जिल्ला प्रशासन कार्यालयमा गएकोमा आमाको नामबाट नागरिकता दिन मिल्दैन भनी फकाई दिएकाले आमा लालकुमारी विकको नामबाट नागरिकता लिनका लागि जिल्ला प्रशासन कार्यालयमा पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीका सम्बन्धमा आयेगबाट अनुसन्धान हुँदा पीडित लालकुमारी विकको छोरा सागर विकले नेपाली नागरिकताको

प्रमाणपत्र प्राप्त गरिसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२२४. न्यायप्रशासन (अवस्था अज्ञात) प्रदेश नं ५ कार्यालय बुटवल, पाल्पा जिल्ला रिङनेरह गाविस वडा नं. १ स्थायी घर भई रूपन्देही जिल्ला बुटवल नपा-१० डेरा गरी बस्ने निरज आचार्य मिति २०७०/४/८ गते आफ्नै डेराबाट बेपत्ता भएपछि खोजतलासका लागि इलाका प्रहरी कार्यालय बुटवलमा निवेदन दिएकोमा कुनै वास्ता नगरेकाले आवश्यक पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीउपर अनुसन्धान हुँदा निज भारतको कानपुरमा भेटिएको र हाल आफ्नै बुबासँग भारतको दिल्लीमा रहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२२५. न्यायप्रशासन, प्रदेश नं ५ कार्यालय बुटवल, पाल्पा जिल्ला बराङदी गाविस वडा नं.२ बस्ने श्यामकला अधिकारी भण्डारीलाई निजका पति जीवन अधिकारीसहित परिवारको सदस्यहरू मिली मिति २०७०/१२/२० मा फाँसी लगाई हत्या गरेको सम्बन्धमा किटानी जाहेरी दिँदा पनि प्रहरीले कार्यबाही अगाडि नबढाएकाले आवश्यक पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीमा अनुसन्धान हुँदा सो घटनाको सम्बन्धमा जाहेरी दर्ता भई अदालतमा मुद्दा चली फैसलासमेत भइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२२६. न्यायप्रशासन, प्रदेश नं ५ कार्यालय बुटवल, चितवन जिल्ला पदमपुर गाविस वडा नं. ४ बस्ने सङ्गीता लामा परियारले अन्तरजातीय विवाह गरेको निहुँमा निजको बावु बाल लामा समेतले कुटपिट गरेको, सोही कारण निज सङ्गीता लामा निजको पति मनोज परियार तथा छोरीसमेत डर त्रासको वातावरणमा बसिरहेको हुँदा निर्ममपूर्वक आफ्नो घरमा बस्न पाउने वातावरणका लागि पहल गरी पाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा Asian Human Rights Commission नामक संस्थाबाट उजुरी प्राप्त भएको, सो सम्बन्धमा पीडितले आयोगमा कुनै सम्पर्क नगरेको सो घटनाका सम्बन्धमा सम्मानित चितवन जिल्लामा मुद्दा दायर भई फैसलासमेत भइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२२७. न्यायप्रशासन, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, कैलाली जिल्ला धनगढी उपमहानगरपालिका १२ मनेहरा मुक्त कमैया शिबिरमा बस्ने धनबहादुर मोक्तान (लामा) को श्रीमती लक्ष्मी मोक्तान (लामा) लाई फूलबारी गाविस स्याउले बस्ने रतन लामाले वैदेशिक रोजगारीका लागि मिति २०७०/८/१० गते कुवेत पठाइसकेको । तत्पश्चात् श्रिमिती लक्ष्मीसँग सम्पर्क नभएको नगराएको सो सम्बन्धमा जिल्ला प्रशासन कार्यालयमा जानकारी गराउँदा कुनै सनुवाइ नभएको

हुँदा आवश्यक कार्यबाही गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा हाल छोरीहरू र श्रीमान्सँग समेत टेलिफोन सम्पर्क भइरहेको भन्ने पाएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२२८. न्यायप्रशासन, प्रदेश नं ५ कार्यालय बुटवल, चितवन जिल्ला रत्ननगर नपा १२ निवास इन्दिरा कोइरालालाई यौन दुर्व्यवहार गरिएको भनिएको घटना सम्बन्धमा उजुरी गरेको विषयलाई लिएर गाउँका व्यक्तिहरूले उजुरी निकाल्न दबाब दिँदा नमानेको । आरोपित व्यक्ति जेल चलान भएको सोही विषयलाई लिएर परिवारसहितलाई टोल समितिबाट निष्कासन गरी सामाजिक बहिष्कार गरिएको, ज्यान मार्ने धम्कीसमेत आएको विषयमा सम्बन्धित प्रहरी कार्यालयमा निवेदन दिँदा कार्यबाही नभएकाले न्यायका लागि पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा यस्तो विषयमा आयोगको टोलीसमेतको रोहवरमा छलफल भई मिलापत्रसमेत भएको भन्ने उक्षेका बुटवलको च.नं. ६५ मिति २०७१/८/८ को पत्रबाट देखिँदा र सोही पत्रका आधारमा टिप्पणीसमेत उठेको देखिँदा यस्तो संवेदनशील विषयमा आयोगको टोली मिलापत्र गर्ने छलफलको रोहवरमा के कति आधारमा संलग्न भएको हो ? सो सम्बन्धमा तत्कालीन उक्षेका बुटवल हाल प्रदेश नं. ५ कार्यालय बुटवललाई बुझी जवाफ प्राप्त भएपछि वा म्याद नाघेपछि पुनः पेस गर्ने ।

२२९. न्यायप्रशासन, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, कैलाली जिल्ला चौमाला गाविस वडा नं. ३ बस्ने महेश साउदको मोटरसाइकल अत्तरिया नपा वडा नं.१ बाट हराएकोमा सो सम्बन्धमा व्यक्ति किटान गरी जिल्ला प्रहरी कार्यालय कैलालीमा जाहेरी दिँदा दर्ता नगरेकाले दर्ताका लागि पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा सोही विषयमा अदालतमा मुद्दासमेत चली सकेको र मोटर साइकल पनि निज महेश साउदले प्राप्त गरिसकेको पाएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२३०. न्यायप्रशासन प्रदेश नं ५ कार्यालय बुटवल, कपिलवस्तु जिल्ला लबनी गाविस वडा नं. ५ निवासी सीता चौधरी (हरिजन) र सोही ठाउँ बस्ने विनयकुमार हरिजन बिच प्रेम सम्बन्ध भई घरबाट भागी नवलपरासीको रामग्राम नपा-१० मा बस्दै आएको र जिल्ला अदालत नवलपरासीमा नाता कायम मुद्दा हाली लोग्नेस्वास्नी नाताकायम हुने गरी मिलापत्रसमेत भइसकेको अवस्थामा आफ्नो स्थायी घर ठेगानामा गई बस्न सुरक्षाका हिसाबले जोखिमपूर्ण रहेको हुँदा आफ्नो स्थायी बसोबास भएको स्थानमा गई बसोबास गर्न आवश्यक शान्ति सुरक्षाको व्यवस्था गरिपाऊँ भनी दर्ता हुन आएको उजुरी सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा सुरक्षाकर्मी तथा मानव अधिकारकर्मीहरूको पहलमा हाल निजहरू दुवै जना सँगै आफ्नो स्थायी बसोबास भएको स्थानमा बसिरहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय

मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२३१. न्यायप्रशासन, (कारागार सारी पाउँ), सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, कञ्चनपुर जिल्ला रैकवार विचवा -९ बस्ने काल्लु भन्ने कालु रानालाई जर्वजस्ती करणी मुद्दामा जिल्ला अदालतबाट ६ वर्ष कदै सजाय भएको र तत्कालीन पुनरावेदन अदालतबाट पनि सुरु फैसला सदर भएको मुद्दा चलिरहकै बखत निजलाई गुल्मी, सुनसरीलगायत विभिन्न कारागारमा सरुवा गरिएको हाल कुन कारागारमा के कस्तो अवस्था छ ? थाहा नभएको घरपरिवारसँग भेटघाटसमेत नभएकाले निजको अवस्था पत्ता लगाई कैलाली वा कञ्चनपुर कारागारमा सरुवाका लागि पहल गरी दिन भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा निज कालु राना हाल सुनसरी जिल्लाको झुम्का कारागारमा सरुवाका लागि पहलसमेत भइरहेको भन्ने जानकारी मिसिल संलग्न कागजातहरूबाट पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२३२. न्यायप्रशासन, प्रदेश नं. ५ कार्यालय बुटवल, गोरखा जिल्ला मुच्चोक गाविस वडा नं. १ बस्ने जयनारायण बजगाईं र सविता बजगाईं ढकाल श्रीमान् श्रीमती रहेको निज जयनारायण बजगाईंले हेममाया सेढाईंलाई विवाह गरी चितवन जिल्ला अदालतमा नाता कायम मुद्दा हाली लोग्नेस्वास्नी नाता कायम हुने गरी मिलापत्रसमेत भएको ब्यहोरा थाहा पाई जिल्ला प्रहरी कार्यालय चितवनमा बहुविवाह मुद्दा दर्ता गर्न जाहेरी दर्ताका लागि पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा बहुविवाहसम्बन्धी जाहेरी जिल्ला प्रहरी कार्यालय चितवनमा दर्ता भई अनुसन्धान अगाडि बढेको पाइएको, सो सम्बन्धमा उजुरीकर्तालाई पत्राचार गर्दा कुनै जवाफ नदिएको र सम्पर्कमा समेत नआएको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२३३. न्यायप्रशासन, (जातीय विभेद) प्रदेश नं. ५ कार्यालय बुटवल, नवलपरासी जिल्ला पाल्ही गाविस वडा नं. २ पाल्ही बस्ने रामकरन हरिजनलाई ऐ. गाविस सचिव नन्दलाल कुमहाल, प्राविधिक जगरनाथ यादव, कार्यालय सहयोगी जङ्गली आहिरसमेतले जन्मदर्ताको विषयलाई लिएर चमार भनी अपशब्द गरी कुटपिटसमेत गरेको विषयमा जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गराउन खोज्दा जाहेरी दर्ता नगरेकाले दर्ताका लगि आवश्यक पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा यसै विषयमा जिल्ला अदालत नवलपर ासीमा मुद्दा चली विचाराधीन रहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२३४. हत्या, प्रदेश नं. १ कार्यालय विराटनगर, पाँचथर जिल्ला भारपा गाविस वडा नं. ७ बस्ने खगेन्द

योङ्यालाई मिति २०६१/१२/१२ गते पाँचथर जिल्लाको कालापानी नागी भन्ने स्थानमा सेनाले गोली हानी हत्या गरेकाले आवश्यक कार्यबाही गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा निज खगेन्द्र योङ्यालाई मिति २०६१/१२/१२ गते पाँचथर जिल्लाको नागी ७ स्थित कालापानी भन्ने ठाउँमा भारपा जोरपोखरीमा रहेको संयुक्त सुरक्षाफौजको वेसक्याम्पबाट गएको गस्ती टोलीले गोली हानी हत्या गरेको पाइएको र निज खगेन्द्र योङ्याको परिवारले रु. ५,००,०००/- (पाँच लाख मात्र) क्षतिपूर्ति राहतबापत रकमसमेत प्राप्त गरिसकेको पाइँदा क्षतिपूर्तितर्फ केही गरिरहन परेन । संयुक्त सुरक्षाफौजको टोलीले गोली हानी हत्या गरेको पाइँदा यसमा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

२३५. विस्थापित, प्रदेश नं. १ कार्यालय विराटनगर, इलाम जिल्ला कन्याम गाविस वडा नं. ४ बस्ने रामबहादुर बोहराको घरमा माओवादी पार्टीका व्यक्तिहरूले चन्दा मागेकोमा नदिएका कारण मिति २०६२/८/२३ गते मलगायत सबै परिवारका सदस्यहरूलाई घरबाहिर निकाली ताला लगाई दिएका कारण अन्याय भएकाले न्याय दिलाई पाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा द्वन्द्वको समयमा नै उजुरी परेको आयोगको टोलीबाट भएको अनुसन्धानबाट निवेदन जिकिर स्थापित भएको पाइएकाले विस्थापितबापत हालसम्म कहींकतैबाट निजले कुनै पनि किसिमको राहत नपाएकोसमेत देखिँदा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ तथा राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम २८ अनुसार रू. ७५,०००/- (पचहत्तर हजार रूपैंया मात्र) क्षतिपूर्ति  दिन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

२३६. न्यायप्रशासन (कम्लरीसम्बन्धी), सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, कैलाली जिल्ला चौमाला गाविस वडा नं. ८ स्थित मुक्त कमैया शिबिरमा बस्ने चोचिया चौधरी मौसमी चौधरी र परिलाल चौधरीलाई कैलाली जिल्ला धनगढी -५, हसनपुर बस्ने रामबहादुर केसीले कम्लहरीका रूपमा राखेकोमा यस कार्यालयमा उजुरी गरेपछि प्रहरीसमेतको सहयोगमा छोरी चोचिया र छोरा हरिलालको उद्धार गरिसकेको तर मौसमी चौधरीको हकमा २०६५ साल चैत्र मसान्तसम्मा आमाको ि लगाउने छु भनी २०६५ मङ्सिर १० गते जिल्ला प्रहरी कार्यालय कैलालीमा निज रामबहादुर केसीले कागज गरेकोमा हालसम्म पनि लिन नआएको र निजको घरमा गई सोधनी गर्दा तिम्रो छोरीलाई ल्याउँदिन भनी उल्टै धम्कीसमेत दिएकाले निज छोरीलाई फिर्ता ल्याउन आवश्यक पहल गरिपाऊँ भनी मौसमी चौधारीको आमा सीता चौधरीले दिएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा निज मौसमी चौधरीलाई पीडक रामबहादुर केसीको आफन्त बालकृष्ण शाहको काठमाडौंस्थित घरमा काम गर्न लगिएको र निज बालकृष्ण शाहको घरमा नै आफ्नो शरीरमा आगो लगाएका कारण मौसमी चौधरीको मुत्यु भएको भन्ने पाइएकाले निजको मुत्यु सम्बन्धमा काठमाडौं उपत्यकाको प्रहरी कार्यालयहरूमा कुनै कुनै जाहेरी परे-नपरेको वा कुनै मुद्दा चले-नचलेको उपत्यकाका तीन वटै जिल्लाका प्रहरी कार्यालयहरूमा पत्राचार गरी जानकारी प्राप्त भएपछि वा म्याद नाघेपछि पुनः पेस गर्ने निर्णय गरियो ।

२३७. सम्पत्ति कब्जा, प्रदेश नं २ कार्यालय जनकपुर, सप्तरी जिल्ला गाविस बकधुवा वडा नं. ८ बस्ने राजदेव महतो र निजकी श्रीमतीलाई सिराहा जिल्ला गोविन्दपुर गाविस वडा नं. ९ बस्ने आफूलाई माओवादी बताउने कामदेव भन्ने कपिलदेव महतोले अपहरण गरी अज्ञात स्थलमा लागि १५ दिन राखी मालपोत कार्यालय सिराहामा पुऱ्याई मेरो श्रीमतीको नामको जग्गा निज कपिलदेवको नाममा गर्न लगाई हामीलाई २ लाख दिई मुक्त गरिएकाले हाम्रो मानव अधिकार संरक्षण गरिपाऊँ भनी दर्ता हुन भएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा उजुरी कर्ताको जग्गासम्बन्धी विवाद देखिएको माओवादीहरूको संलग्नता रहे-नरहेको यकिन हुन नसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२३८. अपहरण, प्रदेश नं २ कार्यालय जनकपुर, सप्तरी जिल्ला राजविराजबाट मिति २०६३/९/९ गते कोसी ट्रक व्यवसायी सङ्घको सदस्य ट्रक नं. को.१ ख ७३१ को ट्रक फलफूलका बिरुवाहरू लिएर इटहरीतर्फ आउने क्रममा जनतान्त्रिक तराई मुक्ति मोर्चाको समूहले चालक दिलिप विश्वकर्मा दर्नाल तथा मालधनी माधव अधिकारी र सीताराम घिमिरेलाई अपहरण गरी अज्ञात बनाएकाले जीवनरक्षा पाऊँ भनी दर्ता हुन भएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा अपहरित व्यक्तिहरू अपहरणमुक्त भइसकेको भन्ने अनुसन्धान प्रतिवेदनबाट पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२३९. अपहरण, प्रदेश नं २ कार्यालय जनकपुर, सप्तरी जिल्ला कल्याणपुर गाविस वडा नं. ३ बस्ने विकास श्रेष्ठलगायत ४ जनालाई मिति २०६३/१०/२२ गते खाद्यमिलमा काम गरिरहेको अवस्थामा ज्वाला सिंह समूहका हतियारधारी समूहले अपहरण गरी लगेकाले सकुशल रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता हुन भएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान निजहरू सकुशल रिहाइ भइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२४०. अपहरण, प्रदेश नं २ कार्यालय जनकपुर, सप्तरी जिल्ला कल्याणपुर गाविस वडा नं. ३ बस्ने रामनारायण शाहलाई मिति २०६४/५/२८ गते जन्तान्त्रिक भनिने समूहका ४/५ जना व्यक्तिहरूले अपहरण गरी लगेको हुँदा सकुशल रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता हुन भएको उजुरीका सम्बन्धमा अनुसन्धान निज सकुशल रिहाइ भइसकेका भन्ने अनुसन्धान प्रतिवेदनबाट पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२४१. अपहरण, (शान्ति सुरक्षा), प्रदेश नं २ कार्यालय जनकपुर, सप्तरी जिल्ला डिमन गाविसका

धर्मनारायण यादव (छोड्का) मुकेश यादव (घोघना), र राजीन्दा हाम्रो बस्ती वरिपरि पटक पटक फायरिङ गरी स्थानीयलाई आतङ्कित तुल्याएको साथै हतियार देखाई युवतीहरूलाई करणी गर्ने प्रयाससमेत गरेकाले शान्तिपूर्वक मर्यादित जीवन बाँच्नका लागि पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा हाल अवस्था सामान्य रहेको भन्ने पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२४२. सम्पत्ति कब्जा, प्रदेश नं २ कार्यालय जनकपुर, सप्तरी जिल्लाका राजकुमार सिंहको जग्गा माओवादी पार्टीका कार्यकर्ताहरूले कब्जा गरेकाले फुकुवा गरिपाऊँ भनी दर्ता भएको उजुरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा हाल उक्त जग्गा फुकुवा भइसकेको अदालतमा समेत मुद्दा चलेको भन्ने पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२४३. अपहरण, प्रदेश नं २ कार्यालय जनकपुर, सर्लाही जिल्ला ढुङ्गेखोला गाविस वडा नं.७ स्थायी घर भई हाल सप्तरी जिल्ला देउरी भरुवा वडा नं.९ बस्ने मिलन भन्ने गोविन्द चालिसेलाई मिति २०६५/३/१ गते राति १० बजे ८/१० जनाको समूहले अपहरण गरी लगेकाले निजको सकुशल रिहाइका लागि पहल गरी दिन भनी दर्ता भएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा अपहरण परेको भनिएका व्यक्ति अपहरण लगत्तै रिहा भएको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२४४. जातीय विभेद (मन्दिर प्रवेशको विषय) अपहरण, प्रदेश नं २ कार्यालय जनकपुर, जनचेतना दलित सङ्गठन नामको संस्थाले सप्तरी जिल्ला मधुपट्टी गाविस वडा नं.७ स्थित राजा जी डिहबार थानको मन्दिर प्रवेश गर्ने योजना बनाएकोमा रुढीग्रस्त समाजका ईन्द्र नारायण चौधरी समेतले कुटपिट गरी जनधनको समेत क्षति पुऱ्याएकाले कार्यबाही गरी क्षतिपूर्तिको पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा हाल अवस्था सामान्य रहेको प्रहरीमा जाहेरी दिई कार्यबाहीको प्रक्रियासमेत टुङ्गिइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२४५. घरेलु हिंसा, प्रदेश नं २ कार्यालय जनकपुर, सप्तरी जिल्ला नकटीरायपुर वडा नं.२ बस्ने प्रल्हाद रायले आफ्नी श्रीमती लालोदेवी रायलाई विवाहदर्ता र बच्चाको जन्मदर्ता नगरिदिने निजलाई खान लाउनसमेत नदिने उल्टै कुटपिटसमेत गर्ने गरेको हुँदा पीडितलाई न्याय दिलाउनका लागि पहल गरिदिन भनी दर्ता हुन आएको उजुरीउपर अनुसन्धान हुँदा पीडित लालोदेवी र निजका पति तथा सौताबिच मिलापत्र भई पीडतको नागरिकता बनाई सकिएको बच्चाको जन्मदर्ता भइसकेको हाल निजहरू मिली सँगै बसिरहेको समेत पाइएकाले हाललाई प्रस्तुत उजुरीको

कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२४६. धम्की, प्रदेश नं २ कार्यालय जनकपुर, सप्तरी जिल्ला जनतान्त्रिक मुक्ती मोर्चा र सरकार सँग वार्ता चलिरहेको समयमा जनतान्त्रिक मुक्ती मोर्चाका सप्तरी जिल्लाका कार्यकर्ताहरूलाई सप्तरीका प्रहरी उपरीक्षक शरदकुमार ओलीले विभिन्न किसिमले दुःख दिनेगरेको, यसै क्रममा राजीव झाले निज प्रहरी उपरीक्षकलाई फोन गरी किन दुःख दिएको भनी सोध्दा उल्टै प्रहरी उपरीक्षक निज शरदकुमार ओलीले अपशब्द प्रयोग गर्दै ज्यान मार्नेसम्मको धम्की दिएकाले आवश्यक पहल गरिपाऊँ भनी दिएको निवेदन सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा तत्कालै टेलिफोनबाट कुराकानी गरी दुवै पक्षले एकअर्कालाई वार्ताका लागि सहयोग गर्ने भनी सहमति भएको र हालको अवस्थामा प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२४७. अपहरण, प्रदेश नं २ कार्यालय जनकपुर, धनुषा जिल्ला योगिनिया गाविस वडा नं.६ घर भई राजविराजस्थित वर्ल्ड भिजन प्लस टु क्याम्पसमा लेखापाल पदमा कार्यरत दीपेन्द्रकुमार मण्डल मिति २०६६ असार १४ गते राजविराजबाट अपहरणमा परी अवस्था अज्ञात रहेकाले सकुशल रिहाइका लागि भनी दर्ता हुन आएको उजुरी सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा निज सकुशल रिहा भइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२४८. अपहरण माओवादीबाट, प्रदेश नं १, कार्यालय विराटनगर, पाँचथर जिल्ला रानीगाँउ गाविस वडा नं. ७ बस्ने पदमकुमार खड्कालाई मिति २०६२/१२/३ गते साँझ ७ बजेको समयमा नेकपा (माओवादी)-का कार्यकर्ताहरूले आफ्नै घरबाट अपहरण गरी लगेकाले सकुशल रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीउपर अनुसन्धान हुँदा निज सकुशल रिहा भइसकेको पाइएकाले प्रस्तुत उजुरीको उपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२४९. रोजगारीको हक, प्रदेश नं. १ कार्यालय विराटनगर, सुनसरी जिल्ला पूर्व कुसाहा गाविस वडा नं.६ बस्ने बसन्ती उरावले श्री पूर्वाञ्चल स्वास्थ्य सेवा निर्देशनालय धनकुटाले च.नं.९१७ मिति २०६९/११/१६ गते जिल्ला जनस्वास्थ्य कार्यालय सुनसरीअन्तर्गत पदस्थापना हुने गरी ल्याब असिष्टेन्ट पदमा अस्थायी नियुक्ति गरी मिति २०६९/११/२१ गतेदेखि जिल्ला स्वास्थ्य कार्यालय सुनसरीअन्तर्गत इनरुवा अस्पतालमा मिति २०७०/०२/२८ गतेसम्म काम गरेको तलब पाऊँ भनी आयोगमा दर्ता भएको उजुरीउपर अनुसन्धान हुँदा निजले जिल्ला स्वास्थ्य कार्यालय ,जनस्वास्थ्य शाखा सुनसरीमा ल्याब असिष्टेन्ट पदमा मिति २०६९/११/२२ देखि २०७०/२/२८ गतेसम्म हाजिर गरी काम गरेको देखिएकाले सो अवधिको तलब उपलब्ध

गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

२५०. जातीय विभेद, प्रदेश नं १, कार्यालय विराटनगर, धनकुटा जिल्लाको डाँडा बजारस्थित ओखे प्रहरी चौकीका जवान युवराज परियारलाई सोही चौकीका इन्चार्ज नवराज कार्कीले जातीय विभेद गरेको भन्ने समाचार प्रकाशित भएकाले स्वविवेकमा उजुर ग्रहण गरी छानबिन गर्दा जातीय विभेद भएको खुल्न नआएको तथा हाल उक्त प्रहरी चौकीमा दुवै जना कार्यरत समेत नरहेको पाइएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२५१. जातीय विभेद, प्रदेश नं १, कार्यालय विराटनगर, मोरङ जिल्ला रङ्गेली नपा ५ स्थित स्कुल टोल बस्ने डोम समुदायलाई जातीय विभेद गरेको भनी प्रकाशित समचारप्रति आयोगको ध्यानाकर्षण भई स्वविवेकमा उजुरी ग्रहण गरी छानविन गर्दा जातीय विभेद भएको नदेखिएको तथा आयोगबाट जातीय विभेद सम्बन्धमा नितिगत सिफारिस गरिसकेको हुनाले प्रस्तुत उजुरीमा थप कार्यबाही गरी रहनुपर्ने नदेखिएकाले तामेलीमा राख्ने निर्णय गरियो ।

२५२. स्वास्थ्यको अधिकार प्रदेश नं. १ कार्यालय विराटनगर, "गाउँ/गाउँमा झोले डाक्टर, प्रशासन वेखबर" भनी मिति २०७२/४/२५ गते पूर्वाञ्चल दैनिक पत्रिकामा प्रकाशित समाचारका आधारमा आयोगबाट स्वविवेकमा उजुरी ग्रहण गरी अनुसन्धान गरी देहायबमोजिमको नितिगत निर्णय गरी नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो :

१. स्पष्ट पहिचान नभएका घुमन्ते चिकित्सकहरूले घर घरमा गई औषधि बिक्री वितरण गरी जनस्वास्थ्य जस्तो गम्भीर र संवेदनशील विषयमा खुलेआम अनियमित कार्य गरिरहेको देखिँदा त्यस्तो कार्यलाई नियन्त्रण गर्न सम्बन्धित निकायबाट प्रभावकारी रूपमा अनुगमन गर्न र दोषी देखिएका व्यक्तिहरूलाई कानुनबमोजिम कार्यबाही गर्न ।

२. स्वस्थ्य केन्द्रहरूमा पर्याप्त मात्रामा औषधीहरू उपलब्ध गराउन तथा स्वास्थ्यसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न ।

३. यसप्रकारको विकृतिको रोकथाम गर्न प्रादेशिक तथा स्थानीय सरकार समेतलाई क्रियाशिल तुल्याउन र मेडिकल काउन्सिल स्वास्थ्य मन्त्रालय, गृह मन्त्रालयसमेतलाई सक्रिय बनाउन ।

२५३. बाल अधिकार, प्रदेश नं. १ कार्यालय विराटनगर, मोरङ जिल्ला मधुमल्ला गाविस वडा नं. १ स्थित नुनसरी निम्न माविका प्रधानाध्यापक हेमचन्द्र श्रेष्ठले सोही विद्यालमा अध्ययन सुमन परियारलाई जातीय विभेद गरेको भन्ने सम्बन्धमा मिति २०७३ साल असोज १२ गते Dalit Online.com मा "बरु मर्छु तर त्यो स्कुलमा पढ्दिनँ" शीर्षकमा प्रकाशित समाचारप्रति आयोगको ध्यानाकर्षण भई स्वविवेकमा उजुरी ग्रहण गरी अनुसन्धान हुँदा निज प्रधानाध्यापकले जातीय विभेद गरेको कुरा पुष्टि हुन नआएको तर जातजातिको आधारमा टिप्पणी गरेकाले विद्यार्थीको आत्मसम्मानमा ठेस पुगेको देखिएकाले शिक्षा मन्त्रालयलाई देहायबमोजिमको

सिफारिस गर्ने निर्णय गरियो :

१. विद्यालयमा शिक्षकबाट जातीय विभेद तथा जातजातिसम्बन्धी टिप्पणीसमेत नगर्न ।

२. विद्यालयमा बालमैत्री व्यवहार गर्न र सबै विद्यार्थीलाई समान रूपमा व्यवहार गर्न ।

२५४. बाल अधिकार, गण्डकी प्रदेश कार्यालय पोखरा, कास्की जिल्ला पोखरा उपमहानगरपालिका वडा नं. १३ मियापाटन बस्ने बालिका अमिना खातुनको विवाह १३ वर्षको उमेरमा नै बालविवाह गरी दिएको भन्ने उजुरीको सम्बन्धमा प्रहरीबाट समेत कार्यबाही भएको देखिदा प्रहरीबाट के-कस्तो कार्यबाही गरिएको हो सो जानकारी प्राप्त भएपछि पुनः पेस गर्ने निर्णय गरियो ।

२५५. भेदभाव, गण्डकी प्रदेश कार्यालय पोखरा, तनहुँ जिल्ला मिर्लुङ गाविस वडा नं. ३ निवासी शुसिल चन्द्र भण्डारीले मोटर उपभोक्ता समितिको अध्यक्षको हैसियतले बाटो खन्दा व्यक्तिगत रूपमा खर्च भएको रुकम दिलाई पाऊँ भनी सम्बन्धित निकायमा निवेदन दिएकोमा कुनै सनुवाइ नभएको र सोही विषयका कारण निजको घरपरिवारलाई नै गाँउलेले बहिस्कार गरेको भन्ने सम्बन्धमा आयोगमा दर्ता भएको उजुरीका अनुसन्धान हुँदा निज सुशीलचन्द्र भण्डारीलाई गाउँलेहरूले वहिस्कार गरेको भन्ने पुष्टि हुन नसकेको तथा बाटो खन्दाको रकम सम्बन्धमा लेनदेनको विषयमा आयोगको क्षेत्राधिकारभित्र नपर्ने भएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२५६. भेदभाव, गण्डकी प्रदेश कार्यालय पोखरा, कास्की जिल्ला लहरचोक गाविस वडा नं. ५ का दलित समुदायका १३० घरधुरी परिवारलाई अन्य जातिका व्यक्तिहरूले वन उपभोक्ता समितिमा नराखी वन जङ्गलबाट प्राप्त हुने घाँस, दाउरालगायतको उपभोग गर्नबाट वञ्चित गराएको भन्ने उजुरीको सम्बन्धमा हाल सो विषयमा सहमति भई पीडितहरूको समस्या समाधान भइसकेकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२५७. न्यायप्रशासन, गण्डकी प्रदेश कार्यालय पोखरा, कास्की जिल्ला पोखरा उपमहानगरपालिका ३ नदीपुर बस्ने अशोककुमार भट्टचनलाई पोखरा उमनपा १ मोहरीया टोल बस्ने रामचन्द्र सुनार, ऐ.ऐ. ८ बस्ने विनोद कालिराज, ऐ.ऐ. १३ बस्ने सुविन्द्र गुरुङलगायतले डर, धाकधम्की दिएकाले शान्तिपूर्वक बाच्न पाँउने अधिकार संरक्षण गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीको सम्बन्धमा हाल कुनै समस्या नभएको भनी पीडित स्वंयमूले आयोगमा जानकारी गरेको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२५८. न्यायप्रशासन, गण्डकी प्रदेश कार्यालय पोखरा, कास्की जिल्ला पोखरा उपमहानगरपालिकावडा नं. १० रामघाट बस्ने रामप्रसाद गौतमले आफ्नो व्यक्तिगत सम्पत्ति र जिउधनको सुरक्षा गरी

स्वतन्त्र रूपमा बाँच्न पाउने अधिकार संरक्षण गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निजको जग्गासम्बन्धी विवाद जिल्ला अदालत कास्कीमा मुद्दा दर्ता भई फैसलासमेत भएर हाल उच्च अदालत पोखरमा रहेको र निजलाई हाल कुनै किसिमको डर, त्रास र धम्की नरहेको भनी निज स्वंयम्ले जानकारी गराएको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२५९. प्रहरीबाट कुटपिट, गण्डकी प्रदेश कार्यालय पोखरा, ललितपुर जिल्ला झम्सीखेल बस्ने बज्रेश मर्हट्टालाई मिति २०७३/२/१२ गते वडा प्रहरी कार्यालय वैदाम पोखराले नियन्त्रणमा लिई कुटपिट तथा यातना दिएको भनी यस आयोगमा दर्ता भएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निजलाई यातना तथा कुटपिट भएको भन्ने पुष्टि हुन नआएकाले प्रस्तुत उजुरीउपर थप अनुसन्धान नगरी राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२६०. कुटपिट, गण्डकी प्रदेश कार्यालय पोखरा, जिल्ला प्रहरी कार्यालय कास्कीमा कार्यरत प्रसनि कमलप्रसाद श्रेष्ठलाई मिति २०७३/४/३२ गते जिल्ला प्रहरी कार्यालयका प्रमुख एसपी घनश्याम अर्यालले कुटपिट गरेकाले दोषीलाई कार्यबाही गरीपाऊँ भनी दर्ता भएको उजुरीउपर अनुसन्धान हुँदा निज कमलप्रसाद श्रेष्ठलाई कुटपिट गरेको पुष्टि हुने आधार प्रमाण नभएको तथा निज स्वंयम्ले उजुरी तामेलीमा राख्न निवेदन दिएको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२६१. बाल अधिकार गण्डकी प्रदेश कार्यालय, पोखरा दैलेख जिल्ला ना नपा २ स्थायी ठेगाना भई हाल कास्की जिल्ला पोखरा नागढुङ्गा ८ बस्ने वर्ष ६ को बालक विवेक विकलाई मिति २०७३/२/१८ गते निज अध्ययनरत विद्यालय नेशनल क्रियसन एकेडेमीको विज्ञान विषय पढाउने शिक्षिकाले गुहकार्य नगरेको निहुमा अनुहारमा कालोमोसो दलेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा शिक्षिकाले कालोमोसो दलेको नभई बच्चालाई पढन उत्प्रेरणा गर्न बिरालोकोजस्तो जुँगा बनाएको भन्ने पाइएको तथा शिक्षिकाले सो कार्यबाट बालकमा परेको आघातप्रति बालक तथा परिवारसँग माफी मागेको भन्ने अनुसन्धानबाट खुल्न आएको साथै विद्यालयका प्रार्चाय ज्ञानेन्द्र थापासमेतबाट उजुरीमाथि न्यायिक छानबिन गर्नसमेत अनुरोध गरेको सन्र्दभमा उक्त कार्यले बाल मस्तिकमा पर्न जाने असर र बाल अधिकारप्रति सचेत नभएकाले सम्बन्धित विद्यालयका प्रार्चाय ज्ञानेन्द्र थापा र पीडक शिक्षिका अस्मिता थापालाई सचेत गराई बालमैत्री वातावरण सृजना गर्न लेखिपठाउने निर्णय गरियो ।

साथै प्रस्तुत उजुरीको आधारमा आयोगबाट देहायबमोजिमको निर्णय गरी शिक्षा मन्त्रालयलाई सिफारिस गर्ने निर्णय गरियो :

१. विद्यालयहरूमा विद्यार्थीहरूलाई शारिरीक तथा मानसिक यातनामुक्त भयरहित

वातावरणमा शिक्षा प्राप्त गर्ने वातावरण सृजना गर्न ।

२. विद्यालयहरूमा बालमैत्री वातावरणमा अध्ययन अध्यापन गर्ने वातावरण सृजना गरी शिक्षाको अधिकार सुनिश्चित गर्न ।

२६२. घरेलु हिंसा, प्रदेश नं. ३ कार्यालय सानेपा, हुम्ला जिल्ला सिमिकोट गाविस बस्ने लक्ष्मी ऐडी रोकायाले आफूलगायत आफ्ना दुई छोराहरूलाई श्रीमान् जयबहादुर रोकायासमेतले लगातार घरेलु हिंसा गरेको भन्ने उजुरीको सम्बन्धमा आयोगबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा गृह मन्त्रालयमा अन्तरिम राहतका लागि पठाइएको पत्रको जबाफ प्राप्त भएपछि पुनः पेस गर्ने निर्णय गरियो ।

२६३. न्यायप्रशासन, प्रदेश नं. १ कार्यालय सानेपा, चितवन जिल्ला भरतपुर नगरपालिका गौरीगन्ज बस्ने प्रतिभारत्न परियारलाई निजको श्रीमान्बाट दिएको मानसिक यातनाका कारण २०७५/६/१८ गते झुन्डिएर आत्महत्या गरेकोमा प्रभावकारी अनुसन्धान गरिपाऊँ भनी दर्ता भएको उजुरीउपर अनुसन्धान हुँदा प्रहरीबाट प्रस्तुत विषयमा आवश्यक कार्यबाही गरेको देखिएको तथा प्रस्तुत घटना मुलुकी अपराध (संहिता), २०७४ लागु भइसकेपछि घटना भएकाले उक्त संहिताअनुसार आत्महत्याको विषय प्रहरीबाट अनुसन्धान हुने विषय रहेको र आयोगको क्षेत्राधिकारबाहिर रहेकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२६४. गैरकानुनी थुना, प्रदेश नं. ५, शाखा कार्यालय नेपालगन्ज, रुकुम जिल्ला साविक सारव गाविस वडा नं. ९ बस्ने कमलबहादुर रावललाई तत्कालीन माओवादीहरूले प्रत्येक घरको एक जना पार्टीमा जानुपर्छ एक महिनापछि पठाईदिन्छौ भनी जर्वजस्ती लगेको र फर्किन नदिएकोमा चोरभरी लगेको बेला गस्तीमा आएको सेनाले मिति २०६२/१/१५ मा पक्राउ गरी गैरकानुनी रूपमा थुनामा राखेकोले रिहाइका लागि पहल गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीउपर अनुसन्धान हुँदा निजलाई पक्राउ गरी कारागार शाखा दाङ राखिएको १० महिनापश्चात् कारागार मुक्त भएको पाइएको तथा पीडित स्वंयमूले उजुरी तामेलीमा राख्न लिखित जानकारी दिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२६५. विस्थापित, प्रदेश नं. ५, शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला नेपालगन्ज नपावडा नं. १३ गडियनपुर बस्ने मुकेस स्वांरको बर्दिया जिल्लाको गोला गाविस वडा नं. ३ मा रहेको घरमा सम्पत्ति र ८ विगाहा जमिनमा उब्जनी भएको धान वाली तत्कालीन माओवादी कार्यकर्ताहरूले लुटपाट गरेको तथा धम्की दिएका कारण नेपालगन्जमा बस्दै आएकाले भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा हाल कुनै समस्या नभएको उजुरीमा थप कार्यबाही नगर्न पीडित परिवारले आयोगमा जानकारी गराएको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम

१० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२६६. कुटपिट, प्रदेश नं. ५, शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला कोहलपुर गाविस वडा नं. ४ चप्परगौडी बस्ने दिवाकरप्रसाद वैरागीलाई स्थानीय चन्द्रबहादुर केसीले परिवार र दीपक केसीसमेतलाई निजकै घरमा आई कुटपिट गरेको र चलअचल सम्पत्ति लुटी लगेकाले कार्यबाही गरिपाऊँ तथा सम्पत्ति लुटिएको फिर्ता गराई पाऊँ भनी दर्ता भएको उजुरी अध्ययन गर्दा व्यक्ति व्यक्तिबिचको झगडा प्रहरीबाट आवश्यक कार्यबाही गर्ने विषय भएको प्रस्तुत उजुरीको विषय आयोगको क्षेत्राधिकार भित्र नपर्ने देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२६७. विस्थापित, प्रदेश नं. ५, शाखा कार्यालय नेपालगन्ज, जाजरकोट जिल्ला गोरर्वाकोट घर भई किरण नाला कोहलपुर बाँकेमा बस्ने चक्रबहादुर शाह परिवारसहित जाजरकोट जिल्लाबाट मिति २०६१ साल कार्तिक महिनादेखि तत्कालीन समयका नेकपा (माओवादी)-का कार्यकर्ताहरूले सम्पत्ति र घर कब्जा गरेर विस्थापित गराएकाले पुनःस्थापनाका लागि पहल गिरिदिने सम्बन्धमा आयोगमा पर्न आएको उजुरीको अनुसन्धान हुँदा हाल घरजग्गा निजकै स्वामित्वमा रहेको र कुनै समस्या नभएकाले आयोगमा रहेको उजुरीको टुङ्ग्याइदिन पीडित स्वंयमूले जानकारी गराएको देखिएकाले प्रस्तुत उजुरी तामेलीमा राख्ने निर्णय गरियो ।

२६८. घरेलु हिंसा, प्रदेश नं. ५, शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला नेपालगन्ज नगरपालिका वडा नं. १० बस्ने सलिया प्रविन अन्सारीलाई निजका श्रीमान् जाकिर हुसेन जोलाइ र उनका बाबुसहितले घरेलु हिंसा गरेको भन्ने उजुरीको सम्बन्धमा अध्ययन गर्दा सो सम्बन्धमा सम्मानित अदालतमा मुद्दा दर्ता भई फैसलासमेत भइसकेको पाइएकाले प्रस्तुत विषय आयोगको क्षेत्राधिकार बाहिर परेकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२६९. घरेलु हिंसा, प्रदेश नं. ५, शाखा कार्यालय नेपालगन्ज, दाङ जिल्ला वनगाँउ श्री बाल जनता उच्च मावि वनगाउँमा कक्षा १० मा अध्ययनरत दिपिका चौधरीले आफ्नो घरमा भएको घरेलु हिंसासम्बन्धी उजुरीको सम्बन्धमा निजको घर ठेगाना पत्ता लगाई हालको अवस्था बुझि पुनः पेस गर्ने तथा उजुरीको सम्वेदनशिलता हेरी तत्काल कार्यबाही अगाडि बढाउन सबै प्रदेश कार्यालय तथा प्रदेश शाखा कार्यालयहरूमा निर्देशन दिने निर्णय गरियो ।

२७०. माओवादीबाट धम्की र चन्दा आतंक, प्रदेश नं. ५, शाखा कार्यालय नेपालगन्ज, रोल्पा हवामा-२ हाङवाङ स्थायी घर भएका गोविन्द बुढामगरलाई तत्कालीन द्वन्द्वकालीन समयमा माओवादी कार्यकर्ताहरूले अपहरण गरी धम्कीपूर्ण व्यवहार गरेको, चन्दा आतंकबाट यातना दिएकाले शान्तिपूर्वक जीवनयापन गर्ने वातावरण बनाउन सहयोग गरिपाऊँ भनी दर्ता भएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निज हाल स्वतन्त्रपूर्वक जीवनयापन गरिरहेको पाइएको

तथा हाल कुनै समस्या नभएकाले आयोगमा रहेको उजुरीको कार्यबाही टुङ्ग्याई दिन पीडित स्वयम्ले लिखित जानकारी गराएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२७१. माओवादीबाट अपहरण, प्रदेश नं. ५, शाखा कार्यालय नेपालगन्ज, रोल्पा जिल्ला बुढागाउँ गाविस वडा नं. ३ घर भई हाल त्रिवेणी गापा वडा नं. ३ बस्ने शेरबहादुर पुनलाई तत्कालीन माओवादी कार्यकर्ताहरूले मिति २०६०/११ मा अपहरण गरेकाले स्थिति सार्वजनिक गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीउपर अनुसन्धान हुँदा निज हाल अपहरणमुक्त भई शान्तिपूर्वक जीवनयापन गरिरहेको पाइएको तथा पीडित स्वयम्ले आयोगमा रहेको उजुरीको कार्यबाही टुङ्ग्याई दिन भनी जानकारी गराएकाले प्रस्तुत उजुरी राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२७२. अपहरण माओवादीबाट, प्रदेश नं. ५, शाखा कार्यालय नेपालगन्ज, नेपाल निर्माण व्यवसायी महासङ्घका सदस्य एवम् दाङ नर्माण व्यवसायी सङ्घका पूर्व अध्यक्ष वलीभन्द्र रानालाई मिति २०६३/०६/१५ गते नवलपुर दाङस्थित आफ्नो घरबाट तत्कालीन नेकपा (माओवादी)- कार्यकर्ताहरूले अपहरण गरेकाले रिहाइका लागि पहल गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीउपर अनुसन्धान हुँदा निज सकुशल रूपमा अपहरणमुक्त भइसकेको जानकारी प्राप्त भएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२७३. बाल अधिकार, रोल्पा जिल्ला धवाङ गाविस वडा नं. ८ घर भई हाल रोल्पा नपा वडा नं. १० बस्ने बालिका चाँदनी थापाको बुबा भारतमा भनी गएकोमा ७/८ वर्ष भइसक्दा पनि फर्कनु नभएको तथा सम्पर्कमा नआएपछि आमाले अर्को विवाह गरी गएको र फुपूको घरमा बसेकोमा फुपूले समेत घरबाट निकालेपछि निज होटलमा काम गरी तथा निजका बहिनीहरू सुन्तला बेचेर गुजारा चलाइरहेको पढ्न नपाएकाले पढ्न पाउने अवस्थाका लागि पहल गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीको सम्बन्धमा अध्ययन/अनुसन्धान गर्दा अनाथ तथा असहाय बालबालिकाले समेत पढ्न सक्ने वातावरण मिलाई बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्ने व्यवस्था मिलाउन शिक्षा मन्त्रालयलाई लेखी पठाउने नितिगत निर्णय गरियो ।

२७४. माओवादीबाट पीडित, प्रदेश नं. ५, शाखा कार्यालय नेपालगन्ज, रोल्पा जिल्ला बडाचौर गाविस वडा नं. ५ हाल लुग्री गापा वडा नं. ५ बस्ने यज्ञबहादुर विष्टलाई कतारबाट घर आएको समयमा मिति २०६३/०५/१४ गते तत्कालीन नेकपा (माओवादी)- कार्यकर्ताहरूले रु १२,०००/- रकम मागेकोमा नदिएकाले घरमा बस्ने वातावरण नभएकाले घरमा बस्ने वातावरणका लागि पहल गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीउपर अनुसन्धान हुँदा निज हाल कुनै समस्या नभएको र शान्तिपूर्वक आफ्नो पेसाव्यवसाय गरिरहेको पाइएकाले आयोगमा

रहेको उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो।

२७५. न्यायप्रशासन, प्रदेश नं. ५, शाखा कार्यालय नेपालगन्ज, पाल्पा जिल्ला खनीछाप गाविस वडा नं. १ बस्ने कृषि कार्यालय डोल्पामा कार्यरत कृषि प्रसार अधिकृत शिवप्रसाद अर्याल मिति २०६२/११/१ गते त्यााि (टोफेल) परीक्षा दिनका लागि डोल्पाको दुनैबाट काठमाडौँ जाने क्रममा जिल्ला प्रशासन कार्यालय डोल्पाका प्रमुख जिल्ला अधिकारी शङ्करप्रसाद कोइरालाको आदेशमा सुरक्षकर्मीहरूले हवाईजहाजमा बसिसकेको अवस्थामा जान नदिई अमानवीय तथा दुर्व्यवहार गरेको र स्वतन्त्र आवजावतमा अवरोध गरेको तथा शिक्षा आर्जन गर्न पाउने अधिकारसमेत हनन गरेकाले दोषीलाई कार्यबाही र क्षतिपूर्ति दिलाई पाऊँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धानका क्रममा निज शिवप्रसाद अर्यालले हाल कुनै प्रकारको धाकधम्की र अमानवीय व्यवहार नभएको निजको डोल्पाबाट अन्तै सरुवासमेत भइसकेकाले सो घटनाप्रति कुनै पूर्वाग्रह नभएकाले आयोगमा रहेको उजुरीको कार्यबाही टुङ्ग्याइदिन लिखित निवेदन दिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो।

२७६. सम्पत्ति उपभोग सम्बन्धमा, प्रदेश नं. ५, शाखा कार्यालय नेपालगन्ज, सल्यान जिल्ला हिवल्चा गाविस वडा नं. ५ कपासी बस्ने नन्दलाल महतारालाई तत्कालीन नेकपा (माओवादी)-कार्यकर्ता तथा आफ्नै भाइ नरबहादुर महताराले पैतृक सम्पत्ति उपभोग गर्न नदिएको, केही लुटपाटसमेत गरेको र मानसिक यातना दिएकाले न्याय दिलाई पाऊँ भनी दर्ता भएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा दाजुभाइबिचको सम्पत्तिको विवादका कारण समस्या भएको र हाल सो विवाद अदालतमा मुद्दा भई फैसलासमेत भइसकोको र हाल कुनै समस्या नभएकाले आयोगमा रहेको उजुरी टुङ्ग्याई दिन पीडित स्वयम्ले जानकारी गराएको पाइएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो।

२७७. बेचबिखन, प्रदेश नं. ५, शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला नेपालगन्ज नपा वडा नं. १ धम्बोझी बस्ने करिस्मा शाहीलाई बाँके जिल्ला नेपालगन्ज नपा वडा नं.१० बस्ने समीर हलवाईले ललाई फकाई बेचबिखन गर्न लगिएको भन्ने सम्बन्धमा आयोगमा दर्ता भएको उजुरीउपर अनुसन्धान हुँदा निज करिस्मा शाही र समीर हलवाईले भागी विवाह गरेकोमा निजहरूबिच अदालतबाट सम्बन्धविच्छेदसमेत भइसकेको पाइएको र निज करिस्मा शाही हाल आफ्नै बाबुआमासँग साथ बस्दै आएको जानकारी प्राप्त भएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो।

२७८. बालहिंसा, प्रदेश नं. ५, शाखा कार्यालय नेपालगन्ज, बर्दिया जिल्ला मनाउ गाविस वडा नं. ४ बस्ने उषा थापालाई बर्दिया जिल्ला मनाउ गाविस वडा नं. ५ नारायणपुर घर भई नेपालगन्ज नपा

वडा नं. ५ डेरा गरी बस्ने शिक्षक भीमप्रसाद रिजालले जबरजस्ती करणी गरेकाले आवश्यक कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीउपर अनुसन्धान हुँदा प्रस्तुत विषयमा अदालतमा मुद्दा दर्ता भई फैसलासमेत भइसकेको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२७९. अज्ञात, प्रदेश नं. ५, शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला वेतहनी गाविस वडा नं. ५ बस्ने पप्पु गुप्ता वानिया मिति २०६४/१/१४ गते राति अन्दाजी ९ बजेको समयमा ऐ.ऐ. बस्ने रामशरण गोडियासँग सोही गाविसको बाँदा गाउँमा नाच हेर्न गएकोमा रामशरण गोडिया फर्कि आएको तर पप्पु गुप्ता नआएकाले पप्पुलाई रामशरण गोडियाले बेपत्ता पारी ज्यान मारेकोले आवश्यक कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीमा घटना आपराधिक प्रकृतिको भएको र प्रहरीले उजुरी दर्ता गरी अनुसन्धान कार्य अघि बढाएको पाइएको र घटना आयोगको क्षेत्राधिकार बाहिर रहेकाले प्रस्तुत उजुरी राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम खारेज गर्ने निर्णय गरियो ।

२८०. माओवादीद्वारा कब्जा, प्रदेश नं. ५, शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला कम्दी गाविस गडरियायनपुवा गाउँमा आफ्नो नातेदारकोमा विवाहमा आएका भारतिय नागरिक सन्तराम जैसवाल र सदानन्द जैसवाललाई आफूलाई माओवादी एरिया इन्चार्ज बताउने दयाराम अहिरले मिति २०६४/११/१९ गते सोही गाउँमा बस्ने दीपचन्द्र कलवारको घरमा एउटा कोठामा थुनामा राखी राजेश जैसवालसँग भा. रु.२५००/– लिएर उनको बाबु सन्तराम जैसवाललाई कब्जा मुक्त गरिएको र सदानन्द जैसवाललाई भा.रु.३६,०००/– दिएमा मात्र छोड्ने सर्त राखिएको भनिएको भन्ने सम्बन्धमा आयोगमा दर्ता भएको उजुरीको अनुसन्धान हुँदा प्रस्तुत विषय आर्थिक लेनदेनसँग सम्बन्धित रहेको देखिएको तथा पीडितहरू पनि सम्पर्कमा नरहेको पाइएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम खारेजी गर्ने निर्णय गरियो ।

२८१. वैदेशिक रोजगार, प्रदेश नं. ५, शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला मनिकापुर गाविस वडा नं. ८ घर भई नेपालगन्ज उपमहानगरपालिका मनिकापुर बस्ने बर्ष २४ को सृजना गरुङलाई रझेना गाविस वडा नं. ४ बस्ने तारा पाण्डे र कोहलपुर बस्ने भूपेन्द्र मगरले कुवेतमा काम लगाई दिने भनी ललाई फकाई मिति २०६३/३/१९ गते नेपालबाट विदेश लगेकोमा मिति २०६५/१/१६ गते फोनमार्फत आफू बेचिएको, काम गरेको पैसा नपाएको र मानिसिक यातना भएको भनी जानकारी गराएकाले निजलाई विदेश पठाउने तारा पाण्डे र भूपेन्द्र मगरलाई आवश्यक कार्यबाही गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीउपर अनुसन्धान हुँदा निज विदेशमा पहिलो पटक गएको र भाषाका कारण समस्यामा परेको र सो ठाउँबाट फर्केर पुनः विदेशमा काम गर्न गएको र हाल नेपालमा नै शान्तिपूर्वक आफ्नो पेसाव्यवसाय गरिरहेको कुनै समस्या नभएकाले आयोगमा रहेको उजुरी टुङ्ग्याउन लिखित जानकारी गराएको पाइएकाले

प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो।

२८२. विस्थापित, प्रदेश नं. ५, शाखा कार्यालय नेपालगन्ज, रोल्पा जिल्ला वडाचौर गाविस वडा नं. ४ घर भई हाल सुवर्णवती गापा वडा नं.४ सुलीचौर बस्ने हुकुमबहादुर थापाको घर तथ पसलमा तत्कालीन नेकपा (माओवादी)- कार्याकर्ताहरूले मिति २०५८/१०/१५ गते आक्रमण गरी सम्पूर्ण मालसामान लुटेर विस्थापित बनाएको भन्ने सम्बन्धमा आयोगमा दर्ता भएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निज तथा निजका परिवार आफ्नै घरमा सकुशल रूपमा बसोबास गर्दै आएको पाइएको तथा निज विस्थापित भएको तथा मालसमान लुटिएको भनी पुष्टि हुने कुनै आधार प्रमाण नपाइएको हुँदा प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो।

२८३. विस्थापित, प्रदेश नं. ५, शाखा कार्यालय नेपालगन्ज, रोल्पा जिल्ला मिभिङ गाविस वडा नं. ७ हाल सुवर्णवती गापा वडा नं. ४ बस्ने खमबहादुर बुडालाई मिति २०५४/१/२१ गते स्थानीय निर्वाचनको प्रचार-प्रसारमा गएको वेला तत्कालीन नेकपा (माओवादी) हरूले निज बसेको घर आगो लगाई गोली हानेको र घर छाड्न बाध्य बनाई विस्थापित गराएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा निज आफ्नै घरमा सकुशल रूपमा बसिरहेको पाइएको तथा निजको घरमा तत्कालीन माओवादीले आगो लगाएको गोली हानेको र विस्थापित भएको भन्ने पुष्टि हुने कुनै आधार प्रमाण नपाएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो।

२८४. न्यायप्रशासन, प्रदेश नं. ५, शाखा कार्यालय नेपालगन्ज, महेन्द्र नमुना मावि कक्षा ९ मा अध्ययनरत विद्यार्थी नेहा थापालाई नेपालगन्जकै रिहाज भन्ने साहिद साईले मिति २०६५/१०/५ गते भगाएर भारत लगेको छोरीको सकुशल उद्धारका लागि पहल गरिदिन प्रहरी कार्यालयमा निवेदन दिए पनि कुनै सनुवाइ नभएकाले उद्धारका लागि पहल गिरिदिने सम्बन्धमा आयोगमा दर्ता भएको उजुरीउपर अनुसन्धान हुँदा निज नेहा थापा र साहिद साईले भागी विवाह गरेको र भारत गएको केही समयपश्चात् नेपाल फर्कि नेपालगन्जमा नै हाल बसोबास गरिरहेको निजहरूको दुई बालबच्चासमेत भइसकेको र सामान्य जीवन बिताइरहेको पाइएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो।

२८५. घरेलु हिंसा, प्रदेश नं. ५, शाखा कार्यालय नेपालगन्ज, दाङ जिल्ला तुलसिपुर नपा वडा नं. ४ खचौवा बस्ने देववहादुर परियारले निजकी पत्नी तथा छोरीहरू माथि समेत दिनहुँ शारीरिक तथा मानसिक यातना दिदै आएकाले जिउ ज्यानको सुरक्षा तथा स्वतन्त्रपूर्वक बाँच्न पाउने अधिकार सुरक्षित गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा पीडित पुर्सी दमाई र निजका श्रीमान् देवबहादुर नेपालीको सम्बन्धविच्छेद अदालतबाट भइसकेको र निज

तथा निजका छोराछोरीहरू हाल शान्तिपूर्वक जीवनयापन गरिरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२८६. अपहरण, प्रदेश नं. ५, शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला वेतहनी गाविस वडा नं. ९ बाबाकुटो बस्ने वर्ष १५ की वाहिदा खातुनलाई १५-१६ जनाको समूहले अपहरण गरी भारत लगेकाले सकुशल रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा पारिवारिक रिसइवीका कारण अपहरण गरेको र घटना घटेको १६ औ दिन अपहरणमुक्त भएको देखिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२८७. यातना, प्रदेश नं. ५, शाखा कार्यालय नेपालगन्ज, सल्यान जिल्ला शिवरथ गाविस वडा नं. ६ बस्ने मानबहादुर बस्नेतलाई कर्तव्यज्यान मुद्दामा अनुसन्धानका क्रममा इलाका प्रहरी कार्यालय यारमारेका सुरक्षाकर्मिले शारीरिक तथा मानसिक यातना दिएको भन्ने सम्बन्धमा आयोगमा दर्ता भएको उजुरीउपर अनुसन्धान हुँदा निजलाई अदालतबाट कर्तव्यज्यान मुद्दामा सनुवाइ भई पाँच वर्ष कैद भुक्तान गरी हाल रोजगारीको सिलसिलामा भारतमा रहेको भन्ने जानकारी प्राप्त भएको तथा यातना भएको पुष्टि हुने कुनै आधार प्रमाण नभेटिएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२८८. यातना, प्रदेश नं. ५, शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला खजुराखर्द गाविस वडा नं. १ जुगुन भरिया गाउँ बस्ने बिजुलीप्रसाद महाउतलाई मिति २०७३/०७/२६ गते इलाका प्रहरी कार्यालय खजुराखुर्दका प्रहरी सहायक निरीक्षक शरण भण्डारी र प्रहरी जवान अनिलकुमार विकले नियन्त्रणमा लिई हिरासतमा राखी यातना दिएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा पीडितले प्रस्तुत घटनामा मिलापत्र भइसकेकाले सो सम्बन्धमा अदालतमा दायर मुद्दासमेत फिर्ता लिएको र आयोगमा रहेको उजुरी पनि टुङ्ग्याइदिन लिखित जानकारी गराएको पाइएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

२९९. अपहरण/हत्या, प्रदेश नं. ३, कार्यालय सानेपा, ललितपुर, धादिङ जिल्ला केवलपुर गाविस वडा नं. २ बस्ने गोमा कोइरालालाई मिति २०६०/०९/२८ गते राती ९:०० बजेको समयमा नेकपा (माओवादी)-का कार्यकर्ताहरू दिवाकार भन्ने रामशरण सुवेदीसहित ३ जना व्यक्तिहरूले अपहरण गरी लगेकाले स्थिति सार्वजनिक गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा जिल्ला प्रशासन कार्यालय धादिङको मिति २०६३/३/१९ च.नं. ३०७६ को पत्र, मिसिल संलग्न अनुसन्धान प्रतिवेदन तथा अनुसन्धानका क्रममा विभिन्न साक्षीहरूले गिरिदएको बयान कागजसमेतका आधारमा निज गोमा कोइरालाको नेकपा मोओवादीका कार्यकर्ताहरूले अपहरण गरी हत्यासमेत गरेको पुष्टि हुन्छ । सो घटनामा तत्कालीन नेकपा

(माओवादी)-का कार्यकर्ताहरू दिवाकर भन्ने रामशरण सुवेदी समेतको संलग्नता देखिएको पाइएको छ । हत्या भएको सम्बन्धमा पीडित परिवारले क्षतिपूर्ति पाइसकेको देखिँदा सोतर्फ केही गरिरहनु परेन । अपहरणपश्चात् हत्या गरेको पाइएकाले संलग्न दोषीहरूको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न र आयोगको अनुसन्धानबाट दिवाकर भन्ने रामशरण सुवेदीको संलग्न देखिएकाले निजलाई समेत छानबिनको दायरामा ल्याई कार्यबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

३००. सुरक्षाकर्मीबाट हत्या, प्रदेश नं. ३ कार्यालय सानेपा ललितपुर, दैलेख जिल्ला नौमुले गाविस वडा नं. ७ घर भएका जङ्गबहादुर सलामी मगरको मिति २०६१/०९/१८ गते काठमाडौँको चण्डोलमा सुरक्षाकर्मीद्वारा चलाइएको गोली लागी मुत्यु भएकाले दोषीलाई कार्यबाही गरी क्षतिपूर्तिसमेत दिलाई पाऊँ भनी दर्ता हुन आएको उजुरीउपर अनुसन्धान हुँदा मिसिल संलग्न गृह मन्त्रालयको मिति २०६२/६/२० को च.न. ९४३ को पत्र तथा अन्य प्रमाणसमेतका आधारमा तत्कालीन शाही नेपाली सेनाद्वारा मिति २०६१/०९/१८ गते काठमाडौँको चण्डोलमा निज जङ्गबहादुर सलामी मगरको गोली हानी हत्या भएको पाइएकाले घटनामा संलग्न दोषी सैनिकहरूको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न र पीडित परिवारले राहत प्राप्त गरिसकेको पाइँदा सोतर्फ केही नगर्ने निर्णय गरियो ।

३०१. अपहरण/हत्या, प्रदेश नं. ३ कार्यालय सानेपा ललितपुर, सिन्धुपाल्चोक जिल्ला पिपलडँाडा गाविस वडा नं. २ घर भई वीरेन्द्र प्रहरी अस्पतालमा कार्यरत प्रहरी सहायक निरीक्षक कृष्णबहादुर बस्नेतलाई मिति २०६१/११/१३ गते नेकपा (माओवादी)-का कार्यकर्ताहरूले अपहरण गरी अवस्था अज्ञात गराएकाले निजको अवस्था सार्वजनिक गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा मिसिल संलग्न जिल्ला प्रशासन कार्यालयको पत्र, सुरक्षा समितिको माइन्युटको प्रतिलिपि, आयोगको अनुसन्धान प्रतिवेदनसमेतको आधारमा निज कृष्णबहादुर बस्नेतलाई तत्कालीन नेकपा (माओवादी)-का कार्यकर्ता सिन्धुपाल्चोक जिल्ला साँगाचोक गाविस वडा नं ८ बस्ने अविरल भन्ने विमलराज गिरीसमेतको संलग्नतामा मिति २०६१/११/१३ गते सिन्धुपाल्चोक जिल्लाको साँगाचोक भन्ज्याङबाट अपहरण गरी २०६१/११/१९ गते हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी विमलराज गिरीसमेतलाई कानुनबमोजिम कार्यबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो । साथै पीडित परिवारले राहत रकम प्राप्त गरिसकेको देखिँदा सोतर्फ केही गरिरहनु परेन ।

३०२. हत्या, प्रदेश नं. ३ कार्यालय सानेपा, ललितपुर, खोटाङ मात्तिमविर्ता गाविस वडा नं. १ घर भएकी सृजना भन्ने चन्द्रकला अधिकारीलाई मिति २०६१/६/१० गते सुरक्षाकर्मीद्वारा पक्राउ गरी हत्या गरेकाले दोषीउपर कार्यबाही गरी क्षतिपूर्तिसमेत दिलाई पाऊँ भनी दर्ता हुन आएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा मिसिल संलग्न जिल्ला प्रहरी कार्यालय, सिन्धुलीको मिति २०७३/१०/२० च.नं. २८३७ को पत्र तथा संलग्न अनुसन्धान प्रतिवेदनलगायतका कागजातहरूबाट निज चन्द्रकला अधिकारीलाई सुक्षाकर्मीबाट मिति २०६१/०६/१० गते सिन्धुली जिल्लामा मारिएको पाइएकाले घटनामा संलग्न दोषी सुरक्षकर्मीहरूको पहिचान गरी

कानुनबमोजिम कार्यबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो । साथै पीडित परिवारले क्षतिपूर्ति/राहत पाइसकेको देखिँदा सोतर्फ केही  रहन परेन ।

३०३. हत्या, गण्डकी प्रदेश कार्यालय पोखरा, कपिलवस्तु जिल्ला विरपुर गाविस वडा नं. ९ बस्ने किरण पौडेललाई कथित प्रतिकार समितिका मानिसहरूले मिति २०६२/१/३० गते राती ९ बजे तिर गोली हानी हत्या गरेकाले घटनाको छानबिन गरी दोषीलाई कार्यबाही र पीडितलाई क्षतिपूर्तिको व्यवस्था गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा तत्कालीन समयमा गठन भएको अनौपचारिक प्रतिकार समितिका मानिसहरूबाट निज किरण पौडेलको आफ्नै घरमा बसिरहेको अवस्थामा गोली हानी हत्या गरिएको पाइएकाले घटनामा संलग्न दोषीहरू पहिचान गरी कर्तव्यज्यान मुद्दामा कार्यबाही चलाउन र पीडित परिवारले रु.१,००,०००/– (रूपैंया एक लाख मात्र) क्षतिपूर्ति पाइसकेको देखिँदा थप रु.२,००,०००/– (रूपैंया दुई लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

३०४. स्थिति अज्ञात, गण्डकी प्रदेश कार्यालय पोखरा, कास्की हंसपुर गाविस वडा नं. १ बस्ने म्याग्दी जनस्वास्थ्य कार्यालयमा अ.हे.व. पदमा कार्यरत विनोद पौडेल भिटामिन बी खुवाउने कार्यक्रम सञ्चालन गर्न म्याग्दीको लुलाङ भन्ने ठाउँमा गएको अवस्थामा मिति २०५८ साल फागुन महिनाबाट स्थिति अज्ञात भएकाले स्थिति सार्वजनिक गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा विस्तृत अध्ययन गरी पुनः पेस गर्ने निर्णय गरियो ।

३०५. हत्या, प्रदेश नं. २ कार्यालय जनकपुर, जिल्ला धनुषा हठ्ठीपुर हडवाडा १ बस्ने अजय मण्डललाई मिति २०६६/३/१४ गते नेपाल प्रहरीले प्रक्राउ गरी धनुषा जिल्लाको भुतही पर्टेवा गाविस वडा नं. ९ स्थित पुरनदाहामा लगी गोली हानी हत्या गरेकाले निष्पक्ष छानविन गरी कार्यबाही गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा निज अजय मण्डललाई नेपाल प्रहरीले मिति २०६६/३/१४ गते पक्राउ गरी सोही दिन धनुषा जिल्ला भुतही पर्टेवा गाविस वडा नं ९ स्थित पुरनदाहामा लगी गोली हानी हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी प्रहरीहरूको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न र पीडित परिवारलाई रु. ३,००,०००/- (रूपैंया तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

३०६. स्वास्थ्यको अधिकार, गण्डकी प्रदेश कार्यालय पोखरा, कास्की जिल्ला पोखरा लेखनाथ महानगरपालिका वडा नं. ७ निवासी कमल लम्साल लामो समयदेखि मानसिक समस्याबाट ग्रसित रहेको आर्थिक अवस्था कमजोर रहेकाले नियमित उपचार गराउन नसकिएको हुँदा निःशुल्क उपचारका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीउपर आयोगबाट अनुसन्धान एवम् पहल हुँदा निजको कोसिस नामक संस्थामा आयोगसमेतको पहलमा उपचार भइरहेको र सुधारसमेत भइरहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीउपरको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३०७. महिलाहिंसा, गण्डकी प्रदेश कार्यालय पोखरा, कास्की जिल्ला साविक लेखनाथ -६, हाल पोखरा लेखनाथ महानगरपालिका वडा नं. २७ अर्चले बस्ने लक्ष्मी विकलाई मिति २०७४/१/१८ गते राती घरपरिवारका सदस्यहरू सासू, ससुरा, जेठी सासू, जेठानीलगायतका व्यक्तिहरूले ज्यान मार्ने धम्की दिएकाले बाँच्न पाउने अधिकारको रक्षा गरी पाउन भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा निजको विषयमा अदालतमा मुद्दा चली निजको पक्षमा फैसलासमेत भएको पाइएकाले हाललाई प्रस्तुत उजुरीउपरको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३०८. बाँच्न पाउने अधिकार, गण्डकी प्रदेश कार्यालय पोखरा, कास्की जिल्ला पोखरा लेखनाथ महानगरपालिका अमरसिंह थापा मार्ग बस्ने सिनला थापालाई मिति २०७४/४/१० गते निजको दाजु शिवबहादुर थापाले कुटपिट गरी घरको समान तोडफोड गरी अपशब्द प्रयोग गरी बाँच्न पाउने अधिकार हनन गरेकाले न्याय पाऊँ भनी आयेगमा दर्ता भएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा हाल अवस्था सामान्य रहेको, सर्वोच्च अदालतमा निजहरूको अंश मुद्दा विचाराधीन समेत रहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३०९. न्यायप्रशासन, गण्डकी प्रदेश कार्यालय पोखरा, कास्की जिल्ला पोखरा लेखनाथ मनपा २० निवासी प्रकाश गुरुङलाई मिति २०७४/९/१० गते भेडा बाख्रा सञ्चालक तथा कर्मचारीहरूले कुटपिट गरी घाइते बनाएको र प्रहरी प्रशासनको मिलेमतोमा उल्टै निजलाई सार्वजनिक मुद्दा लगाई थुनामा राखेकाले छानविन गरी न्याय पाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा पीडित तथा निजको विपक्षीबिच मिलापत्र भई हाल अवस्था सामान्य रहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३१०. बाल अधिकार, गण्डकी प्रदेश कार्यालय पोखरा, जिल्ला प्रहरी कार्यालय पर्वतको हिरासत कक्षमा मिति २०७४/१२/१५ गतेदेखि २ जना नाबालक बच्चाहरूलाई झुठो मुद्दा लगाई राखिएको र मानसिक यातना दिएकाले घटनाको अनुसन्धान गरी न्याय दिलाई पाऊँ भनी दर्ता हुन आएको उजुरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा पीडित दुवै जना बालकहरूलाई जबरजस्ती करणी मुद्दामा हिरासतमा राखिएको र पछि जिल्ला अदालतको आदेशले एक जनालाई अभिभावकको संरक्षणमा र एक जनालाई बाल सुधार गृह सराङकोट कास्कीमा बुझाएको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३११. विस्थापित, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, खोटाङ जिल्ला सिमपानी गाविस -६ का

परशुराम कार्कीको घरमा नेकपा (माओवादी)- कार्यकर्ताहरूले मिति २०५८/०९/२८ र २०६१/९/८ गते लुटपाट गरी घरभित्रको सम्पूर्ण भौतिक सामग्रीहरू लगी घरमा तालाबन्दी गरी विस्थापित बनाएकाले आफ्नो घरमा पूर्ववत् बस्न पाउने वातावरणका लागि पहल गरी पाउन भनी दर्ता भएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा विस्थापित भएबापत नेपाल सरकारबाट क्षतिपूर्ति प्राप्त गरिसकेको, आयोगसमेतको पहलमा २०६२ सालदेखि पुनःस्थापित भई हाल स्वतन्त्रपूर्वक आफ्नै घरमा बसिरहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३१२. विस्थापित/सम्पत्ति कब्जा, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, खोटाङ जिल्ला कुभिण्डे गाविस -३ बस्ने केदारनाथ पोखरेलको घरजग्गा २०५७ सालमा नेकपा (माओवादी)-ले कब्जा गरी विस्थापित बनाएकाले पुनः स्थापनाका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा हाल उक्त घरजग्गा फिर्ता भइसकेको कुनै समस्या नरहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३१३. बेपत्ता, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, सोलुखुम्बु जिल्ला गोलीे गाविस -१ बस्ने श्रीबहादुर बस्नेतलाई मिति २०६१/३/२ गते ओखलढुङ्गाबाट गस्तीमा आएका शाही सेनाले गोली-२ दोभानेबाट पक्राउ गरी बेपत्ता बनाएकाले स्थिति सार्वजनिक गरी रिहाइका लागि पहल गरी पाउन दर्ता हुन आएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा सो समयमा निजलाई सेनाले पक्राउ गरी एक हप्तापछि नै छाडी दिएको र हाल निज आफ्नै गाउँघरमा होटल व्यवसाय गरी बसिरहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३१४. दुर्व्यव्यवहार, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्लास्थित हर्कपुर प्रहरी चौकीमा कार्यरत प्रहरी हबल्दार जीतबहादुर कार्कीले सो रुटमा चल्ने गाडी चालकहरू रामबहादुर केसीलगायतलाई विभिन्न बाहनामा रकम माग गर्ने, गाली गलौज कुटपिट गर्ने गरेकाले आवश्यक कार्यबाही गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा हाल अवस्था सामान्य रहेको, निज हबल्दार जीतबहादुर कार्की अन्यत्र सरुवा भइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३१५. नेकपा (माओवादी)-बाट धम्की, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, खोटाङ जिल्ला सल्ले गाविस वडा नं. ६ निवासी वीरबहादुर राईलाई नेकपा (माओवादी)-का चर्खबहादुर चाम्लिङले पटक पटक विभिन्न किसिमका धम्की दिने गरेकाले भन्ने ब्यहोराको आयोगमा दर्ता हुन

आएको उजुरीउपर अनुसन्धान हुँदा निज पीडित ७/८ वर्षदेखि बेलायतमा बस्दै आएको हाल कुनै समस्या नरहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३१६. चुनावी प्रचार-प्रसार अवरोध, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, संविधानसभाको निवार्चनको दौरान जिल्ला सोलुखुम्बु राष्ट्रिय प्रजातन्त्र पार्टीका उमेदवार दोर्ज शेर्पा सुशीललाई चुनावी प्रचार-प्रसार गर्न नेकपा (माओवादी)-का कार्यकर्ताहरूले अवरोध गरेको भन्ने उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा पहिलो संविधानसभाको निर्वाचनको समयको समस्या भएको सो समस्या सोही समयमा स्थानीयस्तरमा नै समाधान भइसकेको भन्ने मिसिल संलग्न कागजातहरूबाट पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३१७. हत्या, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, खोटाङ जिल्ला दिक्तेल गाविस वडा नं.८ घर भएका लक्ष्मीप्रसाद राईलाई खुम्वुवान मुक्तिमोर्चाका कार्यकताहरूले मिति २०५९/१०/०७ गते हत्याराको आरोप लगाई घरबाटै नियन्त्रणमा लिई हत्या गरेकाले पीडकलाई आवश्यक कार्यबाही र पीडितलाई क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा सोही घटनाका सम्बन्धमा खोटाङ जिल्ला अदालतमा मुद्दा चली फैसला भइसकेको पीडित परिवारलाई सात लाख राहत प्राप्त गरिसकेको र छोराछोरीले छात्रवृत्ति प्राप्त गरेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३१८. आत्म समर्पणको वातावरण, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, सोलुखुम्बु जिल्ला सल्यान गाविस वडा नं. ८ बस्ने रामेश्वर कार्कीलाई निजको इच्छाविपरीत नेकपा (माओवादी)-को भेलाले गाजस प्रमुखमा प्रस्ताव गरेकाले देशको सङ्कटकाल अवस्था समेतलाई विचार गरी आत्म समर्पणको वातावरण मिलाई पाऊँ भनी दर्ता हुन आएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा हाल निजलाई आफ्नै घरमा शान्तिपूर्वक बसिरहेको कुनै समस्या नरहेको भन्ने पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३१९. इच्छाविपरीत सरुवा, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला कारागार कार्यालयमा कैदी जीवन विताई रहेका लक्ष्मण गिरी, जसबहादुर राई, शुक्र विक, चन्द्रकुमार कार्की, लोकबहादुर कार्की र कैलाश कार्कीसमेतका कैदीबन्दीहरूलाई निजहरूको इच्छाविपरीत रामेछाप कारागार सरुवा गरेकाले रोकी पाऊँ भनी यस आयोगमा दर्ता हुन आएको उजुरीका सम्बन्धमा कारागार ऐन,२०१९ तथा नियमावलीको अध्ययन गर्दा कारागार प्रशासनले

आवश्यकता अनुसार कैदीबन्दीहरूको हस्तानान्तरण गर्न सक्ने प्रावधान रहेको पाइँदा प्रस्तुत उजुरी आयोगको क्षेत्राधिकार भित्र पर्ने नदेखिएकाले राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम खारेज गर्ने निर्णय गरियो ।

३२०. घरेलु हिंसा, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला वेतनी गाविस ४ बस्ने यशोदा कट्टेलको २०६६ सालमा सोलुखुम्बु जिल्ला नेचा -४ बस्ने भीम कट्टेलसँग विवाह भएकोमा यशोदा गर्भवती भएदेखि नै श्रीमान् भीम कट्टेललगायत घरपरिवारका सदस्यहरूले कुटपिट र दुर्व्यवाहर गर्न लागेपछि माइतीमा नै बसी बच्चाको न्वारनसमेत गरी बसी आएको, घरपरिवारले हेरचाह नगरी मानसिक यातनासमेत दिने गरेकाले श्रीमानूसँग सम्मानपूर्वक बाँच्न पाउने वातावरणका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीउपर अनुसन्धान हुँदा निजको जिल्ला अदालतमा सम्बन्धविच्छेद मुद्दा चली सम्बन्धविच्छेद समेत भइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३३१. महिला अधिकार, प्रदेश नं. ५ कार्यालय बुटवल, जिल्ला चितवन रत्ननगर टाँडी निवासी यज्ञप्रसाद सोडारी र मिना सोडारीबिच वैवाहिक सम्बन्ध भई एक छोराको जन्म भएको, श्रीमान् भारत हिँडेपछि निजकी अर्की श्रीमती र परिवारका सदस्यहरूले दुःख दिएका कारण नवलपर ासीको गैँडाकोटमा माइती घरमा बस्दै आएकोमा सौता रूपमायाले छोरालाई पढाउँछु भनी लगेकोमा भाँडा माझ्न लगाएको प्रहरिको सहयोगमा कुटपिटसमेत गरेकाले आवश्यक पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीउपर आयेगबाट अनुसन्धान हुँदा निज मिना सोडारीलाई कुटपिट तथा यातना दिएको नदेखिएको, छोरा १८ वर्ष पुगी अध्ययनमा सरिक रहेको भन्ने अनुसन्धान प्रतिवेदनबाट पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३३२. महिलाहिंसा (सामूहिक बलात्कार), प्रदेश नं. १ कार्यालय विराटनगर, सुनसरी जिल्ला औरावनी गाविसबस्ने अन्जना माझीलाई सामूहिक बलात्कार भएको भनिएको घटनाको सम्बन्धमा Suo Moto उजुरी ग्रहण गरी दर्ता हुन आएको उजुरीका सम्बन्धमा आयेगबाट अनुसन्धान हुँदा सोही घटनाका सम्बन्धमा अदालतमा मुद्दा चलिसकको भन्ने मिसिल संलग्न पीडित अन्जनाको बाबुको बयानबाट खुल्न आएको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३३३. महिलाहिंसा, प्रदेश नं. १ कार्यालय विराटनगर, सुनसरी जिल्ला दुहवी गाविस- ५ बस्ने सुमित्रादेवी रौनियारलाई मिति २०७१/१/६ गते आफ्नै घर कोठामा बसिरहेको अवस्थामा ऐ.ऐ. बस्ने गफार मियाले जबरजस्ती करणी गर्ने प्रयास गरेकोमा सोको उपर प्रहरी कार्यालय

दुहवीमा जाहेरी दिँदा दर्ता गर्न नमानेको हुँदा आवश्यक पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीउपर अनुसन्धान हुँदा दुवै पक्षबिच मिलापत्र भई पीडितका तर्फबाट उजुरीको प्रक्रिया अगाडि नबढाईदिन आग्रहसमेत गरेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३३४. महिलाविरुद्धको हिंसा (बलात्कार), प्रदेश नं. १ कार्यालय विराटनगर, मोरङ जिल्ला महादेव गाविस वडा नं.- ३ बस्ने रूपा हरिजन माझिलाई ऐ.ऐ. बस्ने मनोज शर्माले जबरजस्ती करणी गरेकोमा पीडकलाई कार्यबाहीका लागि पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा सोही घटनाका सम्बन्धमा प्रहरीमा जाहेरी दरखास्त दर्ता भई अदालतमा मुद्दा चली पीडकलाई सजाय र पीडितले क्षतिपूर्तिसमेत पाइसकेको मिसिल संलग्न कागजात प्रमणहरूबाट देखिएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३३५. बालिकामाथि बलात्कार, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, भारतको पश्चिम बंगाल घर भई कैलाली जिल्लाको धनगढी बजारमा आफ्नो बाबु आमासँग बस्दै आएकी वर्ष ९ की रजिया मलिकलाई निजकै काका नाता पर्ने मोहरम मलिकले मिति २०७२/३/४ गते जबरजस्ती करणी गरेको र सोभन्दा पहिलेदेखि नै यौनदुर्व्यवहार गदै आएकाले पीडकलाई कार्यबाही तथा पीडितलाई संरक्षण गरी क्षतिपूर्ति दिलाई पाऊँ भनी दर्ता हुन आएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा सोही विषयमा कैलाली जिल्ला अदालतमा मुद्दा चली पीडकलाई कार्यबाही समेत भइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१) बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३३६. बम विष्फोटबाट धनसम्पत्ति क्षति, प्रदेश नं. ५ कार्यालय बुटवल, चितवन जिल्ला शुक्रनगर गाविस वडा नं. २ घर भएका थमप्रसाद बसेलको घरमा मिति २०५७/१२/२१ गते राती नेकपा (माओवादी)-हरूले बम विष्फोट गराई क्षति पुऱ्याइएकाले आवश्यक क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा जिल्ला प्रशासन कार्यालय चितवनको पत्रबाट निजले क्षतिपूर्ति पाइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३३७. रोजगारीको अधिकार, प्रदेश नं. ५ कार्यालय बुटवल, पाल्पा जिल्ला हुगी गाविस वडा नं. १ स्थति श्री गण्डकी माविका शिक्षक मुक्तिप्रसाद अर्याललाई विद्यालयका बालबालिकाहरूलाई यौन दुर्व्यवहार गरको भन्ने आरोपमा विद्यार्थी र अभिभावकहरूसमेत मिलि विद्यालयभित्रै नाराबाजी गरी राजिनामा गर्न बाध्य पारेकाले आफ्नो शिक्षक पेसा सुरक्षित गरिपाऊँ भनी दर्ता

हुन आएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा निजले राजिनामा गरी पेन्सन पाउने अवस्थामा रहेकाले उजुरी टुङ्ग्याई दिन अनुरोध गरी फोन गरेको समेत पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३३८. सम्पत्तिसम्बन्धी अधिकार, प्रदेश नं. ५ कार्यालय बुटवल, चितवन जिल्ला दारेचोक ३ घर भएका खडककुमारी सिलबालको नामको ऐ.ऐ. स्थित मुग्लिन बजारमा रहेको घर टहरोमा चलन चल्तीको भाडा दिने सर्तमा २०४२ सालदेखि प्रहरी चौकी बस्दै आएकोमा हालसम्म पनि भाडा नपाएकाले भाडा दिलाई पाऊँ भनी दर्ता हुन आएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा आयोगसमेतको पहलमा निजले घर भाडा प्राप्त गरको र आगामी दिनमा नियमित रूपमा भाडा बुझाइने भनी प्रहरी प्रधान कार्यालयको च.नं. २३ मिति २०७०/४/१६ को पत्रद्वारा जानकारी प्राप्त भएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३३९. बसोबासको अधिकार, प्रदेश नं. १ कार्यालय विराटनगर, धनकुटा  जिल्ला हिले नपा १ मा रहेका ४७ घरपरिवार सुकुम्बासीलाई मिति २०७३/९/२४ गते बिहान १०:३० बजे पूर्व सूचनाविना नै ३०० जना सुरक्षकर्मीसहित डोजरलगाई आतङ्कित बनाई छाप्राहरू भत्काई हटाएकाले छानबिन गरी दोषीउपर कार्यबाही र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराई पाऊँ भनी दर्ता हुन आएको उजुरीउपर अनुसन्धान हुँदा सोही विषयमा उच्च अदालत विराटनगरमा मुद्दा चली विचाराधीन अवस्थामा रहेको, हाल सो स्थानमा बसोबास भएको नपाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३४०. न्यायप्रशासन, प्रदेश नं. ५ कार्यालय बुटवल, नवलपरासी जिल्ला रामनगर १ बस्ने भोजराज न्यौपानेलाई मिति २०६६/१०/२३ गते माओवादीका कार्यकर्ताहरूले मरणासन्न हुने गरी कुटपिट गरेकाले र अझै आक्रमण गर्ने सम्भावना रहेकाले जीवनरक्षा गरी दोषीउपर कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा हाल त्यस्तो अवस्था नरहेको, सामान्य अवस्थामा निज भोजराज आफ्नै गाउँघरमा रही रहेको मिसिल संलग्न कागजातहरूबाट पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३४१. दुर्व्यवहार, प्रदेश नं. ५ कार्यालय बुटवल, चितवन जिल्लास्थित माइती नेपालमा क्षेत्रीय कार्यक्रम अधिकृत पदमा कार्यरत युवराज दवाडीलाई मिति २०६९/४/१२ गते जिल्ला प्रहरी कार्यालय चितवनको महिला सेलमा कार्यरत प्रहरी निरीक्षक टङ्कप्रसाद भट्टराईसँग महिलासम्बन्धी

उजुरीका बारेमा छलफल गर्न गएको वेलामा अपशब्द प्रयोग गरी मेरो आत्मसम्मानमा चोट पुऱ्याउने कार्य गरेकाले निज प्रनि टङ्कप्रसाद भट्टराईलाई कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा दुवै पक्षबिच सामान्य भनाभन भएकोमा हाल मेलमिलाप भई दुवै पक्षको सम्बन्ध सुमधुर रहेको भन्ने दुवै पक्षको भनाइ रहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३४२. रोजगारीको अधिकार, प्रदेश नं. ५ कार्यालय बुटवल, नवलपरासी जिल्लाको परासी स्थित जनाधिकार सेवाकेन्द्रका लीलाधर मरासिनीले देशमा २०५८ साल मङ्सिरदेखि सङ्कटकाल लागेयता स्वतन्त्र रूपले पेसाव्यवसाय गर्न नपाएकाले स्वतन्त्रपूर्वक पेसाव्यवसाय गर्न पाऊँ भनी दर्ता गराएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा हाल अवस्था सामान्य रहेको स्वतन्त्रपूर्वक पेसाव्यवसाय गरिरहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१) बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३४३. धम्की, प्रदेश नं. १ कार्यालय विराटनगर, सुनसरी जिल्ला इटहरी नपा वडा नं. ५ बस्ने मैया चौलागाईलाई प्रहरीले ज्यान मार्ने धम्की दिएकाले न्याय पाऊँ भनी दर्ता गराएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा हाल त्यस्तो अवस्था नरहेको निज पीडित विदेशमा रहने गरेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३४४. धम्की/कुटपिट, प्रदेश नं. ५ कार्यालय बुटवल, रूपन्देही जिल्ला मकहर गाविस वडा नं. ४ निवासी कविराम अर्याललाई मिति २०६१/३/२८ गते नेकपा (माओवादी)-का कार्यकर्ताहरूले कुटपिट गरेका कारण १४ दिनसम्म उपचार गरी फर्किँदा पुनः सोही व्यक्तिहरूले धम्की दिएकाले जीवनरक्षा गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा हाल अवस्था सामान्य रहेको उपचारबापत जिल्ला प्रशासन कार्यालय रूपन्देहीबाट क्षतिपूर्तिसमेत पाइसकेकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१) बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३४५. धम्की/कुटपिट, प्रदेश नं. ५ कार्यालय बुटवल, नवलपरासी जिल्ला गङ्गोलिया ६ घर भई हाल श्री ३ नं. वाहिनी अड्डामा कार्यरत सहसेनानी रक्षा केसीको घरमा नेकपा (माओवादी)-का कार्यकर्ताहरूले तालाबन्दी गरी विस्थापित बनाएको र छोरीलाई जागिरबाट छुटाउन भनी बुबा मामुलाई धम्कीसमेत दिएकाले मानव अधिकार संरक्षण गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा निजहरू पहिलेदेखि नै काठमाडौँ बस्ने गरेको, हाल अवस्था सामान्य रहेको भन्ने मिसिल संलग्न कागजातहरूबाट पाइएकाले हाललाई प्रस्तुत

उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१) बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३४६. धम्की, प्रदेश नं. ५ कार्यालय बुटवल, नवलपरासी जिल्ला प्रसौनी गाविस वडा नं. ९ बस्ने टेकबहादुर दरैको घरमा २०६२/७/०२ गतेका दिन सुरक्षाकर्मीहरू प्रवेश गरी मेरो नागरिकता, राहदानीलगायत महŒवपूर्ण कागजातहरू लगी मेरी श्रीमतीलाई समेत धम्क्याएकाले मेरो सामान तथा कागजातहरू फिर्ता गराई जीवनरक्षा गरिपाऊँ भनी दर्ता भएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा हाल उक्त कागजातहरू पीडितले प्राप्त गरिसकेको, अवस्था सामान्य रहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३४७. धम्की, प्रदेश नं. ५ कार्यालय बुटवल, नवलपरासी जिल्ला रामग्राम नपा वडा नं. ९ बस्ने जानकीदेवी पासी र गायत्रीदेवीले अधिकार सम्पन्न सुकुम्बासी आयोगबाट केही जग्गा प्राप्त गरेकोमा सोही ठाउँ निवासी राजेश यादवले अदालत र संयुक्त क्रान्तिकारी जनपरिषद्मा उजुरी गरी दुःख दिएकाले जिउधनको सुरक्षा गरी पाउन भनी दर्ता भएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा सोही विषयमा अदालतमा चलेको मुद्दामा पीडितहरूकै पक्षमा फैसला भई निजहरूकै भोगचलनमा हालसम्म पनि रही रहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३४८. धम्की (नेकपा (माओवादी)-), प्रदेश नं. ५ कार्यालय बुटवल, चितवन जिल्ला भण्डारा बस्ने दयानिधि पाण्डे र निजकी श्रीमतीलाई २०६४ साल असोज ३ गते नेकपा (माओवादी) कार्यकर्ताहरू घरमा नै आई पारिवारिक विषयलाई लिएर घरजग्गा कब्जा गरी भौतिक कार्यबाही गर्ने धम्की दिएकाले न्याय पाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा छलफल हुँदा विस्तृत अध्ययन गरी पुनः पेस गर्ने निर्णय गरियो ।

३४९. सम्पत्ति कब्जा, धम्की, प्रदेश नं. ५ कार्यालय बुटवल, चितवन जिल्ला भरतपुर नपा वडा नं.२ घर भएका अधिवक्ता रामजी विष्टलाई मिति २०६४/०६/२० गते नेकपा (माओवादी)-का भातृसङ्गठन YCL का कार्यकर्ताहरू बिहान करिब ११:०० बजेतिर घरमा आई घरजग्गा कब्जामा लिई धाकधम्की दिएकाले आवश्यक कार्यबाही गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा हाल घर कब्जामा नरहेको विभिन्न व्यक्तिहरू भाडामा बस्ने गरेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३५०. धम्की, प्रदेश नं. ५ कार्यालय बुटवल, चितवन जिल्ला भरतपुर नपा वडा नं.४ बस्ने सूर्यप्रसाद श्रेष्ठले नारायणगढस्थित पुल्चोकमा २०६२ सालदेखि गोरखा गेस्ट हाउस सञ्चालन गरी

आएकोमा ऐ. वडा नं.५ बस्ने शम्भु अर्याल साथीको नाताले आउने जाने गरेकोमा गेस्ट हाउसअगाडिको खाली जग्गामा रेस्टुरेन्ट बनाई सञ्चालन गर्न दिएको तर सोही निहुँमा पूरै गेस्टहाउसनै कब्जामा लिएको हुँदा सम्बन्धित निकायमा उजुरी गरेकोमा कुनै सनुवाइ नभएकाले न्याय दिलाई पाऊँ भनी दर्ता भएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा उक्त विषय व्यक्ति व्यक्तिबिचको लेनदेनको विषय देखिएकाले आयोगको क्षेत्राधिकारभन्दा बाहिरको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम खारेज गर्ने निर्णय गरियो ।

३५१. धम्की, प्रदेश नं. ५ कार्यालय बुटवल, नवलपरासी जिल्ला मुकुन्दपुर गाविस वडा नं. ५ बस्ने विक्रम सुवेदीलाई मिति २०६७/०३/३० गते र तत्पश्चात् पनि अपरिचित व्यक्तिले फरक फरक मोवाइलबाट फोन गरी चन्दा माग्ने, अपहरण गर्ने तथा ज्यान मार्नेसमेतको धम्की दिने गरेकाले जिउधनको रक्षा तथा दोषीलाई कार्यबाही गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा हाल उक्त समस्या नरहेको पीडित र निजकी श्रीमतीसमेत डेढ वर्षदेखि अस्ट्रेलियामा बस्ने गरेको भन्ने पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३५२. धम्की (जेलरबाट), प्रदेश नं. ५ कार्यालय बुटवल, कारागार कार्यालय चितवनका जेलर टोलप्रसाद शर्मासमेतले कारागार ऐन कानुन आफ्नो हातमा लिई कैदीबन्दीहरूलाई विभिन्न वाहानमा धम्क्याउने तथा दुःख दिने गरेकाले पीडकहरूलाई कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा जेलर टोलप्रसाद शर्माको सरुवापश्चात् सो विवाद सामान्य भइसकेको हाल कुनै पनि किसिमको धम्की नरहेको भन्ने पाइएकाले हाललाई प्रस्तुत उजुरीउपरको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३५३. धम्की, प्रदेश नं. ५ कार्यालय बुटवल, चितवन जिल्ला अयोध्यापुर गाविस वडा नं. ७ घर भएका माधवप्रसाद सुवेदीको श्रीमतीसँग अंशसम्बन्धी विवाद रहेकोमा सो विवाद घरमा नै मिलाउने प्रयास भइरहेको अवस्थामा टम्टास्थित प्रहरी चौकीका इन्चार्जले आचरण विपरीत कार्य गरी ज्यादती गरेकाले विभागीय कार्यबाही गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा प्रहरीबाट आचरण विपरीत कार्य नभएको र ज्यादती नगरेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३५४. धम्की, प्रदेश नं. ५ कार्यालय, बुटवल कपिलवस्तु जिल्ला अन्नपूर्ण पोस्ट, हिमालय टाइम्स, तिलोत्तमा दैनिक सिद्धार्थ एफएमका प्रधान सम्पादक/प्रकाशक कृष्णप्रसाद ढकाललाई

जिल्लाका विभिन्न सङ्घसंस्था तथा कार्यालयहरूबाट जबरजस्ती चन्दा मागेको नदिए ज्यानमार्ने धम्की दिएको विषयमा समाचार छपाइ तथा प्रकाशन गरेको विषयमा संयुक्त जनतान्त्रिक मुक्ति मोर्चाले ज्यान मार्ने धम्की दिएकाले सुरक्षाको व्यवस्था मिलाई पाऊँ भनी दर्ता हुन आएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा हाललाई कुनै पनि किसिमको धम्की नरहेको निजले आफ्नो पत्रकारिता व्यवसाय निरन्तर गरिरहेको भन्ने मिसिल संलग्न कागजातहरूबाट पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३५५. गैरकानुनी थुना, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला गनापुर गाविस-९ बस्ने घनश्याम अहिर (यादव) लाई मिति २०६१/११/१३ गते सादा पोसाकका सुरक्षाकर्मीहरूले पक्राउ गरी लगेको र गैरकानुनी थुनामा राखेकोमा २०६१/०५/१६ गते अदालतको आदेशले छाडे पनि सोही दिन पुनः पक्राउ गरी २०६१/०५/१८ गते थुनुवा पुर्जी दिई हाल कारागार शाखा नेपालगन्जमा गैरकानुनी थुनामा राखेकाले मुक्त गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा जिल्ला प्रशासन कार्यालय बाँके नेपालगन्जको पत्रबाट तत्कालीन कानुनबमोजिम नजरबन्दमा रहेकोमा हाल थुनामुक्त भइसेको भन्ने र गनापुर गाविसको पत्रबाट पनि थुनामुक्त भई आफ्नै घरमा रहेको भन्ने पाइएबाट हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१) बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३५६. सुरक्षाकर्मीद्वारा हत्या (निष्पक्ष छानविन) प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, सुर्खेत जिल्ला उत्तरगङ्गा गाविस वडा नं. ९ बस्ने चित्रबहादुर रौनियार र धनबहादुर सुनारलाई मिति २०६१/०९/११ गते क्षेत्रीय प्रहरी कार्यालय सुर्खेतका प्रहरी जवानहरू नवराज पून मगर दिब्यजङ्ग शाह र मधु श्रेष्ठसँग सामान्य भनाभन हुँदा प्रहरी जवानहरूले चक्कु प्रहार गर्दा चित्रबहादुर रौनियारको हत्या भएको र धनबहादुर सुनार घाइते भएकाले आवश्यक कार्यबाही गरी न्याय पाऊँ भनी दर्ता भएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा सोही विषयमा अदालतमा मुद्दा चली फैसलासमेत भइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३५७. गैरकानुनी थुना, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, रुकुम जिल्ला चौखावाङ गाविसं. वडा नं. ९ निवासी नेत्रबहादुर रोकाय लाई नेकपा (माओवादी)-को सुराकीको आरोपमा मिति २०६०/९/१८ गते प्रहरीले पक्राउ गरी नेपालगन्ज कारागार चलान गरेको भन्दै गैरकानुनी थुनामा राखिएको हुँदा थुनामुक्त गराई पाऊँ भनी दर्ता भएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा निजलाई तत्कालीन समयमा तत्कालीन कानुनबमोजिम नै थुनामा राखिएको र सोहीअनुसार नै थुनामुक्त गरेको पाइएको र हाल निज थुनामुक्त भई घरमा नै रहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा

क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३५८. अवस्था अज्ञात, प्रदेश नं. ५ शाखा कार्यालय, नेपालगन्ज तत्कालीन समयमा शाही नेपाली सेनामा कार्यरत कैलाशबहादुर डाँगी मिति २०६२/४/२३ गते राती नेकपा (माओवादी)-बाट कालीकोट जिल्लाको पिलीमा भएको भिडन्तमा परी हराएकाले निजको खोजतलास गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा निज तत्कालीन समयमा माओवादीको अपहरणमा परी ३९ दिनपछि रिहा भएको र हाल नेपाली सेनामा नै कार्यरत रहको भन्ने पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३५९. गैरकानुनी थुना र माओवादीद्वारा यातना, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला बनकटवा ५ निवासी हेमराज योगीलाई मिति २०६०/७/२२ गते सुरक्षा कर्मीले घरबाट नै पक्राउ गरी लगी चार महिना, चार दिन हिरासतमा राखेको त्यस्तैगरी मिति २०६२/१२/२७ गते नेकपा (माओवादी)-का कार्यकर्ताहरूले अपहरण गरी मार्ने तयारी गरेको अवस्थामा भागी ज्यान जोगाउन सफल भएकाले क्षतिपूर्ति उपलब्ध गराई जीवनरक्षाको लगि पहल गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा तत्कालीन समयमा कानुनबमोजिम पक्राउ गरी थुनामा राखिएको र अपहरण भएकोमा तत्कालै मुक्तसमेत भइसकोको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३६०. बेपत्ता, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, सुर्खेत जिल्ला साविक रानिवास गाविसकाडाँपोखरी निवासी वीरबहादुर खड्का (सञ्जीव) लाई तत्कालीन शाही नेपाली सेनाले बेपत्ता बनाएकाले खोजतलास गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा निजलाई २०६१/८/२१ गते पक्राउ गरी तत्कालीन कानुनबमोजिम थुनामा राखिएको पछि रिहा भई हाल वैदेशिक रोजगारीको सिलसिलामा साउदी अरबमा रहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३६१. माओवादीद्वारा हत्या, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, रोल्पा जिल्ला कोटगाँउ ६ निवासी वसन्त केसी तत्कालीन शाही नेपाली सेनामा कार्यरत रहेको अवस्थामा मिति २०६१/१०/१८ गते घर विदामा घर जाने क्रममा लिवाङको सुर्खेती डाँडाबाट माओवादीका कार्यकर्ताहरूले अपहरण गरी लगी २०६२/३/६ गते हत्या गरेको घोषणा गरेकाले पीडकलाई कार्यबाही र पीडितलाई क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा तत्कालीन समयमा नेकपा (माओवादी)-का कार्यर्ताहरूले निज

वसन्त केसीलाई अपहरण गरी आफ्नो कब्जामा लिएपछि हत्या गरेको पाइयो । सो घटनामा पीडित परिवारले पाउने राहत/क्षतिपूर्ति प्राप्त गरिसकेको देखिँदा सोतर्फ केही गरिरहनु परेन । अपहरण गरी आफ्नो नियन्त्रणमा लिइसकेपछि नेकपा (माओवादी)-का कार्यकर्ताहरूले हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषीहरूको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

३६२. गैरकानुनी थुना, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज रुकुम जिल्ला बाफीकोट गाविस ६ निवासी जिल्ला प्रहरी कार्यालय रुकुममा सिपाही पदमा कार्यरत यज्ञबहादुर केसीलाई २०६१ मा महिनामा माओवादीहरूले उपहरण गरेकोमा निजहरूको कव्जाबाट मुक्त भएपछि आफ्नै घरमा बसिरहेका अवस्थामा सनाले गिराफ्तार गरी हतियार लगेको आरोपमा झुठो मुद्दा चलाएकाले थुनामुक्त गरिपाऊँ भनी दर्ता भएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा निजले मुद्दा जिती हाल प्रहरीमा कार्यरत रहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३६३. जबरजस्ती विवाह प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज सल्यान जिल्ला कोटवारा गाविस ६ बस्ने नाबालिका पवित्र बुढालाई ऐ. बाफुखोला -९ बस्ने विशाराम बलीले जबरजस्ती विवाह गर्न खोजेको र नमानेको खण्डमा भारतबाट नेपाल ल्याउँदा लागेको खर्च रु १६,०००|- तिर्नुपर्ने भनी धम्क्याएपछि बालिका सो ठाउँबाट भागी नरेन्द्र वलीको सम्पर्कमा आएपछि उद्धार तथा संरक्षण गर्नेलाई नै धम्की दिएकाले आवश्यक कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा त्यसपछि निज पवित्रा बुढालाई कुनै पनि किसिमको धम्की नदिएको जबरजस्ती विवाह नभएको संरक्षकले नै निजको राजीखुसी अनुसार विवाहसमेत गरिदिएको तल्कालीन संरक्षक भरेन्द्र वलीको निवेदनबाट पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३६४. कार्यबाही नभएको (न्यायप्रशासन), प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, रुकुम जिल्ला तकसेरा गाविस ३ निवासी सानमाया बुढामगरलाई मिति २०६३/०७/०२ गते ऐ.ऐ बस्ने श्रीमान् बुढामगरसमेतले हत्या गरेको सम्बन्धमा जिल्ला प्रहरी कार्यालय रुकुममा जाहेरी दिए पनि राम्रो सँग अनुसन्धान नगरिएकाले आवश्यक पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखी न्यायिक निकायबाट थप अनुसन्धान भइरहेको भन्ने मिसिल संलग्न जिल्ला प्रहरी कार्यालय रुकुमको पत्रबाट पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३६५. बलात्कार परी हत्या, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बर्दिया जिल्ला बकुवा शिवपुर स्थित जनज्योति मावि कक्षा ९ मा अध्ययनरत छात्रा सपना विकलाई मिति २०६४/१०/१२

गते सैनिक जवान भक्तबहादुर सुनारले बलात्कार गरी हत्या गरेको घटनामा पीडित पक्षहरूले आवाज उठाउदा उल्टै सैनिकहरूले धम्की दिएकाले बलात्कारी सैनिकलाई कार्यबाही गरी पीडितलाई क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगद्वारा अनुसन्धान हुँदा सो घटनामा संलग्न दोषीउपर अदालतमा मुद्दा चली सजायसमेत भइसकेको भन्ने मिसिल संलग्न बर्दिया जिल्ला अदालतको पत्रबाट पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो।

३६६. माओवादीद्वारा जग्गा कब्जा, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बर्दिया जिल्ला राजापुर १ बस्ने गुरैया थारूको बाबुको नाममा रहेको जग्गा माओवादीहरूले कब्जा गरेको र जसले कब्जा गरेको हो उसैको नाममा नामसारी गर्न धम्की दिएकाले आवश्यक कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा उक्त समयमा किचलो रहे पनि हाल समस्या समाधान भइसकेको भनी जग्गाधनी हिरालाल थारूले गिरिदएको कागजबाट पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो।

३६७. कुटपिट/गैरकानुनी थुना प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला गानापुर गाविस ५ निवासी दुर्गेशकुमार मिश्रलाई घरजग्गा साँधसीमाको विवादमा जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी निरीक्षक प्रदीप डिसीले कुटपिट गरी गैरकानुनी थुनामा राखेकाले न्याय दिलाई पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सो समस्या सोही समयमा नै समाधान भइसकेको हाल कुनै समस्या नरहेको भन्ने मिसिल संलग्न कागजातहरूबाट पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो।

३६८. यातना गैरकानुनी थुना, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला हिरमिनिया गाविस वडा नं. ६ बस्ने राजेन्द्रसिंह सोडीलाई मिति २०६८/२/५ गते सादा पोसाकका प्रहरीले पक्राउ गरी थुनामा राखी यातना दिएकाले संलग्न दोषीलाई कार्यबाही र पीडितलाई क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सोही घटनाको सम्बन्धमा निजउपर अदालतमा मुद्दा चली सफाइसमेत पाइसकेको र हाल अवस्था सामान्य रहेको भनी मिसिल संलग्न निज उजुरीकर्ताको निवेदनबाट पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो।

३६९. यातना, प्रदेश नं.५ शाखा कार्यालय नेपालगन्ज, बर्दिया जिल्ला मनाउँ गाविस १ बस्ने पदमबहादुर खड्कासमेतलाई बर्दिया राष्ट्रिय निकुञ्जका सैनिकहरूले चित्तल मारेको आरोप लगाई कुटपिट तथा यातना दिएकाले घटनाको छानविन गरी न्याय दिलाई पाऊँ भनी दर्ता

भएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा सोही घटनामा यातना तथा क्षतिपूर्तिसम्बन्धी मुद्दा अदालतमा चली पीडितहरूलाई क्षतिपूर्ति पाउने गरी र पीडकलाई विभागीय कार्यबाही हुने गरी फैसलासमेत भइसकेको मिसिल संलग्न कागजजातहरूबाट पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३७०. यातना, प्रदेश नं.५ शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला नौवास्ता गाविस वडा नं. २ निवासी पदमबहादुर शाहीलाई २०७०/३/९ गते इलाका प्रहरी कार्यालय कोहलपुरअगाडि स्थानीय बसको भाडासम्बन्धी विवरण इप्रका कोहलपुरका प्रहरी निरीक्षकसहित भई कुटपिट गरी यातना दिई थुनामा समेत राखेकाले न्याय पाऊँ भनी दर्ता हुन आएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सोही विषयमा बाँके जिल्ला अदालतमा मुद्दा चली मिलापत्रसमेत भइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३७१. सुरक्षाकर्मीद्वारा यातना प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, जिल्ला बर्दिया सानोश्री गाविस निवासी रत्नबहादुर परियारलाई मिति २०७०/४/२० गते ई. प्र. का. सानोश्रीका प्रहरी हबल्दार घरमा आई होहल्ला किन गरेको भनी पक्राउ गरी लगी कुटपिट गरी धम्कीसमेत दिई यातना दिएकाले न्याय पाऊँ भनी दर्ता भएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा यसै विषयमा अदालतमा मुद्दा चली पीडकलाई विभागीय सजाय र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउने गरी फैसलासमेत भइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३७२. प्रहरी हिरासतमा मृत्यु, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, रुकुम जिल्ला आठबिसकोट गाविस ६ निवासी डिल्लीबहादुर विष्टलाई अनुसन्धानको सिलसिलामा जिल्ला प्रहरी कार्यालय रुकुमको हिरासतमा राखिएकोमा मिति २०७०/२/८ गते हिरासतमा नै आफ्नै कम्मरमा बाँधेको सलले पासो लगाई आत्महत्या गरेकाले छानविन गरी दोषीलाई कार्यबाही गरी पीडितलाई क्षतिपूर्ति दिलाई पाऊँ भनी दर्ता हुन आएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आफ्नो हिरासतमा रहेको व्यक्तिको प्रहरीले सुरक्षा दिन नसकेको तथा प्रहरीको असावधानी र लापरवाहीका कारण सो घटना भएको पाइनुको साथै हिरासतमा मृत्यु भएको व्यक्तिको मृत्युपश्चात् मृत्युका कारण पत्ता लगाउन शव परीक्षण गर्नुपर्नेमा सोसमेत नगराएको पाइयो । तसर्थ हिरासतमा रहेका व्यक्तिहरूको सुरक्षा गर्न पर्ने दायित्व सुरक्षाकर्मीहरूको हुने हुँदा हिरासत कक्षहरूमा सुरक्षा सावधानी बढाउन र हिरासतमा मृत्यु भएकाहरूको अनिवार्य शव परीक्षण गराउन हिरासत कक्ष भएका सम्पूर्ण निकायहरूलाई पत्राचार गरी यस आयोगलाई जानकारी गराउन र मृतकका परिवारले रु २५०००।- (पच्चिस हजार मात्र) क्षतिपूर्ति पाइसकेको

देखिएकाले थप रु २,७५,०००/– (दुई लाख पचहत्तर हजार मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

३७३. सुरक्षाकर्मीद्वारा यातना, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, रुकुम जिल्ला चौरजहारी नपा २ का महेशकुमार आचार्यलाई जग्गासम्बन्धी विवादमा मिति २०७३/५/६ गते इलका प्रहरी कार्यालय चौरजहारीका प्रनीले पक्राउ गरी यातना दिएकाले न्याय पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निजउपर सार्वजनिक अपराध अन्तर्गत मुद्दा चलाएको, धरौटीमा रिहा भइसकेको जग्गासम्बन्धी विबाद समाप्त भइसकेको भन्ने मिसिल संलग्न निवेदकको बयान कागजबाट देखिएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३७४. गैरकानुनी थुना, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला नेपालगन्ज उमनपा १८ बस्ने खडकमान गहतराजलाई नेपाल प्रहरीका जवानहरूले कुटपिट गरी घरबाटै पक्राउ गरी लगेकाले त्यस्ता व्यक्तिहरूलाई हदैसम्मको कारवही गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा उजुरकर्ता स्वयमूले त्यस्तो केही नभएको उजुरी टुंग्याइदिए हुने भनी दिएको निवेदन मिसिल संलग्न देखिएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३७५. जग्गा कब्जा, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बर्दिया जिल्ला साविक मनाउ -५ हाल गेरुवा गापा ६ निवासी सुनीलकुमार श्रेष्ठको माओवादीहरूले २०५९ सालदेखि घरजग्गा कब्जा गरी विस्थापित भएको भनी दर्ता हुन आएको उजुरीको आयोगद्वारा अनुसन्धान हुँदा हाल कब्जामुक्त भइसकेको जग्गाधनीकै निवार्द भोगचलन रहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३७६. माओवादीद्वारा विस्थापित, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, सल्यान जिल्ला साविक देवस्थल -५ हाल बनघाट कुपिन्डे दह नपा-१ बस्ने वर्ष ४५ को बुद्धसिंह विष्टलाई मिति २०५८/८/२५ गते माओवादीहरूले कुटपिट गरी घरजग्गा कब्जामा लिई विस्थापित गराएकाले आफ्नो घरजग्गा फिर्ता गराई पुनस्थिापीत गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल घरजग्गा कब्जा मुक्त भई निज सपरिवार स्थापित भइसकेको र विस्थापित बापत पाउन पर्ने क्षतिपूर्ति रकमसमेत प्राप्त गरिसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३७७. ताला खोल्न पहल, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, रुकुम जिल्लाको जिल्ला प्रशासन कार्यालयले उद्योग वाणिज्य सङ्घ रुकुमले कुनै पनि कार्य गर्न नपाउने गरी उद्योग वाणिज्य

सङ्घको कार्यालयमा ताला लगाई विभिन्न व्यक्तिहरूलाई नजरबन्दमा र तारेखमा समेत राखेकाले बन्द ताला खोल्नका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल सो ताला खुली सकेको र उद्योग वाणिज्य सङ्घ रुकुमले आफ्नो काम नियमित रूपमा गरिरहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो।

३७८. माओवादीद्वारा चन्दामाग धम्की, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, रोल्पा जिल्ला साविकको बुढागाउँ-७ निवासी बुद्धिराम पुनलाई माओवादीद्वारा आर्थिक माग गरी धम्की दिएका कारण विस्थापित भएकाले न्याय पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल अवस्था सामान्य रहेको कुनै पनि प्रकारको धम्की नरहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो।

३७९. कुटपिट, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, सुर्खेत जिल्ला साटाखानी ४ बस्ने कृष्णबहादुर र कमल दर्लामी मगरसमेत भई ऐ.ऐ. वडा नं. ४ बस्ने रामबहादुर बस्नेतलाई र निजको घरपरिवारको सदस्यलाई मिति २०६१/३/२१ र २०६३/८/२४ गते कुटपिट गरी घरमा आगोसमेत लगाइदिएकाले न्याय पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सोही विषयमा अदालतमा मुद्दा चली फैसलासमेत भइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो।

३७०. बेपत्ता, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, सुर्खेत जिल्ला साविकको मेहेलकुना गाविस ९ हाल भेरिगङ्गा नपा ८ निवासी हरिबहादुर परियारलाई मिति २०५९/६/१७ गते चिसापानी ब्यारेकबाट आएका सुरक्षाकर्मीहरूले घरबाटै प्रकाउ गरी लगी बेपत्ता बनाएकाले स्थिति सार्वजनिक गरी पीडकलाई कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज हाल आफ्नै घरमा सकशल रहेको भन्ने अनुसन्धान प्रतिवेदन र मेहेलकुना गाविसको पत्रबाट समेत पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो।

३७१. माओवादी ज्यादती (चन्दा), प्रदेश ५ शाखा कार्यालय नेपालगन्ज रोल्पा जिल्ला जेकोट ८ निवासी चन्दकुमारी वलीसँग माओवादीहरूले पटक पटक चन्दा स्वरूप नगद लिएको मिति २०६३/१/१८ गते ३० हजार चन्दा मागेको नदिए घर छाडन धम्की दिएका कारण २७ हजार चन्दा दिएकोमा मलेसिया गएको श्रीमान् दुर्घटनामा परी मृत्यु भएकाले मैले दिएको रु २७ हजार रकम फिर्ताका लागि पहल गिरिदिन भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा तत्कालीन समयमा उजुरी दिए तापनि हाल कुनै समस्या नरहेको भन्ने अनुसन्धान प्रतिवेदनबाट पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही प्रक्रिया टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग

(उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३७२. माओवादी ज्यादती (चन्दा), प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, रोल्पा जिल्ला कुरेली गाविस वडा नं. ५ निवास टकबहादुर रोका मगर विदेशमा काम गर्न गएको र फर्केर आएपछि माओवादीहरूले रु ३० हजार चन्दा दिन दबाब दिएकाले न्याय पाऊँ भनी दर्ता भएको उजुरीको आयोगद्वारा अनुसन्धान हुँदा हाल कुनै समस्या नरहेको उजुरी टुङ्ग्याइदिए हुने भनी पीडितको मिसिल संलग्न निवेदनबाट पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३७३. विस्थापित, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बर्दिया जिल्ला साविक पातामार ९ हाल गेरुवा गा. पा. वडा नं.३ निवासी कृष्णबहादुर रावलको घरजग्गा माओवादीहरूले २०५९ सालमा कब्जा गरी विस्थापित बनाएकाले कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल उक्त जग्गा फुकुवा भइसकेको केही बेची सकेको र केही अरुलाई नै कमाउन दिएको भन्ने पीडित कृष्णबहादुर रावलको मिसिल संलग्न निवेदनबाट पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३७४. विस्थापित, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, रुकुम जिल्ला साविक हुकाम गाविस ४ हाल दाङ घोराही बस्दै आएका मेहरमान घर्ती २०५९ सालदेखि सपरिवार माओवादीको धम्कीका कारण विस्थापित भएको हुँदा पुनः स्थापित गराई पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा शान्ति सम्झौता पश्चात् घरजग्गा फुकुवा भई स्थापित भइसकेको भन्ने अनुसन्धान प्रतिवेदनबाट पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३७५. ज्यान मार्ने धम्की, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, रोल्पा जिल्ला लिवाङ गाविस वडा नं. ६ निवासी निभा रोकालाई लिवाङ गाविस ६ स्थित नेपाली सेनाको नयाँ गोरख गणमा कार्यरत क्याप्टेन गणेश रावलले मिति २०६२/०६/२५ गते काठमाडौँ बोलाएर होटलमा राखी जबरजस्ती यौन सम्बन्ध राखी यातना दिएको विवाह गर भन्दा विभिन्न धम्कीसमेत दिएकाले न्याय दिलाई पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निवेदिकाले दाबी गरेजस्तै निज क्याप्टेन गणेश रावल लिवाङ स्थित नयाँ गोरख गण ब्यारेकमा कार्यरत रहेको भन्ने नयाँ गोरख गण लिवाङ ब्यारेक रोल्पाको मिति २०६३/४/२ प.स. १०४०६ (अप्स) को मिसिल संलग्न पत्रबाट पुष्टि हुन आउँछ । त्यस्तै मिसिल संलग्न अन्य प्रमाणहरूबाट निज गणेश रावलले पीडित निभा रोकासँग ललाई फकाई जबरजस्ती यौन सम्बन्ध राखेको, विवाहको प्रस्ताव राख्दा उल्टै विभिन्न धम्की दिएको पाइयो । पीडित निभा रोकायको मृत्यु

भइसकेको हुँदा क्षतिपूतितर्फ केही गरिरहनु परेन । यसरी जबरजस्ती यौनसम्बन्ध राखी उल्टै धम्कीसमेत दिने क्याप्टेन गणेश रावललाई आवश्यक कार्यबाही गर्न नेपाली सेनालाई लेखी पठाउने निर्णय गरियो ।

३७६. माओवादी ज्यादती, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, रोल्पा जिल्ला घोडागाउँ ९ का बासिन्दाहरूले प्रयोग गर्दै आएको कुलोमा खुङग्री गाविसका माओवादीका कार्यकर्तहरूले सो कुलोलाई थुनी जबरजस्ती आफ्नो गाविस माल्याई प्रयोग गरेकोमा त्यसको विरोध गर्दा माओवादी कार्यकर्ताहरूले विभिन्न धम्की दिएकाले न्याय पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा कुलोको विषयमा हाल कुनै पनि विवाद नरहेको कुनै प्रकारको धम्की नरहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१) बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३७७. लुटपाट (ज्याजती), प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, रोल्पा जिल्ला खुनेल गाविस वडा नं. ५ निवासी दुर्गाबहादुर पुनलाई माओवादी कार्यकर्ताहरूले कुटपिट गरी शरीरिक यातना दिई जबरजस्ती चन्दा असुली गरेको रकम निजहरूबाट क्षतिपूर्तिबापत दिलाई पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा तत्कालीन अवस्थामा नगद नभएका कारण अर्कै व्यक्तिसँग सुन मागी सुन नै माओवादीहरूलाई चन्दास्वरूप दिएको पछि नगद दिई सुनसमेत दिएको भन्ने पीडित दर्गाबहादुर पुनको भनाइ रहेकोमा माओवादीलाई चन्दा दिएको भन्ने कुनै प्रमाण पत्ता हुन नसकेको सो सम्बन्धमा अन्यत्र कहीँकतै कुनै पनि प्रकारको उजुरी दिएको नपाइएको समेत आधारमा मौखिक भनाइकै भरमा चन्दा दिएको भन्ने मानी कार्यबाही प्रक्रिया अगाडि बढाउन नसकिने देखिएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३७८. माओवादीद्वारा घरजग्गा कब्जा, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, रुकुम जिल्ला हुकाम गाविस वडा नं. १ बस्ने हस्तराम घर्ती समेतको घरजग्गा माओवादीहरूले कब्जा गरी २०५९ सालदेखि विस्थापित भएकाले क्षतिपूर्ति उपलब्ध गराई पुनस्थापित गरिपाऊँ भनी दर्ता हुन आएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा विस्थापित बापतको क्षतिपूर्ति पाइसकेको हाल आफ्नो घरमा स्थापित भई बसोबास गरिरहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३७९. विस्थापित प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बर्दिया जिल्ला साविक मानपुर टपरा गाविस ९ हाल राजापुर नपा ६ श्रीपुर बस्ने नारायण चौधरीलाई चन्दा माग गरी धम्क्याएका कारण विस्थापित भई २०५८ सालदेखि नेपालगन्जमा बस्दै आएकाले पुनस्थापितका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हँदा विस्तृत शान्ति सम्झौतापछि पुनःस्थापित भइसकेकाले उजुरी टुङ्ग्याइदिन अनुरोध गरी पीडितले दिएको निवेदन मिसिल

संलग्न पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३८०. विस्थापित, प्रदेश नं. ५ शाखा कार्यालय, नेपालगन्ज, रुकुम जिल्ला हुकाम गाविस वडा नं. १ बस्ने वीरबहादुर घर्ती र सूर्य माया घर्तीको घरजग्गा माओवादीहरूले कब्जा गरेका कारण २०५९ सालदेखि विस्थापित भएकाले क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज पीडितहरूले सरकारबाट पाउने क्षतिपूर्ति रकम बुझिसकेको शान्ति सम्झौतापछि घरजग्गा फुकुवाभई घरमा नै बसोबास गरिरहेको मिसिल संलग्न कागजातहरूबाट पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३८१. माओवादीद्वारा कुटपिट/सम्पत्ति कब्जा, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, रोल्पा जिल्ला कोटगाउँ गाविस वडा नं. ७ निवासी नरबहादुर खत्रीलाई मिति २०६१/७/१३ गते माओवादी कार्यकर्ताहरूले घरबाटै अपहरण गरी लगी कुटपिट गरी घाइते बनाएकाले औषधी उपचारका लागि आवश्यक व्यवस्था गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा कुटपिट भई उपचार गराएको सम्बन्धमा कुनै पनि प्रमाण कागजातहरू पेस गर्न नसकेको, घटना लगत्तै विदेश मलेसिया गई हाल घरमा नै व्यवसाय सञ्चालन गरी बसेको कुनै समस्या नरहेको भन्ने मिसिल संलग्न पीडित/निवेदकको निवेदनबाट पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३८२. माओवादीद्वारा धम्की, प्रदेश नं. ५ शाखा कार्यालय, नेपालगन्ज, रोल्पा जिल्ला भावाङ गाविस ४ घर भई मावि भावाङमा शिक्षण पेसामा संलग्न यामबहादुर केसीलाई माओवादी कार्यकर्ताहरूले २०६४ भाद्र महिनामा फरक विचार राखेको आधारमा करकापपूर्ण तरिकाले कागज गराई त्यसो नगर्न धम्की दिएको र पछि सोही विषय उठाई स्कुलमा पढाउन पाइँदैन भनी विभिन्न धम्की दिने गरेकाले स्वतन्त्रपूर्वक पेसा गर्ने र बसोबास गर्ने व्यवस्थाका लागि पहल गरिपाऊँ भनी दिएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा सो विषय तत्कालै समाधान भइसकेको र निज शिक्षक यामबहादुर केसीले थप अध्ययनका लागि भनी शिक्षक पेसाबाट राजिनामा दिई हाल काठमाडौँमा एलएलबीमा अध्ययनरत रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१) बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३८३. माओवादीद्वारा रकम हिनामिना, प्रदेश नं. ५ शाखा कार्यालय, नेपालगन्ज, रोल्पा जिल्ला भावाङ गाविस वडा नं. ३ बस्ने दुर्गाप्रसाद पुनसमेतलाई माओवादी कार्यकर्ताहरूले धम्की दिई चन्दा असुल गरेको, सहकारी बैङ्कको रकम लुटेर लगेको र चन्दा उठाएको रकम आफूखुसी खर्च गरी भ्रष्टचार गरेकाले लुटिएको सम्पत्ति फिर्ता गरी चन्दा रकमको खर्चको हिसाव देखाउनुपर्ने

भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा माओवादीले लगेको चन्दा रकम फिर्ता गर्नुपर्ने, खर्चको हिसाव सार्वजनिक गर्न पर्नेजस्ता विषय समावेश भएको उजुरीको प्रकृति हेर्दा आयोगको क्षेत्राधिकार भित्र नपर्ने देखिएकाले प्रस्तुत उजुरी राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम खारेज गर्ने निर्णय गरियो ।

३८४. सुरक्षाचेक पोस्टद्वारा औषधी जफत, प्रदेश नं. ५ शाखा कार्यालय, नेपालगन्ज, सल्यान जिल्ला थारेमार गाविस वडा नं. ५ बस्ने चन्दन फार्मेसीका सञ्चालक थलबहादुर बुढाथोकीले मिति २०६२/६/१३ गते ४८ पेटी र २४ पेटी  औषधी ल्याउँदै गर्दा कपूरकोट चेकपोस्टमा बढी र विना सिफारिसको भनी २४ कार्टुन औषधी जफत गरेकाले जफत गरेको औषधी फिर्ता गरी क्षतिपूर्ति दिलाई पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निजले जफत गरेको औषधीबापतको क्षतिपूर्ति सरकारबाट बुझिलिएको मिसिल संलग्न कागजातबाट पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने गर्ने निर्णय गरियो ।

३८५. विस्थापित, प्रदेश नं. ५ शाखा कार्यालय, नेपालगन्ज, रुकुम जिल्ला जाङ गाविस वडा नं. ८ बस्ने हरि विष्णु वलीलाई मिति २०६६/०३/०३ गते जिल्ला प्रहरी कार्यालयका (रुकुम) प्रहरी नायब उपरीक्षक रवीन्द्र धानुकले ज्यान मार्ने धम्की दिएका कारण विस्थापित भएकाले जिउन ज्यानको सुरक्षा गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा पीडित भनिएका हरि विष्णु वलीले नै मैले रवीन्द्र धानुकविरुद्ध जिल्ला प्रहरी कार्यालय रुकुममा दिएको निवेदन झुठो हो भनी मिति २०६६/४/२७ थते प्रेस विज्ञप्ति निकालेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने गर्ने निर्णय गरियो ।

३८६. जातीय विभेद, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, दैलेख जिल्ला जगनाथ गाविस वडा नं. ६ का अमृत विक र सविता शाहीबिच अन्तरजातीय विवाह भएकोमा माइती पक्षले तल्लो जातको भनी निज अमृत विक र निजको दाइलाई कुटपिट गरी जरिवाना तिराएको र निज सवितालाई खोसेर लगी अन्यत्र विवाह गिरिदएकाले सो घटनाको छानबिन गरी न्याय पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सोही विषयलाई लिएर जिल्ला अदालतमा मुद्दा चली फैसलासमेत भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने गर्ने निर्णय गरियो ।

३८७. सुरक्षकर्मीद्वारा बेपत्ता, प्रदेश नं. ५ शाखा कार्यालय, नेपालगन्ज, राप्ती नदीको बालुवा झिकेको विषयमा आफ्नै गाउँका मानिसहरूलाई इलाका प्रहरी कार्यालय डम्दीमा लगी यातना दिइरहेको जानकारी प्राप्त भएपछि बाँके जिल्ला साविक डम्दी गाविस वडा नं. ४ हालडडुवा गापा वडा नं. ४ बस्ने सगिर खाँ प्रहरी कार्यालय पुगी जानकारी लिन खोज्दा उल्टै निज सगिर

खाँलाई थुनामा राखी यातना दिएको र निजको घरमा गई सगिर खाँ खोई भनी खानतलासी गरी निज सगिर खाँलाई बेपत्ता बनाएकाले अवस्था सार्वजनिक गरिपाऊँ भनी दिएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सोको भोलिपल्ट नै निज सगीर खाँ रिहाइ भई सामान्य जीवन बिताइरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१)बमोजिम तामेलीमा राख्ने गर्ने निर्णय गरियो ।

३८८. अपहरण, प्रदेश नं. ५ शाखा कार्यालय, नेपालगन्ज, बाँके जिल्ला नेपालगन्ज नपा वडा नं. १ बस्ने गौरव रस्तोगीलाई मिति २०६६/३/७ गते राती करिब ९ बजेको समयमा नेपालगन्जको NIDC नजिकबाट अज्ञात समूहले अपहरण गरेकाले निजको रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सोही विषयमा जिल्ला प्रहरी कार्यालय बाँकेमा जाहेरी दर्ता भई अनुसन्धान प्रक्रिया अगाडि बढिरहेको भन्ने मिसिल संलग्न कागजातहरूबाट पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१) बमोजिम तामेलीमा राख्ने गर्ने निर्णय गरियो ।

३८९. प्रहरीद्वारा सम्पत्ति लुटपाट, प्रदेश नं. १ कार्यालय विराटनगर, झापा जिल्ला भद्रपुर वडा नं. २ बस्ने देवेन्द्र पकुवालको घरमा मिति २०७०/१०/१४ गते राती जिल्ला प्रहरी कार्यालय झापाबाट आएका प्रहरीले ढोका तोडफोड गरी पसलमा क्षति पुऱ्याई नगद रु. २ लाख ३० हजार लुटेर लगेकाले पीडकलाई कार्यबाही गरी क्षतिपूर्ति दिलाई पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा मिसिल संलग्न प्रतिवेदनसमेतबाट नगद लुटपाट भएको तथा तोडफोड भएको नपाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३९०. सुरक्षाकर्मीद्वारा धम्की, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला कटुन्जे गाविस वडा नं. २ घर भएका हितराज कार्कीलाई २०६० सालदेखि नै माओवादी तथा सुरक्षाकर्मीले धम्की दिएकाले जिउज्यानको रक्षा गरिपाऊँ भनी दर्ता भएको निवेदनको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा हाल अवस्था सामान्य रहेको भन्ने पाइएकाले प्रस्तुत उजुरीलाई तामेलीमा राख्ने निर्णय गरियो ।

३९१. स्वास्थ्य उपचार नपाएको, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला कारागारमा रहेको गुणराज तामाङ पटक पटक बिरामी भई रहने तर कारागार प्रशासनबाट उचित उपचारको व्यवस्था नभएकाले आवश्यक पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज गुणराज तामाङ कारागारबाट फरार भएको भन्ने पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३९२. गैरकानुनी थूना, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला गेम्नाङटार गाविस ९ बस्ने भीमबहादुर थापालाई राज्य पक्षबाट गैरकानुनी थुनामा राखेकाले थुनामुक्त गरी क्षतिपूर्ति पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा थुनामुक्त भइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३९३. विस्थापित, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला टारकेवारी ६ बस्ने दीर्घराज शर्मा पौड्याललाई नेकपा (माओवादी)-हरूले २०५८ साल कार्तिक महिनाबाट घरबाट निकाला गरी विस्थापित गराएकाले पुनःस्थापित गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज पीडित हाल स्थापित भइसकेको र विस्थापित बापत नेपाल सरकारबाट क्षतिपूर्ति/राहतसमेत बुझिसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

३९४. सम्पत्ति कब्जा, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला कालिका ४ दीर्घबहादुर बोगटीको छोरा शाही नेपाली सेनामा कार्यरत रहेको आरोपमा घरमा तालाबन्दी गरी कब्जा गरेकाले सम्पत्ति फुकुवा गरी पुनः स्थापितका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल स्थापित भई सम्पत्ति फुकुवा भइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

३९५. विस्थापित, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला गाम्नाङटार ७ बस्ने चन्द्रबहादुर खत्रीले प्रहरी चौकीलाई निःशुल्क जग्गा दिएको आरोपमा घरजग्गा कब्जा गरी विस्थापित बनाएकाले सम्पत्ति फुकुवा गरी स्थापित गरिपाऊँ भनी परेको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा हाल उक्त सम्पत्ति फुकुवा भई स्थापित भइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

३९६. विस्थापित, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला कुइभिर ७ बस्ने दिननाथ कोइरालालाई नेकपा (माओवादी)-हरूले २०५८/१०/०६ गतेदेखि विस्थापित बनाएकाले शान्तिपूर्ण तरिकाले स्थापित गराई पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज हाल आफ्नो थातथलोमा स्थापित भइसकेको र विस्थापितबापत क्षतिपूर्तिसमेत प्राप्त गरिसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

३९७. विस्थापित, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला श्रीचौर ९ बस्ने निमा टेन्डु शेर्पाको जेठो छोरालाई नेकपा (माओवादी)-हरूले लैजान खोज्दा लान नदिएपछि मिति २०६०/७/७ गते गाँउको सम्पूर्ण समाज भेला गरी माओवादीहरूले भौतिक कार्यबाही गर्दा निमा टेन्डु शेर्पाको श्रीमतीको हात भाँचिएको र कान नसुन्ने भएको साथै घरमा तालाबन्दी

गरी विस्थापित समेत गराएकाले न्याय गरी पुनः स्थापित गरिपाऊँ भनी दर्ता भएको उजुरीको सम्बन्धमा आयेगबाट अनुसन्धान हुँदा माओवादीहरूको कुटपिटबाट निज निमा टेन्डु शेर्पाको श्रीमतीको हात भाँचिएको र कान नसुन्ने भएको भन्ने पाइँदा निज निमा टेन्डु शेर्पाको श्रीमतीलाई मिति २०६०/७/७ गते तत्कालीन नेकपा (माओवादी)-का कार्यकर्ताहरूले कुटपिट गरी हात भाँची दिएको र कानसमेत नसुन्ने बनाएको हो होइन ? सो बापत निजले कुनै राहत/ क्षतिपूर्ति पाएको छ छैन ? भन्ने सम्बन्धमा पीडित, जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गा र स्थानीय तह (निजको हालको ठेगाना) मा पत्राचार गरी जवाफ आएपछि वा म्याद नाघेपछि पुनः पेस गर्ने निर्णय गरियो ।

३९८. विस्थापित, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला हर्कपुरे २ बस्ने दीपप्रसाद खतिवडाको घरमा मिति २०६०/०७/११ गते नेकपा (माओवादी)- कार्यकर्ताले लुटपाट गरी सम्पत्ति कब्जा गरी ताला समेत लगाई विस्थापित बनाएकाले पुनःस्थापित र क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज हाल स्थापित भइसकेको र नेपाल सरकारबाट राहत/क्षतिपूर्तिसमेत पाइसकेकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

३९९. विस्थापित, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला ज्यामिरे गाविस १ बस्ने लोकबहादुर भुजेलको घरमा मिति २०६२/०६/०९ गते नेकपा (माओवादी)-का कार्यकर्ताहरूले सेनामा छोरालाई जागिर खुवाएको आरोपमा तालाबन्दी गरी विस्थापित बनाएकाले पुनर्स्थापितका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल निजहरू आफ्नो घरमा स्थापित भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४००. सम्पत्ति कब्जा, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला रगनी ४ बस्ने चम्पक सुनुवारको घरमा माओवादी कार्यकर्ताहरूले ताला लगाई कब्जा गरेकाले २०६० सालदेखि विस्थापित भएको हुँदा कब्जा सम्पत्ति फिर्ता दिलाई पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल कब्जा भएको फिर्ता भइसकेको र सो बापत नेपाल सरकारबाट राहत/क्षतिपूर्तिसमेत प्राप्त गरिसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४०१. विस्थापित, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला कालिका ५ बस्ने नवराज बोगटीको घरमा निज सेनामा कार्यरत रहेकै कारणले नेकपा (माओवादी)-हरूले ताला लगाई घरपरिवारलाई विस्थापित बनाएकाले पुनर्स्थापनका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल उक्त ताला खोली सपरिवार पुनर्स्थापित भइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४०२. विस्थापित, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला ज्यामिरे १ बस्ने ताराबहादुर

खड्काको छोराले सेनामा जागिर खाएको आरोपमा नेकपा (माओवादी)-हरूले २०६२/७/९ गतेदेखि सम्पत्ति कब्जा गरी विस्थापित बनाएकाले सम्पत्ति फुकुवा गरी पुनर्स्थापित गरिपाऊँ भनी दर्ता भएको उजुरीको अनुसन्धान हुँदा हाल सम्पत्ति फुकुवा भई सम्पूर्ण परिवार पुनर्स्थापित भइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४०३. अपहरण, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला टारकेरावारी ९ बस्ने शाही नेपाली सेनामा कार्यरत रहेकै अवस्थामा विदामा घरमा आएको समयमा मिति २०६३/४/१० गते माओवादी कार्यकर्ताहरूले अपहरण गरेकाले निजको स्थिति सार्वजनिक गरी जीवनरक्षा गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल निज अपहरणमुक्त भइसकेको भन्ने पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४०४. अपहरण, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, सोलुखुम्बु जिल्ला वासा २ बस्ने रामकुमार कार्कीलाई माओवादी कार्यकर्ताहरूले मिति २०६३/५/१५ गते अपहरण गरी बेपत्ता बनाएकाले सकुशल रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज हाल अपहरणमुक्त भई आफ्नै घरमा बसोबास गरिरहेको भन्ने पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४०५. क्षतिपूर्ति, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, सोलुखुम्बु जिल्ला पात्ले ७ बस्ने शिक्षक विष्णुबहादुर कार्कीको घरमा माओवादी कार्यकर्ताहरूले लुटपाट गरी क्षति पुऱ्याएकाले क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निजले नेपाल सरकारबाट क्षतिपूर्ति रकम प्राप्त गरिसकेको भन्ने पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४०६. सुरक्षकर्मीद्वारा बेपत्ता, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, सोलुखुम्बु जिल्ला टाक्सिन्दु ४ बस्ने फुर्ति विश्वकर्मालाई मिति २०६१/०५/०५ गते माओवादी आरोपमा पक्राउ गरी बेपत्ता बनाएकाले जीवनरक्षाका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज रिहाइ भई हाल वैदैशिक रोजगारीको सिलसिलामा मलेसियामा रहेको भन्ने पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४०७. सुरक्षकर्मीद्वारा यातना, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, सोलुखुम्बु जिल्ला टाक्सिन्दुको श्री बाल विकास प्रावि छुल्यामका शिक्षक लोकबहादुर थापालाई मिति २०५८/०९/१६ गते सल्लेरीबाट गएका सुरक्षकर्मीहरूले पक्राउ गरी यातना दिनुका साथै मिति २०५९/०८/१७ गते सुरक्षकर्मीहरूले निजको पसलबाट ३० बोरा चामल लगी सोबापतको रकमसमेत नदिएकाले राहत तथा क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज शिक्षक लोकबहादुर थापाको सम्पत्ति क्षतिको सम्बन्धमा क्षतिको पहिचान गरी राहतका लागि मन्त्रालयमा सिफारिस गरिएको भन्ने मिसिल संलग्न स्थानीय शान्ति समितिको

कार्यालयको मिति २०७२ /१२/०२ च.नं. ०५२ को पत्रबाट देखिएकाले सो सिफारिस बमोजिम निज शिक्षक लोकबहादुर थापाले क्षतिपूर्ति पाए नपाएको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय सोलुखुम्बुमा पत्राचार गरी जवाफ प्राप्त भएपछि वा म्याद नाघेपछि पुनः पेस गर्ने निर्णय गरियो ।

४०८. विस्थापित, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, भोजपुर जिल्ला कुलुङ २ बस्ने अर्जुनबहादुर बस्नेतलाई माओवादी कार्यकर्ताहरूले मिति २०५९/१/१८ गते घरजग्गा कब्जा गरी विस्थापित बनाएकाले घरजग्गा फुकुवा गरी पुन स्थापित गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल उक्त घरजग्गा फुकुवा भई पुनर्स्थापित समेत भइसकको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४०९. अवस्था अज्ञात, प्रदेश नं. ३ कार्यालय सानेपा ललितपुर, काठमाडौँ जिल्ला चपली भद्रकाली गाविस ४ घर भई राष्ट्रिय वाणिज्य बैङ्क खानीखोला शाखा धादिङमा सुरक्षा गार्ड पदमा कार्यरत श्यामलाल तामाङ २०६१/४/१५ गतेदेखि खानीखोला धादिङबाट हराई अवस्था अज्ञात भएकाले खोजतलासको लगि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निजलाई द्वन्द्वरत पक्षबाट अपहरण वा बेपत्ता बनाएको नभई आफै हराएको भन्ने पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४१०. बालअधिकार, प्रदेश नं. १ कार्यालय विराटनगर, सुनसरी जिल्लाको इनरुवा स्थित प्रिसियस एकेडेमीमा कक्षा १० मा अध्ययनरत विद्यार्थी गौतम पाठकलाई सोही विद्यालयका प्रधानध्यापक ओमप्रकाश यादवको कुटाइबाट घाइते शीर्षकमा अनलाइन पत्रिकामा आएको समाचारलाई उजुरीका रूपमा ग्रहण गरी आयोगबाट अनुसन्धान भएको पाइन्छ । विद्यालयमा हुने यस्तो प्रकृतिको शारीरिक दण्ड (Corporal Punishment) सम्बन्धमा आयोगबाट मिति २०७५/१०/२१ मा निर्णय भई नेपाल सरकार शिक्षा मन्त्रालयलगायतमा निर्देशात्मक पत्राचार भई नीतिगत सिफारिससमेत भइसकेको पाइंदा सोही सिफारिसलाई पुनः ताकेता गरी पठाइदिने र हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४११. धम्की, प्रदेश नं. १ कार्यालय विराटनगर, इलाम जिल्ला कन्याम बस्ने चिया कम्पनीका प्रबन्धक पुण्यप्रसाद ढकाललाई नेपाली सेना र माओवादी दुवै पक्षबाट जीवनरक्षाका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा हाल अवस्था सामान्य रहेकाले उजुरी टुङ्ग्याइदिन अनुरोध गरी निज पीडितले दिएको निवेदन मिसिल संलग्न पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४१२. माओवादीबाट धम्की, प्रदेश नं. १ कार्यालय विराटनगर, इलाम जिल्ला कन्याम गाविस वडा नं. १ बस्ने रामबहादुर कटुवाललाई माओवादी कार्यकर्ताहरूले ज्यान मार्ने धम्की दिएका विस्थापित हुन परेकाले जिउज्यानको रक्षा गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल अवस्था सामान्य रहेको पीडित रामकुमार कटुवाल रोजगारीको सिलसिलामा हाल विदेशमा रहेको भन्ने मिसिल संलग्न कागजातहरूबाट पाइएकाले हाललाई प्रस्तुत उजुरीको

कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४१३. धम्की, प्रदेश नं. १ कार्यालय विराटनगर, इलाम जिल्ला इलाम नपा २ बस्ने मेनुका बस्नेतको घरमा ऐ.ऐ. बस्ने महेश बस्नेत अनधिकृत रूपमा प्रवेश गरी ज्यान मार्ने समेतको धम्की दिएकाले जिउज्यानको रक्षा गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सोही विषयमा अदालतमा मुद्दा चली फैसलासमेत भइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४१४. अपहरण, प्रदेश नं. १ कार्यालय विराटनगर, इलाम जिल्लाका शिक्षकहरूलाई माओवादीहरूले मिति २०६२/२/१ गते अपहरण गरेकाले जीवनरक्षाका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा अपहरण गरेको २/४ दिनमा नै सबै शिक्षकहरू अपहरणमुक्त भएको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४१५. अपहरण/कुटपिट, प्रदेश नं. १ कार्यालय विराटनगर, इलाम जिल्ला चुलाचुली गाविस वडा नं. ६ बस्ने लक्ष्मीप्रसाद गुरागाईँलाई जनमुक्ति मोर्चाका कार्याकर्ताहरूले २०६३/११/१९ गते कुटपिट गरी अपहरणसमेत गरेकाले जीवनरक्षा गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल अवस्था सामान्य रहेको निज लक्ष्मीप्रसाद गुरागाई तत्कालै अपहरणमुक्त भएको भन्ने पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४१६. न्यायप्रशासन, प्रदेश नं. १ कार्यालय विराटनगर, सुनसरी जिल्ला इटहरी उपमनपा वडा न. ४ बस्ने अनुप रेग्मी २०७३ साल फागुन महिनाबाट इटहरीस्थित श्री अरुण सेक्युरिटीमार्फत सुनसरी जिल्ला नरसिंह -१ स्थित अरवीन्द पल्प एन्ड पेपर मिल्स प्र.लि. नामक कम्पनीमा सुरक्षा गार्ड पदमा कार्यरत रहेको अवस्थामा मिति २०७३/०२/२१ गतेका दिन सो मिलका सञ्चालकले मेसिनमा काममा लगाउँदा निज अनुप रेग्मीको देब्रे खुट्टा मेसिनमा परी भाँचिएपछि कम्पनीले उपचार नगराएको हुँदा मिति २०७३/०३/१७ मा श्रम कार्यालय विराटनगरमा निवेदन गरेकोमा कुनै निर्णय नभएपछि मिति २०७३/१०/२६ मा उक्त कम्पनी र पीडित विच सम्झौता भएको र सम्झौता बमोजिमको रकमसमेत नपाएको, रकम बुझि सकेको भनी किर्ते भर्पाइ व्यवस्थापनले पेस गरेकाले छानबिन गरी एक वर्षको पारिश्रमिक र सम्झौताबमोजिमको रकम दिलाइपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा पीडित अनुप रेग्मी र कम्पनीको व्यवस्थापनबिच मिति २०७३/१०/२६ मा सम्झौता हुँदा रु.२,६०,०००/- (दुई लाख साठी हजार मात्र) उपचारबापत कम्पनी व्यवस्थापनले पीडित अनुप रेग्मीलाई दिने सहमति भएको पाइयो । सोहीअनुसार तत्कालै साठी हजार रुपियाँ पीडितले बुझिसकेको र बाँकी दुई लाखमध्ये एक लाख रुपियाँ पीडितको बुबा कृष्णप्रसाद रेग्मीले बुझिलिएको भनी कम्पनी व्यवस्थापनले भर्पाइ पेस गरे पनि पीडितले आफूले सो एक लाख नबुझेको, भर्पाइमा उल्लिखित सहिछाप किर्ते हो भनी जिकिर लिएपछि सो एक लाख रुपियाँको सम्बन्धमा विवाद भएको पाइयो । सो विवादको निरूपण नभएसम्म बाँकी एक लाख रुपियाँ पीडितलाई नबुझाउने

भन्दै कम्पनी व्यवस्थापनले श्रम कार्यालय विराटनगरको धरौटी खातामा गरेको पाइयो । यस्तो अवस्थामा किर्ते दाबी गरी विवादित भएको विषयबाहेक श्रम कार्यालय विराटनगरको धरौटी खातामा कम्पनी व्यवस्थापनले गरेको रकम पीडितलाई नदिई रोक्का राख्नुपर्ने कुनै कारण नदेखिँदा श्रम कार्यालय विराटनगरमा कम्पनीको व्यवस्थापनले गरेको मिति २०७३/१०/२६ को सम्झौताबमोजिम पीडित अनुप रेग्मीलाई बुझाउनुपर्ने रु.१,००,०००/- (एक लाख रुपियाँ मात्र) तत्कालै पीडित अनुप रेग्मीलाई बुझाउन श्रम तथा रोजगार मन्त्रालयमार्फत श्रम कार्यालय विराटनगरलाई आवश्यक निर्देशन दिन र श्रम कार्यालय विराटनगरका तत्कालीन प्रमुख (कारखाना निरीक्षक) श्री मणिराम गोपको कार्य मानव अधिकारमैत्री नपाइएकाले निजलाई एक पटकका लागि सचेत गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

४१७. ज्येष्ठ नागरिकको अधिकार, केन्द्रीय कार्यालय ललितपुर, सर्लाही जिल्ला कर्मैया गाविस वडा नं. ४ स्थायी घर भई भक्तपुर जिल्ला अन्तलिङ्गेश्वर नपा १२ बस्ने कुष्णहरि दाहालले ८२ वर्षीया आमा बालकुमारी दाहाललाई उचित स्याहार तथा औषधी उपचार नगरी अमानवीय ढङ्गले राखेकाले छानबिन गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा पीडित बालकुमारीलाई खान लाउन दिई उपचार समेत गरिरहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४१८. ज्येष्ठ नागरिकको अधिकार, केन्द्रीय कार्यालय ललितपुर, काठमाडौँ जिल्ला बाँसवारी बस्ने वर्ष ७२ की सत्य लक्ष्मी श्रेष्ठलाई काठमाडौँको सुन्धारा स्थित सडकमा बोरामा राखी फालिएको अवस्थामा भेटिएको भनी प्रकाशित समचारका आधारमा स्वविवेकमा उजुरी दर्ता भई आयोगबाट अनुसन्धान हुँदा मानसिक स्वास्थ्यका कारण निज सत्यलक्ष्मी घरबाट आफै हिँडेको र प्रहरीले उद्धार गरी परिवारको सम्पर्कमा लगी उपचार गराई हाल आफ्नै घरमा रही बसेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४१९. ज्येष्ठ नागरिकको अधिकार, केन्द्रीय कार्यालय ललितपुर, काठमाडौँ जिल्ला स्युचाटार बस्ने ५७ वर्षीय इन्द्रमाया श्रेष्ठलाई श्रीमान्को मृत्युपछि जेठो छोराले सम्पत्ति जफत गरी खानलाउन नदिई घरबाट निकाल्न खोजेकाले अन्यायमा परेको हुँदा न्याय दिलाई पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा आमा छोराबिच मिलापत्र भई समस्या समाधान भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४२०. सम्पत्ति कब्जा/क्षति, केन्द्रीय कार्यालय ललितपुर, ललितपुर जिल्ला झरुवा रासी -५ निवासी मदनबहादुर केसी को घरमा माओवादीहरूले आगो लगाई सम्पत्ति क्षति गरेका र बेचबिखनमा रोक लगाई कब्जासमेत गरेकाले क्षतिपूर्ति उपलब्ध गराई भोगचलनका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा क्षतिबापत सरकारबाट क्षतिपूर्ति पाइसकेको र हाल सबै सम्पत्ति निज मदनबहादुर केसीकै भोगचलनमा रही अन्य कुनै समस्या नरेहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४२१. जीवन र सम्पत्तिको रक्षा, केन्द्रीय कार्यालय, ललितपुर, विदेश भारत उत्तराञ्चल प्रदेश देहेरादुन

जिल्ला घर भएका दीपक खड्काको चल अचल सम्पत्ति अन्य व्यक्तिले कब्जा गरी धम्की दिएकाले जीवनरक्षा गरी सम्पत्ति फिर्ताका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको सम्बन्धमा छलफल हुँदा पीडित र पीडक भनिएका सबै भारतीय भएका, सम्पत्ति पनि भारतमा नै रहेको देखिँदा भारतीय भूमिमा आयोगको क्षेत्राधिकार नहुँदा क्षेत्राधिकारको अभावमा प्रस्तुत उजुरी खारेज गर्ने निर्णय गरियो ।

४२२. विस्थापित, केन्द्रीय कार्यालय ललितपुर, धादिङ जिल्ला जोगीमारा -२ स्थित हेटौंडा सिमेन्ट उद्योगले सञ्चालन गरेको चुनढुङ्गा उत्खनन कार्यबाट सो क्षेत्रमा बसोबास गर्ने चेपाङ बासिन्दाको वासस्थानमा असर परी विस्थापित हुन सक्ने भएकाले छानबिन गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल उक्त क्षेत्रबाट सो चुनढुङ्गा उत्खनन कार्य हटाई सकिएको भन्ने पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४२३. प्रहरीबाट सामान लुटिएको, केन्द्रीय कार्यालय ललितपुर, काठमाडौँ जिल्ला सानोगौचरण ५ निवासी प्रज्वलरत्न स्थापित मिति २०६६/२/२६ गते वन भोजबाट फर्किई रत्नपार्कमा माईक्रो बसबाट ओर्लने क्रममा प्रहरीले कुटपिट गरी सामानसमेत लुटेको र रु. १५,०००/- नदिए लागुऔषध मुद्दामा फसाइदिन्छ भनी धम्कीसमेत दिएकाले दोषीलाई कार्यबाही गरी लुटिएको सामान फिर्ता पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा दोषी प्रहरीहरूलाई प्रहरी ऐन नियमावलीअनुसार भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी र केहीलाई घटुवासमेत हुने गरी कार्यबाही भइसकेको भन्ने पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४३४. अस्पष्ट उजुरी, केन्द्रीय कार्यालय ललितपुर, बागलुङ जिल्ला राङखानी-७ बस्ने गोविन्दप्रसाद आचार्यले सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरूको मानव अधिकार संरक्षण गरिपाऊँ भनी दर्ता भएको उजुरीको सम्बन्धमा छलफल हुँदा उजुरीमा ककसको, केकस्तो मानव अधिकार, ककसले उल्लङ्घन गरेको हो भनी केही नखुलेको पाइँदा यस्तो अस्पष्ट उजुरी खारेज गर्ने निर्णय गरियो ।

४३५. विस्थापित, केन्द्रीय कार्यालय हरिहरभवन ललितपुर, सिन्धुली जिल्ला कमलामाई नपा-१४ बस्ने युवराज घिमिरेको घरमा माओवादीले मिति २०६३/०८/०३ गते ताल्चा लगाइदिएको अन्नवाली लुटेको साथै आमालाई भौतिक कार्यबाही गर्ने धम्की दिएकाले सम्पत्ति फुकुवा गरी स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारको संरक्षण गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा अनुसन्धान प्रतिवेदन तथा अन्य संलग्न प्रमाणका आधारमा हाल अवस्था सामान्य रहेको, सोही विषयमा अदालतमा मुद्दा चली निर्णयसमेत भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४२६. विस्थापित, केन्द्रीय कार्यालय हरिहरभवन ललितपुर, नुवाकोट जिल्ला सुन्दरादेवी -२ निवासी शिक्षक उत्तमप्रसाद सिटौलाको घरमा मिति २०५९/६/८ गते माओवादीहरू आई सुराकीको

आरोप लगाई रु.५०,०००/- चन्दा दिने कागज गराएकोमा सो दिन नसकेपछि परिवारसहित विस्थापित भएकाले मानव अधिकार संरक्षण गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज हाल स्थापित भइसकेको र विस्थापित बापत राहत/क्षतिपूर्तिसमेत प्राप्त गरिसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४२७. विस्थापित/कुटपिट, केन्द्रीय कार्यालय हरिहरभवन ललितपुर, सिन्धुपाल्चोक जिल्ला ठुलो पाखर गाविस वडा नं ६ निवासी श्यामसुन्दर केसीलाई मिति २०५९/८/५ गते नेकपा (माओवादी)-का कार्यकर्ताहरूले सुराकीको आरोपमा कुटपिट गरी अङ्गभङ्ग बनाएकाले दोषीलाई कार्यबाही र क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा मिसिल संलग्न अनुसन्धान प्रतिवेदन, शिक्षण अस्पताल महाराजगन्जमा उपचार गराएको कागजात, जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक ठुलोपाखर गाविस सिन्धुपाल्चोकको पत्र र विभिन्न व्यक्तिहरूको बयान तथा भनाइबाट निज श्यामसुन्दर केसीलाई तत्कालीन नेकपा माअेवादीका कार्यकर्ताहरूले मिति २०५९/८/५ गते कुटपिट गरी घाइते बनाएको र सोही कारणबाट निज परिवारसहित विस्थापित भएको पाइयो । विस्थापित भएबापत सरकारबाट राहत/क्षतिपूर्ति पाएको देखि पनि उपचारबापत कुनै राहत/क्षतिपूर्ति पाएको देखिएन । तसर्थ घटनामा संलग्न दोषीहरू पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न र निजलाई कुटपिट तथा उपचार खर्च तर्फ रु. १,००,०००/- (रूपैंया एक लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

४२८. विस्थापित, केन्द्रीय कार्यालय हरिहरभवन ललितपुर, नुवाकोट जिल्ला वर्सुम्चेत -५ निवासी रामकुमारी घलेको घरमा मिति २०५९/६/८ गते नेकपा (माओवादी)-का कार्यकर्ताहरूले लुटपाट गरी घर कब्जा गरी विस्थापित बनाएकाले आफ्नो घरमा बस्न पाउने वातावरणका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल उक्त घर सम्पत्ति फुकुवा भइसकेको अवस्था सामान्य रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४२९. प्रहरीद्वारा कुटपिट, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, दाङ जिल्ला त्रिभुवन नपा -६ बस्ने रञ्जना चौधरीलाई दाङ, घोराही बस्ने श्रीधर पौडेलले घरेलु कामदारका रूपमा काम गराउन मिति २०५९ साल माघ महिनामा काठमाडौँ लगेकोमा २०६० सालमा हराएको खबर पाएकाले निजको खोजतलासका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निजको पत्ता लागि विवाह गरी २ वटा बच्चासमेत भइसकेको भन्ने पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४३०. विस्थापित, प्रदेश नं. ५ शाखा कार्यालय, नेपालगन्ज बर्दिया जिल्ला साविकको मनाउ गाविस वडा नं. ५ बस्ने सवर्ज्ञमान श्रेष्ठलाई २०५९ सालमा माओवादीहरूले कुटपिट गरी सपरिवार विस्थापित बनाएकाले आवश्यक क्षतिपूर्ति उपलब्ध गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सोही विषयमा सत्यनिरूपण तथा मेलमिलाप आयोगमा उजुरी दर्ता गरेको र क्षतिको विषयमा सोही आयोगबाट नीतिगत पहल हुन भएकाले यस आयोगमा

दर्ता भएको उजुरी टुङ्ग्याइदिन भनी अनुरोध गर्दै उजुरीकर्ताका छोरा राजेन्द्रकुमार श्रेष्ठले दिएको लिखित निवेदन मिसिल संलग्न पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४३१. बम विष्फोटमा मुत्यु, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, रोल्पा जिल्ला लिवाङ गाविस वडा नं. ७ निवासी तिलकुमारी कुँवरको तीनपोखरास्थित आफ्नै बारीमा घाँस काटिरहेको समयमा बेवारिसे बम विष्फोट भई मृत्यु भएकाले राहत/क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा पीडित परिवारले राहत/क्षतिपूर्ति पाइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४३२. सम्पत्ति क्षति, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, रोल्पा जिल्ला कोटगाउँ -६ निवासी गनबहादुर घर्तीको सोही स्थानमा रहेको घर मिति २०६२/०१/०६ गते माओवादी र सुरक्षाफौजबिच भएको दोहोरो फायरिङमा जलेर पूर्ण रूपमा नष्ट भएकाले क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हिउँदमा खेती पातिका लागि बस्ने बैंसीको घर क्षति भए पनि निज बस्ने मूल घर केही नभएको, क्षतिको सम्बन्धमा क्षति एकिन भई क्षतिपूर्तिका लागि सिफारिससमेत भइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४३३. विस्थापित, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, रुकुम जिल्ला साविक हुकाम गाविस १ हाल मुसीकोट नपा खलंगामा बस्ने सुन्दर घर्तीलाई नेकपा (माओवादी)-हरूले मिति २०५९ सालदेखि घरमा बस्न नदिई विस्थापित बनाएकाले क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीको अनुसन्धान हुँदा निजले विस्थापित बापत क्षतिपूर्ति राहत बुझिसकेको हाल अवस्था सामान्य रहेको र निज सुन्दर घर्ती हाल जापानमा बस्दै आएको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४३४. सेनाद्वारा जग्गा कब्जा, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, रोल्पा जिल्ला लिवाङ - ६ कालिमाटि बस्ने जीवराज शर्माको ऐ. स्थित खेतियोग्य जमिन २०५६ सालदेखि सेनाले कब्जामा लिई तारवार लगाई राखेको हुँदा फिर्ता दिलाउनका लागि पहल गरी पाउँन दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सेनाले कब्जा गरेको अवधिको क्षतिपूर्ति पीडितलाई उपलब्ध गराइएको, हाल निज जीवराजकै भोगचलनमा रहेको र उक्त जमिनमा विछ्याइएका विष्फोटक पदार्थहरू हटाई सकिएको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४३५. अनसनको अनुगमन, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, देशमा गणतन्त्र स्थापना भएपछि राजतन्त्रको अन्त्य भएको खुसीयालीमा कारागार कार्यालय सुर्खेतमा रहेका सम्पूर्ण कैदीबन्दीहरूले आममाफीको एकसूत्रीय माग राखी आमरण अनसन सुरु गरिएकाले सोको अनुगमन गरी सहयोग गिरिदिन भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान/अनुगमन हुँदा हाल त्यस्तो अनसनको कार्यक्रम नरहेको, सो समितिका कतिपय सदस्यहरू छुटिसकेको

पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४३६. दुर्घटना/घाइते, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला रफना गाविस- २ बस्ने तोयनाथ पौडेललाई २०५२ साल बैशाख २८ गते बवई सिँचाइ आयोजनाको बा.३ भ ३३७५ नं.को गाडीले ठक्कर दिई अङ्गभङ्ग बनाएकाले क्षतिपूर्ति तथा औषधी उपचारका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको सम्बन्धमा छलफल हुँदा सो घटना मानव अधिकार आयोगको स्थापना तथा मानव अधिकार आयोग ऐन २०५३ आउनु भन्दा अगाडिको भएको पाइएकाले क्षेत्राधिकारको अभावमा खारेज गर्ने निर्णय गरियो ।

४३७. सेनाद्वारा जग्गा कब्जा, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, रोल्पा जिल्ला लिवाङ- ६ कालिमाटी निवासी मित्रलाल शर्माको ऐ.ऐ. स्थित खेतियोग्य जग्गा २०५६ सालदेखि सेनाले कब्जा गरी तारवार लगाइराखेको हुँदा फिर्ता दिलाउनका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सेनाले कब्जा गरेको अवधिको क्षतिपूर्ति पीडितले प्राप्त गरिसकेको, सो स्थानमा राखिएका विष्फोटक पदार्थहरू हटाइसकिएको हाल जग्गाधनीकै भोगचलनमा सो जग्गा रहेको पाइएकाले हालाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४३८. माओवादीद्वारा बेपत्ता, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, रोल्पा जिल्ला कोटगाउँ -६ निवासी १२ वर्षीय केशराज घर्तीलाई मिति २०६२/११/११ गते नेकपा (माओवादी)-का कार्यकर्ताहरूले चोरीको आरोपमा अपहरण गरी बेपत्ता बनाएकाले जीवनरक्षा गरी सकुशल रिहाइको लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज हाल सकुशल आफ्नै घरमा बसिरहेको र ट्र्याक्टर चालकका रूपमा कार्यरत रहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४३९. जातीय विभेद, प्रदेश नं. ५ कार्यालय बुटवल, चितवन जिल्ला भरतपुर नपा वडा नं. -६ स्थित श्री लक्ष्मी बैङ्कटेश मन्दिरमा विश्व तथा राष्ट्रिय शान्तिका लागि संञ्चालित हरिनाम कीर्तनमा दलित समुदायलाई प्रवेश निषेध गरेकाले छानविन गरी दलित समुदायको मानव अधिकार बहालीका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको सम्बन्धमा छलफल हुँदा यसै विषयको उजुरीमा आयोगबाट २०७५/५/१० मा नीतिगत निर्णय भइसकेकाले प्रस्तुत उजुरीमा केही गर्नु परेन । आयोगको हालको प्रदेश नं. ५ कार्यालय बुटवल र केन्द्रीय कार्यालयमा समेत गरी २ ठाउँमा दर्ता भई प्रक्रिया अगाडि बढेको पाँइदा केकामा द.न./ २३४४ भई प्रक्रिया अगाडि बढेको उजुरी नं कायम राखी प्रदेश नं. ५ कार्यालय बुटवलमा दर्ता भएको प्रस्तुत उजुरीको लागत कट्टा गरी खारेज गर्ने निर्णय गरियो ।

४४०. खोजतलास, प्रदेश नं. ५ कार्यालय बुटवल, सङ्खुवासभा जिल्ला चैनपुर गाविस-३ घर भई नवलपरासी जिल्ला जहदा -६ माइती घर भएकी जयकुमार शाक्यकी श्रीती चन्द्रकला शाक्य (चापागाई) ले माइतीको तर्फबाट नागरिकता र राहदानी बनाई सुनौली बोर्डर हुँदै कुवेतमा गई बसेको जानकारी प्राप्त भएपछि सम्पर्क गर्न खोज्दा सो ठाउँमा पनि नभएको भन्ने जानकारी

भएकाले खोजतलास गरी सानो बच्चाको मातृत्व रक्षा गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज हाल अरबमा काम गरिरहेको आफ्नो आमा बुबासँग सम्पर्क भइरहेको भन्ने पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४४१. रोजगारीको अधिकार, प्रदेश नं. ५ कार्यालय बुटवल, गुल्मी जिल्ला बिसुखर्क गाविस-७ घर भएका शारदा मावि दिबुङ, गुल्मीका प्रधानध्यापक चन्द्रकान्त खरेललाई नेकपा (माओवादी)-का कार्यकर्ताहरूले भ्रष्टाचारको आरेपमा २०६२/४/१ गते अपहरण गरी जबरजस्ती राजिनामा गर्न लगाएको र रु. ५७,६८०/- रकमसमेत लगेकाले सो रकम फिर्ता गरी क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज पीडित चन्द्रकान्त खरेलले क्षतिपूर्ति पाइसकेको र हाल अवस्था सामान्य रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४४२. जातीय विभेद, प्रदेश नं. ५ कार्यालय बुटवल, रूपन्देही जिल्ला सिपवा गाविस वडा नं. ८ बस्ने विपत हरिजन (चमार) र ऐ.ऐ. बस्ने विन्देश्वरी झाबिचमा प्रेमसम्बन्ध भई मिति २०७०/३/१७ गते अदालतबाट नाता कायम समेत भइसकेको अवस्थामा माइती पक्षबाट मार्नेसमेतको धम्की दिएकाले जातीय विभेद भएको हुँदा जिउज्यानको रक्षा गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल निजहरू दुवै जना भारतको राजस्थानमा बस्दै आएको १ छोरीको जन्मसमेत भइसकेको र अन्य कुनै समस्या नरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४४३. विद्यालय बन्द/शिक्षाको अधिकार, प्रदेश नं. १ कार्यालय विराटनगर, विगत २०६२ असार दोस्रो सातादेखि इलाम जिल्लाका सम्पूर्ण विद्यालयहरू अनेरास्ववियु (क्रान्तिकारी) को धम्कीका कारण बन्द भई बालबालिकाको पढ्न पाउने अधिकारको हनन भएकाले आवश्यक पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा बन्द भएको केही समयपछि नै सम्पूर्ण विद्यालय सञ्चालनमा आई पठन पाठन सुचारु भएको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४४४. न्यायप्रशासन, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, खोटाङ जिल्ला सातेश्वर गाविस ८ बस्ने सन्चमाया परियारलाई ऐ.ऐ. बस्ने सन्देश राईले बलात्कार गरेको र सो घटनालाई गाउँघरमा नै मिलाउने प्रयास गरेको, प्रहरीले बलात्कारीलाई छोडिदिएकाले आवश्यक कार्यबाहीका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सो विषयमा प्रहरीमा जाहेरी दर्ता भई अदालतमा मुद्दा चली पीडकलाई कार्यबाही र पीडितलाई क्षतिपूर्ति दिने गरी फैसलासमेत भइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४४५. न्यायप्रशासन, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला फूलबारी गाविस ३ बस्ने शङ्करराज कार्कीलाई ऐ. फूलबारी -२ बस्ने एमाओवादी कार्यकर्ता खड्गबहादुर

कार्कीलगायतले कुटपिट गरी ज्यान मार्ने धम्की दिएको सम्बन्धमा स्थानीय प्रहरीमा उजुरी गर्दा समेत कुनै कार्यबाही नभएकाले बाँच्न पाउने अधिकारको संरक्षण गरिपाऊँ भनी दर्ता भएको उजुरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा सो विषयमा पीडित र पीडकविच मिलापत्र भई हाल अवस्था सामान्य रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४४६. धम्की, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला कालिका गाविस ४ घर भई नेपाली सेनामा कार्यरत नवराज बोगटी र अवकाशप्राप्त अ.म. दीर्घबहादुर बोगटीलाई बारम्बार धम्की दिने गरेको भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल अवस्था सामान्य रहेको कुनै किसिमको धम्की नरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४४७. अपहरण, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्लाको विभिन्न माध्यामिक विद्यालयहरूबाट नेकपा (माओवादी)-हरूले विद्यार्थीहरूलाई अपहरण गरी लगेकाले विनासर्त रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल सम्पूर्ण विद्यार्थीहरू अपहरणमुक्त भई सकुशल रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४४८. अपहरण, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला, भोजपुर जिल्ला र खोटाङ जिल्लाका विभिन्न गाविसहरूबाट शिक्षकलगायत स्थानीयहरूलाई नेकपा (माओवादी)-ले अपहरण गरी लगेकाले निःसर्त रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा अपहरित सबै जना तत्कालै अपहरणमुक्त भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४४९. अपहरण, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला, ज्यामिरे -९ निवासी नारायण श्रेष्ठलगायत ९ जनालाई माओवादीहरूले विभिन्न मितिमा अपहरण गरी लगेकाले सकुशल रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निजहरू सबै जना विभिन्न मितिमा अपहरणमुक्त भइसकेको भन्ने पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४५०. सम्पत्ति कब्जा, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, भोजपुर जिल्ला, कुदाक काउले गाविस वडा नं. -३ बस्ने वीरवल राईलाई माओवादीहरूले मिति २०६२/३/७ गते कुटपिट गरी मार्ने धम्की दिई घरजग्गा समेत कब्जा गरेकाले विस्थापित भएको हुँदा सम्पत्ति फिर्ता गरी स्थापितका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज वीरवल राई हाल स्थापित भइसकेको सम्पत्ति फुकुवा भइसकेको विस्थापित बापत निजले राहत/क्षतिपूर्तिसमेत पाइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४५१. सम्पत्ति कब्जा, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला, फूलवारी गाविस-

९ बस्ने जितेन्द्र कार्कीसमेतको नाम/भोगको घरजग्गा तथा आम्दानीसमेत माओवादीहरूले हिनामिना गरी कब्जासमेत गरेकाले क्षतिपूर्ति पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल स्थापित भइसकेको र जग्गा सम्पत्ति कब्जासमेत नरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४५२. अपहरण, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला, सेर्ना गाविस -७ बस्ने कल्पना कटुवाललाई मिति २०६१/१/१२ गते घरबाटै माओवादीहरूले अपहरण गरी लगेकाले सकुशल रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल अपहरणमुक्त भई विवाह समेत गरी आफ्नै घरमा रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४५३. अपहरण, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला, ठुलाछाप -८ बस्ने बद्री सार्कीलाई माओवादीहरूले मिति २०६२/७/१७ गते अपहरण गरी लगेकाले सकुशल रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज अपहरणमुक्त भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४५४. अपहरण, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला, च्यानम गाविस वडा नं. ५ घर भई शिक्षण पेसामा संलग्न केशवप्रसाद अधिकारी र ऐ.ऐ. बस्ने टीकाकुमारी अधिकार ीसमेत नौ महिनाको बच्चालाई माओवादीहरूले २०६२/७/२४ मा अपहरण गरी लगेकाले निजहरूको सकुशल रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा अपहरित मध्येका केशवप्रसाद अधिकारी अपहरणमुक्त भइसकेको भन्ने पाइएको तर अपहरितमध्ये टीकाकुमारी अधिकारी र ९ महिनाको बच्चाको अवस्थाबारे खुल्न नआएको पाइएकाले निजहरूको हालको अवस्था के कस्तो छ ? अपहरणमुक्त भएनभएको सम्बन्धमा पीडितको हालको ठेगानामा रहेको स्थानीय तहमा र जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गामा पत्राचार गरी जवाफ प्राप्त भएपछि वा म्याद नाघेपछि पुनः पेस गर्ने निर्णय गरियो ।

४५५. विस्थापित/यातना, प्रदेश नं. १ शाखा कार्यालय खो٦ाङ, ओखल१ुङ्गा जिल्ला पोकली -२ निवासी छविलाल दाहाललाई माओवादीहरूले मिति २०६०/१०/१६ गते सुराकीको आरोपमा सफाया गर्ने धम्की दिएकाले विस्थापित भएको हुँदा पुनः स्थापितका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा निजले विस्थापित भएबापत राहत/क्षतिपूर्ति रकम प्राप्त गरिसकेको निजको मुत्यु भइसकेको र हाल परिवारको अन्य सदस्यहरू काठमाडौँमा बस्ने गरेको कहिले काहीँ ओखलढुङ्गास्थित आफ्नो पैतृक घरमा समेत अन्य सदस्यहरू आउने जाने गरेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४५६. जीवनरक्षा, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, सोलुखुम्बु जिल्ला काङ्गेल गाविस वडा नं. -१ बस्ने माधव बस्नेतलाई माओवादी पार्टी परित्याग गरेपछि खुल्ला रूपमा हिँडडुल गर्न कठिनाई

परेकाले सहज वातावरणका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा वर्तमान समयमा सहज वातावरण भएको, निजलाई कहीँकतैबाट कुनै पनि किसिमको असहजता तथा धाकधम्की नरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४५७. विस्थापित, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, भोजपुर जिल्ला नेपालेडाँडा गाविस -७ निवासी शिक्षक अमृतमणि भण्डारीलाई माओवादीहरूले अपहरण गरी हत्या गर्ने प्रयास गर्दा भाग्न सफल भएको र २०६१/९/१० गतेदेखि निजको घरजग्गाा कब्जासमेत गरेकाले जीवनरक्षा साथै पुनःस्थापनाका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा विस्थापित भएबापत निजले नेपाल सरकारबाट राहत/क्षतिपूर्ति प्राप्त गरिसकेको, हाल स्थापित भई स्वतन्त्रपूर्वक बसिरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४५८. यातना, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, खोटाङ जिल्ला याम्खा गाविस वडा नं.-२ बस्ने खगेन्द्र विष्टलाई चोरीको आरेपमा याम्खा प्रहरी कार्यालयमा बोलाई मिति २०७२/१/१८ गते प्र.ज. प्रकाश राईले कुटपिट गरी यातना दिएकाले दोषीलाई कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज प्रज प्रकाश राईलाई सो घटनामा जिल्ला प्रहरी कार्यालय खोटाङबाट दोषी ठहऱ्याई विभागीय कार्यबाही गरिएको भन्ने मिसिल संलग्न जिल्ला प्रहरी कार्यालयको पत्रबाट पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४५९. हत्या, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, कैलाली जिल्ला खैराला गाविस वडा नं.८ बस्ने जयबहादुर समै मगर, ऐ.ऐ. बस्ने हरिमान भुल, ऐ.ऐ. मोहन्याल १ बस्ने कृष्ण भुल, ऐ.ऐ.वडा नं. ६ बस्ने गगनबहादुर थापा र ऐ. वडा नं. ९ बस्ने लालबहादुर सिञ्जाली गरी पाँच जनालाई मिति २०६०/७/१४ गते खेतमा काम गरिरहेको अवस्थामा गस्तीमा आएका सेनाको टोलीले गोली हानी हत्या गरेकाले दोषीलाई कार्यबाही र पीडितलाई क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान सम्पन्न भई पेस भएको देखिन्छ। मिसिल संलग्न अनुसन्धान प्रतिवेदन साक्षीहरूको बयान, गृह मन्त्रालयको पत्रसमेतका आधारमा निजहरूको मुत्यु सेनाको गोली लागी भएको भन्ने पुष्टि हुन्छ। दोहोरे भिडन्तमा सेनाको गोली लागि मृत्यु भएको हो की भन्नेतर्फ विचार गर्दा सो दिन उक्त स्थानमा कुनै भिडन्त नभएको भन्ने साक्षीहरूको बयानबाट पुष्टि हुन्छ भने मृतकहरूको लास जङ्गलमा नजिक खोलामा एकै स्थानमा पाइएको भन्ने अनुसन्धान प्रतिवेदनको निष्कर्षबाट पनि पुष्टि हुन्छ। देखिजान्ने साक्षीहरूका अनुसार सो दिन मृतकहरूलाई खेतमा काम गरिरहेको अवस्थामा सेनाले नियन्त्रणमा लिई कुट्दै गाउँको बिचबाट खोलातर्फ लगेको भन्ने पुष्टि हुन्छ। उल्लिखित आधार प्रमणहरूबाट कैलाली जिल्ला खैराला गाविस वडा नं. ८ घर भएका जयबहादुर समै (मगर) ऐ.ऐ. घर भएका हरिमान भूल, ऐ. वडा नं. ६ घर भएका गगनबहादुर थापा ऐ. वडा नं ९ घर भएका लालबहादुर सिञ्जाली, ऐ. मोहन्याल गाविस वडा नं. १ घर भएका कृष्णबहादुर भुललाई खेतमा काम गरिरहेको अवस्थामा

मिति २०६०/७/१४ गते गस्तीमा रहेको सेनाले नियन्त्रणमा लिई हरिमान भुललाई खैराला ६ स्थित नौघरेमा र अन्य चार जनालाई खैरालाकै ठाडो खोलामा लगी गोली हानी हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कर्तव्यज्यान मुद्दामा कार्यबाही गर्न र पीडित परिवारलाई जनही रु. ३,००,०००/-(तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

४६०. एम्बुसमा मृत्यु, प्रदेश नं. १ कार्यालय विराटनगर, पाँचथर जिल्ला भारपा गाविस वडा नं.८ बस्ने मोहन श्रेष्ठले मे.अ. १ ख ७६९९ नं. को आफ्नै ट्रक चलाउने गरेको सोही क्रममा मिति २०६०/४/२० गते पाँचथर जिल्लाको कावेलीतर्फ गइरहेको अवस्थामा जबरजस्ती सुरक्षाकर्मीहरू बसेको र पाँचथर जिल्लाको नागी गाविसको वडा नं. ८ मा पुग्दा माओवादीहरूले थापेको विद्युतीय धरापमा परी निज मोहन श्रेष्ठको मृत्यु हुनुको साथै ट्रक पूर्णरूपमा क्षति भएकाले छानबिन गरी क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा जबरजस्ती सैनिकहरूले गैरसैनिक निज मोहन श्रेष्ठको ट्रक प्रयोग गरेका कारण माओवादीले विद्युतीय धरापमा सो ट्रकलगायत सैनिकहरू समेतलाई पारेको र सोही कारण चालक निज मोहन श्रेष्ठको मुत्यु हुनुका साथै सो ट्रक पनि पूर्णरूपमा क्षति भएको पाइयो । मृतक मोहन श्रेष्ठको परिवारले मृतकबापतको राहत/क्षतिपूर्ति रु पाँच लाख र ट्रक बापतको क्षति रकम रु.२,९२,८९८/- बुझिसकेको पाइयो । ट्रकको क्षतिबापत जिल्ला प्रशासन कार्यालय पाँचथरको मिति २०६०/९/८ च.नं. ४३० को पत्रानुसार रु. ९,१६,५००/- कायम भई गृह मन्त्रालयमा निकासाका लागि लेखी पठाएको देखिन्छ । ट्रक क्षतिबापतको थप रकम पीडितले प्राप्त गरेको नदेखिँदा जिल्ला प्रशासन कार्यालय पाँचथरबाट कायम भएको पीडितले पाउन बाँकी रकम क्षतिपूर्तिबापत उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

४६१. न्यायप्रशासन (हत्या), सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, बझाङ जिल्ला मौलाली गाविस वडा नं. १ बस्ने प्रेमबहादुर रावललाई पाण्डव बिष्ट र अमृत भण्डारीसमेतले हत्या गरेको सम्बन्धमा जिल्ला प्रहरी कार्यालय बझाङमा जाहेरी दिँदासमेत कार्यबाही अगाडि नबढाएकाले आवश्यक कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सोही विषयमा जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता भई अनुसन्धान कार्य अगाडि बढिरहेको भन्ने मिसिल संलग्न जिल्ला प्रहरी कार्यालय बझाङको पत्रबाट पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४५२. हत्या, प्रदेश नं. १ कार्यालय विराटनगर, सुनसरी जिल्ला पाँचकन्या गाविस वडा नं. -५ बस्ने समसी राईलाई मिति २०६१/४/ १९ गते राती सुरक्षाकर्मीहरूले घरबाटै पक्राउ गरी लगेकामा २०६१/४/२१ गते हत्या गरेकाले दोषीउपर कार्यबाही गरी क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा मिसिल संलग्न अनुसन्धान प्रतिवेदन साक्षीहरूको बयान तथा प्रमणहरूको आधारमा निज समसी राईलाई सुरक्षाकर्मीहरूले मिति २०६१/४/१९ गते घरबाट नियन्त्रणमा लिएको र सुरक्षाकर्मीहरूकै नियन्त्रणमा नै रहेको

अवस्थामा मिति २०६१/४/२१ गते सुनसरी जिल्लाको साउने खोला र सउेती खोलाको दोभानमा लगी गोली हानी हत्या गरी धरानको तीनकुने भन्ने ठाउँमा गाडेको पाइयो। पीडित परिवारले रु. १० लाख क्षतिपूर्ति राहत प्राप्त गरिसकेको र बच्चाको शिक्षादीक्षाका लागि सरकारबाट रकमसमेत प्राप्त गरेको पाइएकाले क्षतिपूर्तितर्फ केही नगरी घटनामा संलग्न दोषी सुरक्षाकर्मी (सैनिक) हरूको पहिचान गरी कार्यबाही गर्न नेपाल सरकारसमक्ष सिफारिस गर्ने निर्णय गरियो।

४६३. हत्या, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, विदेश भारत उत्तरप्रदेश राज्य बहराइच जिल्ला बिसुनापुर ग्राम डिहवा पोस्ट घर भई बाँके जिल्ला इन्द्रपुर गाविस वडा नं. २ मा कामको सिलसिलामा आएका सिकन्दर वागवानको मिति २०६२/१०/११ गते बाँके जिल्ला इन्द्रपुर गाविस वडा नं. २ मा मोओवादी र सुरक्षाकर्मीबिच दोहोरो भिडन्तका क्रममा गोली लागी मृत्यु भएकाले घटनाको छानबिन गरी क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा मिति २०६२/१०/११ मा बाँके जिल्लाको इन्द्रपुर गाविस वडा नं.२ मा माओवादी र सुरक्षाकर्मीबिच भएको दोहोरो भिडन्त (फाइरिङ) को क्रममा विदेश भारत उत्तर प्रदेश राज्य बहराइच जिल्ला बिसुनापुर ग्राम डिहवा पोस्ट घर भएका सिकन्दर बागवानको गोली लागि मृत्यु भएको पाइयो। यसरी द्वन्द्वको समयमा द्वन्द्वरत पक्षेकै गोली लागि मृत्यु भएको अवस्थामा हालसम्म कुनै पनि किसिमको राहत वा क्षतिपूर्ति सरकारबाट उपलब्ध नगराएको पाइएकाले मृतक सिकन्दर वागवानको परिवारलाई रु. ३,००,०००/- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो।

४६४. हत्या, प्रदेश नं. १ कार्यालय विराटनगर, सुनसरी जिल्ला विष्णुपादुका गाविस वडा नं. -५ घर भएका दिलिपकुमार राईलाई मिति २०६१/६/५ गते आत्मसमर्पण गरी सकेपछि सुनसरी जिल्लाको बान्द्रे भन्ने स्थानमा तत्कालीन सुरक्षाफौजले गोली हानी हत्या गरेकाले कार्यबाहीका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज दिलिपकुमार राईलाई निहत्था अवस्थामा नियन्त्रणमा लिन सकिने अवस्था हुँदाहुँदै पनि मिति २०६१/६/५ गते सुनसरी जिल्लाको बान्द्रे गाविसमा गोली हानी हत्या गरेको मिसिल संलग्न अनुसन्धान प्रतिवेदन, साक्षीहरूको बयान समेतका आधारमा पुष्टि हुन्छ। जसबाट निज दिलिपकुमार राईको संविधान तथा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले प्रत्याभूत गरेको बाँच्न पाउने अधिकारको हनन भएको पाइन्छ। यस्तो मानव अधिकारको हनन गर्ने कार्यमा संलग्न सुरक्षाकर्मीहरूको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न नेपाल सरकारसमक्ष सिफारिस गर्ने र पीडित परिवारले सरकारबाट राहत/क्षतिपूर्ति पाईसको देखिँदा सोतर्फ केही नगर्ने निर्णय गरियो।

४६५. हत्या, प्रदेश नं. १ कार्यालय विराटनगर, सुनसरी जिल्ला साविक औरावनी गाविस वडा नं. ३ घर भएका बुधनारायण दास चौधरीलाई मिति २०६१/९/८ गते शाही नेपाली सेना गाउँमा प्रवेश गरी खोजी खोजी माओवादी भन्दै लखेटी गोली हानी हत्या गरी बाँसघारीमा खाल्डो खनी पुरेकाले दोषीलाई कार्यबाही र पीडितलाई क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता

भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा मिसिल संलग्न अनुसन्धान प्रतिवेदन साक्षीहरूको बयान तथा संलग्न अन्य कागजातहरूका आधारमा मृतक बुध नारायणदास चौधरी माओवादी कार्यकर्ता भएको मिति २०६१/९/८ गत निज लुकीछिपी हिँड्ने क्रममा सुनसरी औरावनी गाविस वडा नं. ५ स्थित आफन्तको घरमा रहेको अवस्थामा सुरक्षाकर्मीहरूले नियन्त्रणमा लिई सकेपछि गोली हानी हत्या गरेको पाइयो। पीडित परिवारले राहत/क्षतिपूति पाइसकेको देखिए तापनि दोषी सुरक्षाकर्मीलाई कार्यबाही भएको नपाइएकाले दोषी सुरक्षाकर्मीको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने निर्णय गरियो।

४६६. हत्या, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, बर्दिया जिल्ला मानपुरटपरा गाविस वडा नं. ५ हाल राजापुर नपा वडा नं. १५ बस्ने फेङ्का थारूको २०६१ सालमा कैलाली जिल्लामा राज्य पक्ष र माओवादी पक्षबिच भएको दोहोरो भिडन्तमा परी मृत्यु भएकाले अर्थिक राहतका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज फेङ्का थारूको १५ वर्षको उमेरमा कक्षा ३ मा अध्ययनरत रहेकै अवस्थामा २०५८ सालदेखि माओवादी पार्टीमा प्रवेश गरी पूर्णकालीन लडाकु भएको सुरक्षाकर्मीसँगको दोहोरो भिडन्तको क्रममा निजको मृत्यु भएको र निजका परिवारले नेपाल सरकारबाट पाउने राहत/क्षीतपूर्तिसमेत प्राप्त गरिसकेको, निज अविवाहित नै रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो।

४६७. मृत्यु, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, बर्दिया जिल्ला मानपुरटपरा गाविस वडा नं. २ बस्ने जनक चौधरी मिति २०५८ साल वैशाख महिनामा अछाम जिल्लामा सशस्त्र द्वन्द्वको क्रममा माओवादी लडाकु र राज्य पक्षबिच भएको भिडन्तको क्रममा मृत्यु भएको हुँदा राहतका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज जनक चौधरी २०५७ सालदेखि माओवादीमा लागि घर छोडी गएको/सोही क्रममा २०५८/१/२४ गते अछाम जिल्लाको मङ्गलसेनमा भएको राज्यपक्ष र माओवादीबिचको भीडन्त (लडाइँ) मा परी मृत्यु भएको निजका परिवारले राज्यबाट पाउने राहत/क्षतिपूर्तिसमेत प्राप्त गरिसकेको पाइएकाले यस उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो।

४६८. मृत्यु, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, बर्दिया जिल्ला मानपुरटपरा गाविस वडा नं. ९ बस्ने हैरानी थारू मिति २०५९ सालमा कैलाली जिल्लामा राज्यपक्ष र माओवादीबिच भएको दोहोरो भिन्डतका क्रममा मृत्यु भएको हुँदा आर्थिक राहतका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज हैरार्नी थारू २०५८ सालदेखि माओवादी पार्टीमा लागी घर छोडी गएको। त्यसपछि घरमा फर्की नआएको पार्टीको लडाकु भई हिँड्ने क्रममा २०५९ सालमा कैलाली जिल्लामा भएको सुरक्षाकर्मीसँगको दोहोरो भिडन्तका क्रममा मृत्यु भएको, निज अविवाहित नै रहेको र निजका परिवारले पाउनुपर्ने राहत/क्षतिपूर्ति सरकारबाट प्राप्त गरिसकेको पाइएकाले यस उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो।

४६९. मृत्यु, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, बर्दिया जिल्ला मानपुरटपरा गाविस वडा नं. ३ बस्ने सरस्वती थारूको मिति २०६१ सालमा कैलाली जिल्लामा सशस्त्र द्वन्द्वको समयमा

राज्य पक्ष र माओवादीबिच भएको दोहोरो भिडन्तको क्रममा मृत्यु भएकाले आर्थिक राहतका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज सरस्वती थारू कक्षा ५ मा पढ्दै गरेको अवस्थामा माओवादी पार्टीमा लागि घर छोडी गएको, निज माओवादी पार्टीको लडाकु भई हिँड्ने क्रममा २०६१ सालमा कैलाली जिल्लामा भएको राज्य पक्ष र माओवादीबिचको लडाईमा निजको मृत्यु भएको, निज अविवाहित नै रहेको र निजका परिवारले नेपाल सरकारबाट पाउनुपर्ने राहत रकम प्राप्त गरिसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४७०. मृत्यु, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, बर्दिया जिल्ला वडालपुर गाविस वडा नं. ४ घर भएका विपतराम थारूको डडेल्धुरा जिल्लामा मिति २०५९ सालमा राज्य र माओवादीबिच भएको दोहोरे भिडन्तका क्रममा मृत्यु भएकाले राहतको पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज विपतराम थारू २०५९ सालदेखि कक्षा ५ मा पढिरहेको अवस्थामा माओवादी पार्टीको पूर्णकालीन सदस्यभई हिँडेको सोही क्रममा २०६२ सालमा कैलाली जिल्लाको खैराला भन्ने ठाउँमा राज्य पक्ष र माओवादीबिच भएको दोहोरो भिडन्तको क्रममा मृत्यृ भएको निज विवाहित भई १ छोरी र छोरा रहेको निजहरूले पठनपाठनका लागि विद्यालयबाट छात्रवृत्ति प्राप्त गरेका, नेपाल सरकारबाट राहत/क्षतिपूर्ति प्राप्त गरिसकेको पाइएकाले निजका नाबालक छोराछोरीहरूको पठन पाठनका लागि आवश्यक व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

४७१. मृत्यु, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, बर्दिया जिल्ला मानपुरटपरा गाविस वडा नं. ५ घर भएका सोमप्रसाद थारूको मिति २०५८/९/१२ गते राज्य पक्ष र माओवादीबिच कैलाली जिल्लाको लम्की भन्ने स्थानमा भएको दोहोरो भिडन्तको क्रममा मृत्यु भएकाले राहतका लागि  पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज सोमप्रसाद थारू २०५७ सालमा माओवादी पार्टीमा लागी गएको, सो पछि घरमा फर्की नआएको, निज माओवादी पार्टीको लडाकु भई हिँड्ने क्रममा २०५८/९/१२ गते कैलाली जिल्लाको लम्की भन्ने स्थानमा भएको माओवादी र सुरक्षाकर्मीबिचको भिडन्त (लडाइ) मा मृत्यु भएको, निज अविवाहित रहेको र निजका परिवारले राहत स्वरूप रकम प्राप्त गरिसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४७२. अस्पतालमा मृत्यु, प्रदेश नं. ५ कार्यालय बुटवल, गुल्मी जिल्ला धुर्कोट गाविस वडा नं. ६ निवासी वर्ष ११ को दर्शन नेपालीको पाल्पा तानसेनस्थित युनाइटेड मिसन असपतालमा उपचारको क्रममा मृत्यु भएकाले दोषीलाई कार्यबाही र पीडितलाई क्षतिपूर्तिको पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा पीडितले क्षतिपूर्ति पाइसकेको उजुरीकर्ता र पीडित परिवार चित्त बुझाएर बसेको र चिकित्सको लापरवाहीबाट मृत्यु भएको भन्ने पुष्टि हुनसमेत नसकेकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४७३. मृत्यु, प्रदेश नं. १ कार्यालय विराटनगर, सुनसरी जिल्ला साहवेगन्ज गाविस वडा नं. ९ बस्ने विद्यार्थीहरू शम्भु बहरदार, दीपक बहरदार र अन्य चार जना गरी छ जना विद्यार्थीलाई शिक्षक

इन्द्रदेव गुप्ताले विद्यालय सञ्चालन भई रहेकै अवस्थामा मिति २०६६/०५/०१ गते आफ्नो व्यक्तिगत काम गराउन विभिन्न प्रलोभन देखाई ऐ.अमदुवा गाविस वडा नं. ३ स्थित आफ्नै उखु बारीमा डिएपी र युरिया मल छर्नुपर्छ भनी लगी पहिलादेखि नै विषादी मिसावट गरेको मल छर्न लगाउँदा निज विद्यार्थीहरू वेहोस भएपछि शम्भु बहरदार र दीपक बहरदारको मृत्यु भएकाले दोषीलाई कार्यबाही र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीका सम्बन्धमा छलफल हुँदा सो उजुरीमा विद्यार्थीहरूको मृत्यु भएको भन्ने देखिए पनि सो विषयमा मुद्दा चले नचलेको तर्फ केही पनि नबुझी अनुसन्धान नै नगरी उजुरी टुङ्ग्याउन टिप्पणी उठी आएको देखिँदा सो उजुरीको अनुसन्धान नै पूर्ण नभएको नपाइएकाले पूर्ण अनुसन्धान गरी पुनः पेस गर्न प्रदेश नं. १ कार्यालय विराटनगरमा फाइल फिर्ता पठाई अनुसन्धान सम्पन्न गरी पुनः पेस गर्ने निर्णय गरियो ।

४७४. अपहरण, प्रदेश नं. २ कार्यालय जनकपुर, बारा जिल्ला वात्रा गाविस वडा नं. ९ बस्ने ओमप्रकाश साह तेलीलाई २०६१/६/२६ गते अज्ञात समूहले अपहरण गरी लगेकाले निजको सकुशल रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल निज अपहरणमुक्त भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४७५. अपहरण, प्रदेश नं. २ कार्यालय जनकपुर, बारा जिल्ला भरतगन्ज सिँगौल गाविस वडा नं. ७ निवासी शङ्कर काफ्लेलाई २०६२/५/२८ मा माओवादी कार्यकताहरूले अपहरण गरी अवस्था/अज्ञात बनाएकाले निजको सकुशल रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज अपहरण भएको छ महिनापछि घर फर्कि आएको र हाल भारतको गोवामा काम गरिरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४७६. विस्थापित, प्रदेश नं. २ कार्यालय जनकपुर, बारा जिल्ला इनर्वासिरा गाविस वडा नं. ९ बस्ने जयप्रकाश कुशवाहा र कृष्णप्रसाद कुशवाहालाई मिति २०६३/३/४ गते माओवादीहरूले कुटपिट गरी ज्यानमार्ने धम्की दिएकाले भारतमा विस्थापित भएको हुँदा पुनः स्थापितका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा विस्थापितबापत राहत/क्षतिपूर्ति प्राप्त गरिसकेको र हाल स्थापित समेत भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४७७. धम्की (माओवादीबाट), प्रदेश नं. २ कार्यालय जनकपुर, बारा जिल्ला भलुई भरवलिया गाविस वडा नं. ६ बस्ने दुर्योधन दासलाई माओवादी कार्यकर्ता रामराज चौधरीले जग्गाको विषयलाई लिएर ज्यान मार्नेसमेतको धम्की दिएकाले मानव अधिकार संरक्षण गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सो जग्गाको विषयमा अदालतमा मुद्दा चली विचाराधीन रहेको र हाल कुनै किसिमको धम्की नरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४७८. धम्की (माओवादीबाट), प्रदेश नं. २ कार्यालय जनकपुर, बारा जिल्ला हरैया गाविस वडा नं. ७ बस्ने रामबालक साहलाई मिति २०६३/३/१४ गते माओवादी कार्यकर्ताहरूले जग्गाको विषयलाई लिएर जबरजस्ती कागज गराएकाले मानव अधिकार संरक्षण गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा जबरजस्ती कागज गराएको सम्बन्धमा सम्बन्धित निकायमा उजुरी गर्ने हक निज पीडितसँग सुरक्षित नै रहेको, सो कागजबमोजिमको कार्य गर्न निज पीडितलाई कुनै पनि धाकधम्की वा दबाब नभएको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४७९. धम्की (माओवादीबाट), प्रदेश नं. २ कार्यालय जनकपुर, बारा जिल्ला कलैया नपा १० घर भई बारा जिल्ला गडवल गाविसका सचिव हरिनारायणप्रसाद साहलाई माओवादी कार्यकर्ताहरूले जबरजस्ती चन्दा माग गरी रु. एक लाखको कागजसमेत गराएकाले कागज बदर गरी सुरक्षाको व्यवस्था गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल माओवादी कार्यकर्ताहरूबाट कुनै किसिमको धम्की नरहेको, जबरजस्ती गराइएको भनिएको कागजको सम्बन्धमा कार्यान्वयन नगर्ने भनी सहमति भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४७०. सम्पत्ति कब्जा /विस्थापित, प्रदेश नं. २ कार्यालय जनकपुर, बारा जिल्ला रामपुर्वा गाविस वडा नं. २ बस्ने मेदिनीदेव खरेलको जग्गा माओवादीहरूले २०६२ साल फागुनबाट कब्जा गरी घर जलाई दिएकाले विस्थापित भएको हुँदा घरजग्गा फुकुवा गरी न्याय पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल उक्त जग्गा निज मेदिनीदेवकै भोगचलनमा रहेको कसैको कब्जामा नभएको साथै घरमा आगजनीको कार्य माओवादी कार्यकर्ताबाट भएको भन्ने पूष्टि हुन नसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४७१. अपहरण /बेपत्ता, प्रदेश नं. २ कार्यालय जनकपुर, बारा जिल्ला श्रीनगर बैरिया गाविस वडा नं. २ बस्ने भोला साहलाई आफ्नै दाजुसमेतको संलग्नतामा २०६३/७/११ गते अपहरण गरिएकाले निजको सकुशल रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा जग्गासम्बन्धी विवादमा आफ्नै दाजुभाइलाई जग्गा दिनुपर्ने अवस्थाबाट बच्न आफूखुसी बेपत्ता भई हाल घर फर्की आइबसेको भन्ने पाइएबाट प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४७२. विस्थापित, प्रदेश नं. २ कार्यालय जनकपुर, बारा जिल्ला सपही गाविस वडा नं. २ घर भई कलैया नपा वडा नं. ८ बस्ने रामकृष्ण काफ्लेलाई मिति २०६३/१२/११, २०६३/१२/२६ लगायत विभिन्न मितिमा विभिन्न नंम्बरका फोनबाट तराई जनतान्त्रिक मुक्ति मोर्चा (गोइत समूह) को जिल्ला स्तरीय कार्यकर्ता दाबी गर्ने जीतेन्द्र तिवारीलगायत विभिन्न अपरिचित व्यक्तिहरूले रु. १,००,०००/- सम्म चन्दा मागेको नदिए जे पनि हुन सक्छ भनी धम्की दिएकाले काठमाडौँमा विस्थापित भई बसेको हुँदा आवश्यक कार्यबाही गरिपाऊँ भनी दिएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा उजुरीकर्ताले उठाएको शान्तिसुरक्षा, धम्की तथा चन्दा

मागेको अवस्था हाल नरेहेको, हाल अवस्था सामान्य रहेको पाइयो । उजुरीकर्ता/पीडित हाल सो स्थानमा गई बस्न नसक्ने अवस्था पनि पाइएन । विभिन्न भूमीगत पार्टी तथा समूहहरूको धम्कीका कारण विस्थापित भएको सम्बन्धमा आयोगबाट यसअघि नीतिगत सिफारिससमेत भइसकेको अवस्थामा हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४७३. यातना, प्रदेश नं. २ कार्यालय जनकपुर, सर्लाही जिल्ला ढुङ्गेखोला गाविस वडा नं. ४ बस्ने बाबु थापा (मेघबहादुर थापा) लाई कामको सिलसिलामा मिति २०६४/१/१४ गते बारा जिल्लाको पथलैयामा पुगेको अवस्थामा प्रहरीले पक्राउ गरी शारीरिक यातना दिएको मोटरसाइकल र मोवाइल फोन कब्जामा लिएकाले मानव अधिकार संरक्षण गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निजलाई प्रहरीले पक्राउ गरी सार्वजनिक अपराधमा मुद्दा चलाएको, मोवाइल फिर्ता गरिसकेको, मोटरसाइकल बरामद नै नगरेको र यातनातर्फ पुष्टि हुने कुनै आधार प्रमाण नपाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४७४. न्याय दिलाई पाऊँ, प्रदेश नं. २ कार्यालय जनकपुर, नेपाल पशुपंक्षीजन्य व्यवसायी सङ्घ, कार्यालयका कर्मचारी रवी श्रेष्ठ र रोसन कुमाललाई २०६४/८/७ गते बाराको पथलैयामा ठेकेदार रामनारायाण साह तेलीसमेतले आक्रमण गरेकोमा प्रशासनबाट प्रभावकारी उपचार प्राप्त नभएकाले आवश्यक पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा तत्कालै क्षेत्रीय प्रशासनसमेतको पहलमा दुवै पक्षबिच मिलापत्र भई समस्या समाधान भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४७५. अपहरण, प्रदेश नं. २ कार्यालय जनकपुर, भारत घर भई बारा जिल्ला बरैहनियामा व्यापार गरी बस्ने उपेन्द्र कुशवाहालाई मिति २०६४/८/१७ गते अज्ञात समूहले अपहरण गरी अवस्था अज्ञात बनाएकाले सकुशल रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज अपहरणमुक्त भई आफ्नै घरमा व्यवसाय गरी बसेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४७६. यातना, प्रदेश नं. २ कार्यालय जनकपुर, बारा जिल्ला इनर्वासिरा गाविस वडा नं. ९ बस्ने जवाहिर महतो कोइरीलाई मिति २०६३/६/९ गते माओवादी कार्यकर्ताहरूले खुट्टामा भाला रोपी कुटपिट गरी यातना दिएकाले उपचारका लागि पहल गरी मानव अधिकार संरक्षण गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा पीडित जवाहिर महतो र निजकै आफन्त बिच जग्गासम्बन्धी विवाद रहेको, सोही विवादको विषयमा छलफल हुँदा निज जवाहिरमाथि कुटपिट भएको जग्गाको विवाद समाधान भइसकेको कुटपिटबापत राहत/क्षतिपूर्ति प्राप्त गरिसकेको र हाल पीडित आफ्नै घरमा बसोबास गरिरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४७७. यातना/कुटपिट, प्रदेश नं. २ कार्यालय जनकपुर, बारा जिल्ला इनर्वासिरा गाविस वडा नं. ९ बस्ने जयप्रकाश कुशवाहालाई आफ्नो मामा घर बेलहिया जाँदा नेकपा (माओवादी)-का

कार्यकर्ताहरूले कुटपिट गरी यातना दिएकाले मानव अधिकार संरक्षण गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा यातना पुष्टि हुन नसकेको उपचार खर्चबापत नेपाल सरकारबाट राहत/क्षतिपूर्ति पीडितले प्राप्त गरिसकेको र हाल अवस्था सामान्य रही पीडित आफ्नै घरमा बसोबास गरिरहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४७८. घर प्रवेशमा रोक, प्रदेश नं. २ कार्यालय जनकपुर, रौतहट जिल्ला सँग्रमपुर ८ घर भई बारा जिल्ला खोपना -२ माइती घर भएकी रितादेवी साहलाई दाइजो कम ल्याएको निहुँमा सासू र श्रीमान्ले घर प्रवेश गर्न नदिएकाले घर बाहिर पाल टाँगेर बस्न बाध्य भएको भन्ने समाचार प्रकाशित भएपछि आयोगले स्वविवेकमा उजुरी ग्रहण गरी कार्यबाही अगाडि बढाएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निजको अदालतबाट कानुनबमोजिम सम्बन्धविच्छेद भई अर्के व्यक्तिसँग विवाह गरी बसेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४७९. न्यायप्रशासन, प्रदेश नं. २ कार्यालय जनकपुर, बारा जिल्ला उमजन गाविस वडा नं. ३ बस्ने मखन पासवानको घरमा मिति २०६६/९/२१ गते अज्ञात व्यक्तिहरू प्रवेश गरी लुटपाट गरी क्षति पुऱ्याएको सम्बन्धमा जिल्ला प्रहरी कार्यालयमा निवेदन गर्दा कुनै पहल नगरेकाले आवश्यक पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सोही विषयमा जिल्ला प्रहरी कार्यालयमा परेको निवेदनसहित स्थानीय प्रहरी चौकी वारागढीमा छलफल भई दुवै पक्षबिच मिलापत्रसमेत भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४८०. प्रहरीबाट कुटपिट तथा दुर्व्यवहार, प्रदेश नं. २ कार्यालय जनकपुर, बारा जिल्ला कलैया नपा वडा नं. ६ बस्ने अभिनन्दनकुमार गुप्तालाई कलैया बसपार्कका प्रहरीले २०६९/९/१७ गते कुटपिट गरी यातना दिएकाले प्रहरीलाई कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा यातना दिएको भन्ने पुष्टि हुन नसकेको सामान्य हात हालाहालको अवस्था भएको र दुवै पक्षविच मिलापत्रसमेत भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४८१. शिक्षाको अधिकार, प्रदेश नं. २ कार्यालय जनकपुर, बारा जिल्ला विसनपुर गाविस वडा नं. ९ मा रहेको श्री नेपाल राष्ट्रिय प्रावि भवनमा २०६९/६/९ गतेदेखि अस्थायी प्रहरी चौकी राखिएकाले त्यहाँ अध्ययनरत बालबालिकाहरू सहज वातावरणमा पढ्न पाउने अधिकारबाट वञ्चित हुँदा बालबालिकाहरूको भयरहित वातावरणमा पढ्न पाउने वातावरणका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सो स्थानबाट प्रहरी चौकी अन्यत्र सरी सकेको बालबालिकाहरूको भयरहित वातावरणमा पढ्न पाउने अधिकार सुरक्षित रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४८२. न्यायप्रशासन, प्रदेश नं. २ कार्यालय जनकपुर, बारा जिल्ला अमलेखगन्ज गाविसस्थित फुपूको

घरमा बस्दै आएका तेम्प्रोलिङ्गी रितेश लामालाई २०६८/११/२४ गते मदिरा सेवन गरेका ४ जाना व्यक्तिहरूले सामूहिक बलात्कार गरेकाले पीडितलाई न्याय र पीडकलाई कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सो घटनाको सम्बन्धमा जाहेरी दर्ता भई अदालतमा मुद्दा चली हाल अदालतमा विचारधीन रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो।

४८३. गैरकानुनी हत्या, प्रदेश नं. २ कार्यालय जनकपुर, बारा जिल्ला वैरिया गाविस वडा नं. ८ बस्ने रामबाबु सहनीलाई २०६६/११/२२ गते प्रहरीले आफ्नो नियन्त्रणमा लिइसकेपछि गोली हानी हत्या गरेकाले उचित छानबिन गरी सत्यतथ्य बाहिर ल्याइपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा मिसिल संलग्न अनुसन्धान प्रतिवेदन बुझिएका साक्षी तथा प्राप्त अन्य प्रमाणहरूसमेतका आधारमा मृतक रामबावु सहनीलाई प्रहरीले मिति २०६६/११/२२ गते बारा जिल्लाको कलैयास्थित गुप्ता पेट्रोल पम्पबाट निहत्था अवस्थामा नियन्त्रणमा लिई बारा जिल्लाको पसढो खोला नजिक गोली हानी हत्या गरेको पाइयो। निजको हत्यामा तत्कालीन समयमा जिल्ला प्रहरी कार्यालय बारामा कार्यरत प्रहरी नायव उपरीक्षक सुरेन्द्र केसी प्रहरी सहायक निरीक्षक धर्मेन्द्र सिंहको समेत संलग्नता देखिएको पाइयो। तसर्थ मृत्तक रामबाबु सहनीका परिवारलाई रु. ३,००,०००/- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र सो घटनामा संलग्न प्रनाउ सुरेन्द्र केसी प्रहरी सहायक निरीक्षक धर्मेन्द्र सिंहलाई कानुनबमोजिम कार्यबाही गरी अन्य संलग्नहरूको समेत पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो।

४८४. बेपत्ता, प्रदेश नं. ३ कार्यालय सानेपा ललितपुर, धादिङ जिल्ला धुवाकोट गाविस वडा नं. १ बस्ने बुद्धिलाल तामाङ र फूलमाया तामाङलाई मिति २०५९/१/१४ मा सयौका सङ्ख्यामा आएका सैनिकहरूले घेराम हाली धुवाकोटको पात्लेमा नियन्त्रणमा लिई हेलिकप्टरमा राखी लगेको, हालसम्म दुवै जनाको अवस्थामा अज्ञात रहेकाले अवस्था सार्वजनिक गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा मिसिल संलग्न अनुसन्धान प्रतिवेदन तथा प्रमाण कागजातहरूबाट निज बुद्धिलाल तामाङ र फूलमाया तामाङलाई मिति २०५९/१/१४ मा धादिङ जिल्लाको धुवाकोट गाविसमा सुरक्षाकर्मीहरूले नियन्त्रणमा लिई निज फूलमाया तामाङलाई गोली हानी हत्या गरेको र बुद्धिलाल तमाङलाई नियन्त्रणमा लिई निजलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण ऐन, २०५८ अनुसार नजरबन्दमा राखिएको पछि निज बुद्धिलाल तामाङ रिहा भई हाल छोराछोरीसहित क्यानाडामा बस्दै आएको मृतक फूलमायाङ तामाङको सम्बन्धमा पीडित परिवारले राहतसमेत बुझिसकेको पाइयो। तसर्थ क्षतिपूर्ति तर्फ केही गरिरहनु परेन। मृतक फूलमाया तामाङलाई सुरक्षाकर्मीहरूले नियन्त्रणमा लिई सकेपछि हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो।

४८५. अपहरण, प्रदेश नं. ३ कार्यालय सानेपा ललितपुर, सिन्धुपाल्चोक जिल्ला साँगाचोक गाविस वडा नं. ९ बस्ने रामशरण गिरीलाई मिति २०६०/०५/२४ गते आफ्नै घरबाट माओवादी

कार्यकर्ताहरूले अपहरण गरी अवस्था अज्ञात बनाएकाले सकुशल रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा मिसिल संलग्न अनुसन्धान प्रतिवेदन तथा प्रमाणहरूबाट निज रामशरण गिरीलाई मिति २०६०/०५/२४ गते माओवादी कार्यकर्ताहरूले आफ्नै घरबाट अपहरण गरी हत्यासमेत गरेको पाइयो । पीडित परिवारले राहत/क्षतिपूर्ति प्राप्त गरिसकेको पाइँदा सोतर्फकेही गरिरहनु परेन । माओवादी कार्यकर्ताहरूले अपहरण गरी आफ्नो नियन्त्रणमा लिइसकेपछि सर्वसाधारण नागरिकको हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

४८६. समलिङ्गी अधिकार, गण्डकी प्रदेश कार्यालय पोखरा, कास्की जिल्ला पञ्चमूल गाविस वडा नं. ९ बस्ने विन्ती विक (तेस्रोलिङ्गी) र निजको प्रेमिका कृष्ण तिवारी बुटवलमा डेरा गरी बसी प्रेमप्रेमिका भई बसेकोमा कृष्ण तिवारीको घरपरिवारले छुटाउन प्रहरी प्रशासनसमेतको सहयोग लिएको साथै धम्कीसमेत दिएकाले, हाम्रो अधिकारको रक्षा गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा दुवै जनाको समस्या समधान भइसकेकाले उजुरी टुङ्ग्याई दिन उजुरीकर्ता स्वयमूंले दिएको. निवेदन मिसिल संलग्न पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४८७. स्थिति अज्ञात, गण्डकी प्रदेश कार्यालय पोखरा, कास्की जिल्ला हंसपुर गाविस वडा नं.९ बस्ने विनोद पौडेल (अ.हे.व.) म्याग्दी जिल्ला जनस्वास्थ्य कार्यालयबाट भिटामिन ए खुवाउने कार्यका लागि सोही जिल्लाको लुलाङ भन्ने ठाउँमा मिति २०५८ साल फागुन महिनामा गएकोमा सो ठाउँमा नै नपुगी बिचबाटै हराएको र हालसम्म पनि अवस्था अज्ञात नै रहेकाले स्थिति सार्वजनिक गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हालसम्म पनि अवस्था अज्ञात नै रहेको पाइएकाले निजको अवस्था सम्बन्धमा जिल्ला प्रहरी कार्यालय म्याग्दी निजको स्थायी ठेगानामा रहेको हालको स्थानीय तह र घरपरिवारमा समेत पत्राचार गरी जवाफ प्राप्त भएपछि वा म्याद नाघेपछि पुनः पेस गर्ने ।

४८८. न्यायप्रशासन, केन्द्रीय कार्यालय, ललितपुर, झापा जिल्ला गौरादह गाविस वडा नं. ३ स्थायी घर भई हाल काठमाडौँ बस्ने ज्योति राईको छोरी सुमि वल तामाङलाई रामेछाप घर भई हाल भक्तपुर सिपाडोल - ८ बस्ने तिलकबल लामा र सरिता थिङले पालन पोषण गरिरहेकोमा मिति २०६८ साल मङ्सिर १ गते निज छोरी सुमिबल तामाङ हराएको भन्ने खबर पाई खोजतलासका लागि प्रहरीमा उजुरी दिएकोमा तदारुकताको साथ खोजतलास नगरेकाले आवश्यक पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज सुमीबल तामाङ फेला परी सकेको भन्ने आमा ज्योति राईले आयोगलाई टेलिफोनमार्फत जानकारी गराएको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४८९. जीवनको अधिकार (गाँस, बास, कपास), प्रदेश न..३ कार्यालय सानेपा, ललितपुर, रौतहट जिल्ला ब्रम्हपुरी गाविस वडा नं. १ बस्ने ८६ वर्षीय रत्नेश्वरप्रसाद सिंहलाई २०४१ सालमा ज्यान मुद्दामा सर्वस्वसहित जन्म कैद भई जेलमा रहेकोमा तोकिएको सजाय भुक्तान गरी जेल

मुक्त भएकोमा सर्वस्व हरण भएकाले गाँस, बास, कपासको समस्या हुनको साथै वृद अवस्था भएकाले थप समस्या परेकाले सम्मानित जीवनयापनका लागि आवश्यक पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान भई पेस भएकोमा छलफल गरियो । कुनै पनि व्यक्तिउपर सर्वस्वसहित जन्मकैदको सजाय भएपछि सो सजाय भुक्तान वा माफी भई कारागार मुक्त भएका व्यक्तिहरूको गाँस, बास, कपासको सम्बन्धमा वर्तमान कानुनहरू मौन रहेको पाइन्छ । यसरी कारागार मुक्त भएका व्याक्तिहरू पनि नागरिक नै भएकाले निजहरूको हकमा पनि मानव अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रावधानहरू आकर्षित हुने नै देखिन्छ। यसर्थ निजहरूको बाँच्न पाउने अधिकारको संरक्षण गर्नुपर्ने दायित्वबाट राज्य विमुख हुन मिल्दैन । साथै यस्ता कारागार मुक्त व्यक्तिहरूको सन्तान पनि सामाजिक तथा पारिवारिक दायित्वबाट विमुख हुन नमिल्ने देखिन्छ। आफ्ना बाबु आमालाई विनाकुनै मूल्य स्याहार-सुसार गर्नुपर्ने वा पालन पोषण गर्ने दायित्व निजहरूमा रहनु स्वाभाविकै हो । यसरी सर्वस्वसहित जन्मकैद भई सर्वस्व गुमाएका व्यक्तिहरू कारागार मुक्त भएपछि निजहरूको अबस्था के हुने ? निजहरूको बाँच्न पाउने अधिकारलाई कसरी संरक्षण गर्ने भन्ने सम्बन्धमा राज्य सदैव जिम्मेवार हुन आवश्यक छ। यसका लागि राज्यले कानुनी तथा नीतिगत रूपमा नै व्यवस्था गरी त्यस्ता व्यक्तिहरूको मानव अधिकार संरक्षण गर्न आवश्यक देखिन्छ। माथि उल्लिखित सन्दर्भसमेतका आधारमा पारिवारिक दायित्वसमेतलाई विचार गरी पीडित रत्नेश्वरप्रसाद सिंहसहित यस्ता प्रकृतिका पीडितहरूको मानव अधिकार संरक्षण गर्न कानुनी तथा नीतिगत रूपमा नै व्यवस्था गरी कार्य गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

४९०. कैदीबन्दीहरूको न्यायिक अधिकार, प्रदेश न..३ कार्यालय सानेपा, ललितपुर, सिन्धुपालचोक जिल्ला गोलचे गाविस १ घर भई हाल कारागार कार्यालय नखुमा कारागारमा रहेका सोनाम लामाको हात हतियार खजना मुद्दामा न्यायालयले फैसला गर्न ढिलाई गरेकाले न्याय पाऊँ भनी दर्ता भएको उजुरीको सम्बन्धमा छलफल हुँदा अदालतको विचाराधीन रहेको मुद्दाको सम्बन्धमा न्यायालयलाई निर्देशन दिन सक्ने क्षेत्राधिकार यस आयोगलाई नभएको हुँदा क्षेत्राधिकारको अभावमा प्रस्तुत उजुरी खारेज गर्ने निर्णय गरियो ।

४९१. घरेलु हिंसा, प्रदेश न. ३ कार्यालय सानेपा, ललितपुर, हुम्ला जिल्ला सिमिकोट गाँउपालिका वडा नं. ३ घर भई हाल बौद्ध काठमाडौँमा बस्ने लक्ष्मी एडी रोकाय र निजका २ छोराहरूलाई श्रीमान् जयबहादुर रोकायसमेत भई २०७० सालबाट घरबाट निकाली विस्थापित बनाएको, २०६६ सालदेखि लगातार हिंसा गरिरहेको हुँदा स्वतन्त्र रूपमा भयरहित, हिंसारहित वातावरणमा बस्न पाउन पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा घरेलु हिंसा सम्बन्धमा सम्मानित काठमाडौँ जिल्ला अदालतमा मुद्दा चली फैसला भइसकेको, साथै माना चामल र अंश मुद्दा पनि अदालतमा चली निज लक्ष्मी एडी रेकायाको पक्षमा फैसलासमेत भइसकेको पाएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४९२. जीवनको अधिकार, प्रदेश न..३ कार्यालय सानेपा, ललितपुर, काभ्रेपलान्चोक जिल्ला नमोबुद्ध

नपा वडा नं. ४ बस्ने नवराज पाठकलाई सशस्त्र प्रहरीको पोसाक लगाएका हतियार बोकेका बोलेरो गाडीमा आएका प्रहरीहरूले मिति २०७४/१/३० गते रातको समयमा विनाकारण गोली हानी हत्या गरेकाले निष्पक्ष छानबिन गरी दोषीलाई कार्यबाही र पीडित परिवारलाई क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा मृतक नवराज पाठकलाई सशस्त्र प्रहरी बलका प्रहरी हबल्दार मोहन लामाले मिति २०७४/१/३० गते राती अन्दाजी ९.३० बजेको समयमा विना कारण गोली हानी हत्या गरेको पाइयो । निजले कमान्डरको आदेशविना नै आफ्नै विवेकले गोली चलाएको, निज मोहन लामाको मिसिल संलग्न बयान/प्रतिक्रियाबाट पाइयो । मृतकका परिवारले रु.१०,००,०००/- (दश लाख मात्र) क्षतिपूर्तिसमेत पाइसकेको देखिएकाले क्षतिपूर्तितर्फ केही गरिरहनु परेन । घटनामा सशस्त्र प्रहरी हबल्दार मोहन लामाको प्रत्यक्ष संलग्नता देखिएकाले निजलाई कानुनबमोजिम कार्यबाही गर्न नेपाल सरकारलाई सिफरिस गर्ने निर्णय गरियो ।

४९३. यौनदुर्व्यवहार, प्रदेश न..३ कार्यालय सानेपा, ललितपुर, काभ्रेपलान्चोक जिल्ला तेमाल गाउँपालिका वडा नं.४ निवासी अपाङ्ग कान्छी माया रसाइलीलाई स्थानीय एक युवकले बलात्कार गरेकाले निजको न्यायका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा मिति २०७४/७/१३ गते दिनको अ.. ११:३० बजे काभ्रेपलाचोक जिल्ला तेमाल गाउँपालिका वडा नं. ४ बस्ने कामिसि लामाले पीडित कान्छी माया रसाइलीलाई आफ्नै घरमा बोलाई बलत्कार गरेको पाइयो । सो घटनामा दोषी कामिसी लामालाई प्रहरीले पक्राउ गरी अदालतमा मुद्दा चली पुर्पक्षका लागि थुनामा समेत रहेको, पीडितको उपचार भइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४९४. हत्या (माओवादीबाट), प्रदेश नं. १ शाखा कार्यालय विराटनगर, झापा जिल्ला कुमरखोद गाविस वडा नं. ७ बस्ने चूडामणि मैनालीलाई मिति २०६२/७/२१ गते नेकपा (माओवादी)-का कार्यकर्ताहरूले झापा बजारमा चन्दा उठाइरहेको अवस्थामा प्रतिकार गर्दा गोली हानी हत्या गरेकाले छानबिन गरिपाऊँ भनी दर्ता भएको उजुरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा मिति २०६२/७/२१ गते झापा जिल्लाको झापा बजारमा मेला लागेको अवस्थामा नेकपा (माओवादी)-का कार्यकर्ता भक्ति पाठकको नेतृत्वमा चन्दा उठाउने कार्य भैरहेको, सोही ठाँउमा निज चूडामणि मैनाली चुरोट खाने पैसा माग्दै हिँडेको अवस्थामा माओवादी कार्यकर्तासँग विवाद भएपछि माओवादी कार्यकर्ताहरूले झापा बजारमै पहिला कुटपिट गरी पछि पेस्तोल प्रहार गरी निज चूडामणिको हत्या गरेको पाइयो । पीडित परिवारले राहत प्राप्त गरिसकेको पाइएकाले सोतर्फ केही गरिरहनु परेन । घटनामा संलग्न ठेगाना नखुलेका माओवादी कार्यकर्ता भक्ति पाठकसमेतको संलग्नता देखिएकाले निज र निजमार्फत संलग्न सम्पूर्ण दोषीहरूको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

४९५. अपहरण, प्रदेश नं. १ कार्यालय विराटनगर, झापा जिल्ला महाभरा गाविस घर भै जुरोपानी गाविस वडा नं. ५ स्थित माइती घरमा बस्दै आएकी अम्बादेवी इलारी (राजवंशी) लाई मिति २०६२/२/१९ गते माओवादीहरूले अपहरण गरी अज्ञात बनाएकाले स्थिति सार्वजनिक गरी

जीवनरक्षा गरिपाऊँ भनी दर्ता भएको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा निज अपहरणमुक्त भई वैदेशिक रोजगारीको सिलसिलामा साउदी अरवियामा रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४९६. बेपत्ता, प्रदेश नं. १ कार्यालय विराटनगर, झापा जिल्ला गरामुनि- ८ बस्ने रुद्र पौडेललाई सुरक्षाकर्मीले मिति २०६२/१२/२ मा आफ्नै घरबाट पक्राउ गरी लगी बेपत्ता बनाएकाले सकुशल रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज रिहाइ भइसकेको र हाल मोरङ जिल्लाको सलकपुरमा खेतीपाती गरी बसिरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

४९७. अपहरण, प्रदेश नं. १ कार्यालय विराटनगर, झापा जिल्ला महाभरा गाविस वडा नं. ४ बस्ने बलराम थपलियालाई मिति २०६२/२/२० गते माओवादी कार्यकर्ताहरूले घरबाटै अपहरण गरी नियन्त्रणमा राखेकाले घटनाको छानबिन गरी दोषीमाथि कार्यबाही र पीडितलाई क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा पीडित बलरामलाई माओवादी कार्यकताहरूले झन्डै १ वर्ष २० दिन कब्जामा राखी शारीरिक तथा मानसिक यातना समेत दिएको पाइएकाले घटनामा संलग्नता दोषी माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न र पीडित बलराम थपलियालाई रु. ५०,०००/- (पचास हजार मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

४९८. प्रहरीले भ्रष्टाचार गरेकोमा अनुसन्धान नभएको, प्रदेश नं. १ कार्यालय विराटनगर, इलाका प्रहरी कार्यालय बेलवारीका तत्कालीन प्रहरी निरीक्षकले घुस खाएकोमा कार्यबाही गरी घुस खाएको रकम फिर्ता गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा प्रस्तुत भ्रष्टचारसँग सम्बन्धित उजुरी रहेको, भ्रष्टाचार सम्बन्धमा आयोगलाई क्षेत्राधिकार नभएकाले क्षेत्राधिकारको अभावमा प्रस्तुत उजुरी खारेज गर्ने निर्णय गरियो ।

४९९. बेपत्ता, प्रदेश नं. १ कार्यालय विराटनगर, झापा जिल्ला गौरदह गाविस वडा नं. ७ बस्ने पुष्पलाल ढकाललाई मिति २०६०/९/२९ गते उखु विक्री गर्न भनी ट्याकटर लिई विराटनगरतर्फ गइरहेको अवस्थामा सशस्त्र प्रहरीद्वारा पक्राउ गरी बेपत्ता पारेकाले स्थिति सार्वजनिक गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज पुष्पलाल ढकाल रिहाइ भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५००. जग्गा कब्जा, प्रदेश नं. १ कार्यालय विराटनगर, झापा जिल्ला तोपगाछी गाविस वडा नं. ३ बस्ने गणेशबहादुर घिमिरेको घरबाट नेकपा (माओवादी)-का कार्यकर्ताहरूले मिति २०६१/१२/३, २०६२/३/१४ र २०६२/३/८ गते लुगाफाटा गाई भैसी, बाख्रालगायतका सम्पूर्ण सामानहरू गरी करिब तेह्र लाख बराबरको सम्पत्ति लुटपाट गरी जग्गा समेत कब्जा गरेकाले क्षतिपूर्ति दिलाई कब्जा जग्गा फुकुवा गरी पाउन पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा नेकपा (माओवादी)-का कार्यकर्ताहरूले मिति २०६१ साल र २०६२ सालमा गरी ३ पटकसम्म पीडित गणेशबहादुर घिमिरेको घरबाट सम्पत्ति लुटपाट गरी क्षति पुऱ्याएको

पाइएकाले निजको लुटपाट भएको तथा क्षति भएको सम्पत्तिको उचित मूल्याङ्कन गरी क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न दोषीहरूको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

५०१. अपहरण, प्रदेश नं. १ कार्यालय विराटनगर, झापा जिल्ला मेची नपा वडा नं. १२ मा बस्ने टङ्कप्रसाद सङ्ग्रौलालाई माओवादी कार्यकर्ताहरूले २०६३/०३/१५ गते बिहान १० बजेको समयमा दुर्गापुर गाविसमा बोलाई बन्दी बनाई राखेकाले सकुशल रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज बन्दी भएको भोलिपल्टै रिहाइ भई हाल सकुशल अवस्थामा आफ्नै घरमा रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५०२. गैरकानुनी थुना, प्रदेश नं. १ कार्यालय विराटनगर, सुनसरी जिल्ला धरान नपा वडा नं. ११ बस्ने सृजन रसाइलीलाई गैरदलितसँग विवाह गरेको आधारमा केटी पक्षबाट झुठा मुद्दा दिई केटी अपहरणको आरोपमा इलाका प्रहरी कार्यालय धरानले पक्राउ गरी गैरकानुनी थुनामा राखेको हुँदा मानव अधिकार संरक्षण गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज पीडित सृजन रसाइली थुनामुक्त भई हाल विदेशमा रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५०३. हत्या (माओवादीबाट), प्रदेश नं. १ कार्यालय विराटनगर, झापा जिल्ला पाठामारी गाविस वडा नं. ९ बस्ने बंगाडु मियाँलाई मिति २०६२/०८/१९ गते चोरीको आरोपमा माओवादी कार्यकर्ताहरूले मरणासन्न हुनेगरी कुटपिट गरेपछि अस्पतालमा लागेकोमा उपचारकै क्रममा मृत्यु भएकाले निष्पक्ष छानबिन गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज मृतक वंगाडु मियाँलाई माओवादी कार्यकर्ताहरूले मिति २०६२/०८/१९ गते घरबाटै नियन्त्रणमा लिई अत्यधिक कुटपिट गरेका कारण उपचारार्थ मेची अञ्चल अस्पताल झापामा लगिएकोमा अस्पतालमा नै मिति २०६२/०८/३० गते मृत्यु भएको पाइयो । पीडित परिवारले रु. ३,००,०००/- (तीन लाख मात्र) राहत/क्षतिपूर्ति प्राप्त गरिसकेको पाइएकाले क्षतिपूर्तितर्फ केही गरिरहनु परेन । निहत्था व्यक्तिलाई नियन्त्रणमा लिई माओवादी कार्यकर्ताहरूले कुटपिट गरेको र सोही कारणबाट उपचारकै क्रममा अस्पतालमा नै निज बङ्गाडु मियाँको मृत्यु भएको पाइदा घटनामा संलग्न दोषी माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

५०४. बेपत्ता, प्रदेश नं. १ कार्यालय विराटनगर, मोरङ जिल्ला सिजुवा गाविस वडा नं. ६ बस्ने सन्तोषकुमार चौलागाई विदेश जानका लगि घरबाट हिडी विराटनगरस्थित धनकुटा लजमा बसेको अवस्थामा मिति २०६२/५/८ गते प्रहरीले पक्राउ गरी बेपत्ता बनाएकाले जीवनरक्षा गरी रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज सकुशल रिहा भई हाल रोजगारीको सिलसिलामा विदेशमा रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५०५. सम्पत्ति कब्जा, प्रदेश नं. १ कार्यालय विराटनगर, कम्व्याट ड्रससहितका हतियार धारी माओवादी समूहले मिति २०६२/१२/७ गते कन्काई नदीको पुलमा मिनाल तिम्सिना चालक रहेको मिनी टाटा नियन्त्रणमा लिई चालकलाई भोलिपल्ट छोडिदिएको र मे. १ ख.९५९ नं. को मिनी टाटा गाडी लुटी लगेकाले र पछि चारआली ब्यारेकमा रहेकाले फिर्ता पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा उजुरकर्ताले आफ्नो ट्रक फिर्ता पाइसकेकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५०६. प्रहरीको गोली लागी मृत्यु, प्रदेश नं. १ कार्यालय विराटनगर, इलाम जिल्ला चुलाचुली गाविस वडा नं. १ घर भएका राजकुमार आङदेम्बेलाई मिति २०६४/६/२० मा कर्फ्यु लगाएको समयमा सशस्त्र प्रहरीले लखेट्दै लगी गोली हानी हत्या गरेकाले घटनाको छानबिन गरी दोषीलाई कार्यबाही र पीडितलाई क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च र यससँग आबद्ध सङ्गठनहरू मिति २०६४/६/१८ देखि अनिश्चितकालीन आमहडताल गरेको, सो क्रममा राजमार्गसमेत बन्द गरी सवारी आवगमनमा अवरोध पुऱ्याएकोमा स्थानीय प्रशासनले कर्फ्यु लगाई सुरक्षाकर्मीको स्कटिङमा सवारी साधनहरूलाई सुचारु गरेको पाइयो । यसै क्रममा मिति २०६४/६/२० मा कर्फ्यु लगाई सवारी साधनहरू स्कटिङ गरिरहेको अवस्थामा प्रदशर्नकारीले सवारी साधनको आवगमनमा अवरोध सृजना गर्दा विनासूचना प्रहरीले गोली चलाएको र सोही गोली मृतक राजकुमार आङदेम्वेको कम्मरमा लागी घाइते भएको र उपचारको क्रममा निजको मृत्यु भएको पाइयो । घटनाको समयमा गोली नै चलाउनुपर्नेसम्मको अवस्था थियो, थिएन ? गोली चलाउनुअघि कुनै किसिमको सूचना दिइयो, दिइएन भन्नेतर्फ हेर्दा प्रहरीको जवाफबाट पनि गोली नचलाई नहुनेसम्मको परिस्थिति भएको भनी भन्न नसकेको अवस्थामा सुरक्षाकर्मीबाट बलको अधिक प्रयोग भएको पाइयो । यस्तो अवस्थामा घटनामा संलग्न सुरक्षाकर्मीहरूको पहिचान गरी सचेत गराउन यस्तो परिस्थितिमा सुरक्षाकर्मीहरूलाई संयमित भई कार्य गर्न र बलको प्रयोग गर्दा यससम्बन्धी राष्ट्रसङ्घीय सिद्धान्तको परिपालना गर्न सम्पूर्ण सुरक्षा निकायहरू तथा ती मातहतका अन्य निकायहरूमा पत्राचार गर्न नेपाल सरकारलाई सिफारिस गर्ने र क्षतिपूर्ति/राहत पाइसकेको देखिँदा सोतर्फ केही गर्न नपर्ने निर्णय गरियो ।

५०७. घाइते (न्यायप्रशासन), प्रदेश नं. १ कार्यालय विराटनगर, मिति २०६३/१/३ गते झापा स्थित बेलडाँगी शरणार्थी माओवादी कार्यकर्ताहरूले गोली चलाउँदा एक जना प्रहरीको घटनास्थलमा नै मृत्यु भएको र शिबिरमा बस्ने नरबहादुर मगरको गोली लागी घाइते भएको, अझै पनि थप उपचार गराउनुपर्ने अवस्था रहेको र आर्थिक अवस्था कमजोर भएकाले उपचारको व्यवस्थाका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज नरबहादुर मगरलाई माओवादी कार्यकर्ताहरूले चलाएको गोली लागी घाइते भएको, हालसम्म पनि छर्रा शरीरभित्रै रहेको र उपचारमा समस्यासमेत भएको पाइएकाले पीडित झापा जिल्ला बेलडाँगीस्थित विस्तारित से. ब/छाप्रो नं. ७९-७४ भुटानी शरणार्थी शिबिरमा बस्ने नरबहादुर मगरलाई रु. २,००,०००/- (दुई लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन, निजलाई

थप उपचार आवश्यक भएमा निःशुल्क उपचारको व्यवस्था गर्न र घटनामा संलग्न माओवादी कार्यकर्ताहरूको पहिचान गरी कार्यबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

५०८. बेपत्ता, प्रदेश नं. १ कार्यालय विराटनगर, झापा जिल्ला महारानी गाविस वडा नं. ७ बस्ने शिक्षक गणेश कार्की र लव मैनालीलाई मिति २०६१/४/२३ गते सादा पोसाकमा आएका सुरक्षाकर्मीहरूले पक्राउ गरी बेपत्ता बनाएकाले जीवनरक्षाका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निजहरू दुवै जना रिहा भैसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५०९. सम्पत्ति क्षति प्रदेश नं. १ कार्यालय विराटनगर, झापा जिल्ला सुरुङ्गा गाविस वडा नं ५ स्थित शिवलाल खतिवडाको घर मिति २०६२/१२/२३ गते माओवादी र सेना बिच दोहोरो भिडन्त हुँदा जथाभावी गोली लागी क्षति भएकाले क्षतिपूर्ति दिलाई पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा मिसिल संलग्न अनुसन्धान प्रतिवेदन, गृह मन्त्रालयको मिति २०६३/०४/०४ च.नं. १३ को पत्रसमेतका आधारमा निज शिवलाल खतिवडाको घर मिति २०६२/१२/२३ गते माओवादी र सेना बिच दोहोरो भिडन्त हुँदा गोली लागी क्षति भएको पाइएकाले क्षति भएको सम्पत्तिको मूल्याङ्कन गरी उचित क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

५१०. न्यायप्रशासन, प्रदेश नं. १ कार्यालय विराटनगर मोरङ जिल्ला टाँडी गाविस वडा नं. ४ बस्ने हेमन्त राईमाथि राजकुमार राईसमेतले आक्रमण गरेको विषयमा इलाका प्रहरी कार्यालय उर्लावारीमा जाहेरी दिएकोमा जबरजस्ती जाहेरी फिर्ता गर्न लगाएकाले जोहरीअनुसार अनुसन्धानका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल दुवै पक्षबिच मिलापत्र भई समस्या समाधान भइसेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५११. न्यायप्रशासन, प्रदेश नं. १ कार्यालय विराटनगर मोरङ जिल्ला टाँडी गाविस वडा नं. ८ बस्ने अम्बिका बुढा क्षेत्रीलाई २०६६/५/१२ मा सुरेन्द्र वि.क भन्ने व्यक्तिले वैदेशिक रोजगारीमा पठाइदिने भनी घरबाट लगेकोमा सम्पर्क विहिन भएपछि जिल्ला प्रहरी कार्यालय मोरङमा उजुरी दिँदा कुनै कार्यबाही नभएकाले आवश्यक पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज अम्बिका बुढाक्षेत्री साउदी अरबमा रहेको, आउने जाने गरेको परिवारसँग नियमित सम्पर्कमा रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५१२. बेपत्ता, प्रदेश नं. १ कार्यालय विराटनगर, झापा जिल्ला चन्द्रगढी गाविस वडा नं. ५ बस्ने बाबुराम ढकाल मिति २०६६/१/५ गते मोरङ जिल्ला उर्लावारी गाविस वडा नं. २ स्थित जनपथ होटलबाट बेपत्ता भएकाले खोजतलासका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निजको अवस्था सार्वजनिक भई इलाम जिल्लामा गाविस सचिवका रूपमा कार्यरत रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने

निर्णय गरियो ।

५१३. प्रहरी हिरासतमा मृत्यु, प्रदेश नं. १ कार्यालय विराटनगर, झापा जिल्ला भद्रपुर -३ बस्ने गोविन्दबहादुर कार्की जिल्ला प्रहरी कार्यालय झापाको हिरासतमा राखिएको अवस्थामा मिति २०६६/५/३१ गते रहस्यमय तरिकाबाट मृत्यु भएकाले छानबिन गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा शवपरीक्षण प्रतिवेदनमा उल्लिखित विषयहरूमा थप स्पष्ट हुन आवश्यक देखिएकाले त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल फरेन्सिक मेडिसिन विभागका फरेन्सिक विज्ञबाट राय लिई प्राप्त भएपछि वा म्याद नाघेपछि पुनः पेस गर्नू ।

५१४. न्यायप्रशासन, प्रदेश नं. १ कार्यालय विराटनगर, मोरङ जिल्ला डाँगीहाट गाविस वडा नं.४ बस्ने नरबहादुर तामाङको विभिन्न कित्ता जग्गाहरूका सम्बन्धमा विभिन्न व्यक्तिहरू तथा वन कार्यालयसमेतसँग विवाद भई पुनरावेदन अदालत विराटनगर र सर्वोच्च अदातलमा समेत मुद्दा चली नरबहादुरकै पक्षमा फैसला भए पनि सो फैसला कार्यान्वयनमा जिल्ला प्रशासन कार्यालय, वन कार्यालय जिल्ला प्रहरी कार्यालयले सहयोग नगरेकाले आवश्यक पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सो विषयमा जग्गाधनी पुर्जा वन कार्यालयबाट खारेज भएको र सो सम्बन्धमा मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५१५. व्यक्ती हराएको, प्रदेश नं. १ कार्यालय विराटनगर, खोटाङ जिल्ला विजयार्खक गाविस वडा नं. ४ घर भै मोरङ जिल्ला इन्द्रपुर गाविस वडा नं.२ बस्ने चुडामणी ढुङ्गाना मिति २०६३/८/७ बाट मोरङको खोसाने बजारबाट हराएको हुँदा स्थिति सार्वजनिक गर्न पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल निज फेला परी आफ्नै घरमा बसिरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५१६. न्यायप्रशासन/यातना, प्रदेश नं. १ कार्यालय विराटनगर, मोरङ जिल्ला इटहरा गाविस वडा नं. ६ बस्ने नरेन्द्रबहादुर पौडेललाई मिति २०६३/८/२६ मा विभिन्न अभियोगमा प्रहरीले पक्राउ गरी हिरासतमा यातना दिएको, अदालतको आदेशबाट कारागारमा पठाएकोमा त्यहाँ पनि भाइ नाइके, नाइकेहरूबाट यातना पाइएकाले थुनामुक्त भएपछि उपचार गराइएको हुँदा घटनाको निष्पक्ष छानबिन गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा यातना दिएको विषयमा अदालतमा पेस हुँदा अदालतलाई जानकारी गराउनुपर्ने नगराईएको थुनामुक्त भएपछि उपचार गराएको भनिए पनि कागजातहरू पेस नभएबाट यातना प्रमाणित हुने गर्ने कुनै आधार प्रमाण नदेखिदा प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५१७. सम्पत्ति क्षति, प्रदेश नं. १ कार्यालय विराटनगर, मोरङ जिल्ला वेलबारी २ बस्ने केशव भण्डारीको घरमा वेलबारी मोरङ बस्ने सपना गुरुङलाई सुरक्षाकर्मीले बलात्कार गरी हत्या गरेको भन्ने घटनाको विरोधमा उत्रेका स्थानीयबासिहरू उपर प्रहरीले अन्धाधुन्ध गोली प्रहार गर्दा गोली लागी क्षति पुगेको हुँदा क्षतिपूर्ति उपलब्ध गराई पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा इलाका प्रहरी कार्यालय बेलबारीको मुचुल्का, अनुसन्धान प्रतिवेदन समेतबाट

पीडित केशव भण्डारीको घरमा क्षति भएको पाइएकाले क्षतिको मूल्याङ्कन गरी उचित क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

५१८. जग्गा कब्जा, प्रदेश नं. १ कार्यालय विराटनगर, मोरङ जिल्ला मृगौलिया गाविस वडा नं. ८ बस्ने मनोज पौडेललाई विभिन्न आरोप लगाई गाउँ निकाला गर्ने धम्की दिई निजको जग्गासमेत कब्जा गरेकाले व्यक्तिगत स्वतन्त्रता र जीवनरक्षाका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा जग्गासम्बन्धी र बाटोको विवाद रहेको, हाल मनोज पौडेलले उक्त ठाउँको घरजग्गा बिक्री गरी अन्यत्र जिल्लामा बसाई सरेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५१९. अपहरणपश्चात् हत्या, प्रदेश नं. १ कार्यालय विराटनगर, सिन्धुली जिल्ला चपौली गाविस वडा नं ३ घर भई जिल्ला वन कार्यालय मोरङमा कार्यरत तोयानाथ चौलागाईलाई मिति २०६१/३/२२ मा मोरङ जिल्लाको केराबारीबाट माओवादी कार्यकर्ताहरूले अपहरण गरी अज्ञात बनाएकाले सकुशल रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज तोयानाथ चौलागाईंलाई माओवादी कार्यकर्ताहरूले मिति २०६१/३/२२ गते मोरङ जिल्लाको केराबारी भन्ने ठाउँबाट नियन्त्रणमा लिई मिति २०६१।३।३१ गते मोरङ जिल्ला, केराबारी गाविस वडा नं. ९ स्थित भलुवा भन्ने स्थानमा गोली हानी हत्या गरेको पाइएकाले पीडित परिवारलाई रु. ३,००,०००/- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न दोषी माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

५२०. घाइते (सेनाको गोलीबाट), प्रदेश नं. १ कार्यालय विराटनगर, मोरङ जिल्ला केराबारी गाविस वडा नं. ९ बस्ने बोल्न नसक्ने ज्ञानबहादुर घिमिरेलाई मिति २०६२/३/१९ गते खेल्न गएको छोराछोरीहरूलाई खोज्न खोलामा गएको समयमा सेनाले अनाहकमा गोली चलाई घाइते बनाएको, हालसम्म पनि खुट्टामा समस्या रहेकाले क्षतिपूर्ति तथा उपचारका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सेनाले गोली नै चलाउन नपर्ने अवस्थामा अत्यधिक बल प्रयोग गरी गोली चलाएको, तत्काल सेनाले नै उपचार गराई परिवारलाई जिम्मा लगाएका, त्यसपछि निजलाई अपाङ्ग अस्पतालमा २ महिना उपचार गरी शारीरभित्र रहेको गोली निकालेको, अझै पनि खुट्टामा समस्या रहेको र गोलीको छर्रा शरीरभित्र नै रहेको, आर्थिक अभावका कारणमा खुट्टमा राखेको स्टिलपाता झिक्न समेत नसकेको पाइएकाले निजको थप उपचारका लागि आवश्यक पर्ने भए निःशुल्क उपचारको व्यवस्था गर्न, रु. २,००,०००/-(दुई लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन तथा दोषी सैनिकको पहिचान गरी सचेत गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

५२१. यातना, प्रदेश नं. १ कार्यालय विराटनगर, मोरङ जिल्ला बनगामा गाविस -७ घर भई गणेश निमाविमा शिक्षक पदमा कार्यरत सियाराम गच्छेदारलाई मिति २०६४/५/६ गते मोरङ जिल्लाकै हरैचाबाट आएका प्रहरीले कुटपिट गरी यातना दिएकाले छानबिन गरी न्यायका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सोही विषयमा

अदालतमा समेत मुद्दा चलेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५२२. न्यायप्रशासन, प्रदेश नं.१ कार्यालय विराटनगर, झापा जिल्ला शरणमती गाविस वडा नं. ४ बस्ने रामप्रसाद गणेशलाई मिति २०६४/१०/८ गते पक्राउ गरेकोमा भोलिपल्ट पक्राउ गरेको भनी मुचुल्का खडा गरी झुठो मुद्दा लगाई फसाएकाले निष्पक्ष छानबिन गरी न्याय दिलाई पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज रामप्रसाद गणीश माथि विभिन्न मुद्दाहरू लागी जिल्ला प्रशासन कार्यालय तथा जिल्ला अदालतमा उक्त मुद्दाहरू विचाराधीन रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५२३. विस्थापित, प्रदेश नं. १ कार्यालय विराटनगर, झापा जिल्ला पृथ्वी नगर गाविस वडा नं ५ स्थित सगरमाथा बजारमा रक्सीको डिलर राखी बसेको सुरेश गिरीको पसलमा मिति २०६१/३/२० गते राती अं. ९:०० बजेको समयमा हतियारसहित आएका माओवादी कार्यकर्ताहरूले सम्पूर्ण मदिरा नष्ट गरी नगदसमेत लुटपाट गरी लगेकाले र बाध्य भई सो ठाउँ छाडी विस्थापित भई काठमाडौँमा बसिरहेकाले क्षतिपूर्ति उपलब्ध गराई दोषीमाथि कार्यबाहीसमेत गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा नेकपा (माओवादी)-का हिक्मत नाम गरेका व्यक्तिसहित झन्डै ३० जनाको समूहले मिति २०६१/३/२० गते राती अन्दाजी ९:०० बजेको समयमा पीडित सुरेश गिरीको पसलमा आक्रमण गरी निजलाई कुटपिट गरी विभिन्न धम्की दिनुका साथै पसलमा रहेको मदिराहरू तोडफोड गरी नगद समेत लुटेको पाइएकाले तोडफोड भएको.सम्पत्तिको तत्कालीन समयमा प्रहरीबाट भएको मुचुल्का समेतलाई मध्ये नजर गर्दै मूल्याङ्कन गरी उचित क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

५२४. अपहरण, प्रदेश नं. १ कार्यालय विराटनगर, झापा जिल्ला खजुरगाछी गाविस वडा नं. ६ बस्ने वेदमाया कुटुवाललाई माओवादी कार्यकर्ताहरूले मिति २०६३/४/३१ गते अपहरण गरी लगी अवस्था अज्ञात बनाएकाले सकुशल रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज सकुशल मुक्त भई हाल आफ्नै घरमा बसिरहेको, पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५२५. सम्पत्ति कब्जा, प्रदेश नं. १ कार्यालय विराटनगर, झापा जिल्ला अनारमनी गाविस वडा नं. ३ बस्ने ललिताकुमार पौडेल र ऐ.ऐ. बस्ने विष्णुप्रसाद न्यौपानेलाई मिति २०६७/४/९ गते इलाम जिल्लाको दानाबारी गाविस अन्तर्गत पर्ने सृजना सामुदायिकका सचिव भन्ने देउकुमार राई मोदे मगर समेतले मोटर साइकलसहित नियन्त्रणमा लिई वाइसिएलको कार्यालय विर्तामोडमा पुऱ्याएर कुटपिटसमेत गरी कतै उजुरबाजुर गरेमा ज्यान मार्ने धम्कीसमेत दिई रु. २,९५,०००/- बराबरको कागज गराई छाडेकाले अन्यायमा परेको हुँदा निजहरूलाई कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निजहरको घर ठेगानामा निजहर भेट हुन नसकेको, खोजतलास गरी घटनाका बारेमा जानकारी लिन खोज्दा कुनै जानकारी प्राप्त हुन नसकेको, उजुरीमा सम्पर्क नं. समेत नभएको, उजुरी दिएपश्चात् निजहरू एकचोटी पनि आयोगमा सम्पर्क गर्न नआएको, सो घटनाका बारेमा झापा जिल्लाका मानव

अधिकारकर्मीहरूलाई कुनै पनि जानकारी समेत नभएको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५५६. स्वास्थ्य उपचारको अधिकार, प्रदेश नं. १ कार्यालय विराटनगर, झापा जिल्ला अनारमनी गाविस वडा नं. २ घर भई काठमाडौँमा बस्दै आएका मदनकुमार प्रसाई मिति २०६३/१/६ गते काठमाडौँमा भएको जनआन्दोलन अन्तर्गतको प्रदर्शनमा सहभागी हुँदा सुरक्षाकर्मीको कुटाईबाट घाइते भएकाले उपचारको व्यवस्था गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निजको सम्पूर्ण उपचार सरकारले गरेको जनआन्दोलन घाइते प्रमाणपत्र प्राप्त गरिसकेको, हाल स्वास्थ्यमा कुनै पनि समस्या नभएको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५२७. विस्थापित, प्रदेश नं. १ कार्यालय विराटनगर, झापा जिल्ला गरामनी गाविस वडा नं. २ बस्ने रमेश विमली सशस्त्र द्वन्द्वको समयमा विस्थापित भई काठमाडौँमा बसोबास गर्दै आएकोमा पछि डेनमार्क, स्विडेनमा समेत बसी पुनः स्थापित भए पनि विस्थापित बापतको क्षतिपूर्ति नपाएकाले सोको लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निजको द्वन्द्वको समयमा द्वन्द्वका कारणबाट विस्थापित भएको भन्ने पुष्टि हुन नसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५२८. न्यायप्रशासन, प्रदेश नं. १ कार्यालय विराटनगर, झापा जिल्ला अनारमनी गाविस वडा नं. ३ बस्ने १५ वर्षीया अञ्जु थापाको आँखाको उपचारका लागि झापा चारपाने -१ स्थित मेची आँखा उपचार केन्द्रमा गई उपचार गराएकोमा त्यहाँका डाक्टरले सामान्य समस्या हो, ठिक हुन्छ कतै जान पर्दैन भनी भनेको र त्यहींको उपचारमा सिमित रहेकोमा पछि ठिक नभएका कारण काठमाडौँ स्थित तिलगङ्गा अस्पतालमा उपचार गराउँदा देब्रे आँखाको पूरै ज्योति गुमेको जानकारी भयो । यसरी मेची आँखा उपचार केन्द्रको लापरवाहीले निज अञ्जु थापाको आँखा नै गुमेको हुँदा छानबिन गरी न्याय पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा अस्पतालको लापरवाहीका कारण पीडितको आँखाको ज्योति गुमेको, सोबापत पीडितले अस्पतालबाट रु. १ लाख ५० हजार क्षतिपूर्ति प्राप्त गरेको पाइयो । यसरी उपचारमा स्वास्थ्य संस्था एवम् चिकित्सक/स्वास्थ्यकर्मीहरूको लापरवाही देखिएकाले उपचारको क्रममा सतर्कता अपनाउन स्वास्थ्य मन्त्रालयमार्फत देशभरिका सम्पूर्ण निजी एवम् सरकारी स्वास्थ्य संस्थाहरूलाई निर्देशनसहितको पत्राचार गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

५२९. विस्थापित, प्रदेश नं. १ कार्यालय विराटनगर, मोरङ जिल्ला बाहुनी गाविस वडा नं. २ बस्ने दोणाचार्य गर्तौलालाई मिति २०५८/११/५ देखि आफ्नै श्रीमती तथा माओवादी कार्यकर्ताहरूले ज्यान मार्ने धम्की दिई धनमाल समेत कब्जा गरी विस्थापित समेत बनाएकाले धनमाल फिर्ता गरी पुनःस्थापनाका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज दोणाचार्य तथा श्रीमती बिचको विवाद रहेकोमा हाल दोणाचार्य नवलपरासीमा र श्रीमती मोरङमा नै बसी आएको कुनै पनि समस्या नरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५३०. स्वास्थ्य उपचार नपाएको, प्रदेश नं. १ कार्यालय विराटनगर, मोरङ जिल्ला साविक शनिश्चरे गाविस हाल पत्थरी शनिश्चरे नपा वडा नं. ५ स्थित भुटानी शरणार्थी शिबिर एफ २ हट नं. ५ मा बस्ने मनबहादुर सुवेदी लामो समयदेखि घाँटीको क्यान्सरबाट पीडित भएको र उपचारका लागि संयुक्त राष्ट्रसङ्घीय शरणार्थीसम्बन्धी उच्च आयुक्तको कार्यालयले सहयोग नगरेकाले आवश्यक पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा पीडित मनबहादुर सपरिवार संयुक्तराज्य अमेरिकामा पुनर्वास भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५३१. मानसिक स्वास्थ्यसम्बन्धी अधिकार, प्रदेश नं. १ कार्यालय विराटनगर, सुनसरी जिल्ला बराहक्षेत्र गाविस वडा नं. ८ बस्ने २९ वर्षीय शरण माया राईलाई मानसिक रोग लागेपछि उपचार खर्चको अभावमा परिवारले ४ वर्षदेखि सुँगुरको खोरमा थुनी राखेकाले निजको उपचारका लागि आवश्यक पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज पीडित शरणमाया राईको धेरै अघि नै मृत्यु भइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५३२. आवागमनको अधिकार, प्रदेश नं. १ कार्यालय विराटनगर, मेची राजमार्गको चारआलीदेखि ताप्लेजुङसम्म २०६२ श्रावण २ गतेदेखि यातायात अवरोध भएकाले यस क्षेत्रका बासिन्दाहरूको जीवन कष्टकर भई मानव अधिकार हनन भएकाले आवश्यक पहलका लागि अनुरोध भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा केही समयपश्चात् नै यातायात सुचारु भएको, हाल कुनै पनि प्रकारको समस्या नरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५३३. सम्पत्तिको अधिकार, प्रदेश नं. १ कार्यालय विराटनगर, सुनसरी जिल्ला धरान नपा वडा नं. १५ स्थायी घर भई विष्णुपादुका गाविसका सचिव गणेशबहादुर प्रधानको को.१.प. ६५४७ नं. को एस्कोर्ट यमाहा मोटरसाइकल मिति २०६२/०३/२२ गते कार्यालय समयमा कार्यालय परिसरभित्रबाटै जबरजस्ती लगी फिर्ता नगरेकाले क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा पीडित गणेशबहादुर प्रधानको निजी को.१.प. ६५४७ नं. को एस्कोर्ट यमहा मोटरसाइकल मिति २०६२/०३/२२ गते कार्यालय परिसरबाटै माओवादी कार्यकर्ताहरूले जबरजस्ती खोसी लगेको, हालसम्म फिर्ता नगरेको र निजले कहींकतैबाट क्षतिपूर्तिसमेत पाएको नपाइएकाले क्षतिको उचित मूल्याङ्कन गरी क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

५३४. स्वतन्त्र आवागमनको अधिकार, प्रदेश नं. १ कार्यालय विराटनगर, ताप्लेजुङ जिल्लाको सिकैचा र तेल्लोक गाविसमा पर्ने काँडेभन्ज्याङ्मा माओवादीहरूले चेक प्वाइन्ट सञ्चालन गरी सर्वसाधारणको आवतजावतमा अवरोध गरेको भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा तात्कालीन द्वन्द्वको समयमा त्यस्तो भए पनि हाल कुनै किसिमको अवरोध नरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५३५. धम्की, प्रदेश नं. १ कार्यालय, विराटनगर, सुनसरी जिल्ला सिंगिया गाविस वडा नं. ७ बस्ने शम्भुप्रसाद दाहाललाई मिति २०६५/३/९ गते आफूलाई माओवादी बताउने व्यक्तिहरूले नियन्त्रणमा लिई जबरजस्ती चन्दा माग गरी, नदिए ज्यान मार्ने धम्की दिएको भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सो विषय सोही समयमा नै टुंगिसकेको, हाल कुनै समस्या नरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो।

५३६. सम्पत्ति लुटपाट/धम्की, प्रदेश नं. १ कार्यालय विराटनगर, सुनसरी जिल्ला धरान उमनपा वडा नं. ९ बस्ने घनश्याम आचार्यको सुनसरी जिल्ला सिंगिया गाविस वडा नं. ३ स्थित आफ्नो ११ कठ्ठा जग्गामा लगाएको बाली माओवादी कार्यकर्ताहरूले लुटी लगेको र जग्गा समेत कब्जा गरेकाले क्षतिपूर्ति दिलाई जग्गा फुकुवा गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा मोही र जग्गाधनीबिचको विवाद देखिएको यसै विषयमा अदालतमा मुद्दा चलेको समेत पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो। ५३७. न्यायप्रशासन, प्रदेश नं. १ कार्यालय विराटनगर, मोरङ जिल्ला विराटनगर उमनपा रानी बस्ने मञ्जु शाहलाई ऐ.ऐ. बस्ने रामचन्द साहले विवाह गरी एक बच्चासमेत जन्मिसकेपछि खान-लाउन समेत नदिई घरमा पनि नराखी विराटनगरमा डेरा लिई राखेकोमा डेरा भाडासमेत नतिरी बेपत्ता भएकाले आवश्यक पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निजहरूको स्पष्ट ठेगाना नखुलेको, उजुरी गरेपछि हालसम्म आयोगको सम्पर्कमा समेत नआएको, केही समय ओरेक विराटनगरको सलेटरमा रही त्यहाँबाट समेत गइसकेको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो।

५३८. स्वास्थ्यको अधिकार, प्रदेश नं. १ कार्यालय विराटनगर, सुनसरी जिल्ला प्रकाशपुर गाविस वडा नं. १ बस्ने कलावतीदेवीको गर्भमा रहेको बच्चाको जाँचका लागि मिति २०७०/४/१२ गते वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा लगिएकोमा उपचारमा हेलचक्र्याई गरी भर्ना नगरेपछि मिति २०७०/४/१३ गते बिहान अस्पताल परिसरको खुल्ला ठाउँमा मृत बच्चा जन्माएको सम्बन्धमा स्वविवेकमा दर्ता भएको उजुरीको अनुसन्धान हुँदा पीडितलाई तत्काल रु. २५,०००।- राहत उपलब्ध गराइएको, निजको निःशुल्क उपचार गराइएको साथै आजीवन निःशुल्क उपचार गराउने सो अस्पतालले निर्णय गरेको र निजले अर्को बच्चासमेत जन्माई स्वास्थ्य ठिक रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो।

५३९. बाल अधिकार, प्रदेश नं. १ कार्यालय विराटनगर, सुनसरी जिल्ला इटहरी नपा आपँगाछी पूर्वको राजदेवी मन्दिरछेउका सुकुम्बासी टोलमा बस्ने ११ वर्षीय कृष्ण राई, ऐ.ऐ. बस्ने १३ वर्षीय सन्जोग राई र १४ वर्षीय जीतबहादुर राईलाई चोरीको आरोपमा गाउँलेहरूले निर्मम यातना दिएको विषयमा प्रकाशित समाचारका आधारमा स्वविवेकमा उजुरी दर्ता गरी आयोगबाट अनुसन्धान हुँदा यातना दिने व्यक्तिहरूलाई सार्वजनिक अपराधमा मुद्दा चलाइएको, बालकहरू परिवारमा पुनर्मिलन भई सकुशल रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा

राख्ने निर्णय गरियो ।

५४०. जातीय विभेद, प्रदेश नं. १ कार्यालय विराटनगर, झापा जिल्ला, मेचीनगर नपा - १० बस्ने दीपेन्द्र दर्जी र विनिता खड्काले अन्तरजातीय विवाह गरेकोमा सरकारले घोषणा गरेको प्रोत्साहन रकम पाउन जिल्ला प्रशासन कार्यालयमा पटक पटक धाउँदा पनि नपाएको भनी कान्तिपुर दैनिकमा प्रकाशित समाचारलाई स्वविवेकमा दर्ता गरिएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निजहरूले सरकारले घोषणा गरेको प्रोत्साहन रकम रु १,००,०००/-(एक लाख मात्र) बुझिसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५४१. आवासको अधिकार, प्रदेश नं. १ कार्यालय विराटनगर, सुनसरी जिल्ला बराहक्षेत्र-१ स्थित सिँचाइको जग्गामा तत्कालीन प्रमुख जिल्ला अधिकारीको आदेशमा मिति २०६५ सालदेखि १५ घरपरिवारका सुकुम्बासीहरू बसोबास गर्दै आएकोमा मिति २०७१/३/६ गते आयोजना प्रमुख महाजन यादवको निर्देशनमा जनपद तथा सशस्त्र प्रहरी आई डोजर लगाई घरहरूसमेत भत्काई सो ठाउँबाट हटाउन खोजिएकाले तत्काल सो कार्य रोकी दोषीमाथि कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सो स्थानका सुकुम्बासी घरपरिवार हरूलाई नहटाइएको हाल निजहरू सोही स्थानमा बसिरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५४२. न्यायप्रशासन, प्रदेश नं. १ कार्यालय विराटनगर, सुनसरी जिल्ला औरावनी गाविसं. वडा नं. ९ भमरिटोल बस्ने दिलिपकुमार साहलाई सुनसरी जिल्ला दुहवी नपा ४ बस्ने जयकिशोर साह समेतले अपहरण गरेको सम्बन्धमा इलाका प्रहरी कार्यालय दुहवीमा निवेदन दिँदा दर्ता गर्न नमानेको हुँदा निवेदन दर्ताका लागि पहल गिरिदिनुको साथै खोजतलासका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज दिलिपकुमारलाई कसैले पनि अपहरण नगरेको, श्रीमान् श्रीमतीबिचको विवाद रहेको, सो विवाद मिलापत्रद्वारा समाधान भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५४३. न्यायप्रशासन, प्रदेश नं.१ कार्यालय विराटनगर, झापा जिल्ला शिवसतासी नपा ४ बस्ने नर्वदा सुवेदीलाई २०७० साल मङ्सिर महिनामा माइतीघर गएको समयमा चन्द्रकला नेपालसमेतले ललाई-फकाई बेपत्ता बनाएको सम्बन्धमा जिल्ला प्रहरी कार्यालय झापामा निवेदन गरेकोमा कुनै पहल नभएको हुँदा आवश्यक कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज नवर्दा सुवेदी धादिङ जिल्ला फूलगाछी गाविस वडा नं. ७ बस्ने पूर्व सैनिक हेमकुमार सिम्खडासँग विवाह गरी सोही ठाउँमा बसिरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५४४. सम्पत्तिको अधिकार, प्रदेश नं. १ कार्यालय विराटनगर, झापा जिल्ला जलथल गाविस १ देखि पूर्व बग्ने देउनिया खोलाको गिटी बालुवा जिविस झापाले वर्षौंदेखि बिक्री गर्ने तर नदी नियन्त्रण नगर्दा स्थानीय नारायणप्रसाद भट्टराईलगायत विभिन्न व्यक्तिहरूको २५ विगाहा जग्गा

नदीले कटान गरेकोमा नियन्त्रणका लागि पुनरावेदन अदालत हेटौंडामा मुद्दा गरी जिविस झापाको नाममा नदी नियन्त्रण गर्न आदेश भइसकेको अवस्थामा सोको कार्यान्वयन नभएकाले नदी नियन्त्रण गरी क्षतिपूर्ति दिलाई पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा अदालतको आदेश वा निर्णयको कायान्वयन गर्ने गराउने क्षेत्राधिकार यस आयोगलाई नभएकाले क्षेत्राधिकारको अभावमा खारेज गर्ने निर्णय गरियो ।

५४५. हत्या/न्यायप्रशासन, प्रदेश नं. १ कार्यालय विराटनगर, झापा जिल्ला पृथ्वीनगर गाविस वडा नं. ८ बस्ने देवकुमार श्रेष्ठको घरमा मिति २०७१/०१/२९ गते राती २५/३० जनाको हतियारसहितका नकावधारी लुटेराहरू प्रवेश गरी देवकुमार श्रेष्ठलाई गोली हानी हत्या गर्नुका साथै निज देवकुमार श्रेष्ठको श्रीमती गङ्गामाया श्रेष्ठका छोरा रोहन श्रेष्ठलाई घाइते बनाई घरमा रहेको झन्डै २७ लाख बराबरको सम्पत्ति लुटी लगेको, घर नजिकै रहेको प्रहरी चौकीबाट सहयोग नभएकाले अपराधीहरूलाई र स्थानीय प्रहरी चौकीका प्रनानी हरिकुमार प्रसाईँलाई कार्यबाही गरी क्षतिपूर्ति दिलाई पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा घटना आपराधिक प्रकृतिको भएको, समयमा नै घटनास्थल नगई उदासिनता देखाउने स्थानीय प्रहरी चौकीका प्रमुख प्रनानी हरिकुमार प्रसाईँलाई प्रहरीबाट नै कार्यबाही भइसकेको घाइतेहरूको उपचारमा खर्च भएको रकम रु १,२५,६९५।- (एक लाख पच्चिस हजार छ सय पन्चानब्बे मात्र) उपलब्ध गराउन गृह मन्त्रालयलाई लेखी पठाइसकिएको र प्रहरीद्वारा जाहेरी दर्ता गरी अनुसन्धान भइरहेको पाइयो । जिल्ला प्रशासन कार्यालय झापाबाट राहतका लागि सिफारिस भएको रकम हालसम्म पनि पीडितहरूले प्राप्त गरेको नदेखिँदा उक्त रकम तत्कालै पीडितहरूलाई उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

५४६. हत्या प्रदेश नं. १ कार्यालय विराटनगर, झापा जिल्ला तोपगाछी गाविस वडा नं. १ घर भई इटहरी नपा वडा नं. १ मा डेरा गरी बस्ने उत्तम पराजुली मिति २०६०/०८/२० गते इटहरीबाट व्यापारको सिलसिलामा हिँडेकोमा २०६०/८/२४ गते मोरङ बयरवन गाविसको दहीखोला र डाँस खोलाको बिचमा लास भेटिएको, लाससँग सुराकी गरेकाले सफाया गरिएको भन्ने ब्यहोराको पत्रसमेत रहेको पाइएकाले दोषीलाई दण्ड दिलाई पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा पीडितले रु ५,००,०००।- (पाँच लाख) क्षतिपूर्ति पाइसकेको देखिएकाले र घटना आपराधिक प्रकृतिको देखिएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५४७. जातीय विभेद, प्रदेश नं. १ कार्यालय विराटनगर, मोरङ जिल्ला सिजुवा गाविस वडा नं. ३ बस्ने मुन्ना साहलाई मिति २०७२ फागुन ५ गते बिहान ९:०० बजेको समयमा सौठा चोकको राजवंशी चिया पसलमा छलफल गरिरहेको अवस्थामा वरडंगा गाविसस्थित चुनीमारी बेसक्याम्पका सशस्त्र प्रहरी निरीक्षक सीताराम पौडेलले निज मुन्ना साहतर्फ औंलो ठड्याउँदै हिन्दी भाषामा यो मान्छे को हो ? हाम्रो मान्छे होइनजस्तो छ ? दक्षिणतर्फको मान्छे हो ? यसको छाला मिल्दैन भनी होच्याउने तरिकाले भनाइ राखी रङ्ग हेरेर विभेद गरेकाले छानबिन गरी दोषीलाई कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा

जुनसुकै नियतले भए पनि सशस्त्र प्रहरी निरीक्षक सीताराम पौडेलले पीडित मुन्ना साहतर्फ लक्षित गरी होच्याउने तरिकाले हिन्दी भाषामा भनाइ राखेको वा प्रयोग गरेको पाइएकाले सुरक्षा निकायजस्तो संवेदनशील निकायमा कार्यरत व्यक्तिले सर्वसाधारण व्यक्तिहरूसँग बोलीचालीकै क्रममा पनि मर्यादित र मानव अधिकारमैत्री भाषा प्रयोग गरी सबैको सम्मान गर्न सम्पूर्ण सुरक्षा निकायहरूमा पत्राचार गरी यस आयोगलाई जानकारी गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

५४८. सांस्कृतिक अधिकार, प्रदेश नं. १ कार्यालय विराटनगर, मोरङ जिल्ला केरौन गाविस ४ स्थित कालिकोसी टोलमा धिमाल जातिले आफ्नो धर्म परम्पराअनुसार पूजाआजा गर्न १ विगाह जग्गा छुट्याई प्रत्येक वर्ष माघेङ्क्रान्तिको दिनमा विशेष पूजा गर्दै आएकोमा २०७२ साल माघ १ गते माघेसक्रान्तिको दिनमा हामीलाई कुनै जानकारी नै नगराई पर्यटन प्रवर्द्धनका लागि भनी श्रीमद्भागवत पूजा लगाई सो रकमबाट धिमाल समुदायको ग्रामधान हटाई लक्ष्मी सरस्वती र दुर्गाको मूर्ति स्थापित गराई धिमाल समुदायलाई प्रवेश तथा पूजामा समेत रोक लगाएकाले छानबिन गरी धर्म संस्कृतिको संरक्षण गरिपाऊँ भनी दर्ता भएको उजुरीको अनुसन्धान हुँदा उजुरी दाबी पुष्टि हुने कुनै पनि प्रमाण तथा तथ्यहरू फेला नपरेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५४९. शिक्षाको अधिकार, प्रदेश नं.१ कार्यालय विराटनगर, सुनसरी जिल्ला इटहरी उमनपा ४ बस्ने एली तामाङले पिपुल्स मल्टिपल हेल्थ इन्स्टिच्युटबाट नर्सिङ उत्तिर्ण गरी सकेपश्चात् चारित्रिक प्रमाणपत्र लिन जाँदा नदिएकाले वृत्ति विकासमा असर परेको हुँदा आवश्यक पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज एली तामाङले निवेदनमा उल्लेख भएअनुसारको चारित्रिक प्रमाण पत्र प्राप्त गरिसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५५०. बाल अधिकार, प्रदेश नं. १ कार्यालय विराटनगर, मोरङ जिल्ला पत्थरी शनिश्चरे नपा- १० निवासी १६ वर्षीय सेरेहाङ लिम्बू बनेमलाई मिति २०७२/१२/१८ गते इलाका प्रहरी कार्यालय पत्थरीले पक्राउ गरी अन्य बन्दीसरह हिरासतमा राखेकाले छानविन गरी न्याय पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज सेरेहाङ लिम्बू उपर बलात्कार अभियोगमा मुद्दा चली अदालतबट सजाय पाई हाल कारागारमा रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५५१. गैरकानुनी थुना, प्रदेश नं. १ कार्यालय विराटनगर, मोरङ जिल्ला बेलबारी नपा-२ बस्ने फूलमाया तामाङलाई मिति २०७३/१/२० गते आफ्नै घरमा बसिरहेको अवस्थामा इप्रका बेलबारीका प्रहरीले केही सोधपुछ गर्नु छ भनी पक्राउ गरी इप्रका बेलबारीमा राखेकाले छानबिन गरी न्याय पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा पीडित फूलमाया तामाङलाई इलाका प्रहरी कार्यालय बेलबारी मोरङका प्रहरीले मिति २०७३/०१/२० गते विनाकारण पक्राउ गरी एक रात इप्रका वेलबारीको हिरासतमा र एक रात मोरङ जिल्ला कारागारमा राखी २०७३/१/२२ गते मात्र रिहा गरी गैरकानुनी थुनामा राखेको पाइएकाले

घटनामा संलग्न दोषीहरू तत्कालीन इलाका प्रहरी कार्यालय बेलबारी मोरङका प्रमुख र अन्य संलग्न दोषीहरूलाई कानुनबमोजिम कार्यबाही गरी यस आयोगलाई जानकारी गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

५५२. मानसिक स्वास्थ्यको अधिकार, प्रदेश नं. १ कार्यालय विराटनगर, इलाम जिल्ला सूर्योदय नपा वडा नं. १० बस्ने उत्तम राई मानसिक अस्वस्थ्य रहेको र उपचार खर्चको अभावमा ६ महिनादेखि साङ्लोमा बाँधेर घर कोठामा रहेको भनी प्रकाशित समाचारलाई स्वविवेकमा उजुरीका रूपमा ग्रहण गरी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा विभिन्न व्यक्तिहरू तथा संस्थाहरूबाट प्रस्ताव सहयोग रकमबाट निज उत्तम राईको धरानस्थित विपी  कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गराई हाल निको भई घरमा नै रहेको र औषधि सेवन गरिरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५५३. गैरकानुनी थुना, प्रदेश नं. १ कार्यालय विराटनगर, झापा जिल्ला सतासीधाम गाविस वडा नं. ३ बस्ने नन्दकुमार लिम्बूलाई मिति २०६९/६/१८ गते इलाका प्रहरी कार्यालय बिर्तामोडका प्रहरी हबल्दार जीवन गिरीले पक्राउ गरी लगी विनाकुनै आरोप वा पुर्जी ४ दिनसम्म इप्रका विर्तामोडको हिरासतमा, त्यसपछि जिल्ला प्रहरी कार्यालय झापाको हिरासतमा राखी २०६९/६/२८ गते मात्र रिहा गरी गैरकानुनी थुनामा राखेकाले दोषीलाई कार्यबाही गरी क्षतिपूर्ति उपलब्ध गराई पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज नन्दकुमार लिम्बूलाई गैरकानुनी थुनामा राखिएको पुष्टि हुन नसकेकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५५४. स्वास्थ्यको अधिकार, प्रदेश नं. १ कार्यालय विराटनगर, सुन्सरी जिल्ला भरौल गाविसस्थित स्वास्थ्य चौकी प्रमुख उमेशप्रसाद मेहताले स्वास्थ्य चौकी छेउमा अवैध मेडिकल तथा उपचार तथा ल्याब क्लिनिक सञ्चालन गरी स्वास्थ्य चौकीमा सेवा लिन आउने बिरामीलाई आफ्नो मेडिकलबाट औषधी किन्न बाध्य पार्ने गरेको भनी प्रकाशित समाचारलाई स्वविवेकमा ग्रहण गरी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सो स्वास्थ्य चौकीनजिकै रहेको मेडिकलमा सेवाग्राहीलाई औषधी किन्न बाध्य बनाएको भन्ने नपाइए पनि सो ठाउँमा रहेको मेडिकल पसल कानुनबमोजिमका निकायहरूमा दर्ता नगरी र अनुमति नलिई सञ्चालनमा रहेको पाइएकाले कानुनी प्रक्रिया पूरा नगरी करको दायरा भन्दा बाहिर रही सञ्चालनमा रहेको सम्पूर्ण मेडिकल पसलहरूलाई कानुनी तथा करको दायराभित्र ल्याएर मात्र सञ्चालन गर्ने गराउन व्यवस्थाका लागि स्वास्थ्य मन्त्रालय मार्फत सम्पूर्ण यससम्बन्धी निकायहरूमा पत्राचार गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

५५५. प्रचार-प्रसारमा अवरोध, प्रदेश नं. १ कार्यालय विराटनगर, धनकुटा जिल्ला क्षेत्र नं. २ का २०६४ सालको पहिलो संविधानसभाका उम्मेदवार टीकाप्रसाद घिमिरेलाई मिति २०६४/१२/०८ गते चुनावी प्रचार-प्रसारका क्रममा माओवादी कार्यकर्ताहरूले अवरोध गरी चुनाव प्रचार सामग्री जलाइदिनुका साथै पुनः प्रचारमा नआउन धम्कीसमेत दिएकाले छानबिन गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सो समयमा देशैभरि अनुगमन गरिएको, मानव

अधिकार हननका नै प्रेस विज्ञप्तीद्वारा ध्यानाकर्षण समेत गरिसकेको र हालको परिवर्तित अवस्थामा सो उजुरीको सान्दर्भिकता समेत नरहेकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५५६. जातीय, विभेद, प्रदेश नं. १ कार्यालय विराटनगर, धनकुटा जिल्ला डाँडाबजार-१ निवासी प्रनीता बस्नेत र ऐ. चानुवा -६ निवासी डिल्लीराज विश्वकर्माबिच अन्तरजातीय विवाह भएको विषयलाई लिएर केटीपक्षद्वारा विभिन्न किसिमका धम्की दिई झुठा मुद्दा समेत लगाएकाले मानव अधिकार संरक्षण गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल कहीँकतैबाट कुनै किमिमको धम्की नरहेको, दुवै जना मिली व्यवसाय गरी सोही ठाउँमा नै बसिरहेको र माइती पक्षबाट पनि सहयोग भइरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५५७. बेपत्ता, प्रदेश नं. १ कार्यालय विराटनगर, जिल्ला सुनसरी गाविस नरसिंह वडा नं ३ का दिनेश उरावलाई कृषि विकास बैङ्क इनरुवामा ऋण अधिकृतका रूपमा कार्यरत रामानन्द महेताले घरमा काम गर्ने गरी राखेकामा खेतमा पानी पटाउन जाँदा करेन्ट लागेर मृत्यु भएपछि लास बेपत्ता पारेको भनी प्रकाशित समाचारलाई स्वविवेकका रूपमा ग्रहण गरी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज बालक दिनेश उरावको करेन्ट लागेर मृत्यु नभई कसैले अपहरण गरी लगेको, घटनाको केही समयपश्चात् अपहरणमुक्त भई आफ्नै घरमा रही बसेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५५८. नागरिकता नपाएको (न्यायप्रशासन), प्रदेश नं. १ कार्यालय विराटनगर, मोरङ जिल्ला कोसीहरैचा नपा वडा नं. १ निवासी रोसन विश्वकर्मालाई सम्पूर्ण कागजातहरूसहित नेपाली नागरिकता पाउन आवेदन गरेकोमा नागरिकता नदिएकाले मेरो पहिचानको हक हनन भएको हुँदा र पेसाव्यवसाय गर्नसमेत नपाएको हुँदा आमाको नामबाट नागरिकता पाउन पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज रोसन विश्वकर्माको बुबाको नागरिकता जन्मको आधारमा रहेको र सो आधारमा नागरिकता प्राप्त गर्नेका सन्तानले कस्तो नागरिकता प्राप्त गर्ने भन्ने कानुनी व्यवस्था हाल निस्क्रिय रहेको भन्ने आधारमा जिल्ला प्रशासन कार्यालय मोरङबाट हालसम्म पनि निज रोसन विश्वकर्मालाई नागरिकता उपलब्ध नगराएको पाइयो । नेपालको संविधान २०७२ को धारा ११(३) मा यो संविधान प्रारम्भ हुनु भन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आघारमा नेपालको नागरिकता प्राप्त गर्नेछन्  भनी प्रस्ट व्यवस्था भएको सन्दर्भमा नागरिकता ऐन, २०६३ मा स्पष्ट व्यवस्था नभएको भन्ने आधारमा नागरिकता नदिएको पाइएकाले देहायबमोजिम गर्न-गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो :

क) नेपालको संविधान २०७२ को धारा ११(३) मा भएको व्यवस्थाबमोजिम नागरिकता प्रदान गर्न नागरिकता ऐन, २०६३ लाई संशोधन गर्नुपर्ने भए सोसमेत गरी प्रदान गर्न र

ख) पीडित रोसन विश्वकर्मा तथा निजजस्तै अन्य नेपाली नागरिकहरूलाई नागरिकता प्राप्त गर्ने संवैधानिक हकबाट वञ्चित नगर्न नगराउन ।

५५९. बाल अधिकार, प्रदेश नं. १ कार्यालय विराटनगर, मोरङ जिल्ला डाइनिया गाविस वडा नं.३ र ८ मा मिति २०७३/४/१० गते बक्राह खोलामा आएको बाढीले खाद्यान्न तथा लत्ताकपडा बगाएपछि २०० बालबालिकाहरू भोकै र नाङ्गै चिसो सडकमा रात बिताउनुपर्दा विभिन्न रोगहरूसमेत लागेको भनी प्रकाशित समाचारलाई स्वविवेकमा ग्रहण गरी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा राहत सामग्री पाई सबै बालबालिकाहरू पुनर्स्थापित भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५६०. स्वास्थ्य उपचारको अधिकार, प्रदेश नं.१ कार्यालय विराटनगर, सुनसरी जिल्ला इटहरी नपा-४ बस्ने टेकराज गिरी २०६८/८/१७ गते आफ्नो कपडा पसलतर्फ गइरहेको अवस्थामा इटहरी चोकमा रहेको बेवारिसे बमलाई सेनाले डिस्पोज गर्न लाग्दा अकस्मात् पड्किन गई उक्त बमको छर्रा लागी घाइते भएकोमा उपचारमा नौ लाखभन्दा बढी खर्च लागेको कहीँकतैबाट कुनै राहत प्राप्त नभएकाले क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निजले उपचार खर्च भनी नेपाल सरकार तथा अन्य निकायहरूबाट समेत रकम प्राप्त गरेको देखिँदा र अझै पनि समय समयमा विशेष गरी जाडो समयमा समस्या बल्झने गरेको भन्ने पीडितको भनाइ रहेको देखिँदा सोही बमको छर्राका कारण निजलाई आगामी दिनमा थप उपचार गर्न पर्ने देखिएमा निजको सम्पूर्ण उपचार निःशुल्क गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

५६१. न्यायप्रशासन, प्रदेश नं. १ कार्यालय विराटनगर, मोरङ जिल्ला सुन्दर दुलारी नपा-७ बस्ने प्रमिला विश्वकर्मालाई २०७३ साल जेठ २५ गते छिमेकीहरू मन्दिरा गुरुङलगायतका व्यक्तिहरूले जातीय रूपमा गालीगलौज गर्दै तातो आइरनले डामेर घाइते बनाएको सम्बन्धमा प्रकाशित समाचारलाई स्वविवेकमा ग्रहण गरी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सो विषयमा जिल्ला प्रहरी कार्यालयमा जोहरी दर्ता हुनुको साथै पुनरावेदन अदालत विराटनगरमा रिट समेत दायर भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५६२. बाल अधिकार, प्रदेश नं. १ कार्यालय विराटनगर, झापा जिल्ला आनरमनी गाविस वडा नं. ४ का १० वर्षीय बालक टेक नारायण राजवंशीलाई निज अध्ययनरत सोही स्थानको इडन गार्डेन बोडिङ स्कुलका होस्टल शिक्षक सागर मगरले मिति २०७०/१०/२९ गते साँझ कार्यालयमा लगी मुख थुनी पाइप तथा लाठीले कुटपिट गरेको भनी इन्सेक अनलाइनमा संप्रेषित समाचारलाई स्वविवेकमा ग्रहण गरी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा पीडक शिक्षकलाई विद्यालयले हटाई कार्यबाही गरेको पीडितलाई १० कक्षासम्म निःशुल्क शिक्षाको व्यवस्था गरेको र पीडितको हालको अवस्था सामान्य रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५६३. यातना, प्रदेश नं. १ कार्यालय विराटनगर, झापा जिल्ला मेचीनगर नपा वडा नं. ४ बस्ने केशव विकलाई मिति २०७२/३/२९ गते इलाका प्रहरी कार्यालय काँकड्भिट्टाको एउटा कोठामा लगी उठबस गर्न लगाउनुको साथै प्लास्टिकको पाइपले निर्मम कुटपिट गरी यातना दिएकाले छानबिन गरी दोषीलाई कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा प्रहरीले निजलाई कुटपिट गरी यातना दिएको भन्ने पुष्टि हुन नसकेकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो।

५६४. शिक्षाको अधिकार, प्रदेश नं. १ कार्यालय विराटनगर, झापा जिल्ला दमक नपा वडा नं. १२ स्थित सुकुम्बासी वस्तीका दलित बालकहरू पोसाक र विद्यालय शुल्क अभावमा शिक्षाबाट वञ्चित शीर्षकमा प्रकाशित समाचारलाई स्वविवेकमा ग्रहण गरी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल सबै विद्यार्थीहरू विद्यालय भर्ना भई अध्ययन गरिरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो।

५६५. किसानको अधिकार, प्रदेश नं. १ कार्यालय विराटनगर, झापा जिल्ला चन्द्रगढी वडा नं. ८ स्थित साना किसान झापाली चिया व्यवसायी सङ्घ र नेपाल चिया उत्पादक सङ्घ झापाबिच विवाद भई मिति २०६७/८/२३ गते सम्झौता भएकोमा सोअनुसार कार्यान्वयन नहुँदा झापा जिल्लाका साना चिया किसानहरू आफ्नो व्यवसायबाट विस्थापित हुनुपर्ने अवस्था आएकाले सहमति तथा निर्णय कार्यान्वयन गराई क्षतिपूर्ति उपलब्ध गराई पाऊँ भनी दर्ता भएको उजुरीको अनुसन्धान हुँदा सो विवाद समाधान भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो।

५६६. न्यायप्रशासन, प्रदेश नं. १ कार्यालय विराटनगर, मोरङ जिल्ला विराटनगर उमनपा १३ स्थित न्युरो कार्डियो मल्टी स्पेसिलिटी अस्पतालको हाताभित्र रहेको औषधी पसल सञ्चालक अञ्जु बस्नेतलाई अस्पताल हाताभित्र अस्पताल प्रशासनले हातपात गरेकोमा प्रहरी कार्यालयमा उजुरी दिँदा दर्ता गर्न नमानेको हुँदा आवश्यक पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सो विषय पहिला नै टुंगिसकेको, निज अञ्जु बस्नेतले अस्पताल हाताभित्रको औषधी पसल छोडी अन्यत्र नै व्यवसाय गरिबसेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो।

५६७. बाल अधिकार, प्रदेश नं. १ कार्यालय विराटनगर, सुनसरी जिल्ला इटहरी उमनपा ८ बस्ने सीताराम प्याकुरेललाई मोरङ जिल्ला वि. उमनपा -१६ स्थितको लक्ष्मी पाञ्चाली मन्दिरमा संस्कृत पढाउन राखेकोमा गुरु खेमराज कोइरालाले चोरीको आरोपमा कुटपिट गरेको र पढाइको सर्टिफिकेटसमेत नदिएकाले आवश्यक पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा कुटपिट भएको नपाइएको र सर्टिफिकेट दिइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो।

५६८. यातना, गण्डकी प्रदेश कार्यालय पोखरा, कास्की जिल्ला रूपाकोट गाविस -६ बस्ने जगतबहादुर गुरुङलाई अंश मुद्दासम्बन्धी विवाद अदालतमा विचाराधीन रहेको अवस्थामा प्रहरीले विना

पक्राउपुर्जी प्रहरी कार्यालयमा ल्याई धम्की दिई जबरजस्ती मिलापत्र गराएको भन्ने सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा प्रस्तुत विषयमा अदालतबाट मुद्दाको फैसला भइसकेकाले उजुरीको कार्यबाही टुग्याइदिन पीडित स्वयमूंले लिखित जानकारी गरेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५६९. प्रहरीद्वारा कुटपिट, गण्डकी प्रदेश कार्यालय पोखरा, कास्की जिल्ला पोखरा उमनपा वडा नं. १६ बाटुलेचौर बस्ने पार्वती विक, मिन विकसमेतलाई मिति २०६५/१०/५ गते जिल्ला अदालत कास्कीको परिसरमा प्रहरीद्वारा अन्धाधुन्ध लाठी चार्ज गरी घाइते बनाएकाले दोषीलाई कार्यबाही र घाइतेहरूको उपचारको क्षतिपूर्तिका लागि पहल गिरिदिने सम्बन्धमा आयोगमा परेको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा घाइतेहरूले आफै उपचार गरी निको भइसकेको र केही हाल वैदेशिक रोजगारीमा रहेको तथा निवेदक स्वयमूंले आयोगमा रहेको उजुरी टुग्याउन लिखित निवेदन दिएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५७०. माओवादीबाट धम्की, गण्डकी प्रदेश कार्यालय पोखरा, पर्वत जिल्ला खौलालाँकुरी गाविस सचिव दिवाकर शर्मा पौड्र्यललाई मिति २०६१/९/१३ गते माओवादी कार्यकर्ताहरूले कुटपिट तथा भौतिक सफायाको धम्की दिएको भन्ने सम्बन्धमा आयोगमा परेको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा हाल कुनै समस्या नभएको र शान्तिपूर्वक आफ्नो पेसाव्यवसाय गरी जीवनयापन गरिरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५७१. यातना, गण्डकी प्रदेश कार्यालय पोखरा, कास्की जिल्ला आर्वाविजय गाविस वडा न..२ बस्ने मानबहादुर नेपालीलाई मिति २०६६/७/१० गते प्रहरीले पक्राउ गरी हिरासतमा राखी शारीरिक तथा मानसिक यातना दिई परिवारलाई भेटघाट समेत गर्न नदिएको भन्ने उजुरीको अनुसन्धान हुँदा निजलाई शारीरिक तथा मानसिक यातना दिएको भन्ने पुष्टि नभएको तथा निजलाई कानुनबमोजिम कार्यबाही गरी हाल रिहा भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५७२. गैरकानुनी थुना र धम्की, गण्डकी प्रदेश कार्यालय पोखरा, कास्की जिल्ला बस्ने मनमाया थापा, दिलमाया गरुङ, यममाया गरुङ र देवीसरा गरुङलाई लेनदेनको विषयमा प्रहरीले गैरकानुनी थुनामा राखिएको तथा धम्की दिएको भन्ने उजुरीको विषयमा अनुसन्धान हुँदा लेनदेनको विषयमा अदालतमा मुद्दा दायर भई कार्यबाही भइरहेको पाइएकाले तथा पीडित स्वयमूंले आयोगको उजुरीको कार्यबाही टुग्याइदिन भनिएको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

५७३. वन्दीको अधिकार, गण्डकी प्रदेश कार्यालय पोखरा, कास्की जिल्ला पोखरा उपमनपा वडा नं. ५ घर भई कारागार कार्यालय कास्कीमा थुनामा रहेको वन्दी आनन्द केसीलाई सो कारागारका चौकीदार, भाइ नाइकेहरूलाई मिति २०७०/२/८ गते राती आक्रमण गरी घाइते बनाएकाले जिउज्यानको सुरक्षा तथा दोषीलाई कार्यबाही गरिपाऊँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान

हुँदा निजको औषधी उपचार भएको र निजलाई जिल्ला कारागार कुस्मामा स्थानान्तरण गरिएको र हाल कारागार मुक्त भई शान्तिपूर्वक जीवनयापन गरिरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

५७४. न्यायप्रशासन, गण्डकी प्रदेश कार्यालय पोखरा, कास्की जिल्ला पोखरा उमनपा वडा नं. १४ बस्ने अर्जुन नेपालीकी श्रीमतीको पर पुरुषसँग अनैतिक सम्बन्ध भएकाले आवश्यक कानुनी कार्यबाही गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीको अनुसन्धान हुँदा अनैतिक सम्बन्ध भएको पुष्टि नभएको तथा निज अर्जुन नेपालीकी श्रीमतीले सम्बन्धविच्छेदको मुद्दा अदालतमा दायर गरेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५७५. न्यायप्रशासन, गण्डकी प्रदेश कार्यालय पोखरा, कास्की जिल्ला पोखरा उमनपा वडा नं. २ भीमसेनटोल बस्ने अन्जना बटाजुलाई निजका देवरले गाली-बेइज्जती गरेको विषयमा जिल्ला प्रशासन कार्यालय तथा जिल्ला प्रहरी कार्यालयमा शान्ति सुरक्षाका लागि निवेदन दिएकोमा कुनै सनुवाइ नभएको भन्ने उजुरीको अनुसन्धान हुँदा निजको देवरसँग सम्पत्तिको विषयमा विवाद भएको र सो विवाद अदालतमा मुद्दा दायर भई फैसलासमेत भइसकेको र हाल कुनै समस्या नभएको भन्ने पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५७६. रोजगारीको अधिकार, गण्डकी प्रदेश कार्यालय पोखरा, मणिपाल शिक्षण अस्पताल फूलबारी पोखराले शिक्षण अस्पतालमा कार्यरत नेपाली चिकित्सक र गैरनेपाली चिकित्सकबिच तलब तथा सुविधामा भेदभावपूर्ण व्यवहार गरिएको र अस्पताल प्रशासनले श्रम ऐन तथा ILO अभिसन्धिको समेत विपरीत कार्य गरेकाले नेपाली चिकित्सकहरूको सामान ज्याला तथा सुविधाको अधिकारसम्बन्धी व्यवस्थाको संरक्षण गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीउपर अनुसन्धान हुँदा मणिपाल शिक्षण अस्पताल प्रशासन र पीडित डाक्टरहरूबिच भएको सहमति आंशिक रूपमा कार्यान्वयन भइसकेको र अन्य सहमतिहरू कार्यान्वयन हुन बाँकी रहेको पाइएको र हाललाई प्रस्तुत उजुरी तामेलीमा राख्न पीडित स्वयमंले लिखित जानकारी गरेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५७७. सम्पत्ति कब्जा, गण्डकी प्रदेश कार्यालय पोखरा, लमजुङ जिल्ला बेसीसहर गाविस वडा नं. २ का हेमराज गुरुङको व्यक्तिगत कागजपत्र तथा घर सम्पत्ति तात्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूले कब्जामा लिई घरमा माओवादीको कार्यालय स्थापना गरेकाले कब्जामा रहेको घरसम्पत्ति मुक्त गिरिदिन पहल गिरिदिने सम्बन्धमा आयोगमा दर्ता भएको उजुरीको अनुसन्धान हुँदा आयोगको टोलीको उपस्थितिमा नै निज हेमराज गुरुङको सम्पत्ति कब्जा मुक्त गरेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

५७८. प्रहरीद्वारा कुटपिट, गण्डकी प्रदेश कार्यालय पोखरा, नेत्रहीन सङ्घ कास्कीका सदस्य लक्ष्मण सुवेदी मिति २०६४/२/२४ गते कामको सिलसिलामा पोखरा गैह्रपाटनमा गइरहेको अवस्थामा प्रहरीले निर्मम तरिकाले विनाकारण अन्धाधुन्ध लाठी प्रहार गरी कुटपिट गरेकाले दोषीलाई कार्यबाही तथा क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीको अनुसन्धान हुँदा प्रहरीद्वारा लाठी चार्जका क्रममा कुटपिट भएको देखिएकाले क्षतिपूर्ति स्वरूप रु. ५०,०००/- (पचास हजार मात्र) उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

५७९. माओवादीबाट धम्की, गण्डकी प्रदेश कार्यालय पोखरा, म्याग्दी जिल्ला बेनी नंपा वडा नं. ८ बस्ने कोमलप्रसाद उपाध्यायलाई उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य एवम् नेकपा एमालेका जिल्ला सदस्य प्रमोद श्रेष्ठले कुटपिट तथा अमानवीय व्यवहार गरेकाले घटनाको छानबिन गरी दोषीलाई कार्यबाही गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीको अनुसन्धान हुँदा प्रस्तुत घटनाका विषयमा मिलापत्र भई समस्या समाधान भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५८०. घरेलु हिंसा, गण्डकी प्रदेश कार्यालय पोखरा, कास्की जिल्ला आर्वाविजय गाविस वडा न. ६ बस्ने लिलादेवी बराललाई निजका श्रीमान्ले दाइजोको निहुमा शारीरिक तथा मानसिक यातना दिएको तथा बहुविवाहसमेत गरेकाले न्यायका लागि पहल गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीको अनुसन्धान हुँदा प्रस्तुत विषयमा निज लीलादेवी बरालले अदालतमा मुद्दा दायर गरी फैसलासमेत भइसकेको भन्ने जानकारी प्राप्त हुन आएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

५८१. यातना, गण्डकी प्रदेश कार्यालय पोखरा, बागलुङ जिल्ला अर्गल गाविस वडा नं. ९ बस्ने अमृत दर्जीलाई २०५८ सालमा सेनाले पक्राउ गरी शारीरिक र मानसिक यातना दिएकाले मानसिक सन्तुलन गुमाएको र सहयोगका लागि सम्बन्धित निकायमा जानकारी गराउदा कुनै सनुवाइ नभएको भन्ने उजुरीको सम्बन्धमा सम्बन्धित निकायमा निजको सम्बन्धमा र घटनाका बारेमा जानकारी लिई एक महिनाभित्र पुनः पेस गर्ने निर्णय गरियो ।

५८२. हत्या, गण्डकी प्रदेश कार्यालय पोखरा, बागलुङ जिल्ला बुर्तिवाङ गाविस वडा नं. ९ बस्ने यमबहादुर छन्त्याललाई सुरक्षाकर्मीले सामान खरिद गर्न भनी भीमगिठे गएको बेलामा पक्राउ गरी दुई दिनसम्म क्याम्पमा राखी तेस्रो दिन बुर्तिवाङ ल्याई खाल्डो खन्न लगाई त्यही खाल्डोमा गोली हानी हत्या गरेकाले घटनाको छानबिन गरी दोषीलाई कार्यबाही र पीडित परिवारलाई क्षतिपूर्ति दिलाई पाऊँ भनी दर्ता भएको उजुरीको सम्बन्धमा अनुसन्धान पूरा नभएको देखिएकाले घटनाको सम्बन्धमा इन्सेकका प्रतिनिधिलगायत जिल्ला प्रशासन कार्यालयमा घटनाको जानकारी लिई दुई महिनाभित्र फाइल पुनः पेस गर्ने निर्णय गरियो ।

५८३. माओवादीद्वारा हत्या, गण्डकी प्रदेश कार्यालय पोखरा, बागलुङ जिल्ला तारा गाविस वडा नं. ६

बस्ने लालबहादुर रोका तात्कालीन नेकपा (माओवादी)-का कारण स-परिवार विस्थापित भई बागलुङ जिल्लाको सदरमुकाम बस्दै आएकोमा मिति २०६१/४/२५ गते नेकपा (माओवादी)-कार्यकर्ताहरूले कब्जामा रहेको घरजग्गा फिर्ता गिरिदिनेछौ, केही गर्दैनौँ भनी बोलाई हिल गाविस १ मा लगी हत्या गरेको घटनाको छानबिन गरी दोषीलाई कार्यबाही र पीडित परिवारलाई क्षतिपूर्ति दिलाई पाऊँ भनी दर्ता भएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा लालबहादुर रोकालाई तत्कालीन नेकपा (माओवादी)-का कार्यकर्ताहरूले हत्या गरेको अनुसन्धानबाट देखिएकाले दोषीको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो । अनुसन्धानका क्रममा पीडित परिवारले नेपाल सरकारबाट राहत रकम प्राप्त गरेको देखिएकाले क्षतिपूर्तिको सम्बन्धमा केही गर्नुपर्ने नदेखिएको ।

५८४. सुरक्षाकर्मीद्वारा हत्या, गण्डकी प्रदेश कार्यालय पोखरा, पर्वत जिल्ला लिमीठाना गाविस वडा नं. ३ बस्ने सोमबहादुर परियारलाई मिति २०६०/१२/१२ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरेकाले दोषीलाई कार्यबाही र पीडित परिवारलाई क्षतिपूर्ति दिलाई पाऊँ भनी दर्ता भएको उजुरीको सम्बन्धमा सम्बन्धित निकाय जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयबाट घटनाका बारेमा कुनै जानकारी प्राप्त नभएको देखिएकाले सम्बन्धित निकाय जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा घटनाको जानकारी तथा पीडित परिवारले हालसम्म कति क्षतिपूर्ति प्राप्त गरेको छ सोसमेतको जानकारी लिई पुनः पेस गर्ने निर्णय गरियो ।

५८५. शिक्षाको अधिकार, केन्द्रीय कार्यालय ललितपुर, मध्य तथा पूर्वी तराईमा विगत एक महिना भन्दा लामो समयदेखि बन्द हडताल कारण अधिकांश विद्यालयहरू बन्द भएकाले बालबालिकाको शैक्षिक अधिकार हनन हुन पुगेको हुनाले शैक्षिक सत्र २०७१/०७२ का लागि प्रत्येक वर्ष उच्च मावि परिषद् सानेठिमीको शैक्षिक कार्य-तालिकाअनुसार भाद्र मसान्तसम्म मात्र रजिस्ट्रेसनको अबधि हुने भएकाले यस वर्ष तराईका सम्पूर्ण उच्च मावि हरूमा अध्ययनरत विद्यार्थीहरूको शैक्षिक भविष्यमा नकरात्मक असर पर्ने भएकाले रजिस्ट्रेसन अवधि बढाई दिन पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीकोमा आवश्यक कार्यबाही हुँदा प्रस्तुत विषयमा मागबमोजिम म्याद थप गरिएको देखिएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

५८६. न्यायप्रशासन, केन्द्रीय कार्यालय ललितपुर, काठमाडौँ महानगरपालिका महाराजगन्जमा निर्माणाधीन अवस्थामा रहेको अमेरिकी राजदूतावासको घर निर्माण कार्यमा पिल्लर गाड्न प्रयोग गरिएको विशेष प्रकारको मेसिन सञ्चालित हुँदा आसपासका बस्ती तथा घरहरूमा निरन्तर रूपमा भुकम्प गएजस्तो गरी घरहरू हल्लने, चर्कने गरेको र चर्किएको छत, छानाबाट पानी पर्दा चुहिनेसमेत गरेकाले कुनै पनि बेला घर भत्कने सम्भावना भएको हुँदा स्थानीयबासीहरू मानसिक पीडामा रहेको र क्षतिपूर्तिका लागि पहल गिरिदिने सम्बन्धमा आयोगमा दर्ता भएको उजुरीको अनुसन्धान हुँदा पीडितले काठमाडौँ महानगरपालिकाबाट क्षतिपूर्ति प्राप्त गरेको र विवाद समाधान भइसकेको भन्ने जानकारी प्राप्त हुन आएकोमा प्रस्तुत उजुरीको कार्यबाही

टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५८७. न्यायप्रशासन, केन्द्रीय कार्यालय ललितपुर, काठमाडौँ जिल्ला कामनपा वडा नं. १६ बस्ने हिराकाजी महर्जनको घरबाट निज र निजका परिवार कोही नभएको समयमा का.मनपा वडा नं. १५ बस्ने विपिन श्रेष्ठले जबरजस्ती घर प्रवेश गरी नगद सरसामानहरू कब्जामा लिएको फिर्ता गराईदिन पहल गरिपाऊँ भनी आयोगमा परेको उजुरीको अनुसन्धान हुँदा प्रस्तुत विवाद अदालतमा मुद्दा दायर भई आवश्यक कार्यबाही भएको भन्ने जानकारी हुन आएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५८८. स्वास्थ्यको अधिकार, केन्द्रीय कार्यालय ललितपुर, सप्तरी जिल्ला फत्तेपुर ८ बस्ने रमेशकुमार कार्कीको घरमा विवाद भई निजको श्रीमती र छोराले कुटपिट गरी घाइते बनाएको र उपचारका लागि रकम निकाल्न नेपाल बैङ्क लिमिटेड, कञ्चनपुर जाँदा श्री जिल्ला प्रशासन कार्यालय सप्तरीले भुक्तानी रोक्का गरेकाले उपचारका लागि समस्या परेकाले रकम निकाल्न आवश्यक व्यवस्था गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीको अध्ययन गर्दा प्रस्तुत विषय आयेगको क्षेत्राधिकार बाहिर रहेको देखिएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम खारेज गर्ने निर्णय गरियो ।

५८९. ज्येष्ठ नागरिकको अधिकार, केन्द्रीय कार्यालय ललितपुर, ललितपुर जिल्ला धोबिघाट बस्नेकुमार रजकलाई निजकी छोरी शान्ता रजकले साहारा हेरचाह केन्द्रमा राखेको, निजकुमार रजकलाई प्यारालाइसिस भई उपचार गर्नुपर्ने भएकाले निजकी जेठी छोरी शशि रजकले साहारा हेरचाह केन्द्रबाट झिकी लानका लागि पहल गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीको अनुसन्धान हुँदा निजकुमार रजकको मुत्यु भई काजकिरिया समेत परिवारबाट भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५९०. उपभोक्ता अधिकार, केन्द्रीय कार्यालय ललितपुर, दुर्गम क्षेत्रहरूमा अव्यवस्थित र अपारदर्शी रूपमा हवाई टिकट वितरण गर्ने गरेका कारणबाट व्यक्तिको मर्यादासम्बन्धी अधिकार, स्वतन्त्र आवागमनको अधिकार, सूचनाको अधिकार, क्षतिपूर्तिको अधिकार, प्रजनन स्वास्थ्यलगायत अधिकारको चरम उल्लङ्घन हुन गएको भन्ने उजुरीको सम्बन्धमा प्रस्तुत विषयमा आयोगबाट यस अघि भएका निर्णय, अध्ययन र अनुसन्धानहरू एकसाथ राखी दुई महिनाभित्र पुनः पेस गर्ने निर्णय गरियो ।

५९१. विस्थापित/सम्पत्ति क्षति, केन्द्रीय कार्यालय ललितपुर, सिन्धुली जिल्ला टाँडी गाविस वडा नं. २ बस्ने बाबुराम बानियाँको घरमा तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूले घरमा रहेको सम्पत्ति लुटपाट गरी घरमा आगो लगाइएका कारण विस्थापित (२०५५ सालदेखि) भएको र हालसम्म क्षतिपूर्ति नपाएको भन्ने उजुरीको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय सिन्धुलिमा प्रस्तुत विषयमा जानकारीका लागि पत्राचार गर्ने र जानकारी भएपछि पुनः पेस गर्ने निर्णय गरियो ।

५९२. विस्थापित/जनआन्दोलन घाइते, केन्द्रीय कार्यालय ललितपुर, रामेछाप जिल्ला गुम्देल गाविस वडा नं. ९ बस्ने ढालबहादुर बस्नेतलाई नेकपा (माओवादी)-का कार्यकर्ताहरूले फरक आस्था राखेका कारण विस्थापित बनाएकाले स्थापित गरिपाऊँ तथा २०६३ को जनआन्दोलन का क्रममा घाइते भएको र हालसम्म पनि शरीर दुख्ने समस्या भइरहेको आर्थिक अवस्था कमजोर भएकाले उपचारका लागि पहल गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीको अनुसन्धान हुँदा निजलाई आफ्नो गाउँघरमा फर्कन कुनै समस्या नभएको तथा नेपाल सरकारबाट जन आन्दोलनका घाइतेहरूलाई दिईने उपचार सुविधाहरू निज ढालबहादुर बस्नेतले प्राप्त गरिरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

५९३. यातना, प्रदेश नं. ३ कार्यालय सानेपा, रामेछाप जिल्ला साविक पिङ्खुरी गाविस ५ बस्ने कल्पना भण्डारीलाई मिति २०६४/२/३ गते तिनकुने काठमाडौँबाट महानगरीय प्रहरी प्रभाग गौशालाबाट खटिएको टोलीले पक्राउ गरी हिरासतमा राखी यातना दिएकाले दोषीमाथि कार्यबाही तथा क्षतिपूर्तिका लागि पहल गिरिदिने सम्बन्धमा यस आयोगमा परेको उजुरीको अनुसन्धान हुँदा सो विषयमा काठमाडौँ जिल्ला अदालतबाट मुद्दा फैसला भई क्षतिपूर्तिसमेत प्राप्त गरिसकेको भन्ने देखिएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

५९४. यातना (माओवादीबाट), गण्डकी प्रदेश कार्यालय पोखरा, पर्वत जिल्ला पिपलटारी गाविस वडा नं. १ बस्ने प्रकाश परियारलाई मिति २०६४/२/२४ गते नेकपा (माओवादी)- कार्यकर्ताहरूले कुटपिट गरी खुट्टासमेत भाँची दिएकाले घटनाको छानबिन गरी दोषीलाई कार्यबाही र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराई पाऊँ भनी यस आयोगमा दर्ता भएको उजुरीको अनुसन्धान हुँदा निज प्रकाश परियारलाई तात्कालीन नेकपा (माओवादी)-का कार्यकर्ताहरूले आफ्नो नियन्त्रणमा लिई गम्भीर चोटपटक लाग्ने गरी कुटपिट गरेको पाइएकाले घटनामा संलग्न दोषीको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न र पीडितलाई उपचारका लागि रु. १,००,०००/- (एक लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

५९५. धम्की, प्रदेश नं. ३ शाखा कार्यालय सानेपा, सिन्धुपाल्चोक जिल्ला गोल्चे गाविस वडा नं. २ बस्ने तेजबहादुर राउतको छिमेकीसँगको झगडा र वादविवाद भएपछि कार्यबाहीका लागि जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकमा निवेदन दिन जाँदा प्रहरी निरीक्षकले पीडकसँग मिलेर धम्की दिएकाले घटनाको छानविन गरी दोषीलाई कार्यबाही गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीको अनुसन्धान हुँदा पीडितले हाल कुनै समस्या नभएको र आयोगमा रहेको उजुरीको कार्यबाही टुङ्ग्याउन लिखित जानकारी दिएकाले उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५९६. न्यायप्रशासन, प्रदेश नं. ३ कार्यालय सानेपा, काठमाडौँ जिल्ला जोरपाटी गाविस वडा नं. २

बस्ने भूमिराज निरौलालाई सशस्त्र प्रहरीका पूर्व महानिरीक्षकले ज्यान मार्ने धम्की दिएकाले जीवनरक्षाका लागि पहल गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीउपर अनुसन्धान हुँदा घटना पुष्टि हुने कुनै प्रमाण नभेटिएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० (१) (ङ) बमोजिम खारेज गर्ने नि᠂यि गरियो ।

५९७. यातना, प्रदेश नं. ३ कार्यालय सानेपा, काठमाडौँ जिल्ला स्युचाटार गाविस वडा नं. ३ बस्ने भगवती बुढाथोकीलाई मिति २०७०/१०/२५ गते पक्राउ गरी शारीरिक तथा मानसिक यातना दिएकाले दोषीलाई कार्यबाही गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीउपर अनुसन्धान हुँदा उजुरीमा दाबीबमोजिम पुष्टि हुने कुनै प्रमाण नभेटिएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५९८. गैरकानुनी थुना, प्रदेश नं. ३ कार्यालय सानेपा, धादिङ जिल्ला तर्सपु गाउँपालिका वडा नं. ७ घर भई हाल कामनपा वडा नं. १३ टङ्केश्वर कालिमाटी बस्ने सुभाष तामाङलाई महानगरीय प्रहरी परिसर काVमाΛौँबाट पक्राउ गरी गरैकानुनी थुनामा राखेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निज सुभाष तामाङ हाल थुनामुक्त भइसकेको र पीडित स्वयमूंले अयोगमा रहेको उजुरीको कार्यबाही टुङ्ग्याउन लिखित निवेदन दिएको पाइएकाले प्रस्तुत उजुरी तामेलीमा राख्ने निर्णय गरियो ।

५९९. धम्की, प्रदेश नं. ३ कार्यालय सानेपा, काठमाडौँ जिल्ला बुढानीलकण्ठ नपा वडा नं. १४ कपन बस्ने राजेन्द्र दमाई (नेपाली) लाई नेकपा माओवादी (विप्लव समूह) को नेता हुँ भनी टेलिफोनमार्फत ज्यान मार्ने धम्की दिएकाले स्वतन्त्र र सुरक्षति रूपमा बाँच्न पाउने अधिकारको हनन भएकाले मानव अधिकार संरक्षण गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीउपर अनुसन्धान हुँदा हाल कुनै धम्की नआएको र शान्ति पूर्वक जीवनयापन गरिरहेको र आयोगमा रहेको उजुरीको कार्यबाही टुग्याइदिन लिखित जानकारी गराएको देखिएकाले उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६००. न्यायप्रशासन, प्रदेश नं. ३ कार्यालय सानेपा, काठमाडौँ जिल्ला का.मनपा वडा नं. १८ बस्ने सानुमाया लामा र निजका सहोदर भाइ तिलक लामालाई निजका श्रीमानूले प्रहरी अधिकारी प्रयोग गरी गाली गलौच, धम्की दिई बस्दै आएको घर खाली गर्न दबाब दिई रहेकाले स्वतन्त्र पूर्वक सुरक्षित रूपमा बाँच्न पाउने अधिकारबाट बंचित गराएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा हाल कुनै समस्या नभएकाले आयोगमा रहेको उजुरीको कार्यबाही टुग्याइदिन लिखित जानकारी गरेको देखिएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६०१. यातना, प्रदेश नं. ३ कार्यालय सानेपा, सिन्धुली जिल्ला रानीवास २ बस्ने गङ्गाहरी न्यौपानेलाई कारागार कार्यालय सिन्धुलीमा रहेको बेलामा मिति २०७३/८/१९ मा कारागारका नाइके तथा चौकीदारले विनाकारण कुटपिट गरेको, कारागारमा रहेको समयमा जानकारी गर्न

सम्भव नभएकोमा कारागार मुक्त भएपश्चात् सम्बन्धित निकायमा जानकारी गराउदा कारागार कार्यालयका कर्मचारीले धम्की दिएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा यातना भएको पुष्टि हुने कुनै प्रमाण नभेटिएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

६०२. न्यायप्रशासन, प्रदेश नं. ३ कार्यालय सानेपा, मकवानपुर जिल्ला साविक मकवानपुरगढी गाविस वडा नं. ४ हाल गडी नपा वडा नं.२ घर भई सिन्धुपाल्चोक जिल्लास्थित पाल्चोकमा क्रसर उद्योगमा नयाँ मेसिन जडान गर्न गएको अवस्थामा रोसनकुमार थिङको स्थिति अज्ञात भएकाले प्रहरीकोमा जाहेरी दिन जाँदा लिन इन्कार गरेको र हराएको व्यक्तिको प्रभावकारी खोजी नगरेको भन्ने उजुरीको सम्बन्धमा प्रहरीलाई प्रभावकारी अनुसन्धान गर्नका लागि पत्राचार गर्ने र प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

६०३. धम्की, प्रदेश नं. ३ कार्यालय सानेपा, नुवाकोट जिल्ला साविक थानापति गाविस वडा नं. ८ स्थायी घर भई काठमाडौँ तारकेश्वर नपा वडा नं. १८ बस्ने गणेश उप्रेतीलाई नेपाली सेनाका व्यक्तिलगायतले ज्यान मार्ने धम्की दिई शान्तिपूर्वक बाँच्न पाउने अधिकारको हनन भएकाले संरक्षण गरिपाऊँ भनी यस आयोगमा दर्ता भएको उजुरीउपर अनुसन्धान हुँदा हाल कुनै समस्या नभएकाले आयोगमा रहेको उजुरीको कार्यबाही टुङ्ग्याई दिन लिखत निवेदन दिएको देखिएकाले राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

६०४. महिलाहिंसा, प्रदेश नं. ३ कार्यालय सानेपा, कान्तिपुर दैनिकमा प्रत्रिकामा मिति २०७४/१०/१७ गते प्रकाशित ल्यान्डमार्क होटलमा, दरबारमार्गमा एक जना २२ वर्षीया महिलालाई ३ जना व्यक्तिहरूले सामूहिक बलात्कार गरेको भन्ने समाचारको सम्बन्धमा आयोगको ध्यानाकर्षण भई स्वविवेकमा उजुरी ग्रहण गरिएको उजुरीको अनुसन्धान हुँदा उक्त घटनामा संलग्न दोषीहरूमाथि प्रहरीले आवश्यक कार्यबाही गरी जिल्ला अदालतमा मुद्दा दायर भई आवश्यक कार्यबाही भइरहेको देखिएकाले प्रस्तुत राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

६०५. धम्की, प्रदेश नं. ३ कार्यालय सानेपा, सिन्धुली जिल्ला कमलामाई नपा वडा नं. ६ रातामाटा घर भई हाल काठमाडौँ जिल्ला बुढानीलकण्ठ नपा कपन बस्ने कल्पना बस्नेत र रामेछाप जिल्ला मन्थली नपा वडा नं. २ स्थायी ठेगाना भई हाल काठमाडौँ बस्ने दुर्गाबहादुर थापाले एक अर्काबाट असुरक्षित भएको भन्ने सम्बन्धमा यस आयोगमा परेको उजुरीको अनुसन्धान हुँदा निजहरूबिच सम्पत्तिको विवाद रहेको र सो अदालतमा मुद्दा दायर भई कार्यबाही भइरहेको र शान्ति सुरक्षाका लागि प्रहरीबाट कार्यबाही भएको देखिएकाले राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम खारेज गर्ने निर्णय गरियो ।

६०६. अन्य, प्रदेश नं. ३ कार्यालय सानेपा, ललितपुर जिल्ला महालक्ष्मी नपा वडा नं. १ बस्ने पुरुषोत्तम न्यौपानेको परिवारलाई निजकी श्रीमतीको नाता कायम भएकी सुनिता ठकुरीले अदालतको फैसलाबमोजिम अंश पाइसकेपछि पनि व्यक्तिहरू लगाई विभिन्न गाली गलौज धाकधम्की दिई शान्तिपूर्वक बाँच्न पाउने अधिकार हनन गरेको भन्ने उजुरीको अनुसन्धान हुँदा हाल शान्तिपूर्वक जीवन बिताइरहेको कुनै समस्या नभएको देखिएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम खारेज गर्ने निर्णय गरियो।

६०७. ICCPR, प्रदेश नं.३ कार्यालय सानेपा, काभ्रेपलान्चोक जिल्ला पाँचखाल नप वडा नं. ५ बस्ने दिनेश चौलागाईलाई कारागारभित्र रहेको अवस्थामा पनि झुठ्ठा मुद्दा लगाउन षड्यन्त्र गरेको र कारागारभित्र स्वास्थ्य उपचारको व्यवस्थाका लागि पहल गरी मानव अधिकारको रक्षा गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीउपर अनुसन्धान हुँदा निजलाई धुलिखेल कारगारबाट डिल्लीबजार कारगारमा स्थानान्तर भएपश्चात् कुनै समस्या नभएको भन्ने जानकारी हुन आएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम खारेज गर्ने निर्णय गरियो।

६०८. प्रहरीबाट ज्यादती, प्रदेश नं. ३ कार्यालय सानेपा, काठमाडौँ जिल्ला टोखा नपा वडा नं. ३ बस्ने नरेन्द्र गौतम र राममाया नेपालीलाई महानगरीय प्रहरीवृत्त बौद्धबाट खटिएका प्रहरीहरूले विभिन्न आरोपहरू लगाई अनावश्यक रूपमा पटक पटक कार्यालयमा झिकाई धम्की दिने, कुटपिट गर्नेलगायतका कार्यहरूमार्फत दःख दिई स्वतन्त्र रूपमा बाँच्न पाउने अधिकार हनन गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निजहरूको मानव अधिकार हनन भएको पुष्टि नभएको तथा निज निवेदक स्वयमुंले उजुरी खारेज गर्न भनिएको पाइएकाले प्रस्तुत उजुरीउपरको कार्यबाही टुङ्ग्याई खारेज गर्ने निर्णय गरियो।

६०९. धम्की, प्रदेश नं. ३ कार्यालय सानेपा, सिन्धुली जिल्ला तीनकन्चा गाविस वडा नं. ९ बस्ने कृष्ण मुरारी गरुङलाई मिति २०७५/६/१० गते पक्राउ गरी महानगरीय अपराध महाशाखामा ल्याई जबरजस्ती ४० लाख रकमको चेकमा सही गर्न लगाएको र उक्त कार्यालय नजिकै रहेको एटिम मेसिनबाट १ लाख नगद झिक्न लगाएकाले प्रहरीहरूले शान्तिपूर्वक रूपमा बाँच्न पाउने अधिकारबाट वञ्चित गरेको र प्रहरीबाट जुन सुकै समयमा पुनः पक्राउ गर्न सक्ने भयसमेत रहेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा उजुरीकर्ता आयोगको सम्पर्कमा नआएको तथा उजुरीको विषय अदालतमा विचाराधीन अवस्थामा रहेको भन्ने देखिएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम खारेज गर्ने निर्णय गरियो।

६१०. सुरक्षाफौजद्वारा हत्या, गण्डकी प्रदेश कार्यालय पोखरा, गोरखा जिल्लाको आरुचनौटे गाविस मङ्गलटारमा सुरक्षाफौजको कार्यबाहीमा ३ जना व्यक्तिहरू मुत्यु भएको र मृत्यु हुनेमा माओवादी कार्यकर्ताहरू दुई जना कालीबहादुर शाही (चिर्को) तथा सुरेश कुँवर (सुशील) रहेको र एक

जना धादिङ वुढाथुम बस्ने सोही स्थानमा भरियाको काम गर्ने बोल्न नसक्ने बरुवाल थरको व्यक्ति भएकाले उक्त घटनाको छानविन गरी दोषीलाई कार्यबाही तथा पीडितलाई क्षतिपूर्ति दिलाई पाऊँ भनी यस आयोगमा दर्ता भएको उजुरीउपर अनुसन्धान हुँदा सुरक्षाकर्मीलाई लक्षित गरी एम्बुस थापेको तार चुडिएको थाहा पाई पुनः तार जोड्न जाने क्रममा सुरक्षा कार्यबाहीमा ३ जना माओवादी कार्यकर्ताहरू मारिएको र मृत्यु हुनेमा गोरखा जिल्ला घैरुङ गाविस वडा नं. ५ बस्ने सुरेश कुँवर, सल्यान जिल्ला घर भएका कालिबहादुर शाही र धादिङ जिल्ला घर भएका बोल्न नसक्ने ललितबहादुर बरुवाल रहेको, उक्त घटनामा सुरक्षाकर्मीहरूले नियन्त्रणमा लिन सक्ने अवस्था हुँदाहुँदै गोली हानी हत्या गर्ने कार्य गरेको पाइएकाले उक्त घटनाको दोषी पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने, प्रस्तुत घटनामा पीडित परिवारले नेपाल सरकारबाट क्षतिपूर्ति/राहत रकम बुझिसकेको देखिएकाले सो विषयमा केही बोल्न नपर्ने भनी निर्णय गरियो।

६११. सुरक्षाफौजद्वारा, कुटपिट/ यातना, गण्डकी प्रदेश कार्यालय पोखरा, लमजुङ जिल्ला चक्रतीर्थ गाविस वडा नं. ६ अल्काटार बस्ने होमनाथ कट्टेललाई सुरक्षाकर्मीहरूले मिति २०६१/४/१९ गते सोही गाउँमा माओवादीद्वारा विच्छाइएको एम्बुसमा परी दुईदजना सुरक्षाकर्मीहरू मृत्यु भएको घटनाको अनुसन्धान गर्ने क्रममा निर्मम कुटपिट तथा यातना दिएकाले घटनाको छानबिन गरी दोषीलाई कार्यबाही तथा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन पहल गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीको अनुसन्धान हुँदा कुटपिट, यातना दिएको पाइएकाले पीडितलाई उपचार खर्च बापत रुं १,००,०००/- (एक लाख) क्षतिपूर्ति उपलब्ध गराउन र घटना संलग्न दोषी पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो।

६१२. अज्ञात, केन्द्रीय कार्यालय ललितपुर, स्याङ्जा जिल्ला पौवार्ड गौडे गाविस वडा नं. १ घर भएका नयाँ श्रीनाथ गण चौतारामा कार्यरत नेपाली लोकबहादुर थापा मिति २०६१/५/८ गते चौतारको चौतारको चेहेरे भन्ने स्थानमा बाटोमा खुलाउन गएको अवस्था आक्रमण परी स्थिति अज्ञात भएकाले खोजतलास गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीको अनुसन्धान हुँदा निजको माओवादी आक्रमणमा गोली लागि सुनकोसी नदीमा खसेर मृत्यु भएकाले नेपाली सेनाको नियमानुसार मृतक परिवारले पाउनुपर्ने सम्पूर्ण सुविधा प्राप्त भएको देखिएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो।

६१३. माओवादीबाट हत्या, केन्द्रीय कार्यालय ललितपुर, धनुषा जिल्ला भूतही पटेर्वा गाविस वडा नं. २ बस्ने सोही गाविसका निवर्तमान गाविस अध्यक्ष जगत्नारायण साहू व्याहुत सुडीको मिति २०६२/१/२४ गते माओवादी समूहले अपहरण गरी लगी हत्या गरेकाले दोषीलाई कार्यबाही तथा पीडित परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन आवश्यक पहल गिरिदिने सम्बन्धमा आयोगमा दर्ता भएको उजुरीको अनुसन्धान हुँदा निज जगत्नारायण साहू व्याहुत सुडीलाई तात्कालीन नेकपा (माओवादी)-का कार्यकर्ताहरूले घरबाट कब्जामा लिएर गई कुटपिट गरी गोली हानी हत्या गरेको पाइयो। यस घटनामा पीडित परिवारलाई नेपाल सरकारबाट

राहत/क्षतिपूर्ति प्रदान गरेको पाइएकाले क्षतिपूर्ति तर्फ केही नगरी घटनामा संलग्न दोषीको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो।

६१४. यातना, प्रदेश नं. ३ कार्यालय सानेपा, सिन्धुपालचोक जिल्ला साविक सिरुवारी गाविस वडा नं. ६ बस्ने दिनेश दुलालई मिति २०६१/०१/०१ गते सुरक्षाकर्मीले पक्राउ गरी दुई महिना सम्म बेपत्ता बनाएको र सुन्दरीजल छानबिन केन्द्र हुँदै ललितपुरको जाउलाखेलमा राखी यातना दिएको र यातनाका कारण निजको छाती दुख्नेसमेत भएकाले उचित उपचार र सकुशल रिहाइका लागि पहल गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीको अनुसन्धान हुँदा निजलाई सुरक्षा निकायले प्रक्राउ गरी यातना दिएको पुष्टि हुन आएकाले उपचार खर्चबापत रु. १,००,०००/- (एक लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र यातनाकै कारण हालसम्म शारीरिक र मानसिक स्वास्थ्यमा समस्या भएमा निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो।

६१५. सम्पत्तिको अधिकार, गण्डकी प्रदेश कार्यालय पोखरा, स्याङ्जा जिल्ला मनकामना गाविस वडा नं. १ गहतेमा सुरुक्षाकर्मी र माओवादीबिच दोहोरो भिडन्त हुँदा सोही ठाउँमा बस्ने पित्तबहादुर गरुङ, ख्मनारायण गरुङ दुर्गाबहादुर गरुङ र भीमबहादुर गुरुङको भैसी, गोरु र बाख्राहरूलाई गोली लागि मृत्यु तथा घाइते भएका हुँदा क्षतिपूर्ति तथा राहतका लागि पहल गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीको अनुसन्धान हुँदा निजहरूको क्षतिको मूल्यांकन भई क्षतिपूतिका लागि जिल्ला प्रशासन कार्यालयबाट आवश्यक कार्यबाही भएको देखिएको तर हालसम्म पनि निजहरूले क्षतिपूर्ति नपाएको देखिएकाले निजहरूले हालसम्म पनि क्षतिपूर्ति नपाएको भए क्षति मूल्यांकन गरे बराबरको क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो।

६१६. माओवादीबाट कुटपिट, गण्डकी प्रदेश कार्यालय पोखरा, लमजुङ जिल्ला चिता गाविसका शङ्करबाबु तिवारी, जङ्गबहादुर विष्टलगायत व्यक्तिहरूलाई मिति २०६३/१/८ र २५ गते तत्कालीन नेकपा (माओवादी)-हरूले निर्घात कुटपिट गरेको साथै पूर्णचन्द्र पोखरेललाई ज्यान मार्ने धम्की दिएको भन्ने सम्बन्धमा आयोगमा परेको उजुरीको अनुसन्धान हुँदा कुटपिट भएको पुष्टि हुन नआएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो।

६१७. माओवादीबाट अपहरण/कुटपिट, गण्डकी प्रदेश कार्यालय पोखरा, लमजुङ जिल्ला भोटेओडार गाविस वडा नं. ८ निवासी मोहनलाल श्रेष्ठलाई नेकपा (माओवादी)- कार्यकर्ताहरूले मिति २०६३/२/११ गते अपहरण गरी मरणासन्न हुने गरी कुटपिट तथा यातना दिएकाले घटनाको अनुसन्धान गरी दोषीलाई कार्यबाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाऊँ भनी आयोगमा दर्ता भएको उजुरीको अनुसन्धान हुँदा निज मोहनलाल श्रेष्ठलाई तत्कालीन नेकपा (माओवादी)-का कार्यकर्ताहरूले अपहरण गरी ११/१२ दिनसम्म आफ्नो नियन्त्रणमा राखी कुटपिट यातना दिइएको पुष्टि हुन आएकाले निजलाई उपचारबापत रु. ३,००,०००/- तीन

लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने र घटनामा संलग्न दोषी पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो।

६१८. कुटपिट, गण्डकी प्रदेश कार्यालय पोखरा, बागलुङ जिल्ला बुर्तिबाङ गाविस वडा नं. १ धमसेन बस्ने नन्दराम भुसाललाई मिति २०५९/६/४ गते राती घरमा सुतिरहेको अवस्थमा नेकपा (माओवादी) का कार्यकर्ताहरूले कुटपिट गरी हात भाँचिदिएको र घरमा भएको सम्पत्ति लुटपाट गरी महŒवपूर्ण कागजातहरू जलाई दिएकाले दोषीलाई कार्यबाही र पीडितलाई क्षतिपूर्ति दिलाई पाऊँ भनी आयोगमा दर्ता भएको उजुरीको अनुसन्धान हुँदा निजलाई तात्कालीन नेकपा (माओवादी)-का कार्यकर्ताहरूले कुटपिट गरी हात भाँचिदिएको पुष्टि हुन आएको र निजले विस्थापित बापत मात्र नेपाल सरकारबाट राहत रकम बुझेको पाइएको तर कुटपिट गरी घाइते भएको क्षतिपूर्ति हाल सम्म प्राप्त भएको नदेखिएकाले औषधि उपचारबापत रु. १,००,०००/- (एक लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न दोषी पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो।

६१९. माओवादीबाट कुटपिट, गण्डकी प्रदेश कार्यालय पोखरा, लमजुङ जिल्ला श्रीभन्ज्याङ गाविस वडा नं. ९ बस्ने माधवप्रसाद वाग्लेलाई मिति २०६२/२/२८ गते तात्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूले कब्जामा लिई ८ दिन सम्म आफ्नो नियन्त्रणमा राखी शारीरिक र मानसिक यातना दिएको र एक लाख रकम दिएपश्चात् रिहा गरेको भन्ने सम्बन्धमा आयोगमा दर्ता भएको उजुरीको अनुसन्धान हुँदा निजलाई तत्कालीन नेकपा (माओवादी)-ले अपहरण गरी शारीरिक तथा मानसिक यातना दिएको देखिएको तर रकम बुझाएको भन्ने पुष्टि हुन नसकेको हुँदा उपचार खर्च बापत रु. ७५,०००/- (पचहत्तर हजार मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र घटनाका दोषी पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो।

६२०. जनआन्दोलन घाइते, गण्डकी प्रदेश कार्यालय पोखरा, पर्वत जिल्ला खानीगाउँ गाविस वडा नं. ५ घर भई हाल कास्की जिल्ला पोखरा उमनपा वडा नं. ९ पुरानो बसपार्क बस्ने भीमबहादुर नेपाली २०६२/०६३ को जनआन्दोलन क्रममा मिति २०६३/१/६ गते पोखरामा भएको प्रदर्शनमा घाइते भएको हुँदा उपचारमा लागेको खर्च तथा क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी आयोगमा दर्ता भएको उजुरीको अनुसन्धान हुँदा निजले घाइतेको परिचय पत्र तथा राहत रकम नेपाल सरकारबाट प्राप्त गरिसकेको देखिएको निजले हालसम्म पनि चेक जाँचगरी औषधि सेवन गरिरहेको देखिएकाले निजलाई निःशुल्क उपचारका लागि व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो।

६२१. बेपत्तापछि हत्या, केन्द्रीय कार्यालय ललितपुर, उदयपुर जिल्ला कटारी गाविस वडा नं. ८ बस्ने दुखि अधिकारी दनुवारलाई मिति २०५९/१२/१२ गते कटारी बजारबाट प्रहरीहरूले केही सोधपुछ गर्नुछ भनी पक्राउ गरी लगे पश्चात् निजको अवस्था हालसम्म अज्ञात रहेकाले खोजतलासका लागि पहल गिरिदिने सम्बन्धमा अनुसन्धान हुँदा पीडितकी श्रीमतीले श्रीमान् मृत्यु भएको ब्यहोरा उल्लेख गरी पटक पटक गरी रु. ३,००,०००/- (तीन लाख मात्र) रुपियाँ

नेपाल सरकारबाट बुझेको देखिन्छ, अनुसन्धानका क्रममा पीडितकी श्रीमतीलाई निज दुखि अधिकारी दनुवार मरेको भन्ने जानकारी दिने व्यक्ति उदयपुर जिल्ला कटारी गाविस वडा नं. ८ बस्ने राम रायसँग कुनै जानकारी नलिएको पाइएकाले निजसँग घटनाका बारेमा जानकारी लिई तथा सम्बन्धित निकायमा घटनाका बारेमा पत्राचार गरी, जानकारी लिई, घटनाको अनुसन्धान गरी पुनः पेस गर्न प्रदेश नं. १ कार्यालय विराटनगरमा फाइल फिर्ता पठाई अनुसन्धान सम्पन्न गरी पुन : पेस गर्ने निर्णय गरियो ।

६२२. ESCR (द्वन्द्वपीडित), गण्डकी प्रदेश कार्यालय पोखरा, म्याग्दी जिल्ला अर्थुङ्गे गाविस निवासी कृष्णलाल श्रेष्ठ म्याग्दी अदालतमा अदेली पदमा कार्यरत रहदा तात्कालीन नेकपा (माओवादी)-हरूले आक्रमण गर्दा भएको माओवादी र सुरक्षाकर्मीको दोहोरो भिडन्तमा बमको छर्रा लागि घाइते तथा अपाङ्ग भएकाले द्वन्द्व पीडितले पाउने राहत तथा क्षतिपूर्ति कुनै नपाएको भनी यस आयोगमा दर्ता भएको उजुरीको अनुसन्धान हुँदा निज दोहोरो भिडन्तमा परी घाइते तथा अपाङ्ग भएको देखिँदा निजलाई उपचारबापत रु १,००,०००/- (एक लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र थप उपचार गर्नु परेमा निःशुल्क उपचारको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

६२३. क्षतिपूर्ति सम्बन्धमा, गण्डकी प्रदेश कार्यालय पोखरा, बागलुङ जिल्ला कुश्मीशेरा गाविस स्थित श्री हिमालयन मावि कुश्मीसेरामा मिति २०६१/१/३० गते तत्कालीन नेकपा (माओवादी) पार्टीका कार्यकर्ताहरले विद्यालयमा बम विस्फोटन गराई आगजानीबाट क्षति भएको र हालसम्म पनि राहत क्षतिपूर्ति नपाएको भनी दर्ता भएको उजुरीउपर अनुसन्धान हुँदा विद्यालयमा क्षति भएको घटना पुष्टि हुन नसकेकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

६२४. माओवादीद्वारा हत्या, प्रदेश नं. ३ कार्यालय सानेपा, धादिङ जिल्ला मार्पाक गाविस वडा नं. ४ थला बस्ने फै लामा (पेरेक) लाई २०५९/०२/१४ गते बेलुका ५ः ३० बजेको समयमा तत्कालीन नेकपा (माओदाबी) का कमान्डर यमबहादुर अधिकारीले ऐ. जिल्ला मार्पाक गाविस स्थित केशरीप्रसाद पन्तको घरमा बोलाएको छ भनी माओवादी कार्यकर्ताहरूले लिएर गएकोमा भोलिपल्ट खोजी गर्दै जाँदा सोही जिल्ला मार्पाक गाविस वडा नं. ७ बोराङमा निजको लास फेला परेकाले दोषीलाई कानुनबमोजिम कार्यबाही गरी पीडितलाई क्षतिपूर्ति उपलब्ध गराई पाऊँ भनी आयोगमा दर्ता हुन आएको यस घटनामा संलग्न भनिएका तत्कालीन नेकपा (माओवादी)-का प्लाटुन कमान्डर यमबहादुर अधिकारीले आयोग समक्ष पेस गरेको लिखित जवाफमा निजलाई मिति २०५९/९/१९ मा सुरक्षाकर्मीले पक्राउ गरेको, म पक्राउ परेको अवस्थामा वा छुटेको भए पनि छुटेको २/४ दिनभित्र सो घटना भएकाले मेरो संलग्नता नरहेको भनी दाबी गरेको सन्दर्भमा मिसिल संलग्न प्रमाणबाट सो घटना २०५९/२/१४ मा निज पक्राउ पर्नुअघि नै घटेको देखिँदा यस सम्बन्धमा स्पष्ट जवाफसहित निर्दोषिता पुष्टि गर्ने ठोस प्रमाण पेस भए पेस गर्नु भनी निज यमबहादुर अधिकारीलाई पत्राचार गर्ने र सोही घटनामा

संलग्न देखिएका नेकपा (माओवादी) का तत्कालीन क्षेत्रीय कमान्डर रामजो तामाङविरुद्ध कुनै अनुसन्धान भएको नेदेखिएबाट निजउपर थप अनुसन्धान गर्न सक्कल मिसिल प्रदेश नं. ३ कार्यालय सानेपामा फिर्ता गरी सम्पूर्ण अनुसन्धान प्रक्रिया सम्पन्न भएपश्चात् पुनः पेस गर्ने निर्णय गरियो ।

६२५. गैरन्यायिक हत्या, प्रदेश नं. ३ कार्यालय सानेपा, दोलखा जिल्ला जुगु गाविस वडा नं. ७ बस्ने भीमकुमारी जिरेल, रूपा जिरेल र गौरी गाविस बस्ने नाम पहिचान नभएकी एक महिलालाई निजहरू र परिवारका सदस्यहरूले समेत माओवादीमा लाग्न अस्विकार गरेको अवस्थामा नेकपा (माओवादी)-ले प्रलोभनमा पारी लिएको अवस्थामा गस्तीमा गएका सैनिकहरूले २०६०/१२/२२ गते पक्राउ गर्न सक्ने अवस्था हुँदाहुदै गोली हानी हत्या गरेको घटनामा संलग्न दोषी माओवादी र सुरक्षाकर्मीहरूलाई कार्यबाही तथा मृतकका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाऊँ भनी दर्ता भएको उजुरीमा अनुसन्धान हुँदा दोलखा जिल्ला जुगु गाविस वडा नं. ७ बस्ने भीमकुमारी जिरेल वर्ष १७ की, रूपा जिरेल ऐ. गाविस वाड नं. ४ बस्ने १४ वर्षीय सुन्दरी कार्की र मेनुका कार्कीलाई नेकपा (माओवादी) का कार्यकर्ता सुन्तली भन्ने देवकी जिरेलले प्रलोभनमा पारी माओवादी गतिविधिमा संलग्न गराएको देखिन्छ । मिति २०६० चैत्र २२ गते बिहान सुन्तली जिरेल, रूपा जिरेल र मेनुका कार्की र सुन्दरी कार्की पार्टीमा हिँडेको अवस्थामा दोलखा जिल्लाको सिङटीबजारबाट करिब दुई घण्टा पैदल उकालोमा २००/३०० को सङ्ख्यामा हतियारसहित आएको सुरक्षाकर्मीहरूले पक्राउ गरी तीन जना भीमकुमारी जिरेल, रूपा जिरेल र सुन्दरी कार्कीलाई गोली हानी हत्या गरेको, सुन्तली जिरेल भाग्न सफल भएको र मेनुका कार्कीलाई सकुशल रिहा गरेको पाइयो । गोली लागि मृत्यु भएका तीन जनाको शवलाई नेकपा (माओवादी) का कार्यकर्ताहरूले परिवारको नलगाई घटनास्थल नजिकै खाल्डो खनी पुरेको पाइयो । उक्त घटनामा सुरक्षाकर्मीले पक्राउ गरी कानुनबमोजिम कार्यबाही गर्न सक्ने अवस्था हुँदा हुदै गोली हानी हत्या गर्ने सुरक्षाकर्मीको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न तत्कालीन नेकपा (माओवादी) कार्यकर्ताहरूले प्रलोभनमा पारी १४ वर्षीया बालिका समेतलाई युद्धमा संलग्न गराएकाले अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन गरेको तथा मृतकहरूको शव परिवारको ि नलगाई गाड्नाले मृतकको परिवारले शवलाई आफ्नो धर्म परम्पराअनुसार सद्गत गर्नु पाउनुपर्ने अधिकारबाट वञ्चित गराएको देखिएकाले घटनामा संलग्न तात्कालीन नेकपा (माओवादी) का कार्यकर्ता सुन्तली भन्ने देवकी जिरेल तथा अन्य कार्यकताहरूको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

६२६. ESCR, प्रदेश नं. ३ कार्यालय सानेपा, साझा प्रकाशनमा कार्यरत कर्मचारीहरूमध्ये स्थायी कर्मचारीहरूले २०७३ चैत्र मसान्तसम्म र करारमा कार्यरत कर्मचारीहरूले २०७४ भाद्र महिनासम्मको तलवभत्ता लिइसकेको, सञ्चय कोषमा रकम नगरी दिएको साझा संस्थाले नै छाप्न सक्ने तथा बिक्री हुने कक्षा ११ को नेपाली र अङ्ग्रेजी पुस्तकहरू संस्थाले नै नछापी बाहिर छपाएर संस्थाको आर्थिक अवस्था कमजोर बनाएको र आर्थिक हानी गरेको भनी

यस आयोगमा दर्ता भएको उजुरीको अनुसन्धान हुँदा साझा प्रकाशनको आर्थिक सङ्कटका कारण तलब भत्ता दिन नसकिएको रकम जोहो हुनेबित्तिकै कर्मचारीको तलब सञ्चय कोषको सुविधापाएका कर्मचारीहरूको हकमा विगत ३० महिनादेखि भत्तालगायत सबै सुविधा उपलब्ध गराउन भन्ने जानकारी प्राप्त भएको देखिएको तथा आर्थिक विषय आयोगको क्षेत्राधिकार बाहिर रहेकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

६२७. यातना, प्रदेश नं. ३ कार्यालय सानेपा, काभ्रेपलान्चोक जिल्ला नगरकोट गाविस घर भई कामनपा वडा नं. १७ भुरुन्डाखेल डेरा गरी बस्ने राज परियारलाई मिति २०७४/१०/८ गते महानगरीय प्रहरीवृत्त स्वोह्नखुट्टेबाट खटिएका प्रहरीले पक्राउ गरी हिरासतमा राखेपश्चात् निजमाथि भएको कुटपिटका कारण निजलाई स्पाइनलइन्ज्युरी भएको र कम्मर मुनीका भाग नचल्ने अवस्थामा राष्ट्रिय ट्रमा सेन्टरमा उपचार गरिरहेको घटनाको छानबिन गरी दोषीलाई कार्यबाही र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन साथै निःशुल्क उपचारको व्यवस्थाका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको अनुसन्धान हुँदा निजले आफैले हिरासतभित्र रहेको अवस्थामा भित्तामा टाउको ठोक्काउदा गम्भीर रूपमा घाइते भएको देखिन्छ । प्रहरीद्वारा पक्राउ गरी हिरासतमा राखेपछि निजको मानसिक अवस्थासमेतलाई विचार गरी जिउज्यानको सुरक्षा गर्ने दायित्व प्रहरीकै भएकोमा सुरक्षाको प्रबन्ध गर्न नसकेकै कारण निजले टाउको ठोक्काउदा दीर्घकालीन असर पर्ने गरी शारीरिक क्षति भएको पाइएकाले निजलाई क्षतिपूर्ति स्वरूप रु. ३,००,०००/- (तीन लाख मात्र) उपलब्ध गराउन र थप उपचार गर्नुपरेमा निःशुल्क उपचारको व्यवस्था गिरिदिन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

६२८. शरणार्थी, प्रदेश नं. ३ कार्यालय सानेपा, शरणार्थीका रूपमा काठमाडौँ कपन बस्दै आएका हमिद हुसेनलगायत ३७ जना शरणार्थीहरूलाई रंगशाला भत्काउने कार्यमा काममा लगायका ठेकेदारले पारिश्रमिकबापतको रकम दिन आनाकानी गरेकाले ज्याला रकम उपलब्ध गराउन पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको अनुसन्धान हुँदा आयोगको पहलमा सम्बन्धित विषयमा मेलमिलापबाट समस्या समाधान भएको देखिएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

६२९. ESCR, प्रदेश नं. ३ कार्यालय सानेपा, सङ्खुवासभा जिल्ला सिसुवाखोला -५ स्थायी घर भई काठमाडौँ पेप्सीकोला बस्ने दमयन्ती कला राईको श्रीमान् डम्बरसिंह ओख्राब, वैदेशिक रोजगारकोलाई गएकोमा एक वर्षसम्म सम्पर्कमा रहेको रकम पनि पठाउँदै आएकोमा पछि सम्पर्कविहीन भएको र मिति २०७२/१०/७ मा कन्सुलर सेवा विभागमा निवेदन दिएपछि सम्पर्कमा आएको र रकम पनि छ महिनासम्म पठाएको तर नेपाल फर्कन्छ भने पनि नफर्केको मिति २०७४/९/७ मा निजका श्रीमान्ले पठाएको, भिसा टिकट नै नक्कली भएकाले दुबईबाट नेपाल फर्काइएकाले श्रीमान्सँग बस्न पाउने अधिकारबाट वञ्चित भएकाले श्रीमन्लाई नेपाल

झिकाई पाऊँ वा मलाई श्रीमान् भएको स्थानमा जानका लागि व्यवस्था गरिपाऊँ भनी दर्ता भएको उजुरीको सम्बन्धमा निज दमयन्ती कला राईसँग थप उजुरीको विषयमा बुझी पुनः पेस गर्ने निर्णय गरियो ।

६३०. न्यायप्रशासन, प्रदेश नं. ३ कार्यालय सानेपा, धादिङ जिल्ला धुनिवेसी नपा वडा नं. ८ घर भई काठमाडौँ जिल्ला चन्द्रागिरी नपा वडा नं. १५ बस्ने गीता लुइँटेल र निजका श्रीमान्लाई भगवती स्टोर्सका प्रोप्राइटर पुरुषोत्तम सापकोटाले परिवारसहित काम गर्ने र गोदामको कुरुवाका रूपमा राखेको र काम गरेबापत एकैपटक पारिश्रमिक दिन्छु भनी काममा लगाउदै आएकोमा निजको श्रीमान् विदेश गएपश्चात् जागिरबाट निकालेको, बस्दै आएको गोदाम घरबाट निस्कन विभिन्न डर, धम्की दिएको तथा काम गरेबापतको तलब नदिएको भनी दर्ता भएको उजुरीको अनुसन्धान हुँदा पारिश्रमिकसम्बन्धी विषय श्रम अदालतमा मुद्दा दायर भई विचाराधीन रहेको र अन्य विषयहरूको विवाद सम्बन्धित निकाय प्रहरी कार्यालयबाट समाधान भइसकेको देखिँदा प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कार्यबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम १० बमोजिम तामेलीमा राख्ने निर्णय गरियो ।

६३१. पुनः गिरफ्तार, गण्डकी प्रदेश कार्यालय पोखरा, लमजुङ जिल्ला चिती गाविस वडा नं. ९ बस्ने सुग्गरे नेपालीलाई पुनरावेदन अदालत पोखराबाट जिल्ला अदालतको रोहवरमा छाडीदिनू भनी आदेश भएकोमा छोडी सकेपछि तुरुन्तै मिति २०६२/७/९ गते जिल्ला प्रहरी कार्यालय कास्कीका सुरक्षाकर्मीहरूले पक्राउ गरी लगेकाले जीवनरक्षाका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज रिहा भई आफ्नै घरमा बसिरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६३२. सुरक्षाकर्मीद्वारा बेपत्ता, गण्डकी प्रदेश कार्यालय पोखरा, म्याग्दी जिल्ला निस्कोट गाविस वडा नं. ३ स्थायी घर भई हाल म्याग्दी जिल्लाकै ओखरबोट –१ फूलबारी बस्ने चक्रपाणी आचार्यलाई मिति २०६०/११/२५ मा सुरक्षाकर्मीहरूले पक्राउ गरी बेपत्ता बनाएकाले जीवनरक्षाका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज रिहा भई आफ्नै घर ठेगानामा पसल गरी बसेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६३३. जातीय विभेद, गण्डकी प्रदेश कार्यालय पोखरा, पर्वत जिल्ला मल्लाज माझफाँट गाविस वडा नं. ८ निवासी कुमार विश्वकर्मा र ऐ.ऐ. वडा नं. ४ निवासी सरिता पौडेलबिच २०७०/१२/०६ मा प्रेम विवाह भएकोमा केही पक्षद्वारा तल्लो जातसँग विवाह गरेको निहुँमा विभिन्न डर, धाक, धम्की दिई झुठ्ठा मुद्दा लगाई सम्बन्ध छुटाउन खोजेकाले घरजमको अधिकार संरक्षण गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल निजहरूको वैवाहिक सम्बन्ध राम्रो रहेको, कुनै समस्या नरहेकाले उजुरी टुग्याइदिन उजुरीकर्ता स्वयम्ंले दिएको निवेदन मिसिल संलग्न पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६३४. घरेलु हिंसा, गण्डकी प्रदेश कार्यालय पोखरा, स्याङ्जा जिल्ला वालिङ नपा १ बस्ने बिन्दु

ढकाल (आर्चाय) लाई निजको घरपरिवारका सदस्यहरूले बिहेमा दाइजो नल्याएको भनी मानसिक तथा शारीरिक यातना दिई ज्यानसमेत लिन खोजेकोले मानसिक असन्तुलन भई उपचार गराई रहेको हुँदा पीडकलाई कानुनबमोजिम कार्यबाहीका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सोही विषयमा अदालतमा मुद्दा चली फैसलासमेत भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६३५. स्थिति अज्ञात, गण्डकी प्रदेश कार्यालय पोखरा, तनहुँ जिल्ला दुलेगौडा -७ निवासी मनोज क्षेत्री, माइकल गुरुङ, विष्णु गरुङ, पदम थापा, राजन आले समेतका व्यक्तिहरू मिति २०६४/१२/२६ गते कपिलवस्तु जिल्लाको चन्द्रौटाबाट बेपत्ता भएकाले खोजतलासका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निजहरूलाई तत्कालीन माओवादी कार्यकर्ताहरूले अपहरण गरेको र ९ दिनपछि मुक्त भई सकुशल आफ्नै घरमा रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो।

६३६. बाल अधिकार, गण्डकी प्रदेश कार्यालय पोखरा, स्याङ्जा जिल्ला कोलमा -१ स्थायी घर भएका विष्णु परियार र विश्वास परियार नामका बालकहरूको सम्पत्ति केही नभएको आमा अर्कैसँग विवाह गरी गएको र बाबुले हेरचाह नगरेका कारण नगरपालिकाको सार्वजनिक शौचालयमा बस्न बाध्य भएकाले निजहरूको संरक्षणको पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निजहरूको उद्धार भई हाल कोपिला नेपाल नामक गैससको संरक्षणमा रही विद्यालयसमेत जाने गरेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६३७. अपहरण, गण्डकी प्रदेश कार्यालय पोखरा, खनाल गिटीबालुवा उद्योग, दुलैगौडा -२ क्रोत्रे तनहुँका JCB चालक राजकुमार विक र हेल्पर केशव कार्कीलाई मिति २०६२/१०/२१ गते नेकपा (माओवादी)- समूहले अपहरण गरी लगेकाले सकुशल रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निजहरू रिहाइ भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६३८. बम विस्फोटबाट क्षति, गण्डकी प्रदेश कार्यालय पोखरा, मिति २०६२/११/१५ गते पोखराको चिप्लेढुङ्गामा भएको बम विस्फोटनबाट त्यस क्षेत्रमा पसल गरी बस्ने व्यापारिहरू श्री राजेश वान्तवा र राजकुमार गुप्ताको पसल क्षतिग्रस्त हुन गएको हुँदा क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा जिल्ला प्रहरी कार्यालय कास्कीको मिति २०६८/०४/०४ च.नं. १०३ को पत्रबाट सो क्षतिको मूल्याङ्कन भई क्षतिपूर्तिका लागि सिफारिस भएको भन्ने देखिएकाले जिल्ला प्रहरी कार्यालय कास्कीबाट सिफारिस भएअनुसारको क्षतिपूर्ति उपलब्ध गराउन गृह मन्त्रालयलाई पत्राचार गरी प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६३९. हत्या, गण्डकी प्रदेश कार्यालय पोखरा, गोरखा जिल्ला पृथ्वीनारायाण नपा -११ बस्ने भीष्मबहादुर कुमाललाई मिति २०५८/०९/१० गते दिदीको घरबाट फर्कने क्रममा गोरखाकै

देउराली -५ मा सुरक्षाकर्मीहरूले प्रक्राउ गरी हत्या गरेकाले निष्पक्ष छानविन गरी दोषीलाई कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज भिष्मबहादुर कुमाललाई मिति २०५८/९/१० गते गोरखा जिल्लाकै देउराली -५ बाट पक्राउ गरी गोरखा जिल्लाकै मझुवा खैरनी भन्ने स्थानमा सुरक्षाकर्मीहरूले गोली हानी हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानुनबमोजिम कानुनबमोजिम कार्यबाही गर्न र पीडित परिवारलाई रु. ३,००,०००/- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

६४०. हत्या, गण्डकी प्रदेश कार्यालय पोखरा, कास्की जिल्ला ल्वाङघलेल गाविस वडा नं. ४ निवासी गोविन्द गौतमलाई मिति २०६१/५/१ गते घाँस काट्न गएको बेलामा शाही नेपाली सेनाले गोली हानी हत्या गरेकाले घटनाको छानविन गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज गोविन्द गौतमलाई मिति २०६१/५/१ गते आफ्नै घरनजिकै घाँस काटिरहेको अवस्थामा सेनाले गोली हानी हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी सैनिकको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न र मृतकका हकवाला परिवारलाई रु. ३,००,०००/- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

६४१. हत्या, गण्डकी प्रदेश कार्यालय पोखरा, स्याङ्जा जिल्ला पक्वादी गाविस वडा नं. १ बस्ने इन्द्रप्रसाद खनाललाई मिति २०६२/२/२६ गते स्याङ्जा जिल्लाकै रत्नपुर गाविसबाट सेनाले निशस्त्र अवस्थामा पक्राउ गरी गोली हानी मारेकाले घटनाको छानबिन गरी दोषीलाई कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज इन्द्रप्रसाद खनाललाई सेनाले मिति २०६२/२/२६ गते स्याङ्जा जिल्लाको रत्नपुर गाविसमा गोली हानी हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी सेनाको पहिचान गरी कार्यबाही गर्न र पीडित मृतकका हकवाला परिवारलाई रु. ३,००,०००/- (तीन लाख मात्र) उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

६४२. हत्या, गण्डकी प्रदेश कार्यालय पोखरा, कास्की जिल्ला रिभान गाविस वडा नं. ८ घर भएका सूर्यबहादुर विक र कास्की जिल्ला ढिकुर पोखरी गाविस वडा नं. ९ घर भएकी धनकुमारी विकलाई सादा पोसाकमा आएका शाही नेपाली सेनाले मिति २०६०/१०/२८ गते कास्की जिल्लाको ल्वाङघलेल गाविसको घलले गाउँबाट पक्राउ गरी कास्की जिल्लाकै घलेल र कोलेलकिो बाटोमा पर्ने चौतारीमा लगी गोली हानी हत्या गरेकाले घटनाको छानबिन गरी दोषीलाई कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज सूर्यबहादुर विक र धनकुमारी विकलाई सेनाले मिति २०६०/१०/२४ गते कास्की जिल्लाको ल्वाङघलले गाविसको घलले भन्ने ठाउँबाट पक्राउ गरी कास्की जिल्लाकै घलेल र कोलेल भन्ने ठाउँको बिच बाटोमा लगी गोली हानी हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी सैनिकको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न र पीडित (मृतक) का हकवालालाई रु. ३,००,०००/- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने

निर्णय गरियो ।

६४३. यातनाबाट मृत्यु, गण्डकी प्रदेश कार्यालय पोखरा, बागलुङ जिल्ला मल्म गाविस वडा नं. ७ घर भई जनहित मावि मल्ममा शिक्षक पदमा कार्यरत इखबहादुर थापालाई मिति २०५८/१२/६ गत सेनाले पक्राउ गरी यातना दिएको पछि मिति २०६०/५/२२ गते माओवादीले अपहरण गरी कुटपिट गरी चरम यातना दिएका कारण मानसिक असन्तुलन भई जथाभावी हिंडने क्रममा मिति २०६२/२/८ गते मल्म गाविस -४ स्थित जङ्गलमा लास भेटिएकाले घटनाको छानबिन गरी दोषीलाई कार्यबाही र पीडित परिवारलाई क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज इखबहादुर थापालाई माओवादी कार्यकर्ताहरूले कुटपिट गरी यातना दिएका कारण नै मानसिक सन्तुलन बिग्रन गएको र पुनः माओवादीहरूले नै निजलाई बागलुङ जिल्ला मल्म गाविस वडा नं. ४ स्थित जङ्गलमा लगी हत्या गरी फ्याँकेको अवस्था मिति २०६२/२/०८ गते लास फेला परेको पाइएकाले घटनामा संलग्न दोषी माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न र पीडित परिवारलाई रु. ३,००,०००/- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

६४४. हत्या, गण्डकी प्रदेश कार्यालय पोखरा, स्याङ्जा जिल्ला पीडिखोला गाविस वडा नं. ८ निवासी बमबहादुर क्षेत्रीलाई मिति २०६०/७/१ गते सुरक्षाकर्मीहरूले ऐ. निवुवाखर्क गाविसको रूपापानी भन्ने स्थानबाट पक्राउ गरी २ दिनपछि जैपात भन्ने ठाँउमा लगी चरम यातना दिई हत्या गरेकाले छानबिन गरी दोषीलाई कार्यबाही र पीडित परिवारलाई क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज बमबहादुर क्षेत्रीलाई सुरक्षाकर्मीहरूले मिति २०६०/७/१ गते स्याङ्जा जिल्लाको निवुवाखर्क गाविसको रूपापानी भन्ने स्थानबाट पक्राउ गरी जैपते बेलटारी बजारस्थित वेस क्यापमा राखी मिति २०६०/७/३ गते जगत्रदेवी गाविसको जङ्गलमा लगी गोली हानी हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न र मृतकका हकवालाई रु. ३,००,०००/- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

६४५. गैरकानुनी थुना, गण्डकी प्रदेश कार्यालय पोखरा, कास्की जिल्ला पुरनचौर गाविस वडा नं. -१ का केशवराज गौतमलाई मिति २०६२/४/१३ गते सुरक्षाकर्मीहरूले आफ्नै घरबाट पक्राउ गरी अवस्था अज्ञात बनाएकाले सकुशल रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज सकुशल रिहा भई हाल आफ्नै घरमा बसी पार्टीको काममा समेत सक्रिय रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६४६. यातना, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला रझेना गाविस वडा नं. ९ हाल कोहलपुर नपा ४ बस्ने खट्किनिया थारूलाई इलाका प्रहरी कार्यालय कोहलपुरको सुरक्षाकर्मीहरूले माओवादी आरोपमा मिति २०५८/९/५ गते पक्राउ गरी कुटपिट तथा

शारीरिक यातना दिएकाले न्याय पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा यातना दिएको नपाइएको, उजुरीकर्ता स्वयम्ले उजुरी टुग्याइदिन लिखित निवेदनसमेत दिएको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६४७. यातना, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला रझेना गाविस वडा नं. ९ हाल कोहलपुर नपा -४ निवासी रामप्रसाद थारूलाई मिति २०५८/९/५ गते इप्रका कोहलपुरबाट खटेको सुरक्षाकर्मीको टोलीले पक्राउ गरी कुटपिट तथा शारीरिक यातना दिएकाले सुरक्षाकर्मीहरूलाई कार्यबाही गरी न्याय पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा यातना दिएको नपाइएको, उजुरीकर्ताको श्रीमतीले उजुरी टुग्याइदिन लिखित निवेदन समेत दिएको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६४८. यातना, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला रझेना गाविस वडा नं. ९ हाल कोहलपुर नपा -४ बस्ने अजुर्न थारूलाई इप्रका. कोहलपुरबाट खटेका सुरक्षाकर्मीहरूले मिति २०५८/९/५ गते पक्राउ गरी कुटपिट तथा शारीरिक यातना दिएकाले कार्यबाही गरी न्याय पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा यातना दिएको नपाइएको, उजुरीकर्ता (पीडित) को श्रीमतीले उजुरी टुग्याइदिन अनुरोध गरी दिएको लिखित निवेदन लिखित निवेदन मिसिल संलग्न पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६५९. यातना, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला रझेना गाविस वडा नं. ९ हाल कोहलपुर नपा-९ निवासी बेग्नी थारूलाई इप्रका कोहलपुरबाट खटी आएको सुरक्षाकर्मीको टोलीले मिति २०५८/९/५ गते पक्राउ गरी, कुटपिट गरी शारीरिक यातना दिएकाले दोषीलाई कार्यबाही गरी न्याय पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा यातना दिएको नपाइएको, र पीडित बेग्नी थारू स्वयम्ले उजुरी टुग्याइदिन भनी दिएको निवेदन मिसिल संलग्न रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६५०. दुर्व्यवहार (प्रशासनबाट), प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बर्दिया जिल्लामा सञ्चालित दलित महिला उत्थान सङ्घको दर्ता जिल्ला प्रशासन कार्यालय बर्दियाले खारेज गरी संस्थाको कार्यालयमा तालासमेत लगाई दिएकाले ताला खुलाई निर्बाध रूपमा संस्था सञ्चालन गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सो सम्बन्धमा अदालतमा मुद्दा चली अदालतको आदेशबमोजिम हाल संस्था निर्वाध रूपमा सञ्चालन भइरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६५१. कुटपिट (प्रहरीबाट), प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बर्दिया जिल्ला ठाकुरबाबा नपा -४ घर भई नेपालगन्ज उमनपा -१८ स्थित मोटरसाइकल ग्यारेजमा काम गर्ने भुपिन थापालाई मोटर साइकल चोरीको आरोपमा स्थानीय युवाहरूले कुटपिट गरेको सम्बन्धमा जिल्ला प्रहरी कार्यालय बाँकेमा उजुर गर्न गएकोमा त्यहाँका असइ राजेन्द्र पुजाराले उल्टै कुटपिट गरी यातना दिएको हुँदा घटनाको छानबिन गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान

हुँदा सोही विषयमा अदालतमा मुद्दा चली पीडित स्वयम्ंले मुद्दा फिर्ता लिई सकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६५२. प्रहरीद्वारा कुटपिट, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, रुकुम जिल्ला बाँफिकोट गाविस -४ निवासी मानव अधिकार कर्मी धनवीर दाहालमाथि मिति २०६३/१/०६ गते रुकुम सदरमुकाममा भएको प्रदर्शनीको अनुगमन गर्ने क्रममा प्रहरी निरीक्षक विष्णुप्रसाद पराजुलीले आन्दोलनकारीलाई सहयोग गरेको भनी कुटपिट गरेको हुँदा दोषीलाई कार्यबाहीका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सो विषय हाल सामान्य भइसकेकाले उजुरी टुंग्याईदिन अनुरोध गरी पीडित स्वयम्ंले दिएको निवेदन मिसिल संलग्न पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६५३. विस्थापित, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, रुकुम जिल्ला पिपल गाविस -३ निवासी नरजित बस्नेतलाई माओवादी कार्यकर्ताहरूले मिति २०५२/११/१३ गते आक्रमण गरी अङ्गभङ्ग गरेका कारण विस्थापित भएकाले उपचार खर्च शिक्षकमा पुनर्बहालीसमेतका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा मानव अधिकार आयोग ऐन, २०५३ जारी हुनुभन्दा अघि मानव अधिकार आयोग स्थापना हुनुपूर्वको घटना रहेकाले प्रस्तुत उजुरी हेर्न नमिल्ने हुँदा खारेज गर्ने निर्णय गरियो ।

६५४. पेसाव्यवसायको अधिकार, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला नेपालगन्ज नपा १ घर भएका अजमत डाँगीलाई माओवादी कार्यकर्ताहरूले मिति २०६४/२/१९ गते अपहरण गरी लगी पूरानो सम्झौताअनुसारको रु. ५,८८,०००/- दिनुपर्छ भनी धम्की दिई थुनामा राखेको र पछि मिडियामा समाचार आएपछि हामीले भनेको टाइममा पुनः आउनुपर्छ भनी धम्की दिई छाडेकाले पुनः अपहरण हुन सक्ने सम्भावना रहेको हुँदा यस्तो कार्य नदोहोरिनेतर्फ आवश्यक पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निवेदकले एक पटक उजुरी गरेपछि आफ्नो उजुरीमा कुनै चासो नदिएको निजको स्थायी घर ठेगाना पत्ता समेत लाग्न नसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६५५. यातना, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला नेपालगन्ज नपा -१३ बस्ने रिक्सा चालक राजु बुढा क्षेत्रीलाई मिति २०६३/१२/०३ गते जमुनाह प्रहरी चौकीका सुरक्षाकर्मीहरूले पक्राउ गरी कुटपिट गरी यातना दिएकाले संलग्न सुरक्षाकर्मीहरूलाई कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा उजुरी दिएपछि निज उजुरीकर्ता आयोगको सम्पर्कमा नरहेको, निज बस्ने ठाँउमा अनुसन्धान टोलीले बुझ्दा पत्ता लगाउन नसकिएको, निजको स्थायी वतनमा समेत निज फेला नपरेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६५६. तलबभत्ता नपाएको, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला हिरमिनिया गाविसस्थित श्री सरस्वती निमावि भङघोटनामा अस्थायी शिक्षक पदमा कार्यरत लक्ष्मीसिहं

थापालाई २०६३/११/३ गतेदेखि तलबभत्ता नखुवाई उल्टै अभद्र व्यवहार गरी २०६४/३/२० बाट अवकाश दिइएको भनी पत्र दिएकाले आवश्यक छानबिन गरी न्याय पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निजको समस्या समाधान भइसकेको हाल निज शिक्षक कार्यरत नै रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो।

६५७. नागरिकताबाट वञ्चित, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, मधेसमा रहेका नेपाली नागरिकहरूलाई सरकारले विभिन्न बाहना बनाई नागरिकता दिन आनाकानी गरेको र कतिपय अवस्थामा नागरिकता दिन इन्कार गरेकाले मधेसीहरूको नागरिकतासम्बन्धी समस्या समाधान गराउन सकरकार समक्ष हाम्रा कुरा पुऱ्याई पाउन भनी दर्ता भएको उजुरीको सम्बन्धमा छलफल हुँदा नागरिकताको विषय आयोगबाट यसअघि नै नीतिगत सिफारिस भइसकेको र यस उजुरीमा आफ्ना समस्याहरू सरकारसमक्ष पुऱ्याइदिन मात्र माग गरेकोमा आयोगबाट सम्बन्धित निकायमा पत्राचार समेत पठाइसकेको देखिँदा प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो।

६५८. सुसूचितहुने अधिकार, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, गृह मन्त्रालयले प्रत्यक नेपाली हज यात्रीहरूबाट मक्का भएका मदिनाको आवास खर्चबापत हचुवाको भरमा US डलर ८८०/०१ का दरले गर्न हजयात्रीहरूलाई दरखास्त आह्वान गरेको। सो रकम केकति कार्यका कति खर्च लाग्ने हो स्पष्ट नखुलाइएको त्यसबाट जनताको सुसुचित हुने अधिकार हनन भएकाले सुसूचित हुन पाउने तथा धार्मिक तथा सांस्कृतिक अधिकारको संरक्षण गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निजहरूको माग सोही समयमा नै पूरा भई समस्या समाधान भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो।

६५९. सेनाद्वारा बलात्कार (महिलाहिंसा), प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला नेपालगन्ज नपा -३ बस्ने तबसम सिद्धिकी र तरनुम सिद्धिकीलाई २०५९ जेठ महिनामा चिसापानी ब्यारेकका सैनिकहरूले पक्राउ गरी चिसापानी ब्यारेक लगी २ रात राखी बलात्कार तथा अमानवीय व्यवहार भएको भन्ने सम्बन्धमा प्रकाशित समाचारहरूका आधारमा इन्सेक नेपालगन्जले दिएको प्रतिवेदनलाई उजुरीका रूपमा दर्ता गरिएको प्रस्तुत उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल निज पीडित तबसम सिद्धिकी र तरनुम सिद्धिको भारतमा विवाह भइसकेको, कारण अब सो विषयलाई अगाडि नबढाउने नै परिवार र समाजमा सहज स्थिति बन्ने भन्ने पीडित परिवारबाट जानकारी प्राप्त हुन आएको भनी टिप्पणीमा समेत उल्लेख भएको सन्दर्भमा पीडित परिवारबाट यस विषयमा उजुरी अगाडि बढाउन अनुरोध भई आएमा उजुरीको आवश्यक प्रक्रिया अगाडि बढाउने गरी हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो।

६६०. बेपत्ता, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, सुर्खेत जिल्ला साविकको मैनतडा गाविस १ हाल भेरीगङ्गा नपा-६ बस्ने रमेश घर्ती (रवी) लाई मिति २०६१/०३/१२ गते सुरक्षाकर्मीहरूले बाँके जिल्लाको बैजापुरबाट पक्राउ गरी बेपत्ता बनाएकाले जीवनरक्षा गरिपाऊँ भनी दर्ता भएको

उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज पक्राउ परेको केही समयपछि नै रिहा भई वैदेशिक रोजगारीको सिलसिलामा मलेसियामा रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६६१. न्यायप्रशासन, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला साविकको कोहलपुर गाविस-८ बस्ने चूडामणि तिवारीको भे. १. प. ३०१७ नं को मोटरसाइकल मिति २०६१/४/१६ गते राँझा एयरपोर्ट चोकबाट अज्ञात व्यक्तिहरूले जबरजस्ती खोसी लगेकाले खोजतलासका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निजले उक्त मोटरसाइकल प्राप्त गरिसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६६२. बेपत्ता, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बर्दिया जिल्ला साविक मानपुरटपरा गाविस -८ हाल राजापुर नपा वडा नं. ६ बस्ने राजु चौधरी भन्ने राजकुमार थारूलाई मिति २०५९/७/३ गते आफ्नै घरमा सुतिरहेको अवस्थामा संयुक्त सुरक्षा फौजका मानिसहरू आई पक्राउ गरी लगी बेपत्ता बनाएकाले खोजतलास गरिपाऊँ भनी दर्ता भएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगबाट निज पीडितकै विषयमा मिति २०६५/२/२३ मा निर्णय भई नेपाल सरकारलाई सिफारिससमेत पठाइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६६३. दोहोरो भिडन्तमा मृत्यु, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, भारतको कानपुर घर भई बाँके जिल्ला नेपालगन्ज नपाको त्रिभुवन चोकस्थित लिटिल हगंर होटलमा कार्यरत मेवालाल पाल, निजकी श्रीमती सिहुलारी पाल र छोरी वर्ष ५ की नेहा पाल मिति २०६२/३/९ गते नजिकैको शिवमन्दिरबाट लिटिल हङ्गर होटलतर्फ जाँदै गर्दा २ जना अज्ञात व्यक्तिले सेनाको गाडीलाई लक्षित गरी बम हानेपछि एक्कासी फायारिङ हुँदा निज बालिका नेहा पाललाई गोली लगेको र उपचारको क्रममा अस्पताल लाँदै गर्दा मृत्यु भएकाले छानबिन गरी क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा तत्कालीन नेकपा (माओवादी)-का कार्यकर्ताहरूले सेनाको जिपलाई लक्षित गरी बम प्रहार गरेपछि सेनाले गोली चलाएको र दोहोरो भिडन्त भएको सोही क्रममा पीडित बालिका नेहा पाललाई गोली लागि सोही कारणबाट निजको मुत्यु भएको पाइएकाले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम रु. ३,००,०००/- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो । साथै निज मृतक बालिका नेहा पालको पिता मेवालाल पाल नेपालगन्जस्थित लिटिल हङ्गर होटलमा कार्यरत रहेको भन्ने देखिएकाले आयोगको प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्जलाई, सो लिटिल हङ्गर होटल मार्फत निज मेवालाल पालको भारतको ठेगाना पत्ता लगाई यस केन्द्रीय कार्यालयलाई जानकारी गराउन पत्राचार गर्ने ।

६६४. प्रशासनद्वारा तालाबन्दी, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, रुकुम जिल्ला खलङ्गा गाविस -१ बस्ने नरेन्द्रबहादुर बुढा तथा तुला नरसिंह बुढाको घरमा माओवादी भएको आरोपमा

प्रशासनबाट तालाबन्दी भएकाले ताला खोली बस्ने व्यवस्थाका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सोही समयमा नै उक्त ताला खोली स्थापित पठाइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६६५. अपहरण, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, सुर्खेत जिल्ला कल्यान गाविस -१ बस्ने भीमबहादुर थापा मैनतडा वडा नं.-३ विनोद केसी र दशरथपुर केदार रानाका १५ बर्षिय छोरा समेत ३ जनालाई माओवादी कार्यकर्ताहरूले मिति २०६२/०३/२४ गते अपहरण गरी लगेकाले सकुशल रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सुर्खेत जिल्ला साविक कल्यान गाविस हाल लेकवेशी नपा-७ बस्ने भीमबहादुर थापाले ऐ. साविक मेनताडा हाल भेरीगङ्गा नपा -९ बस्ने विनोद केंसी. र ऐ. साविक दशरथ गाविस हाल लेकबेँसी नपा-३ बस्ने केदार रानाको छोरा प्रदीप रानालाई माओवादीले अपहरण गरेकोमा सबै जना रिहा भई सकुशल रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६६६. विस्थापित, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, रुकुम जिल्ला विजईश्वरी गाविस -३ बस्ने शिक्षण पेसामा संलग्न अमृतप्रसाद लामिछानेलाई मिति २०६२/१/२७ गते नेकपा (माओवादी)-हरूले आफ्नै कोठाबाट अपहरण लगेकोमा भाग्न सफल भएको, गाउँमा शिक्षण पेसालाई निरन्तरता दिन नसकी विस्थापित भएकाले पुनर्स्थापनाका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा विगतमा द्वन्द्वकालीन समयमा त्यस्तो भए पनि हाल पुर्नस्थापना भइसकेको कुनै समस्या नरहेको भन्ने पीडित अमृतप्रसाद लामिछानेको श्रीमती सुष्मा शर्माको भनाइसमेत रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६६७. लुटपाट/क्षति, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, रुकुम जिल्ला पेउघा गाविस वडा नं. -७ बस्ने वीरबहादुर खड्काको पेदीखेतमा रहेको पसलबाट माओवादी कार्यकर्ताहरूले मिति २०५९/१/७ गते ठुलो परिणाममा घरबाट सुन चाँदीलगायतका सामानहरू लुटी लगेकाले क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल निज सकुशल रूपमा आफ्नै घरमा पेसाव्यवसाय गरी बसिरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६६८. विस्थापित, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, रुकुम जिल्ला हुकाम गाविस वडा नं. -१ बस्ने भोगेना घर्तिको माओवादी कार्यकर्ताहरूले घरजग्गा कब्जा गरी २०५९ सालदेखि विस्थापित हुन परेकाले क्षतिपूर्ति दिलाई पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल निजले विस्थापित बापत नेपाल सरकारबाट क्षतिपूर्ति प्रांप्त गरिसकेको र हाल स्थापित समेत भइसकेको पाइएकाल प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६६९. सम्पत्ति क्षति/लुटपाट, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, सुर्खेत जिल्ला लाटीकोइली

गाविस-८ निवासी बालकृष्ण वि.सी. को घरमा माओवादी कार्यकर्ताहरूले मिति २०६० साल मङ्सिर महिनामा प्रवेश गरी टेलिफोनका सामनलगायत अन्य सामानहरू लुटी लगेकाले लुटि लगेको सामानहरूको क्षतिपूर्ति दिलाई पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल सो समस्या समाधान भइसकेकाले उजुरी टुङ्ग्याई दिन भनी पीडितले लिखित निवेदन दिएको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६७०. बम विष्फोटनमा मृत्यु, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, रोल्पा जिल्ला खुमले गाविस -५ कि भुन्टी घर्ती गाई वस्तुलाई घाँस काट्न भनी खुमले -५ स्थित सेनाको ब्यारेक परिसरभित्र गएको अवस्थामा मिति २०६५/३/१० गते बम विष्फोट भई मृत्यु भएकाले छानविन गरी राहतका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा पीडित परिवारले रु. ३ लाख क्षतिपूर्तिबापत नेपाल सरकारबाट रकम प्राप्त गरिसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६७१. यातना/धम्की, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, सुर्खेत जिल्ला उत्तरगङ्गा -१ घर भई सशस्त्र प्रहरी गण बागेश्वरी बाँकेमा प्रहरी सहायक हबल्दार पदमा कार्यरत बलबहादुर थापाले सशस्त्र प्रहरीमा विद्रोह गरेको भन्ने आधारमा निजकी श्रीमती खमविरा थापालाई सशस्त्र प्रहरी बल महेश्वरी बाहिनी सुर्खेतका डिआइजी कृणबहादुर विष्टले आफ्नो कार्यकक्षमा बोलाई विभिन्न धम्की दिनुको साथै मिति २०६५/३/२६ गते प्रहरीहरू घरमा नै पठाई निज बलबहादुर थापालाई पक्राउ गरी लगी श्रीमतीलाई धम्कीसमेत दिएकाले छानबिन गरी दोषीलाई कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सोही विषयमा यसअघि नै आयोगबाट नीतिगत निर्णय भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६७२. क्षतिपूर्ति, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, नुवाकोट जिल्ला गणेशस्थान गाविस -९ घर भई मध्यपश्चिम तालिम केन्द्र, नेपालगन्जमा दरबन्दी रहेको रहेको प्रहरी हबल्दार रामबहादुर गरुङ मिति २०५३/२/२० गते जिल्ला प्रहरी कार्यालय रेल्पामा काज खटिई जाने क्रममा बस दुर्घटनामा परी मृत्यु भएको तर निजको जीवन बिमा तथा दुर्घटना बिमाबापतको रकम प्रापत नभएकाले आवश्यक पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा आयोगको स्थापना भन्दा अगाडिको घटना भई अयोगले हेर्न नमिल्ने भएकाले खारेज गर्ने निर्णय गरियो ।

६७३. जबरजस्ती समितिमा राखेको, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला गनापुर गाविस -२ बस्ने मोलहे आर्यलाई नेकपा (माओवादी)-का कार्यकर्ताहरूले मिति २०६२/१२/०८ गते जबरजस्ती गाउँ जनसरकारमा प्रमुखमा राखेको हुँदा सो नाम हटाउन पहल गरी पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल जनसरकारको व्यवस्था नभएको निजहरूको अवस्था सामान्य रहेको र कहींकतैबाट कुनै किसिमको जोर जबरजस्ती नरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६७४. धम्की, माओवादीबाट, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला बनकट्वा -५ घर भई ऐ. वडा नं.४ मा इलेक्टोनिक्स पसल गरी बस्ने दिलिप केसी ले पसलमा राख्न टेलिफोन माग गरेकोमा माओवादी कार्यकर्ताहरूले ज्यान मार्नेसम्मको धम्की दिएकाले जिउज्यानको रक्षा गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल कुनै पनि किसिमको धम्की नरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६७५. गैरकानुनी थुना, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, भारत घर भई बाँके जिल्ला गनापुर -६ बस्ने देशाराज चौहानलाई मिति २०६३/७/१४ मा प्रहरीले पक्राउ गरी सोही दिन भारतको बहराइचस्थित प्रहरीलाई बुझाएको मा के कति कारणले कुन अभियोगमा निजलाई पक्राउ गरी भारतीय प्रहरीलाई बुझाएको हो ? छानविन गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज भारतीय नागरिक भएको र नेपाल प्रहरीले पक्राउ गरी भारतीय प्रहरीलाई बुझाई निजको थप अनुसन्धान भारतीय प्रहरीले नै गरेको पाइँदा प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६७६. हत्या (माओवादीबाट), प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बर्दिया जिल्ला मोतिपुर गाविस-५ निवासी सुशील ज्ञवालीलाई माओवादी कार्यकर्ताहरू धनबहादुर थारू, प्रभु थारू, बेरु थारू समेत भई मिति २०६३/५/१ गत आफ्नै घरमा निर्मम तरिकाले हत्या गरेकाले छानबिन गरी दोषीलाई सजाय र पीडित परिवारलाई क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सोही वियषमा अदालतमा मुद्दा चली अदालतबाट आरोपित पीडकलाई सजाय समेत भएको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६७७ धम्की, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला रझेना गाविस वडा नं. -३ बस्ने रहमतुल्ला गुजर (सहम्तुला भनीने) लाई भाइ हरजत अलि गुजरले माओवादीसँग मिलोमतो गरी सम्पत्ति हडप्ने उद्देश्यले विभिन्न धम्की दिएको, जन आन्दोलनको हवाला दिई माओवादी कार्यकर्ताहरूले समेत धम्की दिएकाले जिउज्यानको रक्षा गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल कुनै पनि पक्षबाट कुनै पनि किसिमको डर धाकधम्की नरहेकाले उजुरी टुग्याई दिन अनुरोध गरी पीडित स्वयमंले दिएको निवेदन मिसिल संलग्न पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६७८. महिलाहिंसा, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, दैलेख जिल्ला राकम गाविस वडा नं. -९ बस्ने मिना माझीलाई निजको पतिको मृत्युपश्चात् घरपरिवारका सदस्यहरूले बिरामी भएको समयमा उपचार नगराउने, कुटपिट गर्ने, विभिन्न धम्की दिई घरेलु हिंसा गरेकाले न्याय दिलाई पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल अवस्था सामान्य रहेको, घरपरिवारसँग सम्बन्ध राम्रो रहेको र निज हाल कामको सिलसिलामा भारतको सिमलामा रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६७९. यातना, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला रझेना गाविस -९ निवासी झगरु

थारूलाई मिति २०५८/०९/०५ गते इलाका प्रहरी कार्यालय, कोहलपुरबाट गएको प्रहरीको टोलीले माओवादीको आरोपमा घरबाटै पक्राउ गरी यातना समेत दिएकाले घटनामा संलग्न सुरक्षाकर्मीहरूलाई कार्यबाही गरी न्याय दिलाई पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा यातना दिएको सम्बन्धमा कुनै प्रमाण छैन । हाल स्वतन्त्र रूपमा जीवनयापन गरिरहेको छु । उजुरी टुग्याई दिए हुन्छ भनी पीडित स्वयमूंले दिएको निवेदन मिसिल संलग्न रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६८०. यातना, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला रझेना गाविस -९ बस्ने सीताराम थारूलाई मिति २०५८/०९/०५ गते इलाका प्रहरी कार्यालय, कोहलपुरबाट गएको सुरक्षाकर्मीको टोलीले घरबाटै पक्राउ गरी लगी कुटपिट गरी यातनासमेत दिएकाले दोषीलाई कार्यबाही गरी न्याय दिलाई पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा यातना भएको सम्बन्धमा कुनै प्रमाण छैन । हाल स्वतन्त्र रूपमा बसिरहेको छु । मेरो उजुरी टुग्याईदिए हुन्छ भनी दिएको लिखित निवेदन मिसिल संलग्न पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६८१. यातना, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला रझेना गाविस वडा नं. -९ निवासी खुसी थारूलाई मिति २०५८/०९/०५ गते इलाका प्रहरी कार्यालय, कोहलपुरका आएका सुरक्षाकर्मीको टोलीले घरबाटै पक्राउ गरी लगी कुटपिट गरी यातनासमेत दिएकाले दोषीलाई कार्यबाही गरी न्याय दिलाई पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल अवस्था सामान्य रहेको, यातना दिएको सम्बन्धमा प्रमाण पुऱ्याउन नसक्ने भएकाले उजुरी टुग्याइदिन अनुरोध गरी पीडित स्वयमूंले दिएको लिखित निवेदन मिसिल संलग्न पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६८२. विद्यालयको जग्गा कब्जा, प्रदेश नं. १ कार्यालय विराटनगर, मोरङ जिल्ला विराटनगर उमनपा -११ स्थित आदर्श माविको सोराभाग गाविस -७ मा रहेको १८-०-३ जग्गा र ऐ.ऐ. महेन्द्र माविको २०-१२-१८ जग्गा जनतान्त्रिक तराई मुक्तिमोर्चा (ज्वाला सिहं) समूहद्वारा रातो झन्डा गाडी कब्जा गरेकाले साविकबमोजिम भोगचलन गरी पाउने व्यवस्थाका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा उक्त समस्या सोही समयमा नै समाधान पठाइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६८३. तलब नपाएको, प्रदेश नं. १ कार्यालय विराटनगर, मोरङ जिल्ला विराटनगर उमनपा वडा नं. १६ बस्ने पर्यावरण संरक्षण नेपाल नामक गैससको अध्यक्ष प्रेम विष्टलाई वि. उमनपा का इन्जिनियरले काममा लगाएकोमा काम गरेको रुं ७५,०००/- (पचहत्तर हजार मात्र) हालसम्म पनि नदिएकाले दिलाई पाऊँ भनी जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएकोमा प्रशासनबाट कार्यान्वयन नभएको हुँदा आवश्यक पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा काम गरेको तथा पारिश्रमिक नदिएको भन्ने सम्बन्धमा उजुरवालाले कुनै प्रमाण पेस गर्न नसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६८४. कुटपिट/दुर्व्यवहार, प्रदेश नं. १ कार्यालय विराटनगर, मोरङ जिल्ला वि. उमनपा वडा नं. १ स्थित परोपकार घाट बस्ने जगदीश भन्ने जोगिन्दर मेहेतालाई २०७१/१०/१२ गते अस्थायी प्रहरी चौकी परोपकार घाटका प्रसनी प्रहरी जवानहरू चिया खाइरहेको ठाउँमा आई विनाकारण कुटपिट गरेकाले छानविन गरी दोषीउपर कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सोही विषयमा अदालतमा मुद्दा चली निर्णयसमेत भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६८५. आवासको अधिकार, प्रदेश नं. १ कार्यालय विराटनगर, मोरङ जिल्ला विराटनगर उमनपा वडा नं. १९ बस्ने भरत महेताको ऐ.ऐ. कि.न. १०५-१०४-५२ को १३ धुर जग्गामा रहेको घरमा लामो समयदेखि बसोबास गर्दै आएकोमा वि. उमनपाले सडक बिस्तार गर्ने क्रममा १५ मिटरको चिन्ह लगाई गएको र कुनै पनि बखत भत्काउने सम्भावना रहेको र यसरी भत्काएमा उठिवास लाग्ने भएकाले नभत्काउन आवश्यक पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा पीडितको केही जग्गा बाटोमा परी बाटोसमेत निर्माण भइसके पनि पीडित विस्थापित हुन नपरेको/नभएको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६८६. रोजगारीको अधिकार, प्रदेश नं. १ कार्यालय विराटनगर, मोरङ जिल्लास्थित लाइफ गार्ड हस्पिटल प्रालिमा स्थापनाकालदेखि काम गर्दै आएकोमा प्रचलित कानुनबमोजिम तलब वृद्धिको माग अस्पताल व्यवस्थापकसँग राखेकोमा कुनै सनुवाइ नभएपछि श्रम कार्यालयमा निवेदन दिएको र श्रम कार्यालयले हाम्रो पक्षमा फैसला गरेकोमा सोको कार्यान्वयनका लागि अस्पतालमा निवेदन दिँदा समेत कुनै सनुवाइ नभएकाले तलब दिलाई हाजिर गराई पाऊँ भनी दुर्गा पराजुली समेतले दर्ता गराएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सोही विषयमा अदालतमा समेत मुद्दा चली सकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६८७. बाल अधिकार, प्रदेश नं. १ कार्यालय विराटनगर, मोरङ जिल्ला केरौन गाविस -२ बस्ने एलीसा भन्ने सावित्रा पोखरेललाई माओवादीहरूले पटक-पटक जबरजस्ती आफूसँग लगेकोमा पछिल्लो पटक भागी घरमा आई बसेको र पुनः लैजाने सम्भावना रहेकाले घरमा नै बसी पढन पाउने वातावरण को पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निजलाई त्यसपछि माओवादीहरूले नलगेको हाल विवाह गरी आफ्नै घरमा सुरक्षित साथ बसिरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६८८. विस्थापित, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला हर्कपुर गाविस वडा नं. ३ बस्ने टङ्कप्रसाद खतिवाडाको घरमा माओवादी कार्यकर्ताहरूले छोराले सेनामा जागिर खाएको आरेपमा मिति २०६२/८/३० गते ताला लगाई कुटपिटसमेत गरी सम्पत्ति कब्जा गरेकाले विस्थापित भएको हुँदा घरजग्गा फिर्ता गरी पुनर्स्थापनाका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल घरजग्गा फिता भई पुनर्स्थापना भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६८९. विस्थापित, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला ओखलढुङ्गा गाविस वडा नं. १ बस्ने विष्णुबहादुर खत्रीको घरमा माओवादी कार्यकर्ताहरूले मिति २०६२/४/३२ गते तालाबन्दी गरी सम्पत्ति उपभोगबाट वञ्चित गरेकाले विस्थापित भई बसेको हुँदा पूर्नस्थापना गरी आफ्नो सम्पत्ति भोगचलन गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज सपरिवार सम्पत्ति भई आफ्नो सम्पत्ति भोगचलन गरिरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६९०. अपहरण, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, तनहुँ जिल्ला घाँसीकुवा -१ घर भई जिल्ला कृषि विकास कार्यालय ओखलढुङ्गामा कार्यरत धनबहादुर रानालाई मिति २०६२/११/०१ गते निवासबाटै अज्ञात समूहले अपहरण गरी लगेकाले सकुशल रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज तत्कालै अपहरणमुक्त भई हाल आफ्नै घरमा रहेको भन्ने पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६९१. अपहरण, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला कटुन्जे गाविस वडा नं. ७ बस्ने लिला धमलालाई माओवादी कार्यकर्ताहरूले मिति २०६२/११/०३ मा अपहरण गरी अवस्था अज्ञात बनाएकाले सकुशल रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज रिहा भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६९२. अपहरण, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला सर्ना गाविस वडा नं. ९ बस्ने रमा पराजुलीलाई हतियारधारी समूहले मिति २०६२/०३/१५ गते अपहरण गरी लगेकाले सकुशल रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज रमा पराजुली आफूखुसी माओवादी पार्टीमा लागि आफै फर्किआएको र हाल वैदेशिक रोजगारको सिलसिलामा पतिसँगै विदेशमा रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६९३. अपहरण, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला श्रीचौर गाविस वडा नं. ८ बस्ने विना सुवारलाई मिति २०६२/०९/०२ गते माओवादी कार्यकर्ताहरूले अपहरण गरी लगेकाले सकुशल रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज अपहरण नै नभएको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६९४. विस्थापित, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला च्यानम गाविस वडा नं. ७ बस्ने गणेशबहादुर कटुबालको घरमा मिति २०६१/१२/२५ गते माओवादी कार्यकर्ताहरूले छोराले सेनामा जागिर खाएको आरोपमा ताला बन्दी गरी घरबाट निकाला गिरिदएकाले विस्थापित भएको हुँदा पुनर्स्थापना गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल निज पीडित स्थापित भइसकेको, विस्थापितबापत नेपाल सरकारबाट राहत रकम प्राप्त गरिसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६९५. विस्थापित, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला फेदीगुठ गाविस वडा नं. २ बस्ने कृणबहादुर कार्कीले छोरालाई सेनामा जागिर लगाएको आरोपमा माओवादी कार्यकर्ताहरूले २०६२ सालमा घरमा ताला लगाई घरबाट निकाली विस्थापित गराएकाले पुनर्स्थापनाका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल स्थापित भई आफ्नै घरमा बसिरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६९६. विस्थापित, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला पोकली गाविस वडा नं. ६ बस्ने रतनकुमार बोम्जनलगायत पूरै परिवार माओवादी द्वन्द्वका कारण मिति २०५८ सालदेखि विस्थापित भई काठमाडौँ बस्दै आएकाले पुनर्स्थापनाका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल सपरिवार स्थापित भइसकेको, विस्थापित बापत नेपाल सरकारबाट राहत रकमसमेत बुझिसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६९७. विस्थापित, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला ओखलढुङ्गा गाविस वडा नं. ६ बस्ने खडगबहादुर घताललाई मिति २०६० सालदेखि सुरक्षाकर्मी तथा माओवादी दुवै पक्षबाट असुरक्षा तथा धम्की भएकाले जिउज्यानको सुरक्षाका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज पीडित भनिएका खडगबहादुर घताल सो स्थानबाट अन्यत्र बसाई सरी गएको र आयोगको सम्पर्कमा नरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६९८. गैरकानुनी थुना, गण्डकी प्रदेश कार्यालय पोखरा, बारा जिल्ला इनर्वासिरा गाविस वडा नं. ९ घर भएका दिलिपकुमार साह सुरुमा माओवादी पार्टीको राजनीति गरेकोमा पछि सो पार्टी परित्याग गरी स्वतन्त्र जीवन बिताउने भनी आत्मसमर्पण गरेकोमा सुरक्षा निकायले पुनर्स्थापना केन्द्र तनहुँमा राखेको हुँदा स्वतन्त्र पूर्वक जीवन विताउन पाउने वातावरणका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल निज स्वतन्त्रपूर्वक जीवन बिताइरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

६९९. रोजगारीको अधिकार, गण्डकी प्रदेश कार्यालय पोखरा, गोरखा जिल्ला छाप्रोक गाविस ८ निवासी रामेश्वर पोखरेललाई मिति २०६५/१/३० गते वाइसिएल इलाका प्रमुख तथा तथा नेपाने मावि केराबारीका विद्यालय व्यवस्थापन समितिका सदस्य दिननाथ पन्तले साङ्घातिक आक्रमण गरी घाइते बनाएको र उपचारलगायतका कार्यका लागि सदरमुकाम आएपछि पुनः विद्यालय फर्की कार्य गर्न सक्ने अवस्था नरहेकाले रोजगारीको अधिकार संरक्षण गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल अवस्था सामान्य रहेको, निज रामेश्वर पोखरेल अविछिन्न रूपमा शिक्षण पेसामा संलग्न रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७००. भेदभाव, गण्डकी प्रदेश कार्यालय पोखरा, बागलुङ जिल्ला लेखानी -७ बस्ने हिराबहादुर

विकको परिवारलाई मिति २०६६/०४/०८ गतेदेखि तत्कालीन लेखानी गाविस वडा नं.७, ८ र ९ का आमा समूहले सामाजिक बहिष्कार गरेकाले समाजमा पनुःस्र्थापनाका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा आयोगसमेतको पहलमा समस्या समाधान भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७०१. धम्की, गण्डकी प्रदेश कार्यालय पोखरा, गोरखा जिल्ला आरुघाट गाउँपालिका वडा नं.५ का अध्यक्ष नारायणध्वज खड्कालाई मिति २०७४/३/२५ गते मोबाइलमा ज्यान मार्ने धम्कीसहितको म्यासेज प्राप्त भएकाले जीवनरक्षाका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सो सम्बन्धमा प्रहरीमा समेत उजुरी परी अनुसन्धान भइरहेको, हाल कुनै पनि किसिमको डर धाक, धम्की समेत नरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७०२. सम्पत्ति कब्जा, गण्डकी प्रदेश कार्यालय पोखरा, बागलुङ जिल्ला दर्लिङ गाविस -९ निवासी कोपिला थापाको घरमा माओवादी कार्यकर्ताहरूले मिति २०६१/८/८ गते प्रवेश गरी घरका सदस्यहरूलाई कुटपिट गरी सम्पत्ति लुटी लगेकाले लुटिएको सम्पत्ति फिर्ता तथा क्षतिपूर्ति र दोषमाथि कार्यबाहीका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निजको रु. १,४१,०००/- बराबराको क्षति मूल्याङ्कन भई क्षतिपूर्तिका लागि गृह मन्त्रालयमा पठाइएको भनी जिल्ला प्रशासन कार्यालय बागलुङको मिति २०६४/६/१० गतेको च.नं. ७०८ को पत्रबाट देखिएको तर निजले रुं ३६,०००/-(छत्तिस हजार मात्र) राहत रकम प्राप्त गरेको देखिएकाले बाँकी रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

७०३. उचित क्षतिपूर्ति (ILO 169) गण्डकी प्रदेश कार्यालय पोखरा, नेपाल सरकार, नेपाल विद्युत् प्राधिकरण र दातृनिकाय समेतको लगानीमा तनहुँ जिल्लामा निर्माण गर्न लागिएको तनहुँ हाइड्रो पावर लिमिटेडअन्तर्गत तनहुँ जलविद्युत् आयोजनाको जलाशय क्षेत्रमा पर्ने ८ गाविस तथा नपाका जग्गा र सोमा पर्ने घर अन्य संरचनाहरू प्राप्त गर्ने क्रममा स्थानीय आदिवासी जनजातिहरूको स्वतन्त्र र अर्थपूर्ण परामर्श एवम् सहभागीता नगराएको, विभेदपूर्ण ढङ्गले मुअब्जा निर्धारण गरिएको जसबाट ILO १६९ र आदिवासीको अधिकारसम्बन्धी राण्ट्रसङ्घीय घोषणपत्र UNDRIP समेतको उल्लङ्घन भएकाले सोको संरक्षणका लागि आवश्यक पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सो सम्बन्धमा पीडित तथा परियोजना व्यवस्थापक बिच छलफल भई मेलमिलाप भएको पीडितहरूले मुआब्जा बुझी रहेको र पीडितबाटै उजुरी किनारा लगाइदिन अनुरोधसमेत भएको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७०४. अपहरण/यातना, गण्डकी प्रदेश कार्यालय पोखरा, तनहुँ जिल्ला राम्जाकोट गाविस -५ निवासी कृष्णचन्द्र वस्ताकोटीलाई मिति २०६१/१०/२ गते माओवादी कार्यकर्ताहरले घरबाटै अपहरण गरी लगेकोमा सुरक्षाकर्मीले मिति २०६२/६/६ गते घिरिङ, सुन्धाराको नयाँटार भन्ने ठाउँबाट

उद्धार गरी घरपरिवारको जिम्मा लगाएकोमा अपहरणको अवस्थामा शारीरिक तथा मानसिक यातनासमेत दिएको र घरसमेत तोडफोड गरी क्षति पुऱ्याएकाले क्षतिपूर्तिसमेत उपलब्ध गराई पाऊँ भनी दर्ता भएको उजुरी आज पेस भई छलफल हुँदा ८ महिनासम्म अपहरणमा परेको अपहरणको समयमा शारीरिक तथा मानसिक यातना भएको र घर तोडफोड गरी क्षति पुऱ्याएको भन्ने उजुरी रहे पनि सोतर्फ कुनै अनुसन्धान भएको पाइएन, प्रर्वर्द्धन अधिकृत मिलन श्रेष्ठको अनुसन्धान प्रतिवेदन भनी टिप्पणीसमेतमा उल्लेख भए पनि सो प्रतिवेदनमा हस्ताक्षर नभएको र दर्ता पनि नभएको पाइयो । अतः प्रस्तुत उजुरीको यातनातर्फ र घर क्षतितर्फ थप अनुसन्धान गरी १५ दिनभित्र फाइल पुनः केन्द्रीय कार्यालयमा पठाउन गण्डकी प्रदेश कार्यालय, पोखरामा फाइल फिर्ता पठाई अनुसन्धान सम्पन्न भई आएपछि पुनः पेस गर्ने ।

७०५. कुटपिट/अगंभङ्ग, गण्डकी प्रदेश कार्यालय पोखरा, पर्वत जिल्ला लिमिठाना गाविस वडा नं. २ निवासी पूर्णप्रसाद पन्तलाई मिति २०६१/१०/१८ गते माओवादी कार्यकर्ताहरूले घरबाट नियन्त्रणमा लिई केही पर लगी ढुङ्गा, रड समेतले प्रहार गरी अङ्गभङ्ग बनाई छोडी गएपछि गाउँले समेतको सहयोगमा काठमाडौँ बी एन्ड बी अस्पतालमा उपचार गराई रहेकाले क्षतिपूर्ति दिलाई दोषीउपर कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा तत्कालीन माओवादी कार्यकर्ताहरूले निज पीडित पूर्णप्रसाद पन्तलाई मिति २०६१/१०/१८ गते घरबाटै नियन्त्रण लिएपछि केही पर लगी ढुङ्गा, रडसमेतका हतियारले कुटपिट गरी अङ्गभङ्ग बनाई छाडी गएको पाइएकाले पीडितलाई रु. १,००,०००/- (एक लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न तत्कालीन दोषी माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानुनबमोजिम बारवाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

७०६. न्यायप्रशासन, गण्डकी प्रदेश कार्यालय पोखरा, गोरखा जिल्ला तान्द्रुङ गाविस वडा नं. १ बस्ने ताराप्रसाद पुडासैनीको घरमा मिति २०७०/९/१ गते राती ५०/६० जना YCL का कार्यकर्ताहरू आई घर घेरा हाली पेट्रोल छर्केर आगो लगाई घरभित्र रहेका सम्पूर्ण सरसामानहरू जली नष्ट भएको हुँदा निष्पक्ष छानबिन गरिपाऊँ भनी दर्ता भएको उजुरी आज पेस भई छलफल हुँदा पीडितका तर्फबाट अरु कसैले उजुरी दिएको अवस्थामा पीडितको अवस्था र माग के हो ? भन्ने सम्बन्धमा पीडितलाई बुझेको पाइएन, त्यसैगरी पीडितले अन्य निकायमा उजुरी गरे नगरेको कहीँकतैबाट कुनै किसिमको क्षतिपूर्ति पाए नपाएको सम्बन्धमा समेत बुझेको नपाएकाले पीडितलगायत बुझनुपर्ने सबै बुझी थप अनुसन्धान गरी १५ दिनभित्र फाइल पुनः केन्द्रीय कार्यालयमा पठाउन गण्डकी प्रदेश कार्यालय पोखरामा फाइल फिर्ता पठाई अनुसन्धान सम्पन्न भई आएपछि पुनः पेस गर्ने ।

७०७. अपहरण, गण्डकी प्रदेश कार्यालय पोखरा, लमजुङ जिल्ला सुन्दरबजार घर भई बेंसीसहर -२ मा व्यवसाय गरी बस्ने रामप्रसाद अधिकारीलाई मिति २०६१/८/१४ गते माओवादीहरू आई अपहरण गरी अज्ञात स्थलतर्फ लगेकाले सकुशल रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज रामप्रसाद अधिकारीको हत्या भएको तर कसबाट हत्या भएको भन्ने पुष्टि हुन नसकेको पाइयो । उजुरीमा दाबी गरेजस्तो माओवादीबाट

अपहरण भएको पुष्टि हुन सक्ने कुनै प्रमाण पाँइदैन । तर पनि एक जना नागरिकको हत्या भएको सम्बन्धमा लास प्राप्त भई सकेपछि प्रहरीद्वारा शव परीक्षण गरी थप अनुसन्धान गर्न पर्नेमा सो केही गरेको पाइएन । तसर्थ, सरकारले व्यक्तिको हत्या भई सकेपछि हत्यारा पत्ता लगाई कानुनबमोजिम कार्यबाहीको प्रक्रियामा लगेको नपाइएकाले प्रस्तुत घटनाको अनुसन्धान गरी दोषी पत्ता लगाई कानुनबमोजिम कार्यबाहीको दायरामा ल्याउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

७०८. कुटपिट/अङ्गभङ्ग, गण्डकी प्रदेश कार्यालय पोखरा, पर्वत जिल्ला गाविस ठुलीपोखरी वडा नं. ३ निवासी बर्ष ७४ का होमप्रसाद सुवेदीलाई मिति २०६२/१०/२१ गते माअेवादी कार्यकर्ताहरूले घरबाटै नियन्त्रणमा लिई घरभन्दा केही पर लगी फलाम, छड लगायत धारिलो वस्तुले प्रहार गरी कुटपिट गरी अङ्गभङ्ग बनाई छाडेकाले दोषीलाई कार्यबाही गरी क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज होमप्रसाद सुवेदीलाई तत्कालीन माओवादी कार्यकर्ताहरूले मिति २०६२/१०/२१ गते आफ्नै घरबाट नियन्त्रणमा लिई घर भन्दा केही पर लगि फलाम रडसहितका हतियारबाट कुटपिट गरी घाइते/अङ्गभङ्ग बनाएको पाइएकाले निज पीडितलाई रु. १,००,०००/- (एक लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न तत्कालीन माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

७०९. जातीय विभेद, गण्डकी प्रदेश कार्यालय पोखरा, कास्की जिल्ला घान्द्रुक गाविस वडा नं. -३ बस्ने कर्णबहादुर नेपालीलाई मिति २०६८/५/२० गते खानेपानी आयोजनाको उद्घाटन कार्यक्रममा सहभोजको विषयमा भएको दलित र गैरदलित बिचको विवादलाई लिएर होटल व्ययसायी समिती घान्द्रुका अध्यक्ष किसम गुरुङसहित ८ जना व्यक्तिहरूले घान्द्रुक -५ स्थित ए-क्यापको इलाका कार्यालयमा लगी कालोमोसो दल्ने, कुटपिट गर्ने र ज्यान मार्ने धम्की समेत दिएकाले घटनाको अनुसन्धान गरी दोषीलाई कार्यबाहीका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सोही विषयमा अदालतमा मुद्दा चली विचाराधीन रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७१०. हत्या, गण्डकी प्रदेश कार्यालय पोखरा, तनहुँ जिल्ला देवघाट गाविस वडा नं. -२ बस्ने प्रकाश सुवेदीलाई मिति २०५९/१/१९ गते प्रकाउ गरी मिति २०५९/१/२१ गते ऐ. गाविसकोटाको कालिकाटारमा पुऱ्याई हातखुट्टा भाँची गोली हानी हत्या गरेकाले दोषीलाई कार्यबाही र पीडितलाई क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सो घटनाका प्रत्यक्षदर्शी भनी नाम खुलेको पुनम गुरुङको भनाइ भनी उल्लेख भएको तर निजको बयान लिएको नदेखिँदा निज प्रत्यक्षदर्शी पुनम गुरुङको बयान लिई सोसमेत संलग्न राखी पूर्ण प्रतिवेदनसहित १५ दिनभित्र फाइल पुनः केन्द्रीय कार्यालयमा पठाउन गण्डकी प्रदेश कार्यालय पोखरामा फाइल फिर्ता पठाई अनुसन्धान सम्पन्न भई आएपछि पुनः पेस गर्ने ।

७११. हत्या, गण्डकी प्रदेश कार्यालय पोखरा, कास्की जिल्ला थुमाकोडाँडा गाविस वडा नं. ७ घर भएकी आशिका विकलाई मिति २०६२/५/२१ गते कास्की जिल्लाको ल्वाङघलेल

गाविसको कुइवाङ भन्ने ठाउँमा सेनाले गोली हानी हत्या गरेकाले दोषीलाई कार्यबाही गरी र पीडित परिवारलाई क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज आशिका विकलाई सुरक्षाकर्मीहरूले मिति २०६२/५/२१ गते नियन्त्रणमा लिइसकेपछि कास्की जिल्लाको ल्वाङघलेल गाविसको कुइवाङ भन्ने ठाँउमा गोली हानी हत्या गरेको पाइएकाले मृतकका हकवाला पीडित परिवारलाई रु ३,००,०००/- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

७१२. कुटपिट, गण्डकी प्रदेश कार्यालय पोखरा, गोरखा जिल्लाका नेपाल तरुण दलका जिल्ला सचिव धुव पन्तलाई मिति २०६६/९/६ गते घरमा नै बसिरहेको अवस्थामा वाई.सि.एल. गोरखाका इन्चार्ज रमेश पोखरेलको नेतृत्वमा माइक्रोबस चढी आएका २५/३० जनाको समूहले आक्रमण गरी घाइते बनाएकाले घटनाको निष्पक्ष छानबिन गरी कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा वाई.सि.एल. बाट आक्रमण भएको पाइए तापनि उपचार गर्दाको अवस्थाको कागजातहरू आवश्यक प्रमाणका लागि पेस गर्न पटक पटक अनुरोध गर्दा पेस नगरी, आफ्नो उजुरीप्रति बेवास्ता गरेको पाइएकाले उपचारसँग सम्बन्धित कागजातहरू पेस गरेकाबखत पुनः उजुरीको कार्यबाही प्रक्रिया अगाडि बढाउने गरी हाललाई प्रस्तुत उजुरीको कार्यबाही तामेलीमा राख्ने निर्णय गरियो ।

७१३. हत्या, प्रदेश नं. ३ कार्यालय सानेपा ललितपुर, मिति २०६१/६/१८ गते काठमाडौँ महनागरपालिका वसन्तपुर दरबार क्षेत्रको पश्चिमपट्टि फराँसखाना पोस्टअगाडि शाही सेनाले गोली चलाउँदा ढोकाटोल घर भई सोही स्थानमा मासुपसल सञ्चालन गरी बस्ने अनोद शाहीको मृत्यु भएको र कामनपा वडा नं. १९ बस्ने दीपेन्द्र बज्राचार्य सख्त घाइते भएको सम्बन्धमा स्वविवेकमा दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सो घटनाको सम्बन्धमा प्रहरीमा जाहेरी गरी १० नं. डायरीमा मुद्दा दर्ता समेत भएको पाइएकाले हाललाई प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७१४. हत्या, प्रदेश  नं. ३ कार्यालय सानेपा ललितपुर, सिन्धुली जिल्ला पुरानो झाँगाझोली गाविस वडा नं. ६ बस्ने लवकुमार दाहालसहित ५ जना व्यक्तिहरूलाई सिन्धुली रातामाटेबाट खटिएको प्रहरीको टोलीले २०५५/७/१७ गते सिन्धुली जिल्लाको पुरानो झाँगाझोली गा. वि. स. -२ स्थित शम्भु थापाको घरमा बसिरहेको अवस्थामा गोली हानी हत्या गरेकाले घटनाको छानबिन गरी दोषीलाई कार्यबाही र पीडितलाई क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सिन्धुली जिल्ला पुरानो झाँगाझोली गाविस वडा नं. ६ बस्ने पवन दाहाल, ऐ. ऐ. बस्ने दीपक दाहाल, ऐ.ऐ. वडा नं. २ बस्ने शम्भु भनिने चित्रबहादुर थापा, ऐ.ऐ. २ बस्ने निर्मला अछामी सार्की र ऐ.अर्मल -६ बस्ने पञ्चराम पाखीन भन्ने निरञ्जन पाखीनसहित ५ जनालाई मिति २०५५/७/१७ गते सिन्धुली जिल्ला पुरानो झाँगाभलोली गाविस वडा नं. २ स्थित शम्भु भनिने चित्रबहादुर थापाको घरमा बसिरहेको अवस्थामा प्रहरी निरीक्षक मदनप्रसाद केशरीको नेतृत्वमा आएको प्रहरी टोलीले गोली हानी

हत्या गरेको, त्यस्तैगरी सोही गाविसका. तत्कालीन सचिव विष्णुराज खत्री, सिन्धुली जिल्ला पुरानो भ्याँगाभोली वडा नं. २ बस्ने विष्णुबहादुर थापा, ऐ.ऐ. बस्ने क्षेत्रबहादुर थापा र ऐ.ऐ. बस्ने मुरलीबहादुर अछामीलाई प्रहरीले प्रहरी कार्यालयमा ल्याई कुटपिट गरी यातनासमेत दिएको पुष्टि हुन आयो। मृतक पाँचै जनाका परिवारले राहत रकम प्राप्त गरी सकेकाले सोतर्फ केही बोली रहन परेन। यातना पाएका विष्णुराज खत्री, विष्णुबहादुर थापा, क्षेत्रबहादुर थापा, र मुरलीबहादुर अछामीलाई जनही रु. ५०,०००/- (पचास हजार) क्षतिपूर्ति उपलब्ध गराउन र हत्या तथा यातनाको घटनामा दोषी देखिएका प्रहरी निरीक्षक मदनप्रसाद केशरीसहित अन्य दोषीहरूको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो।

७१५. हत्या, गण्डकी प्रदेश कार्यालय पोखरा, स्याङ्जा जिल्ला पकवादी गाविस वडा नं.-१ निवासी डेनप्रसाद खनाललाई मिति २०६०/७/२ गते सशस्त्र प्रहरीको सुरक्षा गस्ती टोलीले गोली हानी हत्या गरेकाले घटनाको छानबिन गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज डेनप्रसाद खनाललाई सुरक्षाकर्मीले मिति २०६०/७/२ गते स्याङ्जा जिल्लाको निवुवाखर्क स्थित श्री गण्डकी गाविस वडा नं. ३ स्थित विद्यालयछेउमा सशस्त्र प्रहरीको टोलीले गोली हानी हत्या गरेको पुष्टि भए पनि निजसँगै पक्राउ परेका भनिएका स्याङ्जा जिल्ला वालिङ नपाबाँया खोला बस्ने सुमन्त भुसालको सम्बन्धमा विस्तृत अध्ययन नभएको पाइएकाले निजको हत्याको सम्बन्धमा समेत पूर्ण अनुसन्धान गरी पुनः पेस गर्न गण्डकी प्रदेश कार्यालय पोखरामा फाइल फिर्ता पठाई अनुसन्धान सम्पन्न भई आएपछि पुनः पेस गर्ने।

७१६. हत्या, गण्डकी प्रदेश कार्यालय पोखरा, बागलुङ जिल्ला भिमगिठ्ठे गाविस–२ स्थित बजारमा पसल गरेकोमा असुरक्षा महसुस गरी पुनः भिमगिठ्ठे गाविसस्थित सेनाको ब्यारेक नजिक पसल गरी बस्ने गुमान सिंह केसींलाई ब्यारेकबाट आएका सेनाले माओवादीलाई सहयोग गरेको आरोपमा मरणासन्न हुने गरी कुटपिट गरेकाले दोषीलाई कार्यबाही गरी क्षतिपूर्ति उपलब्ध गराई पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा यातना भएको पुष्टि हुन नसकेकाले, प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो।

७१७. हत्या, गण्डकी प्रदेश कार्यालय पोखरा, पर्वत जिल्ला शङ्करपोखरी गाविस वडा नं. ५ निवासी हरिदत्त तिवारीलाई मिति २०६०/११/३० गते राती माओवादीको एक समूह आई घरबाट ५०० मिटर पर लगि फरक राजनीतिक आस्था राखेकै कारण धारिलो हतियार प्रयोग गरी हत्या गरेकाले दोषीलाई कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज हरिदत्त तिवारीलाई माओवादी कार्यकर्ताहरूले मिति २०६०/११/३० गते आफ्नै घरबाट नियन्त्रणमा लिई घरदेखि केही पर लगि धारिलो हतियार समेतले कुटपिट गरी घाइते बनाएको उपचारार्थ अस्पताल लैजाँदै गर्दा मुत्यु भएको पाइएकाले घटनामा संलग्न दोषी तत्कालीन माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो। पीडित परिवारले राहत/क्षतिपूर्ति पाइसकेको देखिँदा सोतर्फ केही गरि रहन परेन।

७१८. यातना/कुटपिट, प्रदेश नं. ३ कार्यालय सानेपा ललितपुर, ललितपुर जिल्ला गोदावरी गाविसमा बस्ने नेपाली सेनाको स्वास्थ्य विज्ञान महाशाखा, भण्डारखाल काठमाडौँमा सवारी चालक पदमा कार्यरत अमल्दार दानबहादुर खत्री भगवती दल गण शा. से. ५४ औ डफ्फा, श्री मच्छिन्द्र थापाको कमान्डमा लेवनानमा खटिएको सहसेनानी राजन भुजेलले आवेशमा आई हातपात कुटपिट गरेको सम्बन्धमा गणपतिज्यूसमक्ष उजुर गर्दा समेत सुनुवाइ नभएकाले जीवनरक्षा गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा घटना भएको स्थान नेपालबाहिर रहेको, नेपाली सेनाबाटै सो विषयमा आन्तरिक अनुसन्धान भइरहेको र पीडित स्वयम्ले उजुरी टुङ्ग्याइदिन अनुरोध समेत गरेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो।

७१९. यातना, प्रदेश नं. ३ कार्यालय सानेपा ललितपुर, काभ्रेपलान्चोक जिल्ला मेच्छे गाविस वडा नं. ३ स्थायी घर भई महाराजगन्ज काठमाडौँमा बस्ने माइली तामाङलाई चोरीको आरोपमा प्रहरी कर्मचारीले मानसिक यातना दिएकाले मानव अधिकारको संरक्षण गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा यातना दिएको भन्ने पुष्टि हुन नसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७२०. यातना, प्रदेश नं. ३ कार्यालय सानेपा ललितपुर, पाँचथर जिल्ला फिदिम नपा वडा नं. १ घर भई केन्द्रीय कारागार जगन्नाथ देवल, काठमाडौँमा कारागारमा रहेका धनराज विकलाई कारागारका प्रहरीहरूले गोलघरमा राखी यातना दिएकाले आफ्नो घरपायक कारागारमा सरुवा गराई जीवनरक्षा गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा उजुरी दाबीबमोजिम कारागारभित्र यातना दिएको नपाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो।

७२१. कुटपिट/दुर्व्यवहार, प्रदेश नं. ३ कार्यालय सानेपा ललितपुर, काठमाडौँ जिल्ला काठमाडौँ महानगरपालिका वडा नं. ११ डेरा गरी बस्ने कान्ता थापा प्रधानलाई ऐ.ऐ. बस्ने रवि प्रधानले विवाह गरेकोमा दुवै जनाको सम्बन्धबाट गर्भमा बच्चा रहेको अवस्थामा गर्भ पतन हुने औषधी जबरजस्ती सेवन गर्न लगाई आमा र बच्चाको जीवन जोखिममा पार्ने कार्य भएबाट जीवनरक्षाका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सोही विषयमा अदालतमा मुद्दा चली विचाराधीन रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो।

७२२. कुटपिट/यातना, प्रदेश नं. ३ कार्यालय सानेपा ललितपुर, अख्तियार दुरूपयोग अनुसन्धान आयोग सुर्खेतले स्टिङ अप्रेसनको क्रममा मिति २०७४/१२/२७ गते मालपोत कार्यालय सुर्खेतमा खरिदार पदमा कार्यरत धर्मराज सुवेदीलाई पक्राउ गरी अख्तियार टोलीले कुटपिट गरी जबरजस्ती रकम समात्न लगाई थुनामा राखेकाले दोषीलाई कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निजलाई कुटपिट गरी यातना दिएको नपाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो।

७२३. यातना, प्रदेश नं. ३ कार्यालय सानेपा ललितपुर, सिन्धुली जिल्ला कमलामाई नपा वडा नं. १३ घर भई हाल केन्द्रीय कारागार जगन्नाथ देवलमा कारागारमा रहेको गङ्गाहरि न्यौपानेलाई कारागारको गोलघरमा राखी प्रहरीहरूले यातना दिएकाले मानव अधिकारको संरक्षण गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निवेदन दाबी जसरी कुटपिट तथा यातना भएको नपाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७२४. प्रहरीद्वारा कुटपिट, प्रदेश नं. ३ कार्यालय सानेपा ललितपुर, दैलेख जिल्ला नारायण नपा वडा नं. १० घर भई भक्तपुरमा प्रहरी जवान पदमा कार्यरत जगत जङ्ग बस्नेतलाई मिति २०७४/४/२३ गते महानगरीय प्रहरीवृत्त ठिमी कार्यालयमा साथीको वर्थ डेमा मादक पदार्थसमेत सेवन गरेको अवस्थामा प्रहरी नायब निरीक्षक किशोरध्वज कार्की र हबल्दार मेघनाथ यादवले कुटपिट गरी शारीरिक मानसिक यातना दिएकाले कानुनबमोजिम कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सो विषयमा प्रहरीको आन्तरिक कार्यबाही प्रक्रिया चली मेलमिलाप समेत भएको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७२५. यातना, प्रदेश नं. ३ कार्यालय सानेपा ललितपुर, मोरङ जिल्ला विराटनगर महानगरपालिका वडा नं. ८ घर भई हाल केन्द्रीय कारागार कार्यालयमा कारागारमा रहेको अभिषेक गिरीलाई कारागारभित्रै विभिन्न यातना दिइएको, मार्ने प्रयास भएकाले जीवनरक्षाका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको अनुसन्धान हुँदा निवेदन जिकिर जस्तो यातना दिएको नपाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७२६. दुर्व्यवहार, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, बैतडी जिल्ला शर्माली गाविस वडा नं. १ बस्ने वर्ष १५ की उषा किरण थापा (पार्वती साउद) लाई डोटी जिल्ला जनस्वास्थ्य कार्यालयका लेखापाल नरबहादुर भाटले दुर्व्यवहार गरेकाले न्यायका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सोही विषयमा अदालतमा मुद्दा चली फैसलासमेत भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७२७. क्षतिपूर्ति नपाएको, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, अछाम जिल्ला बिनायक गाविस वडा नं. ५ बस्ने नेत्रबहादुर कडायतलाई सेनाले गोली हानी मारेको सम्बन्धमा आयोगमा उजुरी परी यस आयोगबाट मिति २०६२/२/३ गते पीडित परिवारलाई रु. १,५०,०००/- क्षतिपूर्ति र पीडकलाई कार्यबाहीका लागि नेपाल सरकारलाई सिफारिस गरिएकोमा रु. १,००,०००/- मात्रै प्राप्त भई थप रकम प्राप्त नभएकाले आवश्यक पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा पीडित परिवारले बाँकी रहेको भनिएको रुं ५०,०००/- (पचास हजार) प्राप्त गरिसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७२८. न्यायप्रशासन, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, अछाम जिल्ला मङ्गलसेन नपा-३ स्थित ज्ञानदीप प्राविमा विगत १८ वर्षदेखि सेवारत शिक्षिका विमला चौधरीलाई विद्यालय व्यवस्थापन

समितिका अध्यक्ष प्रधानाध्यापक तथा एमाले अछामका सचिवसमेत मिली अनावश्यक दुःख दिने नियतले महिला भएकै कारण अपायक स्थानमा सरुवा गरेकाले आफू साविकदेखि कार्यरत विद्यालयमा हाजिर गर्ने व्यवस्थाका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको अनुसन्धान हुँदा हाल सो समस्या समाधान भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७२९. गैरकानुनी थुना, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, कैलाली जिल्ला धनगढी उपमहानगरपालिका वडा नं. -१० बस्ने अमर राना र रामप्रकाश रानालाई मिति २०७१/१२/१४ गते जिल्ला प्रहरी कार्यालय, कैलालीबाट खटी आएका प्रहरी टोलीले अनावश्यक रूपमा पक्राउ गरी गैरकानुनी थुनामा राखेकाले न्याय पाऊँ भन्ने उजुरीको आयोगबाट अनुसन्धान हुँदा सामान्य सोधपुछपछि निजहरू दुवैलाई छोडिसेकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७३०. न्यायप्रशासन, कर्णाली प्रदेश शाखा कार्यालय जुम्ला, जुम्ला जिल्ला देपालगाँउ गाविस वडा नं. १ बस्ने विष्णु धिताल मिति २०५१ सालबाट करारमा जिल्ला वनस्पति कार्यालय जुम्लामा कार्यरत रहेकोमा कार्यालय प्रमुखले तलब घटाई दिएको, सापटी लिएको रकमसमेत फिर्ता नगरेकाले न्यायका लागि पहल गरिपाऊँ भन्ने उजुरीको अनुसन्धान हुँदा पीडित भनिएका विष्णु धिताल सेवा करारमा कार्यरत कर्मचारी रहेको, निजको करार अवधिसमेत समाप्त भएको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७३१. बेपत्ता, कर्णाली प्रदेश शाखा कार्यालय जुम्ला, प्रस्तुत उजुरीको सम्बन्धमा आयोगको मिति २०७५/९/२६ को बैठकबाट तामेलीमा राख्ने गरी निर्णय भइसकेको पाइएकाले केही गरिरहनु परेन ।

७३२. बेपत्ता, कर्णाली प्रदेश शाखा कार्यालय जुम्ला, प्रस्तुत उजुरीको सम्बन्धमा आयोगको मिति २०७५/९/२६ को बैठकबाट तामेलीमा राख्ने गरी निर्णय भइसकेको पाइएकाले केही गरिरहनु परेन ।

७३३. स्वास्थ्यको अधिकार, कर्णाली प्रदेश शाखा कार्यालय जुम्ला, कर्णली अञ्चलका पाँचवटै जिल्लाहरू जुम्ला, मुगु, हुम्ला, कालिकोट र डोल्पामा बस्ने सर्वसाधारणहरूले सरकारबाट निःशुल्क वितरण गरिने भनिएका औषधी नपाएका, स्वास्थ्य केन्द्रहरूमा स्वास्थ्यकर्मीहरू नबस्नेलगायतका समस्याहरूका बारेमा मिडियामा आएका समचारहरूलाई आधार मानी स्वविवेकमा दर्ता गरिएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा विभिन्न पत्रपत्रिकाहरूमा आएजस्तो पाइएकाले तपसिल बमोजिम गर्न-गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो :

(क) देशभरिका सम्पूर्ण स्वास्थ्य केन्द्र तथा स्वास्थ्य संस्थाहरूमा दरवन्दीअनुसारको स्वास्थ्यकर्मीहरूको अनिवार्य व्यवस्था मिलाउन ।

(ख) नेपाल सरकारबाट निःशुल्क रूपमा उपलब्ध गराइने औषधिहरू सबै स्वास्थ्य संस्थामा

समयमा नै उपलब्ध गराई वितरण गर्न ।

(ग) यस कार्यका लागि स्थानीय तहसँग समेत आवश्यक समन्वय गर्न ।

७३४. अपहरण, प्रदेश नं. १ कार्यालय विराटनगर, भोजपुर जिल्ला भोजपुर गाविस - २ बस्ने उपेन्द्रप्रसाद नेपाललाई अनेरास्वविवु क्रान्तिकारीका कार्यकर्ताहरूले मिति २०६२/२/११ गते भोजपुर जिल्लाको हसनपुर गाविसबाट अपहरण गरेकाले जीवनरक्षाका लागि पहल गरिपाऊँ भन्ने उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज अपहरणमुक्त भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७३५. अपहरण, प्रदेश नं. १ कार्यालय विराटनगर, भोजपुर जिल्ला बोया गाविसका ओमकुमार श्रेष्ठलगायतका विद्यार्थीहरूलाई माओवादी कार्यकर्ताहरूले अपहरण गरी लगेको भनी सञ्चार माध्यमहरूमा प्रकाशित समाचारलाई उजुरीका रूपमा दर्ता भई प्रक्रिया अगाडि बढेको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा सम्पूर्ण विद्यार्थीहरू अपहरणमा नपरी स्वेच्छाले माअेवादी पार्टीमा प्रवेश गरेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७३६. विस्थापित, प्रदेश नं. १ कार्यालय विराटनगर, भोजपुर जिल्ला कुलुङ गाविस २ बस्ने मुकुन्द गिरीको घरजग्गा नेकपा (माओवादी)-हरूले २०५८ सालमा कब्जा गरी विस्थापित बनाएकाले आफ्नै थातथलोमा पुनःस्थापनाका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको अनुसन्धान हुँदा हाल निजको घरजग्गा फुकुवा भई निजकै भोगचलनमा रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७३७. अपहरण, प्रदेश नं. १ कार्यालय विराटनगर, भोजपुर जिल्ला कोट गाविस –८ बस्ने विना श्रेष्ठलाई नेकपा (माओवादी)-का कार्यकर्ताहरूले मिति २०६३/५/२२ मा अपहरण गरेकाले सकुशल रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको अनुसन्धान हुँदा निज तत्कालै अपहरणमुक्त भएको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७३८. अपहरण, प्रदेश नं. १ कार्यालय विराटनगर, भोजपुर जिल्ला दलगाँउ गाविसअन्तर्गत सेतीदेवी निमाविमा अध्ययनरत कोशण खवास, संजीव कार्की र प्रविण कार्कीलाई माओवादी कार्यकर्ताहरूले मिति २०६२/६/७ गते अपहरण गरेकाले सकुशल रिहाइका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको अनुसन्धान हुँदा अपहरणमुक्त भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७३९. पुनःगिरफ्तार/यातना, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, खोटाङ जिल्ला जाल्पा गाविस वडा नं. ४ बस्ने किरण राई र रूपलाल राईलाई प्रहरीले मिति २०६७/०२/२७ गते हिरासतमा पोलिथिन पाइपले पैतालामा कुटी यातना दिएकाले घटनाको छानबिन गरी दोषीलाई कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीको अनुसन्धान हुँदा यातना दिएको नपाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७४०. क्षतिपूर्ति, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, खोटाङ जिल्ला वाप्लुखा गाविस वडा नं. ४

बस्ने सिहंराज तामाङको घरमा सुरक्षाकर्मीहरूले २०६२/१०/२८ गते खानतलासीको क्रममा क्यासेट प्लेयर फुटाइदिनुका साथै ३२ पाथी चामल लगेकोमा ६ पाथी फिर्ता गरी अरु सबै लगेकाले सामान फिर्ताका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको अनुसन्धान हुँदा प्राप्त गरी समस्या समाधान भएको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो।

७४१. ज्येष्ठ नागरिकको अधिकार, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, खोटाङ जिल्ला चिसापानी गाविस वडा नं. ५ बस्ने भीमबहादुर खत्रीलगायतका ज्येष्ठ नागरिक तथा अन्य एकल महिलाहरूले २०६८ पुसदेखिको भत्ता नपाएकाले उपलब्ध गराइपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निजहरूले दाबी गरेको अवधिको भत्ता प्राप्त गरी समस्या समाधान भएको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो।

७४२. न्यायप्रशासन, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, खोटाङ जिल्ला दिक्तेल गाविस वडा नं. ४ बस्ने भीषण राज भण्डारीलाई सरस्वती मावि दिक्तेलमा भएको कार्यक्रममा झडप हुँदा घाइते भएकोमा दोषीउपर कार्यबाहीका लागि प्रहरीमा उजुरी गर्दा दोषीलाई कार्यबाही नगरी छाडिदिएकाले आवश्यक कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा दुवै पक्षबिच मिलापत्र भई समस्या समाधान भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो।

७४३. शिक्षाको अधिकार, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, खोटाङ जिल्ला सुङदेल गाविस ३ बस्ने महेन्द्र राई मुद्दाको पुर्पक्षको सिलसिलामा कारागारमा रहेकोमा २०६४ सालको एसएलसी परीक्षामा कारागारबाटै सहभागी हुन पाउने व्यवस्थाका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको अनुसन्धान हुँदा सोही समयमा नै उक्त समस्या समाधान भएको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो।

७४४. विस्थापित, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, खोटाङ जिल्ला डुम्रेधारापानी गाविस वडा नं. १ बस्ने शिवशङ्कर अधिकारीलाई मिति २०५७/०५/२५ गते घरमा नभएको अवस्थामा सार्वजनिक कार्यक्रममार्फत नेकपा (माओवादी)-हरूले कुटपिट तथा अङ्गभङ्ग गर्ने धम्कीसहितको वक्तव्य जारी गरेकाले सम्पूर्ण परिवार विस्थापित भई काठमाडौँमा बसेको सम्पूर्ण घरजग्गा कब्जासमेत गरेकाले फुकुवा गरी पुनः स्थापितका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा कब्जा घरजग्गा फुकुवा भई पुनः स्थापित भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो।

७४५. प्रहरीद्वारा दुर्व्यवहार, प्रदेश नं. २ कार्यालय जनकपुर, धनुषा जिल्ला जनकपुर उपमहानगरपालिका वडा नं. ८ बस्ने कुन्ती पाठक र सीता चौधरी, ऐ. वडा नं. १२ बस्ने पुनम झालाई मिति २०७४/३/०४ गते राजपा नेपालले आयोजना गरेको जनकपुर बन्दको क्रममा भएको प्रदर्शनमा प्रहरीले कुटपिट गरेकाले छानबिन गरी कार्यबाही गरिपाऊँ भन्ने उजुरीको आयोगबाट अनुसन्धान हुँदा प्रहरीद्वारा कुटपिट भएको पुष्टि हुन नसकेको पाइएकाले प्रस्तुत उजुरीको

कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७४६. जातीय भेदभाव, प्रदेश नं. २ कार्यालय जनकपुर, सर्लाही जिल्ला ईश्वरपुर नपा वडा नं. ६ बस्ने इन्दिरा सिंह दुनुवार र इन्दिरा सिंह (परियार) लाई ऐ.ऐ. स्थित स्थानीयहरूले तल्लो जातको भनी विभेद गरी समाजबाट बहिष्कार विभेद गरेकाले न्याय पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा उक्त समस्याको समाधान भई हाल अवस्था सामान्य रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७४७. गैरकानुनी पक्राउ, प्रदेश नं. २ कार्यालय जनकपुर, धनुषा जिल्ला गोरहानी गाविस घर भई जनकपुर नगरपालिका वडा नं. २ बस्ने उपेन्द्र ठाकुरलाई मिति २०६४/१०/११ गते मिथिला लजमा साथीहरू भेट्न गएको अवस्थामा प्रहरीले प्रक्राउ गरी २ दिन सम्म कसैलाई भेट्न समेत नदिई थुनामा राखेकाले रिहाका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको अनुसन्धान हुँदाहुँदै नभएको गाविसको नाम उल्लेख गरी गलत सूचना राखी उजुरी दिएको पाइएकाले प्रस्तुत उजुरी खारेज गर्ने निर्णय गरियो ।

७४८. न्यायप्रशासन, प्रदेश नं. २ कार्यालय जनकपुर, महोत्तरी जिल्ला खुटापिप्राडी गाविस वडा नं. ५ बस्ने अजिज कवारीको अज्ञात समूहबाट मिति २०६४/४/१० गते हत्या भएको सम्बन्धमा जाहेरी दिँदा प्रहरीले प्रभावकारी अनुसन्धान नगरेकाले आवश्यक कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सोही विषयमा अदालतमा मुद्दा चली अभियुक्तहरू पुर्पक्षका लागि थुनामा रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७४९. धम्की, प्रदेश नं. २ कार्यालय जनकपुर, मोहोत्तरी जिल्ला पर्सापतौली गा.वि. स. वडा नं. ५ बस्ने जय नन्दन राउत र निजको परिवारलाई ऐ.ऐ. बस्ने राज किशोर राउतलगायतले लेनदेनको विषयमा विभिन्न धम्की दिएकाले शान्ति सुरक्षाको व्यवस्था गरिपाऊँ भनी दर्ता भएको उजुरीको अनुसन्धान हुँदा व्यक्तिगत विवाद मानव अधिकारको उल्लङ्घन वा ज्यादतीको विषयवस्तु नभएको हुँदा प्रस्तुत उजुरी खारेज गर्ने निर्णय गरियो ।

७५०. न्यायप्रशासन, प्रदेश नं. २ कार्यालय जनकपुर, धनुषा जिल्ला हरिने गाविस वडा नं. ५ बस्ने शिलादेवी यादवलाई निजको सौता र लोग्ने भई हत्या गरेको विषयमा प्रहरीमा जाहेरी दिँदा कार्यबाही अगाडि नबढाएकाले आवश्यक कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा जाहेरी दर्ता भई आवश्यक अनुसन्धान भइरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७५१. अपहरण, प्रदेश नं. २ कार्यालय जनकपुर, धनुषा जिल्ला जनकपुर नपा –४ बस्ने रामप्रसाद उपाध्याय अधिकारलाई ऐ.ऐ. बस्ने भगवतीदेवी अधिकारीले अपहरण गरेकाले आवश्यक पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल समस्या नरहेको उजुरीकर्ता उजुरी दर्तापछि एकचोटि पनि सम्पर्कमा नआएको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७५२. शान्ति सुरक्षा, प्रदेश नं. २ कार्यालय जनकपुर, धनुषा जिल्ला जनकपुर नपा – १ घर भई ऐ.-४ बस्ने विशेश्वर साहलाई मिति २०६४/८/११ गते माओवादी कार्यकर्ताहरूले अपहरण गरी लगिरहेकोमा नोरहवा चौकीनेर पुगेपछि त्यहाँका प्रहरीहरूले मलाई बचाउई घरमा पुऱ्याएको हुँदा अपहरणकारीहरूलाई आवश्यक कार्यबाही गरी शान्ति सुरक्षाको व्यवस्था गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल कुनै समस्या नरहेको, उजुरीकर्ता सम्पर्कमा नरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

५५३. न्यायप्रशासन, प्रदेश नं. २ कार्यालय जनकपुर, सिराहा जिल्ला विष्णुपुर प्रम गाविस ७ निवासी दुर्गानन्द चौधरीले विभिन्न मागसहित जिल्ला प्रशासन कार्यालय सिराहामा उजुरी गरेकोमा कुनै सनुवाइ नभएकाले आवश्यक कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निजको माग दाबीअनुसारको कार्य जिल्ला प्रशासन तथा प्रहरीबाट सम्पन्न भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७५४. न्यायप्रशासन, प्रदेश नं. २ कार्यालय जनकपुर, सिराहा जिल्ला विद्यानगर गाविस वडा नं. ६ बस्ने पतिराम मोचीको छिमेकीसँग विवाद भई छिमेकीले कुटपिटसमेत गरेको विषयमा जिल्ला प्रहरी कार्यालयमा उजुरी गर्दा कुनै सुनुवाइ नभएकाले आवश्यक पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निजको मागबमोजिम जाहेरी दर्ता भई प्रक्रिया अगाडि बढेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७५५. न्यायप्रशासन, प्रदेश नं. २ कार्यालय जनकपुर, बारा जिल्ला सिसनीया गाविस -६ बस्ने गगनदेव महतो कोइरीलाई मिति २०६८/१०/१८ गते जिल्ला प्रहरी कार्यालय पर्सामा कार्यरत राम विनेश महतोले चलाएको मोटोरसाइकलले ठक्कर दिई अङ्ग भङ्ग बनाएको सम्बन्धमा जिल्ला प्रहरी कार्यालय पर्सामा जाहेरी दिँदा दर्ता गर्न नमानेकाले न्याय पाऊँ भनी दर्ता भएको उजुरीको अनुसन्धान हुँदा सो विषयमा अदालतमा समेत मुद्दा चली सकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७५६. गैरकानुनी थुना, प्रदेश नं. २ कार्यालय जनकपुर, रौतहट जिल्ला रंगपूर गाविस बस्ने नाबालकहरू विनय बैठा र अभिषेक चौधरीलाई २०६९/११/२३ गते इलाका वन कार्यालय रंगपूरको टोलीले पक्राउ गरी गैरकानुनी थुनामा राखेकाले रिहा गरिपाऊँ भनी दर्ता भएको उजुरीको अनुसन्धान हुँदा दुवै जनालाई सामान्य सोधपुछपछि संरक्षकको मा छोडी सकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७५७. धम्की, प्रदेश नं. २ कार्यालय जनकपुर, सिराह जिल्ला भगवनीपुर तमसुइया गाविस–१ बस्ने महिला मानव अधिकार रक्षक संजाल सिराहाका सदस्य रेणु कर्णलाई लाहान –२ बस्ने श्रीषलाल महतो र ऐ.–३ बस्ने विजय महतोले धम्की दिएकाले न्याय पाऊँ भनी दर्ता भएको उजुरीको अनुसन्धान हुँदा हाल अवस्था सामान्य रहेको कुनै किसिमको धम्की नरहेको भनी निज पीडित रेणु कर्णले दिएको निवेदन मिसिल संलग्न रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७५८. न्यायप्रशासन, प्रदेश नं. २ कार्यालय जनकपुर, रौतहट जिल्ला गौर नगारपालिका वडा नं. ८ बस्ने गगनदेव बैठालाई प्रहरीले ज्यान मार्ने धम्की दिएकाले छानबिन गरी दोषीलाई कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल उक्त समस्या समाधान भई अवस्था सामान्य रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७५९. न्यायप्रशासन, प्रदेश नं. २ कार्यालय जनकपुर, सप्तरी जिल्ला मोहनपुर गाविस–१ बस्ने गोपाल सरदारको मिति २०७१/२/२ मा हत्या भएको सम्बन्धमा इलाका प्रहरी कार्यालय, कल्याणपुर सप्तरीमा जाहेरी दिँदा दर्ता गर्न नमानेकाले छानबिन गरी न्याय पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सो विषयमा जाहेरी दर्ता भनी अनुसन्धानपश्चात् अदालतमा मुद्दा दायर भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७६०. कुटपिट, प्रदेश नं. १ कार्यालय विराटनगर, सङ्खुवासभा जिल्ला वाना गाविस वडा नं. ५ घर भई मोरङ जिल्ला विराटनगर उमनपा -४ बस्ने देवकुमार राईलाई मिति २०६२/९/७ गते शाही नेपाली सेनाका मानिसले पक्राउ गरी मरणासन्न हुने गरी कुटपिट गरेकाले दोषीलाई कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीको अनुसन्धान हुँदा निजलाई पक्राउ गरी कुटपिट कसले गरेको भन्ने यकिन नहुनको साथै कुटपिट गरेको ठोस प्रमाण नहुँदा प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७६१. प्रहरीद्वारा कुटपिट, प्रदेश नं. १ कार्यालय विराटनगर, काठमाडौँ जिल्ला मूलपानी गाविस ५ स्थायी घर भनिए पनि झापा जिल्ला मेची नपा वडा नं ११, काँकडभिट्टा स्थायी घर भएका दिलकुमार तामाङलाई जिल्ला प्रहरी कार्यालय इनरुवाको परिसर भित्रै काम लगाई रहको अवस्थामा सोही कार्यालयका प्रहरी कर्मचारीहरू वीरेन्द्र यादव र अजित साहले कुटपिट गरी दुर्व्यवहार गरेकाले दोषीलाई कार्यबाही गरी पीडितलाई क्षतिपूर्ति उपलब्ध गराई पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा जिल्ला प्रहरी कार्यालय सुनसरीमा कार्यरत प्रज वीरेन्द्र यादव, प्रज सञ्जय यादव र प्रज अजितकुमार साहले निज नाबालक दिलकुमार तामाङलाई कुटपिट गरेको पाइयो । सो सम्बन्धमा प्रजहरू तीनै जनालाई प्रहरी नियमावली अनुसार जिल्ला प्रहरी कार्यालय सुनसरीबाट कार्यबाही भइसकेको देखिएकाले, सोतर्फ केही नगरी निज नाबालक दिल कुमार तामाङलाई रु. ५०,०००/- (पचास हजार मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

७६२. यातना, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली जिल्ला टीकापुर नपा– ९ घर भई श्री राष्ट्रिय निमावि पथरैयामा अध्यापन गर्ने शिक्षक चित्रबहादुर चौधरीलाई मिति २०५८/८/२२ मा प्रहरीहरूले गिरफ्तार गरी इलाका प्रहरी कार्यालय टीकापुरमा २०५९/०५/११ गतेसम्म राखी यातना दिएको र त्यसपछि जिल्ला प्रहरी कार्यालय धनगढी, अञ्चल प्रहरी कार्यालय धनगढी र बडीमालिका सशस्त्र प्रहरी गण वन बेहडामा राखी शारीरिक तथा मानसिक यातना दिएकाले पीडकलाई कार्यबाही गरी पीडितलाई क्षतिपूर्तिसमेत दिलाई पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा पीडित चित्रबहादुर चौधरीलाई प्रहरीहरूद्वारा यातना

दिएको पाइएकाले घटनामा संलग्न दोषी सुरक्षाकर्मी पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न र पीडित चित्रबहादुर चौधरीलाई रु १,००,०००/– (एक लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

७६३. प्रहरीद्वारा कुटपिट/दुर्व्यवहार, प्रदेश नं. १ कार्यालय विराटनगर, जिल्ला मोरङ विराटनगर उमनपा वडा नं. ७ बस्ने सरोजकुमार गुप्ता, विनोद गुप्ता, किशोर हलुवाइ, नौसाद परवेज, देवेन्द्र भगत समेतका व्यक्तिलाई मिति २०६४/६/१९ गते कर्फ्यु लागेको समयमा प्रहरीले गाली गलौज गरी ढुङ्गामुढा प्रहार गरी झ्यालको सिसा तोडफोड गरेकाले शान्ति सुरक्षाको व्यवस्था गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल अवस्था सामान्य रहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७६४. यातना, प्रदेश नं. ५ कार्यालय बुटवल, चितवन जिल्ला रत्नगर नपा -६ बस्ने प्रदीप भट्ट, सञ्जय ठकुरी र सुवास पौडेललाई प्रहरीले विना कारण पक्राउ गरी कुटपिट गरी सार्वजनिक मुद्दा लगाई जिल्ला प्रहरी कार्यालय चितवनमा राखिएकोमा भेटघाट गर्नसमेत नदिएकाले हिरासतमा मानवीय व्यवहारका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा आफन्तलाई भेटघाट गर्न दिएको पाइएको र यातना प्रमाणित हुन नसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७६५. यातना, प्रदेश नं. ५ कार्यालय बुटवल, नवलपरासी जिल्ला जहदा गाविस वडा नं. ३ बस्ने रमिता पुनलाई मिति २०६८/१०/१ गते इलाका प्रहरी कार्यालय सेमरीले पक्राउ गरी अनुसन्धानको क्रममा चरम यातना दिएर शरीरको विभिन्न भागमा निल डामसमेत बनाएकाले क्षतिपूर्तिलगायत उचित न्यायका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सो विषयमा उजुरीको कार्यबाही अगाडि नबढाइदिन भनी उजुरकर्ता स्वयम्ंले दिएको निवेदन मिसिल संलग्न पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७६६. घरेलु हिंसा/यातना, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, कञ्चनपुर जिल्ला भीमदत्त नपा वडा नं. १० धनवती चन्दलाई दाइजो नल्याएको आरोपमा घरपरिवारबाट हिंसा भएकाले न्यायका लागि आवश्यक पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा घरेलु हिंसाको विषयमा जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता भई प्रक्रिया अगाडि बढेको भन्ने उजुरीको ब्यहोरामा नै उल्लेख भएको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७६७. यातना, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, कञ्चनपुर जिल्ला भीमदत्त नपा वडा नं. २ बस्ने कालु चौधरी र हिक्मत चौधरीलाई कञ्चनपुर अन्तर्गत भासी प्रहरी चौकीका प्रहरीहरूले मिति २०७१/१/१७ पक्राउ गरी यातना दिएकाले दोषीलाई कार्यबाही र पीडितलाई क्षतिपूर्तिका लागि पहल गरिपाऊँ दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सोही विषयमा अदालतमा मुद्दा चली फैसलासमेत भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७६८. यातना, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, कञ्चनपुर जिल्ला भीमदत्त नपा - ५, स्थित राजु नेगीको पसल रहेको स्थानबाट महावीर विश्वकर्मा र नरेश विकलाई प्रहरीले पक्राउ गरी कञ्चनपुर स्थित गड्डा चौकीमा लगी कुटपिट गरी यातना दिएकाले आवश्यक कार्यबाही गरिपाऊँ दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा यातना दिएको पुष्टि हुन नसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्गयाई तामेलीमा राख्ने निर्णय गरियो ।

७६९. जातीय यातना, प्रदेश नं. १ कार्यालय विराटनगर, मोरङ जिल्ला, कोसी हरैचा वडा नं.- ४ बस्ने ७१ वर्षीय मानबहादुर बस्नेतलाई इलाका प्रहरी कार्यालय बेलवारी र कोसी हरैचा अस्थायी प्रहरी पोस्टबाट खटिएका प्रहरीले मिति २०७१/७/२९ गते कुटपिट गरी यातना दिएकाले दोषीलाई कार्यबाही र पीडितलाई क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता गरिएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा प्रहरीबाटै कुटपिट भएको भन्ने पुष्ट्याई हुन नसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्गयाई तामेलीमा राख्ने निर्णय गरियो ।

७७०. यातना, प्रदेश नं. १ कार्यालय विराटनगर, मोरङ जिल्ला विराटनगर उपमहनगरपालिका वडा नं. १५ बस्ने प्रशान्त भुजेललाई मिति २०७२/३/१ गते प्रहरीले बिना पक्राउपुर्जी पक्राउ गरी लगी यातना दिएकाले दोषीलाई कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा यातना दिएको भन्ने पुष्टि हुन नसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्गयाई तामेलीमा राख्ने निर्णय गरियो ।

७७१. यातना, प्रदेश नं. १ कार्यालय विराटनगर, मोरङ जिल्ला सलकपुर नपा वडा नं.९ स्थायी घर भई ऐ. हात्तीमुढा गाविस ७ मा बस्ने मणि वि. क. लाई मिति २०७२/३/१० गते इलाका प्रहरी कार्यालय निमुवाका प्रहरीहरूले पक्राउ गरी यातना दिएकाले दोषीलाई कार्यबाही र पीडितलाई क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा यातना दिएको भन्ने पुष्टि हुन नसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्गयाई तामेलीमा राख्ने निर्णय गरियो ।

७७२. कुटपिट, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, कैलाली जिल्ला रामशिखरमाला गाविस वडा नं. ६ घर भएकी शिक्षिका दिपा नेपालीलाई मिति २०७२/५/२४ गते ऐ.ऐ. बस्ने रामबहादुर बोहोरा र लक्ष्मण बोहोराले कुटपिट गरेकाले घटनाको छानबिन गरिपाऊँ दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सो विषयमा जिल्ला प्रहरी कार्यालय कैलालीमा उजुरी दर्ता भई आवश्यक अनुसन्धान भइरहेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्गयाई तामेलीमा राख्ने निर्णय गरियो ।

७७३. यातना/दुर्व्यवहार, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, मिति २०६३/१२/०९ गते कञ्चनपुर जिल्ला रौतेली गाविस वडा नं. ७ स्थित इमिलिया गाउँमा सेनाको हबल्दार रमेश विष्टलाई माओवादी कार्यकर्ताहरूले गोली हानी हत्या गरेको विषयलाई लिएर सिंहपुर पोस्टका सैनिकहरूले गाँउमा नै आएर केहीलाई पोस्टमा नै बोलाई र इमिलिया गाउँका केही स्थानीय बासिन्दालाई गाउँमा नै कुटपिट गरी यातना दिएको भनी विभिन्न सञ्चार माध्यमहरूमा

प्रशारित/प्रकाशित समाचारलाई उजुरीका रूपमा ग्रहण गरी दर्ता भएको घटनाको आयोगबाट अनुसन्धान हुँदा मिति २०६२/१२/९ र १० गते शुक्लाफाँटा आरक्षणको सिंहपुर पोस्टका सैनिकहरूले कञ्चनपुर जिल्ला रौतेली गाविस वडा नं. ७ स्थित इमिलिया गाउँका तपसिलमा उल्लेखि भएबमोजिमका व्यक्तिहरूलाई कुटपिट गरी यातना दिएको पाइएकाले उल्लिखित पीडितहरूलाई तपसिलमा उल्लेख भएबमोजिम क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न दोषी सैनिकहरूको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

**तपसिल :**

| **क.स.** | **नाम थर** | **ठेगाना** | **रकम रु.** |
|---|---|---|---|
| १. | भाज्जो राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| २. | विरछी राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ३. | सम्पतीदेवी राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ४. | जानकी राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ५. | रामकुमारी राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ६. | ठग्गी देवी राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ७. | सिमन्तरा राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ८. | मञ्जु राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ९. | फूलसोहत्तर राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| १०. | मानमती राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ११. | सुक्को राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| १२. | रामचन्द्र राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| १३. | मनतुवा राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु.१,६००/– (एक हजार छ सय मात्र) |
| १४. | राधिका राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| १५. | मैना चौधरी | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| १६. | राम दुलारी गिरी | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/–(दस हजार मात्र) |
| १७. | दानवती गिरी | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| १८. | सोमती चौधरी | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| १९. | बन्छो राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| २०. | द्रोपती राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| २१. | लिख्मा राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| २२. | रामप्रसाद राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| २३. | छुन्का राना | रौतेली बिचुवा- ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| २४. | शिवचरण राना | रौतेली बिचुवा- ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| २५. | चुटकन्ना राना | रौतेली बिचुवा- ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| २६. | सुकि राना | रौतेली बिचुवा- ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| २७ | इन्द्रासिन राना | रौतेली बिचुवा- ७, इमिलिया, कञ्चनपुर | रु. ९,०००/– (नौ हजार मात्र) |
| २८. | धुकुदेवी राना | रौतेली बिचुवा- ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| २९. | कलावती राना | रौतेली बिचुवा- ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ३०. | द्रोपती राना | रौतेली बिचुवा- ७, इमिलिया, कञ्चनपुर | रु. ३,०००/– (तीन हजार मात्र) |
| ३१. | डम्मरलाल राना | रौतेली बिचुवा- ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ३२. | रामकुमारी राना | रौतेली बिचुवा- ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |

| | | | |
|---|---|---|---|
| ३३. | लवरा राना | रौतेली बिचुवा- ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– दस हजार मात्र) |
| ३४. | तौला राना | रौतेली बिचुवा- ७, इमिलिया, कञ्चनपुर | रु. ७,०००/– (सात हजार मात्र) |
| ३५. | जमुना राना | रौतेली बिचुवा- ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ३६. | कनैया राना | रौतेली बिचुवा- ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ३७. | रामभरोषा राना | रौतेली बिचुवा- ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ३८. | टाले राना | रौतेली बिचुवा- ७, इमिलिया, कञ्चनपुर | रु. ५,०००/– (पाँच हजार मात्र) |
| ३९. | द्रेप राना | रौतेली बिचुवा- ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ४०. | घोटोलाल राना | रौतेली बिचुवा- ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ४१. | लोकेन्द्र राना | रौतेली बिचुवा- ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ४२. | कैदी राना | रौतेली बिचुवा- ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ४३. | खुसिराम राना | रौतेली बिचुवा- ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ४४. | सालिकराम राना | रौतेली बिचुवा- ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ४५. | सविर राना | रौतेली बिचुवा- ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ४६. | भजन राना | रौतेली बिचुवा- ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ४७. | झावती राना | रौतेली बिचुवा- ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ४८. | विरछी गिरी | रौतेली बिचुवा- ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ४९. | दत्तु राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ५०. | इन्द्रा राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. ८,०००/– (आठ हजार मात्र) |
| ५१. | झिग्गर राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ५२. | मधोवर राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ५३. | श्री राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ५५. | शानति राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. ५ ,०००/– (पाँच हजार मात्र) |
| ५६. | रामभरेषा राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ५७. | रिदु राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ५८. | सुका डगौंरा | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ५९. | भगतराम राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ६० | उपदिय डगौरा | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ६१. | मान सिंह राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ६२. | सोनय राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ६३. | सथेहरा राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ६४. | सुरकला राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ६५. | सरस्वती राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ६६. | सुन्दरदेवी राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ६७. | मानवती राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ६८. | राम दुलारी राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ६९. | वासु राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ७०. | आनन्द राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ७१. | नन्दलाल विष्ट | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ७२. | रामकुमारी राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ७३. | नन्दलाल राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ७४. | हेमराज राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ७५. | बलबहादुर राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ७६. | धुम्मन राना | रौतेली बिचुवा- ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |

| | | | |
|---|---|---|---|
| ७७. | फखी राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ७८. | सेम्बती राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ७९. | कल्लु राना | रौतेली बिचुवा- ७, इमिलिया, कञ्चनपुर | रु.१०,०००/– (दस हजार मात्र) |
| ८०. | सुरेश राना | रौतेली बिचुवा- ७, इमिलिया, कञ्चनपुर | रु.१०,०००/–(दस हजार मात्र) |
| ८१. | मिना राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु.१०,०००/– (दस हजार मात्र) |
| ८२. | फुमा राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु.१०,०००/– (दस हजार मात्र) |
| ८३. | धोके राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ८४. | साहिवा राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ८५. | राधेश्याम राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ८६. | बुद्धि राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ८७. | भज्जी राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ८८. | इन्द्र राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ८९. | रती राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |
| ९०. | गोमती राना | रौतेली बिचुवा ७, इमिलिया, कञ्चनपुर | रु. १०,०००/– (दस हजार मात्र) |

७७४. न्यायप्रशासन/हिँसा, प्रदेश नं. १ कार्यालय विराटनगर, मोरङ जिल्ला दादरवैया ७ घर भई ऐ. विराटनगर उमनपा ६ मा वासुदेव कोइरालाका घरमा काम गरी बस्ने ज्योति सरदारलाई निज वासुदेव कोइरालाले दुई वर्षदेखि पटक पटक बलात्कार गरेको भनी प्रकाशित समाचारलाई SUO-MOTO का रूपमा उजुरी ग्रहण गरी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सोही विषयमा अदालतमा मुद्दा चली फैसलासमेत भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७७५. भारतीय सुरक्षाकर्मीद्वारा हत्या, प्रदेश नं. १ कार्यालय विराटनगर, मोरङ जिल्ला अमाहीवरियाती गाविस वडा नं. ७ निवासी बासुदेव साहलाई मिति २०६७/०२/११ गते भारतीय एसएसवीका (भारतीय सुरक्षा बल) का सुरक्षाकर्मिहरूले नेपाल भारत सीमाको दसगजा सिमाको नजिकै नेपालको भूभागभित्र प्रवेश गरी गोली हानी हत्या गरेको घटनाको सम्बन्धमा आयोगबाट स्वविवेकमा उजुरी ग्रहण गरी अनुसन्धान हुँदा भारतीय एसएसवी (भारतीय सीमा सुरक्षा बल) का जवानहरू विभिन्न बहानामा नेपालको सीमा क्षेत्रभित्र प्रवेश गरी नेपाली नागरिकहरूलाई दुःख दिने गरेको र मिति २०६७/२/११ गते भारतीय एसएसवी (भारतीय सीमा सुरक्षा बल) का इन्सपेक्टर हितेन्द्र सिंह र तत्कालीन समयका मोरङ जिल्ला अमाही प्रहरी चौकीका प्रहरी हबल्दार शम्भु चौधरीबिच झगडा भएकोमा सो झगडा छुट्याउन भनी निज बासुदेव साह गएकोमा नेपालको भूभाग मोरङ जिल्ला अमाहीवरियती गाविस वडा नं. ७ स्थित खयरवना भन्ने स्थापना भारतीय एसएसवीका इन्स्पेक्टर हितेन्द्र सिहं र जवान मदन सिंह सोडारसमेत भई गोली हानी निज वासुदेव साहको हत्या गरेको पाइयो । उल्लिखित अवस्थाबाट भारतीय सीमा क्षेत्रमा बसोबास गर्ने नेपाली नागरिकहरू भारतीय एसएसवी (भारतीय सीमा सुरक्षा बल) का सुरक्षाकर्मीहरूबाट बढी पीडित भएको पाइएकाले भारतको सिमा क्षेत्रमा बसोबास गर्ने नेपाली नागरिकहरूको बाँच्न पाउने हक र सुरक्षाजस्तो संवेदनशील विषयमा नेपाल सरकारले कूटनीतिक प्रयासबाट समस्या समाधान गर्न नेपाल सरकारलाई सिफारिस गर्ने साथै उल्लिखित घटनाको सम्बन्धमा उचित पहल गरी नेपाल भारत सीमामा बसोबास गर्ने नागरिकहरूको मानव

अधिकार संरक्षण गर्न राष्ट्रिय मानव अधिकार आयोग भारतसमक्ष अनुरोध गर्ने निर्णय गरियो ।

७७६. बालअधिकार/अपाङ्गता अधिकार, प्रदेश नं. १ कार्यालय विराटनगर, मिति २०७३/५/२२ गतेको ब्लाष्ट टाइम्स दैनिकमा "सलको दाम्लोमा अपाङ्ग बालक" प्रकाशित समाचारलाई उजुरीका रूपमा स्वविवेकमा उजुरी ग्रहण गरी अनुसन्धान हुँदा मोरङ जिल्ला बेलवारी नगरपालिका वडा नं. ४ जुनु राउतको ६ वर्षीय छोरा जन्मजात अपाङ्गता भएको, सुस्त मनस्थितिको समेत रहका कारण हजुरबुबा हजुरआमाले सलको डोरीले बाँधेर घरमा राख्ने गरेको पाइयो । अपाङ्गता भएको व्यक्तिहरूको अधिकार सम्बन्धमा आयोगबाट मिति २०७४/११/२ गते नीतिगत सिफारिस गर्ने भनी निर्णय भई मिति २०७४/४/२३ मा नेपाल सरकारलाई विस्तृत रूपमा सिफारिस गरिसकेको हुँदा सो कार्यान्वयनका लागि पहल गर्ने र प्रस्तुत उजुरीको कार्यबाही टुङ्गयाई तामेलीमा राख्ने निर्णय गरियो ।

७७७. अपाङ्गगताको अधिकार, प्रदेश नं.१ कार्यालय विराटनगर, मोरङ जिल्ला साविक इन्द्रपुर वडा नं. ३ हाल कोसी हरैचा नपा घर भएका प्रवीण गिरी नाबालक रहेको अवस्थामा मिति २०५९ सालमा विराटचोक निर बम पडकिँदा सो बमको आवाजले आमाको काखबाट भुइमा झरी बेहोस भएको र पछि होसमा आएपछि मानसिक अपाङ्गता भएको हुँदा निजको अधिकार संरक्षणका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धमा आयोगबाट मिति २०७३/५/२९ र २०७४/११/२ मा विस्तृत रूपमा नीतिगत सिफारिस भइसकेकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्गयाई तामेलीमा राख्ने निर्णय गरियो ।

७७८. बाल अधिकार, प्रदेश नं. १ कार्यालय विराटनगर, इलाम जिल्ला साखेजुङ गाविस वडा नं. - १, २ र ३ स्थित श्री जनता आधारभुत विद्यालयको प्राङ्गणमा रहेको विद्युत्का पोलहरू अत्यन्त जीर्ण रहेको जसबाट बालबालिकाहरू जुनसुकै समयमा पनी जोखिममा पर्न सक्ने भनी सरोकारवाला निकायहरूमा पटक-पटक ध्यानाकर्षण गराउँदा चासो नदिएकाले आवश्यक पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल उक्त पोलहरू फेरी नयाँ राखी सकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्गयाई तामेलीमा राख्ने निर्णय गरियो ।

७८९. न्यायप्रशासन, प्रदेश नं.१ कार्यालय विराटनगर, धनकुटा जिल्ला चानुवा गाविस वडा नं. १ बस्ने भीमबहादुर चापागाई मिति २०७३/२/१८ गते राती ९:३० बजेको समयमा चानुवा -६ बाट हराएकोमा खोजतलासका लागि जिल्ला प्रहरी कार्यालय धनकुटामा उजुरी गरेकोमा कुनै चासो नदिएको हुँदा आवश्यक पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको सम्बन्धमा जिल्ला प्रहरी कार्यालय धनकुटाबाट सो घटनाका सम्बन्धमा हाल अनुसन्धान कार्य जारी रहेको भनी पठाएको पत्र मिसिल संलग्न रहेका पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्गयाई तामेलीमा राख्ने निर्णय गरियो ।

७८०. दसगजा क्षेत्रमा गुम्बा निर्माण, प्रदेश नं. १ कार्यालय विराटनगर, भारतले नेपाल भारतको

सीमा क्षेत्र दसगजा भित्र पर्ने इलाम जिल्लाको पशुपतिनगर ४ फाटक र भारतको राङवाङग्राम क्षेत्रमा पुरानो काठको गुम्बा भत्काई नयाँ गुम्बा बनाउने तयारी गरिरहेको समचारको सम्बन्धमा स्वविवेकमा उजुरी ग्रहण गरी अनुसन्धान भई प्राप्त हुन आएको उजुरी फाइलको सम्बन्धमा छलफल हुँदा भारतको उक्त कार्यले को-कसको कस्तो मानव अधिकार उल्लङ्घन हुन गएको भन्ने स्पष्ट नभएको साथै हाल उक्त निर्माण कार्य नभएको भन्ने पाइएको हुँदा मानव अधिकार उल्लङ्घन समावेश नभएको प्रस्तुत उजुरी खारेज गर्ने निर्णय गरियो ।

७८१. बेपत्ता/हत्या, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, सोलुखुम्बु जिल्ला कांगेल -५ निवासी दिलबहादुर राई आमाको उपचार गर्न र पेन्सन लिन भनी मिसन अस्पताल ओखलढुङ्गा गई फर्कने क्रममा बिच बाटोबाट हराई हालसम्म फर्केर नआएको र पछि खोजतलास गर्ने क्रममा पंचन गाविस १ स्थित भन्ज्याङमा हिडिरहको अवस्थामा सुरक्षाफौजको गस्ती टोलीले पक्राउ गरी गोली हानी हत्या गरेको भन्ने स्थानीय व्यक्तिहरूबा। बुझिएकाले निजको शवोत्खनन गरी पहिचान गरिपाऊँ भनी दर्ता भएको उजुरीको निर्णयका लागि पेस हुँदा अनुसन्धान टोलीको निष्कर्ष र सुझावसहितको प्रतिवेदन तयार गरी बाँकी अनुसन्धान सम्पन्न गरी एक महिनाभित्र पुनः पेस गर्ने ।

७८२. पारिवारिक हिँसा, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, खोटाङ जिल्ला बराहा पोखरी गाविस १ घर भएकी रञ्जना श्रेष्ठको श्रीमान् भुवन श्रेष्ठले दोस्रो विवाह गरी निज रञ्जना श्रेष्ठलाई कुटपिट गरी हिँसा गरी घरबाट समेत निकाला गरेको हुँदा न्याय पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा पीडितले सर्वोच्च अदालतमा मुद्दा हाल्ने तयारी गरिरहेको भन्ने मिसिल संलग्न टिप्पणीमा उल्लेख भएको तर के कस्तो मुद्दा हाल्ने तयारी गरेको हो ? हालसम्म मुद्दा हाल्यो हालेन भन्ने नखुलेको हुँदा पीडितसँग बयान लिई उक्त ब्यहोरा खुलाई पुनः पेस गर्ने ।

७८३. बेपत्ता (भारतीय सुरक्षाकर्मीद्वारा) प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला कुभ्भिर गाविस वडा नं. ३ निवासी दीपेन्द्र राई उपचारका लागि मिति २०६१/११/१७ गते भारतको उत्तरप्रदेशस्थित जयनगर गएको अवस्थामा भारतीय सुरक्षाकर्मीहरूले पक्राउ गरी बेपत्ता बनाएको भनिएकाले निजको जीवनरक्षाका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको निर्णयका लागि पेस भएकोमा बेपत्ता भनिएका दीपेन्द्र राई बङ्गालको जेलमा रहेको भनी निजको बुबाले जानकारी गराएको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७८४. विस्थापित, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, खोटाङ जिल्ला लिकुवा पोखरी गाविस वडा नं. ८ निवासी जगत्बहादुर कार्कीको घरजग्गा नेकपा (माओवादी)-का कार्यकर्ताहरूले २०६२ सालदेखि कब्जा गरी विस्थापित बनाएकाले पुनः स्थापनाका लागि पहल गरी क्षतिपूर्तिसमेत दिलाई पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा हाल निजको घरजग्गा फुकुवा भई पुनःस्थापित भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७८५. सम्पत्ति लुटपाट /विस्थापित, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, खोटाङ जिल्ला डाँडागाउँ गाविस वडा नं. ८ निवासी अर्जुनकुमार रोक्काको घरमा मिति २०६२/०२/२१ गते नेकपा (माओवादी)-का कार्यकर्ताहरू आई घरमा भएको सम्पूर्ण चल-अचल सम्पत्ति लुटपाट गरी घरजग्गाकब्जा गरी विस्थापित बनाएकाले लुटिएको सम्पत्ति फिर्ता गराई क्षतिपूर्ति दिलाई दोषीलाई कार्यबाही गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा नागरिक राहत तथा क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०६६ बमोजिम मूल्याङ्कन भएको रुं ३९,७५,०००/– (उनान्चालिस लाख पचहत्तर हजार मात्र) रकम क्षतिपूर्ति नपाएको भनी पीडितले जानकारी गराएको निवेदन मिसिल संलग्न पाइयो । तर, सो मूल्याङ्कन मुचुल्का भने संलग्न नपाइएकाले पीडित अर्जुनकुमार रोक्काबाट सो मुचुल्का माग गरी साथै सो मूल्याङ्कन बमोजिम पीडितले राहत क्षतिपूर्ति पाए नपाएको सम्बन्धमा गृह मन्त्रालयमा पत्राचार गरी जवाफ प्राप्त भएपछि वा म्याद नाघेपछि पुनः पेस गर्ने ।

७८६. न्यायप्रशासन, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला मुलाखर्क गाविस वडा नं. २ निवासी दिर्गबहादुर खत्रीलाई मिति २०६३/१२/२ गते माओवादी कार्यकर्ताहरू ओखलढुङ्गा निवासी इतिहास भनिने सुरेश थापा र चन्द्रप्रकाश भनिने च्वाँचे बोगटी समेतले अपहरण गरी कुटपिट गरी चरम शारीरिक तथा मानसिक यातना दिएकाले दोषीलाई कार्यबाही गरी क्षतिपूर्ति दिलाई पाऊँ भनी दर्ता भएको उजुरीको अनुसन्धान भई निणयार्थ पेस भएकोमा जिल्ला प्रशासन कार्यालय ओखलढुङ्गाको मिति २०६६/११/२५ च.नं. ८३९ को पत्रद्वारा पीडित दिर्गबहादुर खत्रीको रुं ९७,५००/- ( सन्तानव्वे हजार पाँच सय) बरबारको क्षति भएकाले सो क्षतिको क्षतिपूर्ति उपलब्ध गराउन शान्ति तथा पुनःनिर्माण मन्त्रालय राहत तथा पुनः स्थापना इकाइलाई अनुरोध गरेको पाइँदा सो पत्रबमोजिम रकम क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलगन दोषी तत्कालनि नेकापा माओवादीका कार्यकर्ताहरू ओखलढुङ्गा निवासी इतिहास भनिने सुरेश थापा र चन्द्रप्रकाश भनिने च्वाँचे बोगटीलाई कानुनबमोजिम कार्यबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

७८७. बेपत्ता, प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, ओखलढुङ्गा जिल्ला ओखलढुङ्गा जिल्ला - ७ कटारी निवासी यज्ञबहादुर खत्री मिति २०६४/३/६ गते विराटनगरस्थित रानीबाट हराएको हालसम्म फर्की नआएकाले खोजतलासका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सोसम्बन्धमा जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गाबाट खोजतलास भइरहेको, अनुसन्धान जारी रहेको भन्ने पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७८८. बमको छर्रा लागी घाइते, प्रदेश नं. २ कार्यालय जनकपुर, बारा जिल्ला पिप्रा गाविस वडा नं. ६ वसतपुर, स्थायी घर भई कलैया नपा वडा नं..-५ रामजानकी टोल बस्ने वसन्ती चौधरीलाई मिति २०६२/११/२६ गते माओवादीद्वारा सुरक्षाकर्मीलाई लक्षित गरी बम विष्फोट गराउँदा सो बमको छर्रा लागी घाइते भएकाले उपचारको व्यवस्थाको साथै क्षतिपूर्ति उपलब्ध गराउन र दोषीलाई कार्यबाहीका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान

हुँदा मिति २०६२/११/२५ गते बारा जिल्लाको कलैया नपा ५ स्थित रामजानकी टोलमा सुरक्षाकर्मीलाई लक्षित गरी माओवादी कार्यकर्ताहरूले विष्फोट गराएको बमको छर्रा लागी निज पीडित वसन्ती चौधरी घाइते भएको, हालसम्म पनि निजको शरीरमा बमका छर्रा रही थप उपचार समेत आवश्यक रहेको पाइएकाले पीडित बसन्ती चौधरीलाई क्षतिपूर्ति बापत रु. १,००,०००/- (एक लाख मात्र) उपलब्ध गराउन, निजको थप उपचार आवश्यक भएमा सम्पूर्ण उपचार निःशुल्क गर्न र घटनामा संलग्न दोषी तत्कालीन माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

७८९. अपहरण अज्ञात समूहबाट, प्रदेश नं. २ कार्यालय जनकपुर, बारा जिल्ला निजगढ गाविस वडा नं. ८ निवासी इन्द्रलाल चौलागाईलाई ऐ.ऐ. बस्ने भीम श्रेष्ठ मिति २०६९/६/२५ गते वनमा गएको वेलामा ३ जना समूहले अपहरण गरी फिरौती माग गरेको सम्बन्धमा इलाका प्रहरी कार्यालय निजगढ र जिल्ला प्रहरी कार्यालय कलैया बारामा उजुरी गरी पटक पटक ताकेता गर्दा समेत कुनै चासो नदेखाएकाले आवश्यक पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा सो घटनाको सम्बन्धमा इलाका प्रहरी कार्यालय निजगढ र जिल्ला प्रहरी कार्यालय कलैया बारामा उजुरी गरेको भन्ने देखिँदा हाल उक्त उजुरीहरूमा प्रहरी अनुसन्धान के-कस्तो भइरहेको छ ? घटनामा संलग्न कोही पक्राउ परे की परेनन् ? भन्ने सम्बन्धमा जिल्ला प्रहरी कार्यालय बारामा पत्राचार गरी जवाफ प्राप्त भएपछि वा म्याद नाघेपछि पुनः पेस गर्ने निर्णय गरियो ।

७९०. धम्की, प्रदेश नं. २ कार्यालय जनकपुर, बारा जिल्ला निजगढ गाविस वडा नं. ८ निवासी इन्द्रलाल चौलागाई र भीमलाल श्रेष्ठको अपहरण भएको सम्बन्धमा प्रहरीको भूमिका प्रभावकारी र निष्पक्ष नभएको भनी प्रकाशित समाचारको विषयलाई लिएर कान्तिपुर समाचारकर्मी उपेन्द्र ठाकुरलाई जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख प्रहरी उपरीक्षक दानसिंह बोहोराले ज्यानमार्ने धम्की दिएकाले मानव अधिकारको संरक्षण गरिपाऊँ भनी दर्ता भएको उजुरी निर्णयार्थ पेस हुँदा उक्त समयमा प्रहरी प्रमुखबाट पत्रकार महासङ्घसहित विभिन्न सङ्घसंस्थाहरू मिली आन्दोलन स्थगितसमेत भएको पाइयो । सोही सन्दर्भमा पत्रकारहरू र प्रहरीहरूबिच वार्ता भई प्रहरी तर्फबाट माफी मागेपछि आन्दोलन स्थागितसमेत भएको देखिन्छ । तसर्थ, वर्तमान समयमा सो विषयमा समस्या समाधान भई हाल अवस्था सामान्य रहको र पीडित उपेन्द्र ठाकुरलाई सोही कारण कुनै क्षति नभएको साथै स्वतन्त्र पत्रकारिता गर्ने कार्यमा कुनै बाधाअवरोधसमेत नभएको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७९१. हत्या, प्रदेश नं. २ कार्यालय जनकपुर, वारा जिल्ला महेन्द्र आदर्श गाविस वडा नं. १ निवासी जोगेन्द्रप्रसाद यादवलाई मिति २०६१/९/५ गते सेना र प्रहरीको टोलीले नियन्त्रणमा लिई बारा जिल्लाको च्युटाहास्थित पैनीमा लगी गोली हानी हत्या गरेकाले दोषीलाई कार्यबाही गरी क्षतिपूर्ति दिलाई पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज जोगेन्द्रप्रसाद यादवलाई मिति २०६१/९/५ गते बिहान ऐ. स्थित आफन्तको घरबाट तत्कालीन संयुक्त सुरक्षाफौजको टोलीले नियन्त्रणमा लिई बारा जिल्ला इनर्वामालको खजुरिया र वात्राबिचको

स्थानमा गोली हानी हत्या गरेको पाइएकाले पीडित परिवारलाई रु. ३,००,०००/- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

७९२. कुटपिट/यातना, प्रदेश नं. २ कार्यालय जनकपुर, बारा जिल्ला बेलदारी गाविस वडा नं. ७ निवासी लोकनाथ यादव समेतको व्यक्तिहरूलाई निजको घर खनतलासी गर्ने क्रममा मिति २०६६/५/६ गते सशस्त्र प्रहरीको टोली घरमा प्रवेश गरी जथाभावी कुटपिट गरी दुर्व्यवहार गरेकाले छानबिन गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा मिति २०६६/५/६ गते निज लोकनाथ यादवको घरमा सशस्त्र प्रहरी निरीक्षक तेजराम शर्माको नेतृत्वमा एक टोली प्रवेश गरी निज लोकनाथ यादव, निजका छोराहरू जयप्रकाश यादव, ओमप्रकाश यादव, सोमप्रसाद यादव र बारा जिल्ला बेलदारी गाविस वडा नं. ७ बस्ने सुन्दरदेवी यादवलाई कुटपिट गरी दुर्व्यवहार गरेको पाइयो । घटनामा संलग्न सशस्त्र प्रहरी निरीक्षक तेजराम शर्मालगायतलाई विभागीय कार्यबाही भइसकेको पाइएकाले सोतर्फ केही नगरी घटनामा पीडित बारा जिल्ला बेलदारी गाविस वडा न. ७ बस्ने लोकनाथ यादव, जयप्रकाश यादव, ओमप्रकाश यादव, सोमप्रसाद यादव र सुन्दरदेवी यादव गरी पाँच जनालाई जनही रु. २५,०००/- (पच्चिस हजार मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

७९३. हत्या, प्रदेश नं. २ कार्यालय जनकपुर, बारा जिल्ला इनार्वामाला गाविस वडा नं. २ बस्ने वीरेन्द्र गिरीलाई मिति २०५८/९/३ गते घरमा बसिरहेको बेलामा नेकपा (माओवादी)-का मोटरसाइकलमा आएका २ जना व्यक्तिले कोठामा नै गोली हानी हत्या गरेकाले दोषीलाई कार्यबाही गरी क्षतिपूर्ति दिलाई पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा मिति २०५८/०९/३ गते नेकपा (माओवादी)-का कार्यकार्तहरूले निहत्था बसिरहेको अवस्थामा बारा जिल्ला इनर्वामाल गाविस वडा नं. २ बस्ने वीरेन्द्र गिरीलाई गोली हानी हत्या गरेको पाइएकाले हत्यामा संलग्न तत्कालीन माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न र रु.२,००,०००/- (दुई लाख मात्र) राहत/क्षतिपूर्ति पाइसकेको देखिएकाले बाँकी रु.१,००,०००/- (एक लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

७९४. हत्या, प्रदेश नं. २ कार्यालय जनकपुर, बारा जिल्ला बन्जरिया गाविस वडा नं. ९ बस्ने रहमतुल्लाहा अन्सारीलाई मिति २०६५/१०/१० गते बारा जिल्ला दक्षिण झिटकैया गाविस वडा नं. ५ मा सादा पोसाकका घुमुवा प्रहरीले गोली हानी हत्या गरेकाले घटनाको छानबिन गरी दोषीलाई कार्यबाही र पीडित परिवारलाई क्षतिपूर्तिका लागि पहल गरी पाउन दर्ता भएको उजुरीको अनुसन्धान हुँदा मिसिल संलग्न कागजातहरूबाट मृतक रहमतुल्लाहा अन्सारीको नाम तवरेज अन्सारी र मुन्ना समेत रहको भन्ने उल्लेख भएको पाइन्छ । त्यस्तैगरी जिल्ला प्रहरी कार्यालय बाराको च.नं. ८२४८ मिति २०६५/१२/२३ गतेको पत्रबाट आयोगलाई जानकारी, शव परीक्षण प्रतिवेदन र घटनास्थल तथा लासजाँच मुचुल्का उपलब्ध गराउदा मुन्ना भनिने तवरेज अन्सारी मात्रै उल्लेख भएको सन्दर्भमा जिल्ला प्रहरी कार्यालय बाराले पठाएको

जानकारी शव परीक्षण प्रतिवेदन र घटनास्थल मुचुल्का निज रहमतुल्लाहा अन्सारीको हो-होइन ? यकिन गरी पठाउन जिल्ला प्रहरी कार्यालय बारालाई पत्राचार गरी जवाफ प्राप्त भएपछि वा म्याद नाघेपछि पुनः पेस गर्नू ।

७९५. बेपत्ता/हत्या, प्रदेश नं. २ कार्यालय जनकपुर, काभ्रेपलान्चोक जिल्ला ठुलो पर्सेल गाविस वडा नं. ५ निवासी गणेशप्रसाद मैनालीलाई मिति २०६०/८/६ गते बारा जिल्लाको निजगढबाट नियन्त्रणमा लिई बेपत्ता पारेकाले खोजनीति गरी छुटकारा दिलाई पाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा निज मृतक गणेशप्रसाद मैनालीलाई मिति २०६०/८/१६ गते बारा जिल्लाको निजगढ इलाकाबाट सुरक्षाकर्मीले नियन्त्रणमा लिई त्यसको केही दिनपछि गोली हानी हत्या गरेको पाइएकाले घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानुनबमोजिम कार्यबाही गर्न र मृत्तकका हकवालालाई रु. ३,००, ०००/- (तीन लाख मात्र) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

७९६. बेपत्ता/हत्या, प्रदेश नं. २ कार्यालय जनकपुर, बारा जिल्ला बेनौली गाविस वडा नं. २ बस्ने रामानन्द सहनीलाई मिति २०६०/९/२५ गते स्थानीय पकडिया बजारबाट सुरक्षाकर्मीहरूले पक्राउ गरी बेपत्ता बनाएकाले निजको जीवनरक्षाका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरी निर्णयार्थ आयोग समक्ष पेस भई छलफल हुँदा तत्कालीन समयमा रौतहट जिल्लाको वंकुल ब्यारेकमा कार्यरत सशस्त्र प्रहरी निरीक्षक रामाधारप्रसाद यादवको कमान्डमा आएको सुरक्षकर्मीहरूको टोलीले मिति २०६०/९/२५ गते बारा जिल्लाको स्थानीय पकडिया बजारबाट निज रामानन्द सहनीलाई पक्राउ गरेको भन्ने मिसिल संलग्न कागजातहरूबाट देखिएको तर अनुसन्धानको क्रममा निज सशस्त्र प्रहरी निरीक्षक रामाधर यादवलाई बुझिएको नदेखिँदा सशस्त्र प्रहरी बल मुख्यालयमार्फत निज सप्रनि रामाधारप्रसाद यादवको नाममा बन्द सवाल पठाई जवाफ प्राप्त भएपछि वा म्याद नाघेपछि पुनः पेस गर्नु ।

७९७. गैरकानुनी थुना, प्रदेश नं. २ कार्यालय जनकपुर, बारा जिल्ला पिप्रा सिमरा ५ निवासी राजन पौडेललाई मिति २०६०/१०/०७ गते पर्सा जिल्लाको वीरगन्जबाट सुरक्षाकर्मीले पक्राउ गरी नजरबन्दमा राखेकाले नजरबन्दबाट मुक्तका लागि सहयोग गिरिदिनुहुन भनी दर्ता भएको उजुरीको अनुसन्धान हुँदा निजलाई कानुनबमोजिम थुनामा राखेको हाल थुनामुक्त भइसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७९८. यातना, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला वनकट्टी गाविस वडा नं. ५ बस्ने बावुलाल चमारलाई मिति २०६७/६/७ गते इलाका प्रहरी कार्यालय कोहलपुरका सुरक्षकर्मीहरूले पक्राउ गरी कार्यालयमा लगी कुटपिट गरी यातना दिएकाले घटनाको छानबिन गरी न्याय पाऊँ भनी दर्ता भएको उजुरीको अनुसन्धान हुँदा यातना दिएको पुष्टि हुन नसकेकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

७९९. यातना, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला नेपालगन्ज नपा वडा नं. ६ निवासी सन्तोषकुमार वैश्यलाई मिति २०६६/४/१३ गते जिल्ला प्रहरी कार्यालय बाँकेका

सुरक्षाकर्मीहरूले हिरासतमा राखी यातना दिएकाले साथै भेटघाटसमेत गर्न नदिएकाले भेटघाट गर्न पाउनका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको अनुसन्धान हुँदा यातना पुष्टि हुन नसकेको पक्राउ परेपछि परिवारलाई भेटघाट गर्न दिइएको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

८००. गैरकानुनी थुना, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला वनकट्टी गाविस वडा नं. ४ निवासी पर्शु गोडियालाई मिति २०६६/२/२७ गते ऐ. वडा नं. ६ बाट प्रहरीहरूले पक्राउ गरी लगेको हुँदा आवश्यक छानबिन गरिपाऊँ भनी दर्ता भएको उजुरकिो अनुसन्धान हुँदा पक्राउ परेकै दिन निज पर्शु गोडिया छुटिसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

८०१. यातना, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, दैलेख जिल्ला स्थायी घर भई बाँके जिल्ला नेपालगन्ज नगरपालिका वडा नं. १६ बस्ने रमेश खत्रीलाई मिति २०६६/४/२३ गत राती ट्राफिक सँगको विवादको विषयलाई लिएर जिल्ला प्रहरी कार्यालय बाँकेको हिरासतमा राखी यातना दिएकाले घटनाको छानबिन गरी न्याय पाऊँ भनी दर्ता उजुरीको अनुसन्धान हुँदा यातना दिएको पुष्टि हुन नसकेकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

८०२. कुटपिट/यातना, प्रदेश नं. १ कार्यालय विराटनगर, झाँपा जिल्ला शनिश्चरे गाविस वडा नं. ८ निवासी दीपककुमार तामाङलाई मिति २०६१/११/७ गते आफ्नै घरबाट सेना र प्रहरीले प्रक्राउ गरी चारआली ब्यारेक झापामा लगी कुटपिट गरी यातना दिएकाले पीडकलाई कार्यबाही गरी क्षतिपूर्तिका लागि पहल गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयोगबाट अनुसन्धान हुँदा यातना दिएको पुष्टि हुन नसकेकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

८०३. यातना, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला गनापुर गाविस वडा नं. ६ बस्ने जगन्नाथ लोनियालाई मिति २०६७/२/३० गते चोरीको आरोपमा जिल्ला प्रहरी कार्यालय बाँके र इलाका प्रहरी कार्यालय कोहलपुरको हिरासतमा राखी कुटपिट गरी यातना दिएको हुँदा घटनाको छानबिन गरिपाऊँ भनी दर्ता भएको उजुरीको आयेगबाट अनुसन्धान हुँदा कुटपिट भएको वा यातना दिएको भन्ने पुष्टि हुन नसकेको पाइएकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

८०४. यातना, प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्ज, बाँके जिल्ला बाँके कारकादो गाविस वडा नं. १ बस्ने जोधी लोनियालाई मिति २०६८/१/१७ गते जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरीहरूले जथाभावी कुटपिट गरी यातना दिएकाले घटनाको छानबिन गरिपाऊँ भनी दर्ता भएको उजुरीको अनुसन्धान हुँदा यातना दिएको पुष्टि हुन नसकेकाले प्रस्तुत उजुरीको कार्यबाही टुङ्ग्याई तामेलीमा राख्ने निर्णय गरियो ।

## अनुसूची – ८

## आयोगबाट मानव अधिकारसम्बन्धी विविध विषयमा भएका निर्णय र सरकार एवम् सरोकारवालाहरूलाई गरिएका विषयगत सिफारिसहरू

### निर्मला पन्तको बलात्कारपछि हत्यासम्बन्धी घटना

**(क) मेडिको लिगल सम्बन्धमा**

- घटनास्थल तथा लासजाँच प्रकृति र मुचुल्का अस्पतालमा शव परीक्षणका लागि शव पठाउँदा घटनास्थल तथा लासजाँच प्रकृति मुचुल्काको प्रतिलिपि पठाउनुपर्दछ। घटनास्थलमा शवलाई ओल्टाई-पल्टाई हेर्ने गरिन्छ। सो क्रममा शव कतिको कडा छ ? शवको तल परेको भागमा भएको छालाको रङ परिवर्तन भएको छ वा छैन ? उक्त परिवर्तन भएको ठाँउमा थिच्दा रगत सरेर सेतो डाम देखा पर्दछ कि ? छालाको रङमा डाममात्र देखा पर्दछ ? तर सेतो हुँदैन भने सोहीअनुसारको विवरण उल्लेख गरी पठाउनुपर्ने हुन्छ, जसबाट शव भेटिएको समयभन्दा कति अगाडि मरेको हुन सक्छ ? भनी मृत्युको समय अन्दाज गर्न पर्याप्त सहयोग गर्दछ। घटनास्थलबाट शव उठाएर अस्पतालसम्म पुऱ्याउँदा हातखुट्टा वा शरीरका विभिन्न भागमा भएको कडा अवस्था खुकुलो भइसक्ने हुँदा पनि मृत्युको समय अन्दाज गर्न कठिन हुन्छ। झट्ट हेर्दा नै गम्भीर प्रकृतिको हत्याजस्तो देखिने निर्मला पन्तको मृत्युजस्तो अवस्थामा माथि उल्लिखित दुवै अवस्था (कडापन र हाइपोस्टयासिस अर्थात् छालाको रङको परिर्वतनले अझ बढी महत्त्व राख्दछ र मृतकले केही समातेको वा पकडेको छ/छैनजस्ता लक्षण पनि घटनास्थलमै लास पाइएको स्थानमा देखिने कुरा हुन्। यस्ता सम्पूर्ण तथ्यहरू खुलाई घटनास्थल तथा लासजाँच प्रकृतिर मुचुल्का तयार गरिएको हुनुपर्दछ।
- त्यसैगरी शरीरमा भएका चोटपटकहरू एक एक गरी सबै अभिलेखीकरण गर्नुपर्दछ। अनुसन्धानका क्रममा विभिन्न चरणमा खिचिएका फोटाहरू हेर्दा अनुहार, घाँटी, दुवै पाखुरा, दुवै तिघ्रा, पेटको भाग तथा खुट्टाहरूमा चोटपटकहरू देखिन्छन्।
- तर, माथि दुवै प्रकरणहरूमा उल्लिखित चोट पटकलागायत अन्य सबै लक्षण तथा विवरणहरू घटनास्थल तथा लासजाँच मुचुल्कामा अभिलेखीकरण गरिएको पाइएन।
- शव परीक्षण प्रतिवेदन सरकारी मुद्दासम्बन्धी नियमावलीको अनुसूची ९ मा भएको ढाँचामा तयार गरिएको छ, तर जिप्रकाबाट प्रिन्ट गरी लगेको फरम्याट भएकाले विभिन्न लक्षणहरू लेख्नुपर्ने ठाउँमा स्थान अभावले खाली ठाउँ खोज्दै छोटकरीमा लेखिएको पाइन्छ। शव परीक्षणका क्रममा शरीरमा भएका र फुकाली ल्याइएका कपडाहरूको सूचीसम्म बनाइएको छ तर हरेक कपडाको बिस्तृत व्याख्या भने गरिएको देखिँदैन। कर्तव्य ज्यानजस्तो शङ्कास्पद मृत्युको शव परीक्षणमा मृतकका कपडाहरूको समेत गहिरो अवलोकन गरी च्यातिएको, घस्रिएको, केही लागेको आदि सबै अभिलेखीकरण गरी दिएमा त्यस्ता सूचनाले मृतकले प्रतिकार गरे-नगरेको अन्दाज गर्न वा जानकारी पाउन मद्दत हुने हुनाले यी सबै विवरण उल्लिखित भएको पाइएन

यसबाट मृत्युका कारणलगायत अन्य निष्कर्षमा पुग्न नसकेको अवस्था छ।

- मृत शरीरको बाहिरी जाँचको सिलसिलामा घटनास्थलमा मुचुल्का गर्दा हेर्नुपर्ने भनिएका लक्षणहरू, जस्तोः शरीरको कुन-कुन भाग कति कडा छन् वा छैनन्, शरीरको कतापट्टि रगत थिग्रिएको देखिन्छ र उक्त थिग्रिएको ठाउँमा थिच्दा डाममात्र बस्दछ कि रगत सरेर सेतोडाम देखिन्छ ? आदिका बारेमा जाँच गरी अभिलेखीकरण गर्नुपर्नेमा सो गरिएको देखिँदैन। रगत थिग्रिएको देखिन्छ सम्म भनिएको छ तर कतापट्टि र कस्तो भन्ने लक्षणहरू उल्लेख गरिएका छैनन्। यसले गर्दा मृत्युको समयको अन्दाज गर्न सकिने अवस्था रहँदैन।
- शव परीक्षणका क्रममा शरीरको बाहिरी भागमा देखिएका चोटपटकहरू प्रतिवेदनमा उल्लेख गरिएका देखिन्छन्। साथै, सो क्रममा ३६ वटा फोटाहरू खिचिएका देखिन्छन्।
- गम्भीर प्रकृतिका कर्तव्य गरी मारिएका शवहरूको चिकित्सकीय जाँच गर्दा हरेक चोटपटकको विस्तृत विवरण दिन अनिवार्य हुन्छ। धेरै वटा चोट मात्र भन्नुभन्दा कति सङ्ख्यामा कस्ता चोट कुन ठाउँमा छन् भनी अभिलेखीकरण भएमा सो घटनाको पुनर्संरचना (Reconstruction) गर्न मद्दत पुग्दछ। यसका लागि घटनास्थल तथा लासजाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनमा उल्लेख गरिएका लक्षणहरू मुख्य आधार हुन्। प्रस्तुत घटनामा आधारभूत तालिम तथा सामान्य ज्ञानका सिद्धान्तको प्रयोग आवश्यकताअनुसार प्रयोग गरिएको पाइँदैन। शव परीक्षण प्रतिवेदनमा मृत्युका कारण त्जचयततष्लिन अर्थात् हातले घाँटी अठ्याएर मारेको भनी निर्क्यौल निकालिएको छ। यस्तो निर्ष्कषका लागि चाहिने पर्याप्त आधारहरू प्रतिवेदन तथा फोटाहरूमा उल्लेख गरिएका छन्। तथापि, अन्य थप सम्भावित लक्षणहरू र लेखिएका लक्षणहरूको समेत थप स्पष्टता नभएका कारण २४ घण्टाभित्र मृत्यु भएको भनी दिइएको राय कानुनी चिकित्सा विज्ञानका सिद्धान्तले पुष्टि गरेको पाइएन।

(ख) **DNA सम्बन्धमा**

- मृतक निर्मला पन्तको शरीरबाट डिएनए परीक्षणका लागि Vasinal Swab लगायतका नमुनाहरू सङ्कलन गर्दा सिन्कोमा बेरिएको कपासबाट नमुना सङ्कलन गरिएको पाइयो। यस्तो सङ्कलन प्रक्रिया पूर्णतः दोषमुक्त छ भनी भन्न नसकिने। यसरी सङ्कलन गरी टेस्टट्युबमा राख्दा पर्याप्त मात्रामा डिएनए सङ्कलन नहुने र डिएनए ह्रास हुँदै जाने, नष्ट हुन सक्ने, परिणाम सही नआउनेजस्ता समस्या रहेको पाइयो। मूलतः नमुनाहरू सङ्कलन प्रक्रिया नै त्रुटिपूर्ण रहेको पाइयो।
- जिल्ला प्रहरी कार्यालय, कञ्चनपूरको मिति २०७५।४।१५ गतेको पत्रमार्फत मृतक निर्मला पन्तबाट सङ्कलित Low, Mid / High vaginal swab नमुना केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला, सामाखुसीमा पुरुष वीर्य भए-नभएको, भए एक वा धेरै व्यक्तिको भएको तथा व्यक्ति पहिचानका लागि डिएनए परीक्षणका लागि अनुरोध भएको पाइयो।
- हाल तीन किसिमका डिएनए परीक्षण प्रचलित छ। ती हुन् : अटोसोमल एसटिआर (Autosomal STR), वाइ एसटिआर (Y-STR) तथा माइटोकोन्ड्रियल सिक्वेन्सिङ (Mitochondrial sequencing)। कुनै पनि दुई व्यक्तिमा समान नहुने अटोसोमल एसटिआर अपराधी पहिचानमा

गरिने मुख्य डिएनए परीक्षण हो । पुरुषमा मात्र हुने वाई एसटिआर जबरजस्ती करणी केसमा प्रभावकारी हुन्छ । तर, कैयौ पुरुष पुस्ताका सदस्यहरूबिच एकैनास हुने वाई एसटिआरबाट निश्चित व्यक्ति यकिन गर्न सम्भव हुँदैन । माइटोकोन्ड्रियल सिक्वेन्सिङ अत्यधिक बिग्रिएका (Degraded) नमुना परीक्षणमा महत्त्वपूर्ण हुन्छ तर यो परीक्षणबाट समेत विश्वसनीय ढङ्गबाट व्यक्ति पहिचान गर्न सकिँदैन ।

- निर्मला पन्तको घटनामा YSTR प्रविधिबाट मात्रै परीक्षण गरेको पाइयो । यसबाट वंश/ समूह पहिचानमात्र गर्न सघाउ पुग्ने पाइयो तर व्यक्ति पहिचान गर्न सकिने 'Autosomal' परीक्षण प्रविधि प्रयोग गरेको पाइएन ।
- सङ्कलित 'Vasinal swab' नमुनामा महिला 'swab' र पुरुष वीर्य मिश्रित रहेको अवस्थामा महिला 'swab' र पुरुष वीर्य अलग गरी परीक्षण गर्नुपर्ने मिश्रित रूपमा नै परीक्षण गरिएको पाइयो, जसबाट वंश/समूह छुट्याउन] 'YSTR' परीक्षण मात्र सम्भव भयो र 'Autosomal' (जसले व्यक्ति पहिचान गर्छ ) सम्भव नभएको पाइयो ।
- डिएनए मात्रा निर्धारणमा 'Quantifiler Duo DNA quantification' किट र 7500 'realtime PCR system' उपकरण प्रयोग गरिएको प्राप्त नतिजाअनुसार पुरुष डिएनए तीनवटै भेजाइनल स्वाव नमुनामा फरक-फरक मात्रामा पाइएको छ । तर, कुल डिएनए (मुख्यतः महिला) को तुलनामा पुरुष डिएनए मात्रा अत्यधिक कम रहेको पाइयो, जसबाट सही परिणाम आउन नसक्ने अवस्था रहन्छ । जानकारी पाइयो । यसबारे तालिका १ मा उल्लेख छ ।

**तालिका १: भेजिनल स्वावमा पाइएको डिएनए मात्रा**

| क्र.सं. | नमुना | कुल डिएनए (Pg/µl) | पुरुष डिएनए (Pg/µl) |
|---|---|---|---|
| १ | Low vaginal swab | ११,००० | १५ |
| २ | Mid vaginal swab | १०२,००० | २१ |
| ३ | High vaginal swab | १२१,००० | ५६ |

- डिएनए प्रविधिको आकर्षक पक्ष नै वातिल भ्हअगकभम० भन्दा व्यक्ति यकिन गर्नु हो । यस केसमा भेजिनल स्वाव नमुनाबाट प्राप्त १६ वटा वाइ एसटिआर नतिजा आगामी दिनमा कुनै आरोपितसँग मिलेको अवस्थामा निज अपराधी भएको एकमात्र बलियो आधार हुन सक्दैन । वाइ एसटिआर मिलेको (Match) अवस्थामा राय दिन सहज हुँदैन । नेपालको एक अध्ययनमा फरक भौगोलिक क्षेत्रका फरक थर भएका व्यक्तिहरूबिच १५ वटासम्म वाइ एसटिआर मिलेको पाइन्छ । संयोग नै हुन सक्दछ, सो अध्ययनमा परेका बडु थरका व्यक्ति तथा निर्मला पन्त केशमा आरोपित बडु थरका व्यक्तिबिच शतप्रतिशत वाई एसटिआर डिएनए मिलेको छ । वाइ एसटिआरबाट व्यक्ति किटान सम्भव हुँदैन । शतप्रतिशत मिलेको अवस्थामा निजबाहेक सो डिएनए अन्य व्यक्तिमा भए-नभएको, भए कति जनामा भएको जानकारी (डाटा) आवश्यक हुन्छ । यसलाई 'Counting method' भनिन्छ । राय प्रतिवेदनमा यो आवश्यक हुन्छ ।
- प्रस्तुत घटनामा पृथकीकरण गरिएका डिएनए नरहेको अवस्थामा बाँकी रहेका भेजिनल

स्वावमात्र थप परीक्षणको विकल्प हो । सुरुआती परीक्षणमा मुख्य भेजिनल स्वावको प्रयोग, सोसमेतबाट न्यून पुरुष डिएनए प्राप्ति, लामो समयसम्म भेजिनल स्वाव यथास्थितिमा रहन नसक्नुजस्ता आधारमा बाँकी भेजिनल स्वावबाट थप नतिजामूलक परीक्षणको सम्भावना अत्यधिक कम छ।

(ग) **अनुसन्धान सम्बन्धमा**

- **प्रहरी/अनुसन्धान अधिकारी घटनाप्रति मौकामा संवेदनशील नभएको**

  निर्मला पन्तको घटनालाई हेर्ने हो भने निर्मला पन्तकी आमा दुर्गा पन्तले आफ्नी १३ वर्षकी छोरी मृतक निर्मला पन्त हराएको खबर गर्दा नजिकको अस्थायी प्रहरी चौकी सालघारीमा करिब बेलुका ९.०० बजे गरेको भन्ने देखिन्छ तर प्रहरीबाट तत्काल खोजबिन कार्य भएको देखिँदैन । उल्टै भोलि खोजौंला भन्ने जवाफ दिएको, प्रहरीलाई खोजबिनका लागि धेरै पटक हारगुहार गर्दा सुनुवाइ नभएको भन्ने विभिन्न प्रमाणहरूबाट प्रस्ट हुन्छ ।

  घटना भएको स्थानको प्रहरी कार्यालय वडा प्रहरी कार्यालयमा २०७५/४/१० गते राति ८:०० बजे निर्मला हराएको खबर प्राप्त भए पनि खोजबिनको कुनै कार्य एवम् मातहतकालाई निर्देशन समेत गरेको नदेखिएको भन्ने प्रनानि जगदीश भट्टको बयानबाट देखिन्छ । जिल्ला प्रहरी कार्यालयमा रहेका ड्युटी अफिसर प्रसनि केशवदत्त भट्टको बयानबाट राति १२ः३५ मा अस्थायी प्रहरी पोस्टबाट मृतक निर्मला पन्त हराएको खबर आएकोमा उल्टै दिउँसो हराएको अहिले फोन गर्ने हो भनी झपारेको भन्ने पाइएको छ। निर्मला हराएको खबर पाएर पनि तत्काल आफूमाथिका अधिकृतलाई खबर नगरी भोलिपल्ट मात्र खबर गरेबाट घटनाप्रति जिम्मेवार अधिकारी सचेत र संवेदनशील हुन सकेको पाइएन । प्रउ दिल्लीराज विष्टको अङ्गरक्षक प्रह विशसिंह धामीको बयानबाट प्रहरी उपरीक्षक डिल्लीराज विष्ट घटना भएको सात दिनपछि मात्र घटनास्थलमा गएको भन्ने भनाइबाट जबरजस्ती करणीपश्चात् हत्या भएको गम्भीर प्रकृतिको अपराधमा समेत प्रहरी उपरीक्षक मौकामा घटनास्थलमा समेत नपुग्नुले पीडितको मानव अधिकारप्रति संवेदनशील हुन नसक्नुका साथै बालबालिकाको घटनाप्रति अझ संवेदनशील हुनुपर्नेमा सोसमेत नभएबाट बाल अधिकारप्रति सम्बन्धित प्रहरी अधिकारी सजग र संवेदनशील हुन नसकेको तथ्यबाट प्रस्ट हुन्छ। प्रहरी उपरीक्षकलाई जिल्लाको प्रमुख अनुसन्धान अधिकारी र सुरक्षा अधिकारीको जिम्मेवारी प्राप्त हुँदा यस्तो गम्भीर घटनामा मौकामा घटनास्थलमा नजानु घटनाको अनुसन्धानमा पर्याप्त मात्रामा पदीय जिम्मेवारी निर्वाह गर्न नसक्नुबाट मानव अधिकारप्रति संवेदनशील बन्न नसकेको तथ्यले प्रस्ट्याउँछ।

- **घटनाको सुरुवात भएको स्थानको मौकामै जाँच-पडताल वा सोधपुछ नभएको**

  मृतक निर्मला पन्त निजकै साथीको घर गएकीमा दिउँसो गृहकार्य गरी करिब २ः२५ बजेको समयमा त्यहाँबाट हिँडेको भन्ने सम्बन्धमा मौकामा सालघारी अस्थायी पोस्टमा सूचना दिँदादिँदै पनि बारदात सुरु भएको पहिलो स्थान भनी शङ्का गरिएको साथीको घरबाट तत्काल जाँच-पडताल र सूचना सङ्कलनको कार्य हुन नसकेको प्रस्ट छ। यसबाट पीडित एवम् स्थानीयवासीहरू

प्रहरीप्रति सहयोगी बन्नुको सट्टा झन् प्रहरी घटनाप्रति पूर्वाग्रही भनी सुरक्षा निकायलाई झन् असहयोग गर्ने कार्य प्रारम्भ भएको देखिन्छ। १३ वर्षकी बालिका हराएको विषयमा नागरिकको जिउज्यानसमेतको सुरक्षाका लागि खटिएका अधिकारी न्यूनतम मानवीय मूल्य र मान्यताप्रति पनि संवेदनशील बन्न नसकेको देखिन्छ।

- **घटनास्थलमा खटिएका अनुसन्धान अधिकृतले प्रत्येक घटनालाई गम्भीर रूपमा नलिएको**

  मृतक निर्मला पन्तको लास मिति ०७५/४/११ गते बिहान भेटिएपछि खटिएका प्रहरी अधिकृत घटनास्थललाई अपराधी पहिचान गर्न पहिलो प्रयोगशालाका रूपमा हेर्ने मान्यतालाई मध्यनजर राख्न सकेको पाइँदैन। घटनास्थलमा माडिएको वा उखु भाँचिएको वा उखु लगेको वा सो घटनास्थलमा मृतकका पाइला भए-नभएको जस्ता विवरण खुलाउन सकेको पाइएन। लासजाँच मुचुल्का गर्दा मृतकका जिउमा रहेको रातो कलेजी रङको सुरुवाल रातो भेष्ट, खरानी रङको पेन्टी बरामदी मुचुल्कामा देखिए पनि सुरक्षित राख्नु नसकेबाट अनुसन्धानमा गम्भीरता नभएको देखिन्छ।

- साइकल फेला परेको स्थान र लास रहेको स्थान खोलावारि र खोलापारि रहँदा-रहँदै पनि सो कुरालाई चारैतर्फ बाँधी मुचुल्का खडा गर्नुपर्ने वा लास रहेको स्थान र साइकल, पुस्तक रहेको स्थान अलग-अलग भए पनि छुट्टाछुट्टै मुचुल्का खडा गर्नु अनुसन्धानका लागि झन् उपयोगी हुने हुँदाहुँदै सोतर्फ मौकामा अनुसन्धान अधिकारी संवेदनशील हुन नसक्नुका साथै २०७५/४/११ गते गरिएको घटनास्थलमा पाइएको वस्तुको (अम्बाको) झोलासमेत बरामदीमा उल्लेख हुन नसकेको र २०७५/४/११ मा भएको घटनास्थलमा प्राप्त विवरणको अलावा घटना भएको २६ दिनपछि घटनास्थलमा सेतोकालो धर्सा भएको खल्तीको टुक्रा शङ्कास्पद भएको भन्ने आधारमा पक्राउ परेका व्यक्तिलाई सनाखत गराउन खोजेबाट अनुसन्धानको कार्यप्रति स्थानीय नागरिकहरू सशङ्कित भई तत्पश्चात् घेराउ धर्ना सुरु भएको देखिन्छ। यसबाट घटनास्थलको जाँच पडतालको कार्यप्रति संवेदनशील बन्न नसकेको बोध हुन्छ।

- **स्वच्छ सुनुवाइलाई अनुसन्धानको आधारस्तम्भको रूपमा नमानिएको/नगरिएको**

- मृतकका बुवा यज्ञराज पन्तको बयानबाट निजलाई जिल्ला प्रहरी कार्यालयमा बोलाएर एक जना मान्छे पक्रेको छ, उनले लगाएको कपडाका टुक्राहरू र कन्डमको खोलसमेत बरामद भएको छ, त्यो मान्छेका बारेमा किटानी जाहेरी दिन पटक-पटक दबाब दिएको तर त्यो व्यक्ति यो घटनामा संलग्न भएको विश्वास नरहेको भन्दै जाहेरी नदिएपश्चात् घुमाउरो पाराले धम्कीसमेत दिएकोबाट म भागी हिँडेको भन्ने निजको भनाइबाट अनुसन्धान अधिकारी निष्पक्ष सुनुवाइ (fair trail) प्रति सजग हुन नसकेको र निर्दोषको संरक्षण गर्ने कार्यमा तटस्थ रहेको भन्न सकिने अवस्था छैन। पीडितलाई नै धम्की दिने कार्य मानव अधिकारको दृष्टिकोणबाट उचित भन्न मिल्ने देखिँदैन।

- **लासजाँचका सामान्य सिद्धान्तप्रति प्रहरी अधिकारी सजग र गम्भीर नभएको**

  मृतक निर्मला पन्तको लासजाँच गर्न प्रनाउ ज्ञानबहादुर सेठी प्रनि जगदिश भट्ट र अनुसन्धान

अधिकृतका रूपमा एकिन्द्रबहादुर खड्काको टोली लास भेटिएको स्थानमा गएकोमा मृतकको लासजाँच नहुँदै मृतकको शरीरको कपडा पानीमा चोबलेर प्रज चाँदनी साउदले छोपेको भन्ने र स्वयम् चाँदनी साउदको बयानले पनि रातो रंङको सुरुवाल मैले झिकी फोहर देखेर एक पटक पानीमा चोपलेर मृतकको तल्लो भाग छोपेकी हुँ। मृतकको सुरुवाल पानीमा चोपल्न र मृतकको तिघ्रामा पानी फाल्न कसैले सिकाएको होइन भनी बयान गरेको देखिन्छ। तर, लासजाँच नभई लासमा वा सोको वरपर पाइएका वस्तु कसैले नछोई वा छुन नदिई विवरण राख्नुपर्ने सामान्य ज्ञान पनि खटिएका अनुसन्धान अधिकृत र प्रहरीमा रहेको पाइएन। यसबाट अनुसन्धानप्रति सर्वसाधारणको शङ्का-उपशङ्का बढ्न गई आन्दोलनले उग्ररूप लिन पुगेको देखिन्छ। यसबाट अनुसन्धान अधिकारीले मातहतका कर्मचारीलाई उचित निर्देशन दिन नसक्नुका साथै अनुसन्धानका सामान्य नियमप्रति अनभिज्ञ रहेको वा लापरवाही गरेको देखिन्छ, जसको फलस्वरूप घटना झन् गम्भीर हुन पुगेको देखिन्छ।

- **अनुसन्धानको सिलसिलामा मानसिक एवम् शारीरिक यातनालाई शून्य सहनशीलतामा नलगिएको**

  पक्राउ गरेका व्यक्तिहरूले आफूलाई कुटपिट एवम् मानसिक यातना दिएको भनी विभिन्न पत्र-पत्रिकामा समाचार सम्प्रेषण हुनुका साथै अनुसन्धानका क्रममा झिकाइएका व्यक्ति ...........ले नेपाल सरकारद्वारा हरिप्रसाद मैनालीको संयोजकत्वमा गठित समितिसमक्ष पानीपट्टी लगाएर यातना दिएको, घटना मैले नै गरेको हो भन्न बाध्य गराइएको .........लाई रातिको समयमा अत्यधिक शारीरिक यातना दिएको भनी बयान गर्नु, पक्राउ परेका ...........ले अभियोग स्वीकार्न प्रलोभनसमेत दिएको, त्यस्तै ........ समेतलाई यातना दिएको भनी बयान गर्नु, .........ले त यातना दिएको भनी राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी नै दिएको देखिन्छ। पक्राउ परेका ......ले समेत हिरासतमा यातना दिएको भनी पत्रिकामा अभिव्यक्ति दिएको त्यस्तै ..........ले पनि सो कुरा उल्लेख गरेको, .........समेतले यातना दिएको भनी अभिव्यक्ति दिएको, नागरिक समाजका सदस्यहरूसँगको छलफल कार्यक्रममा समेत पक्राउ गरेकालाई यातना दिएको भन्ने भनाइ रहेको, विद्यालय परिसरबाटै अपमान गरी पक्राउ गरेको, मानव अधिकारको उल्लङ्घन गरेको, गाउँका १६ वर्ष नाघेका धेरैलाई गिरफ्तार गर्दै लगेकोजस्ता जन गुनासाहरूबाट मानव अधिकार उल्लङ्घन नभएको भन्न सकिने अवस्था छैन। यातना दिएको छ भन्ने र छैन भन्ने पक्षबिच जुहारी भइरहेको पाइन्छ तथापि मानव अधिकार पक्षको पहिलो रक्षक प्रहरीबाट नै अनुसन्धान कार्यमा यातना दिने विषय निकै संवेदनशील मानिन्छ। हुन त, अभियुक्त पक्राउ गरी थुनामा राख्नुपूर्व र हिरासतबाट छोड्दा तथा म्याद थपको समयमा न्यायिक अधिकारीबाट पनि कुटपिट भए-नभएको सोधनी गर्ने परम्परा बनाईदै गएको तथ्य पनि बिर्सनु हुँदैन। (गोप्यताका लागि साक्षीको नाम उल्लेख नगरिएको)

- **एउटा मुद्दाका नाममा पक्राउ गरी अर्को मुद्दामा अनुसन्धान गर्न नहुने स्वच्छ सुनवाइ सिद्धान्तको पालना नभएको**

  केन्द्रीय अनुसन्धान ब्युरोले २०७५ मङ्सिर २० गते ......लाई, २१ गते .....लाई पक्राउ गरी

प्रहरीमाथि अभद्र व्यवहार गरेको मुद्दा दर्ता गरे तापनि निर्मला पन्तको घटनामा केन्द्रित भएर अनुसन्धान गरेको थियो । निजहरूको रगत सङ्कलन गरी डिएनए जाँचलाई प्रहरी र राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा पठाएको र दुवैलाई झुठो बोलको हो-हैन भनी जाँच्ने ुएयथिनचबउजु जाँचसमेत गरिएको बुझियो । जाँच 'Negative' आएको भेटिएपछि निजलाई छोडेको देखिन्छ । एउटा मुद्दाको अनुसन्धानका लागि अर्को मुद्दाको अनुसन्धानको कार्य भनी म्याद थप गर्ने कार्यलाई कानुनी भन्न मिल्दैन ।

- **SOCO अफिसरले प्रमाणलाई उचित रूपमा सत्तलन नगरेको**

  प्रहरीको हरेक एकाइमा घटनास्थल विज्ञ (scene of crime officer) (SOCO) खटिएका हुन्छन् । घटना घटेको सूचना प्राप्त भएको केही बेरपछि 'SOCO officer' पुगेको तर 'first officer atscene, soco officer' ले घटनास्थललाई सर्वप्रथम सुरक्षित राख्ने कार्य नगरेको देखियो । कयअय याष्अभच ले प्रमाणहरूलाई रितपूर्वक सङ्कलन गरेको देखिएन । घटनास्थल मुचुल्काले घटनास्थलको कुनै सङ्केत वा व्याख्या गर्न सकेन । लास रहेको घटनास्थल, बरामद भएको मृतकको साइकल र कापीहरू रहेको खोलापारिको घटनास्थललाई चारहद नै नतोकी एउटै मुचुल्कामा समाविष्ट गर्न खोज्दा प्रक्रिया नमिल्नुका साथै अन्य महत्त्वपूर्ण पक्षहरू छुटेको देखिन्छ । लासजाँच गर्न खटेको मुख्य अनुसन्धान अधिकृतले लासजाँच प्रक्रियालाई व्यवस्थित गर्न नसकेको स्पष्ट उदाहरण प्रज चाँदनी साउदले मृतककै घटनास्थलमा भेटिएको कपडा पानीमा चोपेर मृतकको शरीरमा राखेको घटनाले देखाउँछ । घटनास्थल वरपर भेटिएको अम्बा, भएको प्लास्टिकको थैली बरामद नगर्नु लापरबाही स्पष्ट देखिन्छ । घटना-स्थलछेउमा अन्य सङ्घर्षका चिन्हहरू खोजतलास गर्ने प्रयास भएको कतै देखिँदैन । प्रहरीले गुप्ताङ्ग छोप्न भनी गरेको काम नै निर्मला पन्तको घटनाको अनुसन्धानमा प्रहरीको कमजोरीमाथि प्रश्न उठाउने बलियो आधार वन्यो । तर, गुप्ताङ्गमा कपडा राखिदिए पनि मुख्य प्रमाण (vaginal swab) भने नष्ट हुन नपाएको देखिन्छ । गुप्ताङ्गको भित्री भागबाट निकाल्न 'swab' साधारण पानीमा डुब्दासमेत नष्ट नहुने प्राविधिकको भनाइ रहेको छ । चिकित्सकहरूले तीन ओटा नमुना निकाली प्रहरी जिम्मा लगाएका छन् तर, घटनास्थलमा भेटिन सक्ने गुप्ताङ्गका रौँजस्ता प्रमाणहरू सङ्कलन गर्न घटनास्थलमा खटिएका प्रहरीहरू चुकेकै हुन् । झन् लापरबाही त भयो भने घटनास्थलबाट सबुद उठाएर मुचुल्का गरिसकेको २२ दिनपछि कपडाको टुक्रा थप प्रमाण उठाएको भेटियो । यसले प्रहरीले कुन हदसम्म लापरबाही गरेको थियो भन्ने पनि पाइयो ।

- **अनुसन्धानका क्रममा सर्वसाधारणलाई दुःख र हैरानी दिएको**

  मृतकका नजिकका साथीलगायत घटनास्थल वरपरका सर्वसाधारणलाई सोधपुछका नाममा जिप्रका ल्याउँदा स्थानीय समाज आतङ्कित भएको पाइन्छ । मृतक पढ्ने सोही कक्षाका विद्यार्थी एवम् उनीहरूका अभिभावकहरूमा कतिखेर प्रहरीले लाने हो भन्ने डर सिर्जना भएको पाइन्छ । जसबाट स्वतन्त्रपूर्वक जीवन यापनको अधिकार उल्लङ्घन/हनन भएको पाइयो ।

- घटनास्थललाई घेराबन्दी नगरिएको

थोरै सङ्ख्याको प्रहरी र ठुलो सर्वसाधारणले साइकल भेटिएको स्थानबाट उखुबारीतर्फ निर्मलालाई खोज्दै जाँदा लास भेटिएको स्थानमा सर्वप्रथम घटनास्थल पुग्ने प्रथम प्रहरी अधिकृत (First officer at Scene) वा जवानले स्थानीय स्रोतसाधन (डोरी, तार आदि) बाट घटनास्थललाई थप Contaminate हुन नदिनतर्फ अग्रसर भएको पाइएन । घटनास्थलबाट जिप्रकामा विशेषज्ञसहितको टोली माग गरेपछि जिम्मेवार प्रहरी अधिकृतसहित क्यअय (Scene of Crime officer) आवश्यक अनुन्धान सामग्री (Soco kit Box) सहित घटनास्थल आइपुगेको टोलीले समेत घटनास्थलको फराकिलो चौहदी (चारहद) नतोकी घटनास्थललाई पनि डोरी, रिबन वा तार बारले घेरेर सुरक्षित राखेको पाइएन ।

- **शव परीक्षण हुँदा जिम्मेवार अनुसन्धानकर्ता उपस्थित नभएको**

लासको पोस्टमार्टम गर्दा कानुनतः अनुसन्धानकर्ता आफै उपस्थिति हुनुपर्ने कुरालाई बेवास्ता गरेको देखियो । पोस्टमार्टम र 'Vaginal Swab' नै यस्तो संवेदनशील घटनामा दोषी पत्ता लगाउन तथा मृत्युका कारण पत्ता लगाउन महत्त्वपूर्ण प्रमाण हुन्छन्, जुन अदालतमा पनि स्वीकारयोग्य हुन्छ ।

– पोस्टमार्टमको समय आवश्यकतानुसार भिसेरा, रक्तनमुनालगायत अन्य महत्त्वपूर्ण पक्ष तथा तीन तहको 'vaginal swab' उठाउँदा नै खाली हात, असावधानीपूर्वक हाँछिउ वा खोक्दा (चिकित्सकले) वा कधबदु उठाउने अयततयलु पनि 'sterilized' नहुने हो भने प्राविधिक रिपोर्ट नै 'misleading' हुने खालको आउछ । तसर्थ अनुसन्धानकर्तालेे यस्ता विषयलाई पहिलो प्राथमिकतामा राखी आफैँ उपस्थित भई यस्ता महत्त्वपूर्ण कार्यहरू सम्पन्न गर्नुपर्नेमा सो नगरी यस्ता महत्त्वपूर्ण कार्यमा विशेष ध्यान दिन सकेको पाइएन । अनुसन्धानभन्दा पनि लास बुझाइ छिटोछिटो सद्गत गर्नुपर्छ भन्ने प्रहरीको मानसिकताका कारण लास प्रहरीको उपस्थितिमा जलाइयो, जुन विषय पछि आलोचित बन्न पुग्यो ।

- **अभियुक्त भनी सार्वजनिक गरिएको व्यक्तिबारे गलत र भ्रमपूर्ण तथ्यहरू सार्वजनिक गरेको**

घटनास्थलमा मुचुल्का उठाएको २२ दिनपछि अभियुक्तले लगाएको कमिजको गोजीको टुक्रा कपडा घटनास्थल छेउमा नै बरामद भई रेसाजाँचका लागि प्रहरी विधिविज्ञान प्रयोगशालामा पठाएको देखिन्छ । अभियुक्तविरुद्ध प्रमाण जुटाउने काममा गरिएको यो सबुद सङ्कलन प्रक्रियाले प्रहरी अनुसन्धानको कमजोरी पक्षलाई उजागर गर्दछ ।

प्रहरीले पक्राउ गरेको व्यक्ति सार्वजनिक गर भन्ने जनदबाबमा कारण यथेष्ठ प्रमाण नपुगेको अवस्थामा पनि ४ गते अभियुक्तलाई सार्वजनिक गरेको अनुसन्धाकर्ताको भनाइ पाइन्छ ।

- **जिल्ला सुरक्षा समितिका पदाधिकारीबिच प्रभावकारी समन्वय नभएको**

जिल्ला सुरक्षा समितिका पदाधिकारीबिच प्रभावकारी समन्वयको अभावमा पटक पटक लाठी प्रहार तथा फाइरिङसमेत भई सामान्य नागरिकको जीवन समाप्त हुनका साथै घाइते भै सुरक्षित रूपमा बाँच्न पाउने मानिसको अधिकारमा आघात पुग्न गएको । राज्यका जिम्मेवार निकायहरूबाट वस्तुगत आधारविना जथाभावी अनुसन्धानका बारेमा सूचना सम्प्रेषण गर्ने कार्यले

अनुसन्धानमा नकरात्मक प्रभाव पारेको । सरकारद्वारा गठित समितिका सदस्यहरूबाट पत्रकार सम्मेलन गरी घटनाको यथार्थताभन्दा अलग अभिव्यक्ति दिने कार्यले जनमानसमा झन् अन्योल सिर्जना हुन गएको, यस्तो अनुशासनहीन अभिव्यक्तिले आम जनमानसमा झन् नकरात्मक असर पर्न गएको, विनाआधार र कारण अनुसन्धानमा खटिएका अन्य अधिकृतको डिएनए परीक्षण गर्ने कार्यले अनुसन्धानमा सक्रियता देखाउने आत्मबल र व्यावसायिक उत्सुकतामा नकारात्मक प्रभाव परी त्यसबाट घटनाको उचित छानबिन हुन नसकेका कारण मानव अधिकारको संरक्षण प्रभावकारी हुन नसकेको ।

- **आन्दोलनका क्रममा अत्यधिक बल प्रयोग भएको**

  आन्दोलनका क्रममा नेपाल प्रहरीका कर्मचारीहरू दमन महरा, देवसिंह कुँवर, मीना भाटी, बलदेव बडु, विवेक जोशी, चन्द्र खड्का, मीना शाही घाइते भएका छन् भने सर्वसाधारणतर्फ अर्जुन भण्डारी, तीर्थराज पनेरु, सन्तोष कठरिया, तेज भट्ट, किरण पाण्डे, मनोज बुढालगायतका व्यक्ति (कैलाली कञ्चनपूरका व्यक्ति) समेत घाइते भएको । त्यस्तै २०७५/५/८ गते शन्नी खुन्नाको मृत्यु भएको छ भने घाइते निमेष देउवा, शुदेष चटौट, कविन्दु सिंह वर्ष १३ का चेतन भट्ट, दामोदर खत्रीसमेतलाई नेपालगन्ज, धनगढी, बरेली उपचारका लागि लगेको पाइन्छ । घटनाका घाइतेहरूको भनाइअनुसार सडकमा देखिएको भिडभाडकै कारण भएको हो भनी बुझ्न जाँदा अकस्मात् गोली चली घाइते भएको भन्ने खुल्दछ। घाइतेहरूलाई सरकारबाट उचित रूपमा उपचार हुन नसकेको घाइतेमध्येका अर्जुन भण्डारी अहिलेसम्म अचेत अवस्थामा त्रिवि शिक्षण अस्पतालमा रहेको पाइयो ।

- **उपयुक्त जनशक्तिको परिचालनमा सङ्गठनको दृष्टि नपुगेको**

  गुण र दोषका आधारमा प्रहरी जनशक्ति परिचालन नगरिएमा सेवाको स्तर र अनुसन्धानको परिणाम अपेक्षित सफलता हासिल गर्न सकिँदैन र सङ्गठनभित्रको 'चेन अफ कमान्ड' मा पनि प्रत्यक्ष असर परी अनुशासन पक्षमा खलल आउन सक्नेतर्फ पनि नेतृत्वलगायत राज्यपक्षको ध्यान जान जरुरी छ । अपराध अनुसन्धान निष्कर्षमा नपुग्दै अनुसन्धानका कुराहरूलाई बढाइचढाइ हतार गरी जस लिने होडका अभिव्यक्तिले दीर्घकालीन रूपमा सम्बद्ध पक्षलाई नराम्रो असर गर्छ ।

२. **माथि उल्लिखित तथ्य तथा निष्कर्षका आधारमा राष्ट्रिय मानव अधिकार आयोग नेपाल सरकारलाई देहायबमोजिम चार बुँदे सिफारिस गर्दछ :**

- माथिउल्लिखित तथ्यहरूको विश्लेषणको आधारमा मेडिको लिगल प्रक्रिया, नमुना सङ्कलन प्रक्रियामा संलग्न अनुसन्धानकर्ता चिकित्सकहरूले विधिप्रक्रियाअनुसार नगरेको र लापरवाही गरेको पाइएकाले संलग्नहरूलाई छानबिनको दायरामा ल्याउन ।
- प्राप्त डिएनएको 'Autosomal' प्रविधिबाट परीक्षण सम्भव हुँदाहुँदै पनि सो नगरी 'YSTR' प्रविधिबाट मात्र परीक्षण गरिएको पाइएको हुँदा यस्तो त्रुटिपूर्ण परीक्षणमा संलग्न प्राविधिकहरूलाई आवश्यक छानविनको दायरामा ल्याउन । भविष्यमा गरिने यस्ता खाले परीक्षणमा विश्वसनीयता

ल्याउन आवश्यक पर्ने सबै परीक्षणहरू गर्न तथा सुविधा नभएको अवस्थामा अन्यत्र पठाउन ।

- घटनाका घाइतेहरू अर्जुन भण्डारीलागायत घाइते सबैको निःशुल्क उपचार गर्न, हालसम्म उपचारमा लागेको खर्च पीडितहरूलाई उपलब्ध गराउन ।
- पृथकीकरण गरिएका डिएनए नरहेको, सङ्कलित स्वाव बाँकी रहे पनि पुरुष डिएनए अत्यन्तै न्यून रहेको, लामो समयसम्म भेजिनल स्वाव यथास्थितिमा रहन नसक्नुजस्ता आधारमा बाँकी भेजिनल स्वावबाट थप नतिजामूलक परीक्षणको सम्भावना अत्यधिक कम रहेको पाइँदा अब यसैमा मात्र भर नपरी ज्ञ्कबल ष्लतभभिनभलअभु को माध्यमद्वारा प्रभावकारी र नतिजामूलक अनुसन्धान जारी राख्न ।

३. उपर्युक्तबमोजिमको विज्ञहरूको प्रतिवेदनमा उठाइएका विषयमा तदनुरूप सुधार गर्दै भविष्यमा हुन सक्ने यस्ता प्रकृतिका महिलाहिंसा तथा अन्य आपराधिक घटनाका सम्बन्धमा प्रभावकारी रूपमा अनुसन्धान गरी दोषी पत्ता लगाई कानुनबमोजिम कार्यबाहीका लागि देहायअनुसार गर्न-गराउन राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा ४(१) क बमोजिम नेपाल सरकारलाई २४ बुँदे निर्देशन दिने :

- **अपराध अनुसन्धानका लागि छुट्टै अपराध अनुन्धान विभाग गठन हुनुपर्ने**

  अपराध अनुसन्धानको कार्य प्राविधिक एवम् विशेषज्ञताको विषय भएको हुँदा अनुसन्धानमा संलग्न प्रहरीलाई नियुक्त गर्दाकै अवस्थामा विशेष योग्यता र सोअनुरूपको तालिमसमेत दिई निजलाई नियुक्तिदेखि अवकाशसम्मको पूरा अवधि अनुसन्धानकै कार्य गर्ने जिम्मेवारी सुम्पन्न सक्ने गरी संस्थागत एवम् कानुनी व्यवस्था गरिनुपर्ने ।

- **दक्ष जनशक्ति र पर्याप्त स्रोत-साधन उपलब्ध हुनुपर्ने**

  अपराध अनुसन्धान पक्षलाई विशिष्टीकृत गरिनुपर्ने, मुद्दा चल्ने एकाइहरूमा दक्ष जनशक्तिसहित पर्याप्त 'Invesgation kit box' र यसभित्रको गुणस्तरीय सामग्रीहरूको उपलब्धतामा कुनै कमी रहन नहुने प्रबन्ध गर्न ।

- **सिसिटिभी क्यामराको जडान गर्नुपर्ने**

  नागरिकको सुरक्षा गर्नु राज्यको दायित्व हो । तसर्थ, ठुला जनघनत्व भएको क्षेत्रमा र अपराध बढी हुने क्षेत्रमा प्रर्याप्त 'CCTV' क्यामराहरूको जडान गर्नुपर्ने ।

- **केन्द्रीयस्तरमा गुनासो सुन्ने संयन्त्रको विकास गर्नुपर्ने**

  वप्रका/जिप्रका वा प्रदेशस्तरीय कार्यालयबाट पनि पीडितको सुनवाइ नभएमा केन्द्रीयस्तरमा सुनवाइ हुने संयन्त्र विकास गरी सो संयन्त्रबारे सर्वसाधारणलाई यथेष्ट जानकारी गराउने व्यवस्था गर्नुपर्ने ।

- **पीडित तथा साक्षी संरक्षण गर्नुपर्ने**

  प्रहरीले लागु गरेको CRIME Action Plan (CAP) मा उल्लिखित व्यवस्थाहरूलाई योजनाबद्ध रूपमा कार्यान्वयन गर्न पीडित/साक्षीको सुरक्षा र संरक्षणको व्यवस्थालाई प्रभावकारी रूपमा

लागु गर्नुपर्ने ।

- **स्थानीय व्यक्तिलाई अनुसन्धानमा नपठाउने**

  सामान्यतः प्रहरीको जिल्ला नेतृत्वमा स्थानीय व्यक्तिलाई नपठाउने र अनुसन्धानमा संलग्न अधिकारीहरूलाई सम्भव भएसम्म घरपायक जिल्लामा नपठाउने नीति अख्तियार गर्नुपर्ने ।

- **प्रहरीका सूचना संयन्त्र चुस्त–दुरुस्त बनाउनुपर्ने**

  प्रहरीका सूचना संयन्त्र जति प्रभावकारी हुन सक्यो अपराध र अपराधीको जानकारी त्यति नै छिटो हुन सक्छ । त्यसैले, सूचना सङ्कलन कार्यमा प्रशस्त लगानी आवश्यक हुन्छ । त्यसतर्फ सरकारको ध्यान जानुपर्ने ।

- **सुरक्षाका लागि अतिरिक्त बल (Reserve Force) को व्यवस्था हुनुपर्ने**

  सम्भावित झडप हुन सक्नेतर्फ पूर्वसूचना र सोहीबमोजिम तयार रहनुपर्छ । प्रहरीले आवश्यकताअनुसार प्रहरी जनशक्तिको भौतिक उपस्थितिको पूर्व आँकलन गरी सोअनुसार व्यवस्थापन गर्न र न्यूनतम बल प्रयोगको सिद्धान्त प्रभावकारी रूपमा लागु गर्ने ।

- विशिष्ट प्रकारको अनुसन्धानमा प्रहरीको supervisonory role को प्रमुख भूमिका रहने हुन्छ। निर्मलाको घटनामा Chain of command को भूमिकालाई मौकामै उचित रूपमा सम्बोधन नगरेका कारणबाट घटनाले नकरात्मक मोड लिएको परिप्रेक्ष्यमा प्रहरी प्रधान कार्यालयले समयमै सम्बोधन गर्नुपर्ने ।

- **सरकारी चिकित्सक र अनुसन्धान अधिकारीबिच समन्वयको बिस्तार हुनुपर्ने**

  पोस्टमार्टम र भेजिनल स्वावजस्ता महत्त्वपूर्ण विषयमा धेरै प्रहरी अनुसन्धानकर्ताहरूमा राम्ररी ध्यान नपुगेको देखिन्छ । सकभर आफैं उपस्थित भई चिकित्सकसँग छलफल गर्दा अझ राम्रो नतिजा आउन सक्छ। चिकित्सक र प्रहरी दुवै एकअर्काका परिपूरक हुन्। कुनै निश्चित घटनामा एक सर्न्दभमा मात्र नभई सबै घटनामा सहकार्य र सहयोग बढाउनुपर्ने ।

- **सरकारी वकिलको भूमिका प्रभावकारी हुनुपर्ने**

  कानुनमा अपराध अनुसन्धाका क्रममा सरकारी वकिलको भूमिका महत्त्वपूर्ण हुने र अभियुक्तको बयान गराउँदा रोहवरमा रहनुपर्ने समेतका दायित्वमा चुक्नु हुँदैन । यस घटनामा सरकारी वकिलको भूमिका अपेक्षित हुन नसकेकाले भविष्यमा सजगता अपनाउन समुचित निर्देशन र निगरानी सम्बन्धित निकायको हुनुपर्ने ।

- **सिसिटिभी कभरेज, सिडिआर, एसएम लोकेटरमा समेत प्रहरीको पहुँच बढाउनुपर्ने**

  अनुसन्धानका टेक्निकल पक्ष- जस्तै : सिसिटिभी कभरेज, सिडिआर, एसएम लोकेटर एनालिसिसको पहुँच प्रहरीमा हुनुपर्छ । त्यस्तै फेसबुक, युटुव, वाट्सएपजस्ता सामाजिक सञ्जालको डाटा नेपाल प्रहरीले पनि २४ घण्टाभित्र पाउने व्यवस्था गर्न सम्बन्धित पक्षसँग नेपाल सरकारले तत्कालै प्रयास थाल्नुपर्दछ । सिडिआरमा तीन महिनासम्म मात्र स्टोरेज हुन सक्ने हुँदा सङ्गीन अपराधको घटनामा त्यस्ता अभिलेखलाई प्रहरीले पुनः प्राप्ति गर्न सक्ने गरी

पहुँच बढाउनुपर्ने ।

- **केन्द्रीयस्तरमा तथ्याङ्कहरूको सुरक्षा हुनुपर्ने**

  राष्ट्रियस्तरका तथ्याङ्कहरू जो अपराधी पत्ता लगाउने सहज हुन्छ । जस्तै : नागरिकता राहदानी, मतदाता परिचयपत्र, अर्धन्यायिक निकायहरूको निर्णय, यातायात, अध्यागमनसँग भएका तथ्याङ्कहरूलाई Central Data bank का रूपमा राखी सोमा प्रहरीलाई अनुसन्धानका क्रममा त्यस्ता सूचना तत्काल प्राप्त हुने व्यवस्था गर्नुपर्ने ।

- **विधि-विज्ञान प्रयोगसंग सम्बन्धित निकायबिच समन्वय र सहकार्य हुनुपर्ने**

  गम्भीर प्रकृतिका अपराधमा सङ्कलित भौतिक सबुतको परीक्षणलाई अझ विश्वसनीय परिणाम प्राप्त गर्न अन्य विधि-विज्ञान प्रयोगशाला समेतसँग सहकार्य गरी सयुंक्त रूपमा अनुसन्धान एवम् परीक्षण गर्ने कार्य सुरुआत गर्न ।

- **बदनियतपूर्वक अनुसन्धान गर्नेलाई अपराध संहिता ऐनबमोजिम कार्यबाही गर्नुपर्ने**

  अनुसन्धान अभियोजन बदनियतपूर्वक गर्ने प्रहरी तथा अन्य कर्मचारीलाई मुलुकी अपराध संहिता ऐन, २०७४ को दफा ९९ बमोजिम कार्यबाही गर्नुपर्ने ।

- **सरकारी वकिल/अभियोजनकर्तासँग सहकार्य र समन्वय अझ बिस्तार गर्नुपर्ने**

  प्रहरी एवम् अनुसन्धान अधिकारी चिकित्सकबिच सहकार्य र समन्वय भएमा अझ प्रभावकारी अनुसन्धान हुन सक्ने हुँदा सोतर्फ ध्यान दिनुपर्ने ।

- **अनुसन्धान गर्न विशेष टोली गठन हुनुपर्ने**

  मुलुकी फौजदारी कार्यविधि संहिता ऐन २०७४ को दफा १२ ले गम्भीर प्रकृतिका अपराधमा अनुसन्धान तहकिकात गर्न प्रहरी महानिरीक्षक आफैले वा महान्यायधिवक्तासँग परामर्श गरी विज्ञसहितको अनुसन्धन टोली गठन गर्न सक्ने व्यवस्था हुँदाहुँदै यस्तो गम्भीर प्रकृतिको अपराधमा त्यस्तो टोली गठन गरेका पाइँदैन । अनुसन्धानको नाममा थरी थरीका समिति गठन गर्ने समितिका आफ्ना आफ्ना प्रतिवेदन प्रस्तुत हुने तर अपराधी पत्ता लगाउने जस्तो महत्त्वपूर्ण विषयमा समिति प्रवेश नगर्ने र कानुनी आधार पनि नहुनेजस्ता कार्यले जनताको अपराध अनुसन्धानप्रति नकरात्मक धारण जन्मने भएबाट यस्ता प्रशासनिक समिति गठन गर्ने कार्यलाई निरुत्साहित गरी कानुनले अधिकार दिएको अधिकार सम्पन्न टोली मात्र गठन गरी अनुसन्धान गर्ने ।

- **अनुसन्धानमा "human intellgence" को प्रयोग गर्नुपर्ने**

  निर्मला घटनाको अभियुक्त हालसम्म फेला नपरेको अवस्थामा विशेषतः "human intellgence" मा विशेष अनुसन्धानलाई निरन्तरता दिने ।

- **सावितीमुखी अनुसन्धानलाई भन्दा सबुतमुखी अनुसन्धानलाई जोड दिनुपर्ने**

  हालसम्म पनि प्रहरीको अनुसन्धान साबितिमा नै बढी केन्द्रित देखिएकाले अनुसन्धानलाई सबुतमुखी बनाई अनुसन्धान गर्न-गराउने ।

- **.गोपनीयताको हकलाई संरक्षण गरिनुपर्ने**

  डिएनए परीक्षणका नाममा घटनासँग सामान्य सम्बन्ध भएका व्यक्ति तथा बाबुछोराको एकैसाथ परीक्षणले गोपनीयतको हक (Right of privacy) को हनन हुने देखिन्छ । यसतर्फ सम्बन्धित अधिकारी संवेदनशील हुनु जरुरी ।

- **अनुसन्धानमूलक कूटनीति (Investigative Diplomacy) को प्रयोग गर्नुपर्ने**

  भनिन्छ, कानुनभन्दा अपराधी दुई कदम अगाडि हुन्छ । वर्तमान अवस्थामा अपराध गर्ने तौरतरिका र विधि फरक भएको अवस्थामा परम्परागत अपराध अनुसन्धानले अपराधीको पहिचान गर्ने काम कठिन हुन्छ । त्यसैले अपराध अनुसन्धानमा अनुसन्धानगत कूटनीतिकको महत्त्वपूर्ण भूमिका हुने हुँदा यस्ता मुद्दामा यो कूटनीतिको प्रयोग गर्न ।

- **फरेन्सिक मेडिको लिगलमा निम्न सुधारहरू गरिनुपर्ने**

  मानव शरीरविरुद्धका अपराधहरूको अनुसन्धानमा मेडिको लिगल जाँच कानुनी चिकित्सकीय परीक्षणले धेरै महत्त्व राख्ने हुँदा हालसम्म स्वास्थ्य मन्त्रालयले सम्बोधन नै नगरेको र न्यूनतम व्यवस्थापन पनि हुन नसकेको यो क्षेत्रलाई उचित पहिचान, प्राथमिकता तथा समुचित व्यवस्थापन गरी भएका कानुनी प्रावधान र तयार गरिएका स्तरीय मेडिको लिगल कार्यविधिहरूको प्रयोग अबिलम्ब गर्नुपर्ने । त्यस्तैगरी मेडिको लिगल जाँच तथा प्रतिवेदन सम्भव भएसम्म फरेन्सिक विशेषज्ञबाट वा सो नभए तालिमप्राप्त चिकित्साकर्मीबाट गर्न-गराउने ।

- कानुनद्वारा नै उल्लिखित विशेषज्ञहरूको प्रयोग तथा उपयोग जघन्य प्रकारका मृत्यु तथा अन्य आपराधिक गतिविधिहरूमा अनुसन्धानको सुरुकै चरणबाट अनिवार्य रूपमा गरिनुपर्ने । विभिन्न क्षेत्रमा सञ्चालित विधि-विज्ञान प्रयोगशालालाई छुट्टै ऐन वा विनियमद्वारा यथाशक्य छिटो व्यवस्थित गर्नुपर्ने । प्रहरी विभागमार्फत रहेको केन्द्रीय प्रहरी विधि-विज्ञान प्रयोगशालालाई साधनस्रोत सम्पन्न बनाई निष्पक्ष प्रभावकारी परिणाम दिन सक्ने संस्थाको रूपमा विकास गर्ने ।

- विधि विज्ञान प्रयोगशालामा द्यष्य क्भचययिनथ, त्यहष्अययिनथ तथा डिएनए विषयमा योग्यताप्राप्त सम्बन्धित विषयविज्ञहरू थप गर्नुपर्ने र आवश्यक उपकरणहरूको व्यवस्था गर्न ।

- Standard Operating Procedure for forensic examination सम्बन्धी दिग्दर्शनले निर्धारण गरेका कार्यविधिहरूलाई सबै अस्पतालहरूमा अनिवार्य रूपमा कार्यान्वयन गर्न नेपाल सरकार, स्वास्थ्य मन्त्रालयले पहल गर्नुपर्ने जसले गर्दा अपराधजन्य क्रियामा सङ्कलन गर्नुपर्ने भौतिक सबुतलाई ठिक समयमा तोकिएको ढाँचामा उतार्न सकिन्छ । यसले पीडितको अधिकार र पीडकले सजाय कानुनको मर्म पूरा हुने हुँदा सोअनुसार गर्ने ।

- विभिन्न मुलुलमा झैं नेपालमा समेत डिएनए परीक्षणको आवश्यकता र वैधानिकता, फौजदारी मुद्दामा व्यक्तिले डिएनए परीक्षणका लागि अनिवार्य नमुना दिनुपर्ने बाध्यात्मक व्यवस्था, डिएनए परीक्षणका लागि आवश्यक गुणस्तरसहितको प्रयोगशाला (Accredited laboratory), डिएनए प्रविधिलाई नियमन, नियन्त्रण गर्ने सम्बद्ध विज्ञको समितिसँगै डिएनए डाटाबेशसमेत समेटिने 'DNA ACT निर्माण गरी लागु गर्ने-गराउने ।

- **Soco Officer लाई विशेष तालिम दिनुपर्ने**

  अपराध अनुसन्धानमा क्यअय इाष्अभच का भूमिका महत्त्वपूर्ण हुन्छ । निर्मलाको घटनामा तालिम प्राप्त Soco Officer नभएकै कारण पीडितले दिएको सूचनालाई तत्काल कार्यान्वयन गर्न नसकेको र घटनास्थल तथा लासजाँच मुचुल्का र भौतिक सबुतको सङ्कलन गर्दा सबुत प्रमाणहरू यकिन गर्न कठिनाइ उत्पन्न भएको देखिएकाले Soco Officer लाई विशेष तालिम दिई सबै अपराध अनुसन्धान गर्ने युनिटमा पठाउने ।

- **मिडियालाई व्यवस्थित बनाई तथ्यको वास्तविक सूचना सप्रेषण गर्ने संयन्त्रको विकास गर्ने–गराउने**

  अपराधसमेतका सार्वजनिक चासोका विषयमा सामाचार सम्प्रेषण गर्दा पत्रकार आचारसंहिताको पालन गर्न र पत्रकारलाई सूचना प्रवाहित गर्दा तथ्यपरक र प्रमाणबाट पुष्टि हुने सूचना सम्बन्धित निकायले दिनुपर्दछ । सूचना सम्प्रेषण गर्दा अपराध अनुसन्धानलाई प्रभाव पार्ने खालका विचार तथा धारणले स्थान नपाउन सम्बन्धित पक्ष सजग हुने ।

## सङ्क्रमणकालीन न्याय सम्बन्धमा

क) दीर्घकालीन शान्ति प्रवर्द्धन र समग्र मानव अधिकारको सम्बोधनका लागि आर्थिक, समाजिक र सांस्कृतिक अधिकारको प्रभावकारी कार्यान्वयन गर्न ।

ख) बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस, सर्वोच्च अदालतको आदेश, संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालयको सुझावअनुकूल हुने गरी पीडित र सरोकारवालाहरूसँग विस्तृत छलफल गरी, आवश्यक परामर्श लिई अन्तर्राष्ट्रिय मापदण्डअनुकूल संशोधन गर्न ।

ग) सशस्त्र द्वन्द्वका समयमा भएका यौनहिंसा तथा सबै किसिमका लैङ्गिक हिंसाका पीडितहरूको न्यायको अधिकारको सुनिश्चिताका लागि सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को संशोधन मार्फत न्याय, परिपूरण तथा पुनःस्थापनाका आवश्यक कार्यक्रमहरू बनाई लागु गर्न । यसको साथै द्वन्द्वको समयमा भएका घटनाहरूका र तत्पश्चात् घटेका आपराधिक घटनाहरूको अनुसन्धान तथा अभियोजनामा देखिएका कमजोरीहरू पुनरावृत्ति भइरहेकाले अविलम्ब सुधारका उपायहरू अवलम्बन गर्न ।

घ) सशस्त्र फौज वा सशस्त्र समूहमा बालबालिकालाई जबरजस्ती भर्ना गराउन र युद्धमा भाग लिने कार्य निषेध गर्नेसम्बन्धी नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धिहरूका व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनका लागि विगतमा सशस्त्र युद्धमा भएको बालबालिकाको प्रयोगलाई कानुनको दायराभित्र ल्याउने गरी सङ्क्रमणकालीन न्यायका संरचनाहरूसम्बन्धी कानुनहरूमा संसोधन गर्न ।

ङ) बहिर्गमित बालसैन्यहरूको शिक्षा, रोजगारीलगायत पुनर्स्थापनाको तत्कालीन र दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्न ।

च) सशस्त्र द्वन्द्वका कारण शारीरिक र मानसिक अपाङ्गता भएका व्यक्तिहरूको पुनर्स्थापना र परिपूरणका लागि विशेष कार्यक्रम बनाई लागु गर्न ।

छ) विद्यमान दण्डहीनताको अवस्था अन्त्य गर्न सशस्त्र द्वन्द्व र सोपछि भएका विभिन्न आन्दोलनका क्रममा भएका जघन्य किसिमका अपराध र मानव अधिकार उल्लङ्घनमा संलग्न व्यक्तिहरूलाई व्यक्तिगत जवाफदेहिताको आधारमा कानुनी कार्यबाही गर्न ।

ज) राष्ट्रिय मानव अधिकार आयोगबाट भएका सिफारिस र अदालतबाट भएका आदेश तथा फैसलाहरूको पूर्ण कार्यान्वयन गर्न ।

## आप्रवासी कामदारहरूको संरक्षणमा मानव अधिकार

**नेपाल सरकारलाई**

१. **अलपत्र, उपचार गराइरहेका आप्रवासी नेपाली श्रमिकहरूको उद्धार तथा स्वदेश फिर्ती सम्बन्धमा**

- वैदेशिक रोजगारका क्रममा गन्तव्य मुलुकमा अलपत्र परेका सबै प्रकारका आप्रवासी नेपाली श्रमिकहरूको सुरक्षित रूपमा तत्काल उद्धार गरी स्वदेश फिर्तीको व्यवस्था मिलाउन ।
- गन्तव्य मुलुकमा उपचार गराइरहका आप्रवासी नेपाली श्रमिकहरूको गन्तव्य मुलुकमै पर्याप्त स्वास्थोपचारको व्यवस्था मिलाउन ।
- गन्तव्य मुलुकमा स्वास्थोपचार सम्भव नभएको अवस्थामा सुरक्षित रूपमा स्वदेश फिर्तीको व्यवस्था मिलाई नेपालमा प्रभावकारी स्वास्थोपचारको व्यवस्था मिलाउन ।
- गन्तव्य मुलुकमा लामो समयसम्म बिहोस (Quoma) भई उपचार गराइरहका आप्रवासी नेपाली श्रमिकहरूलाई स्वदेश वा विदेशमा पर्याप्त उपचारको व्यवस्था मिलाउन ।
- गन्तव्य मुलुकमा मृत्यु भएका आप्रवासी नेपाली श्रमिकहरूको शव ल्याउने प्रक्रियालाई द्रुत प्रक्रियाबाट कार्यान्वयन गर्ने व्यवस्था मिलाउन ।

२. **कानुन संशोधन सम्बन्धमा**

- वैदेशिक रोजगारका क्रममा हुने मानव बेचबिखन तथा ओसारपसार तथा सबै प्रकारका शोषणजस्ता फौजदारी प्रकृतिका घटनाहरूलाई दण्डनीय कसुर बनाई त्यस्ता घटनाहरूको छानबिन र अनुसन्धानको अधिकार स्थानीय प्रहरीको हुने गरी वैदेशिक रोजगार ऐन, २०६४ मा संशोधन गर्न ।
- "श्रम शोषणका लागि हुने मानव बेचबिखन तथा ओसारपसार"लाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई संशोधन गरी मानव बेचबिखनको परिभाषाभित्र समावेश गर्न ।
- एजेन्टहरूबाट ललाईफकाई भुक्यानमा पारी वैदेशिक रोजगारीमा पठाई समस्या वा ज्यादतीमा

परेका आप्रवासी श्रमिकहरूलाई राज्यका तर्फबाट संरक्षण र पर्याप्त सहयोग प्रदानगरिने व्यवस्था समावेश गरी वैदेशिक रोजगार ऐन, २०६४ संशोधन गर्ने ।

- वैदेशिक रोजगार ऐन, अध्यागमन ऐन, राहदानी ऐनलगायतका कानुनहरू, नियमावली र निर्देशिकाहरूमा विश्वव्यापी रूपमा आत्मसात् गरिएको आप्रवासी श्रमिकका अधिकारहरूको संरक्षण र संवर्द्धन हुने व्यवस्थाहरू समावेश गर्न ।
- वैदेशिक रोजगार व्यवसायी वा त्यस व्यावसायमा संलग्न व्यक्ति वा एजेन्टका कारणबाट कुनै व्यक्तिका नाउँमा गलत कागजात तयार गरी झुक्यान वा ठगीमा पारी गन्तव्य मुलुक वा बाटोमा पर्ने मुलुकको अध्यागमन निकायबाट सो कुरा पत्ता लागी स्वेदश फर्किआएको वा फर्काइएको अवस्था भएमा त्यसरी फर्किआएको पीडित पुनः पीडित हुनुपर्ने कानुनी व्यवस्थामा संशोधन गर्न ।

३. **श्रमिक भर्ना गर्ने एजेन्सी र एजेन्टका क्रियाकलाप अनुगमन र नियमन गर्ने**

- वैदेशिक रोजगार कम्पनी, वैदेशिक रोजगारीका लागि स्वास्थ्य परीक्षण गर्ने संस्था, अभिमुखीकरण तालिम प्रदान गर्ने कम्पनी र एजेन्टहरूका क्रियाकलपाहरूको अनुगमन र नियमन प्रभावकारी बनाई सेवाग्राहीहरूलाई अनुभूत हुने अवस्थाको सिर्जना गर्न र त्यसका लागि सम्बन्धित मानव संशाधन र आवश्यक स्रोतको पर्याप्त व्यवस्था मिलाउन ।
- कतिपय वैदेशिक रोजगार व्यवसायीबाट आप्रवासी श्रमिकउपर जालसाजी गर्ने, ठगी गर्ने, शोषण गर्ने, जबरजस्ती श्रममा लगाउने एवम् वैदेशिक रोजगारीका नाममा मानव बेचबिखन तथा ओसारपसारमा लगाउनेजस्ता कार्य हुने गरेको पाइएको सन्दर्भमा त्यस्तो कार्य तत्काल रोकी आप्रवासी श्रमिकहरूको मानव अधिकारको उच्चतम सम्मान गरिने अवस्थाको सुनिश्चितता गर्न ।
- कानुनले दण्डनीय भनी व्यवस्था गरेका कसुर गर्ने व्यक्ति वा संस्थालाई कानुनबमोजिम सजाय गरी दण्डहीनताको अन्त्य हुने अवस्थाको सुनिश्चित गर्न ।
- वैदेशिक रोजगारसँग जोडिएका फौजदारी प्रकृतिका कसुरका घटनामा संलग्न कुनै पनि व्यक्ति वा संस्थालाई कुनै पनि चाहना र बाहनामा पीडितसँग मिलापत्र वा मध्यस्थता गराउन बाध्य पार्ने किसिमको कुनै पनि कार्य नगर्न र नगराउन ।
- वैदेशिक रोजगारीका क्रममा वा त्यसको नाममा गन्तव्य मुलुकमा हुने जबरजस्ती श्रममा लगाउने कार्य भएको अवस्थामा त्यसरी वैदेशिक रोजगारमा पठाउने कम्पनी वा व्यक्तिलाई जिम्मेवार बनाई कानुनी कार्यबाही गर्न र जबरजस्ती श्रममा रहेको व्यक्तिलाई निजको अविलम्ब सुरक्षित रूपमा उद्धार गरी स्वदेश फिर्तीको व्यस्वस्था तत्काल मिलाउन ।

४. **महिला आप्रवासीउपरको विभेद अन्त्य र विशेष संरक्षणको व्यवस्था गर्ने**

- वैदेशिक रोजगारमा जान चाहने सक्षम र इच्छुक महिलाहरूका लागि गन्तव्य मुलुकमा प्रवेश गर्नुभन्दा पहिले अनिवार्य रूपमा विशेष प्रकारको अभिमुखीकरण (सिप विकास, व्यक्तिगत सुरक्षा, भाषा, संस्कृति, वातावरण, स्थानीय कानुनी व्यवस्था र उपचारप्राप्त गर्ने निकायको

जानकारीलगायतका विषयहरूमा दक्ष बनाई कार्यक्रम सञ्चालन गर्न

- वैदेशिक रोजगारमा जान सक्षम र इच्छुक महिलाहरूको वैदेशिक रोजगार प्रक्रियामा कायमरहेको प्रतिबन्ध र व्यवहारहरूको अन्त्य गर्न ।
- वैदेशिक रोजगारमा जाने महिला श्रमिकहरूको आप्रवासन एवम् व्यक्तिगत स्वतन्त्रतासम्बन्धी अधिकारको सम्मान गर्दै त्यस्ता व्यक्तिहरूलाई ललाईफकाई वा भुक्यानमा पारी, लेखबद्ध गरी वा नगरी वैदेशिक रोजगारमा पठाइएको गन्तव्य मुलुक वा बाटोमा पर्ने मुलुकमा उनीहरूउपर हुन सक्ने विभेद, हिंसा, शोषण, जबरजस्ती श्रम, बेचबिखन, ओसारपसार र मानव तस्करीजस्ता जोखिमयुक्त घटनाहरूबाट बचाउन विशेष व्यवस्था मिलाउन ।

**५. दोहोरो करारको अन्त्य गरी राहदानीसहितका महत्त्ववपूर्ण कागजातहरू आफैँसँग राख्ने व्यवस्था मिलाउन**

- आप्रवासी श्रमिकहरूलाई देशभित्र वा गन्तव्य मुलुकमा दोहोरो सम्झौतापत्र वा करार गराउने अभ्यासको अन्त्य गरी त्यस्तो कार्य कुनै पनि अवस्थामा नहुनेसहितको दण्डनीय व्यवस्था गर्न ।
- करारपत्र, भिसालगायत वैदेशिक रोजगारीसँग सम्बन्धित सबै प्रकारका कागजातहरू उडान तालिका निश्चित भएको मितिले कम्तीमा सात दिनअगावै श्रमिकको हातमा पर्ने सुनिश्चित गर्न र ती सबै कागजात श्रमिक आफैंले राख्न पाउने व्यवस्था मिलाउन ।

**६. तोकिएभन्दा बढी शुल्क लिन रोक्ने र रकम भुक्तानीको अनिवार्य रसिद दिलाउने**

- ुҕउयिथभच एबथकु एचष्लअष्उभि वा नेपालले कार्यान्वयनको प्रतिवद्धता गरेको ढाका सिद्धान्तअनुसार वैदेशिक रोजगारीमा जाने श्रमिकले कुनै शुल्क तिर्नु नपर्ने 'शून्य लागत' सिद्धान्त व्यवहारमा लागु गर्न आवश्यक व्यवस्था गर्ने ।
- "निःशुल्क भिसा, निःशुल्क टिकट"सम्बन्धी नीतिको व्यावहारिक र प्रभावकारी कार्यान्वयन गर्न र सो नीतिविपरीत श्रमिक भर्ना गर्दा नेपाल सरकारले तोकेकोभन्दा बढी रकम लिने व्यवसायीलाई कानुनी दायरामा ल्याई कार्यबाही गर्न ।
- श्रमिकहरूको स्वास्थ्य परीक्षणको सेवा सर्वसुलभ बनाई यसबापत उनीहरूमाथि परिरहेको खर्चको भार घटाउन आवश्यक गृहकार्य गरी उचित व्यवस्था गर्ने ।
- श्रमिकले व्यवसायीलाई तिर्ने शुल्कमा पारदर्शिता कायम गर्ने र रकम भुक्तानीबापत अनिवार्य रसिद दिनुपर्ने नियम प्रभावकारी रूपमा कार्यान्वयन गराउने ।
- आप्रवासी श्रमिकले व्यवसायीलाई तिर्ने शुल्क बैङ्किङ प्रणालीमार्फत भुक्तानी गर्ने व्यवस्थाअनिवार्य रूपमा लागु गर्न ।

**७. राज्यका सेवा तथा न्यायमा पहुँच सहज बनाउने**

- काठमाडौँमा केन्द्रीकृत रूपमा रहेको वैदेशिक रोजागारीको व्यवस्थापन तथा नियमन, राहत तथा क्षतिपूर्ति र न्याय निरूपणको अधिकारप्राप्त निकायका सेवाहरूको सङ्घीय संरचनाअनुरूप स्थानीयकरण गरी श्रमिकहरूको पहुँच सहज बनाउने ।

८. **सुरक्षित आप्रवासनसम्बन्धी जानकारी प्रदान गर्ने कार्यलाई प्रभावकारी बनाउने**

- वैदेशिक रोजगारीका क्रममा पर्न सक्ने समस्या वा समस्यामा परेमा नेपाल सरकार (विदेशस्थित नेपाली दूतावास वा श्रम सहचारीसमेत) बाट प्राप्त हुने सहयोग, उजुरी संयन्त्र एवम् त्यसको प्रक्रिया, क्षतिपूर्ति, कल्याणकारी कोषलगायत श्रमिकलाई उपलब्ध हुने सहयोग र सहायताका बारेमा जानकारी प्रदान गर्न सञ्चालित कार्यक्रमलाई थप

  व्यावहारिक र प्रभावकारी बनाई हरेक आप्रवासी श्रमिक र तिनका परिवारले सुरक्षित आप्रवासनसम्बन्धी जानकारी र सूचना पाउने सुनिश्चित गर्ने ।
- वैदेशिक रोजगारीमा जानका लागि आवश्यक सूचना तथा जानकारीहरू स्थानीय तहमै स्थानीय भाषामा प्रकाशन तथा प्रसारण गरी पर्याप्त सूचनाहरू प्रभावकारी रूपमा प्रवाह गर्ने व्यवस्था मिलाउने ।

९. **प्रस्थानपूर्वको अभिमुखीकरण प्रशिक्षणलाई प्रभावकारी बनाउने**

- प्रस्थानपूर्वको अभिमुखीकरण प्रशिक्षणलाई पर्याप्त एवम् व्यावहारिक र प्रभावकारी बनाउने । त्यस्तो प्रशिक्षणमा श्रमिकका अधिकार र सुरक्षित आप्रवासनका व्यावहारिक विषयवस्तु समावेश गर्ने ।
- वैदेशिक रोजगारमा जान चाहने व्यक्तिलाई प्रस्थानपूर्व नै निज जान चाहेको विषयमा पर्याप्त सिप विकास तालिम प्रदान गरी योग्य तथा दक्ष बनाई सिप परीक्षण गरी पठाउने प्रभावकारी व्यवस्था कार्यान्वयन गर्ने ।

१०. **सिपमूलक तालिमका लागि राष्ट्रिय निकायहरूलाई सक्रिय गराउने**

- वैदेशिक रोजागारीमा जाने विकल्प रोज्नेहरूलाई जुन कामका लागि जान लागेको हो त्यस कामका विषयमा आधारभूत जानकारीहरूसहित पर्याप्त सिप विकास तालिम दिएर वा सिप जाँच गरेर (Skill Test) मात्र पठाउन सहज वातावरण मिलाउने र त्यसका लागि प्राविधिक शिक्षा वा सिपमूलक तालिम प्रदान गर्न गठित सरकारी निकायहरूमार्फत प्रभावकारी रूपमा तालिम दिने व्यवस्था मिलाउने ।

११. **वैदेशिक रोजगारीको व्यवस्थापन र नियमन गर्ने कार्यालयहरूको क्षमता अभिवृद्धि गर्ने**

- वैदेशिक रोजगारका लागि गमन प्रक्रियाको व्यवस्थापन तथा नियमन गर्ने र न्यायसम्पादन गर्ने निकायहरूलाई प्रभावकारी कार्यसम्पादनमा व्यवधान नहुने गरी पर्याप्त स्रोतसाधन उपलब्ध गराउने र कार्यगत क्षमता अभिवृद्धि गर्ने ।
- ती निकायमा कार्यरत कर्मचारीहरूलाई श्रमिक अधिकार, मानव अधिकार तथा श्रमिकमैत्री व्यवहारका बारेमा अनिवार्य प्रशिक्षण दिने व्यवस्था मिलाउने ।
- सम्बद्ध कार्यालयमा कार्यरत पदाधिकारी र कर्मचारीहरूबाट बेलाबखतमा भएका भनिएका भ्रष्टाचारजन्य (सुशासनविरुद्धका) घटनाहरू दोहोरिन नदिन प्रभावकारी उपाय अवलम्बन गर्ने ।

१२. **निर्णायक तहमा श्रमिकको प्रतिनिधित्व गराउने एवम् मतदान प्रक्रियामा सहभागी गराउने**

- वैदेशिक रोजगार प्रवर्द्धन बोर्डलगायत प्रभावित र पीडितहरूलाई सहयोग वा क्षतिपूर्ति प्रदान गर्ने सरकारी संयन्त्रका निर्णायक तहमा आप्रवासी महिला श्रमिकहरूसहितको अर्थपूर्ण प्रतिनिधित्व अनिवार्य रूपमा गराउने व्यवस्था मिलाउने ।
- आप्रवासी नेपाली श्रमिकहरूको मतदानको अधिकार सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने ।

१३. **रोजगारीका लागि भारत जानेहरूलाई वैदेशिक रोजगार ऐनले समेट्ने व्यवस्था गर्ने**

- भारतमा रोजगारीका लागि जाने नेपालीहरूलाई उनीहरूको संरक्षणका लागि वैदेशिक रोजगार ऐन, २०६४ मा आवश्यक व्यवस्था गर्ने ।
- रोजगारीका लागि भारत जाने-आउनेहरूको व्यवस्थित तवरले अभिलेख राख्नका लागि नियमित सीमानाकाहरूमा रहेका नेपाल सरकारका निकायहरूलाई सक्रिय गराउने र उनीहरूको श्रम तथा मानव अधिकार संरक्षणका लागि विशेष व्यवस्था गर्ने ।
- नेपाल-भारत सीमाका हरेक नाकाबाट रोजगारका लागि भारत जाने नेपाली नागरिकहरूको अनिवार्य रूपमा अभिलेख राखी सम्बन्धित स्थानीय तहमा हरेक महिना त्यसको जानकारी अभिलेख गरी पठाउने व्यवस्था मिलाउन ।

१४. **गन्तव्य मुलुकहरूसँग द्विपक्षीय श्रम-सम्झौता गर्ने र विदेशस्थित नेपाली नियोगको भूमिका प्रभावकारी बनाउने**

- नेपाली आप्रवासी श्रमिकहरूको हित र अधिकारको उच्चतम सम्मान हुने प्रावधानहरू स्पष्टसँग उल्लेख गरी गन्तव्य मुलुकहरूसँग द्विपक्षीय श्रम-सम्झौता गर्ने ।
- विदेशस्थित रोजगारदाताबाट आउने श्रमिकको मागपत्र (Labour Demand Letter) को प्रमाणीकरण (Attestation) सम्बन्धित देशमा रहेका नेपाली कूटनीतिक नियोगबाट गर्ने अनिवार्य व्यवस्था मिलाउने र सम्बन्धित देशका कुन-कुन कम्पनी वा निकायमा कति सङ्ख्यामा कार्यरत तथ्याङ्क विवरण तथा अभिलेख दूतावासमा राख्ने व्यवस्था मिलाउने ।
- सम्बन्धित मुलुकमा कार्यरत रहँदा उनीहरूमाथि पर्न सक्ने समस्या समाधानका लागि विदेशस्थित नेपाली कूटनीतिक नियोग, श्रम सहचारी तथा नेपाल सरकारका संयन्त्रहरूले प्रभावकारी भूमिका निर्वाह गर्न सक्ने वातावरण मिलाउने ।
- वैदेशिक रोजागारमा जाने आप्रवासी श्रमिकले जति सक्दो छिटो (वर्षमा कम्तीमा एक पटक) स्वदेश फर्किन पाउने अवस्था निर्माणका लागि आवश्यक पहल गर्ने ।
- गन्तव्य मुलुकमा रहने वा स्थापना गरिने सुरक्षित अवास गृह, आवधिक गृहहरूमा दक्ष मनोविज्ञसमेतको जनशक्तिसहित क्षमता सुदृढीकरण गर्ने र स्रोतसाधन पर्याप्त उपलब्ध गराउने ।
- गन्तव्य मुलुकमा ज्यादतीमा परेकाहरूलाई कानुनी सहायतासहित आपत्कालीन उद्धार वा सुरक्षित आवासलगायतका सुविधाहरूको व्यवस्था गर्ने ।
- नेपाली आप्रवासी श्रमिकहरू रहेका गन्तव्य मुलुकहरूमा कूटनीतिक नियोगहरूको स्थापना तथा

बिस्तार गर्ने ।

- गन्तव्य मुलुकहरूमा रहेका राष्ट्रिय मानव अधिकार संस्थाहरूसँग आप्रवासी नेपाली श्रमिकहरूका अधिकार संरक्षणका लागि सम्बन्ध बिस्तार गरी कार्य गर्ने र सो कार्यका लागि राष्ट्रिय मानव अधिकार आयोग नेपालसँग प्रभावकारी समन्वय गर्ने ।

**१५. सुझाव र फैसला कार्यान्वयन गर्ने**

- आप्रवासी श्रमिकहरूको अधिकार संरक्षण र वैदेशिक रोजगारीको प्रभावकारी व्यवस्थापनका निम्ति विभिन्न कार्यदल, अनुसन्धान टोली र राष्ट्रिय मानव अधिकार आयोगले दिएका सिफारिसहरू कार्यान्वयन गर्ने ।
- वैदेशिक रोजगारसँग सम्बन्धित विषयमा अदालत एवम् वैदेशिक रोजगार न्यायाधीकरणबाट भएका फैसला र आदेशहरू कार्यान्वयन गर्ने ।

**१६. अन्तर्राष्ट्रिय सन्धि अनुमोदन गर्ने**

- सबै आप्रवासी श्रमिकहरू तथा तिनीहरूका परिवारका सदस्यहरूको अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९९०,
- अन्तरदेशीय सङ्गठित अपराधसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिको परिपूरक आलेखका रूपमा तयार गरिएको मानव बेचबिखन (विशेष गरी महिला तथा बालबालिकाहरूको रोकथाम, नियन्त्रण तथा सजायसम्बन्धी आलेख (प्रोटोकल) २०००,
- घरेलु श्रमिकहरूको हकहित र अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठनसम्बन्धी महासन्धि २०११ (नं. १८९) ।

(ख) राष्ट्रिय मानव अधिकार आयोगबाट अध्ययन तथा अनुसन्धान, अनुगमनबाट तयार पारिएको मानव बेच-बिखनसम्बन्धी राष्ट्रिय प्रतिवेदन आ.व. २०७३/२०७४ र आ.व. २०७४/२०७५ बाट प्राप्त तथ्यहरूका आधारमा सुरक्षित वैदेशिक रोजगारका लागि नेपाल सरकारलाई सिफारिस कार्यान्वयनका लागि मिति २०७५ भदौ २२ गते नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाइएको छ। सिफारिसको विवरण तल प्रस्तुत गरिएको छ ः

- आर्थिक र समाजिक शशक्तीकरणका कार्यक्रमहरूलाई गरिबी निवारण, महिला बालबालिका, दलित तथा जनजाति समुदायहरू र पिछडिएका समूहहरूलाई लक्षित गरी कार्यक्रम नियमित गर्ने र सुदृढीकरण गर्न ।
- विपद्को अवस्थामा हुने मानव बेचबिखनको समस्याको संवेदनशीलतालाई सम्बोधन गर्नका लागि मानव बेचबिखनविरुद्धको राष्ट्रिय कार्ययोजना २०६८, चौथो पञ्च वर्षीय मानव अधिकार राष्ट्रिय कार्ययोजना, आवधिक योजनाहरू र अन्य कार्ययोजनामा पीडितको अधिकार संरक्षणमा केन्द्रित रही नदोहोरिने दृष्टिकोणबाट पुनरावलोकन गरी समावेश गर्ने ।
- मानव बेचबिखनमा परेका पीडितहरूको उद्धार तथा स्वदेश फिर्ताको आवश्यकताको पहिचान गर्ने, नेपालबाहिरबाट उद्धार र स्वदेश फिर्ता गर्न र स्वदेशभित्रै उद्धार गर्नका लागि प्रत्यक्ष

सम्बन्धित मन्त्रालय, कार्यालयहरू र आवश्यकताअनुसार गैरसरकारी संस्थाको सहभागिता रहने गरी द्रुत तथा स्वचालित प्रणालीको स्थापना गर्न ।

- देशबाहिर बेचबिखनमा परेका प्रभावितहरूलाई कानुनविपरीत कार्य गरेको आधारमा सजाय दिन नहुने व्यवस्थाको सुनिश्चित गर्न । सुरक्षितरूपमा स्वदेश फिर्ता गर्नका लागि विदेशस्थित नेपाली कूटनीतिक नियोगहरू, राष्ट्रिय मानव अधिकार संस्था, नेपाल प्रहरी र मानव बेचबिखन विरुद्धको राष्ट्रिय समितिसहितको समन्वयमा गर्न ।
- नेपाल सरकारद्वारा खाडी मुलुकमा घरेलु कामदारहरूका लागि लगाइएको उमेर हदका कारण भारत हुँदै अलेखबद्ध रूपमा भ्रमण भिसामा गन्तव्य मुलुकबाट जाने कार्यहरूमा वृद्धि भएकाले सो कार्यलाई निरुत्साहित गर्नका लागि नेपाल सरकारले महिलाहरूका लागि लगाइएको उमेर हद हटाई वैदेशिक रोजगार प्रक्रियालाई प्रभावकारी नियमन गर्न ।
- गन्तव्य मुलुकबाट स्वदेश फर्किएका, अध्यागमनबाट फिर्ता पठाइएका, उद्धार भई स्वदेश फिर्ता आएका र परिवारसँग पुनः एकीकरण भएका, सिप प्राप्त गरी नेपाल फर्केकाहरूको प्रणालीगत अभिलेखीकरण गर्ने व्यवस्था मिलाउन ।
- मानव बेचबिखन खासगरी महिला तथा बालबालिका ओसारपसारको नियन्त्रण, दवाउने तथा सजायसम्बन्धी अन्तर्राष्ट्रिय सङ्गठित अपराधविरुद्धको महासन्धिको परिपूरक आलेख २००० (पालेर्मो आलेख) लाई अविलम्ब अनुमोदन गर्न हुन । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ लाई पालेर्मो आलेखअनुरूप हुने गरी संशोधन गर्ने ।
- मानव बेचबिखनबाट प्रभावितहरूलाई एवम् वैदेशिक रोजगारका पीडितहरूको न्यायमा पहुँचका लागि प्रभावकारी व्यवस्था मिलाउन, सम्बद्ध निकायहरूको सेवा र दक्षता बढाउन, पीडितहरूको विश्वासमा वृद्धि गर्न, दोषीलाई विनाढिलाइ कार्यबाही गर्ने कार्यको प्रभावकारी रूपमा सुनिश्चितता गर्नका लागि आवश्यक व्यवस्था गर्न ।
- तोकिएको शुल्कभन्दा बढी शुल्क लिने, गैरकानुनी रूपमा विदेश पठाउनका लागि भर्ना गर्ने कम्पनी (Manpower Agency), एजेन्टहरू, गलत स्वास्थ्य परीक्षण प्रतिवेदन दिने स्वास्थ्य संस्थाहरूलाई कानुनी दायरामा ल्याउन ।
- न्यायिक निकाय, कानुन कार्यान्वयन निकायहरू, महान्यायाधिवक्ताको कार्यालय, प्रदेश मुख्य न्यायाधिवक्ता, जिल्ला न्यायधिवक्ताको कार्यालय, नेपाल प्रहरी, मानव बेचबिखनविरुद्धका समितिहरू, वैदेशिक रोजगार विभाग, अध्यागमन विभाग तथा तीअन्तर्गतका कार्यालयहरूमा रहेका तथ्याङ्कहरूको एकीकृत प्रणाली स्थापना गर्न ।
- मानव बेचबिखन रोकथाम तथा नियन्त्रणका सम्बन्धमा महिला तथा बालबालिका सेवाकेन्द्र, अध्यागमन अधिकारीहरू, न्याय सम्पादन गर्ने कार्यमा संलग्न हुने अधिकारीहरू र अन्य सरोकारवालाहरूलाई लक्षित गरी क्षमता बिस्तार तालिम कार्यक्रमहरूको योजना बनाई कार्यान्वयन गर्न ।
- स्थानीय सरकार, प्रादेशिक सरकार र सङ्घीय सरकारबिच मानव बेचबिखन तथा ओसारपसार

नियन्त्रणका लागि प्रभावकारी समन्वय प्रणाली स्थापना गर्ने ।

- नेपालको वैदेशिक रोजगारीको गन्तव्य मुलुकहरूसँग सहयोग र समन्वयका लागि प्रभावकारी मलेसिया कूटनीतिक सम्बन्ध स्थापित तथा सुदृढीकरण गर्ने ।
- गन्तव्य मुलुकका राष्ट्रिय मानव अधिकार संस्थाहरूसँग आप्रवासी नेपाली कामदारहरूको मानव अधिकार संरक्षणका लागि मलेसिया संयन्त्रको स्थापना गर्न आवश्यक सहयोग र सहजीकरण गर्ने ।

## छाउपडी प्रथा अन्त्य सम्बन्धमा

१. **सङ्घीय सरकारलाई**

१. छाउपडी प्रथा अन्त्यका सम्बन्धमा नेपालको संविधान तथा अन्य प्रचलित कानुनले व्यवस्था गरेका प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्ने ।

२. छाउपडी प्रथा अन्त्य गर्नका लागि मुलुकी अपराध संहिता ऐन २०७४ को व्यवस्था कार्यान्वयन र छाउपडीबाट पीडितको सुरक्षा, क्षतिपूर्ति, उजुरीकर्ताको संरक्षण, मनोसामाजिक परामर्श, पुर्नस्थापनाजस्ता पीडितको न्यायमा पहुँचका पूर्वसर्तहरू सम्बोधन गर्ने तर्फ मुलुकी अपराध संहिता ऐन २०७४ दफा १६८ को यथोचित संशोधन गरी प्रभावकारी बनाउन ।

३. नेपाल सरकारले सेनेटरी प्याडमा हालसम्म लगाउदै आएको भन्सार कर तथा आन्तरिक राजस्व छुट गरी अत्यावश्यक वस्तुसरह ग्रामीण भेगका गरीब, बालिकालाई निःशुल्क वितरण वा आर्थिक पहुँच योग्य र सर्वसुलभता बनाइ बालिकाको शिक्षा तथा मर्यादित जीवनको अधिकारलाई सुनिश्चित गर्ने ।

४. सङ्घ र प्रादेशिक तहबाट स्थानीय तहमा छाउपडी विरुद्ध भएको विभिन्न गतिविधिहरूको प्रगति विवरणको अनुगमन गरी प्रतिवेदन सार्वजनिक गर्ने ।

५. शिक्षा मन्त्रालय र शिक्षा विभागलाई आधारभूत तथा माध्यमिक तहको पाठ्यक्रममा छाउपडी कुप्रथा महिलाविरुद्धको हिंसा हो, जसको कानुनमा नै सजायको व्यवस्था गरिएको छ भन्ने विषय समावेश गर्ने ।

६. छाउपडी बढी प्रभावित जिल्ला/क्षेत्रमा विशेष प्राथमिकता दिई चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

२. **प्रदेश सरकार/स्थानीय तहलाई**

१. छाउपडी प्रथा उन्मूलन निर्देशिका २०६४ मा भएका व्यवस्थालाई अक्षरशः पालना गर्न-गराउन र छाउपडी प्रथा विरुद्ध स्थानीय नगरपालिका र गाउँपालिका-स्तरीय कार्यक्रम सञ्चालन गर्ने ।

२. स्थानीय तहमा रहने महिला विकास कार्यालयले सामाजिक कुरीति एवम् भेदभावपूर्ण व्यवहारमा परिवर्तन गर्ने खालका कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने ।

३. छाउपडीले महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने हुँदा धार्मिक गुरु, पुरोहित,

धामी झाँक्री र आमा तथा सासू समूह तथा किशोर-किशोरी, विद्यालयका शिक्षक-शिक्षिका, राजनीतिक दलका प्रतिनिधिहरूसमेतलाई छाउपडीविरुद्धको शिक्षा र जनचेतना जगाउने खालका कार्यक्रम सञ्चालन गर्न ।

४. छाउपडी बढी प्रभावित जिल्ला/क्षेत्र र स्थानीय तहमा प्राथमिकताका साथ चेतनामूलक कार्यक्रम सञ्चालन गर्न ।

५. महिला एवम् किसोरीलाई छाउपडी अवस्थामा गरिने अमानवीय र क्रूर व्यवहार कानुनबमोजिम निषेधित भएकाले यस्तो कार्य गर्नलाई नेपाल प्रहरीले कानुनी कार्यबाहीको दायरामा ल्याउने ।

६. स्थानीय तहले प्रहरीसँगको संयोजनमा छाउपडी पीडितलाई उद्धार गरी सुरक्षित बासको व्यवस्था गर्ने ।

**३. गैरसरकारी सङ्घसंस्थाहरू/नागरिक समाज/मानव अधिकारकर्मीलाई**

१. गैरसरकारी संस्थाहरू, नागरिक समाज र मानव अधिकारकर्मीहरूले छाउगोठ भत्काउने कार्यमा जोड दिएको देखिन्छ तर ती सङ्घसंस्थाहरूले आमा समूह, सासू, स्वास्थ्य स्वयंसेवी, अनमी/स्वास्थ्य कार्यकर्ता/ मानव अधिकारकर्मीजस्ता परिवार र समाजलाई प्रत्यक्ष प्रभाव पार्ने समुदायलाई छाउपडीसम्बन्धी क्षमता अभिवृद्धि, जनचेतनासम्बन्धी कार्यक्रम सञ्चालन गर्न ।

२. स्थानीय रेडियो तथा एफएम कार्यक्रमबाट छाउपडी कुप्रथा हो, कानुनी अपराध पनि हो, यसको अभ्यास गर्नेलाई कानुनी सजाय हुने सन्देशमूलक जानकारी स्थानीय भाषामा प्रसारित गर्ने ।

३. छाउपडीमुक्त गाउँ घोषणा गर्ने कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गर्ने र छाउपडी प्रथा नियन्त्रण गर्न सहयोग गर्ने सामाजिक अभियन्तालाई पुरस्कारको व्यवस्था गर्ने ।

४. राजनीतिक नेतृत्व र स्थानीय जनप्रतिनिधिहरूले छाउपडी प्रथा उन्मूलनका लागि तदारुकताका साथ कानुनको कार्यान्वयन गरी महिलाको मानव अधिकारको सुनिश्चितता गर्ने ।

## अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार

**१ सरकारलाई**

समग्र अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र संवर्द्धनका लागि

- नेपाल सरकारबाट अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन, २०७४ को प्रभावकारी कार्यान्वयन गर्न-गराउन तथा यससम्बन्धी नियमावली अविलम्ब जारी गर्न । केन्द्र, प्रदेश र स्थानीय तहमा ऐनबमोजिमको निर्देशन समिति तथा समन्वय समिति तत्काल गठन गर्न-गराउन ।
- नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार निर्देशिका, २०६९ को प्रभावकारी कार्यान्वयन गर्न-गराउन । पुनर्निर्माण र नव निर्माणमा सर्वमान्य ढाँचा (Universal Design) को सिद्धान्तलाई अवलम्बन गर्न-गराउन ।

- सार्वजनिक निकायहरूमा अपाङ्गता भएका व्यक्तिहरूको समावेशी सिद्धान्त र संविधानको मर्मअनुसारको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्न ।
- सार्वजनिक यातायात अपाङ्गतामैत्री बनाई सिटको आरक्षण प्रभावकारी कार्यान्वयन गर्न ।
- नेपाल सरकारले कानुनबमोजिम प्रदान गरेको निःशुल्क स्वास्थ्य उपचार र औषधीको सुविधा हेमोफेलिया, मनोसामाजिक, अटिज्म, डाउनसिन्ड्रोम, बौद्धिक अपाङ्गता र स्पाइनल इन्जुरीलगायतका सबै अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताअनुकूलको सुविधा सुनिश्चित गर्न-गराउन ।
- पूर्ण तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिहरूलाई समय सापेक्ष सामाजिक सुरक्षा भत्ताको व्यवस्था गर्ने । सर्वोच्च अदालतको परमादेश बमोजिम कम्तीमा पनि न्यूनतम निर्वाह भत्ताका रूपमा अवस्था अनुसार रु.३०००।- (तीन हजार) देखि रु.५०००।- (पाँच हजार) सम्म मासिक विशेष भत्ता उपलब्ध गराउन ।
- दिगो विकास लक्ष्य हासिल गर्न र विशेष गरी 'कोही पछि नछुटून्' भन्ने सन्देशको मर्मअनुरूप अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक, शैक्षिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक अधिकार सुनिश्चित हुने गरी नेपाल सरकार र नेपालस्थित दातृ निकायहरूले अनिवार्यरूपमा विकासमा अपाङ्गताको सवाल भन्ने सिद्धान्तअनुसार कार्य गर्ने-गराउने व्यवस्था मिलाउन ।
- अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्ने सबै खाले सहायता सामग्री निःशुल्क वितरण गर्ने । निःशुल्क वितरण गर्न नसकिने सहायता सामग्रीहरू सहुलियत दरमा र सहज ढङ्गले वितरण गर्ने र यस्तो सामग्रीमा लाग्ने सबैखाले करहरू मिनाहा गर्न ।
- अपाङ्गताभित्रको विविधतालाई सम्बोधन गर्दै गम्भीर खाले अपाङ्गता र अपाङ्गताभित्रका दलित, आदिवासी जनजाति, मुस्लिम, मधेसी र महिलाका विशेष खालका आवश्यकतालाई प्राथमिकतामा राख्न । सन् २०२१ को राष्ट्रिय जनगणनामा अपाङ्गता भएका दलित, आदिवासी जनजाति, मुस्लिम, मधेसी समुदायको वर्गीकृत तथ्याङ्क निकाल्ने र अपाङ्गताको प्रकारअनुसारको तथ्याङ्क अनिवार्य रूपमा सङ्कलन गर्ने व्यवस्था मिलाउन ।
- पूर्ण अशक्त, अति अशक्त, सहाराविहीन वा बौद्धिक अपाङ्गता भएका र मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई पुनर्स्थापना गर्न कम्तीमा पनि सबै प्रदेशमा पुनर्स्थापना केन्द्र स्थापना गर्न-गराउन ।
- केन्द्रीय तथ्याङ्क विभागद्वारा अपाङ्गता भएका व्यक्तिहरूको देशभरको एकीकृत र विविधताबमोजिमको खण्डीकृत तथ्याङ्क सङ्कलन गर्न-गराउन । सबै स्थानीय तहले अपाङ्गता भएका व्यक्तिहरूको विवरणको अभिलेख राख्न र सोको हरेक वर्ष अद्यावधिक गर्न-गराउन ।
- वितरित अपाङ्गतासम्बन्धी परिचयपत्रको पुनःपरीक्षण गर्न ।
- अपाङ्गताको विषयमा स्थानीय सरकारको भूमिका सशक्त बनाउन ।
- प्रादेशिक सरकारले पनि अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारलाई उच्च प्राथमिकतामा राख्न ।
- सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारले कानुनहरूमा अपाङ्गमैत्री प्रावधानहरू समावेश गर्न र प्रचलित कानुनलाई पनि तदनुरूप संशोधन गर्न ।

**बहुअपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र संवर्द्धन गर्न**

- पूर्ण वा अति अशक्त बहुअपाङ्गता भएका व्यक्तिहरूलाई व्यक्तिगत सहयोगीको आवश्यकता पर्ने हुँदा त्यस्तो सहयोगीको प्रबन्ध गर्न ।
- निःशुल्क उपचारको व्यवस्था गर्न ।
- अटिज्मसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र संवर्द्धन गर्न
- सहयोगीको व्यवस्था गर्न ।
- स्याहार र शिक्षाका लागि पुनर्स्थापना केन्द्र स्थापना गर्न ।
- अनुवंशीय रक्तस्राव (हेमोफिलिया)सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र संवर्द्धन गर्न
- निःशुल्क स्वास्थ्योपचारको व्यवस्था गर्न ।

**बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र संवर्द्धन गर्न**

- बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको बृहत्तर हकहित, अधिकार र सशक्तीकरणका लागि सामुदायिक स्याहार केन्द्र र ट्रस्ट फन्ड (Trust Fund) सञ्चालन गर्न-गराउन ।

**मानसिक वा मनोसामाजिक अपाËता भएका व्यक्तिहरुको अधिकार संरक्षण र संवर्द्धन गर्न**

- दिवा सेवाको व्यवस्था गरी पूर्ण र अतिअशक्त अपाङ्गता भएका व्यक्तिका आत्मसम्मान र बाँच्नयोग्य सामाजिक सुरक्षासहित व्यक्तिगत सहयोगीको समेत व्यवस्था गर्न ।
- मानसिक अपाङ्गताको आधारमा हुने विभेदकारी कानुन खारेज गर्न ।

**स्वर र बोलाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र संवर्द्धन गर्न**

- स्पिच थेरापीको सेवा सर्वसुलभ बनाउन ।

**श्रवण दृष्टिविहीन अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र संवर्द्धन गर्न**

- स्पर्श सञ्चार (टेक्टाइल) को प्रवर्द्धन गर्न ।
- सहयोगीको व्यवस्था गर्न । पुनःस्र्थापन केन्द्रमा राखी सेवा प्रदान गर्न ।

**सुनाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण र संवर्द्धन गर्न**

- जनसम्पर्क बढी हुने सबै कार्यालयहरूमा साङ्केतिक भाषाको दोभाषे व्यवस्था गर्न ।
- दोभाषे उत्पादन गर्न तालिम र शिक्षकलगायतको व्यवस्था गर्न ।
- सञ्चार माध्यममा साङ्केतिक भाषाको प्रयोग हुने व्यवस्था गर्न ।

- साङ्केतिक भाषा अध्ययन अनुसन्धान र तालिम केन्द्र स्थापना गर्न ।
- सुस्त श्रवण अपाङ्गतालाई अपाङ्गताको परिभाषाभित्र समावेश गर्न ।
- सुस्त श्रवण व्यक्तिको पहुँच सुनिश्चित गर्न नोटटेकर, हियरिङ एडलगायतका व्यवस्था गर्न ।

**दृष्टिसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र संवर्द्धन गर्न**

- ब्रेल लिपिमा शैक्षिक सामग्रीहरू तयार पारी वितरण गर्न ।
- अडियो रेकर्डमा शैक्षिक सामग्रीहरू तयार पारी वितरण गर्न ।
- सेतो छडीलगायतका सहायता सामग्रीहरू सर्वसुलभ बनाउन ।
- दृष्टिविहीनहरूको सञ्चारमा पहुँच अभिवृद्धि गर्न माराकास सन्धि (Marrakesh Treaty, 2013) अनुमोदन गर्न ।
- दृष्टिविहीनहरूको पहुँच पुऱ्याउन नवीनतम आधुनिक प्रविधिहरूको प्रयोग गर्ने व्यवस्था मिलाउन ।

**शारीरिक अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र संवर्द्धन गर्न**

- भौतिक संरचनाहरू अपाङ्गमैत्री बनाउन ।
- सहायता सामग्रीहरू सर्वसुलभ बनाउन ।

माथि उल्लिखित सिफारिसहरू कार्यान्वयनका लागि आयोग सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारलाई आ-आफ्ना अधिकार क्षेत्रका विषयमा तत्परता लिन आग्रह गर्दछ ।

२ **अन्तर्राष्ट्रिय समुदायलाई**

- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको संरक्षण र संवर्द्धनको विषयलाई प्राथमिकतामा राख्न र यस क्षेत्रमा सहायता निरन्तर जारी राख्न ।

३ **अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको क्षेत्रमा काम गर्ने सङ्घ-संस्थालाई**

- पूर्ण वा अति अशक्त तथा गम्भीर अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र संवर्द्धनका लागि प्राथमिकताका साथ कार्य गर्न ।
- ग्रामीण भेग तथा स्थानीय तहमा अपाङ्गतासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न ।
- अपाङ्गताभित्रको विविधताअनुसार सबै खाले विविधतालाई संबोधन हुने गरी कार्यक्रमहरू सञ्चालन गर्न ।

४ **आम सञ्चारमाध्यमलाई**

- अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकारको संरक्षण र प्रभावकारी कार्यान्वयनको विषयलाई उच्च प्राथमिकता दिई प्रकाशन तथा प्रसारण गर्न-गराउन ।
- अपाङ्गता भएका व्यक्तिहरूको मनोवल गिराउने तथा आत्मसम्मानमा चोट पुऱ्याउने उखान टुक्काहरू प्रयोग नगर्न र समाजलाई पनि यस्ता कुरा नगर्न नगराउन सचेत तुल्याउन ।

१. **विकास निर्माणका कार्य सम्बन्धमा**

(क) विकास निर्माणसम्बन्धी आयोजना सम्पन्न गर्नुअघि पूर्णरूपमा आयोजनाको विश्लेषण गरी विकासमा मानव अधिकारमुखी पद्धति अवलम्बन गरी आयोजनाको थालनी र कार्य सम्पन्न हुने समयसम्मको तालिका बनाई त्यसलाई पूर्ण पालना भए-नभएको सम्बन्धमा सम्बन्धित निकायहरूले नियमित स्थलगत अनुगमन गर्ने ।

(ख) विकास निर्माणसम्बन्धी आयोजनाको सम्झौता गर्दा उक्त सम्झौता गर्ने ठेकेदारहरूलाई निर्माणाधिन कार्य क्षेत्रबाट निष्कासित भएको प्रदूषण नियन्त्रणसम्बन्धी कानुनी प्रावधनहरूको अवलम्बन गरी समय सीमाभित्र कार्य सम्पन्न गर्नेलगायतका मानव अधिकारमैत्री वातावरणको पूर्ण पालना गराउन र सोको नियमित रूपमा अनुगमन गर्ने । सोसम्बन्धी कानुनको पूर्णरूपमा परिपालन गर्ने व्यवस्था मिलाउन ।

(ग) विकास निर्माणका कार्यलाई एकीकृत रूपमा सञ्चालन गर्न एकीकृत विकास प्रणालीको व्यवस्था गरी सञ्चालन गर्ने ।

(घ) विकास निर्माणको कार्य सुरुवात गर्नुअघि सम्बन्धित स्थानीय बासिन्दा र सम्बन्धित कार्यबाट प्रभावित हुने सरोकारवाला निकायहरूको बिचमा अधिकतम समन्वय गर्ने ।

२. **सवारी साधन व्यवस्थापन, मापदण्ड र कानुनको कार्यान्वयन सम्बन्धमा**

(क) नेपाल सरकारले लागु गरेको मापदण्ड सबै सरोकारवालाहरूका लागि बाध्यात्मक भएकाले सोको पालना भए-नभएकोतर्फ सम्बन्धित अनुगमनकारी निकायहरूबाट प्रभावकारी अनुगमन गरी कानुनबमोजिम कार्यबाही गर्ने-गराउन ।

(ख) नेपाल सवारी प्रदूषण मापदण्ड २०६९, वायुप्रदूषण गुणस्तर नियन्त्रण मापदण्ड २०६९ र सवारी तथा यातायात व्यवस्थापन ऐन २०४९ बमोजिम अनुगमन गर्दा प्रदूषण मापदण्ड पूरा नगरेका सवारी साधनलाई तत्काल जरिवाना गर्ने कानुनको अभाव रहेकाले सोसम्बन्धी कानुनको निर्माण गरी लागु गर्ने ।

(ग) सार्वजनिक, निजी र सरकारी सवारी साधनहरूको काठमाडौँ उपत्यकाभित्र प्रवेश गर्ने चेकपोस्टहरूमा प्रदूषण मापदण्ड जाँचको व्यवस्था गर्ने र हरियो स्टीकरको व्यवस्थालाई उपत्यकाभरि बिस्तार गरी सोको प्रभावकारी रूपमा लागु गराई अनुगमन गरी कार्यान्वयन गर्ने ।

(घ) काठमाडौं उपत्यकामा सञ्चालनमा रहेको दुईपाङ्ग्रे सवारी साधनहरूको समेत प्रदूषणको नियमित जाँचको व्यवस्था गर्ने ।

(ङ) वायुप्रदूषण न्यूनीकरणका लागि तीन वटा स्थानमा सवारी यातायात धुवाँ प्रदूषण परीक्षण केन्द्र रहेको, दैनिक २५० भन्दा बढी सरदर रूपमा गाडीहरू तोकिएको प्रदूषण चेक जाँच गराउन आउने गरेको र उक्त चेकजाँच गर्ने स्थल साँगुरो र जाने बाटो धुलो भएको जसका कारण सर्वसाधारण र कर्मचारीकै स्वास्थ्यमा असर पुग्ने गरेको पाइएको हुँदा चेक जाँच स्थलको

आवश्यक सङ्ख्यामा वृद्धि गरी वातावरण विभाग, ट्राफिक महाशाखा र यातायात व्यवस्था विभागबिच समन्वय गरी प्रभावकारी रूपमा चेक जाँचको कार्य गर्न-राउन ।

(च) सवारी साधनहरूबाट निष्कासित धुवाँहरूबाट, प्लास्टिकजन्य फोहोर बालेपछि निस्कने धुवाँबाट, इँट्टाभट्टाबाट निस्कने धुवाँबाट कार्वनडाइ अक्साइड र द्यबिअप ऋबचदयल धेरै मात्रामा उत्सर्जन हुने पाइएको छ । यस्तो कार्वनडाइ अक्साइड र द्यबिअप ऋबचदयल मानव स्वास्थ्यका लागि गम्भीर प्रकृतिको दीर्घकालीन नकरात्मक असर पर्न जाने भन्ने पाइएको हुँदा यस्तो कार्बनडाइ अक्साइड र द्यबिअप ऋबचदयल उत्सर्जन नियन्त्रण र रोकथाम गर्ने तर्फ आश्यक प्रविधि प्रयोगमा ल्याई कार्यान्वयन गर्न-गराउन ।

**३. प्रारम्भिक वातारणीय परीक्षण र वातावरणीय प्रभाव मूल्यात्तन सम्बन्धमा**

(क) कुनै पनि विकास निर्माण, उद्योग तथा कलकारखाना-लगायतका भौतिक संरचना निर्माण र कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने नकारात्मक प्रभावलाई कसरी न्यूनीकरण गर्ने र अन्य वैकल्पिक उपायहरू के के हुन सक्छन् भनी विश्लेषण गर्नका लागि प्रारम्भिक वातारणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) महत्त्वपूर्ण प्रक्रिया भए पनि IEE/EIA गर्दा प्रभावकारी रूपमा नगरेको पाइएको हुँदा प्रभावकारी रूपमा गर्न-गराउन सम्बन्धित निकायलाई निर्देशन दिई कार्यान्वयन गर्न-गराउन ।

**४. फोहोरमैला सत्तलन र व्यवस्थापन सम्बन्धमा**

(क) फोहोरमैला व्यवस्थित गर्दा कुहिने र नकुहिने फोहोरलाई स्रोतमै वर्गीकरण गरी बेग्लाबेग्लै गाडीमा सङ्कलन गरी फोहोरमैला व्यवस्थापन स्थल (ल्याडफिल्ड साइट) मा विसर्जन गर्ने व्यवस्था गर्न ।

(ख) फोहोरमैलाहरू सङ्कलन गर्ने समय-तालिका निर्धारण गरी प्रत्येक गाउँ, टोल वा स्थानमा वितरण गर्ने र सो समय-तालिकाबमोजिम सङ्कलन गरी तत्कालै विसर्जन गर्ने व्यवस्था मिलाउन ।

(ग) फोहोरमैला सङ्कलन गर्ने व्यक्तिहरूले सडक सफा गर्दा निकस्ने फोहोरका साथै अनधिकृत रूपमा भित्ता र बिजुलीको पोलमा टाँसिएको विज्ञापन, पोस्टर, पम्पलेटहरूसमेत सङ्कलन गरी विसर्जन गर्न ।

(घ) फोहोरमैला नियमित रूपमा सङ्कलन नगरी सडकमा छाड्नाले त्यस्ता फोहोरहरूलाई विसर्जन गर्ने क्रममा स्थानीय व्यक्तिहरूले खुला स्थानमा आगो लगाउने कार्य भइरहेको हुँदा उक्त कार्यले कार्बन उत्सर्जन भई वायुप्रदूषण हुने हुँदा तत्कालै फोहोरमैला सफा र सङ्कलन गर्ने र फोहोरलाई आगोलगाई डढाउने कार्य तत्काल रोक लगाउने व्यवस्था गर्न ।

**५. फोहोरमैला विसर्जन स्थल (ल्यान्डफिल्ड साइट) सम्बन्धमा**

(क) ल्यान्डफिल्ड साइट, ओखरपौवामा फोहोर विसर्जनको थुप्रोबाट निस्कने लिचर्डलाई व्यवस्थापन नगरी खोलामा मिसाएको देखिएकाले उक्त विषाक्त तथा रसायनयुक्त लिचर्डबाट मानव र अन्यप्राणी जगतसमेतको स्वास्थ्यलाई प्रतिकूल असर पर्ने हुदा उक्त लिचर्डलाई ट्रिटमेन्ट प्लान्टको प्रयोग गरी पानीलाई शुद्ध गरी खोलामा मिसाउने व्यवस्था गर्न ।

(ख) हाल सञ्चालनमा रहेको ल्यान्डफिल्ड साइट, ओखरपौबाट प्रत्यक्ष प्रभावित स्थानीय बासिन्दाहरूलाई सो स्थानबाट तत्काल स्थानान्तरण गरी समय सापेक्ष मुआव्जा उपलब्ध गराउन।

(ग) अव्यवस्थित र खुला ल्यान्डफिल्ड साइट सञ्चालन गरेका कारणले ल्यान्डफिल्ड साइट,ओखरपौवा वरिपरि रहेका बासिन्दाहरूको स्वास्थ्यमा दिनानुदिन नकरात्मक असर परिरहेको पाइएकाले निजहरूको निःशुल्क स्वास्थ्य परीक्षण गर्नुका साथै फोहोरमैला सङ्कलन गर्ने मजदुरहरूको नियमित स्वास्थ्य जाँच गरी निरोधात्मक उपायहरूको व्यवस्था गर्न।

(घ) उक्त ल्यान्डफिल्ड साइटका सडकहरूमा फोहोर ढुवानी गर्ने गाडीहरूका कारण सडक छिटो-छिटो भत्किने, भत्किएका सडकहरू समयमा ममर्त नहुने र गाडी कुदाउदा धेरै धुलो उड्ने गर्दा बालाजुदेखि ओखरपौवासम्मको सडक बाटो नियमित मर्मत गर्न र धुलो उड्न नदिने उपाय अपनाउने व्यवस्था गर्न।

(ङ) फोहोरमैला व्यवस्थापन गर्ने ल्यान्डफिल्ड साइटको वैज्ञानिक तथा स्थायी व्यवस्था नभएकाले समय समयमा काठमाडौं उपत्यकामा फोहोर सङ्कलन नभई घर र सडकमा फोहोर थुपारिनाले फोहोरबाट निष्कासन हुने विषाक्त ग्यासले वायुप्रदूषण भई मानव स्वास्थ्यमा असर पर्ने हुँदा तत्काल ल्यान्डफिल्ड साइटको स्थायी र वैज्ञानिक रूपमा व्यवस्थापन गर्न।

**६. रसायनयुक्त सङ्क्रमित र साधारण फोहोरमैला व्यवस्थापन सम्बन्धमा**

(क) उद्योग, कलकारखाना तथा अस्पतालबाट निष्कासित फोहोरमैलाहरू रसायनयुक्त र विषाक्त किसिमको हुने भएकाले त्यस्ता फोहोरमैलाहरू सावधानीपूर्वक विसर्जन गर्नुपर्ने हँदा कानुनले नै यस्तो रसायनयुक्त र विषाक्त किसिमका फोहोरमैलाहरू उत्पादन गर्ने संस्था/निकायले आफैले नै व्यवस्थापन गर्नुपर्ने भन्ने व्यवस्था गरेको सन्दर्भमा उक्त कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन भए-नभएको सम्बन्धमा नियमित रूपमा अनुगमन गरी कार्यान्वयन गर्न।

**७. इँट्टाभट्टा उद्योग सम्बन्धमा**

(क) काठमाडौं उपत्यकाभित्र विभिन्न स्थानमा जथाभावी इँट्टाभट्टा उद्योगहरू सञ्चालनमा रहेको जसबाट अत्यधिक धुलोधुवाँहरू निष्कासित हुने गरेको, उक्त धुलोधुवाँहरूबाट वायुप्रदूषण भई मानव स्वास्थ्यमा गम्भीर असर परेको, वातावरण स्वच्छ राख्ने सम्बन्धमा कुनै पनि उपायहरू अवलम्बन नगरेको पाइएकाले इँट्टाभट्टा उद्योगलाई वातावरणमैत्री बनाउन, वैज्ञानिकीकरण गर्न र प्रदूषण न्यूनीकरण गर्न अवलम्बन गर्नुपर्ने सम्पूर्ण उपायहरूको अवलम्बन गर्न लगाई सोको प्रभावकारी कार्यान्वयन गर्न-गराउन।

(ख) उद्योगको वरिपरि रहेका बासिन्दाहरूको स्वास्थ्यमा परेको असर र समग्र वातावरणसमेत प्रदूषण भएको विषयलाई मध्यनजर गरी तत्कालै वातावरणमैत्री हुने उपकरणको जडान सबै इँट्टाभट्टा उद्योगमा गर्न लगाई त्यसको नियमित अनुगमन गर्न।

(ग) इँट्टाभट्टा उद्योगमा काम गर्ने व्यक्ति र बालबालिकाहरू समेतलाई प्रत्यक्ष रूपमा स्वास्थ्यमा असर परेको देखिदा नियमित स्वास्थ्य परीक्षण गराउने व्यवस्था गर्न।

८. **वायुप्रदूषण मापनयन्त्रको बिस्तार र विश्लेषण सम्बन्धमा**

(क) वातावरण विभागबाट काठमाडौं उपत्यकामा केही स्थानमा मात्र वायुप्रदूषण मापन यन्त्र जडान गरी अनलाइनमा सूचनाको आधार स्वरूप राखी कार्यान्वयन गरिरहेको पाइए तापनि यस प्रविधिलाई अझ बिस्तार गरी उपत्यकाको प्रमुख नाकाहरूमा राख्न लगाउन र त्यसको अनुगमन र तथ्याङ्कहरूको विश्लेषण नियमित गर्न-गराउन ।

(ख) वायुप्रदूषणको तथ्याङ्क नियमित सङ्कलन गरी सार्वजनिक गर्न, तथ्याङ्कअनुसार वायुप्रदूषण न्यूनीकरण गर्नुपर्ने दायित्व भएका निकायहरूलाई जानकारी दिन र सम्बन्धित कार्यालयले सोका लागि गर्नपर्ने सम्पूर्ण उपायहरूको पहिचान गरी न्यूनीकरणको उपायहरू तत्काल लागु गर्न वातावरण विभागलाई निर्देशन गर्न ।

९. **सडकपेटीको सफाइ र हरियाली व्यवस्थापन सम्बन्धमा**

(क) वायुप्रदूषण वृद्धि गर्न मद्धत पुग्ने कारणहरूमध्ये सडकपेटीको फोहोर व्यवस्थापन नहुनु र सडकछेउका बोटविरुवाको मर्मत-सम्भार उचित किसिमले नहुनु पनि रहेको पाइएकाले सडक र पेटीलाई बिहान ६.०० बजेसम्म सफा गरिसक्न, सो स्थानबाट सङ्कलित फोहर तत्काल विसर्जन गर्ने व्यवस्थागर्न र सडकछेउमा बोटबिरुवा रोप्न र सोको संरक्षणको कार्ययोजना बनाई लागु गर्न ।

१०. **नियमित अनुगमन र जनचेतना र क्षतिपूर्ति सम्बन्धमा**

(क) वातावरण विभागअन्तर्गत अनुगमन गर्ने संयन्त्र र कर्मचारीको अनुगमन कार्य प्रभावकारी नदेखिएकाले विद्यमान ऐन, कानुन र नेपाल सरकारको नीतिअनुरूप नियमितरूपमा प्रभावकारी अनुगमन गरी आवश्यक निर्देशन सुझाव तथा कार्यबाही संयन्त्रको निर्माण गर्न ।

(ख) कुनै पनि विकास निर्माणको अवधिमा आयोजनाको कामहरूको प्रगति कानुनबमोजिम भएको छ-छैन भन्ने नियमित अनुगमन गर्ने र सोको अभिलेख राख्ने व्यवस्था गर्न ।

(ग) विकास निर्माणको आयोजनाको कार्यान्वयन सम्बन्धमा आयोजना स्थलका स्थानीय बासिन्दाहरू र स्थानीय सरकारका जनप्रतिनिधीहरूसहितलाई राखी जनचेतनामूलक कायक्रमहरू सञ्चालन गर्न-गराउन ।

(घ) वायुप्रदूषणका कारणले असर परेका पीडितहरूलाई तत्काल निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउन र त्यस्ता पीडितहरूलाई नेपालको संविधानको धारा ३० (२) बमोजिम क्षतिबापत प्रदूषकबाट क्षतिपूर्ति उपलब्ध गराउन तत्काल आवश्यक कानुनको निर्माण गर्न ।

**फोहोर व्यवस्थापन सम्बन्धमा**

- स्वास्थ्य संस्थालगायत कलकारखाना उद्योगहरूबाट निस्किएको फोहोरहरूलाई सङ्क्रमित र असङ्क्रमित फोहोर आधुनिक उपकरणद्वारा छुट्याई निर्मलीकरण गरी कीटाणुरहित फोहोर तोकिएको स्थानमा व्यवस्थित गर्नुपर्ने ।
- स्थानीय निकायहरूलाई कानुनबमोजिम फोहोर व्यवस्थापन गर्न र छाडा चौपायाको उचित

व्यवस्थापन गर्नुपर्ने ।

- कुनै पनि विकास निर्माणको अवधिमा आयोजनाको कामहरूको प्रगति कानुनबमोजिम भएको छ-छैन भन्ने नियमित अनुगमन गर्ने र सोको अभिलेख राख्ने व्यवस्था गर्न ।
- विकास निर्माणको आयोजनाको कार्यान्वयन सम्बन्धमा आयोजना स्थलका स्थानीय बासिन्दाहरू र स्थानीय सरकारका जनप्रतिनिधीहरूसहितलाई राखी जनचेतनामूलक कायक्रमहरू सञ्चालन गर्न-गराउन ।
- वायुप्रदूषणका कारणले असर परेका पीडितहरूलाई तत्काल निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउन र त्यस्ता पीडितहरूलाई नेपालको संविधानको धारा ३० (२) बमोजिम क्षतिबापत प्रदूषकबाट क्षतिपूर्ति उपलब्ध गराउन तत्काल आवश्यक कानुनको निर्माण गर्न ।

**खनिज पदार्थ/खानी, नदीलगायत प्राकृतिक संरचना दोहोन सम्बन्धमा**

- नदीहरूबाट ढुङ्गा, गिट्टी, वालुवा, चुनढुङ्गा इत्यादि उत्खनन, खनन, सङ्कलन गर्दा र क्रसर उद्योगहरूको सञ्चालन गर्दा मानवीय र वातावरणीय क्षति कम हुने गरी प्राकृतिक एवम् भौतिक संरचनामा असरन पारीकन गर्नुपर्ने र सोको सम्बन्धित निकायबाट प्रभावकारी अनुगमन गर्नुपर्ने ।

**विकास निर्माणका योजना सम्बन्धमा**

- विकास निर्माणका योजना एवम् सडक तथा बाटो बिस्तार निर्माण गर्दा त्यहाँबाट निस्कने धुलो र कणहरू न्यूनीकरण गर्न निर्माणाधीन क्षेत्रमा चारैतिरबाट धुलो उड्न नपाउने गरी छोपेर कार्य गर्ने प्रविधि प्रयोग गर्न र प्रदूषण नियन्त्रणका लागि वैकल्पिक उपायहरूको खोजी गरी कार्यान्वयन गर्न-गराउन ।
- कच्ची बाटो भएका गाउँहरूमा सवारी साधन गुडाउँदा बाक्लो धुलो उडी वातावरणमा र मानव स्वास्थ्यमा गम्भीर असर पुग्न गएकाले त्यस क्षेत्रमा धुलो नियन्त्रण गर्ने उपाय तत्काल लागु गर्न र सो कार्यको प्रभावकारी अनुगमन गरी वातावरण स्वच्छ राख्न ।
- सार्वजनिक बाटोमा बालुवा, गिट्टी, फोहोरलगायत सामानहरू ओसार-पसार/ढुवानी गर्दा त्रिपालले छोपी ढुवानी गर्ने अनिवार्य व्यवस्था गर्न ।
- मध्यपश्चिम र सुदूरपश्चिममा रहेका हिमाल, नदी, सिमसार, ताल तलैयाहरू राष्ट्रको मात्र नभई अन्तर्राष्ट्रिय महŒवको स्थान भएकाले यस क्षेत्रलाई पर्यटक स्थलका रूपमा विकास गर्दा प्राकृतिक स्वरूप एवम् वातावरण नबिग्रने गरी गर्न-गराउन ।
- विकास निर्माणका कार्य कार्यान्वयन गर्दा वातावरणमैत्री तथा जलवायु परिवर्तन अनुकूलन हुने खालका पूर्वाधार विकासहरूको खोजी गरी योजना बनाएर मात्र कार्यान्वयन गर्न ।
- ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् वातावरणीय स्थलमा सडक बिस्तार एवम् भौतिक संरचना निर्माणका कार्यहरू प्राथमिकतामा राखी यथाशीघ्र सम्पन्न गर्न-गराउन ।

- विकास निर्माणसम्बन्धी परियोजनाहरू सञ्चालन गर्दा वातावरण प्रदूषण रोक्न अपनाउनुपर्ने उपायहरूको अवलम्बन अनिवार्य रूपमा गर्न सम्बन्धित निकायलाइ निर्देशन दिन नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने ।

**उद्योगहरूको सम्बन्धमा**

- बाँके जिल्लामा नेपालगन्ज नगरपालिकाको मुटुमा रहेको औद्योगिक क्षेत्रभित्र पुराना उद्योगहरू के कति छन् ? ती उद्योगहरूले वातावरण प्रदूषण र मानव स्वास्थ्यमा के कति असर पारेको छ ? उक्त उद्योगहरू कुन स्थानमा स्थानान्तरण गर्न उपयुक्त हुन्छ ? सञ्चालित उद्योग क्षेत्रको कति दुरी पर मानव बस्ती बसाल्न उपयुक्त हुन्छ ? सोको विज्ञद्वारा विस्तृत अध्ययन अनुसन्धान गरी कार्यान्वयन गर्न ।
- उद्योग कलकारखानाहरूबाट निस्कने धुलो, धुवाँ र गन्धलगायत विविध खाले प्रदूषण रोकथाम र स्वच्छ एवम् स्वस्थ्य वातावरण कायम राख्न उद्योगहरूमा प्रदूषणरहित उपकरणहरू जडान गरे-नगरेको सम्बन्धमा प्रभावकारी अनुगमन गरी जडान नगर्नेलाई कानुनी कार्यबाहीको दायरामा ल्याउन ।
- उद्योग कलकारखाना सञ्चालन गर्दा मानव बस्ती र वातावरणलाई प्रतिकूल प्रभाव नपार्ने गरी सञ्चालन गर्न-गराउन र उद्योग कलकारखानाहरूबाट उत्पादन हुन थालेपछि त्यसबाट वातावरण र व्यक्तिलाई पर्ने नकारात्मक प्रभावको सम्बन्धमा प्रभावकारी अनुगमन गरी कार्यन्वयन गर्न-गराउन ।
- मोरङ-सुनसरी औधोगिक करिडोरमा रहेका उद्योगहरूबाट निष्कासित प्रदूषित पानी सोभैै नदीमा मिसाइएको पाइएकाले त्यस्तो कार्य तत्कालै बन्द गराउन लगाउन । त्यस्तैगरी सो स्थानका उद्योगहरूबाट भइरहेको वातावरण प्रदूषणका सम्बन्धमा प्रभावकारी अनुगमन गरी कानुनबमोजिम स्थापित मापदण्ड पूरा नगर्ने उद्योगहरूलाई कार्यबाहीको दायरामा ल्याउन ।
- इलाम जिल्लामा रहेको चिया बगानमा अत्यधिक मात्रामा विषाक्त पदार्थ प्रयोग गरेको पाइएकाले सोको प्रभावकारी अनुगमन गरी न्यूनीकरणका वैज्ञानिक उपायहरू अवलम्बन गर्न ।

**वातावरण प्रभाव मूल्याङ्कन सम्बन्धमा**

- कुनै पनि विकास निर्माणका योजना र भौतिक संरचना निर्माण गरी कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्न सक्ने नकारात्मक प्रभावलाई कसरी न्यूनीकरण गर्ने र अन्य वैकल्पिक उपायहरू के के हुन सक्छन् भनी विश्लेषण गरी योजना बनाई गरिने वातावरण प्रभाव मूल्याङ्कन कार्य वास्तविक र प्रभावकारी रूपमा गर्न-गराउन ।
- हाल सञ्चालनमा रहेका उद्योगहरूको पनि वातावरण प्रदूषणका सम्बन्धमा समय-सापेक्ष प्रभावकारी अनुगमन गरी कानुनद्वारा तोकिएका मापदण्ड पूरा नगरेका उद्योगहरूलाई कार्यबाहीको दायरामा ल्याउन ।

**प्राकृतिक सम्पदा सम्बन्धमा**

- जलवायु परिवर्तनका कारण जोखिममा रहेका हिमताल/सिमसार/प्रजाती, जोखिमयुक्त समुदायहरूको अवस्थाको अनुगमन अनुसन्धान गरी सोको संरक्षणका लागि विशेष व्यवस्था गर्न ।
- राष्ट्रिय तथा स्थानीय तहका सरोकारवाला व्यक्ति तथा निकायहरूमा वातावरण, विकास र मानव अधिकारको संरक्षणका लागि संवाद/बहसको वातावरण सिर्जना गर्न ।
- नदीमा फोहोर/ढल मिसाउने कार्य तत्काल रोकी प्रदूषणमुक्त पानी नदीमा मिसाई नदीलाई स्वच्छ र पवित्र राख्न ।

**सिमेन्ट उद्योग सम्बन्धमा**

- सिमेन्ट उद्योगहरूले नेपाल सरकारले निर्धारण गरेको सिमेन्ट उद्योगहरूबाट निष्कासन भई हावामा जाने धुलोसम्बन्धी मापदण्ड-२०६९ सँग सम्बन्धित धुलो न्यूनीकरणका उपायहरू पूर्णरूपमा अनुसरण गरेको नपाइएकाले यथाशीघ्र तोकिएको मापदण्डअनुसार व्यवस्था मिलाउन र सोको नियमित प्रभावकारी अनुगमन गरी कार्यान्वयन नगर्नेहरूलाई कार्यबाहीको दायरामा ल्याउन ।
- दाङ जिल्लामा अध्ययन गरिएका सोना र घोराही सिमेन्ट उद्योगहरू वरपरका बासिन्दाहरूबाट उद्योगले गरेको वायुप्रदूषणसम्बन्धी चर्को गुनासो आएकाले र सोको अवस्थाबारे निष्कर्षमा पुग्न प्रस्तुत अनुगमन तथा अध्ययनले गरेको मापनको अवधि अपर्याप्त भएकाले ती क्षेत्रहरूमा सबै ऋतुहरूको प्रतिनिधित्व हुने गरी वायुको गुणस्तरको मापन, अध्ययन, अनुगमन तथा अनुसन्धान गर्न-गराउन ।
- अनुगमन गरिएका तीनओटै अर्घाखाँची, सोना र सिमेन्ट उद्योगहरूले धुलो नियन्त्रण गर्नका लागि ब्याग हाउस, इलेक्ट्रोस्ट्याटिक प्रेसिपटेटरजस्ता उपकरणहरू प्रयोग गरेको पाइए तापनि उद्योगभित्रका विभिन्न उपकरणहरूबाट चुहावट (लिकेज) का कारण धुलोधुवाँको डिफ्युसिभ इमिसन भएको पाइएकाले त्यसलाई यथाशक्य प्रभावकारी रूपमा नियन्त्रण गर्न-गराउन ।
- उद्योग परिसरभित्र धातुले बनेको सडक (Metallic Road) निर्माण अनिवार्य रूपमा गर्न, उद्योगवरिपरि हरित पेटी (Green Belt) निर्माण अनिवार्य रूपमा गर्न र उद्योग क्षेत्रभित्र नियमित रूपमा सरसफाइ गर्ने व्यवस्था गर्न-गराउन ।
- उद्योगमा श्रमिक तथा कामदारहरूको Occupational Safety and Health (OSH) को अवस्था यथाशक्य छिटो सुधार गर्ने व्यवस्था मिलाउन र सोको प्रभावकारी अनुगमन गर्न ।
- उद्योगको IEE मा कामदारहरूलाई ध्वनी प्रदूषणबाट पर्ने असर कम गर्ने उदेश्यले EAR एगिन प्रयोग गर्न लगाउने भनिएकोमा अनुगमनका क्रममा सोअनुरूप गरिएको नपाइएकाले उक्त प्रावधानलाई पालना गर्न ।

- उद्योगहरूका कार्यरत कामदारहरूका लागि नियमित स्वास्थ्य परीक्षण गर्ने व्यवस्था र गुनासो सुने संयन्त्र निर्माण गर्न ।
- उद्योगको IEE प्रतिवेदनमा कामदारहरूलाई मास्क, पन्जा, एप्रोनलगायत PPE (PersonalProtective Equipment) उपलब्ध गराउने उल्लेख भएकोमा आयोगको अनुगमनका क्रममा कामदारहरूले एएभ प्रयोग गरेको नदेखिकोले सोको अनिवार्य प्रयोग गर्न ।
- दाङ जिल्लाका अनुगमन गरिएका सगरमाथा र घोराही सिमेन्ट उद्योग र स्थानीय बासिन्दाबिच समन्वय र सहजीकरणको वातावरण निर्माण गर्न संयन्त्र बनाई प्रभावकारी रूपमा कार्यान्यिन गर्न ।
- वि.सं. २०६४ देखि यता लुम्बिनी क्षेत्रबाट १५ किलोमिटरभन्दा नजिकको सिधा दुरीमा उद्योगधन्दा खोल्न नपाइने नीति भएको जानकारी पाइए तापनि उक्त नीति लागु भएपश्चात् स्थापना भएको अर्घाखाँची सिमेन्ट उद्योग लुम्बिनी क्षेत्रबाट करिब १२.५ किलोमिटरको दुरीमा रहेको पाइएकाले उद्योग सञ्चालनसम्बन्धी कानुनी मापदण्ड तथा कानुनहरूको प्रभावकार ीरूपमा पालना गर्न र सो भए-नभएको अनुगमन गर्न ।
- विश्वसम्पदाको सूचीमा स्थापित तथा पर्यटकीय क्षेत्र लुम्बिनीमा वायुप्रदूषण बढ्न सक्ने, वायुप्रदूषणले स्थानीय बासिन्दा तथा पर्यटकहरूको श्वास-प्रश्वास, छाला आदि स्वास्थ्यमा नकारात्मक असर पर्न सक्ने पुरातात्त्विक महत्त्वका भवन, मुर्ति तथा गुम्बाहरू खिइएर बिग्रन सक्नेतथा तुवाँलो बढ्न गई Visibility मा ह्रास आइ उक्त क्षेत्रको पर्यावरण र पर्यटकीय महत्त्वमा ह्रास आउन सक्ने भन्ने बुझिएको हुँदा त्यसतर्फ तत्काल आवश्यक पर्यावरण तथा वातावरण संरक्षण कार्यक्रम लागु गरी कार्यान्वियन गर्न र समय-सापेक्ष कानुन तथा मापदण्डहरू निर्माण गरी लागु गर्न ।
- वातावरण संरक्षण सम्बन्धमा उद्योग कलकारखानाभित्र जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न ।
- वातावरण र विकासको सन्तुलन सम्बन्धमा नियमित रूपमा प्रभावकारी अनुगमन गर्न र स्वच्छ वातावरण अवस्था सम्बन्धमा वार्षिक प्रतिवेदन सार्वजनिक गर्न ।

## आदिवासी तथा जनजातिसम्बन्धी महासन्धि, १९८९

**नेपाल सरकार**

१. आदिवासी जनजातिसम्बन्धी नीति, कानुन निर्माण गर्दा उनीहरूको प्रतिनिधिहरूको सक्रिय स्वतन्त्र सहभागिताको प्रत्याभूति गर्नुहुन ।

२. आदिवासी जनजातिसम्बन्धी महासन्धि, १९८९ (महासन्धि नं. १६९) नेपाल सरकारबाट अनुमोदन हुनुका साथै आदिवासी जनजातिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र (UNDRIP)-६१/२९५(सन् १३ सेप्टेम्बर २००७) को पक्षराष्ट्र भइसकेको हुनाले ती दस्ताबेजहरूमा भएको व्यवस्थासित मेल खाने गरी आवश्यक कानुन निर्माण एवम् प्रचलित

नेपाल कानुनमा देखिएका प्रतिकूल व्यवस्था संशोधन एवम् परिमार्जन गर्नुहुन । यसको साथै राज्यको तीनै तह सङ्घ, प्रदेश र स्थानीय तहमा समान ढङ्गले कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउनुहुन ।

३. विकास तथा भौतिक संरचना निर्माणको योजना बनाउँदा वा कार्यान्वयन गर्दा सम्बन्धित क्षेत्रको आदिवासी जनजाति वा स्थानीय समुदायको संस्कृति सुहाउँदो प्रक्रिया अवलम्बन गरी उनीहरूको अधिकारको संरक्षण हुने कुराको प्रत्याभूत गर्न वा गराउनका लागि आदिवासी जनजातिसम्बन्धी महासन्धि, १९८९ (महासन्धि नं. १६९) र आदिवासी

जनजातिसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र (युनड्रिप), २००७ ले अवलम्बन गरेको स्वतन्त्र, पूर्व र सुसूचित सहमति (Free, Priorand Informed Consent-FPIC) अवधारणा लागु गर्न उपयुक्त संरचनाको निर्माण एवम् लागु गर्न ।

४. महासन्धि नं. १६९ कार्यान्वयनका लागि राष्ट्रिय कार्ययोजना (National Action Plan for the Implementation of the ILOConvnetion No. 169 यथाशीघ्र स्वीकृत गरी कार्यान्वयन गर्नुहुन ।

५. आदिवासी जनजाति जिल्ला समन्वय समिति(गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७२ अनुसार ७५ वटै जिल्लामा स्थापित जिल्ला समन्वय समिति वर्तमान राज्यको संरचना मुताविक नभएको हुनाले तीनै तहमा उपयुक्त संरचना निर्माण गर्नुहुन ।

६. नेपालको संविधान धारा ५६ मा अनुसार स्वायत्त, संरक्षित र विशेष क्षेत्रको अवधारण यथाशीघ्र कार्यान्वयन गर्नुहुन ।

७. लोपोन्मुख आदिवासी जनजातिहरूको भाषा, संस्कृतिको संरक्षणका लागि विशेष कार्यक्रम तर्जुमा गरी यी समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिकलगायतको विकास गर्न समुदाय तथा महिलासमेतको अर्थपूर्ण सहभागिता रहने गरी विशेष कार्यक्रम लागु गर्ने-गराउने व्यवस्था मिलाउनु हुन ।

८. भूमि, वन र वन्यजन्तु संरक्षणसम्बन्धी कानुनलाई आदिवासी जनजातिको अधिकार संरक्षण हुने गरी पुनरावलोकन गर्न-गराउन, वन्यजन्तु आरक्ष तथा सिकार आरक्षणको स्थापना तथा सञ्चालन गर्दा आदिवासी जनजातिको स्व-व्यवस्थापन, सहव्यवस्थापनलगायतको अधिकार संरक्षणसम्बन्धी व्यवस्था मिलाउनु हुन ।

९. केन्द्रीय तथ्याङ्क विभागले आगामी जनगणना गर्दा लोपोन्मुख, अपाङ्गता भएका आदिवासी जनजातिलगायत नेपालका सबै समुदायको खण्डीकृत तथ्याङ्क प्राप्त हुने गरी जनगणनाको व्यवस्था मिलाउनु हुन ।

१०. लोपोन्मुख, महिला, अपाङ्गता भएका आदिवासी जनजातिका लागि विशेष कानुनको निर्माण गरी राज्यको सेवामा उनीहरूको प्रभावकारी पहुँच सुनिश्चित गर्नुहुन ।

११. सङ्घ, प्रदेश र स्थानीय सरकारले बजेट बाँडफाँड गर्दा आदिवासी जनजातिको जनसङ्ख्याको अनुपातमा लैङ्गिकमैत्री बजेट बाँडफाडको व्यवस्था मिलाउनु हुन ।

१२. आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, ऐन २०५८ बमोजिमको सूचीमा सूचीकृत हुन बाँकी रहेका आदिवासी जनजातिहरूको विषयमा आवश्यक जाँचबुझ तथा अनुसन्धान गरी छुट भएकाहरूलाई सूचीकृत गर्नुहुन ।

१३. संवैधानिक अङ्ग र निकायमा नियुक्ति गर्दा नेपालको संविधान, २०७२ को धारा २८३ ले अवलम्बन गरेको समावेशी सिद्धान्तबमोजिम नियुक्त गर्नुहुन ।

**नागरिक समाज**

१४. आदिवासी जनजातिसम्बन्धी महासन्धि, १९८९ (महासन्धि नं.१६९) र आदिवासी जनजातिसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र (युनड्रिप) अनुसार आदिवासी जनजातिहरूको मानव अधिकार सम्मान, संरक्षण, संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयन गर्ने सम्बन्धमा नेपाल सरकार, राष्ट्रिय मानव अधिकार आयोग, सम्बन्धितसंयन्त्रहरूलाई आवश्यक सल्लाह, सुझाव प्रदान गरी महासन्धि र घोषणापत्र कार्यान्वयन गर्ने गराउने सन्दर्भमा सकारात्मक भूमिका निर्वाह गर्न ।

## ज्येष्ठ नागरिकको अधिकार सम्बन्धमा

**(क) व्यवस्थापन र प्रशासनिक सम्बन्धमा**

१. समाज सेवाको भावनाबाट प्रेरित भएर सञ्चालन भएका आश्रमहरूमा सफासुग्घर र जेष्ठ नागरिकमैत्री वातावरणको उचित प्रबन्ध गरिनुपर्ने ।

२. जेष्ठ नागरिक आश्रम/हेरचाह केन्द्रमा महिला र पुरुषका लागि छुट्टाछुट्टै आवासीय भवन र शौचालय तथा स्नानगृह हुनुपर्ने ।

३. आश्रमको पर्खाल गेटसहित कम्पाउन्ड रहुनुका साथै सुरक्षाका निम्ति चौकीदारसमेत हुनुपर्ने । सुरक्षाको व्यवस्थित प्रबन्धका साथै कम्तीमा २० जना रहेका आश्रममा एम्बुलेन्स तथा सवारी साधनको व्यवस्था हुनुपर्ने ।

४. हरेक वृद्धाश्रममा सबै धर्म, भाषा, सम्प्रदाय जातका नागरिक बस्न पाउने गरी खुल्ला हुनुपर्ने तथा छुवाछुत र भेदभावरहित हुनुपर्ने र यस्तो कुरा सार्वजनिक रूपमा घोषणा गर्नुपर्ने ।

५. धेरै आश्रमहरू योजनामा भन्दा भावनामा सञ्चालन हुने गरेकाले सञ्चालन सम्बन्धमा पूर्वयोजना बनाई सञ्चालन गर्नुपर्ने ।

६. हरेक वृद्धाश्रम, दिवा सेवाकेन्द्र, कल्पवास, स्याहार केन्दहरूमा खानपानलगायत दैनिक क्रियाकलापको नियमित अनुगमन गर्नुपर्ने । हरेक संस्थामा विधानको अलवा दैनिक आश्रम सञ्चालन निर्देशिका बनाइ लागु गर्नुपर्ने ।

७. आश्रममा बस्ने जेष्ठ नागरिकहरूलाई बेलाबेलामा धार्मिक, शैक्षिक तथा अनुभव आदानप्रदान भ्रमणमा लैजाने व्यवस्था मिलाउनुपर्ने ।

८. आश्रमहरू धार्मिक भावना प्रेरित मात्र नभएर जेष्ठ नागरिकको अधिकार र समाजप्रतिको कर्तव्यबोधको अवधारणाबमोजिम सञ्चालन गर्न उपयुक्त हुने ।

९. आश्रममा आई बस्ने जेष्ठ नागरिक, आश्रममा भएको जेष्ठ नागरिकको मृतक सङ्ख्या, आश्रमछोडी जाने र पुनर्स्थापना भएकाहरूको अभिलेख अध्यावधिक गरी लिखित रूपमा राख्नुपर्ने ।

१०. समय समयमा विभिन्न आश्रमहरूबिच जेष्ठ नागरिक पुनर्मिलन कार्यक्रम सञ्चालन गरी अनुभव आदान प्रदानको वातावरण बनाउनुपर्ने ।

११. जेष्ठ नागरिकसम्बन्धी कार्य गर्ने संस्था र आश्रमहरूको विधान, सञ्चालन र निर्वाचन पारदर्शी र समयमा हुनुपर्ने ।

१२. आश्रममा रहेका जेष्ठ नागरिकलाई आश्रमको छुट्टै परिचयपत्र वितरण गर्नुपर्ने ।

१३. कतिपय आश्रममा स्रोत अत्यधिक भएको र कतिपयमा अपुग भएकाले कुन ठाउँमा कुन कुराको अभाव छ भन्ने कुराको सही सूचना दातालाई दिनुपर्ने र आश्रमहरूबिच समन्वय गरी स्रोत र साधनहरू एकले अर्कोलाई सहयोग गर्ने वातावरण बन्न उपयुक्त हुने ।

१४. वृद्धहरूले पनि आपसमा मिलनसार व्यवहार गर्ने र दाताले दिएको सहयोगलाई बिक्री गर्ने र घर पठाउनेजस्ता कार्य नगरी आफैँ प्रयोग गर्ने वा बढी भए सहकर्मीलाई दिनेजस्ता कार्यलाई प्रोत्साहित गरिनुपर्ने ।

१५. कतिपय आश्रमहरूमा अत्यन्त न्यून सङ्ख्यामा आश्रित रहेको र खर्चमात्र भैरहेको देखिँदा कम सङ्ख्यामा आश्रित रहेका वृद्धाश्रमहरू अनुकूलता हेरी गाभिनुपर्ने र चलेका आश्रमलाई सुविधा सम्पन्न बनाउनुपर्ने । अधिकांश वृद्धाश्रम सार्वजनिक जग्गामा सरकारकै लगानीमा बनेका भए गाभिएपछि खाली भवन अन्य सीमान्तीकृत वर्गका मानव अधिकारको पक्षमा प्रयोग गरिनुपर्ने ।

१६. कतै भवन र स्रोत भएको जेष्ठ नागरिक नभएको, कतै भवन जीर्ण तर जेष्ठ नागरिक धेरै भएको हुँदा जेष्ठ नागरिकहरूलाई उपयुक्त स्थानमा स्थानान्तरण गर्न उपयुक्त हुने ।

**(ख) वित्तीय प्रबन्ध सम्बन्धमा**

१७. देशभर सञ्चालित वृद्धाश्रम, दिवा सेवाकेन्द्र, कल्पवास, स्याहार केन्द, अध्ययन केन्द्र, हितकारी संस्थाहरूको अनुगमन र कार्य मूल्याङ्कन गरी न्यायोचित रूपमा लगानी बढाउनुपर्ने ।

१८. आश्रमको नियमित स्रोत नभएकाले भविष्य अन्योल हुन सक्ने हुँदा आश्रमहरूले नियमित स्रोतको व्यवस्था गर्न उपयुक्त हुने ।

१९. वित्तीय प्रबन्ध केन्द्रबाट नगरी स्थानीय सरकारमार्फत गरिनुपर्ने र यसको नियमित अनुगमन र लेखापरीक्षण भने प्रादेशिक सरकारबाट गरिनुपर्ने ।

२०. केन्द्रहरूलाई निश्चित रकमभन्दा बढी चन्दा दिने दातालाई कर छुट तथा केन्द्रहरूका लागि विदेशबाट मगाइनुपर्ने वा उपहारमा आउननिश्चित सामग्रीमा भन्सार छुट हुनुपर्ने ।

२१. अल्जाइमर, डिमेनसिया, क्यान्सर र पक्षघात जस्ता रोग लागेका र स्याहार केन्द्रको शुल्क तिर्न नसक्ने जेष्ठ नागरिकको शुल्क सरकारले तिरिदिनुपर्ने ।

२२. जेष्ठ नागरिकलाई दिइने भत्तामा वृद्धि गर्नुपर्ने ।

**(ग) भौतिक पूर्वाधार सम्बन्धमा**

२३. देशभर सञ्चालित वृद्धाश्रम, दिवा सेवाकेन्द्र, कल्पवास र स्याहार केन्द्र आदि दकोभौतिक पूर्वाधार मापदण्ड अनुकूल र जेष्ठ नागरिकमैत्री हुनुपर्ने ।

२४. आश्रममा दैनिक उपभोग्य खाद्यसामग्री गुणस्तरीय हुनुपर्ने तथा जेष्ठ नागरिकका लागि अति आवश्यक हिटर, पङ्खा, लत्ताकपडा, ओढ्ने, ओछ्याउने र पिउने पानीको पर्याप्त व्यवस्था हुनुपर्ने ।

२५. आश्रमहरूमा खेलकुद, व्यायाम केन्द्र, मनोरञ्जन र हेल्थ क्लबहरूको व्यवस्था गर्नुपर्ने । रेडियो, पत्रपत्रिका तथा टेलिभिजन आदि सामग्री हुनुपर्ने ।

२६. आश्रममा भजन कीर्तन, धार्मिक कार्यक्रम, धार्मिक प्रवचन र नैतिक शिक्षाजस्ता व्यक्तित्व विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

२७. साँघुरो जग्गा र भवनमा सञ्चालन भएका आश्रमहरूले उचित स्थानको व्यवस्था गर्नुपर्ने ।

२८. स्रोतको अभावमा कतिपय आश्रमहरूअपूर्ण अवस्थामा रहकोले ती आश्रमहरूको यथाशक्य चाँडो निर्माण सम्पन्न गरी प्रयोगमा ल्याउनुपर्ने ।

२९. वृद्धाश्रम भवनहरू भूकम्प प्रतिरोधी र मापदण्डअनुसार भए-नभएको प्रभावकारी अनुगमन गर्नुपर्ने ।

३०. आश्रम भवनमा अपाङ्गतामैत्री शौचालय र स्नानगृहसमेत हुनुपर्ने ।

३१. कतिपय केन्द्रहरू भाडामा चलेका र तिनीहरूलाई भाडा तिर्न कठिनाइ भएको र कहिलेकाही घरधनीका कारण घर छाड्नुपर्ने हुँदा आश्रमहरूले आफ्नै भौतिक संरचनातर्फ जोड दिनुपर्ने ।

**(घ) सामाजिक दायित्व सम्बन्धमा**

३२. विभिन्न कारणबाट वृद्धाश्रममा पुगेका जेष्ठ नागरिकहरू वृद्धाश्रममा पुग्नुपर्ने कारण र समस्याको निराकरण गरी पुनर्स्थापना कार्यमा जोड दिनुपर्ने । वृद्धाश्रममा बस्ने कतिपय सदस्यहरूका परिवार रहेको हुँदा परिवारमा पुनर्स्थापना गर्नु/गराउनुपर्ने ।

३३. परिवार विदेश रहेका कारण पराश्रित हुनुपरेका जेष्ठ नागरिकहरूका लागि राज्य र परिवार दुवै जिम्मेवार भई मर्यादापूर्वक जीवनयापन गर्न पाउने वातावरणको सिर्जना गर्नुपर्ने ।

३४. बस्ती तथा बजारबाट अलि टाढा रहेका कारण आश्रममा बस्नेहरूलाई कुनै आपत्कालीन समस्या परेमा सहयोग गर्ने कोही नभएको हुँदा यस्ता आश्रम सकेसम्म बस्ती नजिक निर्माण गर्न प्रोत्साहित गर्नुपर्ने ।

३५. जेष्ठ नागरिकको अधिकार तथा उनीहरूप्रति पारिवार, समाज र राज्यको दायित्वबारे सामाजिक अभियानहरू सञ्चालन गरी सबै क्षेत्रमा जेष्ठ नागरिकप्रतिको सम्मान अभिवृद्धि गर्न सरोकारवाला निकायहरूसँग सहकार्य गर्नुपर्ने ।

(ङ) **स्वास्थ्य सम्बन्धमा**

३६. जेष्ठ नागरिकको नियमित स्वास्थ परीक्षणको व्यवस्था हुनुपर्ने । समय समयमा आश्रममा स्वास्थ्यशिबिर सञ्चालन गर्नुपर्ने ।

३७. आश्रममा रहेका जेष्ठ नागरिकहरूको सरकारी अस्पतालमा पूर्ण निःशुल्क र निजी अस्पतालमा ५० प्रतिशत छुटको व्यवस्था हुनुपर्ने ।

३८. अधिकांश जेष्ठ नागरिकहरूलाई रुघाखोकी, आँखा दुख्ने, दम, हाडजोर्नी, पेट र मुटु दुख्ने, कम्मरको हर नचल्ने, मधुमेह, रक्तचाप, बाथ तथा डिमेनसिया, डिप्रेसन र पार्किन्सन, अल्जाइमरका रोगहरू बढी लाग्ने हुँदा यस्ता रोगहरूमा विशेष ध्यान पुऱ्याइनुपर्ने ।

३९. कतिपय आश्रममा मानसिक रोगीसमेत भएकाले मानसिक रोगीहरूका लागि छुट्टै कक्षको व्यवस्था गर्न उपयुक्त हुने ।

४०. जेष्ठ नागरिकहरूमा डिप्रेसन, अल्जाइमर्स र डिमेन्सियाका रोग द्रुतगतिमा बढिरहेको हुँदा त्यसलाई सम्बोधन गर्ने नीति अवलम्बन गर्नुपर्ने । प्रत्येक अस्पतालमा जेरियाट्रिक वार्ड र स्वास्थ्यकर्मीको प्रवन्ध हुनुपर्ने ।

४१. देशभरिमा बुढ्यौली रोग (जेरियाट्रिक) मा विशेषज्ञता हासिल गर्ने चिकित्सक अत्यन्त न्यून सङ्ख्यामा रहेकाले सङ्घीय सरकारले विशेषज्ञ चिकित्सक र अन्य स्वास्थ्यकर्मी तयार गर्न छात्रवृत्तिलगायतका विशेष कार्यक्रम लागु गर्नुपर्ने ।

४२. तीन वर्षभित्र सातै प्रदेशका कम्तीमा एक अस्पतालमा जेरियाट्रिक वार्ड राख्ने नीति र कार्यक्रम अविलम्ब ल्याउनुपर्ने । जेष्ठ नागरिकका लागि छुट्टै अस्पताल हुनुपर्ने ।

४३. सरकारले जारी गरेको जेरियाट्रिक रोगसम्बन्धी कार्यविधिको अक्षरशः परिपालन गर्नुपर्ने ।

(च) **पारदर्शिता सम्बन्धमा**

४४. अधिकांश आश्रमहरूमा अक्षयकोषको व्यवस्था देखिएकाले ती कोषको उचित व्यवस्थापन, सदुपयोग गर्ने र त्यसको पारदर्शिता हुनुपर्ने ।

४५. सरकारी तथा अनुदान दिने निकायहरूले वृद्धाश्रमको सञ्चालन, व्यवस्थापन, स्रोतको सदुपयोग र पारदर्शिताका बारेमा समय-समयमा कानुनमा निर्धारित गरिएबमोजिम अनुगमन गर्नुपर्ने र सञ्चालकहरूलाई सुझाव दिनुपर्ने ।

४६. कतिपय वृद्धाश्रममा विदेशी सहायतासमेत आउने गरेको पाइएकाले त्यस्तो अनुदान, त्यसको खर्च पारदर्शी र सार्वजनिक गर्नुपर्ने ।

छ) **सरकारको दायित्व सम्बन्धमा**

४७. आश्रमलाई जग्गा र भवन दान दिने समाजसेवा र सामाजिक भावना भएका व्यक्तिहरूको राज्यले उचित सम्मान गरी यस्ता दातालाई कर छुट दिई प्रोत्साहित गर्नुपर्ने ।

४८. अधिकांश आश्रममा काम गर्ने सहयोगी नपाइने समस्या रहेको भन्ने देखिएकाले व्यवस्थित रूपमा सञ्चालन भएका र निश्चित मापदण्ड पुगेका वृद्धाश्रमलाई सरकारले नै पारिश्रमिक दिई सहयोगीको व्यवस्था गर्न उपयुक्त हुने ।

४९. जेष्ठ नागरिकहरूसँग सिप र अनुभव भएकाले उनीहरूको श्रम, सिप र अनुभवलाई राज्यले उपभोग गर्ने नीति बनाउनुपर्ने ।

५०. वृद्धाश्रम र दिवा सेवाकेन्द्रको वर्गीकरण गरी अनुदानको प्रबन्ध गरिनुपर्ने । कतै कम कतै धेरै अनुदान प्रदान भएकाले मापदण्ड तोकी एकद्वार प्रणालीबाट अनुदान वितरण गर्नुपर्ने । अनुदान वितरणको मापदण्डसहितको निर्देशिका बनाई त्यसको पालन गर्नुपर्ने,

५१. सडकपेटीमा भेटिएका जेष्ठ नागरिक खास गरी रोगीहरूको राज्यले नै उचित प्रबन्ध गर्नुपर्ने । असहाय, असक्त कोही नभएकाहरूलाई राख्न विशेष ध्यान दिनुपर्ने ।

५२. आश्रमहरू अधिकांश शहर केन्द्रित भएका, कुनै जिल्ला र शहरमा जताततै भएको र कुनै जिल्लामा हुँदै नभएको हुँदा नभएका स्थानमा आवश्यकताका आधारमा खोल्न अध्ययन गर्नुपर्ने । योजनाबद्ध रूपमा खोल्न मात्र स्वीकृत दिनुपर्ने ।

५३. जेष्ठ नागरिक परिचयपत्रको आधारमा स्वास्थ्य उपचार र यातायातमा छुट पाउने कानुन भए पनि व्यवहारमा यो सुविधा लिन कठिनाइ भएकाले सो सुविधा पाउने वातावरण सिर्जना गर्नुपर्ने ।

५४. वृद्धाश्रम तथा जेष्ठ नागरिक केन्द्रलगायतका संस्थाले ऐन, कानुन र संस्थाको विधानअनुरूप कार्य गरे-नगरेको अनुगमन र नियमन गर्नुपर्ने ।

५५. आश्रममा बसेका नागरिकहरूको अभिलेख सम्बन्धित स्थानीय निकायले पनि राख्नुपर्ने ।

५६. जेष्ठ नागरिकको स्वास्थ्य बीमा कार्यक्रम राज्यकोषबाट गर्नुपर्ने ।

५७. आश्रममा रहेका जेष्ठ नागरिकलाई सरकारबाट हेयपूर्ण व्यवहार नगरी सम्मानपूर्ण व्यवहार गर्नुपर्ने ।

५८. आश्रमहरूलाई सरकारी अनुदान दिने प्रमुख निकाय महिला, बालबालिका तथा जेष्ठ नागरिक कार्यालयबाट अव अनुदान वितरण नहुने । जिल्लामा महिला विकास अधिकृत अब नरहँदा अनुदानको भविष्य अन्यौल हुन सक्ने भएकाले सो अनुदान अब कहाँबाट वितरण हुने स्पष्टता हुनुपर्ने ।

५९. दिवा सेवाकेन्द्रहरू जेष्ठ नागरिकहरूका लागि अत्यावश्यक भएबाट यसको सञ्चालन स्थानीय सरकारअन्तर्गत वडाबाटै हुनुपर्ने ।

६०. आफ्नै भवन भएका दिवा सेवाकेन्द्रहरूलाई अनुदानको प्रबन्ध स्थानीय सरकारबाट हुनुपर्ने ।

६१. यसअघि खासगरी दिवा सेवाकेन्द्रका हकमा अनुदान वितरणमा देखिएका विकृति र विसङ्गति दोहोरिन दिनु नहुने

६२. महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय तथा मातहतका कार्यालयहरूले जेष्ठ नागरिकहरूको अधिकारसम्बन्धी कानुन र नीतिहरूको प्रभावकारी कार्यान्वयनको अवस्थाको नियमित अनुगमन गरी सम्बन्धित सरोकारवाला निकायहरूलाई सुझाव दिने तथा आवश्यक सिफारिस गर्नुपर्ने ।

६३. जेष्ठ नागरिकसम्बन्धी खोजमूलक अनुसन्धानलाई प्रोत्साहन र प्रबर्द्धन गर्नुपर्ने । खासगरी सङ्घीय (केन्द्र) सरकार र विश्वविद्यालयसमेतले अध्ययन अनुसन्धान कार्यमा पर्याप्त लगानी गर्नुपर्ने तर अध्ययन अनुसन्धानको जिम्मेवारी उपयुक्त र सक्षम संस्थालाई दिनुपर्ने ।

६४. शैक्षिक सस्थाहरूले स्नातकोत्तरका विद्यार्थीहरूलाई जेष्ठ नागरिकसम्बन्धी शोधपत्र तयार गर्नका लागि अनुदान प्रदान गर्नुपर्ने साथै जेष्ठ नागरिक शिक्षालाई प्रबर्द्धन गर्नुपर्ने । जेष्ठ नागरिकका लागि छुट्टै अस्पताल हुनुपर्ने र प्रत्येक अस्पतालमा जेरियाट्रिक वार्ड र डाक्टरको प्रबन्ध हुनुपर्ने ।

६५. जेष्ठ नागरिक स्याहारकर्ताहरूका लागि तालिम सञ्चालन गर्नुपर्ने ।

६६. जेष्ठ नागरिकहरूको चल अचल सम्पति खोजबिन गरी व्यवस्थित गर्नुका साथै त्यस त्यसलाई जीवनोपयोगी बनाउने उपाय खोजिनुपर्ने ।

६७. स्थानीय सरकारहरूले जेष्ठ नागरिक मिलन समाज, क्लब र चौतारीजस्ता समूह निर्माण गर्नुका साथै पुस्तकालय, प्रवचन कक्ष र जेष्ठ नागरिक पार्कहरूको व्यवस्था गर्नुपर्ने ।

६८. सरकारबाट घोषित प्रतिप्रदेश एक आरोग्य आश्रमसम्बन्धी कार्यक्रम ठोस रूपमा अगाडि बढाउनुपर्ने । आरोग्य आश्रमसम्बन्धी व्यावहारिक र उपयोगी कार्यक्रम तथा योजना निर्माण गरिनुपर्ने ।

६९. वृद्धाश्रममा बस्नेहरूलाई दिइने परिचयपत्रका आधारमा सामाजिक सुरक्षाभत्ता दिने प्रबन्ध गर्नेतर्फ सोच्नुपर्ने । ७०.नागरिताको प्रमाणपत्र नपाएकाहरूको सङ्ख्या यकिन गरी, उचित व्यक्तिहरूलाई वृद्धाश्रममै गएर यो उपलब्ध गराइनुपर्ने ।

७१. वृद्धाश्रममा उल्लेख्य सङ्ख्यामा अपाङ्गता भएका जेष्ठ नागरिक रहेको पाइएकाले यसको विशेष व्वस्था हुनुपर्ने ।

७२. जेष्ठ नागरिकका मानव अधिकार संरक्षणार्थ स्थानीय सरकारमा स्थायी उजुरी संयन्त्र हुनुपर्ने । यसमा खास जेष्ठ नागरिकका विषयमा जोकोहीले ध्यानाकर्षण गराउन उजुरी गर्न पाउनुपर्ने र उजुरीको तुरुन्त सम्बोधन गरिनुपर्ने ।

७३. जेष्ठ नागरिकहरूको आनीबानी र व्यवहारमा परिवर्तन ल्याउन जेष्ठ नागरिकहरूका लागि बेला बेलामा अभिमुखीकरण र मनोसामाजिक परामर्श तालिम सञ्चालन हुनुपर्ने ।

७४. सामाजिक सुरक्षा भत्ता (वृद्धभत्ता) लिन बैकमा पुग्न जेष्ठ नागरिकहरूलाई असुविधा भएबाट वडाको रोहवरमा घरमै पुऱ्याउने व्यवस्था हुनुपर्ने । सबै गाउँमा बैक नपुगेको बास्तविकता बुझी यसको वैकल्पिक व्यवस्था सरकारले गर्नुपर्ने ।

७५. आगामी राष्ट्रिय जनगणनामा अपाङ्गता भएका, गम्भीर रोग लागेका, परिवार विदेशिएका, एकल र सम्पत्तिविहीन जेष्ठ नागरिकको तथ्याङ्क पनि सङ्कलन गरिनुपर्ने,

(ज) **कानुन सम्बन्धमा**

७६. कतिपय वृद्धाश्रममा बस्नेहरूले निर्वाचनमा भाग लिन नपाएको हुँदा निर्वाचनमा मतदानका लागि आश्रममका जेष्ठ नागरिकलाई यातायातको व्यवस्था गर्नुपर्ने ।

७७. जेष्ठ नागरिकसम्बन्धी ऐन, कानुन र निर्देशिकाहरूमा समय सापेक्ष सुधार गर्नुपर्ने । खासगरी जेष्ठ नागरिकका सम्पत्तिसम्बन्धी अधिकार संरक्षण कानुनमा व्यापक परिमार्जन गर्नुपर्ने ।

## महिला तथा बालबालिकाको अवस्था तथा मानव बेचबिखन सम्बन्धमा

**नेपाल सरकार, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

- मानव बेचबिखन नियन्त्रण ऐन २०६४ लाई मानव बेचबिखनमा समग्र कार्य, उद्देश्य र माध्यम समेट्ने गरी, सङ्घीय संरचनाअनुरूप संयन्त्रहरूको गठन तथा परिचालन, पीडितको उद्धार तथा जोखिम समूहको सम्बोधनका समेत व्यवस्था राखी संशोधन गर्ने प्रक्रिया अगाडि बढाउने ।
- मानव बेचबिखन पीडितहरूको उद्धार, सहायता, स्वदेश फिर्ती, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना एवम् जोखिम समूहको पहिचान र सम्बोधनसम्बन्धी नीति तथा कार्यविधिहरू तय गर्ने र कार्यान्वयन गर्ने ।
- सङ्घीय, प्रदेश तथा स्थानीय तहसम्म मानव बेचबिखन पीडित सहायता कोष स्थापन गर्ने र पीडितहरूको दिगो पुनर्स्थापनाका लागि सहायता प्रदान गर्ने व्यवस्था मिलाउने ।
- प्रत्येक प्रदेश तहमा न्यूनतम एक महिला, एक पुरुष, एक बालबालिका तथा एक विक्षिप्त अवस्थाका मानव बेचबिखन पीडित सुरक्षा आवास तथा पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने ।
- गैसस तथा अन्य निजि क्षेत्रबाट सञ्चालित पुनर्स्थापना केन्द्र, अस्थायी आवास, उद्धार, तथा मानव बेचबिखन रोकथामका गतिविधिहरूको नियमित (न्यूनतम अर्धबार्षिक) प्रतिवेदन लिने र एकीकृत प्रतिवेदन निर्माण र सार्वजनिक गर्ने व्यवस्था गर्ने ।
- मानव बेचबिखनमा कार्यरत स्थानीय संस्था, समूह तथा सामाजिक कार्यकर्ताहरूलाई मानव अधिकारमुखी कार्यक्रम, पीडित सहायतासम्बन्धी प्रशिक्षण प्रदान गर्ने व्यवस्था गर्ने ।

**नेपाल सरकार, गृह मन्त्रालय**

- मानव बेचबिखन अनुसन्धान ब्युरोको नियमावली छिटोभन्दा छिटो पारित गराई यसलाई जिल्ला तहसम्म पुऱ्याउन कार्ययोजना बनाइ लागु गर्ने ।
- मानव बेचबिखन अपराध अनुसन्धानलाई बलियो बनाउन ब्युरोमा कार्यरत प्रहरीहरूका लागि विशेष अनुसन्धान प्रशिक्षण सञ्चालन गर्ने व्यवस्था मिलाउने ।
- मानव बेचबिखन अपराधमा अनुसन्धान गर्न, पीडित सुरक्षाका लागि द्विपक्षीय तथा बहुपक्षीय

सहकार्य गर्न सहजीकरण गर्ने ।

- मानव बेचबिखन अपराधका उजुरी अनुसन्धान तथा घटना विवरणहरूको खण्डीकृत तथ्यहरूसहितको एकीकृत अभिलेख प्रणाली निर्माण गरी लागु गर्ने ।

**नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

- वैदेशिक रोजगार ऐन तथा बालश्रम ऐन र जोखिमपूर्ण रोजगारीका क्षेत्रमा श्रम अडिटसम्बन्धी कार्यविधिमा मानव बेचबिखनका घटनाहरूको पहिचान र सम्बोधनसम्बन्धी व्यवस्थाहरू राख्ने गरी संशोधन तथा निर्माण गर्ने ।
- वैदेशिक रोजगार विभाग र श्रम तथा व्यवसायजन्य स्वास्थ्य सुरक्षा विभागलाई नियमित रूपमा मानव बेचबिखन अनुसन्धान ब्युरो नेपाल प्रहरी तथा राष्ट्रिय मानव अधिकार आयोग तथा अन्य सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गर्न निर्देशन दिने ।
- रोजगारी तथा आपूर्ति शृङ्खलामा मानव बेचबिखन तथा बाध्यकारी श्रम पीडित भए-नभएको जाँच गर्न, अनुगमन गर्न विशेष प्रशिक्षण सञ्चालन गर्ने, निर्देशिकाहरू निर्माण गरी लागु गर्ने ।
- वैदेशिक रोजगार बोर्डले प्रदान गर्ने उद्धार सहायताको व्यवस्था अभिलेखीकृत नभएका वा अन्य कुनै तरिकाले वैदेशिक रोजगारीमा गई बाध्यकारी श्रम तथा बेचबिखनमा परेकाहरूलाई उद्धार तथा सहायता प्रदान गर्न पनि प्रयोग गर्न सकिने गरी नियमावली र कार्यविधिहरू संशोधन गर्ने ।
- स्थानीय रोजगारीका अवसरमा मानव बेचबिखनको जोखिममा रहेका वा बेचबिखन पीडित तथा प्रभावितलाई पहिलो प्राथमिकतामा राख्न रोजगार सेवा तथा सूचना केन्द्रहरूलाई निर्देशन गर्ने ।
- मनोरन्जन क्षेत्र, मसाज पार्लर, गेस्ट हाउस तथा खाजा घरहरूमा श्रम अनुगमन तथा कार्यबाहीलाई कार्यान्वयन गर्न विशेष निर्देशिका निर्माण गरी लागु गर्ने ।
- विदेशस्थित नेपाली नियोगहरूलाई मानव बेचबिखन पीडित सहायताका लागि प्राथमिकताका साथ कार्य गर्न, त्यस्ता घटना थाहा भएमा नेपाल प्रहरी मानव बेचबिखन अनुसन्धान ब्युरोसँग समन्वय गर्न निर्देशन दिने ।
- कूटनीतिक नियोगका कर्मचारीहरूले कर्तव्य पालनाका क्रममा मानव बेचबिखनका आरोपीहरूलाई सहायता पुग्ने संरक्षण प्रदान गर्ने गतिविधि नगर्न निर्देशन गर्ने ।

**प्रदेश सरकारहरू**

- प्रत्येक प्रदेशमा मानव बेचबिखनको अनुगमन, कार्यक्रम समन्वय र कार्यान्वयन गर्न, पीडित सहायता गर्न प्रदेशस्तरीय संयन्त्रको स्थापना, सहायता कोषको स्थापना र सञ्चालन गर्ने ।
- प्रत्येक प्रदेशमा मानव बेचबिखन पीडितहरूलाई अस्थायी आवास सेवा प्रदान गर्न महिला, बालबालिका, पुरुष र विक्षिप्त अवस्थाका ब्यक्तिहरूलाई छुट्टाछुट्टै पुनर्स्थापना केन्द्रको स्थापना र सञ्चालन गर्ने ।

**स्थानीय सरकार**

- प्रत्येक स्थानीय तहमा मानव बेचबिखनको अनुगमन, कार्यक्रम समन्वय र कार्यान्वयन गर्न, पीडित सहायता गर्न संयन्त्रको स्थापना, सहायता कोषको स्थापना र सञ्चालन गर्ने ।
- मानव बेचबिखन पीडित तथा जोखिम समूहलाई विशेष सामाजिक सुरक्षाका कार्यक्रमहरू निर्माण र कार्यान्वयन गर्ने ।

**गैरसरकारी सामाजिक संस्थाहरू**

- मानव बेचबिखनका कार्यक्रमहरू गर्दा अनिवार्य प्रदेश तथा स्थानीय तहका सरकाहरूसँग समन्वय र सहकार्य गर्ने र स्थापित मानव बेचबिखनविरुद्धको प्रणालीको सबलीकरणमा लगानी गर्ने ।
- पीडित सहायता, सीमा अनुगमनका कार्यहरूगर्न सङ्घीय सरकारसँग अनुमति लिने र नियमित रूपमा (न्यूनतम त्रैमासिक) कार्य सम्पदान प्रतिवेदन, पीडित तथा जोखिम समूहको विवरणसहित नेपाल सरकारका निकाय र राष्ट्रिय मानव अधिकार आयोगमा पठाउने ।
- सामाजिक कार्यकर्ताहरूलाई जोखिम सूचकहरू, पहिचान कार्यविधि तथा मानव अधिकारमुखी व्यवहारका लागि अभिप्रेरित तथा प्रशिक्षित गर्ने ।
- पीडितको स्वतन्त्रता, स्वेच्छिक संलग्नता तथा गोपनीयताको उच्च सम्मान गर्ने व्यवस्था गर्ने ।

अनुसूची – ९
मानननीय पराराष्ट्र मन्त्री प्रदीपकुमार ज्ञवालीले जेनेभामा दिनुभएको वक्तव्य,
J0INT COMMUNICATION FROM SPECIAL PROCEDURES र
पूर्व आयुक्त समाज, राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रिय मानव अधिकार आयोगद्वारा
विधेयकबारेमा व्यक्त सार्वजनिक धारणा

**Statement by Honourable Mr. Pradeep Kumar Gyawali Minister for Foreign Affairs of Nepal and Head of Delegation to the High-Level Segment of the 40th Session of Human Rights Council Geneva, 27 February 2019**

**Mr. President**
**Excellencies**
**Distinguished Delegates**
**Ladies and Gentlemen**

It is indeed an honour to be back after 11 years since I first addressed this Council in 2007.

I bring warm greetings on behalf of the people and Government of Nepal for the success of this session.

At the outset, let me begin by congratulating you, Mr. President, and members of the Bureau and assure Nepal's full support.

I congratulate Madam High Commissioner and wish her for a successful tenure of office.

**Mr.President,**

While addressing the 73rd session of the UNGA last September, the Prime Minister of Nepal Rt. Honourable Mr. K P Sharma Oli had said and I quote, “”[W]e hold the view that development, democracy and respect for human rights are interdependent and mutually reinforcing. As a member of the Human Rights Council, we will continue to play our constructive role to deliver on Council's mandates.” Unquote.

This statement essentially reflects Nepal's firm commitment to the promotion and protection of human rights at home and constructively contribute to fulfill the mandate of this Council as its member.

We believe in multilateralism with the United Nations at its center. Nepal holds strong faith in the principles and values enshrined in the UN Charter, the Universal

Declaration of Human Rights and other human rights instruments to which we are a party.

We firmly believe in the universality, indivisibility, interrelatedness, interdependence and mutually reinforcing nature of human rights, including the right to development. All human rights must be treated in a fair and equal manner on the same footing and with the same emphasis. Our approach must remain balanced and all human rights must be operational at national, regional and international levels. The rule of law must work at all levels.

Peace and human rights cannot be achieved without attaining inclusive development. We consider that the 2030 Agenda for Sustainable Development and Global Compact on Migration provide wider platforms to advance inclusive human rights agenda everywhere. Faithful implementation of these landmark compacts and other relevant internationally agreed development frameworks is central to the enjoyment of human rights by all.

As we celebrate the centenary of International Labour Organization and the 30th anniversary of the Convention on the Rights of the Child, these milestone events should inspire us to further advance human-centered future of work and the human rights agenda.

**Mr.President,**

The Human Rights Council and its mechanisms have been playing an important role for the protection and promotion of human rights. The work of this Council should rekindle a hope for all those that look upon us as a voice of conscience. This becomes possible only when we act in unison for all those that deserve our attention. Our commitment and action should speak in harmony.

The Universal Periodic Review mechanism has successfully evolved as a platform of positive international cooperation in the field of human rights. This represents a transparent and fair process for all. We consider that the spirit of cooperation and desire to improve human rights situation everywhere through UPR process should be further promoted. In Nepal, we have been implementing the outcome of second cycle of UPR in earnest under a clear plan of actions.

**Mr.President,**

Nepal represents a uniquely successful case of democratic political transformation. At the center of this process lies our aspiration to ensure equal rights to all of our people. Therefore, Nepal's commitment to the universal values of human rights is total. We are a party to all major international human rights instruments, including seven of the nine core human rights conventions. We have internalized those values into our national laws, policies and practices.

The Constitution of Nepal is founded on universally recognized human rights and fundamental freedoms and such other principles as inclusive multiparty democratic polity, pluralism, the rule of law, representative and accountable government, social justice and independent judiciary. Equality and non-discrimination lie at the core of it. The Constitution guarantees special measures that all sections of our society are enabled to enjoy those rights and receive fair share of representation in all spheres of national life, including politics, governance, health, education, employment and social security.

We have put in place requisite legal and institutional arrangements to realize those provisions. The year 2018 essentially remained a year of human rights law making. We accomplished the task of enacting total 16 legislations for the implementation of all fundamental rights enshrined in the Constitution.

The National Human Rights Commission of Nepal confirms to the Paris principle and stands accredited as ‘A’ category national human rights institution for years.

Separate independent and constitutionally empowered Commissions have been established to promote and protect the rights and interests of women, Dalit, indigenous nationalities, Madheshi, Tharu and Muslims. National Inclusion Commission is mandated to ensure that the constitutional and legal provisions are effectively implemented.

True to our commitment, we have all along remained constructively engaged with the UN human rights mechanisms and fulfilled our reporting obligations. Last year alone, three periodic reports of Nepal under CRPD, CERD and CEDAW were considered by the respective treaty bodies. We hosted Special Rapporteur on the Human Rights of Migrants and Special Rapporteur on Violence against Women, Its Causes and Consequences. We have extended invitation to the Special Rapporteur on the Right to Food and are keen on welcoming her to Nepal some time this year.

Nepal was one of the pioneering countries to mainstreaming human rights agendas into national policies and plans through Human Rights National Action Plan. Currently the fourth series of the Action Plan (2014-19) is under implementation and the fifth one is being prepared in tandem with the national development plan for next five years.

**Mr.President,**

Having firmly set the political course in place, we are resolutely focused on economic agenda with the long term vision of “Prosperous Nepal, Happy Nepali”. We are in the mission of enabling our people to fully enjoy all human rights. Landmark schemes of contribution-based social security scheme, universal health insurance program and Prime Minister Employment Program have been launched.

Forty-five percent of the public sector employment has been reserved for weaker sections of our population. The policy of affirmative action has significantly enhanced their access to education, health services, employment opportunities and political participation. We have been able to bring transformative change in their empowerment and bring them to the forefront of political and development process.

The story of gender equality and empowerment is particularly inspiring. Women now represent 33 per cent at the federal and provincial assemblies, and total 41% in all elected bodies. Nepal currently has a woman Head of State.

Strengthening of national capacity remains our priority. Nepal's independent judiciary has made contribution to further enrich human rights jurisprudence. We have abolished death penalty and do not condone impunity.

Nepal is a uniquely successful case of nationally owned and nationally led peace process. To conclude the last leg of this process, term of the two independent Commissions- the Truth and Reconciliation Commission and the Commission of Investigation on Enforced Disappeared Persons- have been recently extended to allow time to complete their mandates. We are preparing for the amendment of the laws in consultation with and participation of the victims. There exists a requisite political will to conclude this last remaining task of the peace process in equally unique way. In doing so, we will be guided by the Comprehensive Peace Accord, directive of the Supreme Court, relevant international commitments, concerns of the victims and the ground realities. There will be no blanket amnesty in the cases of serious violations of human rights.

Civil society organizations have been important partners in our development efforts. We value the role of the media and civil society in the promotion and protection of human rights. To conclude, Mr. President, Nepal truly believes that together we can provide a strong voice to all those who look up to the Council and make a positive difference in their lives by upholding the mantle of human rights.

We are a young democracy. We are keen to learn from the wider world, share our own experience in the field, and contribute for the promotion and protection of human rights. Our experience so far in the Council has given much needed confidence to consolidate democracy, peace and human rights in the country. With this in mind, Nepal has presented candidature for the re-election to the Council for the second term 2021-2023 and we count on your support and cooperation.

We know that no country has ever achieved perfection in human rights. What is important is how sincerely and seriously we are aiming higher and better. We consider that Nepal has been consistently doing better and we are genuinely willing to improve further. With this open mind and genuine desire we have come to this session.

I thank you.

NATIONS UNIES
DROITS DE L'HOMME
HAUT-COMMISSARIAT

UNITED NATIONS
HUMAN RIGHTS
OFFICE OF THE HIGH COMMISSIONER

TÉLÉCOPIE • FACSIMILE TRANSMISSION

DATE: 15 July 2019

A/TO: His Excellency
Mr. Mani Prasad Bhattarai
Ambassador Extraordinary and Plenipotentiary
Permanent Representative
Permanent Mission of the Federal Democratic Republic of Nepal to the United Nations Office and other international organizations in Geneva

FAX: +41 22 733 27 22

EMAIL: mission.nepal@bluewin.ch

DE/FROM: Natacha Foucard
Officer-in-charge
Special Procedures Branch
OHCHR

FAX: +41 22 917 9008

TEL: +41 22 917 9543 / +41 22 917 9738

E-MAIL: registry@ohchr.org

REF: OL NPL 2/2019

PAGES: 6 (Y COMPRIS CETTE PAGE/INCLUDING THIS PAGE)

OBJET/SUBJECT: **JOINT COMMUNICATION FROM SPECIAL PROCEDURES**

Please find attached a joint communication sent by the the Working Group on Enforced or Involuntary Disappearances; the Special Rapporteur on extrajudicial, summary or arbitrary executions; the Special Rapporteur on the rights to freedom of peaceful assembly and of association; the Special Rapporteur on the situation of human rights defenders; the Special Rapporteur on the independence of judges and lawyers and the Special Rapporteur on torture and other cruel, inhuman or degrading treatment or punishment.

I would be grateful if this letter could be transmitted at your earliest convenience to His Excellency Mr. Pradeep Kumar Gyawali, Minister for Foreign Affairs.

UNITED NATIONS
HUMAN RIGHTS
SPECIAL PROCEDURES
SPECIAL RAPPORTEURS, INDEPENDENT EXPERTS & WORKING GROUPS

PALAIS DES NATIONS • 1211 GENEVA 10, SWITZERLAND
www.ohchr.org • TEL: +41 22 917 9543 / +41 22 917 9738 • FAX: +41 22 917 9008 • E-MAIL: registry@ohchr.org

**Mandates of the the Working Group on Enforced or Involuntary Disappearances; the Special Rapporteur on extrajudicial, summary or arbitrary executions; the Special Rapporteur on the rights to freedom of peaceful assembly and of association; the Special Rapporteur on the situation of human rights defenders; the Special Rapporteur on the independence of judges and lawyers and the Special Rapporteur on torture and other cruel, inhuman or degrading treatment or punishment**

REFERENCE:
OL NPL 2/2019

15 July 2019

Excellency,

We have the honour to address you in our capacities as Working Group on Enforced or Involuntary Disappearances; Special Rapporteur on extrajudicial, summary or arbitrary executions; Special Rapporteur on the rights to freedom of peaceful assembly and of association; Special Rapporteur on the situation of human rights defenders; Special Rapporteur on the independence of judges and lawyers and Special Rapporteur on torture and other cruel, inhuman or degrading treatment or punishment, pursuant to Human Rights Council resolutions 36/6, 35/15, 32/32, 34/5, 35/11 and 34/19.

In this connection, we would like to bring to the attention of your Excellency's Government information we have received concerning an **amendment bill to revise the existing act of the National Human Rights Commission (NHRC) Act-2012, potentially severely undermining the NHRC's authority, effectiveness and independence and limiting the Nepali people's ability to access justice**.

According to the information received, the Government of Nepal prepared a draft bill to amend the NHRC Act-2012, which was proposed by the Government in April 2019. The proposed changes include amendments to:

*-Article 17 (a)*

Changes to this article appear to confer discretionary power to the Attorney General over NHRC recommendations for prosecution of individuals implicated in human rights violations. Article 17 (a) of the draft bill requires the NHRC to submit its recommendations for prosecution to the Attorney General, in order to file a case in court for prosecution against an individual or organisation allegedly

.../2

His Excellency
Mr. Pradeep Kumar Gyawali
Minister for Foreign Affairs

involved in human rights violations. The Attorney General, who is appointed by the Government, would consider the merit of the case and, if "deemed necessary", decide to file a case against the individuals or organisations concerned. This raises concerns over the independence of the NHRC and its ability to address and take action on cases of human rights violations, without undue interference of the executive power through the Attorney General. Overall, this may negatively impact the ability of the NHRC to protect and promote human rights in Nepal.

The new article 17 (a) does not seem to provide criteria to guide the decision of the Attorney General on whether or not to file a case in court, nor a process for appealing such decision, in particular in the event that the Attorney General decides not to file the case in court. We are concerned that this article may grant discretionary decision-making powers to the Attorney General, and may undermine the transparency of the process by which allegations of human rights violations are pursued in court.

In this connection, we would furthermore like to remind you of General Comment No. 31 on the nature of the general legal obligations imposed on States Parties to the International Covenant on Civil and Political Rights, ratified by Nepal on 14 May 1991. In this General Comment, the Human Rights Committee emphasised the obligation of State Parties to investigate allegations of violations promptly, thoroughly and effectively and to bring to justice the perpetrators of human rights violations. Further, it states that: "As with failure to investigate, failure to bring to justice perpetrators of such violations could in and of itself give rise to a separate breach of the Covenant. These obligations arise notably in respect of violations recognised as criminal under either domestic or international law, such as torture and similar cruel, inhuman and degrading treatment (article 7), summary and arbitrary killing (article 6) and enforced disappearance (articles 7 and 9 and, frequently, 6)". We are concerned that the amendment of article 17 (a) could unduly restrict access to justice in Nepal.

*-Article 18 (a)*

The amended article 18 (a) states that the NHRC is obliged to obtain the consent of the Government and Ministry of Finance when it seeks to receive extra budgetary funds from other donors for the purpose of carrying out human rights related programmes. We are concerned that these increased procedural and financial restrictions would in practice enable the Ministry of Finance to control the work of the NHRC, and would ultimately limit the independence and efficiency of the NHRC's programmes.

This appears to directly contravene Principle 2 of the 'Composition and guarantees of independence and pluralism' section of the Paris Principles: "The national institution shall have an infrastructure which is suited to the smooth conduct of its activities, in particular adequate funding. The purpose of this funding should be to enable it to have its own staff and premises, in order to be independent of the Government and not be subject to financial control which might affect its independence."

*-Article 26 (2)*

The draft bill deletes former article 26 (2) in its entirety. Article 26 (2) enabled the NHRC to establish its regional, sub-regional or liaison offices. The NHRC currently maintains ten regional and sub-regional offices, which are essential to ensure access to the services of the NHRC for people in rural areas of Nepal. We are concerned that the deletion of said article may lead to the closure of these ten regional, sub-regional and liaison offices.

We would like to emphasise that the existing Nepalese NHRC Act of 2012 stipulates in article 4 (2) that the NHRC "shall be independent and autonomous in fulfilling the work of ensuring respect, protection and promotion of human rights". We are deeply concerned that the above mentioned amendments appear to be in direct contravention of this principle. In particular taking into account the extremely low rate of implementation of human rights related recommendations of the NHRC, we are concerned that the new requirements may negatively affect the ability of victims of human rights violations, their families, and human rights defenders to access justice in Nepal.

We wish to also draw your Excellency's Government's attention to article 22 of the International Covenant on Civil and Political Rights (ICCPR), acceeded to by Nepal on 14 May 1991, which guarantees the right to freedom of association and which states that no restrictions may be placed on the exercise of this right other than those which are prescribed by law and which are necessary in a democratic society in the interests of national security or public safety, public order (ordre public), the protection of public health or morals or the protection of the rights and freedoms of others.

We would like to recall that according to the Paris Principles, National Human Rights Institutions are established by States for the specific purpose of advancing and defending human rights at the national level, and are acknowledged to be one of the most important means by which States bridge the implementation gap between their international human rights obligations and actual enjoyment of human rights on the ground. The Sub-Committee on Accreditation states in its General Observations of the Paris Principles, adopted on 21 February 2018, that "the establishment and strengthening of National Human Rights Institutions pursuant to the Paris Principles falls within the set of international human rights commitments made by States." Therefore, it is the responsibility of the State to ensure that its National Human Rights Institution is compliant with the Paris Principles.

Furthermore, we would like to refer to the Declaration on the Right and Responsibility of Individuals, Groups and Organs of Society to Promote and Protect Universally Recognised Human Rights and Fundamental Freedoms, also known as the UN Declaration on Human Right Defenders. In particular, we would like to refer to articles 1 and 2 of the Declaration which state that everyone has the right to promote and to strive for the protection and realisation of human rights and fundamental freedoms at the national and international levels and that each State has a prime responsibility and duty to protect, promote and implement all human rights and fundamental freedoms.

In relation with the amendments to Article 17(a), we would like to remind your Excellency's Government of the duty to investigate, prosecute, and punish all violations of the right to life. We urge your Excellency's Government in line with the Principles on

Effective Prevention and Investigation of Extra-legal, Arbitrary and Summary Executions (Prevention and Investigation Principles), in particular principle 9, that there must be thorough, prompt and impartial investigations of all suspected cases of extra-legal, arbitrary and summary executions. This principle was reiterated by the Human Rights Council in Resolution 35/5 on the "Mandate of the Special Rapporteur on extrajudicial, summary or arbitrary executions" (OP 4). The Council added that this includes the obligation "to identify and bring to justice those responsible (…) to adopt all necessary measures, including legal and judicial measures, in order to bring an end to impunity and prevent the recurrence of such executions."

In this context, we would like to draw the attention of your Excellency's Government to article 12 of the Convention Against Torture and other cruel, inhuman and degrading treatment or punishment (CAT) (ratified by Nepal on 14 May 1991), which requires the competent authorities to undertake a prompt and impartial investigation wherever there are reasonable grounds to believe that torture has been committed, and article 7 of CAT, which requires State parties to prosecute suspected perpetrators of torture.

We would also like to draw your Excellency's Government's attention to paragraph 7b of Human Rights Council Resolution 16/23, which urges States "(t)o take persistent, determined and effective measures to have all allegations of torture or other cruel, inhuman or degrading treatment or punishment investigated promptly, effectively and impartially by an independent, competent domestic authority and to take note, in this respect, of the Principles on the Effective Investigation and Documentation of Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment and the updated set of principles for the protection of human rights through action to combat impunity as a useful tool in efforts to prevent and combat torture."

As it is our responsibility, under the mandates provided to us by the Human Rights Council, to seek to clarify all cases brought to our attention, we would be grateful to receive information on the measures taken or that are going to be taken to ensure that these observations are duly taken into account in the legislative process.

While awaiting a reply, we urge relevant authorities in Nepal to take all necessary measures to ensure the full compliance of domestic legislation with international human rights norms and standards, in particular considering the legislative provisions and other measures that impose undue limitations to the independence and autonomy of the NHRC.

Finally, we would like to take this opportunity to express our interest and availability to discuss the draft legislation in more detail with your Excellency's Government at your convenience and provide further assessment towards its revision.

This communication, as a comment on pending or recently adopted legislation, regulations or policies, and any response received from your Excellency's Government will be made public via the communications reporting website within 48 hours. They will also subsequently be made available in the usual report to be presented to the Human Rights Council.

While awaiting a reply, we urge your Excellency's Government to continue its cooperation with the mandates of the Special Procedures of the Human Rights Council, to

take into account the concerns raised, and to avail of any technical assistance that Special Procedures may be able to provide in order to ensure the full promotion and protection of human rights in Nepal.

Please accept, Excellency, the assurances of our highest consideration.

Bernard Duhaime
Chair-Rapporteur of the Working Group on Enforced or Involuntary Disappearances

Agnes Callamard
Special Rapporteur on extrajudicial, summary or arbitrary executions

Clement Nyaletsossi Voule
Special Rapporteur on the rights to freedom of peaceful assembly and of association

Michel Forst
Special Rapporteur on the situation of human rights defenders

Diego García-Sayán
Special Rapporteur on the independence of judges and lawyers

Nils Melzer
Special Rapporteur on torture and other cruel, inhuman or degrading treatment or punishment

**पूर्व आयुक्त समाज, राष्ट्रिय मानवअधिकार आयोग**
**Former Commissioners Society, National Human Rights Commission**
**(FOCOS - NHRC)**

**राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ संशोधन विधेयक फिर्ता लिन सरकारलाई अनुरोध**

## प्रेस विज्ञप्ति

१० वैशाख २०७६, काठमाडौं ।

संवैधानिक आयोगलाई प्रभावित पार्न सक्ने गरी सरकारद्वारा प्रस्तुत राष्ट्रिय मानवअधिकार आयोग ऐन २०६८ लाई संशोधन गर्न बनेको विधेयकका केही प्रावधानप्रति हामी राष्ट्रिय मानव अधिकार आायोगका पूर्व आयुक्तहरुको गम्भिर ध्यानाकर्षण भएको छ । उक्त विधेयक संसदबाट यथावत पारित गरिए राष्ट्रिय मानवअधिकार आयोगको भूमिका संकुचन हुने र मानवअधिकारको संरक्षण र सम्वर्द्धनमा यसले आफ्नो स्वायत्तता, स्वतन्त्र छवि एवम् प्रभावकारिता कायम राख्न नसक्ने हाम्रो ठहर छ।

मानवअधिकारको संरक्षण, सम्वर्द्धन र पीडितको न्याय प्राप्त गर्ने अधिकारलाई व्यवहारमा रुपान्तरण गर्न विश्वास एवम् भरोसा गर्न सकिने संस्थागत कानूनी व्यवस्था आवश्यक पर्दछ। तर विधेयकमा प्रस्तावित १७ (क) को थप व्यवस्थाले आयोगले आफ्नो स्वभाविक दायित्व पूरा गर्न महान्यायाधिवक्ताको निर्देशनको प्रतिक्षा गर्नुपर्ने हुन जाने देखिन्छ। यस अतिरिक्त आयोगले अर्थ मन्त्रालयसँग परामर्श गरि उपयुक्त स्थानहरुमा आफ्नो कार्यालय स्थापना गर्ने व्यवस्थालाई हटाईएको समेतबाट अहिलेसम्म स्वायत्त संवैधानिक निकायका रुपमा स्थापित आयोगको क्षेत्राधिकारमाथि हस्तक्षेप निम्त्याउन सक्ने स्थिति सृजना हुन जाने देखिएको छ।

राष्ट्रिय मानवअधिकार आयोग विगत १८-१९ वर्ष देखि द्वन्द्वको अवस्था एवम् राजाको प्रत्यक्ष शासनकालमा समेत स्वतन्त्र एवम् स्वायत्त संस्थाको हैसियतले काम गर्दै आएको संस्था हो । मानवअधिकार र सामाजिक न्यायका लागि लामो संघर्षमा सामेल भएको इतिहासमा गर्व गर्ने वर्तमान सरकार र सरकारको नेतृत्व गर्ने राजनितिज्ञहरु, मानवअधिकार प्रतिको प्रतिवद्धताबाट पछि हट्ने छैन भन्ने विश्वास लिएका छौ ।

राष्ट्रिय मानवअधिकार आयोगले आफ्नो कार्याअनुभवको आधारमा ऐनको संशोधनका लागि सरकारलाई विगतमा प्रस्तुत गरेको तीन महले सुझावलाई पन्छाउदै ल्याइएको प्रस्तावित मस्यौदा पेरिस सिद्धान्तको भावना, मर्म र मूल्य मान्यता विपरित छ । तसर्थ आयोगलाई पेरिस सिद्धान्त वमोजिम पूर्ण रुपमा स्वायत्त र स्वतन्त्र रुपमा कामगर्न व्यवधान खडा गर्ने कुनै पनि कदम नचाल्न हामी सरकारसँग विनम्र आग्रह गर्दछौं। साथै राष्ट्रिय मानवअधिकार आयोगको परामर्श विना तयार गरिएको मस्यौदा विधेयक तत्काल फिर्ता लिन समेत अनुरोध गर्दछौ ।

केदारनाथ उपाध्याय
अध्यक्ष

सचिवालय : डिफ्री-ललितपुर, सम्पर्क: ४४१८५४८

# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

## प्रेस विज्ञप्ति

२०७६ वैशाख ३

### राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ संशोधन विधेयक उपर आयोगको गम्भीर ध्यानाकर्षण

नेपाल सरकारबाट मिति २०७६/१/२ मा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ लाई संशोधन गर्न बनेको प्रस्तावित विधेयकउपर आयोगको गम्भीर ध्यानाकर्षण हुन गई आज आकस्मिक बैठक बसेको छ । प्राप्त मस्यौदा विधेयक सम्बन्धमा आयोगको स्वायत्तता र स्वतन्त्रतामा नै आँच आउने गरी भएको प्रस्तावित प्रस्तावनाहरुप्रति आयोगले आपत्ति प्रकट गर्ने निर्णय समेत गरेको छ ।

नेपाल सरकार, मन्त्रिपरिषद्बाट पारित भई संघीय संसद सचिवालयमा पठाइएको उक्त विधेयकमा आयोगद्वारा मिति २०७२/९/२० को निर्णय बमोजिम आयोगले व्यापक रुपमा परामर्श तथा छलफल गरी तयार गरेको तीन महले सहितको प्रस्तावित विधेयकको पूर्णतया उपेक्षा गरिएको ठहर गर्दै ऐनको प्रस्तावनामा स्वायत्तता र स्वतन्त्रता थपिनु पर्ने, सर्वोच्च अदालतको मिति २०६९/११/२३ को रिट नं. ६८।WS।००६ को निर्णयको भावना विपरीत हुनका साथै मानव अधिकारको पेरिस सिद्धान्तको प्रतिकूल, नेपालको संविधानको धारा २९३ को भावना र व्यवस्था प्रतिकूल हुनेगरी आयोगको अनुसन्धान सिफारिस र आदेशलाई महान्यायाधिवक्ताको निर्देशनमा रहने आशय, आयोगका हाल कायम रहेका प्रदेश तथा शाखा कार्यालयहरुलाई समेत प्रतिकूल असर पर्ने गरी, साथै आयोगको आर्थिक स्वायत्तता समेतमा बन्देज लगाउने गरी थप दफाहरुको व्यवस्था गरिएकोप्रति आयोगले आपत्ति प्रकट गरेको छ ।
यस सम्बन्धमा आयोगले आजै नेपाल सरकारलाई पुनर्विचार गर्न पत्राचार गरेको छ ।

वेद भट्टराई
सचिव

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone : +977-1-5010015, Fax : +977-1-5547973, G.P.O. Box : 9182, Kathmandu, Nepal
Email : nhrc@nhrcnepal.org, Website : www.nhrcnepal.org

अनुसूची–१०

**आयोगका प्रकाशनहरू**

| क्र.सं | यस आवमा आयोगबाट प्रकाशित प्रकाशनहरू | प्रकाशन मिति | कैफियत |
|---|---|---|---|
| **प्रतिवेदन** | | | |
| १ | Trafficking in Persons National Report | भदौ, २०७५ | |
| २ | आप्रवासी कामदारको मानव अधिकार संरक्षणमा आयोगको प्रयास | मङ्सिर, २०७५ | |
| ३ | –राष्ट्रिय मानव अधिकार आयोगको (आव २०७४/२०७५ को वार्षिक प्रतिवेदन<br>–सङ्क्षिप्त वार्षिक प्रतिवेदन (आव २०७४/२०७५)<br>–Annual Report (Synopsis) FY 2017–2018 | –मङ्सिर, २०७५<br>–फागुन, २०७५<br>–February, 2019 | तीन प्रतिवेदन (नेपाली दुई र अङ्ग्रेजी एक) प्रकाशन |
| ४ | राष्ट्रिय मानव अधिकार आयोगसँग सम्बन्धित संवैधानिक व्यवस्था र कानुन | पुस, २०७५ | |
| ५ | छाउपडीसम्बन्धी राष्ट्रिय जाँचबुझ प्रतिवेदन | पुस, २०७५ | |
| ६ | मानव अधिकारसम्बन्धी महत्त्वपूर्ण निर्णयहरू | फागुन, २०७५ | |
| ७ | –आइएलओ महासन्धि नं १६९ कार्यान्वयन अवस्था<br>–ILO Convention No. 169 Implementation Status Report | –फागुन, २०७५<br>–March 2019 | दुई प्रतिवेदन (नेपाली दुई र अङ्ग्रेजी एक) प्रकाशन |
| ८ | वातावरण प्रदूषण र मानव अधिकार (अध्ययन प्रतिवेदन) | असार, २०७६ | |
| ९ | आप्रवासी कामदारहरूको अधिकारको अवस्था | असार, २०७६ | |
| १० | जातीय भेदभाव तथा छुवाछुतविरुद्धको अधिकारको अवस्था अनुगमन प्रतिवेदन | असार, २०७६ | |
| ११ | अनौपचारिक क्षेत्र विशेष गरी मनोरञ्जन तथा सत्कार सेवाका कार्यरत महिला तथा बालबालिकाहरूको अवस्था र वैदेशिक रोजगारीमा गएका पुरुषहरूको श्रीमतीहरूले भोग्नुपरेको सामाजिक मूल्य (आर्थिक हिंसा, पारिवारिक हिंसा, सामाजिक लान्छना, घरायसी कार्यबोझ) सम्बन्धमा अध्ययन अनुसन्धान प्रारम्भिक प्रतिवेदन। | असार, २०७६ | |
| **पुस्तिका** | | | |
| १ | विवाद समाधानमा स्थानीय तह (मानव अधिकार पुस्तिका) | भदौ, २०७५ | |
| २ | मानव अधिकारसम्बन्धी जान्नुपर्ने कुराहरू (नवौ संस्करण) | जेठ, २०७६ | |
| ३ | Migrant Workers Rights and NHRC Nepal's Initiatives (Booklet) | वैशाख, २०७६ | |
| ४ | Monitoring Synopsis of the Senior Citizens' Care Centers 2019 | जेठ, २०७६ | |

| | | | |
|---|---|---|---|
| ५ | Reinforcing Peasants Rights NHRCN Recommendations | जेठ, २०७६ | |
| **जर्नल/बुलेटिन** | | | |
| १ | संवाहक वर्ष | भदौ, मङ्सिर, २०७५ र वैशाख,२०७६ | अङ्क ९, १० र ११ गरी तीन अङ्क प्रकाशन |
| २ | मानव अधिकारपत्र | मङ्सिर, चैत, २०७५ र असार,२०७६ | तीन अङ्क प्रकाशन |
| **ब्रोसर** | | | |
| १ | An Introduction to National Human Rights Commission, Nepal | –वैशाख, २०७६ | |
| २ | NHRC Nepal's Recommendations on Right to Environment (Brochure) | – जेठ, २०७६ | |
| ३ | The Rights of the Persons with Disability | – जेठ, २०७६ | |

## अनुसूची–११

## आयोगबाट जारी प्रेस विज्ञप्ति/प्रेस नोट

| क्र.स. | विषय | जारी मिति | प्रेस विज्ञप्ति/प्रेस नोट | महासन्धि |
|---|---|---|---|---|
| १ | अस्पतालमा प्रहरी प्रवेश गरी अत्याधिक बल प्रयोग हुनु निन्दनीय | ३ साउन, २०७५ | प्रेस विज्ञप्ति | नागरिक तथा राजनीतिक अधिकार |
| २ | बादी समुदायको आत्मसम्मानप्रति संवेदनशील हुन आग्रह | २० साउन, २०७५ | प्रेस विज्ञप्ति | नागरिक तथा राजनीतिक अधिकार |
| ३ | आयोगद्वारा विकास र वातावरण संरक्षण तथा उपभोक्ताको अधिकार लगायतका मानव अधिकारका समग्र विषयमा सरोकारवाला निकायसँग छलफल | ३ भदौ, २०७५ | प्रेस नोट | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार (उपभोक्ताको अधिकार) |
| ४ | बलात्कार, हत्या लगायतका महिला हिंसाका घटनाहरू वृद्धि हुँदै गएकोमा आयोगको चिन्ता | ५ भदौ, २०७५ | प्रेस विज्ञप्ति | महिलाविरुद्ध हुने सबै प्रकारका विभेद विरुद्धको अधिकार |
| ५ | प्रहरी हिरासतमा मृत्यु भएको घटनाप्रति आयोगको चासो | १७ भदौ, २०७५ | प्रेस विज्ञप्ति | नागरिक तथा राजनीतिक अधिकार (जीवनको अधिकार) |
| ६ | महिला हिंसा न्यूनीकरण एवम्मानव अधिकार संरक्षणसम्बन्धी राष्ट्रिय अभियान कञ्चनपुर जिल्लाबाट सुरु गरिँदै | २० भदौ, २०७५ | प्रेस विज्ञप्ति | महिलाविरुद्ध हुने सबै प्रकारका विभेदविरुद्धको अधिकार |
| ७ | स्वच्छ र स्वस्थ वातावरणीय अधिकार संरक्षण सम्बन्धमा आयोगको चासो | २२ भदौ, २०७५ | प्रेस विज्ञप्ति | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार (स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार) |
| ८ | स्वच्छ र स्वस्थ वातावरणीय अधिकार संरक्षण सम्बन्धमा सरोकारवाला निकायसँग छलफल | २४ भदौ, २०७५ | प्रेस नोट | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार (स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार) |
| ९ | प्रेस स्वतन्त्रताको सम्मान गर्न आग्रह | २०७५ भदौ २७ | प्रेस विज्ञप्ति | नागरिक तथा राजनीतिक अधिकार (अभिव्यक्ति स्वतन्त्रताको अधिकार) |

| | | | | |
|---|---|---|---|---|
| १० | निर्मला पन्तको हत्याको घटना सम्बन्धमा वैज्ञानिक अनुसन्धान गरी दोषीलाई कारबाही गर्न आयोगको आग्रह | २१ असोज, २०७५ | प्रेस विज्ञप्ति | महिलाविरुद्ध हुने सबै प्रकारका विभेदविरुद्धको अधिकार |
| ११ | आयोगद्वारा कञ्चनपुर जिल्लाकी निर्मला पन्तको घटनाको अनुसन्धान सम्बन्धमा विज्ञहरूसँग छलफल | २४ असोज, २०७५ | प्रेस नोट | महिलाविरुद्ध हुने सबै प्रकारका विभेदविरुद्धको अधिकार |
| १२ | आयोगद्वारा कञ्चनपुर जिल्लाकी निर्मला पन्तको घटनाको अनुसन्धान सम्बन्धमा विज्ञहरूसँग छलफल | २५ असोज, २०७५ | प्रेस नोट | महिलाविरुद्ध हुने सबै प्रकारका विभेदविरुद्धको अधिकार |
| १३ | जातीय भेदभाव तथा छुवाछुत अन्त्यका लागि राष्ट्रिय सम्मेलन गर्ने | २६ असोज, २०७५ | प्रेस नोट | जातीय भेदभाव तथा छुवाछुतविरुद्धको अधिकार |
| १४ | दशैं, तिहार तथा छठ बिदामा आयोग खुला रहने | २९ असोज, २०७५ | प्रेस विज्ञप्ति | |
| १५ | वातावरणीय अधिकारको संरक्षण सम्बन्धमा आयोगद्वारा नेपाल सरकारलाई सिफारिस | ३० कार्तिक, २०७५ | प्रेस नोट | स्वच्छ वातावरणको अधिकार |
| १६ | द्वन्द पीडितहरूको न्याय पाउने अधिकार आफ्रेलमा नपरोस् । | ३ मङ्सिर, २०७५ | प्रेस नोट | नागरिक तथा राजनीतिक अधिकार/सङ्क्रमणकालीन न्यायिक अधिकार |
| १७ | आयोगद्वारा विभिन्न धर्म गुरूहरूसँग छलफल | ६ मङ्सिर, २०७५ | प्रेस नोट | जातीय विभेदविरुद्धको अधिकार |
| १८ | शान्ति सुरक्षा कायम गर । घटनाका दोषीलाई कानुनी दायरामा ल्याऊ । | १४ मङ्सिर, २०७५ | प्रेस विज्ञप्ति | नागरिक तथा राजनीतिक अधिकार (जीवनको अधिकार) |
| १९ | आयोगले वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्‍यो । | २३ मङ्सिर, २०७५ | प्रेस नोट | |
| २० | आयोगद्वारा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अनुगमन । | ३ पुस, २०७५ | प्रेस विज्ञप्ति | आप्रवासी कामदारहरूको अधिकार |
| २१ | काठमाण्डौं उपत्यका लगायतका स्थानमा बढ्दै गएको वातावरण प्रदुषण सम्बन्धमा विज्ञहरूसँग छलफल । | ६ पुस, २०७५ | प्रेस नोट | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार (स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार) |
| २२ | मर्यादाक्रम सम्बन्धमा | २७ पुस, २०७५ | प्रेस नोट | |
| २३ | कार्य विभाजन सम्बन्धमा प्रकाशित समाचारको खण्डन | ७ माघ, २०७५ | प्रेस नोट | |
| २४ | डा. गोविन्द के. सी. को जीवन रक्षा गर्न आग्रह | १६ माघ, २०७५ | प्रेस विज्ञप्ति | नागरिक तथा राजनीतिक अधिकार |

| | | | | |
|---|---|---|---|---|
| २५ | निर्मला पन्तको हत्याको घटना सम्बन्धमा नेपाल सरकारलाई आयोगको सिफारिस तथा निर्देशन | १३ माघ, २०७५ | प्रेस नोट | बाल अधिकार/ न्यायिक अधिकार |
| २६ | जेरियाट्रिक विज्ञ समूह गठन | २० माघ, २०७५ | प्रेस विज्ञप्ति | जेष्ठ नागरिकको अधिकार |
| २७ | देशमा हालै भएका विष्फोट तथा आगजनीका घटनाहरूप्रति आयोगको चिन्ता | १३ फागुन, २०७५ | प्रेस विज्ञप्ति | नागरिक तथा राजनीतिक अधिकार |
| २८ | मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूको वार्षिक बैठक जेनेभामा | १९ फागुन, २०७५ | प्रेस नोट | |
| २९ | आम-उपभोक्ताको मानव अधिकार सुनिश्चित गर। | १ चैत, २०७५ | प्रेस विज्ञप्ति | उपभोक्ताको अधिकार |
| ३० | डाउन सिन्ड्रोम अवस्थाका व्यक्तिहरूको मानव अधिकार संरक्षण सम्बन्धमा छलफल | ४ चैत, २०७५ | प्रेस नोट | अपाङ्गता भएका व्यक्तिको अधिकार |
| ३१ | राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारी तथा संवैधानिक आयोगका नवनियुक्त अध्यक्षहरूबीच छलफल | ११ चैत, २०७५ | प्रेस नोट | |
| ३२ | नागरिकको आधारभूत मानव अधिकारको सम्मान र संरक्षण गर। नेपाल बन्दको कार्यक्रम फिर्ता लिन नेकपालाई आयोगको आग्रह। | १३ चैत, २०७५ | प्रेस नोट | नागरिक तथा राजनीतिक अधिकार/आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार |
| ३३ | अपाङ्गमैत्री भौतिक संरचना निर्माणमा संवेदनशील बन। | १५ चैत, २०७५ | प्रेस विज्ञप्ति | अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार |
| ३४ | राहत, उद्धार र उपचारका लागि आयोगको विशेष अपील। | १८ चैत, २०७५ | प्रेस विज्ञप्ति | नागरिक तथा राजनीतिक अधिकार/आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार |
| ३५ | मानव अधिकारकर्मी तेजश्री थापाको निधनप्रति आयोगद्वारा दुःख व्यक्त | २१ चैत, २०७५ | प्रेस नोट | |
| ३६ | राज्यबाट प्रदान गरिने सेवासुविधामा आम नागरिकको पहुँच सुनिश्चित गर। जातीय तथा लैङ्गिक विभेदको अन्त्यका लागि संवेदनशील बन। | २५ चैत, २०७५ | प्रेस विज्ञप्ति | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार |
| ३७ | आम नागरिकको स्वास्थ्यको अधिकारप्रति संवेदनशील बन। स्वास्थ्य सेवा तत्काल सुचारु गर। | २६ चैत, २०७५ | प्रेस विज्ञप्ति | स्वास्थ्यको अधिकार |
| ३८ | आयोगद्वारा जेरियाट्रिक विज्ञहरूसँग छलफल | २७ चैत, २०७५ | प्रेस नोट | जेष्ठ नागरिकको अधिकार |

| | | | | |
|---|---|---|---|---|
| ३९ | राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ संशोधन विधेयकउपर आयोगको गम्भीर ध्यानाकर्षण | ३ वैशाख, २०७६ | प्रेस विज्ञप्ति | |
| ४० | National Human Rights Commission, Nepal Reaccredited as 'A' Status NHRC Asks the Human Rights Defenders Continuously play Watchdog Role | 19 April, 2019 | Press Release | |
| ४१ | मानव अधिकार, कानुनी शासन र न्यायिक निर्णयको सम्मान गर्न आग्रह | ९ वैशाख, २०७६ | प्रेस विज्ञप्ति | नागरिक तथा राजनीतिक अधिकार |
| ४२ | आयोगको स्वतन्त्रता र स्वायत्तताको रक्षा गर<br>मानव अधिकारको सम्मान गर | १२ वैशाख, २०७६ | प्रेस नोट | नागरिक तथा राजनीतिक अधिकार/आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार |
| ४३ | विचार र अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर । मिडिया काउन्सिलसम्बन्धी विधेयकउपर आयोगको ध्यानाकर्षण | १ जेठ, २०७६ | प्रेस विज्ञप्ति | नागरिक तथा राजनीतिक अधिकार |
| ४४ | आयोगका पूर्व अध्यक्ष श्री नयन बहादुर खत्रीको दुःखद् निधनप्रति आयोगद्वारा गहिरो दुःख व्यक्त | १० जेठ, २०७६ | प्रेस नोट | |
| ४५ | पक्राउ गरी यातना दिइएको सम्बन्धमा आयोगको गम्भीर ध्यानाकर्षण | २० जेठ, २०७६ | प्रेस विज्ञप्ति | नागरिक तथा राजनीतिक अधिकार/यातनाविरुद्धको अधिकार |
| ४६ | प्रदर्शनकारीहरूमाथि भएको बल प्रयोग सम्बन्धमा आयोगको गम्भीर ध्यानाकर्षण ।<br>गुठी विधेयक सांस्कृतिक अधिकार अनुकूल बनाऊ । | २९ जेठ, २०७६ | प्रेस विज्ञप्ति | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार |
| ४७ | सत्यतथ्य समाचार सम्प्रेषण गर्न आयोगको आग्रह | ३१ जेठ, २०७६ | प्रेस विज्ञप्ति | नागरिक तथा राजनीतिक अधिकार/आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार |
| ४८ | मानव अधिकार अवस्था अनुगमन गर्न द्रूत अनुगमन तथा कार्य टोली गठन | ४ असार, २०७६ | प्रेस विज्ञप्ति | |
| ४९ | कुमार पौडेलको दोहोरो भिडन्तमा भएको मृत्युको सम्बन्धमा आयोगद्वारा अनुगमन सुरु | ६ असार, २०७६ | प्रेस विज्ञप्ति | नागरिक तथा राजनीतिक अधिकार |

| | | | | |
|---|---|---|---|---|
| ५० | भयरहित वातावरणमा स्वास्थ्य उपचार व्यवस्था मिलाउन आयोगको आग्रह । | ८ असार, २०७६ | प्रेस विज्ञप्ति | नागरिक तथा राजनीतिक अधिकार |
| ५१ | यातनालाई कुनै पनि बहानामा प्रश्रय नदिऔं<br>सन्दर्भ : यातनापीडितहरूको सहयोगार्थ संयुक्त राष्ट्रसङ्घीय अन्तर्राष्ट्रिय दिवस (२६ जुन) | ११ असार, २०७६ | प्रेस विज्ञप्ति | नागरिक तथा राजनीतिक अधिकार/यातनाविरुद्धको अधिकार |
| ५२ | विषदीरहित उपभोग्य वस्तुमा आम उपभोक्ताको पहुँच सुनिश्चित गर । | २३ असार, २०७६ | प्रेस विज्ञप्ति | उपभोक्ता अधिकार |
| ५३ | आप्रवासी कामदार भर्ना अभ्यास र न्यायमा पहुँच विषयको अनुसन्धान प्रतिवेदन सार्वजनिक | ३२ असार, २०७६ | प्रेस नोट | आप्रवासी कामदारको अधिकार |

## अनुसूची–१२

## यस आवमा आयोगबाट गरिएका वैदेशिक भ्रमणको सूची

| Name | Programme | Place | Date |
|---|---|---|---|
| Hon'ble Anup Raj Sharma | 23rd Annual Meeting and Equality Conference, | 18–21 September, 2018 | Hongkong |
| | GANHRI 13th International Conference of NHRIs | 10–12 October, 2018 | Geneva |
| | GANHRI 2019 Annual Meeting | 2–9 March, 2019 | Geneva |
| | Responsible Business and Human Rights Forum | 12–13 June, 2019 | Bangkok, Thailand |
| | 23rd Annual Meeting and Equality Conference | 18–21 September, 2018 | Hongkong |
| Hon'ble Prakash Wosti | 23rd Annual Meeting and Equality Conference | 18–21 September, 2018 | Hongkong |
| | GANHRI 2019 Annual Meeting | 2–9 March, 2019 | Geneva |
| Sudip Pathak | International Human Rights Conclave | 1st October, 2018 | NHRC, India |
| | International Conference on Human Rights & SDGs: Role of NHRIs | 1 November, 2018 | Dhaka, Bangladesh |
| | Study Tour | 4–8 February, 2019 | NHRC Delhi |
| | GANHRI 2019 Annual Meeting | 2–9 March, 2019 | Geneva |
| | The Rights of the Nepalese workers in the State of Qatar and benefits and protection under the new law regulating the entry and exit of expatriates and their residence | 1 May, 2019 | Qatar |
| | Study Tour of Commission on Human Rights | 16–21 June, 2019 | Philippines |
| Hon'ble Mohna Ansari | Ministerial to Advance Religious Freedom, United State, Department of State | 21–27 June, 2018 | Washington DC, USA |
| | Missions Dialogue | 9 August, 2018 | KulaLumpur, Malaysia |
| | GANHRI 13th International Conference of NHRIs | 10–12 October, 2018 | Geneva |
| | 71st Session of CEADAW Committee meeting | 20–26 October, 2018 | Geneva, Switzerland |
| | 18th session of the UN Permanent Forum on Indigenous Issues (UNPFII18): "Traditional knowledge: Generation, transmission and Protection" | 22-26 April, 2019 | USA |
| | Wilton Park meeting 'Business and human rights defenders "exploring best practice and finding common ground' | 5–14 June, 2019 | UK |
| | Tenth Annual Conference of the South Asia Women's Network (SWAN) | 31 August–1 September, 2019 | India |

| | | | |
|---|---|---|---|
| Hon'ble Govinda Sharma Paudyal | Study Tour of Commission on Human Rights | 16–21 June, 2019 | Philippines |
| Bed Prasad Bhattarai | Senior Executive Officers (SEO) Network Roundtable Meeting | 28-30 January, 2019 | Doha, Qatar |
| | Study tour | 4-8 February, 2019 | NHRC, Delhi |
| | GANHRI 2019 Annual Meeting | 26 Feb - 9 March, 2019 | Geneva |
| | Third Validation Meeting EU-OHCHR Bridging the Gap project | 19–20 April, 2019 | Geneva |
| | Fourth Validation Meeting EU-OHCHR Bridging the Gap project | 24–25 April, 2019 | Geneva |
| | European Network of National Human Rights Institutions (ENNHRIs) The Project on the role of NHRIs in situations of (post) conflict meeting | 11–12 June, 2019 | Brussels |
| Jiban Neupane | Study tour of Commission on Human Rights | 4–8 February, 2019 | NHRC, Delhi |
| Murari Prasad Kharel | Study tour of Commission on Human Rights | 4-8 February, 2019 | NHRC, Delhi |
| Tara Devi Wagle Bhattarai | Study tour of Commission on Human Rights | 4-8 February, 2019 | NHRC, Delhi |
| Tikaram Pokharel | Study Tour of Commission on Human Rights | 16-21 June, 2019 | Philippines |
| Yagya Prasad Adhikari | Study Tour of Commission on Human Rights | 16-21 June, 2019 | Philippines |
| Sarita Gyawali | 71st Session of CEADAW Committee meeting | 20-26 October, 2018 | Geneva, Switzerland |
| Manju Khatiwada (Regmi) | Capacity Building for Human Rights Policy | 4-17 June, 2019 | Korea |
| Kamal Thapa Chhetri | Study Tour of Commission on Human Rights | 16-21 June, 2019 | Philippines |
| Regam Maharjan | Study Tour of Commission on Human Rights | 16-21 June, 2019 | Philippines |
| Pawan Kumar Bhatta | Capacity Building for Human Rights Policy | 4-17 June, 2019 | Korea |
| Jitendra Karki | Human Rights Policy Development | 23 August to 13 September, 2018 | Seoul, Korea |
| Rajendra Prasad Neupane | Human Rights Policy Development | 23 August to 13 September, 2018 | Seoul, Korea |
| Shyam Babu Kafle | Study tour of Commission on Human Rights | 4-8 February, 2019 | NHRC, Delhi |
| Kailash Kumar Siwakoti | Study Tour of Commission on Human Rights | 16–21 June, 2019 | Philippines |
| Loknath Bastola | Study tour of Commission on Human Rights | 4–8 February, 2019 | NHRC, Delhi |
| Durga Pokharel | APF Communications Network Workshop | 28–30 August, 2019 | Mangolia |
| Nava Raj Sapkota | Capacity Building for Human Rights Policy | 4–17 June, 2019 | Korea |

| | | | |
|---|---|---|---|
| Santosh Acharya | Regional Meeting for NHRIs Related to the Blended Learning Course on Human Rights and the Environment in the Framework of the SDGs | 20–21 November, 2018 | Bangkok, Thailand |
| Kumari Sharana Uraon | Regional Meeting for NHRIs Related to the Blended Learning Course on Human Rights and the Environment in the Framework of the SDGs | 20–21 November, 2018 | Bangkok, Thailand |
| Dipendra Bahadur Singh | Responsible Business and Human Rights Forum | 12–13 June, 2019 | Bangkok, Thailand |
| Sandhya Kumari Pudasaini | Study Tour of Commission on Human Rights | 16–21 June, 2019 | Philippines |
| Laxmi Poudel (lamjung) | APF Blended Learning Course on Strengthening the Capacity of NHRIs to integrate Human Rights in Humanitarian Action, | 2–3 April, 2019 | Bangkok, Thailand |
| Anish Kumar Paudel | APF Blended Learning Course on Strengthening the Capacity of NHRIs to integrate Human Rights in Humanitarian Action | 2–3 April, 2019 | Bangkok, Thailand |

# अनुसूची–१३

## आयोगको वार्षिक आयव्यय विवरण

म.ले.प.फा.नं. २०९

राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, पुल्चोक, ललितपुर

आर्थिक वर्ष २०७५/७६ को नेपाल सरकार स्रोतको वार्षिक केन्द्रिय आर्थिक विवरण

बजेट उपशीर्षक नं. ४ नाम: ३१४०११३ चालुखर्च

रकम: रुपैयाँ/पैसा

| बजेट अनुदान वा उप शिर्षक नम्बर | आयोजना/कार्यक्रमको नाम | कुल विनियोजित बजेट | पुनः बजेटबाट थप | पुनः बजेटबाट घट | रकमान्तर थप | रकमान्तर घट | अन्तिम बजेट | निकासा | खर्च | बाँकी | गत आर्थिक वर्षको म्याद नाघेको | गत आर्थिक वर्षको म्याद ननाघेको | यस विगत आर्थिक वर्ष सम्मको म्याद नाघेको | यस विगत आर्थिक वर्ष सम्मको म्याद ननाघेको | चालु आर्थिक वर्षसम्मको कुल बाँकी म्याद नाघेको | चालु आर्थिक वर्षसम्मको कुल बाँकी म्याद ननाघेको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ |
| २११११ | तलब | १०,१२,१०,०००.०० | | | | | १०,१२,१०,०००.०० | ७,३३,९३,११७.९७ | ७,३३,९३,११७.९७ | २,७८,१६,८८२.०३ | | | | | | | |
| २११२२ | स्थानीय भत्ता | १४,००,०००.०० | | | | | १४,००,०००.०० | ८,३२,१८०.०० | ८,३२,१८०.०० | ५,६७,८२०.०० | | | | | | | |
| २११३३ | महंगी भत्ता | ६०,४०,०००.०० | | | | | ६०,४०,०००.०० | ४८,३९,९६६.६६ | ४८,३९,९६६.६६ | १२,००,०३३.३४ | | | | | | | |
| २१११९ | अन्य भत्ता | ४,७०,०००.०० | | | | | ४,७०,०००.०० | ४,६६,३००.०० | ४,६६,३००.०० | ३,७००.०० | | | | | | | |
| २११२१ | पोशाक | ३१,९०,०००.०० | | | | | ३१,९०,०००.०० | ३१,१०,०००.०० | ३१,१०,०००.०० | ८०,०००.०० | | | | | | | |
| २२१११ | पानी तथा बिजुली | २४,४०,०००.०० | | | | | २४,४०,०००.०० | २१,२०,८४७.४८ | २१,२०,८४७.४८ | ३,१९,१५२.५२ | | | | | | | |
| २२११२ | संचार महसुल | ३६,००,०००.०० | | | | | ३६,००,०००.०० | ३४,३५,३४०.१८ | ३४,३५,३४०.१८ | १,६४,६५९.८२ | | | | | | | |
| २२२१३ | घरभाडा | ६८,०९,०००.०० | | | | | ६८,०९,०००.०० | ६७,६१,८२५.०० | ६७,६१,८२५.०० | ४७,१७५.०० | | | | | | | |
| २२२११ | इन्धन | ४१,८०,०००.०० | | | | | ४१,८०,०००.०० | ३९,०९,४०६.४१ | ३९,०९,४०६.४१ | २,७०,५९३.५९ | | | | | | | |
| २२२१२ | सञ्चालन तथा मर्मत सम्भार | ४९,३४,०००.०० | | | | | ४९,३४,०००.०० | ४७,२५,६३०.१६ | ४७,२५,६३०.१६ | २,०८,३६९.८४ | | | | | | | |
| २२२१३ | बिमा | १२,००,०००.०० | | | | | १२,००,०००.०० | ११,८०,२९९.५५ | ११,८०,२९९.५५ | १९,७००.४५ | | | | | | | |
| २२३११ | कार्यालय सम्बन्धि खर्च | ४२,४०,०००.०० | | | | | ४२,४०,०००.०० | ४२,२६,९९६.६९ | ४२,२६,९९६.६९ | १३,००३.३१ | | | | | | | |
| २२३१२ | पुस्तक तथा सामग्री खर्च | १,२०,०००.०० | | | | | १,२०,०००.०० | १,०५,६५६.०० | १,०५,६५६.०० | १४,३४४.०० | | | | | | | |
| २२३१४ | इन्धन अन्य प्रयोजन | २,९०,०००.०० | | | | | २,९०,०००.०० | २,६५,६९८.९८ | २,६५,६९८.९८ | २४,३०१.०२ | | | | | | | |
| २२४११ | सेवा तथा परामर्श खर्च | २१,००,०००.०० | | | | | २१,००,०००.०० | १७,४४,६४२.७८ | १७,४४,६४२.७८ | ३,५५,३५७.२२ | | | | | | | |
| २२४१२ | अन्य सेवा शुल्क | ६,४४,०००.०० | | | | | ६,४४,०००.०० | ६,३३,९००.०० | ६,३३,९००.०० | १०,१००.०० | | | | | | | |
| २२५११ | कर्मचारी तालिम | ७,००,०००.०० | | | | | ७,००,०००.०० | ६,८८,०९७.०० | ६,८८,०९७.०० | ११,९०३.०० | | | | | | | |
| २२५२२ | कार्यक्रम खर्च | २,४१,००,०००.०० | | | | | २,४१,००,०००.०० | २,२६,३०,८८३.८६ | २,२६,३०,८८३.८६ | १४,६९,११६.१४ | | | | | | | |
| २२५२९ | अन्य कार्यक्रम खर्च | १९,००,०००.०० | | | | | १९,००,०००.०० | १७,३४,८०९.८० | १७,३४,८०९.८० | १,६५,१९०.२० | | | | | | | |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ६,००,०००.०० | | | | | ६,००,०००.०० | ३,१९,७३८.०० | ३,१९,७३८.०० | २,८०,२६२.०० | | | | | | | |
| २२६१२ | भ्रमण खर्च | ४९,२९,०००.०० | | | | | ४९,२९,०००.०० | ४७,८४,८६६.३९ | ४७,८४,८६६.३९ | १,४४,१३३.६१ | | | | | | | |
| २२७११ | विविध खर्च | ४६,९५,०००.०० | | | | | ४६,९५,०००.०० | ४२,३१,३६५.०२ | ४२,३१,३६५.०२ | ४,६३,६३४.९८ | | | | | | | |
| | जम्मा | १८,६१,९९,०००.०० | | | | | १८,६१,९९,०००.०० | १४,९१,०३,९०३.९२ | १४,९१,०३,९०३.९२ | ३,७०,९५,०९६.०८ | | | | | | | |
| | खर्च व्यहोर्ने शिर्षक (अर्थबजेट) | | | | | | | | | | | | | | | | |
| बजेट उपशीर्षक नं.६०१०१४१ तलब (अवकाश सुविधा) | | | | | | | | | | | | | | | | | |
| २७३१३ | उपदान/अवकाश सुविधा | ४३,८८३.०० | | | | | ४३,८८३.०० | ४३,८८३.०० | ४३,८८३.०० | | | | | | | | |
| | जम्मा | ४३,८८३.०० | | | | | ४३,८८३.०० | ४३,८८३.०० | ४३,८८३.०० | | | | | | | | |
| बजेट उपशीर्षक नं.६०१०१४३ औषधिउपचार खर्च | | | | | | | | | | | | | | | | | |
| २७२१४ | औषधिउपचार खर्च | २४,२३४.०० | | | | | २४,२३४.०० | २४,२३४.०० | २४,२३४.०० | | | | | | | | |
| | जम्मा | २४,२३४.०० | | | | | २४,२३४.०० | २४,२३४.०० | २४,२३४.०० | | | | | | | | |
| | अर्थ बजेटको जम्मा | ६८,११७.०० | | | | | ६८,११७.०० | ६८,११७.०० | ६८,११७.०० | | | | | | | | |
| | कुल जम्मा | १८,६२,६७,११७.०० | | | | | १८,६२,६७,११७.०० | १४,९१,७२,०२०.९२ | १४,९१,७२,०२०.९२ | ३,७०,९५,०९६.०८ | | | | | | | |

तयार गर्ने:
दस्तखत:
नाम: [illegible]
पद: लेखापाल
मिति: २०७६/०४/०१

पेश गर्ने:
दस्तखत:
नाम: विरेन्द्र कार्की
दर्जा: लेखा अधिकृत
मिति: २०७६/०४/०१

स्वीकृत गर्ने:
दस्तखत:
नाम: बेदप्रसाद भट्टराई
दर्जा: सचिव
मिति: २०७६/०४/०१

लेखा अधिकृत

सचिव

म.ले.प.फा.नं. २०९

# राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, पुल्चोक, ललितपुर

आर्थिक वर्ष २०७५/७६ को नेपाल सरकार स्रोतको वार्षिक केन्द्रिय आर्थिक विवरण

बजेट उपशीर्षक नं. र नाम: ३१४००११ चालुखर्च

चालु/पुँजिगत/वित्तिय

| बजेट अनुदान वा उप शिर्षक नम्बर | आयोजना/कार्यक्रमको नाम | शुरु विनियोजित बजेट | पूरक बजेटबाट | | रकमान्तर बाट | | अन्तिम बजेट | निकासा | खर्च | बाँकी | खर्च बाँकी पेश्की बाँकी | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | चालु आर्थिक वर्षको | | गत विगत आर्थिक वर्ष | | चालु आर्थिक वर्षसम्मको | | |
| | | | थप | घट | घट | थप | | | | | म्याद ननाघेको | म्याद नाघेको | म्याद ननाघेको | म्याद नाघेको | म्याद ननाघेको | म्याद नाघेको | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ |
| २११११ | तलब | ४५,१०,०००.०० | | | | | ४५,१०,०००.०० | ४५,०९,३५२.०० | ४५,०९,३५२.०० | ६४८.०० | | | | | | | |
| २१११३ | महँगी भत्ता | १,२०,०००.०० | | | | | १,२०,०००.०० | १,२०,०००.०० | १,२०,०००.०० | ०.०० | | | | | | | |
| २११२१ | पोशाक | ५०,०००.०० | | | | | ५०,०००.०० | ५०,०००.०० | ५०,०००.०० | ०.०० | | | | | | | |
| २२११२ | संचार महसुल | २,००,०००.०० | | | | | २,००,०००.०० | १,९८,०००.०० | १,९८,०००.०० | २,०००.०० | | | | | | | |
| २२१२१ | घरभाडा | ४,००,०००.०० | | | | | ४,००,०००.०० | ३,७८,०००.०० | ३,७८,०००.०० | २२,०००.०० | | | | | | | |
| २२२११ | इन्धन | ८,३५,०००.०० | | | | | ८,३५,०००.०० | ८,२३,९१०.३५ | ८,२३,९१०.३५ | ११,०८९.६५ | | | | | | | |
| २२२१२ | संचालन तथा मर्मत | ८३,०००.०० | | | | | ८३,०००.०० | ५८,५००.०० | ५८,५००.०० | २४,५००.०० | | | | | | | |
| २२७११ | विविध | ३,१२,०००.०० | | | | | ३,१२,०००.०० | ३,१२,०००.०० | ३,१२,०००.०० | ०.०० | | | | | | | |
| | कुल जम्मा | ६५,१०,०००.०० | | | | | ६५,१०,०००.०० | ६४,४९,७६२.३५ | ६४,४९,७६२.३५ | ६०,२३७.६५ | | | | | | | |

तयार गर्ने :
दस्तखत :
नाम : सफला आमिछाने
पद : लेखापाल
मिति : २०७६/०४/०५

पेश गर्ने :
दस्तखत :
नाम : बिरेन्द्र कार्की
दर्जा : लेखा अधिकृत
मिति : २०७६/०४/०५

लेखा अधिकृत

स्वीकृत गर्ने :
दस्तखत :
नाम : वेदप्रसाद भट्टराई
दर्जा : सचिव
मिति : २०७६/०४/०५

सचिव

म.ले.प.फा.नं. २०९

# राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, पुल्चोक, ललितपुर

आर्थिक वर्ष २०७५/७६ को नेपाल सरकार श्रोतको वार्षिक केन्द्रिय आर्थिक विवरण

बजेट उपशीर्षक नं. र नाम: ३१४०११४ पुँजिगतखर्च

चालु/पुँजिगत/वित्तीय

| बजेट अनुदान वा उप शिर्षक नम्बर | आयोजना/कार्यक्रमको नाम | कुल विनियोजित बजेट | पूरक बजेटबाट | | रकमान्तरबाट | | अन्तिम बजेट | निकासा | खर्च | बाँकी | वर्ष भरी पेश्की बाँकी | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | चालु आर्थिक वर्षको | | गत विगत आर्थिक वर्ष सम्मको | | चालु आर्थिक वर्षसम्मको कुल बाँकी | | |
| | | | थप | घट | घट | थप | | | | | म्याद ननाघेको | म्याद नाघेको | म्याद ननाघेको | म्याद नाघेको | म्याद ननाघेको | म्याद नाघेको | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ |
| २९३११ | फर्निचर तथा फिक्चर्स | ८,००,००००० | | | | | ८,००,००००० | ७,८३,१४५६० | ७,८३,१४५६० | १६,८५४४० | | | | | | | |
| २९५११ | सवारी साधन | ९२,००,००००० | | | | | ९२,००,००००० | ८७,४८,१७१११ | ८७,४८,१७१११ | ४,५१,८२८८९ | | | | | | | |
| २९६११ | मेशिनरी औजार | २४,००,००००० | | | | | २४,००,००००० | २३,७८,४७७१४ | २३,७८,४७७१४ | २१,५२२८६ | | | | | | | |
| | कुल जम्मा | १,२४,००,००००० | | | | | १,२४,००,००००० | १,१९,०९,७९३८५ | १,१९,०९,७९३८५ | ४,९०,२०६१५ | | | | | | | |

तयार गर्नेको सही :
दस्तखत :
नाम : शकुन्तला लामिछाने
दर्जा : लेखापाल
मिति : [illegible]

पेश गर्ने :
दस्तखत :
नाम : जितेन्द्र कार्की
दर्जा : लेखाअधिकृत
मिति : [illegible]

स्वीकृत गर्ने :
दस्तखत :
नाम : वेदप्रसाद भट्टराई
दर्जा : सचिव
मिति : [illegible]

सचिव

लेखा अधिकृत

# राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, पुल्चोक, ललितपुर

राजस्वको केन्द्रिय आर्थिक विवरण

आर्थिक वर्ष २०७५/७६

म.ले.प.फा.नं. १९३

| सि.नं. | राजस्व शिर्षकको नम्बर | राजस्व शिर्षकको नाम | लगत | लगत कट्टा वा मिनाहा | कायमी लगत | राजस्व आम्दानी | | | सञ्चित कोष दाखिला | | | बाँकी | | गत आ.व.को नगद मौज्दात दाखिला | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लगती | हस्तबली | जम्मा | गत आ.व.को भौचर | यस आ.व.को भौचर | जम्मा | लगत | नगद | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
| १ | १४२१२ | लिलाम बिक्री | | | | | | १,७५,६११।०० | | | १,७५,६११।०० | | | | |
| २ | १४२२४ | परीक्षा शुल्क | | | | | | ४३,२५०।०० | | | ४३,२५०।०० | | | | |
| ३ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | | | | | | ३७,७००।०० | | | ३७,७००।०० | | | | |
| ४ | १५१११ | बेरुजु | | | | | | ३३,१६४।९४ | | | ३३,१६४।९४ | | | | |
| जम्मा | | | | | | | | २,८९,७२५।९४ | | | २,८९,७२५।९४ | | | | |

तयार गर्ने
दस्तखत :
नाम : सफला लामिछाने
दर्जा : लेखापाल
मिति : २०७६/०७/०१

पेश गर्ने
दस्तखत :
नाम : जितेन्द्र कार्की
दर्जा : लेखाअधिकृत
मिति : २०७६/०७/०१

स्वीकृत गर्ने
दस्तखत :
नाम : वेदप्रसाद भट्टराई
दर्जा : सचिव
मिति : २०७६/०७/०१

सचिव

लेखा अधिकृत

# राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, पुल्चोक, ललितपुर

**धरौटीको केन्द्रिय वार्षिक आर्थिक विवरण**

आर्थिक वर्ष, २०७५/७६

१.आम्दानी

| | | | |
|---|---|---|---|
| १.१ गत आ. ब. सम्मको जिम्मेवारी सरेको | रु. | | ५,२७,६८७९६ |
| १.२ चालू आ.व. को | रु. - | | ६५,३३०।०० |
| | | रु. | ५,९३,०१७९६ |

२.खर्च

| | | |
|---|---|---|
| २.१ सदर स्याहा भएको | रु. | x |
| २.२ फिर्ता भएको | रु. | ६५,३३०।०० |

३. श्रेस्ता अनुसार बाँकी

| | | |
|---|---|---|
| ३.१ नगद बाँकी | रु | x |
| ३.२ बैकमा बाँकी | रु | ५,२७,६८७९६ |

| | | |
|---|---|---|
| ४.बैक अनुसार बाँकी | रु. | ५,२७,६८७९६ |

५.फरक रकम रु......

६.फरकपर्नाको कारण-

७.धरौटी खाता नं. - ख ३ धरौटी खाता

८.खाता रहेको बैक- नेपाल बैक लि.गावहाल, ललितपुर

| | | |
|---|---|---|
| तयार गर्ने | रुजू गर्ने | स्वीकृत गर्ने |
| दस्तखत : | दस्तखत : | दस्तखत : |
| नाम : सफला लामिछाने | नाम : जितेन्द्र कार्की | नाम : वेदप्रसाद भट्टराई |
| दर्जा : लेखापाल | दर्जा : लेखाअधिकृत | दर्जा : सचिव |
| मिति : २०७६/०७/०१ | मिति : २०७६/०७/०१ | मिति : २०७६/०७/०१ |
| | (लेखा अधिकृत) | (सचिव) |

म.ले.प.फा.नं. २०९

# राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर

आ.व. २०७५/७६

विविध खाता तर्फको कारोबारको वार्षिक केन्द्रिय आर्थिक विवरण (कार्यक्रमगत)

कार्यालय कोड : २८–२१४-०१

| सि.नं. | कार्यक्रमको नाम | गत आर्थिक वर्ष सम्मको मौज्दात | यस आ.व.को आम्दानी | जम्मा आम्दानी | यस आ.व.को खर्च | श्रेस्ता अनुसार बाँकी | | बैंक अनुसार बाँकी | फरक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | नगद | बैंक | | | |
| १ | राष्ट्रिय मानव अधिकार आयोग | २७,१८,८०१.९१ | २,६६,६७,४०१.८६ | २,९३,८६,२०३.७७ | १,२५,८९,५१७.७३ | | १,६७,९६,६८६.०४ | १,६७,९६,६८६.०४ | - | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | कुल जम्मा | २७,१८,८०१.९१ | २,६६,६७,४०१.८६ | २,९३,८६,२०३.७७ | १,२५,८९,५१७.७३ | | १,६७,९६,६८६.०४ | १,६७,९६,६८६.०४ | - | |

तयार गर्ने
दस्तखत :
नाम : सफला लामिछाने
दर्जा : लेखापाल
मिति : २०७६/०७/०१

रुजु गर्ने
दस्तखत :
नाम : जितेन्द्र कार्की
दर्जा : लेखाअधिकृत
मिति : २०७६/०७/०१

स्वीकृत गर्ने
दस्तखत :
नाम : वेदप्रसाद भट्टराई
दर्जा : सचिव
मिति : २०७६/०७/०१

लेखा अधिकृत

सचिव




१३ औँ दयाराम स्मृति दिवस (१५ चैत, २०७४)




दयाराम स्मृति दिवसमा धारणा राख्दै परिवारका सदस्य

# राष्ट्रिय मानव अधिकार आयोगका

केन्द्र, प्रदेश तथा प्रदेश शाखा कार्यालय




| | |
|---|---|
| केन्द्रीय कार्यालय | १ |
| प्रदेश कार्यालय | ६ |
| प्रदेश शाखा कार्यालय | ३ |